CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली समाजमा तन्त्रपरम्परा

A351

नेपाल प्रज्ञा-प्रतिष्ठान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal.

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली समाजमा तन्त्रपरम्परा

लेखक
माधवप्रसाद लामिछाने

नेपाल प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली समाजमा तन्त्रपरम्परा

लेखक	:	माधवप्रसाद लामिछाने
संस्करण	:	पहिलो, वि.सं. २०७३ (१२०० प्रति)
		हीरक जयन्ती प्रकाशन
प्रकाशक	:	नेपाल प्रज्ञा-प्रतिष्ठान
		कमलादी, काठमाडौँ
कम्प्युटर सज्जा	:	रञ्जन घिमिरे
आवरण सज्जा	:	वसन्तराज अज्ञात
मूल्य	:	रु. २९०।-
मुद्रण	:	प्रज्ञा छापाखाना
		कमलादी, काठमाडौँ
ISBN	:	978-9937-689-28-1

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुलपतिको मन्तव्य

नेपालका भाषा, साहित्य, कला, संस्कृति तथा ज्ञान-विज्ञानका विविध विधाको अध्ययन, अनुसन्धान एवं प्रवर्धन गर्दै तत् विषयमा उत्कृष्ट ग्रन्थ प्रकाशन गर्ने अभिप्रायका साथ वि.सं. २०१४ मा स्थापित नेपाल एकेडेमीले क्रमशः रोयल नेपाल एकेडेमी र नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको नामबाट विकसित हुँदै आफूले राज्यबाट प्राप्त गरेको उत्तरदायित्वलाई गहनतापूर्वक वहन गर्दै आएको कुरा सबैलाई अवगत भएकै छ। २०६२/०६३ को जन आन्दोलनपछि साबिकको नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट ललित कला एवं नाट्य-सङ्गीत विधालाई छुट्टचाई छुट्टाछुट्टै प्रज्ञा-प्रतिष्ठान गठन गरिएको र नेपाल प्रज्ञा-प्रतिष्ठान ऐन २०६४ ले नेपालका भाषा, साहित्य, संस्कृति, सामाजिक शास्त्र र दर्शनको अध्ययन, अनुसन्धानमार्फत प्रवर्धन गर्ने जिम्मेवारी प्रदान गर्दै वर्तमान नेपाल प्रज्ञा-प्रतिष्ठान गठन गरेको हो। यस अर्थमा प्रज्ञा-प्रतिष्ठानको गठनदेखिकै बिरासत ग्रहण गर्दै हाल आफूले पाएका कार्यक्षेत्रमा यो प्रज्ञा-प्रतिष्ठान कार्यरत छ।

भाषा, संस्कृति, धर्म, दर्शन आदि क्षेत्रमा रहेको मुलुकको विविधतालाई सम्बोधन गर्दै यस्तो विविधताभित्र रहेको एकतालाई अझ समृद्ध पार्ने क्रममा नेपालका प्राज्ञिक जगत्का समग्र विज्ञहरूलाई समेट्दै अघि बढ्न हामी कटिबद्ध छौँ। देशभित्र र बाहिर रहेका समग्र नेपाली स्रष्टाको छाता भई उनीहरूको ज्ञान र सिपलाई अधिकतम प्रयोग गर्दै उनीहरूलाई प्राज्ञिक स्थान प्रदान गर्न प्रज्ञा-प्रतिष्ठान कटिबद्ध छ। यसरी राष्ट्रिय रूपमा समग्र नेपालीहरूको साझा प्राज्ञिक थलो बनाउने लक्ष्यका साथ नेपाल प्रज्ञा-प्रतिष्ठानका नीति र कार्यक्रम रहने गरेका छन्। यसका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अतिरिक्त अन्तर्राष्ट्रिय जगत्मा स्थापित समान प्रकृतिका प्राज्ञिक संस्थाहरूसँग संस्थागत समझदारी बढाउँदै प्राज्ञिक आदान-प्रदान मार्फत नेपाल प्रज्ञा-प्रतिष्ठानको अन्तर्राष्ट्रिय छवि निर्माण गर्न पनि हामी प्रतिवद्ध छौँ। यसरी स्पष्ट राष्ट्रिय एवं अन्तर्राष्ट्रिय छवि भएको प्रज्ञा-प्रतिष्ठानको रूपमा नेपाल प्रज्ञा-प्रतिष्ठानलाई विकसित गर्ने हाम्रो प्रयासलाई सार्थक बनाउन सरोकारवाला समग्र प्राज्ञहरूको सहयोगको आवश्यकता हामीले महसुस गरेका छौँ। यसरी नेपालभित्र र बाहिर पनि गोष्ठी, सेमिनार, सभा, सम्मेलन, अध्ययन, अनुसन्धान एवं ग्रन्थ प्रकाशन सहित अनुवाद मार्फत ज्ञान र सृजनाको आदान-प्रदानमा नै नेपाल प्रज्ञा-प्रतिष्ठान सक्रिय रहने प्रतिबद्धता सरोकारवाला सवै प्राज्ञहरूसँग जाहेर गर्दछौँ।

नेपाल प्रज्ञा-प्रतिष्ठान
हीरक वर्ष, २०७३

(गङ्गाप्रसाद उप्रेती)
कुलपति
नेपाल प्रज्ञा-प्रतिष्ठान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकीय

विशेष गरी शैव र शाक्त सम्प्रदायमा विश्वास राख्ने, यस सम्प्रदायका अनुयायीहरूले देवदेवीहरूको उपासना गर्ने विद्या नै तन्त्र हो । यस विद्यालाई पहिलेदेखि नै रहस्यमूलक मानिँदै आएको छ । तन्त्र साधना र उपासनाद्वारा आफ्नो इच्छा र कार्यसिद्धि प्राप्त गर्ने साधुसन्त एवं उपासकहरूको उल्लेख हाम्रा प्राचीन शास्त्रहरूका साथै लोकव्यवहारमा पनि पाइन्छ । झारफुक, धामी-झाँक्री, जादुटुना र मन्त्रहरूको प्रयोग पनि तान्त्रिक उपासनाभित्रै पर्दछ । नेपाली समाजमा तन्त्रशास्त्रको लामो परम्परा रहेको छ ।

नेपाल प्रज्ञा-प्रतिष्ठानको विद्वत्वृत्ति कार्यक्रमअन्तर्गत विद्वान् माधवप्रसाद लामिछानेद्वारा लिखित कृति 'नेपाली समाजमा तन्त्र परम्परा' प्रकाशनमा आएको छ । वि.सं. २०६८ मा प्रज्ञा-प्रतिष्ठानबाट प्रदान गरिएको विद्वत्वृत्ति योजना अनुसन्धानमा यो कृति तयार भएको हो । नेपालमा यता आएर अरु शास्त्र र विषयको तुलनामा तन्त्रशास्त्रको अध्ययन, खोज र अनुसन्धान त्यति सघन रुपमा हुन सकेको देखिँदैन । यस प्रसङ्गमा यो कृतिको महत्त्व र उपादेयता निकै छ । तन्त्रशास्त्रमा चाख राख्ने, यससम्बन्धी अध्ययन-अनुसन्धान गर्ने सबैका लागि यो कृति सहयोगी हुने नै छ । यस्तो महत्त्वपूर्ण कृतिका लेखक, विद्वान् लामिछानेलाई हार्दिक कृतज्ञता अर्पण गर्दछौँ । यस कृतिको प्रकाशनमा सहयोग पुऱ्याउने प्रज्ञा-प्रतिष्ठानका कर्मचारीहरूप्रति पनि हार्दिक धन्यवाद दिन्छौँ ।

विष्णुविभु घिमिरे

(डा. विष्णुविभु घिमिरे)
उपकुलपति

कमलादी, काठमाडौँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विभागीय मन्तव्य

नेपाल तन्त्रशास्त्रको लामो परम्परा भएको देश हो। यस परम्पराको विषयमा राम्रो अध्ययन हुन सकोस् भनी नेपाल प्रज्ञा–प्रतिष्ठानको विद्वद्वृत्तिकार्यक्रमअन्तर्गत यस पुस्तकको रचना भएको हो। माधवप्रसाद लामिछानेद्वारा लेखिएको यस ग्रन्थमा तन्त्रको उद्भव, स्वरूप एवं प्रकार, नेपालको धार्मिक परम्परामा तन्त्र, नेपालका विभिन्न जातजातिका संस्कार तथा चाडपर्वमा तन्त्र, नेपालका मुख्य चाडपर्व एवं जात्राउत्सवमा तन्त्र, नेपालमा तन्त्रसाधनापरम्परा र साहित्यनामक अध्यायमा तन्त्रका विविध पक्षमा प्रकाश पारिएको छ। समयमै आफ्नो अनुसन्धानकार्य पूरा गरी बुझाउनुका साथै प्रकाश गर्दा यसको परिमार्जनमा संलग्न माधवप्रसाद लामिछाने धन्यवादका पात्र हुनुहुन्छ। यस पुस्तकको गुणदोषको राम्रो विवेचना हुनेछ भन्ने आशा नेपाल प्रज्ञा-प्रतिष्ठानले लिएको छ।

दिनेशराज पन्त

(प्रा. दिनेशराज पन्त)
प्रमुख
दर्शन विभाग
नेपाल प्रज्ञा-प्रतिष्ठान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राक्कथन

नेपाली समाजमा तन्त्रपरम्परा शीर्षकको प्रस्तुत पुस्तक नेपाल प्रज्ञा–प्रतिष्ठानद्वारा वि.सं. २०६८ मा प्रदान गरिएको विद्वद्वृत्तिअन्तर्गत तयार पारिएको अनुसन्धान–प्रतिवेदनको परिष्कृत रूप हो। हालसम्म नेपाली समाजमा अन्तर्निहित तन्त्र एवं तन्त्रवादको प्रभाव र यसको स्वरूपका विषयमा कुनै सङ्गठित अध्ययन नभएको सन्दर्भमा यस अध्ययनले त्यस किसिमको अभावको किञ्चित् पूर्ति गर्नेछ र यस विषयप्रति जिज्ञासा राख्नेहरूलाई थप अध्ययनका लागि उत्प्रेरित गर्नेछ भन्ने विश्वास मैले लिएको छु। यस पुस्तकमा जम्मा छ अध्याय रहेका छन्। पहिलो अध्यायमा तन्त्रको उद्भव, यसको स्वरूप र प्रकारको विषयमा चर्चा गरिएको छ। दोस्रो अध्यायमा नेपालमा प्रचलित मुख्य धार्मिक परम्परा र तिनमा अन्तर्निहित तन्त्रपरम्पराको चर्चा गरिएको छ। तेस्रो अध्यायमा नेपालका विभिन्न जातजातिका संस्कार तथा चाडपर्व र पूजाआजामा रहेको तन्त्र एवं तन्त्रवादको विश्लेषण गरिएको छ। यस सन्दर्भमा नेवार समाज तन्त्रपरम्पराको अध्ययनका दृष्टिले ज्यादै महत्त्वपूर्ण हुँदाहुँदै पनि यस पुस्तकमा स्थान दिइएको छैन। नेवार समाज मूलतः तन्त्रप्रधान समाज हो त्यसैले नेवार समाजमा अन्तर्निहित तन्त्रपरम्पराका विषयमा छुट्टै विस्तृत एवं सङ्गठित अध्ययन हुनु आवश्यक छ र निकट भविष्यमै यस किसिमको अध्ययन गर्ने यस पङ्क्तिकारको योजना रहेकाले त्यो विषय यहाँ छुट्न गएको छ। चौथो अध्यायमा नेपालका मुख्य चाडपर्व र जात्राउत्सवमा अन्तर्निहित तन्त्र र तन्त्रवादको चर्चा गरिएको छ। पाँचौं अध्यायमा नेपालमा रहेका तन्त्रसाधनाका मुख्य केन्द्रहरू र केही प्रसिद्ध तन्त्रसाधकहरूका विषयमा चर्चा गरिएको छ। छैटौं अध्यायमा माथिल्ला अध्यायहरूमा गरिएको अध्ययनको निष्कर्ष प्रस्तुत गरिएको छ।

आदरणीय प्राज्ञ विष्णु प्रभातबाट प्राप्त अमूल्य निर्देशन, सल्लाह र सुझावले यस पुस्तकलाई यस रूपमा ल्याउन महत्त्वपूर्ण भूमिका खेलेको छ। अतः त्यो अमूल्य निर्देशन र सुझावका लागि उहाँप्रति हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु। त्यसैगरी आदरणीय गुरु प्रा. विद्यानाथ उपाध्याय भट्टबाट प्राप्त सुझाव र सल्लाह मेरा लागि महत्त्वपूर्ण मार्गदर्शक बनेको छ। अतः उहाँप्रति हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु। यसै क्रममा मैले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आदरणीय प्राज्ञ प्रा. दिनेशराज पन्तबाट अमूल्य सल्लाह, अध्ययन–अनुसन्धानमा निरन्तर लागिरहने प्रेरणा र हार्दिक स्नेह पाएको छु अतः उहाँप्रति हार्दिक कृतज्ञता प्रकट गर्नु म आफ्नो कर्तव्य सम्झन्छु। यस सन्दर्भमा म मेरा आदरणीय गुरुहरू प्रा. डा. स्थानेश्वर तिमल्सिना र प्रा. डा. दिवाकर आचार्यलाई स्मरण गर्न चाहन्छु जसबाट मैले सदैव अध्ययन–अनुसन्धानमा संलग्न रहने सदुपदेश पाएको छु।

यस सन्दर्भमा आदरणीय देवीप्रसाद चापागाइँ र दाजु नवराज कट्टेललाई स्मरण गर्न चाहन्छु जसको सदाशयता सदैव मप्रति रहेको छ र उहाँहरूसँगको हरेक भेटमा मैले केही न केही प्रेरणा र नयाँ कार्यका लागि प्रोत्साहन पाएको छु।

नेपालमा प्रचलित धार्मिक र सांस्कृतिक परम्परामा तन्त्रको विशिष्ट योगदान रहेको छ तर यो क्षेत्र अध्ययन–अनुसन्धानका दृष्टिले उपेक्षितझैँ रहेको सन्दर्भमा यस पुस्तकलाई प्रकाशन गरी यसप्रति पाठकहरूमा रुचि जगाउने कार्य गरिदिएकोमा नेपाल प्रज्ञा-प्रतिष्ठानका वर्तमान कुलपति गङ्गाप्रसाद उप्रेती, उपकुलपति डा. विष्णुविभु घिमिरे, सदस्यसचिव डा. जीवेन्द्र देव गिरी र प्रज्ञा–प्रतिष्ठानका सम्वद्ध सबैमा हार्दिक कृतज्ञता प्रकट गर्दछु।

सन्दर्भसामग्रीका रूपमा प्रयोग गरिएका पुस्तक र सूचना सामग्रीबाट मैले जुन प्राज्ञिक पोषण पाएको छु त्यसका लागि सम्वद्ध सबैप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु।

अध्ययनका क्रममा प्रज्ञा पुस्तकालय, राष्ट्रिय पुस्तकालय, केन्द्रीय पुस्तकालय, वाल्मीकि विद्यापीठ पुस्तकालय आदिबाट मैले सामग्री सङ्कलनका लागि भरपूर सहयोग प्राप्त गरेको छु त्यसैले ती पुस्तकालयका प्रमुख एवं कर्मचारी मित्रहरूलाई पनि धन्यवाद दिन चाहन्छु। साथै कम्प्युटर टङ्कण गर्ने स्नेही छात्र नवराज रेग्मी, उत्तम अर्याल र रामकुमार लामिछानेलाई पनि यस क्रममा सम्झन उचित सम्झन्छु। पुस्तक तयार गर्ने क्रममा पटक्कै झिँजो नमानी सहयोग गर्ने परिवारका सदस्यहरू जीवनसँगिनी भगवती, छोरो अस्तित्व र छोरी आयुषालाई पनि सस्नेह धन्यवाद दिन चाहन्छु।

अन्त्यमा दृष्टिदोष एवं प्रमादवश कुनै त्रुटि रहन गएका भए त्यसप्रति म सबैसँग क्षमायाचना गर्न चाहन्छु।

– माधवप्रसाद लामिछाने
उपप्राध्यापक, नेपाल संस्कृत विश्वविद्यालय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषयसूची

अध्याय- एक :: तन्त्रको उद्भव, स्वरूप एवं प्रकार १३-६३
१.१. विषयप्रवेश १३
१.२. तन्त्रको अर्थ र तात्पर्य १३
१.३. तन्त्रको उद्भव १५
१.४. वैदिक तथा वैदिकोत्तर साहित्यमा तन्त्र २०
१.५. तन्त्रपरम्परा २३
१.६. तान्त्रिक भाव, आचार र मार्ग ४१
१.७. तन्त्रको रचनाकाल ५१
१.८. तन्त्र एवं तन्त्रवादका विशेषताहरू ५२
१.९. तन्त्रसम्बन्धी प्रचलित धारणा र तिनको निराकरण ६१
१.१०. निष्कर्ष ६३

अध्याय- दुई :: नेपालको धार्मिक परम्परामा तन्त्र ६४-१०७
२.१. विषयप्रवेश ६४
२.२. नेपालमा शैवधर्म ६४
२.३. नेपालमा शाक्तधर्म ८६
२.४. नेपालमा वैष्णवधर्म ९२
२.५. नेपालमा बौद्धधर्म ९७
२.६. मस्टउपासना १०४
२.७. यूमाधर्म १०६
२.८. निष्कर्ष १०७

अध्याय- तीन :: नेपालका विभिन्न जातजातिका संस्कार तथा चाडपर्वमा तन्त्र १०८-१७६
३.१. विषयप्रवेश १०८
३.२. किसानजातिका संस्कार तथा चाडपर्वहरू १०८
३.३. कुमालजातिका संस्कार तथा चाडपर्वहरू ११७
३.४. कोयू राईजातिका संस्कार तथा चाडपर्वहरू १२५
३.५. तमुजातिका संस्कार तथा पूजाआजा १३०
३.६. तामाङजातिका संस्कार तथा चाडपर्वहरू १३३
३.७. धिमालजातिका संस्कार तथा चाडपर्वहरू १४६
३.८. पर्वतीय ब्राह्मणजातिका संस्कार १४८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३.९. मगरजातिका संस्कार तथा चाडपर्वहरू १५५
३.१०. मैथिल ब्राह्मणका संस्कारहरू १५८
३.११. राईजातिका संस्कार तथा चाडपर्वहरू १६४
३.१२. लिम्बूजातिका संस्कारहरू १६७
३.१३. हायूजातिका संस्कार तथा चाडपर्वहरू १७२
३.१४. निष्कर्ष १७६

अध्याय- चार :: नेपालका मुख्य चाडपर्व एवं जात्राउत्सवमा तन्त्र १७७-२०६
४.१. विषयप्रवेश १७७
४.२. मत्स्येन्द्रनाथको रथयात्रा १७७
४.३. श्रावणपूर्णिमा (जनैपूर्णिमा) १८०
४.४. गाईजात्रा १८१
४.५. इन्द्रजात्रा १८३
४.६. फर्पिङको हरिशङ्करजात्रा १८८
४.७. विजयादशमी १९०
४.८. तिहार १९३
४.९. धान्यपूर्णिमा १९५
४.१०. बालाचतुर्दशी १९६
४.११. नुवाकोटको देवीजात्रा १९७
४.१२. घोडेजात्रा २००
४.१३. बिस्केटजात्रा २०३
४.१४. जिब्रो छेड्ने जात्रा २०६
४.१५. निष्कर्ष २०६

अध्याय- पाँच :: नेपालमा तन्त्रसाधनापरम्परा र साहित्य २०७-२२८
५.१. विषयप्रवेश २०७
५.२. नेपालमा तन्त्रसाधनापरम्परा २०८
५.३. नेपालमा तान्त्रिक उपासनाका केन्द्रहरू २१६
५.४. नेपालका केही प्रसिद्ध तन्त्रविद् एवं साधकहरू २२०
५.५. निष्कर्ष २२८

अध्याय- छ :: उपसंहार २२९-२३१

सन्दर्भग्रन्थसूची २३२-२३६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय- एक

तन्त्रको उद्भव, स्वरूप एवं प्रकार

१.१. विषयप्रवेश

नेपाली समाजको धार्मिक, सांस्कृतिक एवं सामाजिक परम्परामा वैदिक मूल्य, मान्यता र आदर्शको जति प्रभाव रहेको छ त्यति नै प्रभाव तान्त्रिक मूल्य, मान्यता र आदर्शको पनि रहेको छ। नैगमिक(वैदिक) र आगमिक(तान्त्रिक) दुवै परम्पराको समन्वय नेपाली समाजमा भेटिन्छ। अझ गहिरिएर विचार गर्ने हो भने नेपाली समाजमा तन्त्र एवं तन्त्रवादको प्रभाव नै अधिक रहेको हामी पाउँछौँ। धार्मिक एवं सामाजिक परम्परा र रीतिस्थितिहरू आगम वा तन्त्रबाट नै बढी निर्देशित रहेको स्पष्ट देख्न सकिन्छ तर तन्त्रसम्वन्धी ज्ञानको अभावमा यसलाई हेर्ने दृष्टिकोण भने सन्तोषजनक पाइँदैन। यसै पृष्ठभूमिमा यस अध्यायमा तन्त्रको अर्थ र तात्पर्य, तन्त्रको उद्भव, तन्त्रको व्यापकता, तान्त्रिक वाङ्मयको सङ्क्षिप्त परिचय एवं वर्गीकरण आदि विषयवस्तुमाथि प्रकाश पार्ने जमर्को गरिएको छ।

१.२. तन्त्रको अर्थ र तात्पर्य

विस्तार गर्नु वा फैलाउनु भन्ने अर्थमा प्रयोग हुने संस्कृतको 'तन्' धातुमा 'ष्ट्रन्' प्रत्यय लागेर तथा कुटुम्वको भरणपोषण गर्ने अर्थमा प्रयोग हुने 'तत्रि' धातुमा 'घञ्' प्रत्यय लागेर 'तन्त्र' शब्द बन्दछ (भट्टाचार्य, ई.सं. १९६२, पृ. ३२२३)। सर्वप्रथम 'तन्त्र' शब्दको प्रयोग ऋग्वेदमा पाइन्छ जहाँ उक्त शब्द धागो कात्ने चर्खाको अर्थमा प्रयोग भएको छ (ऋग्वेद, १०।७१।९)। अथर्ववेद तथा तैत्तिरीयब्राह्मणमा पनि सोही अर्थमा 'तन्त्र' शब्दको प्रयोग गरिएको छ (अथर्ववेद, १०।७४२ तथा तैत्तिरीयब्राह्मण, २।५।५।३)। आपस्तम्वश्रौतसूत्रले 'तन्त्र' शब्दलाई धेरै खण्ड भएको विधिको अर्थमा प्रयोग गरेको छ (आपस्तम्वश्रौतसूत्र, १।१५।१)। शाङ्खायनश्रौतसूत्रले 'तन्त्र' लाई त्यस्तो कर्मको अर्थमा लिएको छ जुन एकपटक गरेपछि त्यसले अन्य विभिन्न कर्महरूको उपयोगितालाई सिद्ध गर्दछ (शाङ्खायनश्रौतसूत्र, १।१६।१६)। यजुर्वेदमा गहनाविशेष, वस्त्रविशेष तथा यज्ञको अर्थमा 'तन्त्र' शब्दको प्रयोग भएको छ (यजुर्वेद, १९।८०)। शङ्कराचार्यले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साङ्ख्यसिद्धान्तलाई साङ्ख्यतन्त्र तथा पूर्वमीमांसालाई प्रथमतन्त्र भनेका छन् (वेदान्तसूत्र, २।२।१ तथा ३।३।५३)। कालिकापुराणमा शुक्राचार्य एवं वृहस्पतिका राजनीतिविषयक ग्रन्थहरूलाई पनि तन्त्र भनिएको छ (८६।१३०)। श्रीमद्भागवतमहापुराणमा देवताविशेषको अनुष्ठान गर्ने पद्धतिका रूपमा 'तन्त्र' शब्दको प्रयोग भएको छ (८।२३।१६)। वाचस्पत्यनामक कोशग्रन्थले तन्त्र शब्दका निम्नलिखित बीसवटा अर्थहरू बताएको छ (भट्टाचार्य, ई.सं. १९६२, पृ. ३२२३)–

(१) प्रवन्ध	(२) राष्ट्र	(३) गृह
(४) धन	(५) कुल	(६) हेतु
(७) स्वराष्ट्रचिन्ता	(८) प्रधान	(९) औषधी
(१०) सिद्धान्त	(११) परिवारको पालनपोषण आदि कार्य	
(१२) परिच्छेद	(१३) तन्तुवाय	(१४) वेदका शाखाभेद
(१५) वपनसाधन	(१६) इतिकर्तव्यता	(१७) शिवादिशास्त्रभेद
(१८) उभयार्थक प्रयोग	(१९) शपथ	(२०) परछन्दानुगमन

उपर्युक्त उदाहरणहरूमा कतै पनि 'तन्त्र' शब्दको मध्यकालिक विलक्षण अर्थ पाइँदैन। त्यसैले तन्त्रसाहित्यको अर्थमा प्रयुक्त 'तन्त्र' शब्द सर्ग, प्रतिसर्ग, मन्त्रनिर्णय, विभिन्न देवीदेवताका स्वरूप, तीर्थवर्णन, आश्रमधर्म, यन्त्रनिर्णय, व्रतवर्णन, शौचाशौचविवरण, स्वर्गनरक, राजधर्म, स्त्रीधर्म, पुरुषधर्म, अध्यात्म आदि विषयवस्तुहरूको समावेश रहेको शास्त्रविशेषको अर्थमा रूढ भएको देखिन्छ (पूर्ववत्, पृ. ३२२५)। मध्यकालमा विकसित भएका तन्त्रग्रन्थहरूमा यक्ष, यक्षिणी, भूत, प्रेत, पिशाच आदिलाई सिद्ध गर्ने रहस्यात्मक विधिविधान; मारण, मोहन, स्तम्भन, उच्चाटन, विद्वेषण र वशीकरण यी अभिचारात्मक षट्कर्मको विधि र प्रक्रिया; जादूटोना, झारफुक आदि विषयवस्तुहरूको वर्णन पाइने हुनाले त्यस्ता ग्रन्थहरू पनि तन्त्रका रूपमा परिचित हुन पुगे।

हरप्रसाद शास्त्रीका अनुसार तन्त्र बीजगणितका सूत्रझैँ अति सूक्ष्म सूत्ररूप छन् र तिनमा मन्त्रका अनेक वर्णहरूको समष्टि रहेको हुन्छ (चक्रवर्ती, ई.सं. १९७२, पृ. १ मा उद्धृत)। गोपीनाथ कविराज (ई.सं. १९७७) का अनुसार विस्तारपूर्वक रक्षा गर्ने विज्ञानले युक्त ज्ञान नै तन्त्र हो (पृ. ६२)। पाश्चात्त्य विद्वान् एफ.डि. कोलावरला (ई.सं. १९७६)का अनुसार मानवजीवनका मनोभाव तथा वासना आदि समस्त क्षेत्रका व्यावहारिक प्रयोगहरूको साधन नै तन्त्र हो जसका माध्यमबाट कामशक्ति, चेतना, मनोवैज्ञानिक स्वास्थ्य तथा मानस प्रभुत्वको प्राप्ति सम्भव छ (पृ.३०–३१)। महर्षि अरविन्दका अनुसार व्यक्तित्वको विकासमा निहित विभिन्न प्रकारका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वैशिष्ट्य तथा पद्धतिहरूको एकीभाव नै तन्त्र हो (पण्डित, ई.सं. १९७२, पृ.१)। कामिकागमका अनुसार–

तनोति विपुलानर्थान् तत्त्वमन्त्रसमन्वितान्।
त्राणं च कुरुते यस्मात्तन्त्रमित्यभिधीयते॥
(कामिकागम, वुडरूफ, ई.सं. १९५१, पृ. ५५ मा उद्धृत)

अर्थात् जसले तत्त्व एवं मन्त्रले युक्त विपुल ज्ञानराशिलाई विस्तार गर्छ र उक्त विस्तारित क्रियात्मक प्रयोगका माध्यमवाट साधकहरूको अभीष्ट पूर्ति गरी उनीहरूको रक्षा गर्छ त्यस शास्त्रविशेषलाई तन्त्र भनिन्छ।

यसप्रकार माथि बताइएका लक्षण र परिभाषाहरूका आधारमा मानवीय जीवनका विभिन्न व्यावहारिक प्रयोगहरूले युक्त लौकिक एवं अलौकिक सिद्धि प्राप्त गर्ने उपायभूत साधनाशास्त्रलाई नै तन्त्र भनिन्छ। तन्त्रले जीवन र जगत्लाई यथार्थ मान्दछ र जीवनमा आइपर्ने विभिन्न कष्ट र समस्याहरूको निराकरण गरी यसै जीवनमा मुक्तिको आस्वादन गर्न सकिन्छ भन्ने धारणा राख्दछ।

विस्तार गर्नु वा फैलाउनु भन्ने अर्थमा प्रयोग हुने तन् धातु र कुटुम्बको भरणपोषण गर्ने अर्थमा प्रयोग हुने तत्रि धातुबाट तन्त्र शब्दको निर्माण भएकाले सांसारिक क्रियाकलापको विस्तार नै तन्त्रको मूलभूत अर्थ रहेको देखिन्छ। सांसारिक क्रियाकलापको विस्तारको सम्बन्ध प्रवृत्तिमार्गसँग रहेको छ। तन्त्रले जीवन र जगत्लाई यथार्थ मान्ने भएकाले तन्त्र एवं तन्त्रवादको मूल स्वभाव सांसारिक क्रियाकलापको विस्तार गर्दै सोही क्रियाकलापमा भोग र मोक्षको आस्वादन गर्नु हो भन्ने बुझिन्छ।

१.३. तन्त्रको उद्भव

तन्त्रको उत्पत्तिका सम्बन्धमा दुईवटा मत प्रचलनमा रहेको देखिन्छ-

१. दैवी उत्पत्तिको सिद्धान्त
२. ऐतिहासिक विकासवादी सिद्धान्त

१.३.१. दैवी उत्पत्तिको सिद्धान्त

यस सिद्धान्तअनुसार जसरी वेदलाई सनातन र अनादि मानिन्छ त्यसरी नै तन्त्रलाई पनि सनातन र अनादि मानिएको छ। शैव, शाक्त, वैष्णव, गाणपत्य र सौर तन्त्रपरम्परामा यस सिद्धान्तलाई अङ्गीकार गरिएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ। वेदका कर्ता ब्रह्माजी हुन् भने शैव र शाक्त तन्त्रपरम्परामा तन्त्रका कर्ताचाहिँ शिवजी हुन्। तन्त्रचिन्तामणिमा भनिएको छ –

तस्मादागमकर्ताऽहं वेदकर्ता पितामहः ॥

(तन्त्रचिन्तामणि, १।११५ख)।

वैदिक वाङ्मयझैँ तान्त्रिक वाङ्मय पनि बोधात्मक र वागात्मक भेदले दुई प्रकारको छ। तान्त्रिक वाङ्मयका आविर्भावक परम शिव ज्ञानशक्ति र क्रियाशक्तिले युक्त छन्। परम शिवको ज्ञानशक्ति पर र अपर भेदले दुई प्रकारको छ। परज्ञान बोधरूप छ भने अपर ज्ञान वाणीरूप छ। सोही वाणीरूप अपर ज्ञान नै शास्त्रका रूपमा प्रतिष्ठित हुन्छ (कविराज, ई.सं.१९६३, पृ. ४४)। बोधरूप परज्ञान नै वाणीरूप भएर अर्थप्रकाशनमा समर्थ हुन्छ। जसरी वेद श्रुतिपरम्पराबाट अनादिकालदेखि लोकमा प्रचलित छ त्यसरी नै तन्त्र पनि गुरुपरम्परावाट लोकमा प्रचलित छ। स्वच्छन्दतन्त्रमा भनिएको छ –

गुरुशिष्यपदे स्थित्वा स्वयं देव सदाशिवः।
प्रश्नोत्तरपदैर्वाक्यैस्तन्त्रं समवतारयत् ॥(स्वच्छन्दतन्त्र, ८।३१)।

अर्थात् भगवान् सदाशिवले नै स्वयं गुरु र शिष्यको रूपमा रही प्रश्न र उत्तरको शैलीमा तन्त्रको अवतार गरेका हुन्। तन्त्ररूप ज्ञान सदाशिवबाट अनन्तले प्राप्त गरे, अनन्तबाट श्रीकण्ठले प्राप्त गरे त्यसपछि श्रीकण्ठको आज्ञाले लोकमा तन्त्रप्रवर्तनका लागि सिद्धहरूको अवतार भयो भन्ने शास्त्रीय वचन पाइन्छ (तन्त्रालोक, ३६।११)। तन्त्रको उद्भवका विषयमा ब्रह्मयामलको प्रसङ्ग उल्लेख गर्दै के लेखेको पाइन्छ भने सर्वप्रथम शिवले इच्छाको रूप धारण गरे, इच्छाबाट बिन्दुको उत्पत्ति भयो, बिन्दुबाट ज्ञानको प्रादुर्भाव भयो र सोही ज्ञान सर्वप्रथम सदाशिवबाट अमृतले प्राप्त गरे अनि सोही श्रृङ्खलामा उक्त ज्ञान कपालभैरवबाट कुरुक्षेत्रका पद्मभैरव नामक ब्राह्मणले प्राप्त गरे र पद्मभैरवले उक्त ज्ञान उड्रदेशमा उत्पन्न देवदत्तलाई प्रदान गरे अनि पद्मभैरवबाट रक्तभैरव, ज्वाला, हेला, वाम, विजय, सीसंस, गजकर्ण, चण्ड, यज्ञसोम आदि शिष्यहरूको लामो परम्परा प्रारम्भ भयो (बाग्ची, ई.सं. १९७५, पृ. १०३)। त्यसैगरी वैष्णव तन्त्रपरम्परामा विष्णु वा नारायणलाई तन्त्रको आविर्भावक मानिएको छ भने गाणपत्य तन्त्रपरम्परामा गणेश र सौर तन्त्रपरम्परामा सूर्य तन्त्रका आविर्भावक मानिएका छन्।

नेपाली समाजमा तन्त्र र तन्त्रात्मक क्रियाकलापको प्रादुर्भाव नेपाली समाज जत्तिकै पुरानो रहेको छ। यस सम्वन्धमा स्पष्ट तिथिमिति तोक्न नसकिए तापनि नेपाली समाजले प्रारम्भदेखि नै तन्त्रलाई अँगालेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाइन्छ। परम्परागत जनविश्वास, लोकधारणा, अलौकिक सत्ताप्रतिको विश्वास, भौतिक सुखका साथै अभौतिक सुखको कामनाजस्ता कुरा नै तन्त्रात्मक क्रियाकलापको पृष्ठभूमिका रूपमा रहेका छन्। नेपाली समाजमा तन्त्रलाई अनादि मान्ने र तान्त्रिक ज्ञानलाई कुनै न कुनै रूपमा धार्मिक सम्प्रदायसँग जोडेर आफूले मानिआएको दिव्य सत्ताबाट सो ज्ञान आफूसम्म पारम्परिक रूपमा आइपुगेको मान्ने प्रचलन देखिन्छ। तान्त्रिक क्रियाकलाप सम्पादन गर्ने तान्त्रिकहरू अलौकिक शक्तिले सम्पन्न हुन्छन् भन्ने विश्वास गरिन्छ। त्यस्ता तान्त्रिकहरूमा केही सिद्ध हुन्छन् भने केहीचाहिँ अन्य अवसरमा सामान्य देखिए तापनि तान्त्रिक क्रियाकलाप सम्पादन गर्ने अवसरमा तिनमा दैवी शक्तिको आवेश हुने गरेको उदाहरण पाइन्छ। नेपाली समाजमा तन्त्रका विभिन्न धाराहरू प्रचलनमा रहेका देखिन्छन्। जस्तै- अभिचारात्मक तन्त्र, उपचारात्मक तन्त्र, धार्मिक तथा सांस्कृतिक तन्त्र, जातीय संस्कारगत तन्त्र आदि। तिनको चर्चा प्रस्तुत ग्रन्थमा यथावसर गरिनेछ।

१.३.२. ऐतिहासिक विकासवादी सिद्धान्त

यस सिद्धान्तअनुसार तन्त्रको उत्पत्ति कालक्रमिक विकासको परिणामस्वरूप भएको हो। तन्त्रका आधुनिक चिन्तक तथा अनुसन्धानकर्ताहरू सिन्धुघाँटीको सभ्यतालाई केन्द्रमा राखेर तन्त्रको उत्पत्तिको अनुमान गर्दछन्। सिन्धुघाँटीको मोहन-जो-दडो र हडप्पासभ्यताका जति पनि मूर्ति, चित्र तथा अवशेषहरू प्राप्त भएका छन् तिनमा शक्ति, शिवलिङ्ग वा तन्त्रसँग सम्बद्ध यन्त्रका चित्रहरू नै प्रमुख रहेका छन्। पुरातत्त्ववेत्ताहरूका अनुसार सिन्धुघाँटीको सभ्यता लगभग तीनहजार वर्ष ईसापूर्वको हो। तीन हजार वर्ष ईसापूर्व सिन्धुघाँटीका आदिवासीहरूमा तान्त्रिक प्रयोग प्रचलित थियो (बनर्जी, ई.सं १९८०, पृ. ६४)। पाश्चात्त्य विद्वान् फिलिप रसन (ई.सं. १९८९)को मतमा २००० वर्ष ईसापूर्वका यूरोपका पुरापाषाणकालिक विशाल गुफाहरूमा यस्ता प्रतीकहरू भेटिएका छन् जुन आधुनिक युगका तान्त्रिकहरूद्वारा प्रयोग गरिने प्रतीकहरूजस्तै छन् (पृ. १)। जेम्स जे. प्रिन्स्टन (ई.सं. १९८०)को मतमा देवीपूजाको प्रमाण ३०,००० वर्षपूर्व नवपाषाणकालसम्म पाइन्छ (पृ. ६)। प्राचीनकालदेखि नै आदिम मनुष्यहरूमा अभिचारात्मक षट्कर्म (मारण, मोहन, स्तम्भन, उच्चाटन, विद्वेषण र वशीकरण), पञ्चमकार (मद्य, मांस, मत्स्य, मुद्रा र मैथुन) आदिको प्रयोग प्रचलित थियो। सिमेटिक जातिहरूमा मैन आदिद्वारा शत्रुको प्रतिमा बनाएर त्यस प्रतिमालाई आगोले पगाली

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शत्रुलाई मार्ने प्रयोग गरिन्थ्यो (चक्रवर्ती, ई.सं. १९७२, पृ. ८)। अहिले पनि यसप्रकारका प्रयोगहरू तान्त्रिकहरूद्वारा गर्ने गरेको पाइन्छ त्यसैले वैदिक संस्कृतिकै समानान्तरमा त्यतिखेर तान्त्रिक संस्कृति पनि प्रचलनमा थियो। आर्येतर जाति तथा सामान्य लोकजीवनमा तान्त्रिक संस्कृति बढी लोकप्रिय थियो भने उच्चकुलीन आर्यहरू वैदिक संस्कृतिका अनुयायी थिए। पछि विस्तारै बिस्तारै आर्य र आर्येतर जातिका बीच एकताको भावना बढ्दै गयो। ई.पू. १५०० को आसपासमा आइपुग्दा नपुग्दै आर्य तथा अनार्य जातिहरू एउटै संस्कृति र एउटै समाजमा विलय हुन पुगे (उपाध्याय, ई.सं.१९६०, पृ. २५)। त्यसको फलस्वरूप तान्त्रिक कर्मकाण्ड र आचारपद्धतिहरू अथर्ववेदमा प्रवेश गरे भने वैदिक यज्ञविधान र आध्यात्मिक तत्त्वहरू तान्त्रिक आचारपद्धतिका अभिन्न अङ्ग बन्न पुगे। त्यसैले इतिहासको कुनै कालखण्डमा वैदिक संस्कृतिको अत्यधिक प्रभावका कारण तान्त्रिक संस्कृति वैदिक संस्कृतिका अगाडि अभिभूत भएर प्रवाहित हुन विवश भए तापनि वैदिक वाङ्मयको सीमा समाप्त हुनेबित्तिकै विस्तारै बिस्तारै यत्रतत्र रहेको तान्त्रिक संस्कृतिको अवशेष फेरि प्रतिष्ठापित हुन पुग्यो। सोही क्रममा ईसाको सातौँदेखि बाह्रौं शताब्दीका बीच तन्त्रको पुनर्जागरण र पूर्ण विकास भयो (वाग्ची, ई.सं. १८७५, पृ. १०३)।

यस सन्दर्भमा यहाँ एउटा कुरा के स्पष्ट पार्नु जरुरी छ भने प्राचीन वैदिक कर्महरू याज्ञिक कर्मकाण्डमा आधारित हुन्थे। यज्ञद्वारा नै सम्पूर्ण इष्ट कर्महरूको सम्पादन हुन्थ्यो। उदाहरणका लागि पुत्रप्राप्तिका लागि पुत्रेष्टि गरिन्थ्यो भने राजाहरू राज्यविस्तारका लागि अश्वमेधयज्ञ गर्दथे। स्वर्गको कामनाले पनि यज्ञ गरिन्थ्यो। त्यसैले वैदिक साहित्यमा *स्वर्गकामो यजेत* अर्थात् स्वर्ग चाहनेले यज्ञ गरोस् भन्नेजस्ता विधिवाक्यहरू पाइन्छन्। तन्त्रको विकास भएपछि चाहिँ उपासनाको स्वरूपमा केही परिवर्तन भयो। वहिर्यजनका साथै अन्तर्यजनको पनि विकास भयो। जेजति वस्तुहरू ब्रह्माण्डमा छन् ती सबै यसै शरीरमा छन् भन्ने भावनाको विकास भएपछि शरीरमा नै सम्पूर्ण तीर्थ, पीठ, देवीदेवता, राशि, नक्षत्र आदिको न्यास गरी आफ्नो शरीरलाई ब्रह्माण्डमय बनाउने र *देवो भूत्वा देवं यजेत्* अर्थात् *देवता बनेर देवताको उपासना गर* भन्ने सिद्धान्तबमोजिम उपासना गर्ने परिपाटीको विकास भयो जसलाई तान्त्रिक शब्दावलीमा अन्तर्यजन भनिन्छ। त्यसैले वैदिक कर्ममा वहिर्यजनलाई बढी महत्त्व दिएको पाइन्छ भने तान्त्रिक कर्ममा अन्तर्यजनलाई बढी महत्त्व दिएको पाइन्छ तर वहिर्यजनलाई निषेध भने गरेको पाइँदैन। वहिर्यजनलाई अन्तर्यजनमा विलय गर्नु नै तान्त्रिक उपासनाको मूल ध्येय हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रसिद्ध समाजशास्त्री ब्रिफोले तन्त्रवादका विशिष्ट क्रिया एवं मूल विचारधाराहरू कृषिसम्बन्धी जादुटोनाको उपज हुन् भन्ने मानेका छन्। उनको विचारमा अपेक्षाकृत प्रारम्भिक चरणमा कृषिकार्यलाई जादुटोनामा निर्भर मानिन्थ्यो। यस मान्यताको झलक तन्त्रसाहित्यमा मात्र नभई वैदिक साहित्यमा समेत पाइन्छ। अथर्ववेद (९६।१३।१४१), ऋग्वेद (४।५७।६), आश्वलायनगृह्यसूत्र (२।१०।४), पारस्करगृह्यसूत्र (२।१७।९) आदिमा कृषि उत्पादनलाई सफल बनाउनका लागि उच्चारण गर्नुपर्ने मन्त्रहरू र तत्सम्बद्ध क्रियानुष्ठानको वर्णन पाइन्छ।

समाजशाास्त्री थामसनले पशुपालन व्यवसाय र कृषिको तुलना गर्दै कृषिका लागि जादुटोनाको महत्त्वको विश्लेषण गरेका छन्। उनको विचारमा पशुपालनको तुलनामा कृषिकार्य ढिलो, कष्टकर र अनिश्चित हुने भएकाले तथा त्यसका लागि धैर्य, दूरदर्शिता र विश्वासको आवश्यकता पर्ने भएकाले कृषिसमाजमा जादुटोनाको विकास भयो (चट्टोपाध्याय, ई.सं. १९८२, पृ. २१३ मा उद्धृत)।

जादुटोना भनेको वस्तुतः काल्पनिक मनोरथ सृष्टि गर्ने विधि हो। जादुटोनाको आधारभूत सिद्धान्त भनेको भ्रमको सृजनद्वारा वास्तविकतामाथि नियन्त्रण गर्नु हो। उदाहरणका लागि रोपाइँका समयमा गाइने रोपाइँगीत वा नृत्यलाई लिन सकिन्छ। रोपाइँका समयमा रोपार महिलाहरू र बाउसे गर्ने, आली लगाउने तथा जोत्ने पुरुषहरू सामूहिक रूपमा अन्न उत्पादन राम्रो होस् भनेर नाच्ने, गाउने तथा अन्न उत्पादनसँग सम्बद्ध विभिन्न अभिनयहरू गर्दछन्। उनीहरू आफ्नो कल्पनालाई अभिनयको रूप दिएर इच्छित वास्तविकतालाई सत्य वनाउँछन्। यही नै जादु वा मायाविधि हो जो वास्तविक विधिको सहायक तथा पूरक हुने गर्दछ। मायापूर्ण र काल्पनिक भए तापनि यो विधि व्यर्थ जाँदैन। धानको बोटमाथि यसको प्रत्यक्ष प्रभाव पर्दैन तर किसानमाथि भने यसको प्रत्यक्ष प्रभाव पर्दछ। किसानहरूमा उक्त गीत वा नृत्यले अन्न उत्पादन राम्रो हुन्छ भन्ने विश्वास उत्पन्न हुन्छ। त्यही विश्वासका साथ उनीहरू अझ बढी उत्साहपूर्वक बालीनालीको स्याहारसम्भार गर्दछन् अनि अन्न उत्पादनमा सकारात्मक प्रभाव देखापर्दछ। यसप्रकार जादुले मनोवैज्ञानिक असर गर्दछ। यसप्रकारको अनुष्ठान सामूहिक हुन्छ त्यसैले कृषिसम्बन्धी जात्रा वा उत्सवलाई अन्न उत्पादनमा वृद्धि होस् भनेर सामूहिक रूपमा गरिने अनुष्ठान वा जादुटोनाको उदाहरणका रूपमा लिन सकिन्छ। यसप्रकार समाजशास्त्रीहरूको मतमा तन्त्रको उत्पत्तिको सम्बन्ध कृषि उत्पादनसँग रहेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१.४. वैदिक तथा वैदिकोत्तर साहित्यमा तन्त्र

१.४.१. वैदिक साहित्यमा तन्त्र

यद्यपि प्राचीन विद्वान्‌हरूमा तन्त्रलाई वैदिक उत्पत्ति मान्ने या नमान्ने भन्ने विषयमा एक मत पाइँदैन तथापि वैदिक साहित्यमा तान्त्रिक आचारका धेरै तत्त्वहरू स्पष्ट रूपमा भेटिन्छन्। वैदिक कालमा तन्त्रको विकास यद्यपि सम्प्रदायको रूपमा भएको थिएन तर त्यसको बीज वैदिक साहित्यमा यत्रतत्र छरिएर रहेको पाइन्छ। ऋग्वेदको दशौँ मण्डलमा रहेको देवीसूक्तले तन्त्रकी अधिष्ठातृ देवीको प्राचीनताको सङ्केत दिएको छ। ऋग्वेदको सोही मण्डलमा रोगमुक्ति, विषहरण, प्रेतनिवारण आदिका साधनरूप धेरै सूक्तहरू पाइन्छन्। ऋग्वेदमा सरस्वती, उषा, अदिति आदि देवीको वर्णन पाइन्छ। त्यहाँ माता सरस्वतीलाई बल, ज्ञान, ऐश्वर्य, अन्न आदि प्रदान गर्ने तथा सबैलाई पवित्र बनाउने देवीका रूपमा चित्रण गर्दै उनी उत्तम बुद्धिवाला विद्वान् पुरुषलाई ज्ञानप्रदान गरी तिनको यज्ञ, उत्तम कर्म र देवोपासनालाई धारण गर्दछिन् भनिएको छ (ऋग्वेद, १।२।३।१०–१२)। ऋग्वेदमा अदितिलाई सम्पूर्ण प्राणीहरूकी जननीका रूपमा वर्णन गरेको पाइन्छ। उनैबाट समस्त प्रपञ्चको उत्पत्ति हुन्छ र अन्त्यमा उनैमा लय हुन्छ (ऋग्वेद, १।७२।९)। ऋग्वेदमा इन्द्रकी शक्ति इन्द्राणी, वरुणकी शक्ति वरुणानी एवं अग्निकी शक्ति अग्नायीलाई आफ्नो कल्याणको कामनाले सोमपानका लागि आह्वान गरेको पाइन्छ (ऋग्वेद, १।२२।१२)। अथर्ववेदमा यस्ता अनगिन्ती आचारपद्धतिहरू देखिन्छन् जो तान्त्रिक आचारसँग मेल खाने खालका छन्। अथर्ववेदमा यस्ता सूक्तहरू पाइन्छन् जसको प्रयोग प्रेमी एवं प्रेमिकालाई आफ्नो वशमा पार्नका लागि गरिन्छ (अथर्ववेद, ३।२५)। अथर्ववेदमा रोग उत्पन्न गर्ने कीरालाई नष्ट गर्ने मन्त्र तथा पिशाचलाई नष्ट गर्ने मन्त्र पनि पाइन्छ (अथर्ववेद, २।३०–३१)। वैदिक साहित्यमा रुद्रको उल्लेख पाइन्छ। पूर्ववैदिक सम्प्रदायलाई आदिशिवसँग सम्बद्ध मानिन्छ। तिनै आदिशिव र वैदिक युगका रुद्र परवर्ती शैव तथा शाक्ततन्त्रका मूल स्रोत मानिन्छन् (बनर्जी, ई.सं. १९६६, पृ. ६३)। तैत्तिरीयब्राह्मणमा प्रजापतिकी पुत्री सीताले सोमलाई आफ्नो वशमा पार्नका लागि जादुको प्रयोग गरेको एउटा आख्यान पाइन्छ (तैत्तिरीयब्राह्मण, २।३।१०)। सो प्रयोग तन्त्रको सम्मोहन वा वशीकरण प्रयोग नै हो। तैत्तिरीयसंहितामा अरूलाई वशमा पार्नका लागि यज्ञको विधान भेटिन्छ (तैत्तिरीयसंहिता, २।३।१)। वाजसनेयीसंहितामा देवी अम्बिकालाई रुद्रदेवकी बहिनीको रूपमा सम्बोधन गर्दै यज्ञमा आएर रुद्रका साथ आफ्नो हवि ग्रहण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्न स्तुति गरिएको छ (वाजसनेयीसंहिता, ३।५३)। तैत्तिरीयारण्यकमा दुर्गादेवीको विस्तृत वर्णन पाइन्छ जहाँ दुःस्वप्ननाशिनी दुर्गादेवीसँग आफ्ना सम्पूर्ण पापहरू हरण गर्नका लागि प्रार्थना गरिएको छ (तैत्तिरीयारण्यक, १०।१)। शतपथब्राह्मणमा देवी सरस्वतीलाई पशुवलि दिने वर्णन पाइन्छ (शतपथब्राम्हण, ३।९।१।७ तथा ५।५।४।१)। वेदमा जस्तै उपनिषद्मा पनि तान्त्रिक साधनापद्धतिको बीज पाइन्छ। प्रश्नोपनिषद्मा षट्चक्रको विवेचना पाइन्छ जुन तान्त्रिक जगत्को एक उत्कृष्ट साधना हो। मुण्डकोपनिषद्मा अग्निका सात जिभ्रालाई काली, कराली, मनोजवा, सुलोहिता, सुधूम्रवर्णा, स्फुलिङ्गिनी, विश्वरुचि देवीको नामले पुकारिएको छ (मुण्डकोपनिषद्, २।४)। उपनिषद्हरूमा ब्रह्ममा अन्तर्निहित शक्तिलाई नै सम्पूर्ण विश्वब्रह्माण्डको कारण मानिएको छ। श्वेताश्वतरोपनिषद्मा ऋषिहरूले ध्यानमग्न भएर ब्रह्मको शक्तिको अनुभव गरे जो सबैको कारणस्वरूप भएर ब्रह्ममा अभिन्न रूपले रहेको छ भनिएको छ (श्वेताश्वतरोपनिषद्, १।३)। नारायणोपनिषद्मा भगवती दुर्गालाई बल्दो आगोजस्तो रातो वर्ण भएकी, अति तेजस्वी, धर्मकर्मको फल दिने भएकी हे सर्वशक्तिमयी देवी ! म तपाईंको शरणमा छु र म तपाईंलाई नमस्कार गर्दछु भनिएको छ (नारायणोपनिषद्, १।८)। यसका अतिरिक्त आथर्वणद्वितीयोपनिषद्, कामराजकीलितोद्धारोपनिषद्, श्रीचक्रोपनिषद्, षोढोपनिषद्, हंसषोढोपनिषद्, सुमुख्युपनिषद्, कालिकोपनिषद्, कालीमेधादीक्षितोपनिषद्, गुह्यकाल्युपनिषद् आदि उपनिषद्हरूमा तन्त्रकी अधिष्ठातृ देवीलाई ब्रह्मरूपा मानेर स्तुति गरेको पाइन्छ।

१.४.२. धर्मशास्त्र एवं पुराण आदिमा तन्त्र

बौधायनधर्मसूत्रमा दुर्गा तथा ज्येष्ठाको वर्णनका साथै ती देवीहरूलाई चढाइएको भेटीको पनि उल्लेख पाइन्छ (बौधायनधर्मसूत्र, २।५।६)।

पौराणिक साहित्यमा विभिन्न तान्त्रिक आचारहरूको सङ्केत पाइन्छ। पुराणमा शक्तिलाई सर्वोच्च स्थान प्रदान गरिएको छ। विष्णुपुराणमा सम्पूर्ण विश्वब्रह्माण्डलाई विष्णुको स्वरूप मान्दै विष्णुलाई शक्तिले युक्त मानिएको छ (विष्णुपुराण, ५।७६)। सोही पुराणमा भगवती दुर्गाका केही नामहरू उल्लेख गर्दै दुर्गालाई मद्य, मांस तथा विभिन्न प्रकारका भोजन आदिले पूजा गर्नाले भगवती दुर्गा प्रसन्न भएर भक्तका सम्पूर्ण कामनाहरू पूरा गर्दछिन् भनिएको छ (पूर्ववत्, ५।१।८६)। मत्स्यपुराणमा देवीका एकसयआठ नाम तथा पूजाका त्यति नै स्थानको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उल्लेख पाइन्छ (मत्स्यपुराण, १३।२४-५४)। विष्णुपुराणमा लक्ष्मी अथवा श्रीको वर्णन जगत्की माताको रूपमा गरेको पाइन्छ। उक्त पुराणमा लक्ष्मी वा श्रीलाई वेदगर्भा, यशगर्भा, सूर्यगर्भा, देवगर्भा, दैत्यगर्भा आदि भनिएको छ (विष्णुपुराण, १।८)। विष्णुधर्मोत्तरपुराणमा काली एवं महाकालीका अतिरिक्त एक सय असी मातृदेवीहरूको उल्लेख पाइन्छ (विष्णुधर्मोत्तरपुराण, १।२६)। देवीभागवत तथा कालिकापुराण त शाक्त पुराणअन्तर्गत नै पर्दछन् जहाँ शक्तिलाई नै उपास्य मानेर तदनुरूप उपासनापद्धतिहरूको वर्णन गरिएको छ। देवीभागवतमा एक सयभन्दा बढी शक्तिपीठहरूको उल्लेख पाइन्छ (देवीभागवत, ७।३०।५५-८०)। मार्कण्डेयपुराणको एकासीऔँ अध्यायदेखि त्रियान्नब्बेऔँ अध्यायसम्म वर्णित देवीमाहात्म्य दुर्गासप्तशती नामले प्रसिद्ध छ। महाभारतको वनपर्वमा श्रीपर्वतलाई शिव एवं देवीको पवित्र स्थल भनिएको छ (महाभारत, वनपर्व, ८५।१९-२०)।

१.४.३. लौकिक साहित्यमा तन्त्र

लौकिक साहित्यमा तन्त्रसम्बन्धी प्रसङ्गको चर्चा गर्दा सर्वप्रथम संस्कृत साहित्यका आदिकवि वाल्मीकिको रामायणमा अश्वमेधयज्ञको समयमा विभिन्न देवताहरूका लागि घोडाका अतिरिक्त अन्य धेरै पशुहरूको बलि दिएको वर्णन पाइन्छ (रामायण, बालकाण्ड, १४।२८)। रामायणमा लोकायतिक ब्राह्मणहरूको चर्चा गरिएको छ र त्यस सन्दर्भमा तिनीहरू तान्त्रिक कलामा चतुर हुन्छन् भनिएको छ। त्यसैगरी रामायणको युद्धकाण्डमा रावणपुत्र मेघनादद्वारा अग्निदेवलाई रगतको हवन गरेको उल्लेख पाइन्छ (रामायण, युद्धकाण्ड, ८२।२७)। बाणभट्टको कादम्बरीमा उज्जयिनीबाट केही दिनको बाटोमा पर्ने चण्डिकामन्दिरको लामो वर्णनका साथै छोराको कामना गर्ने रानी विलासवतीको धार्मिक क्रियाकलापको वर्णन पाइन्छ जुन क्रियाकलापमा तान्त्रिक आचारपद्धतिको स्पष्ट झलक भेटिन्छ। महाकवि बाणको 'हर्षचरित' महाकाव्यमा जादु एवं मानवबलिको वर्णन पाइन्छ। त्यसका साथै शैवसाधु भैरवाचार्यको वर्णन पाइन्छ जसलाई शिवसंहिता कण्ठस्थ थियो जसले महाकालहृदयनामक महामन्त्रको जप श्मशानमा एककरोड पटक गरेको थियो। 'मालतीमाधव' नाटकमा सौदामिनीनामक पात्रको उल्लेख पाइन्छ जसले श्रीपर्वतमा कापालिकव्रत पूर्ण गरेकी थिई र मन्त्रको बलले अलौकिक शक्ति प्राप्त गरेकी थिई। महाकवि कालिदासका रचनाहरूमा त शैव एवं शाक्ततन्त्रका दार्शनिक तथा आध्यात्मिक पक्षहरूको यत्रतत्र वर्णन पाइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राचीन कालमा तान्त्रिक साधनामा महिलाहरूको पनि उल्लेख्य सहभागिता रहेको जानकारी प्राप्त हुन्छ। कादम्बरीमा वर्णित रानी विलासवती र मालतीमाधव नाटककी सौदामिनीका साधना र तिनका तान्त्रिक आचारहरू यसका साक्ष्य हुन्। त्यसैगरी ऋषि अगस्त्यकी पत्नी लोपामुद्राले दशमहाविद्यामध्येकी षोडशी अर्थात् श्रीविद्याको उपासनापरम्परामा नयाँ सम्प्रदाय नै स्थापना गरेको प्रमाण पाइन्छ। श्रीविद्याका शक्तिशिवाविद्या, लोपामुद्राविद्या, क्रोधमुनिविद्या, मानवीविद्या, चान्द्रीविद्या, कौबेरीविद्या, अगस्त्यमुनिविद्या, नन्दीविद्या, प्रभाकरीविद्या, षड्मुखीविद्या, परमशिवविद्या र वैष्णवीविद्या गरी बाह्रवटा प्रमुख भेदमध्ये अगस्त्यकी पत्नी लोपामुद्राले स्थापना गरेको परम्परालाई लोपामुद्राविद्या भनिन्छ (भट्ट, २०६२, पृ. १४७)।

१.५. तन्त्रपरम्परा

तन्त्रपरम्परालाई मुख्यतः दुई वर्गमा विभाजित गर्न सकिन्छ–

१. लिखित तन्त्रपरम्परा २. अलिखित तन्त्रपरम्परा

१.५.१. लिखित तन्त्रपरम्परा

लिपिबद्ध भएको तन्त्रपरम्परालाई लिखित तन्त्रपरम्परा भनिन्छ। यस परम्परालाई मुख्यतः सात वर्गमा विभाजित गर्न सकिन्छ। ती हुन्-

(१) शैवतन्त्र (२) शाक्ततन्त्र
(३) वैष्णवतन्त्र (४) गाणपत्यतन्त्र
(५) सौरतन्त्र (६) बौद्धतन्त्र
(७) जैनतन्त्र

१.५.१.१. शैवतन्त्र

भगवान् शिवलाई सर्वोच्च उपास्यका रूपमा कल्पना गरी तदनुरूप दार्शनिक चिन्तन र साधनापद्धतिहरू समावेश गरिएका तन्त्रसाहित्यहरू यस वर्गमा पर्दछन्। शैवतन्त्रपरम्पराको सर्वप्राचीन साहित्यलाई आगम भनिन्छ। शिवले उपदेश दिएको, पार्वतीले ग्रहण गरेको र वासुदेवको पनि त्यसमा सम्मति भएकाले यसलाई आगम भनिएको हो। प्राचीन शैवागमका तीनवटा भेद रहेका छन्–

१. शिवागम
२. रुद्रागम
३. भैरवागम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१.५.१.१(क) शिवागम

भेदप्रधान दशवटा आगमहरू शिवागमका नामले चिनिन्छन्। ती शिवागमहरू यसप्रकार रहेका छन् –

(१) कामिक	(२) योगज	(३) चिन्त्य
(४) कारण	(५) अजित	(६) सुदीप्त
(७) सूक्ष्म	(८) सहस्र	(९) सुप्रभेद
(१०) अंशुमान्		

१.५.१.१(ख) रुद्रागम

भेदाभेदप्रधान अठार रुद्रागमहरू यसप्रकार रहेका छन् –

(१) विजय	(२) निःश्वास	(३) मद्गीत
(४) पारमेश्वर	(५) मुखबिम्ब	(६) सिद्ध
(७) सन्तान	(८) नारसिंह	(९) चन्द्रांशु
(१०) वीरभद्र	(११) आग्नेय	(१२) स्वायम्भुव
(१३) विसर	(१४) रौरव	(१५) विमल
(१६) किरण	(१७) ललित	(१८) सौरभेय

दश शिवागम र अठार रुद्रागमलाई संयुक्तरूपमा सिद्धान्तशैव भनिन्छ र सिद्धान्तशैवका उपर्युक्त अठ्ठाईस आगमका साथै दुई सय चार उपागमहरू समेत रहेको जानकारी प्राप्त भएको छ (कविराज, ई.सं. १९७२, पृ. १६)।

१.५.१.१(ग) भैरवागम

शिवको दक्षिणवक्त्रबाट निस्सृत अद्वैतप्रधान शैवागमलाई भैरवागम भनिन्छ। भैरवागमको सङ्ख्या चौसठ्ठी रहेको छ। यसमा आठवटा वर्ग छन् जसलाई सदाशिवचक्र भनिन्छ। यी आठ वर्ग हुन् –

(१) भैरवाष्टक	(२) यामलाष्टक	(३) मताष्टक
(४) मङ्गलाष्टक	(५) चक्राष्टक	(६) शिखाष्टक
(७) बहुरूपाष्टक	(८) वागीशाष्टक	

यी आठवटा वर्गका हरेक वर्गमा आठआठवटा आगम वा तन्त्रहरू पर्दछन् (द्विवेदी, ई.सं. १९८३, पृ. ८६–९०)।

(क) भैरवाष्टक

(१) स्वच्छन्द	(२) चण्ड	(३) क्रोध
(४) उन्मत्त	(५) असिताङ्ग	(६) महोच्छुष्म

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(७) कङ्कालीश (८) भैरव

(ख) यामलाष्टक

(१) ब्रह्मयामल (२) विष्णुयामल (३) रुद्रयामल

(४) आथर्वणयामल (५) रुरुयामल (६) वेतालयामल

(७) स्वच्छन्दयामल (८) देवीयामल

(ग) मताष्टक

(१) रक्त (२) लम्पट (३) रश्मि

(४) चालिक (५) पिङ्गला (६) उत्फुल्ल

(७) विश्वाद्य (८) मत

(घ) मङ्गलाष्टक

(१) भैरवी (२) पिचु (३) समुद्भव

(४) ब्राह्मी (५) विजया (६) चन्द्रा

(७) मङ्गला (८) सर्वमङ्गला

(ङ) चक्राष्टक

(१) मन्त्र (२) वर्ण (३) शक्ति

(४) कला (५) बिन्दु (६) नाद

(७) गुह्य (८) रव ।

(च) शिखाष्टक

(१) भैरवी (२) वीणा (३) वीणामणि

(४) सम्मोह (५) डामर (६) अथर्वक

(७) कबन्धक (८) शिरश्छेद

(छ) बहुरूपाष्टक

(१) अन्धक (२) रुरु (३) अत्राख्य

(४) मूल (५) वर्णकण्ठ (६) विडङ्ग

(७) ज्वालित (८) मातृरोदन

(ज) वागीशाष्टक

(१) भैरवी (२) चित्रिका (३) हंसा

(४) कदम्बिका (५) हृल्लेखा (६) चन्द्रलेखा

(७) विद्युल्लेखा (८) विद्युन्मान्

सम्मोहनतन्त्रमा तान्त्रिक वाङ्मयको व्यापक परिचय पाइन्छ। उक्त तन्त्रको छैठौं अध्यायमा शैवतन्त्रअन्तर्गत बत्तीस तन्त्र, तीन सय पच्चीस उपतन्त्र, दश संहिता, पाँच अर्णव, दुई यामल, तीन डामर, एक उड्डाल, दुई उड्डीश, आठ कल्प, आठ उपसङ्ख्या, दुई चूडामणि, दुई विमर्शिनी, पाँच सूक्त, दुई चिन्तामणि, नौ पुराण, दुई कक्षपुट, तीन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कल्पद्रुम, दुई कामधेनु, पाँच तत्त्व र दुई अवतार ग्रन्थ रहेको विवरण पाइन्छ (भट्ट, २०६२, पृ. १७–१८ मा उद्धृत)। यसका अतिरिक्त उग्रज्योति आदि अठार पद्धतिकार, भाष्यकार एवं वृत्तिकारहरूका ग्रन्थहरू उपलब्ध छन् (कविराज, ई.सं. १९७२, पृ. २४)। यसबाट शैव तन्त्रसाहित्यको भण्डार अत्यन्त विशाल रहेको स्पष्ट हुन्छ। प्रस्तुत पुस्तकमा शैवतन्त्रसाहित्यको सामान्य सङ्केत मात्र गरिएको छ, शैव परम्पराअन्तर्गत विकसित सिद्धान्त, पाशुपत, वीरशैव, प्रत्यभिज्ञा आदि सम्प्रदाय र तिनका ग्रन्थहरूको विस्तृत अध्ययन हुनु जरुरी छ।

१.५.१.२. शाक्ततन्त्र

सम्पूर्ण विश्वब्रह्माण्डको परम कारणका रूपमा शक्ति अर्थात् मातृदेवीलाई मान्ने र तदनुरूप उपासनापद्धतिहरू प्रतिपादन गरिएका तन्त्रहरू शाक्ततन्त्रअन्तर्गत पर्दछन्। शाक्ततन्त्रमा शिव र शक्तिलाई अभिन्न मानिने भएकाले तात्त्विक दृष्टिले शैव र शाक्ततन्त्रमा खासै भिन्नता पाइँदैन। शाक्ततन्त्रलाई तीन वर्गमा विभाजित गर्न सकिन्छ–

१. प्राचीन मूल चौसठ्ठी तन्त्र २. उपास्यभेदमूलक तन्त्र
३. मतमूलक तन्त्र।

१.५.१.२(क) प्राचीन मूल चौसठ्ठी तन्त्र

शङ्कराचार्यद्वारा विरचित सौन्दर्यलहरीमा चौसठ्ठी तन्त्रको उल्लेख पाइन्छ त्यसैले त्यतिखेर प्राचीन मूल चौसठ्ठी तन्त्र प्रचलित थियो भन्ने देखिन्छ। वामकेश्वरतन्त्रमा चौसठ्ठी तन्त्रको नाम नै उल्लेख गरिएको छ। त्यसैगरी सौन्दर्यलहरी नामक ग्रन्थमाथि भास्कररायले रचना गरेको सेतुबन्ध नामक टीकामा पनि चौसठ्ठी तन्त्रको नाम पाइन्छ। सर्वोल्लासतन्त्रमा पनि चौसठ्ठी तन्त्रको सूची दिइएको छ। महासिद्धिसारतन्त्रमा सम्पूर्ण भारतवर्षलाई रथक्रान्ता, विष्णुक्रान्ता र अश्वक्रान्ता गरी तीन क्षेत्रमा विभाजन गरिएको छ र प्रत्येक क्षेत्रमा प्रचलित चौसठ्ठी तन्त्रको नाम दिइएको छ त्यसैले यहाँ जिज्ञासु पाठकहरूको जानकारीका लागि वामकेश्वरतन्त्र, सौन्दर्यलहरीको सेतुबन्धटीका, सर्वोल्लासतन्त्र र महासिद्धिसारतन्त्रमा आधारित चौसठ्ठी तन्त्रको सूची प्रस्तुत गरिएको छ। वामकेश्वरतन्त्रअनुसार चौसठ्ठी तन्त्रको सूची यसप्रकार रहेको छ (कविराज, ई.सं. १९७२, पृ. २४)–

(१) महामाया (२) शम्बर (३)योगिनीजालशम्बर
(४) तत्त्वशम्बर (५) सिद्धिभैरव (६) वटुकभैरव

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(७) कङ्कालभैरव	(८) कालभैरव	(९) कालाग्निभैरव
(१०) योगिनीभैरव	(११) महाभैरव	(१२) शक्तिभैरव
(१३) ब्राह्मी	(१४) माहेश्वरी	(१५) कौमारी
(१६) वैष्णवी	(१७) वाराही	(१८) माहेन्द्री
(१९) चामुण्डा	(२०) शिवदूती	(२१) ब्रह्मयामल
(२२) विष्णुयामल	(२३) रुद्रयामल	(२४) आथर्वणयामल
२५) रुरुयामल	(२६) वेतालयामल	(२७) स्वच्छन्दयामल
(२८) देवीयामल	(२९) चन्द्रज्ञान	(३०) मालिनीविद्या
(३१) महासम्मोहन	(३२) वामजुष्ट	(३३) महादेवतन्त्र
(३४) वातुल	(३५) वातुलोत्तर	(३६) कामिक
(३७) हृद्भेद	(३८) तन्त्रभेद	(३९) गुह्यतन्त्र
(४०) कलावाद	(४१) कलासार	(४२) कुण्डिकामत
(४३) मतोत्तरमत	(४४) वीणाख्य	(४५) त्रोतल
(४६) त्रोतलोत्तर	(४७) पञ्चामृत	(४८) रूपभेद
(४९) भूतोड्डामर	(५०) कुलसार	(५१) कुलोड्डीश
(५२) कुलचूडामणि	(५३) सर्वज्ञानोत्तर	(५४) महाकालीमत
(५५) अरुणेश	(५६) मोदिनीश	(५७) विकुण्ठेश्वर
(५८) पूर्वपक्ष	(५९) पश्चिमपक्ष	(६०) उत्तरपक्ष
(६१) निरुत्तर	(६२) विमल	(६३) विमलोत्थ
(६४) देवीमत ।		

शङ्कराचार्यद्वारा विरचित सौन्दर्यलहरीमाथि भास्कररायले रचना गरेको सेतुबन्धनामक टीकाअनुसार चौसठ्ठी तन्त्रको नामावली यसप्रकार रहेको छ (कविराज, ई.सं.१९७२, पृ. २४)–

(१) महामाया	(२) शम्बर	(३) योगिनी
(४) जालशम्बर	(५) तत्त्वशम्बर	(६) भैरवाष्टक
(७) ब्राह्मी	(८) माहेश्वरी	(९) कौमारी
(१०) वैष्णवी	(११) वाराही	(१२) माहेन्द्री
(१३) चामुण्डा	(१४) शिवदूती	(१५) ब्रह्मयामल
(१६) विष्णुयामल	(१७) रुद्रयामल	(१८) लक्ष्मीयामल
(१९) उमायामल	(२०) स्कन्दयामल	(२१) गणेशयामल
(२२) जयद्रथयामल	(२३) चन्द्रज्ञान	(२४) वासुकि
(२५) महासम्मोहन	(२६) महोच्छुष्म	(२७) वातुल
(२८) वातुलोत्तर	(२९) हृद्भेद	(३०) तन्त्रभेद
(३१) गुह्यतन्त्र	(३२) कामिक	(३३) कलावाद

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(३४) कलासार (३५) कुब्जिकामत (३६) तन्त्रोत्तर
(३७) चीनाख्य (३८) त्रोतल (३९) त्रोतलोत्तर
(४०) पञ्चामृत (४१) रूपभेद (४२) भूतोड्डामर
(४३) कुलसार (४४) कुलोड्डीश (४५) कुलचूडामणि
(४६) सर्वज्ञानोत्तर (४७) महाकालीमत (४८) महालक्ष्मीमत
(४९) सिद्धयोगिश्वरीमत (५०) कुरूपिकामत (५१) रूपिकामत
(५२) सर्ववीरमत (५३) विमलामत (५४) पूर्वाम्नाय
(५५) पश्चिमाम्नाय (५६) दक्षिणाम्नाय (५७) उत्तराम्नाय
(५८) ऊर्ध्वाम्नाय (५९) वैशेषिकतन्त्र (६०) ज्ञानार्णव
(६१) वीरावली (६२) अरुणेश (६३) मोहिनीश
(६४) विशुद्धेश्वर ।

सर्वोल्लासतन्त्रमा दिइएको चौसठ्ठी तन्त्रको सूची यसप्रकार रहेको छ (द्विवेदी (सं.), ई.सं. १९८३, पृ. ९४–१११)–

(१) अक्ष (२) उड्डीश (३) उत्तर
(४) उत्तम (५) ऊर्ध्वाम्नाय (६) काली
(७) कुमारी (८) कुलार्णव (९) कालिकाकुलसर्वस्व
(१०) कालिकाकल्प (११) कुक्कुट (१२) कामधेनु
(१३) कालीविलास (१४) कामाख्या (१५) कुब्जिका
(१६) कुलचूडामणि (१७) गुप्तसाधन (१८) गणेश
(१९) गन्धर्व (२०) गौतमीय (२१) चिदम्बरनट
(२२) चिन्तामणि (२३) ज्ञानार्णव (२४) ज्ञानदीप
(२५) तोडल (२६) तारा (२७) तन्त्रमुक्तावली
(२८) त्रिपुरासार (२९) निर्वाण (३०) नील
(३१) निरुत्तर (३२) नारायणी (३३) नित्या
(३४) फेत्कारिणी (३५) बृहच्छ्रीक्रम (३६) भैरव
(३७) भूततन्त्र (३८) भैरवीतन्त्र (३९) भावचूडामणि
(४०) मुण्डमाला (४१) मालिनी (४२) महामाया
(४३) माया (४४) मातृका (४५) मातृभेद
(४६) योगिनीविजय (४७) योनि (४८) योगिनीहृदय
(४९) योगिनी (५०) लिङ्गार्चन (५१) लतार्चन
(५२) वाराही (५३) वरदा (५४) विज्ञापन
(५५) वीरभद्र (५६) विश्वसार (५७) वीर
(५८) वामकेश्वर (५९) शिवसार (६०) सनत्कुमार
(६१) स्वतन्त्र (६२) समय (६३) हंस

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(६४) (?) ।

महासिद्धिसारतन्त्रमा सम्पूर्ण भारतवर्षलाई विष्णुक्रान्ता, रथक्रान्ता र अश्वक्रान्ता (गजक्रान्ता) गरी तीन क्षेत्रमा विभाजन गरिएको छ। जसअनुसार विन्ध्याचलपर्वतदेखि पूर्वोत्तर हुँदै हाल बङ्गलादेशको चटगाउँसम्मको क्षेत्रलाई विष्णुक्रान्ता भनिन्छ भने विन्ध्याचलपर्वतदेखि पश्चिमोत्तर हुँदै चीनसम्मको क्षेत्रलाई रथक्रान्ता भनिन्छ जसअन्तर्गत नेपाल पनि पर्दछ। विन्ध्याचलपर्वतदेखि दक्षिण हिन्दमहासागरसम्म र दक्षिणपूर्वमा इन्डोनेसियाको जावासम्मको क्षेत्रलाई अश्वक्रान्ता (गजक्रान्ता) भनिन्छ (वुडरूफ, ई.सं. १९८६, पृ. ७२)। यी तीनवटै क्षेत्रमा आआफ्नो परम्पराअनुसार चौसठ्ठी तन्त्रको प्रचलन रहेको देखिन्छ। ती तन्त्रहरूको नामावली तल प्रस्तुत गरिएको छ–

१.५.१.२(क१) विष्णुक्रान्ताक्षेत्रका तन्त्र

विष्णुक्रान्ताक्षेत्रमा प्रचलित चौसठ्ठी तन्त्रहरू यसप्रकार रहेका छन् (द्विवेदी (सं.), ई.सं. १९८३, पृ. ९४–१११)–

(१) उत्तर	(२) काली	(३) कुलार्णव
(४) कुलप्रकाश	(५) क्रियासार	(६) कुब्जिका
(७) कालीविलास	(८) कुलोड्डीश	(९) कुलामृत
(१०) कुमारी	(११) कामधेनु	(१२) कामाख्या
(१३) कूलचूडामणि	(१४) गणेशविमर्शिनी	(१५) गवाक्ष
(१६) गन्धर्व	(१७) चामुण्डा	(१८) ज्ञानार्णव
(१९) तन्त्रराज	(२०) तन्त्रान्तर	(२१) देव्यागम
(२२) देवीकल्प	(२३) देवप्रकाश	(२४) नवरत्नेश्वर
(२५) निबन्ध	(२६) नित्या	(२७) नील
(२८) निरुत्तर	(२९) फेत्कारी	(३०) ब्रह्मयामल
(३१) बृहच्छ्रीक्रम	(३२) भावचूडामणि	(३३) भूतडामर
(३४) भैरव	(३५) भैरवी	(३६) मत्स्यसूक्त
(३७) मुण्डमाला	(३८) मालिनी	(३९) महाकाल
(४०) मालिनीविजय	(४१) मायातन्त्र	(४२) यामल
(४३) यन्त्रचिन्तामणि	(४४) योगिनीहृदय	(४५) योगिनीतन्त्र
(४६) योनि	(४७) राधातन्त्र	(४८) रुद्रयामल
(४९) ललितातन्त्र	(५०) विश्वसार	(५१) वाराही
(५२) विशुद्धेश्वर	(५३) श्रीक्रम	(५४) शिवागम
(५५) सुकुमुदिनी	(५६) सिद्धेश्वर	(५७) सिद्धिसार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(५८) सिद्धसारस्वत (५९) सिद्धियामल (६०) सनत्कुमार
(६१) समयाचार (६२) सम्मोहन (६३) स्वतन्त्र
(६४) हंसमाहेश्वर ।

१.५.१.२(क२) रथक्रान्ताक्षेत्रका तन्त्र

रथक्रान्ताक्षेत्रमा प्रचलित चौसठ्ठी तन्त्रहरू यसप्रकार रहेका छन् (पूर्ववत्)–

(१) आकाशभैरव (२) आचाराचार (३) इन्द्रजाल
(४) उड्डामरेश्वर (५) एकजटा (६) कङ्कालमालिनी
(७) कृकलासदीपिका (८) करालभैरव (९) कैवल्य
(१०) कुलसद्भाव (११) कृत्तिसार (१२) कालभैरव
(१३) कालोत्तम (१४) गरुड (१५) चिन्मय
(१६) चीनाचार (१७) छायानील (१८) ज्ञानभैरव
(१९) देवडामर (२०) दक्षिणामूर्ति (२१) नवरत्नेश्वर
(२२) नागार्जुन (२३) नारदीय (२४) पुरश्चरणचन्द्रिका
(२५) पुरश्चरणरसोल्लास (२६) पञ्चदशी (२७) पिच्छिला
(२८) प्रपञ्चसार (२९) परमेश्वर (३०) बृहद्गौतमीय
(३१) बालाविलास (३२) बृहद्योनि (३३) ब्रह्मजाल
(३४) बीजचिन्तामणि (३५) भूतभैरव (३६) भूतडामर
(३७) मत्स्यसूक्त (३८) महिषमर्दिनी (३९) मातृकोदय
(४०) महानील (४१) मेरु (४२) महानिर्वाण
(४३) महाकाल (४४) महालक्ष्मी (४५) यक्षिणी
(४६) योगस्वरोदय (४७) योगसार (४८) यक्षडामर
(४९) राजराजेश्वरी (५०) रेवती (५१) वर्णोधृति
(५२) वर्णविलास (५३) वासुदेवरहस्य (५४) शक्तिकागमसर्वस्व
(५५) शक्तिसङ्गम (५६) शारदा (५७) षोढा
(५८) षडाम्नाय (५९) स्वरोदय (६०) सरस्वती
(६१) सारस (६२) सम्मोहन (६३) सिद्धितहरि
(६४) हंसमाहेश्वर

१.५.१.२(क३) अश्वक्रान्ताक्षेत्रका तन्त्र

अश्वक्रान्ताक्षेत्रमा प्रचलित चौसठ्ठी तन्त्रहरू यसप्रकार रहेका छन् (पूर्ववत्)–

(१) उड्डामरेश्वर (२) क्रियासार (३) काल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(४) कामिनी (५) कामुकेश्वर (६) कामरत्न
(७) कुरञ्ज (८) गायत्री (९) गुर्वर्चन
(१०) गोप्य (११) गोपी (१२) गौरी
(१३) गुप्त (१४) गुप्तसार (१५) गुप्तदीक्षा
(१६) गोपलीलामृत (१७) चूडामणि (१८) चीनतन्त्र
(१९) जयराधामाधवतन्त्र (२०) तत्त्वचिन्तामणि (२१) तत्त्वसार
(२२) तीक्ष्ण (२३) धूमावती (२४) बृहत्सार
(२५) बृहच्चीन (२६) बृहत्तोडल (२७) बृहन्निर्वाण
(२८) बृहत्कङ्कालिनी (२९) बृहद्योगिनी (३०) बिन्दुतन्त्र
(३१) बृहन्मोक्ष (३२) बृहन्मालिनी (३३) बिन्दु
(३४) ब्रह्माण्ड (३५) भूतलिपि (३६) भूतशुद्धि
(३७) भूतेश्वरी (३८) भेरुण्डा (३९) भुवनेश्वरी
(४०) महावीर (४१) मन्त्रचिन्तामणि (४२) महानिरुत्तर
(४३) मोहन (४४) मोहिनी (४५) मद्गुली
(४६) माया (४७) महामालिनी (४८) मोक्ष
(४९) महामाया (५०) महायोगिनी (५१) योगार्णव
(५२) यन्त्रचूडामणि (५३) योगतन्त्र (५४) लीलावती
(५५) विशुद्धेश्वर (५६) विद्युल्लता (५७) वर्णसार
(५८) शिवार्चन (५९) शवर (६०) शूलिनी
(६१) शिवतन्त्र (६२) सिद्धातन्त्र (६३) सारात्सार
(६४) समीरण ।

मथि उल्लेख गरिएका चौसठ्ठी तन्त्रका विभिन्न सूचीहरू हेर्दा ती सूचीहरू प्रायः मिल्दाजुल्दा नै देखिन्छन् । केही फरक सूचीहरू पनि भेटिन्छन् ।

१.५.१.२(ख) उपास्यभेदमूलक तन्त्र

उपास्यको भेदका कारणले शाक्ततन्त्र दश महाविद्याका आधारमा दश प्रकारको रहेको छ । ती हुन्–

(१) कालीतन्त्र (२) तारातन्त्र (३) षोडशीतन्त्र
(४) भुवनेश्वरीतन्त्र (५) भैरवीतन्त्र (६) छिन्नमस्तातन्त्र
(७) धूमावतीतन्त्र (८) बगलातन्त्र (९) मातङ्गीतन्त्र
(१०) कमलातन्त्र ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१.५.१.२ (ख१) कालीतन्त्र

भगवती कालीलाई उपास्य मानी उनको पूजा तथा तत्त्वलाई आलम्बन बनाएर रचना गरिएका सिद्धान्त तथा प्रयोगग्रन्थहरू कालीतन्त्रअन्तर्गत पर्दछन्। यसअन्तर्गत पर्ने मुख्य तन्त्रहरू यसप्रकार रहेका छन्– महाकालसंहिता, कालज्ञान, कालोत्तर, कालीकुलक्रमार्चन, भद्रकालीचिन्तामणि, व्योमकेशसंहिता, कालीयामल, कालीकल्प, कालीसपर्याक्रमकल्पवल्ली, श्यामारहस्य, कालीविलासतन्त्र, कालीकुलसर्वस्व, कालीतन्त्र, कालीपरा, कालिकार्णव, विश्वसारतन्त्र, कामेश्वरीतन्त्र, कुलचूडामणि, कौलावली, कालीकुल, कुलमूलावतार, श्यामासपर्या, कालिकार्चामुकुर, कालीकुलामृत, कुलमुक्तिकल्लोलिनी, कौलिकार्चनदीपिका, कुमारीतन्त्र, कुलार्णव, कालीतत्त्व, परातन्त्र आदि (कविराज, ई.सं १९७२, पृ. २६–२७)।

१.५.१.२(ख२) तारातन्त्र

दशमहाविद्याअन्तर्गत तारालाई उपास्य मानेर रचना गरिएका तन्त्रग्रन्थहरू यसअन्तर्गत पर्दछन्। तारातन्त्रअन्तर्गत पर्ने तन्त्रहरूमा तारिणीतन्त्र, तारासूक्त, तोडलतन्त्र, तारार्णव, नीलतन्त्र, महानीलतन्त्र, नीलसरस्वतीतन्त्र, चीनाचार, तन्त्ररत्न, ताराशावरतन्त्र, तारोपनिषत्, एकजटीतन्त्र, एकजटाकल्प, महाचीनाचारक्रम, एकवीरतन्त्र, तारिणीनिर्णय, ताराप्रदीप, ताराभक्तिसुधार्णव, तारारहस्य, ताराभक्तितरङ्गिणी, ताराकल्पलतापद्धति, तारिणीपारिजात, महोग्रताराकल्प आदि मुख्य रहेका छन् (पूर्ववत्, पृ. २८)।

१.५.१.२(ख३) षोडशीतन्त्र

दशमहाविद्याअन्तर्गत षोडशी श्रीविद्या वा त्रिपुरसुन्दरीलाई बुझाउने नाम हो। भगवती त्रिपुरसुन्दरीलाई उपास्य मानेर उनको पूजा तथा तत्त्वलाई आलम्बन बनाई रचना गरिएका तन्त्रहरू यसअन्तर्गत पर्दछन्। षोडशीतन्त्रअन्तर्गत पर्ने तन्त्रहरूमा श्रीविद्या, तन्त्रराज, मातृकार्णव, योगिनीहृदय, त्रिपुरार्णव, चन्द्रज्ञान, मेरुप्रस्तार, वरिवस्यारहस्य, परमानन्दतन्त्र, सौभाग्यकल्पद्रुम, ज्ञानार्णव, सौभाग्यकल्पलतिका, श्रीक्रमसंहिता, बृहच्छ्रीक्रमसंहिता, दक्षिणामूर्तिसंहिता, स्वच्छन्दतन्त्र, कालोत्तरवासना, श्रीपराक्रम, ललितार्चनचन्द्रिका, सौभाग्यतन्त्रोत्तर, सौभाग्यरत्नाकर, सौभाग्यभास्कर, सौभाग्यसुभगोदय, शक्तिसङ्गमतन्त्र (सुन्दरीखण्ड), त्रिपुरारहस्य, श्रीक्रमोत्तम, सुभगार्चापारिजात, सुभगार्चारत्न,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आज्ञावतार, सङ्केतपादुका, चन्द्रपीठ, सुन्दरीमहोदय, नित्योत्सवनिबन्ध, मन्त्रराजसमुच्चय, हृदयामृत, लक्ष्मीतन्त्र, ललितोपाख्यान, त्रिपुरासारसमुच्चय, शाक्तक्रम, विरूपाक्षपञ्चाशिका, कामकलाविलास, सौभाग्यचन्द्रोदय, शाम्भवानन्दकल्पलता, त्रिपुरासार, सङ्केतपद्धति, सौभाग्यसुधोदय, परापूर्वाक्रम, सौन्दर्यलहरी, श्रीविद्यारत्नसूत्र आदि मुख्य रहेका छन् (पूर्ववत्, पृ. २९–३७) ।

१.५.१.२(ख४). भुवनेश्वरीतन्त्र

भुवनेश्वरीलाई प्रमुख उपास्य मानेर उनको पूजा तथा तत्त्वसम्वन्धी सिद्धान्त र प्रयोगका विधिहरू उल्लेख गरिएका तन्त्रहरू यसअन्तर्गत पर्दछन् । यसअन्तर्गत पर्ने तन्त्रहरूमा भुवनेश्वरीरहस्य, भुवनेश्वरीतन्त्र, भुवनेश्वरी पारिजात आदि मुख्य रहेका छन् ।

१.५.१.२(ख५) भैरवीतन्त्र

देवी भैरवीलाई उपास्य मानेर रचना गरिएका तन्त्रहरू यसअन्तर्गत पर्दछन् । यसअन्तर्गत पर्ने तन्त्रहरूमा भैरवीतन्त्र, भैरवीरहस्य, भैरवीसपर्याविधि, भैरवीयामल आदि मुख्य रहेका छन् ।

१.५.१.२(ख६) छिन्नमस्तातन्त्र

भगवती छिन्नमस्ताको उपासना तथा प्रयोगपरक तन्त्रहरू यसअन्तर्गत पर्दछन् । यसअन्तर्गत पर्ने तन्त्रहरूमा शक्तिसङ्गमतन्त्र (छिन्नमस्ताखण्ड) र छिन्नमस्तातन्त्र मुख्य रहेका छन् ।

१.५.१.२(ख७) धूमावतीतन्त्र

देवी धूमावतीको पूजा एवं तत्सम्वन्धी प्रयोगपरक तन्त्र यसअन्तर्गत पर्दछ । यसअन्तर्गत पर्ने तन्त्रमा धूमावतीतन्त्र मुख्य रहेको छ । शत्रुलाई मारण, मोहन र उच्चाटन गर्नका लागि धूमावतीतन्त्रको उपयोग गरिन्छ (पूर्ववत्, पृ. ३८) ।

१.५.१.२(ख८) बगलातन्त्र

भगवती बगलाको पूजा एवं प्रयोगसम्बन्धी मुख्य तन्त्र शाङ्खायनतन्त्र हो जुन षड्विद्यागम नामले प्रसिद्ध छ । बगलाकै विषयमा अर्को प्रसिद्ध तन्त्र बगलाक्रमकल्पवल्ली रहेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१.५.१.२(ख९) मातङ्गीतन्त्र

भगवती मातङ्गीलाई मुख्य उपास्य मानेर रचना गरिएका तन्त्रहरू यसअन्तर्गत पर्दछन् । मतङ्ग नामक मुनिले उपासना गरेको हुनाले यिनलाई मातङ्गी भनिएको हो । मातङ्गीतन्त्रअन्तर्गत पर्ने तन्त्रहरूमा मातङ्गीक्रम, मातङ्गीपद्धति, सुमुखीपूजापद्धति आदि मुख्य रहेका छन् ।

१.५.१.२(ख१०) कमलातन्त्र

कमला महाविद्यासँग सम्वद्ध तन्त्रग्रन्थहरूमा कमलात्मिकातन्त्र, लक्ष्मीतन्त्र आदि मुख्य रहेका छन् ।

१.५.१.२(ग) आचारपरक तन्त्र

आचारका दृष्टिले शाक्ततन्त्रलाई तीन वर्गमा विभाजित गर्न सकिन्छ –

१. कौलतन्त्र २. मिश्रतन्त्र ३. समयतन्त्र ।

१.५.१.२(ग१) कौलतन्त्र

कौलतन्त्र वाममार्गसँग सम्वद्ध मानिन्छ । कौलसाधनाका विषयमा विद्वत्समाज एवं जनसाधारणमा दुई किसिमको धारणा प्रचलित छ । एकाथरि विचारमा कौलसाधना नै अध्यात्मसाधनाको क्षेत्रमा सवैभन्दा श्रेष्ठ साधना हो भने अर्कोथरि विचारमा कौलसाधना ज्यादै निकृष्ट र जघन्य साधना हो । कौलाचारसँग सम्वद्ध तन्त्र ग्रन्थहरूमा कुलार्णव, कुलचूडामणि, भावचूडामणि, देवीयामल, कुलपञ्चामृत, उत्तरतन्त्र, कुलतन्त्र, कुलामृत, तन्त्रचूडामणि, कुलयामल, कुलगह्वर, कुलदीपनी, कुलपञ्चाशिका, कुलप्रकाश, कुलमत, कुलमूलावतार, कुलमन्त्रमातृकासाहस्रिका, कुलरत्नमाला, कुलरत्नमालिकासाहस्रिका, कुलप्रदीप, कुलार्णवमहारहस्य, मेरुतन्त्र, कुलरत्नावली, कुलशासन, कुलसङ्ग्रह, कुलसर्वस्व, कुलसार, कुलागम, कुलानन्दसंहिता, कुलाम्नाय, कुलालिकाम्नायतन्त्र, कुलावतार, कुलेश्वर, कुलोड्डीश, कुलोत्तम, कौलतन्त्र, कौलमार्ग, कौलरहस्य, रजस्वलातत्त्व, कौलिकार्चनदीपिका, कौलालवीय, कौलादर्शतन्त्र, रहस्यार्णव, श्रीतत्त्वचिन्तामणि, शाम्भवीतन्त्र, दक्षिणामूर्तिसंहिता, परमानन्दतन्त्र, गन्धर्वतन्त्र, वामकेश्वरतन्त्र, कौलोपनिषद्, परशुरामकल्पसूत्र आदि मुख्य रहेका छन् (कविराज, ई.सं. १९७७, पृ. ४५–४६) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१.५.१.२(ग२) मिश्रतन्त्र

कौलाचार र समयाचारको मिश्रणको फलस्वरूप मिश्राचारको प्रवर्तन भयो। कौलाचार वाममार्गसँग सम्वद्ध मानिन्छ भने समयाचार दक्षिणमार्ग वा वैदिक मार्गसँग सम्वद्ध मानिन्छ। यी दुवै आचारको मिश्रित आचार नै मिश्राचार हो। मिश्राचारसँग सम्वद्ध मिश्रतन्त्रहरू यसप्रकार रहेका छन्– चन्द्रकला, ज्योत्स्नावती, कलानिधि, कुलार्णव, कुलेश्वरी, भुवनेश्वरी, वार्हस्पत्य र दुर्वासामत।

१.५.१.२(ग३) समयतन्त्र

समयाचारसँग सम्वद्ध तन्त्रहरू यसअन्तर्गत पर्दछन्। समयाचारमा शक्तिको पूजा वेदानुकूल आभ्यन्तरिक रूपमा गरिन्छ। समयाचारसँग सम्वद्ध समयतन्त्रहरू यसप्रकार रहेका छन्– वसिष्ठसंहिता, सनकसंहिता, शुकसंहिता, सनन्दनसंहिता र सनत्कुमारसंहिता। यी पाँचवटा संहिताहरू शुभागमपञ्चक नामले प्रसिद्ध छन्।

माथि उल्लिखित तन्त्रवाहेक शाक्ततन्त्रअन्तर्गत पर्ने तन्त्रहरूको सङ्ख्या अनगिन्ती रहेको छ। वास्तवमा शाक्ततन्त्रसाहित्यको विशालता र प्रभावका कारण जनमानसमा तन्त्र भन्नेवित्तिकै शाक्ततन्त्रको नै बोध हुने गरेको देखिन्छ। मध्यकाल र आधुनिक कालमा लेखिएका शाक्ततन्त्रको सूची एकत्र गर्ने हो भने त्यो सङ्ख्या हजारौं पुग्नेछ प्रस्तुत पुस्तकमा तन्त्रसाहित्यको सामान्य सङ्केत मात्र गर्न खोजिएको हो। यस विषयमा छुट्टै व्यवस्थित अध्ययन-अनुसन्धान हुनु जरुरी छ।

१.५.१.३. वैष्णवतन्त्र

भगवान् विष्णुलाई सर्वोच्च उपास्य मानेर तदनुकूल दार्शनिक सिद्धान्त र साधनापद्धति प्रतिपादन गरिएका तन्त्रसाहित्य वैष्णवतन्त्रको कोटीमा पर्दछन्। वैष्णवतन्त्रलाई मूलतः तीन प्रकारले विभाजन गर्न सकिन्छ–

१. वैखानस आगम २.पाञ्चरात्रतन्त्र ३.भागवतसंहिता।

वैखानस आगमको आनन्दसंहितामा पूर्वोक्त तीन प्रकारका वैष्णवागमहरूको स्वरूप यस प्रकार बताइएको छ–

निगमस्तान्त्रिको मिश्रस्त्रिविधः प्रोक्त आगमः।
निगमो विखनः प्रोक्तो मिश्रो भागवतः स्मृतः॥
चतुःसिद्धान्तसहितः पाञ्चरात्रस्तु तान्त्रिकः॥
(आनन्दसंहिता, द्विवेदी, ई.सं.२०००(भाग १), पृ. ७९मा उद्धृत)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१.५.१.३(क) वैखानस आगम

विष्णुका अवतारस्वरूप विखनस नामक मुनिले कृष्णयजुर्वेदको औखेय शाखाका आधारमा वैखानसमतको प्रवर्तन गरेका हुन् (द्विवेदी, ई.सं. २००० (भाग १), पृ. ७९)। यस मतमा भगवान् नारायण परब्रह्मस्थानीय उपास्य देव हुन्। विखनस मुनिका भृगु, कश्यप, अत्रि र मरीचि नामक चारजना शिष्यहरू थिए जसमध्ये अत्रिले तन्त्रात्मक, भृगुले अधिकारात्मक, कश्यपले काण्डात्मक र मरीचिले संहितात्मक ग्रन्थहरूको रचना गरे (पूर्ववत्)। वैखानस आगमको कोटीमा पर्ने प्रमुख तन्त्रसाहित्य यसप्रकार छन्– वैखानसस्मार्तसूत्र, वैखानसगृह्यसूत्र, विमानार्चनकल्प, आनन्दसंहिता, आदिसंहिता, क्रियाधिकार, खिलाधिकार, प्रकीर्णाधिकार, यज्ञाधिकार, अर्चाधिकार, वासाधिकार, निरुक्ताधिकार, मानाधिकार, चित्राधिकार, वर्णाधिकार, पुरातन्त्र, समूर्तार्चनाधिकार, ज्ञानकाण्ड, भृगुसंहिता, प्रतिष्ठाविधिदर्पण, भगवदर्चाप्रकरण, ब्रह्मोत्सवानुक्रमणिका, अर्चनानवनीत, प्रयोगवृत्ति, वैखानसमहिममञ्जरी, बादरायणसूत्रवृत्ति आदि।

१.५.१.३(ख) पाञ्चरात्रतन्त्र

पाञ्चरात्रतन्त्रलाई एकायनवेदसँग सम्बद्ध मानिन्छ। एकायनवेद शुक्लयजुर्वेदको काण्वशाखाको अर्को नाम हो। यस सम्बन्धमा काण्वशाखामहिमसङ्ग्रह नामक ग्रन्थका रचयिता नागेशले लेखेका छन्–

इयं शुक्लयजुः शाखा प्रथमेत्यभिधीयते।
मूल शाखेति चाप्युक्ता तथा चैकायनीति च॥

(पूर्ववत्, पृ.९८ मा उद्धृत)।

एकायनवेदका अध्येता औपगायन, कौशिक, शाण्डिल्य, भरद्वाज र मौञ्जायन नाम गरेका पाँच जना आचार्यहरूले पाञ्चरात्रतन्त्रको प्रवर्तन गरेका हुन् (पूर्ववत्)। हयशीर्षतन्त्र तथा अग्निपुराणमा पच्चीसवटा पाञ्चरात्रतन्त्रको उल्लेख पाइन्छ भने विश्वामित्रसंहितामा पाञ्चरात्रतन्त्रको सङ्ख्या एक सय आठ पुगेको छ। विश्वामित्रसंहितामा उल्लिखित एक सय आठ पाञ्चरात्रतन्त्रको नामावली यसप्रकार रहेको छ (विश्वामित्रसंहिता, २।१६–३३)–

(१) अमृतसंहिता	(२) अहिर्बुध्न्यसंहिता	(३) आगस्त्यतन्त्र
(४) आग्नेयतन्त्र	(५) आत्रेयतन्त्र	(६) आनन्दतन्त्र
(७) उमामहेश्वरतन्त्र	(८) उशनस्तन्त्र	(९) ऐन्द्रतन्त्र
(१०) औपगायनतन्त्र	(११) औपेन्द्रतन्त्र	(१२) कपिञ्जलतन्त्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(१३) कल्कितन्त्र	(१४) कात्यायनतन्त्र	(१५) कापिलतन्त्र
(१६) कार्ष्यतन्त्र	(१७) कौमारतन्त्र	(१८) गौतमतन्त्र
(१९) चान्द्रमसतन्त्र	(२०) जयाख्यसंहिता	(२१) जाबालतन्त्र
(२२) जामदग्न्यतन्त्र	(२३) जैमिनितन्त्र	(२४) तत्त्वसागरतन्त्र
(२५) तेजोद्रविणतन्त्र	(२६) त्रैलोक्यमोहनतन्त्र	(२७) त्रैलोक्यविजयतन्त्र
(२८) दक्षसंहिता	(२९) धनदीपतन्त्र	(३०) नन्दतन्त्र
(३१) नलकूबरतन्त्र	(३२) नारदीयतन्त्र	(३३) नारायणतन्त्र
(३४) नृकेसरितन्त्र	(३५) पञ्चप्रश्नतन्त्र	(३६) पद्मोद्भवतन्त्र
(३७) परपौरुषतन्त्र	(३८) परमसंहिता	(३९) पाद्मतन्त्र
(४०) पारमेश्वरतन्त्र	(४१) पाराशर्यतन्त्र	(४२) पार्षसंहिता
(४३) पुरुषोत्तमतन्त्र	(४४) पुष्टितन्त्र	(४५) पैङ्गलतन्त्र
(४६) पौलस्त्यतन्त्र	(४७) पौष्करतन्त्र	(४८) प्रद्युम्नतन्त्र
(४९) प्रह्लादतन्त्र	(५०) प्राचेतसतन्त्र	(५१) वार्हस्पत्यतन्त्र
(५२) बोधायनतन्त्र	(५३) ब्रह्मनारदसंहिता	(५४) ब्रह्मसिद्धान्त
(५५) ब्रह्मतन्त्र	(५६) भागवततन्त्र	(५७) भार्गवतन्त्र
(५८) भारद्वाजतन्त्र	(५९) महालक्ष्मीसंहिता	(६०) महासनत्कुमारतन्त्र
(६१) महीप्रश्न	(६२) मायावैभविक	(६३) मारीचतन्त्र
(६४) मार्कण्डेय	(६५) माहेन्द्रसंहिता	(६६) मिहिरतन्त्र
(६७) मूलसंहिता	(६८) याज्ञवल्क्यतन्त्र	(६९) याम्यतन्त्र
(७०) योगहृदय	(७१) राघवतन्त्र	(७२) रुद्रतन्त्र
(७३) रौद्रतन्त्र	(७४) वामनतन्त्र	(७५) वाराहतन्त्र
(७६) वारुणतन्त्र	(७७) वाल्मीकिसंहिता	(७८) वासिष्ठतन्त्र
(७९) विश्वसंहिता	(८०) विश्वामित्रीयतन्त्र	(८१) विष्णुरहस्यतन्त्र
(८२) विष्वक्सेनतन्त्र	(८३) विष्णुवैभविक	(८४) विष्णुसद्भाव
(८५) विष्णुसिद्धान्त	(८६) विहगेन्द्रसंहिता	(८७) वीरमङ्गलिकतन्त्र
(८८) वैयासतन्त्र	(८९) शर्वसंहिता	(९०) शाम्बरतन्त्र
(९१) शाकल्यतन्त्र	(९२) शातातपतन्त्र	(९३) शुक्रतन्त्र
(९४) शौनकीयतन्त्र	(९५) श्रीकरतन्त्र	(९६) श्रीधरतन्त्र
(९७) श्रीप्रश्नतन्त्र	(९८) सङ्कर्षणतन्त्र	(९९) सत्यतन्त्र
(१००) सनकतन्त्र	(१०१) सनत्कुमारतन्त्र	(१०२) सांवर्ततन्त्र
(१०३) सात्वततन्त्र	(१०४) सौम्यतन्त्र	(१०५) सौरतन्त्र
(१०६) स्कन्दसंहिता	(१०७) हारीततन्त्र	(१०८) हैरण्यतन्त्र ।

हयशीर्षतन्त्र(२।१–७) तथा अग्निपुराण (३९।१–५)मा निम्नलिखित पच्चीसवटा पाञ्चरात्रतन्त्रहरूको उल्लेख पाइन्छ । ती हुन्–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(१) हयशीर्षतन्त्र (२) त्रैलोक्यमोहनतन्त्र (३) वैभवतन्त्र
(४) पौष्करतन्त्र (५) नारदीयतन्त्र (६) प्रह्लादतन्त्र
(७) गार्ग्यगालवतन्त्र (८) श्रीप्रश्नतन्त्र (९) शाण्डिल्यतन्त्र
(१०) ईश्वरसंहिता (११) वासिष्ठतन्त्र (१२) शौनकतन्त्र
(१३) नारायणीयतन्त्र (१४) ज्ञानार्णवतन्त्र (१५) स्वायम्भुवतन्त्र
(१६) कापिलतन्त्र (१७) विहगेन्द्रतन्त्र (१८) आत्रेयतन्त्र
(१९) नारसिंहतन्त्र (२०) आनन्दतन्त्र (२१) अरुणतन्त्र
(२२) बौधायनतन्त्र (२३) वैश्वतन्त्र (२४) अष्टाक्षरविधानतन्त्र
(२५) सत्योक्ततन्त्र ।

१.५.१.३(ग) भागवतसंहिता

वैष्णवतन्त्रका वैदिक, मिश्र र तान्त्रिक विभागमध्ये भागवतसंहिता मिश्रविभागमा पर्दछ । यसअन्तर्गत नौवटा तन्त्रको उल्लेख पाइन्छ (द्विवेदी, ई.सं. २००० (भाग १), पृ. १५८–१६०) । ती हुन्– भागवततन्त्र, शिवोक्ततन्त्र, विष्णुभाषिततन्त्र, पद्मोद्भवतन्त्र, पुराणतन्त्र, वाराहतन्त्र, सामान्यसंहिता, व्यासोक्तसंहिता र परमसंहिता ।

सम्मोहनतन्त्रका अनुसार वैष्णवतन्त्रअन्तर्गत पचहत्तर तन्त्र, दुई सय पाँच उपतन्त्र, बीस कल्प, आठ संहिता, एक अर्णवक, पाँच कक्षपुटी, आठ चूडामणि, दुई चिन्तामणि, दुई उड्डीश, दुई डामर, एक यामल, पाँच पुराण, तीन तत्त्वबोधविमर्शिनी र दुई अमृततर्पण रहेका छन् (कविराज, ई.सं.१९७२, पृ. २४–२५) । यसबाट वैष्णवतन्त्रको विशालताको पुष्टि हुन्छ ।

१.५.१.४. गाणपत्यतन्त्र

गणेशलाई सर्वोच्च उपास्य मानेर तदनुकूल दर्शनसिद्धान्त तथा उपासनापद्धति प्रतिपादन गरिएका ग्रन्थहरू गाणपत्यतन्त्रअन्तर्गत पर्दछन् । यस कोटीमा पर्ने तन्त्रहरूमा गकारादिगणपतिसहस्रनामस्तोत्र, गणपतिकल्प, गणपतिकवच, गणपतिक्रम, गणपतिजपप्रयोग, गणपतिदीक्षाकल्पसूत्र, गणपतिनित्यार्चनपद्धति, गणपतिपञ्चाङ्ग, गणपतिपद्धति, गणपतिपूजनविधि, गणपतिपूजा, गणपतिपूजाविधान, गणपतिमन्त्रसङ्ग्रहदीपिका, गणपतिमन्त्रसमुच्चय, गणपतिरत्नप्रदीप, गणपतिरहस्य, गणपत्युपनिषत्, गणेशकल्प, गणेशयामल, गणेशयोगमीमांसासूत्र, गणेशविमर्शिनी, गणेशहृदय, गणेशार्चनदीपिका आदि मुख्य रहेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्मोहनतन्त्रका अनुसार गाणपत्यतन्त्रअन्तर्गत पचास तन्त्र, पच्चीस उपतन्त्र, एक डामर, दुई उड्डीश, नौ कल्प, तीन चूडामणि, दुई विमर्शिनी, तीन चिन्तामणि, दुई पुराण, तीन कक्षपुट, दुई तत्त्व, दुई अमृत र तीन सागरसंज्ञक ग्रन्थ रहेका छन् (पूर्ववत्, पृ. २५)।

१.५.१.५. सौरतन्त्र

सूर्यको उपासनासँग सम्वद्ध तन्त्रहरू यसअन्तर्गत पर्दछन्। यसअन्तर्गत पर्ने साहित्यमा सूर्यकवच, सूर्यदेवपटल, सूर्यदेवपूजापद्धति, सूर्यदेवसहस्रनाम, सूर्यदेवस्तवराज आदि मुख्य छन्।

सम्मोहनतन्त्रका अनुसार सौरतन्त्रअन्तर्गत तीस तन्त्र, छयान्नब्वे उपतन्त्र, चार संहिता, चार उपसंहिता, दुई अर्णव, दुई यामल, पाँच उड्डाल, दुई डामर, दश कल्प, पाँच चूडामणि, तीन विमर्शिनी, पाँच पुराण, दुई कक्षपुट, नौ तत्त्व, दुई अवतार, तीन अमृत र तीन सागर ग्रन्थ रहेका छन् (पूर्ववत्)।

१.५.१.६. बौद्धतन्त्र

बौद्धतन्त्रसाहित्यमा आर्यमञ्जुश्रीमूलकल्प, गुह्यसमाजतन्त्र, साधनमाला, निष्पन्नयोगावली, प्रज्ञोपायविनिश्चयसिद्धि, हेवज्रतन्त्र, ज्ञानसिद्धि, सर्वदुर्गतिपरिशोधन, सर्वतथागततत्त्वसङ्ग्रह, आर्यमञ्जुश्रीनामसङ्गीति, चण्डमहारोषणतन्त्र, खसमतन्त्र, महामायातन्त्र, कृष्णयमारितन्त्र, सम्पुटतन्त्र, डाकार्णवतन्त्र, अभिधानोत्तरतन्त्र, चक्रसंवरतन्त्र, संवरोदयतन्त्र, कालचक्रतन्त्र, पञ्चक्रम, अनुत्तरसन्धि, मुद्राबन्ध, चित्तविशुद्धिप्रकरण, आलोकमाला, गुह्यसिद्धि, अद्वयसिद्धि, व्यक्तभावानुगतसिद्धि, सहजसिद्धि, अचिन्त्याद्वयक्रमोपदेश, अद्वयविवरणप्रज्ञोपायविनिश्चयसिद्धि, बुद्धकपालतन्त्र, योगिनीसञ्चर्या, सम्पुटतिलकतन्त्र, वज्रामृततन्त्र, ज्ञानोदयतन्त्र, वसन्ततिलक, गुह्यतत्त्वप्रकाश, समाधिराजसूत्र, गुह्येन्द्रतिलक, डाकिनीजालसंवररहस्य, अभिसमयमञ्जरी, सिद्धैकमहावीरतन्त्र, योगिनीसञ्चारतन्त्र, ललितविस्तर, विद्याधरपिटक, कल्पनामण्डीतिका, जातकमाला, दिव्यावदान, अवदानकल्पलता, अवदानशतक, महासाङ्घिक सुरङ्गमसूत्र आदि मुख्य रहेका छन्।

तिब्बती भाषामा अनूदित बौद्धतन्त्रसाहित्य अत्यन्त विशाल रहेको छ। तिब्बती बौद्धतन्त्रसाहित्य दुई भागमा विभाजित छ –

१. कन्युर २. तन्युर।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मूल आगमग्रन्थ कन्नयुर विभागमा पर्दछन् भने टीका, व्याख्या, वृत्ति, साधन, मण्डलविधि आदि तन्नयुर विभागमा पर्दछन्। तन्नयुरअन्तर्गत चार सय अठसठ्ठी आगमग्रन्थ तथा दुई सय बैसठ्ठी धारिणीग्रन्थ छन् भने तन्नयुरअन्तर्गत दुई हजार छ सय पाँचभन्दा बढी ग्रन्थहरू रहेका छन्। यसबाट बौद्ध तन्त्रसाहित्यको विशालता पुष्टि हुन्छ।

१.५.१.७. जैनतन्त्र

जैनतन्त्रपरम्पराका ग्रन्थहरूमा भैरवपद्मावतीकल्प, ज्वालिनीकल्प, तत्त्वार्थसारदीपिका, प्रश्नोत्तरश्रावकाचार, अद्भूतपद्मावतीकल्प, पद्मावतीपूजन, रक्तपद्मावतीकल्प, पद्मावतीव्रतोद्यापन, पद्मावतीस्तोत्र, पद्मावतीचतुष्पदिका, सरस्वतीमन्त्रकल्प, पठितसिद्धसारस्वतस्तव, शारदास्तवन, अम्बिकास्तवन, ज्वालामालिनीमन्त्रस्तोत्र, चक्रेश्वरीस्तोत्र, चतुष्षष्टीयोगिनीस्तोत्र, पद्मावतीस्तोत्र, अनुभवसिद्धमन्त्रद्वात्रिंशिका, लघुशान्तिस्तव, कामचाण्डालिनीकल्प, वज्रपञ्जरविधान, बालग्रहचिकित्सा आदि मुख्य रहेका छन् (बाग्ची, ई.सं. १९७५, पृ. ९३)।

माथि उल्लिखित लिखित परम्परामा आबद्ध तन्त्रका अतिरिक्त किराँत मुन्धुमलाई पनि लिखित तन्त्रपरम्पराकै एउटा अङ्ग मान्न सकिन्छ।

यसका साथै विभिन्न रोगहरूको उपचारमा प्रयोग गरिने मन्त्र एवं उपचारको पद्धतिलाई शावरमन्त्र वा शाबरतन्त्रका नामले लिपिबद्ध गरिएको पाइन्छ भने विभिन्न लौकिक सिद्धि वा कामनापूर्ति गर्ने खालका तन्त्र, मन्त्र एवं यन्त्रसम्बन्धी विवरणहरू शैव, शाक्त, बौद्ध आदि तन्त्रभित्रै समेटिएको पनि पाइन्छ।

१.५.२. अलिखित तन्त्रपरम्परा

यसअन्तर्गत धामी, झाँक्री, रोजा, क्येप्रे, पच्यु आदिले श्रुतिपरम्पराका आधारमा जीवित राखेको र आफ्नो जातीय संस्कार, परम्परा, पूजाआजा आदि सम्पन्न गराउँदा प्रयोग गर्ने अलिखित तन्त्रमन्त्रहरू पर्दछन्। विशेषतः आदिवासी एवं जनजातीय संस्कार, परम्परा, पूजाआजा एवं उपचारसँग सम्बद्ध तन्त्र, मन्त्रहरू अलिखित परम्परामै रहेका छन्। यस्ता तन्त्र, मन्त्र एवं यन्त्रसम्बद्ध विवरणहरू सङ्कलन गर्न सके उक्त विवरण महत्त्वपूर्ण बौद्धिक सम्पदाका रूपमा जीवित रहने थियो। यसमा सम्बद्ध निकायको ध्यान जानु जरुरी छ। यसअन्तर्गत लागोभागो, भूतप्रेत आदिद्वारा उत्पन्न बाधा शान्त गराउन धामीझाँक्री आदिद्वारा प्रयोग गरिने तन्त्र एवं मन्त्र पनि पर्दछन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१.६. तान्त्रिक भाव, आचार र मार्ग

१.६.१. भाव

आचार र मार्ग परस्पर सम्वद्ध छन्। तन्त्रसाधनामा जस्तो भाव छ त्यस्तै आचार र तदनुरूप मार्गको व्यवस्था गरिएको हुन्छ। भाव भनेको मनको धर्म हो। एउटै क्रिया पनि भावको भेदले भिन्नभिन्न फल दिने हुन्छ। तन्त्रग्रन्थहरूमा पशुभाव, वीरभाव र दिव्यभाव गरी त्रिविध भावको उल्लेख पाइन्छ। रुद्रयामलतन्त्रमा भनिएको छ–

भावस्तु त्रिविधो देवि दिव्यवीरपशुक्रमात्। (रुद्रयामलतन्त्र, ६।७१)

१.६.१.१. पशुभाव

इन्द्रियजन्य विषयको उपभोगमा लिप्त हुने तथा घृणा, शङ्का, भय, लज्जा, जुगुप्सा, कुल, शील, जातिरूप अष्टपाशमा बाँधिएको जीवलाई नै पशु भनिन्छ (कुलार्णवतन्त्र, १३।९०)। तिनै पशुहरूको भावलाई पशुभाव भनिन्छ। अष्टपाशले बाँधिएको जीवले ईश्वर र आफूलाई अलग सम्झँदा दासोऽहं भन्ने भाव उत्पन्न हुन्छ अर्थात् ईश्वरलाई मालिक र आफूलाई सेवक भन्ने भावना उत्पन्न हुन्छ। यसै भावनालाई पशुभाव भनिन्छ। यस भावमा पाशवकल्पबाट उपासना हुन्छ। सर्वोल्लासतन्त्रका अनुसार पशु दुई प्रकारको हुन्छ- १) सभावपशु र २) विभावपशु। जुन पशुको मनमा उच्च भावको छाया परेको हुन्छ तर ज्ञानको आविर्भाव भएको हुँदैन त्यस्तोलाई सभावपशु भनिन्छ भने त्यो छाया जब घनीभूत हुन्छ, त्यस अवस्थाको पशुलाई विभावपशु भनिन्छ। तन्त्रले वैदिक, वैष्णव र शैवलाई पशुभावले युक्त मानेको छ। पशुभावको उपासना पश्वाचारबाट गर्नुपर्छ। पशुभावको साधकका लागि सेतो वर्णको देवताको ध्यान, त्रिकाल सन्ध्या एवं देवताको पूजन, वेदपुराणादि शास्त्रमा श्रद्धा, नित्यश्राद्ध, गयाश्राद्ध, तीर्थस्नान, धर्ममा तत्परता आदि कर्तव्यको निर्धारण गरिएको छ। त्यसैगरी पशुभावको उपासकले देवस्थान, गुरुस्थान, श्मशान, चौबाटो आदिमा मलमूत्रको त्याग नगर्नू, परद्रव्य र परस्त्रीको चिन्तन नगर्नू, गुरु, देवता, पुस्तक, आगोलाई नाघ्ने र तिनका अगाडि खुट्टा पसार्ने काम नगर्नू, आलस्य आदिलाई त्याग्नू, आत्मप्रशंसा र परनिन्दाको त्याग गर्नू भनिएको छ (मेरुतन्त्र, ७५–१०)।

१.६.१.२. वीरभाव

पाशवकल्पबाट उपासना गर्दै जाँदा जतिजति साधनाको स्तर बढ्दै जान्छ उतिउति ईश्वरमा विश्वास बढ्दै जान्छ र ईश्वर आफैँमा रहेछ भन्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भाव उत्पन्न हुन्छ । त्यस्तो भाव उत्पन्न भएपछि साधक अष्टपाशबाट मुक्त हुन खोज्छ अर्थात् लौकिक विधिनिषेधलाई बन्धन ठानेर त्यसबाट उम्कने प्रयास गर्दछ । यसरी पशुभावभन्दा माथि उठेको साधक नै वीर हो र उसको भावलाई नै वीरभाव भनिन्छ । वीरको आचारलाई वीराचार भनिन्छ । वीराचारको प्रमुख तत्त्व पञ्चमकार (मद्य, मांस, मत्स्य, मुद्रा र मैथुन) हो । भावचूडामणितन्त्र अनुसार वीरले निर्द्वन्द्वभावले अर्थात् सोऽहं भाव लिएर आफ्नी शक्तिस्वरूप पत्नीलाई भैरवी गराई आफू भैरवस्वरूप भई निशापूजा गर्नुपर्छ (ज.ब.रा., २०२०, पृ. १३० मा उद्धृत) ।

वीरको पनि दुई भेद हुन्छ - १. सभाववीर २. विभाववीर । सभाववीरमा सत्त्वगुणको प्रधानता हुन्छ भने विभाववीरमा रजोगुणको प्रधानता हुन्छ । साधनाको बलद्वारा जसले तन्त्रको गूढ रहस्यलाई जानेको छ, तत्त्वज्ञान प्राप्त गरेको छ, विषयवासनाप्रति रुचि कम भएको छ तर भोगवासना पूर्णरूपले निवृत्त भएको छैन त्यो नै सभाववीर हो । साधनाको बलले पशुभावलाई अतिक्रमण गरिसकेको तर सभाववीरले झैँ ज्ञान प्राप्त भने गरी नसकेको साधकलाई विभाववीर भनिन्छ । सभाववीरले पञ्चमकारको प्रयोग प्रत्यक्षरूपले गर्दछ भने विभाववीरले चाहिँ बाह्यपूजामा पञ्चमकारको प्रयोग अनुकल्पले गर्दछ अथवा पृथिवी आदि तत्त्वले मानसिक पूजा गर्दछ ।

१.६.१.३. दिव्यभाव

वीरभावले गरिने उपासनाको स्तर माथि बढ्दै जाँदा जब अविद्याको अंश पूरै नष्ट हुन्छ तब ईश्वर र आफूमा अभेद देखिन्छ र पूर्णोऽहं भन्ने भाव उत्पन्न हुन्छ । साधकको मनमा उत्पन्न हुने त्यस्तो भावलाई नै दिव्यभाव भनिन्छ । दिव्यभाव भएको साधकलाई दिव्यसाधक भनिन्छ भने उसको आचारलाई दिव्याचार भनिन्छ । दिव्यसाधकले समग्र चराचर जगत् र ब्रह्ममा कुनै भेद देख्दैन । उसका दृष्टिमा समस्त स्त्रीजाति महाशक्ति र पुरुषजाति महेश्वरको मूर्ति हो । दिव्यसाधकमा वेद, शास्त्र, गुरु, देवता र मन्त्रमा दृढ विश्वास हुन्छ । उसले शत्रु र मित्रलाई समभावले हेर्दछ । स्त्रीको चरण देख्नेबित्तिकै उसलाई गुरुको स्मरण हुन्छ । दिव्यसाधक अन्तःकरण शुद्ध भएको, कसैलाई भेदभाव नगर्ने, रागद्वेष नभएको, सबै प्राणीमा समभाव भएको र क्षमाशील हुन्छ (महानिर्वाणतन्त्र, १।५५) । दिव्यभाव र वीरभावमा खासै केही फरक हुँदैन । जुन साधकको चित्तमा वीरभाव र दिव्यभाव दृढरूपले रहको हुन्छ उक्त साधक वास्तवमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जीवन्मुक्त हुन्छ र ऊ केवल अवशिष्ट कर्मफलको भोगका लागि मात्रै पृथ्वीमा विचरण गर्दछ ।

१.६.२. आचार

तन्त्रशास्त्रमा मुख्यतः सातवटा आचार मानिएका छन् । ती हुन्– वैदिकाचार, वैष्णवाचार, शैवाचार, दक्षिणाचार, वामाचार, सिद्धान्ताचार र कौलाचार । माथि उल्लेख गरिएका तीन प्रकारका भावअनुसार नै आचारको निर्धारण गरिएको हुन्छ ।

१.६.२.१. वैदिकाचार

वेदले व्यवस्था गरेका नियमहरूको राम्ररी पालना गर्दै वैदिकमार्गमा निष्ठापूर्वक रहनु नै वैदिकाचार हो (ज.ब.रा., वि.सं. २०२५, पृ. ७०) । वैदिकाचारमा आन्तरिक शुद्धिका साथै वाह्य शुद्धिको समेत विचार गर्नुपर्छ । ब्रह्मचर्यको पालन, त्रिकाल स्नान, त्रिकाल सन्ध्या, नित्य सहस्र गायत्रीजप, अग्निहोत्र, देवकर्म र पितृकर्मको पालन, पञ्चदेवोपासना, वेदवेदाङ्गको श्रवण, नित्य पञ्चमहायज्ञ इत्यादि कर्मका साथै पाशवकल्पोक्त सबै नियमहरूको पालना गर्नु नै वैदिकाचार हो । यसअनुसार वैदिकाचार द्विजहरूको मात्र आचार हो भन्ने सिद्ध हुन्छ ।

१.६.२.२. वैष्णवाचार

विष्णुका भक्तलाई वैष्णव भनिन्छ । यिनीहरू ऊर्ध्वतिलक लगाउँछन्, विष्णुको चिह्न धारण गर्दछन्, कण्ठी लगाउँछन् र एकादशीव्रत बसी विष्णु वा उनका राम, कृष्ण आदि अवतारलाई आफ्नो इष्टदेव मानी उपासना गर्दछन् त्यसैले वैष्णवधर्मको पालना गर्ने वैष्णवहरूको आचार नै वैष्णवाचार हो । शक्तिसङ्गमतन्त्रका अनुसार वैष्णवका दशवटा भेद मानिएको छ–

वैखानस – वैष्णवदीक्षा ग्रहण गरी वेदभन्दा स्मृतिप्रमाणलाई ठूलो मान्ने ।

राधावल्लभ – वैष्णवचिह्नले युक्त भई राधावल्लभरूप कृष्णको उपासना गर्ने ।

गोकुलेश – कृष्णको वेषभूषा धारण गरी गाईको सेवा गर्दै गुप्तरूपले शाक्ताचारमिश्रित वैष्णवाचारबाट गोपालसुन्दरीको उपासना गर्ने ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वृन्दावनी – आफ्नी पत्नीले सहित भई शाक्ताचारमिश्रित वैष्णवाचारबाट काली र कृष्णको उपासना गर्ने।

पाञ्चरात्र – पञ्चरात्रव्रत लिई वर, पीपल र तुलसीको पूजा गर्ने।

वीरवैष्णव – विष्णुको परम भक्त भई अन्य देवीदेवताको निन्दा गर्ने।

रामानन्दी – ज्यादै चोखोनितो गरी रामलाई सगुण ब्रह्मका रूपमा उपासना गर्ने।

हरिव्यासी – अष्टाङ्गयोगको अभ्यास गरी पूर्ण भक्तिका साथ विष्णुको उपासना गर्ने।

निम्बार्क – केवल वेदकै प्रमाण मानी वैदिक विष्णुमन्त्र जप्ने र पुरुषसूक्तले शालिग्रामको नित्य अर्चना गर्ने।

भागवत – रातो वस्त्र लगाई विष्णुको चिन्तन गर्ने।

वैष्णवहरूमध्ये पनि कोही बालकृष्ण मात्र मान्ने, कोही राधाकृष्ण दुवै मान्ने, कोही द्वारकाधीशको मात्र पूजा गर्ने र कोही कृष्णलाई भन्दा राधालाई बढी महत्त्व दिने अनेक देखिन्छन्। वैष्णवहरूका रामानुज, निम्बार्क, माधव, वल्लभ र चैतन्य आदि प्रमुख सम्प्रदायहरू देखिन्छन्। वैष्णवहरूमा सभाव र विभाव पाशवकल्प एवं वीरकल्पसमेत हुने देखिन्छ। चोलियामार्गी र बीजमार्गी वैष्णवहरू वीरभावले उपासना गर्ने वैष्णव हुन्।

१.६.२.३. शैवाचार

केवल शिवको चिन्तन गरी शैवागमहरूले व्यवस्था गरेको विधानको पालना गर्नु शैवाचार हो। शैवका सात भेद छन्–

शिखी – शिखासूत्र कायम राखी द्विजत्वमै बस्ने, विभूत र रुद्राक्ष धारण गरी योगाभ्यास गर्ने ब्रह्मचारी र एकपत्नी व्रतमा रही बिन्दुमालिनीको मन्त्रले उपासना गर्ने।

मुण्डी – शिखासूत्र त्यागी संन्यास लिने।

जटी – जटा वा जुरो बाँधेर नग्न रही तपस्या गर्ने।

एकदण्डी – अन्तर्यागबाट उपासना गरी मनले मात्र दण्डवत् गर्ने।

द्विदण्डी – अन्तर्याग गरी मन र वचनले दण्डवत् गर्ने।

त्रिदण्डी - अन्तर्याग गरी मन, वचन र शरीरले दण्डवत् गर्ने।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वीरशैव – शिवको मात्र उपासना गरी अन्य देवीदेवताको निन्दा गर्ने ।

१.६.२.४. दक्षिणाचार

श्रुति एवं स्मृतिअनुकूलको आचार नै दक्षिणाचार हो। दक्षिणामूर्तिले सर्वप्रथम यसको अनुष्ठान गरेका हुनाले यसको नाम दक्षिणाचार रहन गएको हो भन्ने भनाइ पाइन्छ। दक्षिणाचारलाई पश्वाचारभित्र गणना गरिन्छ। दक्षिणाचारीले वेद, वेदाङ्ग, पुराण, स्मृति, संन्यासी, व्रती र ब्राह्मणादिको निन्दा नगर्नू भन्ने वचन छ। बडवानलतन्त्रका अनुसार दक्षिणाचारमा पञ्चमकारको प्रयोग हुँदैन (तन्त्रचिन्तामणि, २।६०)। जप, पूजा, होम सबै दायाँ हातले गरिन्छ। तत्त्वतर्पण मात्र बायाँ हातले हुन्छ। समयाचारतन्त्रका अनुसार स्वधर्ममा निरत भएर पञ्चतत्त्वले पूजन गर्नु दक्षिणाचार हो अतः दक्षिणाचारमा पनि पञ्चमकारको अनुकल्पको प्रयोग हुने देखिन्छ र दक्षिणाचारको साधक पनि वीरभावले युक्त हुन सक्ने देखिन्छ। सर्वोल्लासतन्त्रले पनि दक्षिणाचारलाई वीरभावअन्तर्गत मानेको छ। दक्षिणमार्ग पाशवकल्प भए तापनि त्यहाँ तीन भाव हुन्छन्– शुष्क, आर्द्र र दिव्य। शुष्कपश्वाचारमा बडो निष्ठाले चल्नुपर्छ, यसमा पशुयाग हुँदैन। प्रायः ब्रह्मचारीहरूले यो भाव अँगाल्दछन्। आर्द्रपश्वाचारमा पशुयाग गरिन्छ, पञ्चमकारको प्रयोग हुँदैन। दिव्यपश्वाचारमा पशुयाग गरिन्छ एवं पञ्चमकारको प्रतिनिधिका रूपमा अनुकल्पीय द्रव्यको प्रयोगद्वारा कौलमार्गमा झैँ यजन आदि कर्म गरिन्छ।

१.६.२.५. वामाचार

वामाचारको अर्थ व्यभिचार नभई प्रतिकूलाचार हो। दक्षिणाचारको प्रतिकूल आचार हुने भएकाले यसलाई वामाचार भनिएको हो।

वामाचारमा नै तन्त्रवादको मूल रहस्य लुकेको हुन्छ भन्ने तन्त्रविद्हरूको मत रहेको छ। वामाचारलाई वामा (नारी)को आचार (व्यवहार)को अर्थमा पनि लिइएको छ। यस मतअनुसार तन्त्रसम्बद्ध सम्पूर्ण क्रियानुष्ठानमा नारीको महत्त्वपूर्ण भूमिका रहन्छ। कृषिसम्बन्धी जादुटोनालाई नै तन्त्रको उत्पत्तिको मूल आधार मान्ने समाजशास्त्रीहरूको मतमा तन्त्रवादको मूल स्रोत कृषिसम्बन्धी अनुष्ठान नै भएकाले तथा कृषिको खोज नारीहरूले गरेकाले त्यस्ता अनुष्ठान नारीहरूद्वारा सम्पन्न गरिन्थ्यो (चट्टोपाध्याय, ई.सं. १९८२, पृ. २१४)। विशेषतः मातृसत्तात्मक जनजातीय समाजमा धार्मिक अनुष्ठानहरूमा नारीको मुख्य भूमिका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आधुनिक युगमा पनि देख्न पाइन्छ। थामसन, ब्रिफो, रिब्स आदि समाजशास्त्रीहरूको मतमा पितृसत्तात्मक आर्यहरू पनि मातृसत्तात्मक जनजातीय प्राचीन परम्पराबाट गुज्रँदै वर्तमान स्वरूपमा आइपुगेका हुन् त्यसैले आर्यजातिले अहिलेसम्म पनि मातृसत्तात्मक जनजातीय परम्पराका केही अवशेषहरू कायम राखेको छ। धार्मिक अनुष्ठानमा अहिले आएर पुरुषले महत्त्वपूर्ण भूमिका निर्वाह गरे तापनि पत्नीको उपस्थितिलाई अनिवार्य मान्नु, स्त्रीगुरुबाट प्राप्त मन्त्रलाई विशेष सिद्धिदायक ठान्नु आदि यसका उदाहरणहरू हुन्। वामाचारमा पञ्चमकारको प्रयोग हुन्छ। मद्य, मांस, मत्स्य, मुद्रा र मैथुनको सामूहिक नाम नै पञ्चमकार हो। यी पाँच तत्त्वमध्ये मद्य, मांस र मैथुन विशेष महत्त्वपूर्ण रहेकाले तिनका विषयमा केही चर्चा गरिन्छ।

१.६.२.५ (क) मद्य

तान्त्रिक साहित्यमा मद्य, मधु र सुराको जुन अर्थ र प्रयोजन देखिन्छ त्यही अर्थ र प्रयोजन वैदिक साहित्यमा सोमको रहेको छ। तान्त्रिक साहित्यमा मद्य, मधु र सुरा तीनवटै द्रव्यलाई मादक द्रव्यको अर्थमा पर्यायका रूपमा प्रयोग गरिएको छ। सुरालाई मेरुतन्त्रमा लक्ष्मीकी बहिनी भनिएको छ। समुद्रमन्थनका क्रममा सुराको उत्पत्ति भएको वर्णन पुराणहरूमा पाइन्छ। सोही सुरालाई शोधन गरी सुधा (अमृत) बनाएर पूजामा प्रयोग गर्ने विधान तन्त्रहरूमा पाइन्छ। सुरालाई लक्ष्मीकी बहिनी भन्नुको लाक्षणिक अर्थ के हुन सक्छ भने आदिम समाजमा मद्य वा सुरालाई धनसम्पत्तिको कारक मानिन्थ्यो। आदिम संस्कृति र परम्परालाई अहिलेसम्म पनि जीवित राखेको कतिपय जनजातीय समाजमा मद्यलाई कृषि उत्पादनमा वृद्धि ल्याउने वस्तुका रूपमा प्रयोग गर्ने गरेका प्रशस्त उदाहरणहरू समाजशास्त्री डब्ल्यु क्रुक (ई.सं १९८६) ले दिएका छन् (पृ. १००, ११९, १२७, १३२, १७१, ४२२)। वैदिक साहित्यमा सोमलाई शोधनपूर्वक पान गर्ने द्रव्य मानिएको छ। उदाहरणका लागि सामवेदको एउटा मन्त्रलाई लिन सकिन्छ जहाँ इन्द्रको पानका लागि सोमलाई शोधन गर्न ऋत्विक्हरूलाई आह्वान गरिएको छ– 'पवीतारः पुनीतसोममिन्द्रायपातवे' (७।२।४) अर्थात् हे सोमलाई शोधन गर्ने ऋत्विक्हरू हो ! इन्द्रको पानका लागि सोमलाई शोधन गर्नुहोस्। तान्त्रिक साहित्यमा पनि मद्य वा सुरालाई शोधन गरी त्यसलाई अमृतीकरण गरेर मात्र पूजामा प्रयोग गर्ने र त्यसको सेवन गर्ने विधान पाइन्छ। आयुर्वेदमा पनि शोधन गरिएको आसव (मद्य वा सुरा) स्वास्थ्यका लागि अत्यन्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लाभप्रद मानिन्छ। यिनै विविध कारणहरूले पनि मद्यको प्रयोगलाई तन्त्रले स्विकारेको स्पष्ट हुन्छ।

१.६.२.५(ख) मांस

तन्त्रमा पितृयज्ञ तथा देवयज्ञमा आवश्यक मांसको प्रयोगका लागि गरिने हिंसालाई वैध मानिएको छ तर आफ्नो तृप्तिका लागि गरिने प्राणीहरूको हिंसालाई भने तन्त्रले अनुमति दिएको छैन। कुलार्णवतन्त्रमा भनिएको छ–

पितृदैवतयज्ञेषु वैधहिंसा विधीयते।
आत्मार्थं प्राणिनां हिंसा कदाचिन्नोदिता प्रिये ॥(५।४५)

१.६.२.५(ग) मैथुन

सन्ततिविस्तार र जगदानन्दको अनुभूतिका लागि मैथुनको आवश्यकतालाई वेद तथा तन्त्र दुवैले समान महत्त्व दिएको देखिन्छ। मैथुन वास्तवमा सृष्टिक्रमलाई धारावाहिकरूपले सञ्चालन गर्ने नियतिको प्रेरक तत्त्व र जीवनधारक तत्त्व हो। बृहदारण्यकोपनिषद्‌ले स्त्री र पुरुषको एकअर्काप्रतिको आकर्षण र तज्जन्य मैथुनको आवश्यकतालाई यसरी औँल्याएको छ-

"*स वै नैव रेमे तस्मादेकाकी न रमते स द्वितीयमैच्छत् स हैतावानास यथा स्त्रीपुमांसौ संपरिष्वक्तौ स इममेवात्मानं द्वेधा पातयात्ततः पतिश्च पत्नी चाभवतां तस्मादिदमर्धबृगलमिव स्व इति ह स्माह याज्ञवल्क्यस्तस्मादयमाकाशः स्त्रिया पूर्यत एव तां समभवत्ततो मनुष्या अजायन्त* (१।४।३)

अर्थात् ऊ एक्लो हुंदा रमाएन, एक्लो हुंदा कोही पनि रमाउँदैन त्यसैले उसले दोस्रो व्यक्तिको इच्छा गऱ्यो र उसले एकअर्काको अँगालोमा कसिएका स्त्रीपुरुषको जत्रो आकार लियो अनि आफूलाई स्त्री र पुरुषरूप दुई भागमा बाँडेर लोग्नेस्वास्नी बन्यो र ती दुईको मैथुनबाट मनुष्यहरू जन्मे।

संसारमा स्त्री र पुरुष अर्थात् भाले र पोथीको मैथुनवाट नै सम्पूर्ण प्राणीहरूको उत्पत्ति भएको देखिन्छ र हरेक प्राणीमा स्त्री र पुरुषप्रति परस्पर आकर्षण र मैथुनको प्रवृत्ति समान देखिन्छ। अतः मैथुनको सार्वभौम आवश्यकतालाई महसुस गरी वेदले यसलाई कामयज्ञको रूपमा प्रस्तुत गरेको छ भने तन्त्रले साधनाको उच्चतम साधन मानेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मैथुनक्रियालाई वाजपेययज्ञसँग तुलना गर्दै यसको प्रशंसामा बृहदारण्यकोपनिषद्मा भनिएको छ-

"तस्या वेदिरूपस्थो लोमानि बर्हिश्चर्माधिषवणे समिद्धो मध्यतस्तौ मुष्कौ स यावान ह वै वाजपेयेन यजमानस्य लोको भवति तावानस्य लोको भवति य एवं विद्वानधोपहासं चरत्यासां स्त्रीणां सुकृतं वृङ्क्तेऽथ य इदमविद्वानधोपहासं चरत्यस्य स्त्रियः सुकृतं वृञ्जते (६।४।३)

अर्थात् स्त्रीको योनि वेदि हो, योनिमा उम्रिएका रौँहरू कुश हुन्, योनिको पार्श्वभागमा उठेको छाला अधिषवण नामक सोम निचोर्ने फल्याक हो, योनिको मध्यभाग अग्नि हो, वाजपेययज्ञले यजमानलाई जति फल प्राप्त हुन्छ त्यति मैथुनविज्ञान जान्नेको मैथुनक्रियाले हुन्छ। जो मैथुनविज्ञानलाई राम्ररी जानेर मैथुन गर्दछ त्यसले स्त्रीको पुण्यलाई आफूतिर खिच्दछ भने जसले मैथुनविज्ञानलाई नजानिकन मैथुन गर्दछ त्यसको पुण्य स्त्रीले खिच्दछे। यसवाट ज्ञानपूर्वक गरिने मैथुनले पुण्यवृद्धि हुने धारणा वेदमा रहेको स्पष्ट हुन्छ।

यहाँनेर के कुरा स्मरणीय छ भने तन्त्रले सांसारिक क्रियाकलापलाई निषेध गर्दैन। अतः सृष्टिप्रक्रियाको निरन्तरताका लागि आवश्यक मैथुनलाई तन्त्रले अत्यन्त ठूलो महत्त्व दिएको छ। तन्त्रले मैथुनलाई सन्ततिविस्तारका लागि आवश्यक क्रियाका रूपमा मात्रै होइन जगदानन्दको अनुभूतिका लागि साधनाकै रूपमा उच्चतम स्थान दिएको छ। तन्त्रले आद्ययागका रूपमा मैथुनलाई जगदानन्दको अनुभूतिका लागि साधनाका रूपमा उपयोग गर्ने मार्ग देखाएको छ।

वामाचारमा बायाँ हातले जप, पूजा होम आदि गरिन्छ र तत्त्वतर्पणचाहिँ दायाँ हातले गरिन्छ। वाममार्ग वीराचारभित्र पर्दछ। स्मृति आदि शास्त्र र लोकले निषेध गरेको आचरण गर्न सक्ने हुनाले वीर भनिएको हो। तन्त्रअनुसार मद्य, मांस, मत्स्य प्रशस्त पाइने र मातृसत्तात्मक व्यवस्था भएको स्थानमा वाममार्ग फलदायी हुन्छ। कौल, वाम, चीन, सिद्धान्ती र शाबर गरी वाममार्गका पाँच भेद छन्। तीमध्ये कौल उत्तम हो भने शाबरचाहिँ अधम हो भन्ने मेरुतन्त्रको वचन छ (१।६०)। शाक्ताचार पनि यसअन्तर्गत पर्दछ। शक्तिबाहेक अन्य देवीदेवताको चिन्तन गर्दै नगर्ने, आफ्नी शक्तिसहित भएर पञ्चमयागको विधानबाट पञ्चमकारले शक्तिको पूजा गर्ने शाक्तको आचार नै शाक्ताचार हो। महाकालसंहिताले शाक्ताचारअन्तर्गत चारवटा आचार र तदनुरूप चारवटा सम्प्रदायको उल्लेख गरेको छ। ती हुन्–

१. कापालिक २. दिगम्बर ३. मौलेय ४. भाण्डिकेर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दक्षमार्गीका लागि वाममार्ग र वाममार्गीका लागि दक्षमार्ग निषिद्ध मानिएको छ । वाममार्गीले पनि दक्षमार्गको अनुसरण गरेमा देवताले विघ्न पार्छन् र त्यस्ताले सिद्धि प्राप्त गर्दैन भन्ने मेरुतन्त्रको वचन छ (१।६३-६५) । अतः आआफ्नो कुलपरम्परा बुझेर मात्र कुनै एक मार्गको अवलम्वन गर्नुपर्छ ।

१.६.२.६. सिद्धान्ताचार

सिद्धान्ताचार वामाचारभन्दा माथिल्लो श्रेणीको आचार हो । साधनाको निरन्तर अभ्यासले साधकलाई जव म नै भैरव हुँ अर्थात् भैरवोऽहं भन्ने भाव उत्पन्न हुन थाल्छ तव शुद्धाशुद्धिरूप भेदज्ञान समाप्त भई साधक स्वेच्छापूर्वक विचरण गर्न थाल्छ र आफैंलाई देवतास्वरूप ठानेर साधनामा लीन हुन्छ । सिद्धान्ताचारमा पूर्णरूपले सोऽहं भाववाट उपासना हुन्छ अनि सोही भाववाट राजाधिराजयोगसमेत मिलाएर उपासना गरेमा कौलाचार हुन जान्छ र दिव्यभाव प्रकट हुन्छ ।

१.६.२.७. कौलाचार

वामाचार र सिद्धान्ताचारपछि साधक कुलाचारमा प्रविष्ट हुन्छ । वीराचारमा ध्यानको अवस्थामा मात्रै सोऽहं भाव झल्किन्छ भने सिद्धान्ताचारमा सधैं सोऽहम् भाव झल्किन्छ अर्थात् आफूमै ईश्वरको ध्यान हुन्छ । आफू भन्ने भावसमेत हटेपछि दिव्यभावको उदय हुन्छ । त्यस्तो साधक कौल हो र उसैको आचारलाई कौलाचार वा कुलाचार भनिन्छ । कौलको पनि साधारण र दिव्य गरी दुई भेद हुन्छ । साधारण कौललाई ध्यानको अवस्थामा मात्रै ब्रह्ममय ध्यानको स्फुरण हुन्छ भने दिव्यकौललाई निरन्तर उपर्युक्त सूक्ष्म ध्यानको स्फुरण भइरहन्छ । रुद्रयामलतन्त्रका अनुसार कुलस्त्री, कुलगुरु र कुलदेवीको नित्य पूजा गर्नु, कुलस्त्रीको सेवनबाट उत्पन्न तेजले चक्रनायिका दुर्गा र नीलकण्ठको तर्पण गर्नु एवं जप, होम आदि गरी कुलकान्तालाई तृप्त बनाउनु नै कुलाचार हो र यो उत्तम योगीको आचार हो । वडवानलतन्त्रका अनुसार दक्ष र वाम दुवै आचार मिलेकोलाई कौलाचार भनिन्छ । वास्तवमा कौलाचार भनेको कुनै पनि वस्तुलाई समग्रतामा हेर्ने वैश्विक दृष्टिकोण हो । कौलमतमा कुनै पनि वस्तु आफैंमा पूर्ण र स्वतन्त्र छ । पूर्ण नै अंश हो र अंश नै पूर्णमा अनुस्यूत भएर रहेको हुन्छ । कौलाचार पूर्ण अद्वैत भावमा आरूढ साधकको आचार हो त्यसैले कौलाचारमा शुद्धि, अशुद्धि, हेय, उपादेय, विधि, निषेध आदि सीमाको कुनै अर्थ रहँदैन । अपरिच्छिन्न पूर्ण चिदानन्दमा निमग्न कौल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साधकका लागि हरेक वस्तु साधनामा ग्राह्य मानिन्छ, कुनै पनि वस्तु साधनाका लागि त्याज्य मानिँदैन। अझ सामान्य लोकले जुन वस्तुलाई घृणा र निषेधको भावले हेरेको हुन्छ सोही वस्तु नै कौलाचारमा साधनाका लागि श्रेष्ठ साधन बन्दछ (कुलार्णवतन्त्र, ५।४८)। पूर्ण अद्वैत भावमा आरूढ कौलसाधकले हरेक वस्तुमा ब्रह्मभावको साक्षात्कार गरेको हुन्छ। साधनाका लागि ग्राह्य हरेक वस्तुको उपभोग त्यस्तो कौलसाधकले राग र मोहबाट मुक्त भएर आफूलाई भैरवस्वरूप सम्झेर गरेको हुन्छ त्यसैले ऊ वास्तवमा विश्वभुक् बन्दछ। अतः कौलाचार नै तान्त्रिक साधनामा श्रेष्ठ आचार मानिन्छ। आफूलाई भैरवभावमा प्रतिष्ठित गराएर कुलपूजामा संलग्न हुने उपदेश तन्त्रशास्त्रले गरेको छ (पूर्ववत्, ६।१०)। पूर्ण अद्वैत निर्विकल्प भावमा आरूढ भएका उच्च कोटीका साधकहरू नै कौलाचारका अधिकारी हुन सक्ने देखिन्छ। यसमा पञ्चमकार आवश्यक हुन्छ र तर्पण तथा पूजाहरू यथायोग्य दायाँ र बायाँ दुवै हातले गरिन्छ। कौलमार्ग वा कौलाचारको अवलम्वनले भोग र योग दुवै पाइन्छ भन्ने कुलार्णवतन्त्रको वचन छ।

१.६.३. मार्ग

भारतवर्षलाई त्रिकोणको कल्पना गरी सो त्रिकोणको तीनवटा बिन्दुका रूपमा केरल, काश्मीर र गौड(वङ्गाल)मा पराशक्तिको र मध्यबिन्दुरूप काशीमा परम शिवको उपासना गर्ने तान्त्रिक परम्परा देखिन्छ। ती तीन स्थानमा प्रयुक्त भिन्नभिन्न आचार, व्यवहार, रीतिस्थिति र उपासनापद्धतिसमेतका आधारमा उपर्युक्त स्थानका नामबाट केरलमार्ग, काश्मीरमार्ग र गौडमार्ग गरी तीन भिन्न मार्ग स्थापित भए। यी तीन मार्गको अवलम्वन गर्नेहरूबाट तीन सम्प्रदाय उत्पन्न भए जसलाई क्रमशः केरलसम्प्रदाय, काश्मीरसम्प्रदाय र गौडसम्प्रदाय भनिन्छ।

एउटै पराशक्तिलाई हादिमतअनुसार केरलमा कालिका, काश्मीरमा त्रिपुरा एवं गौडमा ताराका रूपमा उपासना गरिन्छ। त्यसैगरी कादिमतअनुसार केरलमा त्रिपुरा, काश्मीरमा तारिणी बाला एवं गौडमा कालीका रूपमा उपासना हुन्छ। काश्मीर र केरल श्रीविद्याको केन्द्र र गौड (कामरूप) कौलमतको मुख्य केन्द्र मानिएको छ। केरलमा दूध, काश्मीरमा भावना र गौडमा प्रत्यक्ष मकारद्वारा पूजा हुन्छ। नैवेद्यपछि हवन, ताम्बूलपछि बलि, बायाँ हातले पूजा, दायाँ हातले तर्पण, पञ्चमकारको प्रत्यक्ष प्रयोग र हृदयमा देवताको विसर्जन गर्ने सम्प्रदाय गौड सम्प्रदाय हो र यो वाममार्गीहरूको प्रिय सम्प्रदाय हो। ताम्रपात्रमा गव्य, पिना, लसुन,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पायस, दूध आदि अनुकल्पको प्रयोग र सहस्रारमा देवीको विसर्जन गर्ने सम्प्रदाय कौलिकहरूको प्रिय काश्मीरसम्प्रदाय हो। त्यसैगरी देवताको प्रीतिका निमित्त सङ्कल्प, पञ्चतत्त्वको भावनात्मक प्रयोग, दायाँ हातले पूजन, देब्रे हातले तर्पण , पूजनपछि वलि, समस्त कर्मको अन्त्यमा होम र हृदयमा देवताहरूको विसर्जन गर्ने सम्प्रदाय केरलसम्प्रदाय हो। नेपालदेखि कलिङ्गसम्मका अठार देशमा गौडमार्ग, आर्यावर्तदेखि समुद्रसम्मका उन्नाईस देशमा केरलमार्ग र काश्मीरलगायत अन्य उन्नाईस देशमा काश्मीरमार्ग शुभ हुन्छ भनिएको छ।

१.७. तन्त्रको रचनाकाल

हरेक साहित्यको रचनाकालको निश्चय प्रायः त्यसको बाह्य र अन्तर्साक्ष्यका आधारमा गरिन्छ। धेरैजसो तन्त्रग्रन्थहरूको हस्तलिखित प्रति गुप्तकालिक लिपिहरूमा पाइएको छ। गुप्तलिपिमा लिखित निःश्वाससंहिताको हस्तलिखित प्रति नेपालको केशर पुस्तकालयमा उपलब्ध छ जुन आठौँ शताब्दीको भएको अनुमान गरिन्छ। कम्बोडियामा रहेको स्दोक कक थोमको अभिलेखमा 'देवराज' नामक रहस्यमय सम्प्रदायका साथै केही तान्त्रिक ग्रन्थहरूको सङ्केत पाइन्छ जुन राजा जयवर्मन् द्वितीयको शासनकाल अर्थात् नवौँ शताब्दीको प्रारम्भसँग सम्वद्ध मानिन्छ (द्विवेदी, ई.सं.२०००, पृ. १९२)। पाशुपत सम्प्रदायका संस्थापक लकुलीशको समय ईसाको दोस्रो शताब्दी मानिएको छ (चक्रवर्ती, ई.सं. १९७२, पृ. २१) त्यसैले पाशुपत सम्प्रदायसँग सम्वद्ध तन्त्रग्रन्थहरूको रचनाकाल ईसाको दोस्रो शताब्दीसम्म पुऱ्याउन सकिन्छ।

बौद्धतन्त्रको रचनाकाल पनि अत्यन्त प्राचीन रहेको छ। फाहियान नामक चिनियाँ यात्रीले ईसाको पाँचौं शताब्दीमा 'सुरङ्गमसूत्र' नामक ग्रन्थलाई आफ्नो सुरक्षाका लागि वाचन गरेको उल्लेख पाइन्छ। सोही आधारमा उक्त ग्रन्थको रचनाकाल ईसाको प्रथम शताब्दीभन्दा पछिको हुन नसक्ने मत व्यक्त भएको देखिन्छ (पूर्ववत्)। उक्त ग्रन्थमा प्रायः सम्पूर्ण बौद्ध धारिणी मन्त्रहरूको सूची उपलब्ध रहेको छ। चिनियाँ यात्री हुयेन साङ्का अनुसार मन्त्रयानसँग सम्बद्ध विद्याधरपिटक ईसाको प्रथम शताब्दीको मानिएको महासाङ्घिकको समकालिक मानिन्छ (उपाध्याय, वि.सं. २०१५, पृ. ३४)। यसका अतिरिक्त महावस्तु, चतुःशतकस्तोत्र, मैत्रेयव्याकरण, अवदानशतक आदिको समय ईसाको दोस्रो शताब्दी स्वीकार गरिएको छ (पूर्ववत्)। अमोघवज्र नामक एकजना ब्राह्मण बौद्धभिक्षुले ई.सं. ७४६–७७१ सम्म तिब्बतमा रही उष्णीषचक्रवर्तीतन्त्र, गरुडगर्भतन्त्र,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वज्रकुमारतन्त्र आदि सतहत्तर तन्त्रग्रन्थको अनुवाद गरेको जानकारी प्राप्त भएको छ (चक्रवर्ती, ई.सं १९७२, पृ. १९) । सातौँदेखि एघारौँ शताब्दीका बीच धेरै शैव, शाक्त र वैष्णव आगम वा तन्त्रको विकास भएको देखिन्छ जसमा पूर्ववर्ती साहित्यको प्रभाव स्पष्टरूपले परिलक्षित भएको पाइन्छ। केही यस्ता तन्त्र ग्रन्थहरू पनि छन् जो अत्यन्त अर्वाचीन प्रतीत हुन्छन्। मेरुतन्त्रमा 'अङ्ग्रेज' तथा 'लन्दन' शब्दको उल्लेख पाइन्छ। शाव़रतन्त्रमा संस्कृतभाषाका मन्त्रका साथै सामान्य बोलचालको भाषामा पनि मन्त्र पाइन्छ। जस्तै– आँ अङ्गाली बङ्गाली अताल पताल गर्द गर्द अदार कदार फट् फट् उत्कट ओं हुं हुं ठः ठः (झा, वि.सं.२०३५, पृ. २७) । बृहत्पराशर, विष्णुधर्मोत्तरपुराण, महाभारत आदिमा पाशुपत र पाञ्चरात्र सम्प्रदायको उल्लेख पाइन्छ। तन्त्र र पुराणको परस्पर उल्लेख पाइएकाले केही हदसम्म यी दुवैलाई समकालिक मान्न सकिन्छ। तन्त्रसाहित्यमा पाइने भाषाले पनि सोही तथ्यलाई पुष्टि गर्दछ।

यसप्रकार प्राचीनतम तन्त्रग्रन्थहरूको समय ईसाको प्रथम शताब्दीसम्म मान्न सकिन्छ भने केही तन्त्रग्रन्थहरू सत्रौँ अठारौँ शताब्दीसँग सम्बद्ध मान्न सकिन्छ। तन्त्रसाहित्यको विकासमा लामो समय व्यतीत भएको छ त्यसैले यसलाई कुनै एउटा कालविशेषमा सीमित राख्न सकिँदैन। के कुरा प्रतीत हुन्छ भने वैदिक कर्मकाण्ड अत्यन्त श्रमसाध्य साधन थियो जसमा इष्ट (पारलौकिक अभ्युदय) प्राप्तिको विधान थियो। यता औपनिषदिक ज्ञान पनि सामान्य मानिसको बुद्धिभन्दा परको विषय थियो। यस्तो परिस्थितिमा पुराणले भक्तियोगको मार्गलाई प्रशस्त गर्ने काम गऱ्यो तर पौराणिक उपासना शीघ्र फलप्राप्तिको साधन बन्न सकेन। यस्तो परिस्थितिमा तन्त्रको विकास भयो र तान्त्रिक उपासनामा वैदिक यज्ञ, बलिप्रथा, औपनिषदिक ज्ञानधारा, पौराणिक भक्तिपरम्परा, योग तथा शीघ्र फलदायक मन्त्रहरूको समष्टिरूप एकै ठाउँमा देखा पऱ्यो।

उपर्युक्त विश्लेषणका आधारमा के कुरा अनुमान गर्न सकिन्छ भने तन्त्रको लिपिवद्ध रूप ईसाको प्रथम शताब्दीबाट प्रारम्भ भयो भने लिखित रूप देखा पर्नुभन्दा पहिले नै यसको अस्तित्व आचरण वा चर्याका रूपमा अवश्य रहेको थियो त्यसैले तान्त्रिक उपासना र चिन्तनको वीज वैदिक काल वा त्यसभन्दा पहिले पनि अवश्य थियो।

१.८. तन्त्र एवं तन्त्रवादका विशेषताहरू

भगवान् बुद्ध र महावीरको प्रादुर्भावको समयमा भारतीय उपमहाद्वीपमा विभिन्न प्रकारका धार्मिक तथा दार्शनिक चिन्तनहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विद्यमान थिए र पछि पनि अनेक चिन्तनहरू प्रचलित रहे। तीमध्ये केही वेदविरोधी थिए, केही वेदका अविरोधी थिए भने केही आफ्नो स्वतन्त्र सत्ताका पक्षपाती थिए। बौद्ध र जैनमत वेदविरोधी थिए भने साङ्ख्य, योग, पाञ्चरात्र र पाशुपतमत स्वतन्त्र सत्ताका पक्षपाती थिए। कालान्तरमा भारतीय दर्शन एवं धर्ममा समन्वय स्थापित गर्नका लागि भगवद्गीता, महाभारत, भागवत आदि पुराण, स्मृति एवं तन्त्रागमशास्त्र र धर्मशास्त्रका निबन्धग्रन्थहरूमा प्रस्थानभेद, अधिकारीभेद आदिका आधारमा परस्परमा विद्यमान विरोधहरूलाई परिहार गर्ने प्रयत्न गरियो। शङ्कराचार्य आदि वैदिक धर्मका कट्टर पक्षधरहरू पाशुपत तथा पाञ्चरात्रलाई वेदवाह्य मान्दछन् तर वर्तमानमा शैव र वैष्णवमतहरूले वेदको प्रामाणिकतालाई स्वीकार गरेका छन् र आफूलाई वेदमूलक स्थापित गर्न खोजेका छन्। आज हिन्दू धर्म र संस्कृतिमा प्रचलित विधिव्यवहार तथा कर्मकाण्डमा वैदिक र तान्त्रिक चिन्तन तथा पद्धतिको व्यापक सम्मिश्रण र समन्वयका कारण वस्तुतः कुन चिन्तन तथा पद्धति विशुद्ध वैदिक र कुनचाहिँ विशुद्ध तान्त्रिक हो भनेर छुट्याउनु दुष्कर प्रतीत भएको छ। यति हुँदाहुँदै पनि तान्त्रिक र वैदिक दृष्टिका आ-आफ्नै विशेषता रहेका छन्। अतः यहाँ तन्त्र एवं तन्त्रवादका मूलभूत विशेषताहरूलाई केलाउने प्रयास गरिन्छ।

१.८.१. अभिचार र तन्त्र

मानवले पारलौकिक वा अलौकिक सत्तासित आफ्नो सम्बन्ध स्थापित गर्नका लागि उसप्रति समर्पण भावका साथ जुन प्रार्थना वा पूजा गर्दछ त्यसलाई धार्मिक विचार भनिन्छ। यसभन्दा भिन्न विचार लिएर त्यस पारलौकिक वा अलौकिक सत्तालाई आफ्नो नियन्त्रणमा राखेर त्यससित सम्बन्ध स्थापित गर्ने जुन उपाय मानवले अपनाउँछ त्यसलाई अभिचार भनिन्छ। साधारण अर्थमा भन्ने हो भने अभिचार पनि तन्त्र नै हो। अभिचार भन्नाले मारण, मोहन, स्तम्भन, विद्वेषण, उच्चाटन र वशीकरण यी षट्कर्म पर्दछन्।

केही समाजशास्त्रीहरूले धर्मलाई दुई भागमा बाँडेका छन् - १) विश्वास र २) विधिविधान वा संस्कार। विश्वासलाई पनि सद्विश्वास र असद्विश्वासका नामले दुई भागमा विभक्त गरेको पाइन्छ। सद्विश्वासबाट शुद्ध धार्मिक भावना जागेर आउँछ भने असद्विश्वासबाट अभिचारको सृष्टि हुन्छ। सद्विश्वासमा कल्याणकारी, सौम्य, शान्त प्रकृतिका देवीदेवताहरूलाई आराध्य बनाइएको हुन्छ भने असद्विश्वासमा आराधनाका प्रतीक अकल्याणकारी र क्रूर नै हुन्छन्। अकल्याणकारी र क्रूर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुरात्माको आराधना गर्ने पद्धतिलाई अभिचार भनिन्छ। यस्तो अभिचार अन्य देवतालाई खुसी पार्न पनि गरेको पाइन्छ तर त्यस अवस्थामा पनि सदात्मालाई दुरात्माकै भाव राखेर आभिचारिक कृत्य गरिन्छ। यसको प्रत्यक्ष प्रमाण गणेशको आराधनामा पाइन्छ। गणेशको आराधना कतै विघ्नकारकका रूपमा हुन्छ भने कतै विघ्ननाशकका रूपमा हुन्छ। गणेशलाई विघ्नकारक मानी उनलाई खुसी पार्न गरिने कृत्य आभिचारिक मानिन्छ।

मानवमा अभिचारको भावना अत्यन्त प्राचीन कालदेखि नै थियो। अथर्ववेदमा अभिचारको भावना पाइन्छ। कौशिक ऋषि अभिचारविद्याका प्रवर्तकमध्ये एक मानिन्छन्। अभिचारको प्रयोग राजाले देश र जनताको रक्षाका लागि गर्नुपर्ने भए तापनि कहिलेकाहीँ सर्वसाधारणले पनि आफ्नो स्वार्थपूर्तिका लागि यसको प्रयोग गर्न सक्ने भएकाले मनुले यसमा प्रतिबन्ध लगाउन दण्डव्यवस्था पनि गरेको देखिन्छ। शास्त्रले बताएको हवन आदि गरेर तथा लौकिक विधिद्वारा गोडाको धूलो लिएर अथवा केशलाई भूमिमा गाडेर आभिचारिक मारणको उपाय गर्दा जसका लागि यो गरिएको छ उसको मृत्यु नभएमा दुई सय पण दण्ड गर्ने र मृत्यु भएमा अभिचार गर्नेलाई प्राणदण्ड दिने व्यवस्था मनुस्मृतिमा गरेको देखिन्छ (मनुस्मृति, ९।२९०)। अब यहाँ अभिचारका केही प्रकारहरूको चर्चा गरिन्छ।

१.८.१.१. अनुकरणात्मक अभिचार

प्रकृतिमा मौसमअनुसार देखापर्ने दृश्य वा वातावरणको अनुकरण गरी आफूले चाहेको मौसम सृजना गर्नका लागि गरिने आभिचारिक कृत्यलाई अनुकरणात्मक अभिचार भनिन्छ। विक्रमसंवत् २००७ सालभन्दा अघि काठमाडौं उपत्यकामा समयमा पानी नपरेर अनिकाल पर्ने सम्भावना देखियो भने तोप पड्काएर वर्षा ल्याउने प्रयत्न गरिन्थ्यो। यसरी पानी पार्न पड्काउने तोप शिवपुरी, चन्द्रागिरि, फूलचोकीजस्ता अग्लाअग्ला डाँडामा लगेर राखिन्थ्यो र पड्काइन्थ्यो। वर्षायाममा मेघको गडगडाहटका साथ पानी पर्ने भएकाले प्रकृतिको सोही दृश्यको अनुकरण गर्दै पानी माग्दा नदीको किनार वा कुनै पर्वतको टाकुरामा गएर बडो धूमधामका साथ नगरा आदि बाजागाजा बजाउने, शङ्खध्वनि गर्ने अथवा तोप पड्काउने चलन थियो। मेघगर्जनको अनुकरण गरेपछि मेघले आफ्नो काम सुरु गर्छ र पानी पर्छ भन्ने विश्वासका साथ गरिने अभिचारलाई अनुकरणात्मक अभिचार भनिन्छ। अभिचारको मात्रा कम भएमा पानी नपर्ने र बढी भएमा अतिवृष्टि हुन्छ भन्ने विश्वास गरिन्छ। विक्रमसंवत् १९९५ सालतिर सप्तरी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जिल्लाको हनुमाननगर भन्ने ठाउँमा पानी पार्नका लागि एउटा आभिचारिक कृत्य गरिएको थियो। अभिचारमा कुनै त्रुटि हुन नपाओस् भनेर सावधान हुँदाहुँदै पनि त्यहाँ साविकभन्दा बढी आभिचारिक कृत्य हुन गयो। त्यसैको फलस्वरूप त्यस क्षेत्रमा अतिवृष्टि भएको अनुभव जनताले गरे। पानी मागेको तीन दिनभित्रै करिव आठ कोस पर रहेको कोशीको भँगालो फर्केर आयो र तीन हजार जनसङ्ख्या भएको 'लिलजा' नामक गाउँलाई कोशी नदीले आत्मसात् गऱ्यो (शर्मा, २०५८ (तेस्रो संस्करण), पृ. १२४)।

समयमा पानी परेन भने पानी पार्नका लागि पीपलको पातमा एक लाख वा सोभन्दा बढी 'क' शब्द (संस्कृतमा 'क'शब्दको अर्थ पानी हुन्छ) लेखेर नदीमा बगाउने चलन अझै पनि गाउँघरमा विद्यमान छ। यस दृश्यले नदीमा बाढी आएको आभास दिलाउँछ जुन मानिसहरूको काल्पनिक चाहना हो। यसलाई पनि एक प्रकारको अभिचार नै मान्न सकिन्छ।

हिन्दूधर्मावलम्वीहरूमा यज्ञ गरेको धूवाँबाट वर्षा हुन्छ भन्ने विश्वास पनि यसैको उपज हो भन्ने लाग्छ किनभने धूवाँ र बादलमा समानता छ र त्यही समानताको अभिचारमा यस्तो विश्वास भएको हुन सक्छ। अतः यज्ञको अन्त्यमा पानी परेको काल्पनिक दृश्य खडा गर्नका लागि घरको छतबाट पानी खन्याई अवभृथस्नान गर्ने विधान नै रहेको छ।

१.८.१.२. समवेदनात्मक अभिचार

अरूलाई पीडा दिएर वा पीडा भयो भन्ने अनुभूतिका साथ गरिने अभिचारलाई समवेदनात्मक अभिचार भनिन्छ। काठमाडौँको क्षेत्रपाटीटोलमा 'घोप्टे गणेश' नामक तान्त्रिक देवता छन्। ती देवतालाई वैशाख, जेठतिर राँगो बलि दिइन्छ। बलि दिने क्रममा सो राँगोलाई डोरीले बाँधेर लडाइन्छ र त्यसलाई चटपटाउन नसक्ने अवस्थामा राखिन्छ। त्यसपछि राँगाको घाँटीको मूल रक्तनलीलाई काटिन्छ र पूजा गर्ने मुख्य कर्ताले त्यो रक्तनली हातले समाएर बिरुवामा पानी हालेझैँ घोप्टे गणेशमा पर्ने गरी रगतको धारा लगाउँछन्। यति गर्दा पनि राँगो मरेको हुँदैन र मरणासन्न भएर कष्टले आँसुका धारा बगाइरहेको हुन्छ। यस्तो अभिचार गर्दा बलि दिइने पशुले आँखाबाट जति धेरै कष्टका आँसु बहाउँछ र जति धेरै रगत बग्दछ त्यति नै राम्रो वर्षा हुन्छ भन्ने विश्वास ग़रिन्छ। त्यसैले यस्तो अभिचारलाई समवेदनात्मक अभिचार भनिन्छ।

त्यसैगरी चाँगुनारायणक्षेत्रको आसपासका जनता त्यस क्षेत्रमा समयमा वर्षा भएन भने चाँगुनारायण मन्दिरको ढोकाअगाडि रहेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरुडको शिलामूर्तिलाई दुःख दिन्छन् । यसरी दुःख दिने क्रममा सो मूर्तिलाई ढुङ्गाले वा माटोको डल्लाले हिर्काउने गरिन्छ । यसरी गरुडलाई कष्ट दिएपछि त्यस क्षेत्रमा राम्रो वर्षा हुन्छ भन्ने विश्वास गरिन्छ ।

वर्षाका लागि मूर्तिलाई मात्र होइन जीवित मान्छेलाई नै दुःख दिने चलन पनि पाइन्छ । सात सालअघि र धेरै पछिसम्म पनि वर्षा गराउन गरिने अनेक अभिचारमध्ये बडाहाकिम वा अञ्चलाधीशलाई खाँवामा बाँधेर पानी खन्याउनु पनि एक थियो । वर्षा हुन ढिलो भएमा जनताहरू बडाहाकिम वा अञ्चलाधीशकहाँ आउँथे र उनीहरूलाई निश्चित ठाउँमा लगेर एउटा खाँवामा डोरीले बाँधेर राख्थे । यसरी खाँवामा बाँधिसकेपछि स्थानीय नारीहरूले घैलाका घैला पानी खन्यांउँथे । यहाँ एउटा कुरा के स्मरणीय छ भने यो वर्षाका लागि गरिने एक प्रकारको अनुष्ठान हो । यस अनुष्ठानमा नारीहरूको भूमिका महत्त्वपूर्ण रहेको स्पष्टै देखिन्छ । वर्षाको सम्बन्ध कृषिसँग भएको र कृषिका लागि गरिने अनुष्ठान वा जादुटोनामा नारीको भूमिका प्रमुख हुने कुराको चर्चा माथि गरिसकिएको छ । पानी खन्याउने कार्यबाट उसलाई दुःखको अनुभव भयो भन्ने निश्चय भएपछि मात्र डोरी फुकाइन्थ्यो । यस्तो कार्य परम्परागत भएकाले उनीहरूले आपत्ति जनाउनु हुँदैनथ्यो । यस्तो आभिचारिक कार्यबाट वर्षा हुन्छ भन्ने धारणा नेपालका केही जिल्लामा अहिले पनि छ ।

१.८.१.३. संसर्गजन्य अभिचार

संसर्गको सिद्धान्तमा आधारित अभिचारलाई संसर्गजन्य अभिचार भनिन्छ । संसर्गजन्य अभिचार गर्दा संसर्गबाट काम लिइने भएकाले यसलाई संसर्गजन्य अभिचार भनिएको हो । संसर्गजन्य अभिचारको उदाहरण पृथ्वीनारायण शाहको जीवनीमा देख्न सकिन्छ । पृथ्वीनारायण शाहको सम्बन्ध सिद्ध गोरखनाथसित भएको किंवदन्ती पाइन्छ । जसअनुसार गोरखनाथले एउटा साधारण जोगीको रूपमा आई बालक पृथ्वीनारायण शाहलाई अँजुली थाप्न लगाएर उनको अँजुलीमा आफूले खाएको दही छादेर त्यो दही खाऊ भनेका थिए रे । जोगीले आफ्नो अँजुलीमा छादेको दही पृथ्वीनारायण शाहलाई खान मन लागेन त्यसैले त्यो दही उनको गोडामा पोखियो । त्यति बेला जोगीका रूपमा आएका गोरखनाथले मैले दिएको दही तिमीले खाएको भए तिमीले जे बोले पनि पुग्ने थियो तर तिमीले खाएनौ त्यसैले अब तिमीले हिँडेजति ठाउँ तिम्रो राज्य हुनेछ भनेर पृथ्वीनारायण शाहलाई भनेका थिए रे । तिनै गोरखनाथको आशीर्वादले पृथ्वीनारायण शाह

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल एकीकरण अभियानमा सफल भए भन्ने नेपालीहरूको विश्वासमा संसर्गजन्य अभिचारको भावनाले काम गरेको छ ।

यस्तो संसर्गजन्य अभिचारको भावना लौकिक व्यवहारको पक्षमा मात्र होइन, धार्मिक पक्षमा पनि पाइन्छ। धार्मिक पक्षको अभिचारमा आफूभन्दा जान्नेसुन्ने वा गुरुको जुठो खाएमा उनमा भएका गुण आफूमा आउँछन् भन्ने धारणा कतैकतै पाइन्छ। यसलाई स्पष्ट गर्न 'चोलियामार्गी' र 'वीजमार्गी'को चर्चा गर्नु यहाँ प्रासङ्गिक हुन आउँछ। चोलियामार्गी र वीजमार्गीहरू वि.सं. १९८३ सालभन्दा पहिले नेपालमा प्रकटरूपले नै आफ्नो मत प्रचार गर्दथे। चोलियामार्गीमतमा श्रीकृष्ण र गोपिनीहरूको रासलीलाको नक्कल गरिन्छ। त्यस्तो रासलीलामा सम्मिलित हुन उसको इमानदारिताको कैयौँ परीक्षा लिइन्छ र परीक्षामा सफल हुनेले मात्र प्रवेश पाउँछ। रासलीलामा सम्मिलित हुन अवसर पाउनेहरू खूब भजनकीर्तन र नृत्य गर्दछन् र रासलीलाको चरम अवस्था हुँदै गएपछि नृत्य गर्दै आफ्नो शरीरका वस्त्र उतार्दै जान्छन्। निर्वस्त्र भएपछि पनि नृत्य चलिरहन्छ। यसप्रकार पुरुष र महिला एकै ठाउँमा नृत्य गर्दा त्यो दिन जुन पुरुषले जुन स्त्रीको चोलो फेला पार्दछ त्यस दिनका लागि ऊ उसकी गोपिनी हुन्छे। यसमा गुरुचेला, जातपात कुनै कुराको भेदभाव रहँदैन। यसप्रकार यौनसम्बन्ध राखेर ज्ञानप्राप्ति वा ईश्वरप्राप्ति हुन्छ भन्नु वा धर्म हुन्छ भन्नु पनि संसर्गजन्य अभिचारको एक अङ्ग हो (पूर्ववत्, पृ. १३२)। यस्तै प्रकारको कृत्य भैरवीचक्र नामक तान्त्रिक साधनामा पनि गरिन्छ भन्ने उल्लेख तन्त्रग्रन्थहरूमा पाइन्छ। बीजमार्गमा चाहिँ यौनकार्यको अन्तिम अवस्थामा गुरुले आफ्नो वीर्य आफ्नी गोपिनीको योनिमा नभई अन्यत्र पतन गराउनुपर्दछ। त्यस कार्यका लागि एउटा छुट्टै भाँडो राखिएको हुन्छ। यसप्रकार पतन गराइएको वीर्य दूधमा मिसाएर पञ्चामृत बाँडेझैँ त्यहाँ उपस्थित सबै व्यक्तिलाई प्रसादको रूपमा वितरण गरिन्छ र त्यसलाई सबैले श्रद्धापूर्वक पान गर्दछन्। यसप्रकार गुरुको वीर्य पान गर्नाले ज्ञानप्राप्ति वा ईश्वरप्राप्ति हुन्छ भन्नु वा धर्म हुन्छ भन्नु पनि संसर्गजन्य अभिचारको भावना हो। नेपालमा हाल चोलियामार्गी र बीजमार्गीको अस्तित्व भए नभएको थाहा छैन तर यस किसिमका कृत्यहरूको विधि र प्रक्रियाको चर्चा भने तन्त्रग्रन्थहरूमा पाइन्छ।

श्रीपशुपतिनाथको दक्षिणभागमा स्थापना गरिएको उन्मत्तभैरवको नग्न मूर्ति पनि नेपाली समाजमा निकै प्रसिद्ध छ। निःसन्तान नारीले यस मूर्तिलाई पूजा गरेमा, मूर्तिको लिङ्गमा शिरले छोएमा, हातले छोएमा अथवा आफ्नो योनिको स्पर्श उक्त मूर्तिको लिङ्गमा गराएमा सन्तानप्राप्ति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ भन्ने विश्वास गरिन्छ। त्यही भावनाले उक्त मूर्तिमा त्यस्तो कृत्य गर्नुलाई पनि संसर्गजन्य अभिचार भन्न सकिन्छ। काठमाडौँ उपत्यकाभित्र हिन्दूधर्मावलम्बीहरूमा मात्र होइन बौद्धधर्मावलम्बीहरूमा पनि यो भावना पाइन्छ।

वज्रयान सम्प्रदायका बौद्धमार्गीमा पनि यस्तो भावना पाइन्छ। यो सम्प्रदाय तान्त्रिक विधिमा विश्वास राख्दछ र बोधिज्ञानको माध्यम सोही विधिलाई बनाउँछ।

१.८.२. शक्तिसाधना

शक्तिसाधना तन्त्रको मूलभूत विशेषता हो। सुसूक्ष्म कारण जगत्, लिङ्गात्मक सूक्ष्म जगत् र इन्द्रियगोचर स्थूल जगत् शक्तिको विकास मात्र हो भन्ने मूल चिन्तन नै तान्त्रिक दृष्टिको आत्मा हो। यस चिन्तनअनुसार आद्याशक्ति तत्त्वातीत हुँदाहुँदै पनि सर्वतत्त्वमय र प्रपञ्चस्वरूप छ। त्यही नित्य एवं परमानन्दस्वरूप शक्ति नै चराचर जगत्को वीजरूप हो। शक्ति नै प्रकाशात्मक शिवको स्वरूपज्ञानको उद्बोधक ऐना हो। जसरी कुनै व्यक्तिले आफ्नो अगाडि रहेको सफा ऐनामा आफ्नो प्रतिविम्ब देखेर उक्त प्रतिविम्बलाई आफू भनेर चिन्दछ त्यसैगरी परमेश्वरले पनि आफ्नो शक्तिलाई देखेर आफ्नो स्वरूपको बोध गर्दछ। कुनै वस्तु आफ्नो अगाडि नहुँदा जसरी ऐनाले प्रतिविम्बलाई ग्रहण गर्दैन वा वस्तु अगाडि भए तापनि प्रकाशको अभावमा ऐनाका अगाडि रहेको प्रतिविम्ब प्रतिबिम्बका रूपमा भासित हुँदैन त्यसैगरी पराशक्ति पनि प्रकाशरूप परम शिवको सामीप्यविना आफूभित्र रहेको विश्वप्रपञ्चलाई प्रकट गर्न समर्थ हुँदैन त्यसैले शिव वा शक्ति परस्पर सम्वन्धरहित भएर एक्लैले जगत्को निर्माण गर्न सक्तैनन्। सम्पूर्ण तत्त्व र सम्पूर्ण कार्यहरू यिनै दुईको परस्पर सम्वन्धबाट उद्भूत र प्रतिफलित हुन्छन् (कविराज, ई.सं.१९६३, पृ. ७६)' त्यसैले वस्तुतः कुनै पनि साधना शक्तिको नै आराधना हो। सम्पूर्ण सिद्धिहरू शक्तिसापेक्ष हुन्छन् अर्थात् शक्तिविना कुनै पनि आदर्शको उपलब्धि सम्भव छैन। यसप्रकार विचार गर्दा के कुरा स्पष्ट हुन्छ भने शिव, विष्णु, गणेश, सूर्य अथवा कुनै पनि देवताको उपासना मूलतः शक्तिको नै उपासना हो। त्यसै हुनाले शक्ति र शक्तिमान्को संयुक्त उपासना तन्त्रपरम्परामा प्रचलित छ त्यसैले शिवका साथ पार्वतीको, विष्णुका साथ लक्ष्मीको, इन्द्रका साथ इन्द्राणी आदिको संयुक्तरूपले पूजा गरिन्छ। रुद्री लगाउँदा चण्डीपाठ गर्ने र चण्डीपाठ गर्दा रुद्री लगाई शिव र पार्वतीको संयुक्तरूपले उपासना गर्ने तथा सत्यनारायणको पूजामा विष्णुका साथमा अनिवार्यरूपले लक्ष्मीको पूजा गर्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली परम्परा तन्त्रसम्मत देखिन्छ। तन्त्रको यस विशेषतालाई कलाकारहरूले पनि चित्र वा मूर्तिमा व्यक्त गर्दा संयुक्तरूपले नै व्यक्त गरेको पाइन्छ। उमाका साथमा महेश्वरको संयुक्त मूर्ति वा शिवलिङ्गका साथ लिङ्गको आधारका रूपमा योनिको निर्माण सोही चिन्तनको प्रतिफल हो।

१.८.३. मातृसत्तात्मकता

तन्त्रमा मातृशक्तिलाई नै प्रमुख मानी आफूभित्रको नारीचेतनालाई जागृत गर्न आफैँ देवी बनेर देवीको उपासना गरिन्छ। वस्तुतः नारीचेतना भनेको सृजनात्मक क्षमता हो। सोही सृजनात्मक क्षमताको जागरण नै कुण्डलिनीजागरण हो। नारीशक्तिको जागरणका लागि नारीशक्तिको आराधना नै तन्त्रको मूल अभीष्ट रहेकाले तन्त्रमा नारीको भूमिका महत्त्वपूर्ण रहन्छ। आधुनिक समाजशास्त्रीहरू पनि कृषिसम्वद्ध अनुष्ठान नै तन्त्रको उत्पत्तिको मूल आधार रहेको र कृषिको खोज नारीले गरेकाले तान्त्रिक अनुष्ठानमा नारीको महत्त्वपूर्ण भूमिका रहेको स्विकार्दछन्। तान्त्रिक आचारहरूमा श्रेष्ठ मानिने कौलाचार त्र्यम्वकको दुहितृपरम्परावाट प्रारम्भ भएको र योगिनीवक्त्र परम्परावाट नै कौलज्ञानको सञ्चार भएको तन्त्रग्रन्थहरूमा उल्लेख हुनुले पनि मूल तान्त्रिक परम्परामा नारीको प्रधानता रहेको देखिन्छ। अतः मातृकुललाई विशेष महत्त्व दिई सञ्चालन गरिने सामाजिक संस्कारहरूमा मातृसत्तात्मकताका अवशेष फेला पार्न सकिन्छ। विशेषतः मातृसत्तात्मक जनजातीय समाजमा तन्त्रवादको यो मूलभूत विशेषता मुखरित भएको पाइन्छ।

१.८.४. परम्परागत लोकविश्वास

तन्त्रले परम्परागत लोकविश्वासलाई विशेष मान्यता दिएको देखिन्छ। परम्परागत प्रचलन, लौकिक विधिव्यवहार, कुलधर्म आदिलाई त्याग्न नहुने स्पष्ट वचन तन्त्रागमहरूमा पाइन्छ। कुनै व्यक्ति तीनै काललाई जान्न समर्थ छ वा तीनै लोकलाई आकर्षण गर्न सक्षम छ भने पनि उसले लौकिक आचारलाई उल्लङ्घन नगरोस् भनेर शक्तिसङ्मतन्त्रमा उल्लेख गरिएको छ -

> यद्यप्यस्ति त्रिकालज्ञस्त्रैलोक्याकर्षणक्षमः।
> तथापि लौकिकाचारं मनसाऽपि न लङ्घयेत्॥

त्यसैले परम्परादेखि प्रचलनमा रहेका विधिव्यवहार, आचार, मान्यता, लोकविश्वास, त्यही लोकविश्वासमा आधारित भएर स्थापना

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरिएका देवीदेवताहरूको पूजाउपासनाको परम्परा आदि तन्त्रकै अङ्गभूत विषय हुन्। स्थानीय वा जातीय परम्परा पनि यसै अन्तर्गत पर्दछन्। स्थानीय वा जातीय परम्परालाई आफ्नै मौलिक विधिद्वारा सम्पन्न गर्ने धामी, झाँक्री, ओझा, बिजुवा, माङ्पा, नाक्छौ आदिले आर्जन गरेको ज्ञान र तिनले सम्पन्न गर्ने विधिविधान पनि तन्त्र नै हुन्।

१.८.५. जादुटोना

जादुटोना भनेको वस्तुतः काल्पनिक मनोरथ सृष्टि गर्ने विधि हो। जादुटोनाको आधारभूत सिद्धान्त भनेको भ्रमको सृजनद्वारा वास्तविकतामाथि नियन्त्रण गर्नु हो। यस विधिको उपयोग सम्मोहनका माध्यमबाट मनश्चिकित्साक्षेत्रका साथै ध्यानको उच्चतम अवस्थामा समेत गर्न सकिन्छ। आफ्नो मानसपटलमा आफूले कल्पना गरेको चित्र उपस्थित गरेर मानसिकरूपले सन्तुष्टिको अवस्थामा पुग्नु वा आफ्नो कल्पनालाई अभिनयात्मक बाह्य क्रियानुष्ठानका माध्यमबाट आफूले इच्छा गरेको कुरालाई वास्तविकतामा परिणत गर्नु जादु वा मायाविधि हो। यो विधि वास्तविक विधिको सहायक तथा पूरक हुने गर्दछ। मायापूर्ण र काल्पनिक भएर पनि यो विधि व्यर्थ जाँदैन। उदाहरणका लागि रोपाइँका समयमा गाइने रोपाइँगीत वा नृत्यलाई लिन सकिन्छ। रोपाइँका समयमा रोपार महिलाहरू र बाउसे गर्ने, आली लगाउने तथा जोत्ने पुरुषहरू सामूहिक रूपमा अन्न उत्पादन राम्रो होस् भनेर नाच्ने, गाउने तथा अन्न उत्पादनसँग सम्बद्ध विभिन्न अभिनयहरू गर्दछन्। उनीहरू आफ्नो कल्पनालाई अभिनयको रूप दिएर इच्छित वास्तविकतालाई सत्य बनाउँछन्। यही नै जादु वा मायाविधि हो जो वास्तविक विधिको सहायक तथा पूरक हुने गर्दछ। मायापूर्ण र काल्पनिक भए तापनि यो विधि व्यर्थ जाँदैन। धानको बोटमाथि यसको प्रत्यक्ष प्रभाव पर्दैन तर किसानमाथि भने यसको प्रत्यक्ष प्रभाव पर्दछ। किसानहरूमा उक्त गीत वा नृत्यले अन्न उत्पादन राम्रो हुन्छ भन्ने विश्वास उत्पन्न हुन्छ। त्यही विश्वासका साथ उनीहरू अझ बढी उत्साहपूर्वक बालीनालीको स्याहारसम्भार गर्दछन् अनि अन्न उत्पादनमा सकारात्मक प्रभाव देखापर्दछ। यसप्रकार जादुले मनोवैज्ञानिक असर गर्दछ। यसप्रकारको अनुष्ठान सामूहिक हुने गर्दछ। व्यक्तिगत अनुष्ठानभन्दा सामूहिक अनुष्ठान बढी फलदायी हुने भएकाले यस्ता अनुष्ठानहरू सामूहिक रूपमा गरिन्छन् किनभने सामूहिक अनुष्ठानमा सहभागी भएका व्यक्तिहरूको सघन इच्छाशक्तिले प्रकृतिमाथि नियन्त्रण गर्न सकिन्छ र यसले उनीहरूमा मात्रै मनोवैज्ञानिक असर गर्दैन अपितु बाह्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वातावरणमा समेत त्यसको प्रभाव पर्दछ भन्ने विश्वास गरिन्छ। सामूहिक इच्छाशक्तिले प्रकृतिमाथि नियन्त्रण गर्न सकिन्छ भन्ने विश्वासका साथ यस्ता अनुष्ठानहरू गरिन्छन्। अनुकरणात्मक अभिचारलाई जादुटोनाको उदाहरणका रूपमा लिन सकिन्छ जसको चर्चा माथि भइसकेको छ।

१.८.६. समन्वयात्मकता

तन्त्रले सबै देवीदेवतामा समन्वय कायम गरेको देखिन्छ। एउटै महाशक्ति वा परब्रह्म साधकहरूको अभीष्ट सिद्धिका लागि अनेक नाम र रूपमा कल्पित भएका हुन् त्यसैले कुनै पनि देवीदेवतामा भेद नगर्नू भन्ने तन्त्रको वचन पाइन्छ। तन्त्रले पञ्चदेवलाई ऐक्यभावले पूजन गर्नू भनेको छ। त्यसैगरी दशमहाविद्या र विष्णुका दश अवतारमा ऐक्यको कल्पना तन्त्रमा गरिएको छ (ज.व.रा.(सं.), २०२५, पृ. २७)। नेपालको धार्मिक परम्परामा समन्वयको यो भावना कति प्रबल बनेको छ भने शिव र बुद्ध, काली र कृष्ण, हरि र हर एउटै हुन् भन्ने विश्वास जनमानसमा छ। यसको साक्ष्य बनेका छन् यहाँका विभिन्न सांस्कृतिक जात्रापर्वहरू। तन्त्रमा भएको यही समन्वयको भावनाले नै नेपाललाई राष्ट्रिय एकताको सूत्रमा बाँध्ने काम गरेको छ।

१.९. तन्त्रसम्बन्धी प्रचलित धारणा र तिनको निराकरण

तन्त्र अत्यन्त प्राचीन र गूढ रहस्यविद्या हो जसका माध्यमबाट पारिवारिक र सामाजिक स्तरमा आफ्ना कर्तव्यहरूको पालना गर्दागर्दै लौकिक अभीष्ट सिद्धिका साथै यसै जीवनमा जीवन्मुक्तिको अनुभव गर्न सकिन्छ। तन्त्रमा निहित पवित्र उद्देश्य र उपादेयताका बाबजुद तन्त्रका आचारपद्धति र साधनाका निगूढ रहस्यलाई नबुझेका परम्पराभ्रष्ट साधकहरूको गलत साधनाका कारण तथा तन्त्रलाई सतही रूपमा बुझेका र बुझ्दै नबुझेका व्यक्तिहरूको गलत प्रचारका कारण साधारण जनमानसमा तन्त्रप्रति सङ्कुचित धारणा रहेको पाइन्छ। यस प्रसङ्गमा पाश्चात्य विद्वान् हर्वर्ट वी. गैन्थर(ई.सं १९६९)ले लेखेका छन् –

It is true the Tantras are nothing for those who are so pure in mind and, alas! So poorminded that they are unable to see that actual life is different from the fantastic and mutually contradictory theories and ideas they have about it ; nor are the Tantras meant for those who consider life to be nothing else but a *chronique scandaleuse*. But since it is easier to follow extremes than to weigh the evidence and to dicide upon a middle path, there can be no

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

doubt that these extremists have done great harm to the study and understanding of what the Tantras have to tell. For it is by their verdict- unjustified abuse based upon willful ignorance and misconceptions about the aim of the Tantras engendered by this ignorance- that the Tantras are nowadays held in contempt and considered to be something depraved and mean. Yet the fact is that the tantras contain a very sound and healthy view of life. (पृ. ३) ।

तन्त्रको स्वरूपमाथि प्रकाश पार्दै उनले अगाडि लेखेका छन्– "First of all, the Tantras are not a philosophy. They are an experience of life, of life just as it is, and in this way they are the basic foundation of many philosophy that has developed at a later stage."(पृ. ४) ।

तान्त्रिक उपासनाको चर्चा हुनेबित्तिकै जनसामान्यमा पञ्चमकार (मद्य, मांस, मत्स्य, मुद्रा र मैथुन) को प्रयोगलाई लिएर तान्त्रिक उपासनाप्रति घृणाको भाव जागृत हुने गरेको देखिन्छ। ताराभक्तिसुधार्णव नामक ग्रन्थमा मैथिल साधक नरसिंह ठाकुरले यी विषयहरूको वेदमूलकता सिद्ध गरेका छन्। सौत्रामणि एवं वाजपेययज्ञमा होताका लागि सुरापान विधिसम्मत मानिएको छ। आश्वलायनभाष्यमा वेश्या र ब्रह्मचारीको समागमको उल्लेख पाइन्छ भने छान्दोग्योपनिषद्मा वर्णित वामदेवीउपासनामा परस्त्रीग्रहणपरक मन्त्रहरूको उल्लेख पाइन्छ। त्यसैगरी अश्वमेध एवं गोमेधयज्ञमा पशुमारण आदिको विधान पाइन्छ। वास्तवमा कुनै पनि वस्तुको औचित्यको निर्णय उक्त वस्तुको उपयोगमा निर्भर रहन्छ। वस्तुको गुण वा दोष उपयोगको अधीनमा रहन्छ, वस्तुको अधीनमा होइन त्यसैले सौत्रामणियज्ञमा होताका लागि सुरापान वैध भए तापनि अन्यका लागि त्यो अवैध एवं निन्द्य मानिएको छ। त्यसैगरी मत्स्य र मांसको ग्रहण अर्थात् जीवहिंसा वैदिक यज्ञ र तान्त्रिक उपासनामा विधिसम्मत र पुण्यजनक भए तापनि अन्यत्र त्यही कार्य पापजनक मानिन्छ। एउटै वस्तुमा उपयोगभेदका कारण गुण वा दोषको विचार हुन्छ र त्यसैको आधारमा लोकव्यवहारमा त्यसको औचित्य वा अनौचित्यको विचार हुन्छ। मधुमेहको रोगीका लागि कुनै गुलियो चिज त्याज्य हुन्छ तर शरीरमा ग्लुकोजको मात्रा कम हुनेका लागि त्यही चीज ग्राह्य हुन्छ। त्यसैले जुन चीज लोकव्यवहार तथा धर्मशास्त्रमा निन्द्य मानिएको छ त्यही चीज तान्त्रिक उपासनामा वीर साधकका लागि प्रशस्तिपूर्ण मानिएको छ।

तान्त्रिक उपासना भन्नाले सामान्य जनमानसले शाक्त उपासनालाई मात्र ग्रहण गर्ने गरेको देखिन्छ। तान्त्रिक उपासनाको मूलमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शाक्त दृष्टि रहे तापनि शक्ति वा मातृदेवीको उपासना मात्रै तान्त्रिक उपासना भने होइन। यसअन्तर्गत शिव, विष्णु, गणेश, सूर्य आदि देवीदेवताको उपासना पनि पर्दछन्। यसका साथै लोकव्यवहारमा प्रचलित परम्परा, आस्था, जनविश्वास पनि तन्त्र वा आगमकै अङ्गभूत विषय हुन्।

१.१०. निष्कर्ष

माथिको अध्ययनबाट के कुरा स्पष्ट हुन्छ भने तन्त्र शब्दले व्यापक अर्थ ग्रहण गरेको छ र तन्त्र वास्तवमा मानवीय जीवनका व्यावहारिक प्रयोगहरूले युक्त लौकिक एवं अलौकिक सिद्धि प्राप्त गर्ने उपायका रूपमा रहेको साधनाशास्त्र हो। तन्त्रको उत्पत्तिलाई कालक्रमिक विकासको परिणाम मान्ने र दैवी उत्पत्तिको सिद्धान्तअनुसार तन्त्रलाई हर्ने दुवै दृष्टिकोण पाइन्छ। वैदिक वाङ्मयदेखि लौकिक साहित्यसम्म तन्त्र एवं तन्त्रवादका धारणाहरू दृष्टिगोचर हुने भएकाले यो परम्परा वैदिक परम्पराको समानान्तर परम्पराका रूपमा विकसित भएको र कालान्तरमा यी दुवै धारा एकअर्कामा समन्वितरूपले र स्वतन्त्ररूपले प्रवाहित भएको देखिन्छ। वैदिक वाङ्मयझैं तान्त्रिक वाङ्मय पनि अत्यन्त विशाल रहेको छ। शैव, शाक्त, वैष्णव, गाणपत्य र सौर परम्परा हिन्दूतन्त्रपरम्पराभित्र समेटिएका छन् र यिनमा वैदिक प्रभाव पनि पाइन्छ भने बौद्ध र जैन परम्परा विशुद्ध तान्त्रिक परम्परा हुन्। यसका साथै लोकव्यवहारमा प्रचलित आस्था र जनविश्वास पनि तन्त्र एवं तन्त्रवादकै अङ्गभूत विषय हुन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय- दुई

नेपालको धार्मिक परम्परामा तन्त्र

२.१. विषयप्रवेश

पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म हिमाली, पहाडी र तराई क्षेत्रको भूभागमा बस्ने नेपालीहरूको साझा र समष्टिस्वरूप नै नेपाली समाज हो। उक्त नेपाली समाजले अवलम्बन गरेको धार्मिक आस्था र विश्वास, ती धार्मिक आस्था र विश्वासअनुरूप समाजमा प्रचलित विभिन्न चाडपर्व, जात्राउत्सव आदि नै नेपालको सांस्कृतिक जनजीवनका आधार हुन्।

नेपाली संस्कृति मूलतः नैगमिक र आगमिक सांस्कृतिक धाराबाट अनुप्राणित छ। नैगमिक धाराको प्रतिनिधित्व वेदले गर्दछ भने आगमिक धाराको प्रतिनिधित्व तन्त्रले गर्दछ। प्रारम्भमा यी दुई धाराको उद्‌गमविन्दु फरक भए तापनि समाजविकास र सामाजिक अन्तर्क्रियाका क्रममा यी दुवै धारा एकअर्काबाट प्रभावित हुँदै र सांस्कृतिक सात्मीकरणको प्रक्रियाबाट गुज्रँदै वर्तमानसम्म आइपुग्दा एकअर्कामा समानजस्तै बन्न पुगेका छन्।

प्राचीन कालदेखि नै नेपाली समाज धर्मप्राण रहँदै आएको छ र यहाँ भिन्नभिन्न धार्मिक आस्था र विश्वास बोकेका नेपालीहरू आ-आफ्नो आस्था, विश्वास र परम्पराअनुरूप आफ्नो जनजीवन चलाउँदै आएका छन्। यहाँ अनेकौं धार्मिक मत र सम्प्रदायहरू विद्यमान भए तापनि आफ्नो धर्म र सम्प्रदायप्रति आस्था राख्नु र अर्काको धर्म र सम्प्रदायप्रति आदर र सद्‌भाव प्रकट गर्नु नेपालीहरूको मौलिक विशेषता रहँदै आएको छ। यही धार्मिक सहिष्णुता र सद्‌भावको जगमा नै नेपालको राष्ट्रियता उभिएको छ। यसै सन्दर्भमा तलका केही पृष्ठहरूमा तान्त्रिक वा आगमिक धाराअन्तर्गत पर्ने नेपालमा बहुप्रचलित शैव, वैष्णव, शाक्त, बौद्ध आदि धार्मिक परम्परा र तिनमा अन्तर्निहित तन्त्रपरम्पराका विषयमा चर्चा गरिएको छ।

२.२. नेपालमा शैवधर्म

शैवधर्म संसारका प्राचीनतम धर्महरूमध्ये एक हो। शैवधर्म र उपासनाका सम्वन्धमा विद्वान्हरूका विभिन्न मतहरू पाइन्छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मोहनजोदडो र हडप्पासभ्यताको उत्खननबाट प्राप्त अवशेषका आधारमा शैवधर्मको अस्तित्व भारतवर्षमा आर्यजातिको आगमनभन्दा पहिले नै विद्यमान रहेको सिद्ध भएको छ। मध्यएसियातिरबाट आएका आर्यहरूको एक समूह हिन्दुकुश पर्वतशृङ्खलालाई पार गर्दै अफगानिस्तानतिरबाट ईसापूर्व २७५० को आसपासतिर सिन्धु उपत्यकामा प्रवेश गरेको र सोही समूहले दुई अढाइसय वर्षजतिको बीचमा सो उपत्यकामा रहेको हडप्पा एवं मोहनजोदडो आदि सहरका रूपमा विकसित भएका द्रविड जातिका नागरिकहरूको सभ्यतालाई नष्ट बनाइदिएको थियो भन्ने विचार बाबुराम आचार्य(वि.सं. २०६८)ले प्रकट गरेका छन् (पृ. ७)। आर्यहरूको अर्को समूह मध्यएसियातिरबाटै आएर मुञ्जवान् पर्वतलाई पार गरी चित्राल तथा गिलगितको बाटो हुँदै वर्तमान स्वात नदीको किनारमा आइपुगेर त्यहाँ सुवास्तु नामक नगर स्थापना गरे। सोही पछिल्लो समूहका आर्यहरूले आफ्नो ज्ञानको अजस्र भण्डारका रूपमा रहेको ऋग्वेदसंहिता मानवजातिका निम्ति छोडेर गए(आचार्य, वि.सं.२०६८, पृ. ७)। अतः के हुनु सम्भव छ भने सिन्धु उपत्यकामा प्रवेश गरेका पहिलो समूहका आर्यहरूले द्रविड जातिका नागरिकहरूसँग सम्पर्कमा आएपछि विस्तारै उनीहरूका लोकधर्मलाई अँगाल्दै गए। पहिलो समूहका आफ्नै जातिले स्वीकार गरेको लोकधर्मलाई अपनाउन पछिल्लो समूहमा भारत प्रवेश गरेका आर्यहरूलाई असहज भएन। यस अवस्थासम्म आइपुग्न सयौँ वर्ष लाग्यो होला त्यसैले वेदसंहितामा रुद्रको दोहोरो अस्तित्व देखिन्छ। एकातिर उनलाई पशुहरूका रक्षक एवं आफ्नो प्रतापले रोगहरू निको पार्न सक्ने हजारौं प्रकारका औषधि र जडिबुटीहरू जान्ने कविराज मानिएको छ भने अर्कातिर उनलाई चोर, डाँका, यक्ष, गन्धर्व, किन्नर आदिका देवता र बलिया हातपाखुरा भएका खैरा रङ्गका स्वर्गका असुरका रूपमा चित्रण गरिएको छ। उपनिषद्मा रुद्र शिवरूप धारण गरी सर्वोच्च देवका रूपमा प्रतिष्ठित भएका छन्। तिनै शिव वा पशुपतिलाई आगम अथवा तन्त्रहरूले सुदृढ दार्शनिक आधार प्रदान गरी नवीन र भव्य उपासनापद्धतिको आविष्कार गरेको पाइन्छ।

शिवका अनेकौं नाममध्ये पशुपति प्रमुख नाम हो। वेदसंहिता र ब्राह्मणमा रुद्रलाई पशु र मनुष्यका रक्षक, अनेकौं औषधीका ज्ञाता, लता एवं वनस्पतिका देवता आदि भनेर स्तुति गरिएकाले यिनी आफ्ना क्रियाकलापद्वारा पशुप वा पशुपतिका रूपमा सम्मानित रहेको देखिन्छ।

पशुपतिलाई पार्थिव जगत्का अधीश्वर, उग्ररूप र कल्याणमय रूपका साथै समस्त भुवनका मालिक तथा विश्वव्यापी सत्ताका रूपमा महिमागान गरिएको छ। यसका साथै पृथ्वी, जल, तेज, वायु र आकाशरूप

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चतत्त्वको अधिष्ठानका रूपमा पनि मान्यता मिलेको देखिन्छ । शिवलाई गिरिशन्त, गिरित्र, नीलग्रीव, शितिकण्ठ, कपर्दी, सहस्राक्ष, विश्वरूप, व्युप्तकेश, शिपिविष्ट, कृत्तिवासा, ईशान, भूतपति, पशुपति आदि नामले सम्बोधन गरेको पाइन्छ ।

वेदसंहितामा विश्वव्यापी सत्ताका रूपमा मान्यता पाएका शिव भव, शर्व, रुद्र, उग्र, पशुपति, महादेव, ईशान र अशनिका रूपमा अष्टमूर्ति नामले प्रसिद्ध छन् ।

पञ्चब्रह्मोपनिषद्मा शाकलले भगवान् को हुन् ? भनी प्रश्न गर्दा पैप्पलादले भगवान् सद्योजात, वामदेव, तत्पुरुष, अघोर र ईशान हुन् भनी उत्तर दिएका छन् । यिनै पञ्चब्रह्म हुन् र पञ्चब्रह्मको समन्वित स्वरूप नै परमतत्त्व पशुपति हो । तिनै पञ्चब्रह्ममध्ये ऊर्ध्ववक्त्र ईशानमूर्ति क्षेत्रज्ञका अधिष्ठान, आकाशका प्रतिनिधि, सर्वविद्यात्मक, कामेश्वरीशक्तिले अभिन्न सदाशिवस्वरूप हुन् । पूर्ववक्त्र तत्पुरुषमूर्ति सत्त्व, रज र तमोगुणको आश्रय र भोग्य अव्यक्तको अधिष्ठान, वायुका प्रतिनिधि, अथर्ववेदस्वरूप, पूर्णेश्वरीशक्तिले अभिन्न ईश्वरस्वरूप हुन् । दक्षिणवक्त्र अघोरमूर्ति धर्म, ज्ञान, वैराग्य, ऐश्वर्य आदि अष्टाङ्गले समन्वित बुद्धिका अधिष्ठान, अग्निका प्रतिनिधि, सामवेदस्वरूप, निशेश्वरीशक्तिले अभिन्न रुद्रस्वरूप हुन् । उत्तरवक्त्र वामदेवमूर्ति अहङ्कारका अधिष्ठान, जलका प्रतिनिधि, यजुर्वेदस्वरूप, सिद्धेश्वरीशक्तिले अभिन्न, विष्णुस्वरूप हुन् । पश्चिमवक्त्र सद्योजातमूर्ति मनका अधिष्ठान, पृथ्वीका प्रतिनिधि, ऋग्वेदस्वरूप, कुब्जिकाशक्तिले अभिन्न ब्रह्मास्वरूप हुन् । स्वच्छन्दतन्त्रमा सद्योजात आदि पशुपतिका पञ्चवक्त्रलाई ब्रह्मा आदि पञ्चदेवसँग यसरी तादात्म्य गरिएको छ –

सद्योजातस्तु वै ब्रह्मा वामो विष्णुः प्रकीर्तितः ।
अघोरो रुद्र इत्युक्तस्तथा पुरुष ईश्वरः ॥
ईशानस्तु वरारोहे स्वयं देवः सदाशिवः ।

यिनै ब्रह्मादिस्वरूप पञ्चदेव वा पञ्चब्रह्म नै तत्तत् रूपमा सृष्टि, स्थिति, संहार, निग्रह र अनुग्रहस्वरूप पञ्चकृत्यका सम्पादक हुन् ।

त्रिगुणविशिष्ट मायाले संवलित नवद्वारले युक्त हृत्पुण्डरीकको मध्यमा विराजमान यक्षस्वरूप देही नै ब्रह्म हो भनी अथर्ववेदमा भनिएको छ –

पुण्डरीकं नवद्वारं त्रिभिर्गुणभिरावृतम् ।
तस्मिन् यद् यक्षमात्मन्वत् तद् वै ब्रह्मविदो विदुः ॥

(अथर्ववेद, १०।८।४३)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वास्तवमा नौवटा द्वारले युक्त ब्रह्मपुरीको मध्यमा विराजमान यक्षस्वरूप भगवान् श्रीपशुपतिनाथ परब्रह्म परमेश्वर हुन्। यस सन्दर्भमा पशुपतिनाथको मन्दिर वरिपरि नौवटा द्वारहरू रहेका छन् भन्ने उल्लेखको स्मरण हुन्छ। ती द्वारहरू कहाँकहाँ छन्, कुन स्थितिमा छन् वा छैनन् भने कहाँकहाँ हुनुपर्थ्यो त्यसको खोजी हुनुपर्दछ।

नेपालमा उपलब्ध वंशावलीहरूमा सबैभन्दा पुरानो मानिएको गोपालराजवंशावली (१४औँ शताब्दी) का अनुसार वाग्वतीनदीको तीरमा नेप नामक गोपालको बहुद्दी नामक गाईले सधैँ दूध चढाएको देखी त्यहाँ खनेर हेर्दा श्रीपशुपतिनाथको ज्योतिर्लिङ्गको प्रादुर्भाव भयो। गोपालराजवंशावली र अन्य ऐतिहासिक साक्ष्यका आधारमा कालगणना गरेर हेर्दा श्रीपशुपतिनाथको ज्योतिर्लिङ्गको ईसापूर्व १२०० भन्दा अगाडि भेटिएको देखिन्छ (कोइराला, २०५१, पृ. २७८)।

स्कन्दपुराणको हिमवत्खण्डमा प्रलयकालमा ब्रह्मा र विष्णुका बीच को ठूलो भन्ने विषयमा विवाद हुँदा ती दुईको घमण्ड तोड्न भगवान् शिवले तेजोमय लिङ्गको रूप लिएको र सोही ज्योतिर्लिङ्ग नै धेरै कालको अन्तरालपछि पञ्चवक्त्र पशुपतिका रूपमा प्रकट भएको कथा पाइन्छ (स्कन्दपुराण, हिमवत्खण्ड, अध्याय ७४–७७)। त्यसैगरी शिवपुराणको कोटिरुद्रसंहिता (अध्याय ११ र १९), वराहपुराण (अध्याय २१४–२१५) र पशुपतिपुराण (अध्याय १६–१७)मा पनि श्रीपशुपतिनाथसम्बन्धी चर्चा पाइन्छ। देवमालावंशावलीमा पनि श्रीपशुपतिनाथको प्रादुर्भावको कथा पाइन्छ।

नेपालमा शैवधर्मको प्रचलन कहिलेदेखि सुरु भयो भन्ने यकिन गर्न नसकिए तापनि पौराणिक ग्रन्थहरू एवं नेपालका प्राचीन राजवंशावलीहरूका आधारमा प्राचीन कालदेखि नै नेपाल शैवधर्मको केन्द्रका रूपमा रहेको देखिन्छ। पशुपति आर्यघाटमा रहेको विरूपाक्षको मूर्ति र गौरीघाटभन्दा माथि रहेको किराँतेश्वर शिवलिङ्ग किराँतकालमा नै स्थापना भएको अनुमान गरिन्छ (अर्याल, वि.सं. २०४३, पृ. २५)। किराँतवंशावलीमा शिवलाई किराँतीहरूका कुलदेवता मानिएको छ (क्षेत्री र खतिवडा, वि.सं.२०५४, पृ. ८०)। यी दुवै तथ्यले ईसापूर्व प्रथम शताब्दीतिर नै नेपालमा शैवधर्म लोकप्रिय भइसकेको देखिन्छ।

२.२.१. लिच्छविकालिक शैवपरम्परा

प्रथम ऐतिहासिक राजा मानदेवको पालादेखि नेपालमा शैवधर्मको स्थितिका सम्वन्धमा ऐतिहासिक प्रमाणहरू फेला पर्दछन्। संवत् ३८८ (

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वि.सं. ५२४) मा नरवर्माद्वारा स्थापित लाजिम्पाटस्थित शिवलिङ्गको जलहरीको अभिलेखमा शिवलिङ्गको प्रतिष्ठा गरिएको कुरा उल्लेख गरिएको छ (वज्राचार्य, वि.सं. २०३०, पृ. ३१)। संवत् ३९०(वि.सं. ५२५) मा मानदेवकी रानी क्षेमसुन्दरीले स्थापना गरेको लाजिम्पाट धोवीचौरस्थित शिवलिङ्गको अभिलेखअनुसार उनले ईशान शिवलिङ्गको स्थापना गरेको देखिन्छ (पूर्ववत्, पृ. ४०)। बूढानीलकण्ठभन्दा पर विष्णुपादुका डाँडाको फेदीमा रहेको संवत् ३९८(वि.सं. ५३४) को शिवलिङ्गको अभिलेखअनुसार राजा मानदेवले सम्पूर्ण लोकको कल्याणका निम्ति उक्त शिवलिङ्ग स्थापना गरेको देखिन्छ (पन्त, वि.सं. २०४३, पृ. ५५९)। संवत् ३९९(वि.सं. ५३५) मा राजा मानदेवका परम भक्त रत्नसङ्घले भगवान् रत्नेश्वर नामक शिवलिङ्ग स्थापना गरी उक्त शिवलिङ्गको पूजाअर्चनाका लागि जग्गाप्रदान गरेको देखिन्छ (पूर्ववत्, पृ. ५०)। संवत् ४०२(वि.सं. ५३८) मा प्रभुसङ्घ नामक व्यक्तिले जगत्को कल्याणका लागि प्रभुकेश्वर नामक शिवलिङ्गको स्थापना गरी उक्त शिवलिङ्गको पूजाअर्चनाका लागि जग्गाप्रदान गरेको वर्णन पाइन्छ (पूर्ववत्, पृ. ५५)। संवत् ४१३(वि.सं. ५४९) मा जयलम्भ नामक व्यक्तिले राजाका साथै सम्पूर्ण जनताको हितका लागि जयेश्वर नामक शिवलिङ्गको स्थापना गर्नुका साथै आफ्नो पुण्यवृद्धि होस् भनी शिवलिङ्गको कारणपूजा(पर्वविशेषमा हुने पूजा) का लागि भूमिप्रदान गरेको पाइन्छ (पूर्ववत्, पृ. ६३)। संवत् ४१९(वि.सं. ५५५) मा मानदेवकी रानी गुणवतीले आफ्ना स्वर्गवासी पिता किन्नर वर्माको पुण्य अक्षय भइरहोस् भन्नका लागि शिवलिङ्ग स्थापना गरेको देखिन्छ (पूर्ववत्, पृ. ६५)। त्यसैगरी मानदेवकी छोरी विजयवतीले संवत् ४२७(वि.सं. ५६३) मा विजयेश्वर नामक शिवलिङ्गको स्थापना गरेको देखिन्छ (पूर्ववत्, पृ. ८२–८३)। सरकारी वृत्ति पाएका प्रतिहार ध्रुवसङ्घले पशुपतिक्षेत्रमा आफैँले प्रतिष्ठापन गरेको भद्रेश्वर, नाथेश्वर, शुभेश्वर, स्थितेश्वर र रवीश्वर शिवलिङ्गको कारणपूजाका लागि, बिग्रेभत्केमा मर्मतसम्भारका लागि, आफ्ना मातापिताको पुण्यप्राप्ति तथा सबैको हितका लागि आफन्तहरूले मिलेर बनाएको गुठीको अधीन हुने गरी जग्गा प्रदान गरेको कुरा संवत् ४५५(वि.सं. ५९०) को पशुपति भस्मेश्वरको अभिलेखबाट ज्ञात हुन्छ। सो अभिलेखमा भस्मेश्वरको उल्लेख नभएकाले त्यहाँ उल्लिखित भद्रेश्वर नै पछि भस्मेश्वर कहलाएको हो कि भन्ने देखिन्छ (पूर्ववत्, पृ. १५५)। संवत् ४६२ (वि.सं. ५९८) मा आभिरीले ब्राह्मणहरूलाई पूजा गरी आफ्ना स्वर्गीय पति अनुपरमको पुण्यवृद्धि होस् भनी अनुपरमेश्वर महादेवको स्थापना गरेको र महादेवको अभ्यङ्गस्नान तथा पूजाअर्चनाका लागि, टुटफुट भएमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मर्मतसम्भारका लागि तथा भौम गुप्त आदि सन्तानहरूको सुख, आयु, आरोग्यवृद्धिको कामनाले जग्गा प्रदान गरेको कुरा तात्कालिक अभिलेखबाट ज्ञात हुन्छ (पूर्ववत्, पृ. १७०–१७१)। सो अभिलेख पशुपतिनाथको मन्दिरदेखि दक्षिणपट्टि वत्सलादेवीको मन्दिरदेखि पश्चिमपट्टि रहेको छ।

नेपालको राज्यसत्तामा अंशुवर्माको उदय भएपछि यहाँको शैवधर्मको विकासमा पनि नयाँ मोड आएको देखिन्छ। अंशुवर्माले "भगवत्पशुपतिभट्टारकपादानुगृहीत" भन्ने उपाधि धारण गरी शैवधर्मलाई राजधर्मको रूप दिएको देखिन्छ। उनीपछिका प्रायः सबै लिच्छविराजाहरूले यो उपाधि धारण गरेका छन्। अंशुवर्माको संवत् ३२ (वि.सं. ६६६) को साँगा अभिलेखको प्रारम्भिक भागमा महादेवको रौद्र रूपको वर्णन गरिएको छ (पूर्ववत्, पृ. ३३६–३३७)। महादेवको रौद्र रूपको वर्णन भएको नेपालमा प्राप्त सायद यो पहिलो अभिलेख हो। यस अभिलेखका आधारमा के अनुमान गर्न सकिन्छ भने त्यसताका शिवको रौद्र रूपको उपासना प्रचलित थियो। त्यसैको पूर्ण विकासका रूपमा मध्यकालमा भैरवको उपासनाले स्थान लिएको हुनुपर्दछ। अंशुवर्माभन्दा अघिका शिवलिङ्गमा उट्टङ्कित अभिलेखहरूमा शिवको शान्त र सौम्य रूपको नै उपासना भएको प्रमाण भेटिन्छ।

देवपाटनस्थित गणेशमन्दिरको नजिकै रहेको संवत् ३९ (वि.सं. ६७३)को अभिलेखअनुसार अंशुवर्माकी बहिनी भोगदेवीले आफ्ना पति राजकुमार शूरसेनको पुण्यवृद्धिका लागि शूरभोगेश्वर महादेवको स्थापना गरेको, भोगदेवीकी छोरी भाग्यदेवीले ललितमहेश्वर नामक शिवलिङ्गको स्थापना गरेको र उनका पूर्वजहरूले दक्षिणेश्वर महादेवको स्थापना गरेका थिए भन्ने जानकारी प्राप्त हुन्छ (पूर्ववत्, पृ. ३५७–३५८)। ध्रुवदेव र जिष्णुगुप्तको पालाको काठमाडौं आदीश्वरको शिलालेखअनुसार राजपुत्र नन्दवर्माले भगवान् नाथेश्वरको स्थापना गरेको र सोही नाथेश्वरको स्थितिबन्देजका लागि चारकिल्ला तोकी जग्गाप्रदान गरेको जानकारी प्राप्त हुन्छ (पूर्ववत्, पृ. ४११–४१२)। जिष्णुगुप्तको पालाको पशुपति छत्रचण्डेश्वरको अभिलेखअनुसार मुण्ड(खप्पर) को शृङ्खला(माला) लगाउने मुण्डशृङ्खलिक पाशुपत आचार्यहरूको सङ्घलाई र वराहस्वामी आदिलाई धारा तथा मन्दिर आदि टुटफुट भएमा मर्मतका लागि जग्गाप्रदान गरेको देखिन्छ (पूर्ववत्, पृ. ४२७–४२८)। सो अभिलेखमा उल्लिखित "मुण्डशृङ्खलिक पाशुपताचार्यपर्षदि" पदावलिका आधारमा जगदीशचन्द्र रेग्मी (वि.सं. २०३९)ले पाशुपत सम्प्रदायअन्तर्गत मुण्डशृङ्खलिक उपसम्प्रदायको कल्पना गरेका छन् (पृ. ३२) तर मुण्डशृङ्खलिक पाशुपत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्प्रदायको उल्लेख शैवागमहरूमा कतै पाइएको छैन र उक्त शब्द छत्रचण्डेश्वर अभिलेखमा मात्र पाइएकाले उक्त शब्द पाशुपत सम्प्रदायको द्योतक नभई पाशुपत आचार्यको विशेषण पद हुन सक्ने मेरो अनुमान छ। संवत् ६९ (वि.सं. ७०३)को देवपाटनको अभिलेखमा राजा नरेन्द्रदेवको पालामा ब्राह्मण विश्वसेनकी पत्नी सुवर्ण गोमिनीले दानपाशुपताचार्य दक्षिणतिलडुकलाई भूमिदान गरेको र ती आचार्यले सो भूमि मुण्डशृङ्खलिक पाशुपतहरूको औषधोपचारका लागि दिएको कुरा उल्लेख भएको छ (पूर्ववत्, पृ. ४७२–४७३)। संवत् ८३ (वि.सं. ७१७)को ललितपुर गैह्रीधाराको अभिलेखबाट राजा नरेन्द्रदेवको शासनकालमा महाप्रतिहार चन्द्रवर्माले राजामा बिन्ती चढाएअनुसार भगवान् वज्रेश्वरको मण्डलीमा सबै अड्डाहरूले पस्न नपाउने गरी राजाज्ञा भएको र चन्द्रवर्माले आफ्नो पुण्यवृद्धिका लागि उक्त मण्डलीमा धार्मिक सङ्घहरूलाई दानदातव्य दिएको देखिन्छ। साथै सोही अभिलेखमा भगवान् वज्रेश्वरलाई उद्देश्य गरी पाशुपतहरू र ब्राह्मणहरूलाई भोजन गराउने राजाज्ञा भएको देखिन्छ (पूर्ववत्, पृ. ४८१–४८३)। सो अभिलेखमा पाशुपतहरू र ब्राह्मणहरूलाई छुट्टाछुट्टै ग्रहण गरिएकाले पाशुपत शब्दले पशुपतिको वामाचारविधिले पूजाउपासना गर्ने पुजारीवर्ग र ब्राह्मण शब्दले वेदानुकूल दक्षिणाचारविधिबाट शिवको पूजाउपासना गर्ने अर्चकहरूलाई ग्रहण गरिएको बोध हुन्छ। संवत् ११९ (वि.सं. ७५२)को लगन विष्णुमन्दिरको अभिलेखबाट महाराज शिवदेवले आफैँले स्थापना गरेको शिवदेवेश्वरको पूजाअर्चनाका लागि सो मन्दिर बिग्रेभत्केमा मर्मतका लागि एउटा गाउँ नै पाशुपत आचार्यहरूलाई दान दिएको जानकारी प्राप्त हुन्छ। साथै सो गाउँका सम्पूर्ण गृहस्थीहरूलाई उनीहरूले सरकारलाई बुझाउँदै आएको भाग, भोग, कर, सुन आदि पाशुपत आचार्यहरूलाई नै बुझाई तिनीहरूको हेरचाहमा रहेर काम गर्नू, उनीहरूले अह्राएको खटाएको काम गरी आनन्दसँग रहनू भन्ने राजाज्ञा भएको छ (पूर्ववत्, पृ. ५१४–५१५)।

माथिका अभिलेखहरूमा आएको पाशुपताचार्य शब्दले पशुपतिका पुजारी भन्ने अर्थ ग्रहण गरेको देखिन्छ। यहाँ पशुपति शब्द समग्र शिववाचक शब्द हो, केवल अहिलेको श्रीपशुपतिनाथको मन्दिरमा स्थित शिवलिङ्गलाई मात्रै ग्रहण गर्न खोजिएको होइन। पशुपतिसँग सम्बद्ध भन्ने अर्थमा पाशुपत शब्दको प्रयोग हुन्छ। तिनै पशुपति वा शिवसँग सम्बद्ध आचार्य वा पुजारी भन्ने अर्थमा पाशुपताचार्य शब्दको प्रयोग भएको देखिन्छ। त्यसैको सादृश्यमा शाक्त पुजारीहरूलाई कर्माचार्य, बौद्ध पुजारीहरूलाई वज्राचार्य भन्ने गरेको पाइन्छ। तिनै मुण्डश्रृङ्खलिक पाशुपत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आचार्यहरूका वंशज नै आधुनिक नेवार समाजका कपाली वा कुसलेजाति हुन सक्छन्। बालाचतुर्दशीका दिनदेखि शिवरात्रिका दिनसम्म कपालीजातिका विशेष व्यक्ति महादेवको भेष गरी त्रिशूल हातमा लिई डमरु वजाउँदै गृहस्थीका घरघरमा भिक्षा माग्न जाने परम्परा अद्यापि देखिनु र प्रत्येक पूर्णिमाका दिन पशुपतिमा चढाइने महाभोगमा कपालीजातिको महत्त्वपूर्ण भूमिका हुनुले लिच्छविकालमा श्रीपशुपतिनाथका पुजारी तिनै कपालीहरू रहेको हुन सक्ने देखिन्छ। पाशुपत वाममार्गी भएकाले शङ्कराचार्यले पाशुपतमतको आलोचना गरेका छन् र नेपालमा आएका कुनै शङ्कराचार्यले श्रीपशुपतिनाथमा तान्त्रिक वामाचारविधिबाट हुने पूजाउपासनामा संशोधन गरी वेदानुकूल समयाचारविधि लागू गरे। जनसमाजले अँगालेको परम्परालाई एकैचोटि निषेध गर्नु सम्भव थिएन त्यसैले मुख्य श्रीपशुपतिनाथ लिङ्गमा वामाचारविधिको साटो दक्षिणाचारविधि र उक्त लिङ्गको ऊर्ध्वभागमा श्रीयन्त्र लेखी त्यहाँ कामेश्वरीको समयाचारविधिबाट पूजाअर्चना गर्ने परम्परा बसाले तापनि प्रत्येक महिनाको पूर्णिमामा हुने महास्नानपूजामा प्राचीन परम्पराको छवि अद्यापि देख्न पाइन्छ। उक्त महास्नानपूजाका विषयमा पछि चर्चा गरिनेछ।

लिच्छविकालमा भगवान् शिवको पूजाउपासना वेदानुकूल तान्त्रिक पश्वाचारविधिबाट र विशुद्ध तान्त्रिक वामाचार दुवै विधिबाट हुन्थ्यो। ब्राह्मण परिवारकी आभीरीले आफ्ना स्वर्गवासी पति अनुपरमको पुण्यवृद्धिका लागि अनुपरमेश्वर नामक शिवलिङ्गको स्थापना गरेको देखिएकाले तथा संवत् ८३ (वि.सं. ७१७)को ललितपुर गैरीधाराको अभिलेखमा पाशुपतहरू र ब्राह्मणहरूलाई छुट्टाछुट्टै ग्रहण गरिएकाले ब्राह्मणहरूले वेदानुकूल सिद्धान्ताचार वा दक्षिणाचारबाट शिवको उपासना गर्ने हुनाले उनीहरूलाई पाशुपत भनिँदैनथ्यो। त्यतिखेर पशुपतिका पुजारीहरू मुण्डश्रृङ्खलिक हुन्थे अर्थात् टाउकाको माला लगाउने गर्दथे र उनीहरू शिवलाई तान्त्रिक वामाचारविधिबाट पूजाअर्चना गर्दथे। शिवको उग्र स्वरूपका रूपमा भैरवको उपासना गर्ने परम्परा नेपालमा लिच्छविकालमै प्रारम्भ भइसकेको देखिन्छ। अंशुवर्माको संवत् ३२ (वि.सं. ६६६)को साँगा अभिलेखमा शिवको रौद्र स्वरूपको स्तुति गरिएको छ। शिवको सो स्तुति यस्तो छ– कानमा गहनाका रूपमा लगाइराखेका डरलाग्दा सर्पहरूको फुङ्कारको हावाले जटा छ्याल्लब्याल्ल भएका, भर्खरै काटिएको तात्तातो रगत चुहिरहेको मुण्डमाला लगाएका, ठूलो स्वरले खित्का छोडेर हाँसिरहेका, रगत चुहिरहेको हात्तीको छाला ओढेका, पार्वतीले डराई डराइकन हेरिएका महादेवको रूपले तिमीहरूलाई रक्षा गरून्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(पूर्ववत्, पृ. ३३६–३३७)। यस अभिलेखमा भैरव शब्दको उल्लेख नभेटिए तापनि महादेवको जुन उग्र स्वरूपको वर्णन छ त्यही स्वरूपलाई नै पछि भैरव शब्दले सम्बोधन गरी उपासना गर्न लागिएको स्पष्ट हुन्छ। संवत् १२२ (वि.सं ७५६)को गोरखास्थित गोरखनाथ गुफाको अभिलेखअनुसार राजा शिवदेवले वज्रभैरवको कारणपूजा आदिका लागि रकम छुट्याएर पूजाअर्चनाको व्यवस्था मिलाएको देखिन्छ ((पूर्ववत्, पृ. ५२३–५२५)।

२.२.२. भगवान् श्रीपशुपतिनाथको महास्नानपूजा

हिरण्यगर्भविद्या (सूर्यविद्या) वा निगमविद्याका अनुसार सम्पूर्ण विश्वको रचनाको आधार सूर्यलाई मानिएको छ। *'नूनं जनाः सूर्येण प्रसूताः'* अर्थात् सम्पूर्ण जीवजन्तुहरू सूर्यबाट उत्पन्न भएका हुन् तथा *'सूर्य आत्मा जगतस्तस्थुषश्च'* अर्थात् सूर्य समस्त चराचर जगत्का आत्मा हुन् आदि वैदिक वाक्यहरू त्यसका प्रमाण हुन्। यहाँ सूर्यको अभिप्राय नक्षत्ररूप पिण्डसूर्य नभई भूः, भुवः, स्व तीनै लोकमा सर्वत्र व्याप्त अग्नितत्त्वको एकीभूत रूप वैश्वानर हो जो उष्णता र प्रकाशको आधारभूत तत्त्व हो। त्यही वैश्वानरलाई बुझाउन वैदिक साहित्यमा सूर्यलाई प्रतीक बनाइएको छ (सिंह, वि.सं.२०१९, पृ. ८९)। सोही वैश्वानर अग्नि 'भूः' अर्थात् पृथिवीलोकमा पार्थिव अग्निका रूपमा , 'भुवः' अर्थात् अन्तरिक्षलोकमा सोम एवं वातका रूपमा र 'स्वः' अर्थात् द्युलोकमा सबैको समष्टिस्वरूप वैश्वानर वा सौर-अग्निका रूपमा रहेको छ। सोही वैश्वानर वा सौर-अग्निको अर्को पर्याय हो -कालाग्निरुद्र। रुद्र र अग्निको एकत्व देखाउँदै अथर्ववेदमा भनिएको छ -*"यो अग्नौ रुद्रो यो अप्स्वन्तर्य औषधीर्वीरूध आविवेश, य इमा विश्वा भुवनानि चाक्लृपि तस्मै रुद्राय नमोस्त्वग्नये* "(अथर्ववेद, ७।८७।१)। अर्थात् जो रुद्रदेव अग्निमा, वरुणको रूपले जलमा र सोमका रूपले लता एवं औषधीहरूमा व्याप्त छन् तिनले सबै प्राणीहरूको रचना गर्दछन्। ती अग्निरूप रुद्रलाई नमस्कार छ। ती रुद्ररूप सौर-अग्निका मुख्य दुई भेद छन् - घोर (उग्र) र शिव (शान्त)। आफ्नो उग्र रूपप्रति पार्वतीको जिज्ञासा शान्त गर्दै भगवान् शिव महाभारतमा भन्नुहुन्छ -

द्विविधो लौकिको भावः शीतमुष्णमिति प्रिये।
तयोर्हि ग्रथितं सर्वं सौम्याग्नेयमिदं जगत् ॥
सौम्यत्वं सततं विष्णौ मय्याग्नेयं प्रतिष्ठितम्।
अनेन वपुषा नित्यं सर्वान् लोकान् विभर्म्यहम् ॥

(अनुशासनपर्व, ११४।२४–२५)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात् हे प्रिये ! चिसो र तातो गरी लौकिक भाव दुई किसिमको हुन्छ। तिनै दुई भावले यो विश्व व्याप्त छ। सौम्य भाव विष्णुमा रहेको छ अर्थात् सौम्य भावमा म विष्णुरूपमा रहेको छु भने आग्नेय भाव ममा रहेको छ अर्थात् आग्नेय भावमा म रुद्ररूपमा रहेको छु। यही सौम्य एवं आग्नेय स्वरूपले नै म सम्पूर्ण लोकलाई धारण गर्दछु। यसबाट अग्निरूप रुद्रको शान्त स्वरूपलाई 'विष्णु' भनिने कुरा स्पष्ट हुन्छ। त्यसैले वेदमा जहाँ सूर्यलाई विष्णु भनिएको छ त्यो सूर्य वा वैश्वानर अग्निको शान्त स्वरूप हो भन्ने स्पष्ट हुन्छ।

अग्निलाई अन्नाद अर्थात् अन्न खानेवाला भनिन्छ। अन्न खानु अग्निको स्वाभाविक धर्म हो। पार्थिव एवं सौर-अग्नि अन्नाद हुन्। यसै तथ्यलाई सङ्केत गर्दै शतपथब्राह्मणमा भनिएको छ -*"एष वै सोमो राजा देवानामन्नं यच्चन्द्रमा"* (शतपथब्राह्मण, १।६।४।५)। अर्थात् सोम वा चन्द्रमा सौर एवं पार्थिव अग्निरूप देवताका अन्न हुन्।

माथि प्रसङ्गवश भनिसकिएको छ कि रुद्ररूप सौराग्निका मुख्य दुई भेद छन्- घोर र शिव। औषधि, वनस्पति आदि अन्नरूप सोम सौराग्निमा निरन्तर आहूत भइरहेका छन्। फलतः सौर–अग्नि शान्त शिव वा विष्णुरूप ग्रहण गर्दै विश्वको पालनपोषण गरिरहेका छन्। शिव वा विष्णु सौराग्निरूप रुद्रको शान्त वा सौम्य रूप हो। त्यसैले रुद्रको शान्त वा सौम्य रूप शिवलाई पुरुषोत्तम वा विष्णु भनेको पाइन्छ। अतः शिव र विष्णुमा भेद देख्नु अज्ञानतासिवाय केही होइन। अन्नरूप सोम शान्त पदार्थ भएकाले उक्त सोमको आहूतिबाट रुद्राग्नि शान्त रूप ग्रहण गर्दै शिव बन्दछन्। यदि सोमरूप अन्नको आहूति बन्द भयो भने सौरअग्निरूप रुद्र घोर रूपमा परिणत भई विश्वको संहारक कालाग्निरुद्र बन्न पुग्छन्। पार्थिव औषधि, वनस्पति, अप वा वायुरूप सोम (अन्न) को निरन्तर आहूतिले नै उग्र रुद्र वा सौराग्नि शान्त बन्दछन्। त्यसैले उक्त सोमरूप अन्नलाई शान्तदेवत्य वा शान्तरुद्रिय भनिन्छ। परोक्षप्रिय देवताहरूको परोक्षभाषामा त्यही शान्तरुद्रिय अन्न शतरुद्रिय नामले प्रसिद्ध छ। यसैलाई स्पष्ट गर्दै शतपथब्राह्मणमा भनिएको छ -

अत्रैषः सर्वोऽग्निः संस्कृतः। स एषोऽत्र रुद्रो देवता। स दीप्यमानोऽतिष्ठदन्नमिच्छमानः। तस्मादेवा अबिभेयुः - यद्वै नोऽयं न हिंस्यादिति। तस्मै एतदन्नं समभरत् शान्तदैवत्यम्। तेनैनमशमयन्। शान्तदैवत्यं ह वै शतरुद्रियमित्याचक्षते परोक्षम्। परोक्षकामा हि देवाः (शतपथब्राह्मण, १।६।४।५)। अर्थात् देदीप्यमान परिष्कृत अग्नि नै रुद्र देवता हुन्। अन्नको कामना गर्दो त्यस्तो देदीप्यमान रुदरूप अग्निबाट देवताहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अत्यन्त भयभीत भए। यसले हामीलाई नमारोस् भन्ने कामनाका साथ अन्न चाहने त्यस अग्निलाई शान्तदैवत्यरूप अन्न प्रदान गरे जसलाई रुद्ररूप अग्निले ग्रहण गरे। परोक्षकाम देवताहरूको परोक्ष भाषामा शान्तदैवत्यलाई नै शतरुद्रिय भनिन्छ। यसबाट के बुझिन्छ भने अग्निरूप रुद्रलाई शान्त गर्नका लागि शतरुद्रिय मन्त्रले स्तुति गर्दै शीत पदार्थरूप सोम वा अन्नरूप जलको अभिषेक गरिन्छ।

माथिको विवेचनबाट के कुरा स्पष्ट हुन्छ भने सौराग्निस्वरूप रुद्रतेज शान्त गर्नका लागि पार्थिव औषधि, वनस्पति आदि सोम (अन्न) रूप शीत पदार्थको आहूतिद्वारा विश्वब्रह्माण्डमा निरन्तर प्राकृत रुद्रानुष्ठान चलिरहेको छ। सोही प्राकृत रुद्रानुष्ठानको अनुकरणस्वरूप लौकिक जगत्मा अग्निको प्रतीकस्वरूप रुद्रलिङ्गमा सोमरूप शीत पदार्थको अभिषेक गरी रुद्रलाई शान्त र सौम्य शिवरूप धारण गर्नका लागि तथा आफ्नो अभीष्ट सिद्धिका साथै विश्वको कल्याणको कामनाले प्रार्थना गरिन्छ। यही नै शिव वा श्रीपशुपतिनाथको अभिषेकात्मक अनुष्ठान वा महास्नानको रहस्य हो। शीत पदार्थ जलको अभिषेकबाट अत्यन्त शीघ्र प्रसन्न हुने भएकाले नै शिवलाई *'अभिषेकप्रियः शिवः'* भनिन्छ।

२.२.२.१. श्रीपशुपतिनाथमा महास्नानपूजा सम्बन्धी व्यवस्था

श्रीपशुपतिनाथमा हाल नैमित्तिक पूजाका रूपमा प्रत्येक महिनाको पूर्णिमाका दिन र कार्तिक शुक्लचतुर्दशीका दिन गरिने महास्नानपूजाका सम्बन्धमा ऐतिहासिक रूपमा प्रथम उल्लेख राजा अभय मल्ल (वि.सं. १२७३-१३१२) को पालामा भएको देखिन्छ (नेपाल, वि.सं. २०६२, पृ. १४५)। त्यसपछि लक्ष्मीनरसिंह मल्लले वि.सं. १६९१ मा वैशाख शुक्लतृतीयाका दिन श्रीपशुपतिनाथमा महास्नानपूजा गर्ने गरी गुठीका रूपमा सोह्र रोपनी जग्गा राखेको जानकारी पाइन्छ (टण्डन, वि.सं. २०५३, पृ. १५०)। तर हाल सो दिन अर्थात् अक्षय तृतीयाका दिन महास्नानपूजा गरिँदैन। राजा नृपेन्द्र मल्लले वि.सं. १७३५ वैशाख शुक्ल पूर्णिमाका दिन श्रीपशुपतिनाथमा महास्नानपूजा गरेको उल्लेख पाइन्छ (पूर्ववत्)। त्यसैगरी सिंख्वाल प्रधानले कार्तिक शुक्ल पूर्णिमाका दिन श्रीपशुपतिनाथमा महास्नानपूजा गराउने व्यवस्था मिलाएको देखिन्छ (पूर्ववत्)। श्री ५ रणवहादुर शाहकी रानी कान्तिवतीले वर्षभरि बाह्रै पूर्णिमाका दिन श्रीपशुपतिनाथमा महास्नानपूजा गराउने व्यवस्था बाँधी वि.सं. १८५६ वैशाख शुक्ल पूर्णिमाका दिन काठमाडौँको गोकर्ण एवं सिन्धुपाल्चोक जिल्लाको फटकशिलामा करिब बाईस सय रोपनी जग्गा गुठी राखिदिइन् (

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्ववत्) । सिंख्वाल प्रधानले राखेको गुठीबाट चाहिँ कार्तिक शुक्ल चतुर्दशीका दिन महास्नानपूजा हुन थाल्यो । सोही व्यवस्थाअनुरूप आजसम्म कार्तिक शुक्ल चतुर्दशीका दिन हुने महास्नानपूजामा देवीदासका छोरीपट्टिका सन्तान जोशी खलकको प्रतिनिधिका रूपमा हनुमान्ढोकास्थित तलेजुका जोशी उपस्थित हुने गरेका छन् । यसप्रकार हाल बाह्र महिनाका बाह्रै पूर्णिमा तथा कार्तिक शुक्ल चतुर्दशीका दिन समेत गरी वर्षभरिमा जम्मा तेह्र दिन श्रीपशुपतिनाथमा महास्नानपूजा गर्ने परम्परा रहेको छ ।

२.२.२.२. महास्नानपूजाका अवसरमा गरिने कार्यको विश्लेषण

श्रीपशुपतिनाथको महास्नानपूजाका लागि चाहिने प्रायः सबै सामग्रीहरू सिन्धुपाल्चोक जिल्लाको फटकशिलाबाट ल्याइन्छ । महास्नानपूजाका लागि आवश्यक सामग्रीहरू जोख्ने, भर्ने, गन्ने र सम्वद्ध ठाउँमा पुऱ्याउने कार्य एकथरि व्यक्तिहरूले गर्दछन् भने पशुपतिक्षेत्रका विभिन्न देवीदेवताको पूजाका लागि सामग्री तयार पार्ने काम हनुमान्ढोकामा अवस्थित तलेजुमन्दिरका नकिनी(घरमूली)हरूले गर्दछन् । पूजासामग्री तयार पार्ने कार्यमा तलेजुमन्दिरका नकिनी र महास्नानपूजाका अवसरमा गरिने पठन, हवन एवं पूजनमा तलेजुका राजोपाध्याय एवं कर्माचार्यको भूमिका महत्त्वपूर्ण रहने गरेको छ । महास्नानपूजाका अवसरमा यज्ञशालाभित्र गरिने क्षेत्रपालको पूजा एवं अन्य तान्त्रिक पूजाका साथै गुह्येश्वरीमा गरिने पूजा र वलिको सङ्कल्प हनुमान्ढोकास्थित तलेजुका पुजारी कर्माचार्यले गर्दछन् भने हवनकार्य राजोपाध्यायले गर्दछन् ।

तलेजु वा तुलजाभवानीलाई श्रीविद्याको षोडश नित्याहरूमध्ये अष्टम नित्या त्वरिता हुन् भनेर यिनको मूर्ति प्रतिष्ठापित गरिएको एउटा मन्दिर राजस्थानमा रहेको छ। अतः यिनी ऊर्ध्वाम्नायकी देवी हुन् भन्ने स्पष्ट हुन्छ (ज.ब.रा., वि.सं. २०३६, पृ. १४५) । भक्तपुरमा प्रतिष्ठापित तलेजुपीठ नजिकै रहेको दुमाजुपीठमा तलेजुमै प्रचलित विधिअनुसार पूजा हुने गरेको र बिस्केटजात्राको अवसरमा सर्वसाधारणका लागि देखाइने दुमाजुको अष्टधातुको मूर्ति पश्चिमाम्नायनायिका कुब्जिकाको स्वरूप भएकाले भक्तपुरमा प्रतिष्ठापित तलेजु पश्चिमाम्नाय र ऊर्ध्वाम्नायकी समष्टि हुन् भन्ने बुझिन्छ (पूर्ववत्)।

महात्रिपुरसुन्दर्याश्चण्डयोगेश्वरी परा ।
न तयोर्विद्यते भेदो भेदकृत् नरकं व्रजेत् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात् पराशक्ति महात्रिपुरसुन्दरी र चण्डयोगेश्वरी गुह्यकालीका बीच कुनै भिन्नता छैन, जसले भिन्नताको कल्पना गर्छ त्यो नरक जान्छ भन्ने उक्तिअनुसार ऊर्ध्वाम्नायनायिका महात्रिपुरसुन्दरी एवं उत्तराम्नायनायिका गुह्यकाली वा चण्डयोगेश्वरी अभिन्न भएकाले तलेजुभवानी ऊर्ध्वाम्नायस्वरूप श्रीविद्या, पश्चिमाम्नायस्वरूप कुब्जिका र उत्तराम्नायस्वरूप गुह्यकालीको समष्टिस्वरूप भएको स्पष्ट हुन्छ (पूर्ववत्)। अतः महास्नानपूजाका अवसरमा हुने पञ्चवक्त्र श्रीपशुपतिनाथ र उनकी अभिन्न शक्ति षोडशी वा महात्रिपुरसुन्दरीको पूजाअर्चनाका क्रममा हवन एवं पूजनकार्यमा तीनै विद्याको समष्टिस्वरूप तलेजु भवानीका पुजारीहरू राजोपाध्याय र कर्माचार्य एवं पूजासामग्री तयार पार्ने कार्यमा तलेजुका नकिनीको भूमिका आवश्यक भएको हो।

काठमाडौँका राजा रत्न मल्लको पालादेखि श्रीपशुपतिनाथका पुजारीका रूपमा शङ्कराचार्यको सिद्धान्तका अनुयायी षोढान्यासी संन्यासीहरूले काम चलाएको देखिन्छ (नेपाल, वि.सं. २०४३, पृ. २८)। त्यसैबेला नेपालमा आएका शङ्कराचार्यले श्रीपशुपतिनाथमा हुने तान्त्रिक विधिलाई परिष्कृत गरी तिनै षोढान्यासी संन्यासीहरूद्वारा सात्विक पूजाअर्चना गर्ने र पशुपतिलिङ्गको माथि श्रीयन्त्र निर्माण गरी सोही यन्त्रमा पञ्चवक्त्र श्रीपशुपतिनाथकी अभिन्न शक्ति षोडशी वा महात्रिपुरसुन्दरीको पूजा गर्ने प्रथा चलाएका थिए। यसको प्रमाण शङ्कराचार्यविरचित *श्रीपशुपतिपूजाविधानम्* नामक ग्रन्थले दिन्छ। सो प्रथा बाँधिनुभन्दा अगाडि श्रीपशुपतिनाथको पूजा हुँदा उनकी अभिन्न शक्ति महात्रिपुरसुन्दरीका रूपमा हनुमान्ढोकास्थित तलेजुको पूजा हुन्थ्यो होला। अर्को कुरा वि.सं. १४१६ मा बनेपाका शासक जयरामसिंहवर्धनले श्रीपशुपतिनाथको पुनः प्रतिष्ठा गराएको उल्लेख पाइन्छ (पूर्ववत्, पृ. १९)। उक्त प्रतिष्ठाकार्यमा आचार्यका रूपमा उनकै कुलपुरोहित उपाध्याय वैदिक सनातनी ब्राह्मणहरू देखिन्छन् तर पछि षोढान्यासी संन्यासीहरू र दाक्षिणात्य भट्टहरू श्रीपशुपतिनाथको पुजाहारी हुन थालेपछि भने यहाँका राजोपाध्यायहरूको भूमिका न्यून हुन गई तलेजुमा मात्र सीमित हुन पुगेको हुन सक्छ।

महास्नानपूजाका अवसरमा पूजासामग्री तयार पार्ने तलेजुका नकिनीहरूले पूजासामग्री चाँदीको भाँडामा एक भाग, तामाको भाँडामा एक भाग, पित्तलको भाँडामा तीन भाग र टपरीमा छब्बीस भाग तयार पार्दछन्। यी सामग्रीहरूमध्ये चाँदीको भाँडामा तयार पारेको सामग्री श्रीपशुपतिनाथमा चढाइन्छ जो स्वयं परब्रह्म प्रकाशस्वरूप अनुत्तर परम शिव हुन्। प्रकाशरूप शिवलाई सेतो मान्ने र विमर्शरूप शक्तिलाई रातो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मान्ने परम्परा सर्वविदित छ। त्यसैले चाँदीको भाँडामा तयार पारिएको सामग्री श्रीपशुपतिनाथलाई एवं तामाको भाँडामा तयार पारिएको सामग्री त्रिपुराशक्तिको प्रतीकस्वरूप श्रीयन्त्रमा चढाउने गरेको देखिन्छ। प्रकाशस्वरूप शिवलाई शास्त्रहरूमा गौरवर्णका भनिएकाले उनलाई सेता फूलहरू र चाँदीका पात्रहरू चढाउने गरेका प्रशस्त उदाहरणहरू पाइन्छन्।

निष्कल तत्त्वातीत विश्वोत्तीर्ण भगवान् श्रीपशुपतिनाथ नै विश्वको मूल केन्द्रमा विश्वमयरूपले विद्यमान छन्। तामाको भाँडामा तयार पारिएको सामग्री श्रीयन्त्रमा चढाइन्छ जो प्रकाशरूप परम शिवकी विमर्शरूप पराशक्तिको दृष्टविग्रह हो। उक्त विमर्शरूप पराशक्ति अनुत्तर परम शिवका साथ अभिन्न सम्बन्धले रहेको हुन्छ। जसरी आगोबाट त्यसको पोल्ने शक्ति कहिल्यै भिन्न हुँदैन त्यसरी नै पराशक्ति पनि शक्तिमान् परम शिवबाट कहिल्यै भिन्न हुँदैन। शक्ति नै वास्तवमा शक्तिमान् तत्त्वको वास्तविक स्वरूपमा प्रवेश पाउनका लागि प्राथमिक उपाय हो (विज्ञानभैरव, १९२ श्लोक)। शक्ति नै शिवको परम सुन्दर स्वरूपमा प्रवेश गर्ने द्वार हो। जसरी कुनै व्यक्तिको अनुहार हेरेर उक्त व्यक्तिको पहिचान हुन्छ त्यसरी नै शक्तिका माध्यमबाट शिवको पहिचान हुन्छ (विज्ञानभैरव, २० श्लोक)। परम शिव र पराशक्तिको त्यस्तो सम्बन्ध बुझाउनका लागि नै श्रीपशुपतिनाथको ऊर्ध्ववक्त्र(ईशानवक्त्र)मा पराशक्तिको प्रतीकस्वरूप श्रीयन्त्रको निर्माण गरी पूजाअर्चना गर्ने परम्परा रहेको छ। श्रीयन्त्र निर्माणका दुईवटा प्रक्रिया बताइएका छन् – १) सृष्टिक्रम, २) संहारक्रम। सृष्टिक्रम अर्थात् समयमार्गअनुसार पहिले त्रिकोण लेखेर त्यसमा बिन्दु लेखी अष्टकोण, अन्तर्दशार, बहिर्दशार, चतुर्दशार, अष्टदलपद्म, षोडशदलपद्म, वृत्तत्रय र चतुर्द्वारयुक्त भूपुरत्रय लेखी श्रीयन्त्रको निर्माण सम्पन्न गरिन्छ। समयमार्गअनुसार श्रीयन्त्रको मध्यत्रिकोण ऊर्ध्वमुख लेखिन्छ। संहारक्रम अर्थात् कौलमार्गअनुसार वृत्तबाट प्रारम्भ गरेर बिन्दुमा पुगी श्रीयन्त्रको निर्माण सम्पन्न गरिन्छ। संहारक्रममा श्रीयन्त्रको मध्यत्रिकोण ऊर्ध्वमुख वा अधोमुख के हुन्छ भन्ने विषयमा सौन्दर्यलहरीमा केही उल्लेख नगरे तापनि सृष्टिक्रममा उक्त त्रिकोण ऊर्ध्वमुख हुन्छ भनेर स्पष्ट लेखिएकाले संहारक्रममा चाहिँ अधोमुख हुन्छ भन्ने अनुमान गर्न सकिन्छ। भगवान् श्रीपशुपतिनाथको ऊर्ध्ववक्त्रमा निर्माण गरिने श्रीयन्त्र समयमार्गअनुसार लेखिन्छ तर मध्यत्रिकोणचाहिँ अधोमुख बनाइन्छ। यसबाट यहाँ मिश्रपद्धतिको अभ्यास भएको देखिन्छ। पञ्चवक्त्र श्रीपशुपतिनाथकी अभिन्न शक्ति षोडशी वा महात्रिपुरसुन्दरी ज्ञानशक्ति, इच्छाशक्ति एवं क्रियाशक्तिको समष्टिस्वरूप विमर्शशक्ति हुन्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जसलाई ब्रह्मा, विष्णु एवं महेश्वररूपिणी पराशक्ति मानिएको छ। नित्याषोडशिकार्णवमा भनिएको छ –

एषा सा परमाशक्तिरेकैव परमेश्वरी।
त्रिपुरा त्रिविधा देवी ब्रह्मविष्णवीशरूपिणी ॥(४।११)

उपर्युक्त तथ्यबाट ब्रह्मा, विष्णु एवं महेश्वररूपिणी पराशक्ति त्रिपुरसुन्दरीका शक्तिमान् तत्त्व पञ्चवक्त्र भगवान् श्रीपशुपतिनाथ पनि ब्रह्मा, विष्णु एवं महेश्वरस्वरूप परम तत्त्व हुन् भन्ने सिद्ध हुन्छ। पराशक्ति त्रिपुराले नै आफूभित्र बीजरूपमा अवस्थित सम्पूर्ण चराचर जगत्लाई बाहिर प्रकट गर्ने काम गर्दछिन्। तिनै त्रिपुरादेवी पराशक्तिमा शिवदेखि पृथ्वीसम्मका छत्तीस तत्त्व निहित छन्। अनन्त विश्ववैचित्र्यका रूपमा तिनै पराशक्ति रहेकी छिन्। आफ्नो स्वातन्त्र्यशक्तिका माध्यमबाट बाहिर प्रकट भएको चराचर जगत्लाई अहंस्वरूप मान्दै अर्थात् आफूदेखि अभिन्न रूपमा ग्रहण गर्दै सबैलाई अनुग्रह गर्नमा तत्पर तत्त्वलाई **सदाशिव** भनिन्छ। सदाशिव तत्त्वमा परम शिवमा निहित इच्छाशक्ति, ज्ञानशक्ति र क्रियाशक्तिमध्ये ज्ञानशक्तिको प्राधान्य रहन्छ। सोही सदाशिव तत्त्वका रूपमा यहाँ कीर्तिमुख भैरव देखापर्दछन् जसलाई पित्तलको भाँडामा तयार पारिएको सामग्रीमध्ये एक भाग चढाइन्छ। सम्पूर्ण जगत्लाई इदं रूपमा मान्दै आफूदेखि भिन्न रूपमा ग्रहण गर्ने तत्त्वलाई **ईश्वर** भनिन्छ। पित्तलको भाँडामा तयार पारिएको सामग्रीमध्ये एक भाग यज्ञशालामा हवन कार्यमा चढाइन्छ। यहाँ यज्ञशालामा गरिने हवन क्रियाशक्तिको द्योतक भएकाले क्रियाशक्तिको अधिष्ठानस्वरूप ईश्वरतत्त्वलाई उद्देश्य गरेर उक्त पूजासामग्री चढाएको देखिन्छ। परम शिवको ज्ञानशक्ति र क्रियाशक्तिमध्ये ईश्वरतत्त्वमा क्रियाशक्तिको प्राधान्य रहन्छ। अहं(म) र इदं(यो) का बीच अर्थात् ज्ञाता र ज्ञेयका बीच अभेद दृष्टि जगाई 'यो सबै विश्वप्रपञ्च म नै हो' भन्ने शुद्ध विकल्पको उदय गराउने तत्त्वलाई **शुद्धविद्या** भनिन्छ। ज्ञानयोगस्वरूप उत्तराम्नायकी नायिका भएकाले गुह्येश्वरी शुद्धविद्यास्वरूप हुन्। अतः पित्तलको भाँडामा तयार पारिएको सामग्रीमध्ये एक भाग गुह्येश्वरीमा चढाउनुको अर्थ शुद्धविद्यातत्त्वलाई समर्पण गर्नु हो भन्ने बुझिन्छ।

यसप्रकार चाँदी, तामा र पित्तलको भाँडामा तयार पारिएका सामग्रीहरू शिव, शक्ति, सदाशिव, ईश्वर र शुद्धविद्यातत्त्वका प्रतिनिधिस्वरूप उपर्युक्त देवीदेवतालाई चढाउने गरिएको देखिन्छ। टपरीमा तयार पारिएका बाँकी छब्बीस भाग पूजा सामग्रीहरू मायातत्त्वका पञ्च कञ्चुक (कला, अविद्या, राग, काल र नियति) बाहेक पुरुषदेखि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पृथिवीसम्मका पच्चीस तत्त्व र मायासमेत जम्मा छब्बीस तत्त्वका प्रतिनिधिका रूपमा पशुपतिप्राङ्गणस्थित विभिन्न देवीदेवतालाई समर्पण गरेको बुझिन्छ ।

समस्त प्राणीहरूमा भेदवुद्धि उत्पन्न गर्ने तत्त्वलाई **माया** भनिन्छ । मायाका कारण नै शिवका अपरिमित सर्वज्ञत्व आदि शक्तिहरू सङ्कुचित भएर शिवतत्त्व परिमित प्रमाता अर्थात् पुरुषतत्त्वका रूपमा परिणत हुन पुग्छ । परम शिवको सर्वकर्तृत्वलाई सङ्कुचित बनाएर किञ्चित्कर्ताका रूपमा सीमित गर्ने तत्त्वलाई **कला** भनिन्छ । शिवको सर्वज्ञत्व शक्तिलाई सङ्कुचित बनाउने तत्त्वलाई **विद्या** भनिन्छ । शिवको नित्य परिपूर्ण तृप्त निरभिलाष स्वरूपलाई सङ्कुचित वनाएर सीमित विषयभोगमा लगाउने तत्त्वलाई **राग** भनिन्छ । कालातीत नित्य परम शिवलाई सङ्कुचित बनाएर उसलाई समयको सीमामा बाँध्ने तत्त्वलाई **काल** भनिन्छ । परम शिवको स्वातन्त्र्यशक्तिलाई नियमन गर्ने तत्त्वलाई **नियति** भनिन्छ । नियतिका कारण नै पुरुष शुभ र अशुभ वासनात्मक कर्मको चक्करमा फस्दछ । यसप्रकार शिव नै जब आफ्नै स्वातन्त्र्यशक्तिबाट सृजित मायाका कला, विद्या, राग, काल र नियतिरूप पञ्चकञ्चुकबाट घेरिएर परिमित प्रमाता बन्न पुग्छ तव उसैलाई **पुरुषतत्त्वका** नामले चिनिन्छ । विश्वप्रपञ्चको विकासका क्रममा ज्ञान, इच्छा र क्रियाशक्तिलाई आफूभित्र अन्तर्लीन गरेर रहेको शान्ताशक्ति जब सङ्कुचित बन्न पुग्छ तव सङ्कुचित ज्ञान, इच्छा र क्रियाशक्ति सत्व, रज र तमोगुणका रूपमा तथा स्वयं सङ्कुचित शान्ताशक्ति सत्व, रज र तमोगुणको साम्य अवस्थास्वरूप **प्रकृति**तत्त्वका रूपमा परिणत हुन पुग्छ । ज्ञानशक्तिको सङ्कुचित स्वरूप सत्त्वगुण, इच्छाशक्तिको सङ्कुचित स्वरूप रजोगुण र क्रियाशक्तिको सङ्कुचित स्वरूप तमोगुण हो । प्राकृत सृष्टिका क्रममा जब प्रकृति सृष्टिका प्रति उन्मुख हुन्छ तव उसको साम्य अवस्था भङ्ग हुन्छ र त्यसले चित्तको स्वरूप धारण गर्दछ । सत्व, रज र तमोगुणको साम्य अवस्था भङ्ग हुनेबित्तिकै सत्त्वगुणको अधिकता एवं रज र तमोगुणको न्यूनता हुँदा **बुद्धि**तत्त्वको आविर्भाव हुन्छ । बुद्धितत्त्वबाट अहङ्कारतत्त्वको आविर्भाव हुन्छ । अहङ्कारतत्त्व सात्विक, राजस र तामस भेदले तीन प्रकारको हुन्छ । राजस अहङ्कारबाट **मन**को उत्पत्ति हुन्छ । सात्विक अहङ्कारबाट पाँच **ज्ञानेन्द्रिय** र पाँच **कर्मेन्द्रिय**को उत्पत्ति हुन्छ भने तामस अहङ्कारबाट **पञ्चतन्मात्रा**को उत्पत्ति हुन्छ । पञ्चतन्मात्राबाट **पञ्चमहाभूत**को उत्पत्ति हुन्छ ।

यसप्रकार टपरीमा तयार पारिएका बाँकी छब्बीस भाग पूजा सामग्रीहरू मायातत्त्वका पञ्च कञ्चुक (कला, अविद्या, राग, काल र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नियति) बाहेक पुरुषदेखि पृथिवीसम्मका पच्चीस तत्त्व र मायासमेत जम्मा छब्बीस तत्त्वका प्रतिनिधिका रूपमा पशुपतिप्राङ्गणस्थित विभिन्न देवीदेवतालाई समर्पण गरेको स्पष्ट हुन्छ।

महास्नानपूजाका अवसरमा भगवान् श्रीपशुपतिनाथलाई पूर्णकलशको जलले तथा पञ्चामृतले स्नान गराउने कार्यमा पनि राजोपाध्याय र मैथिल ब्राह्मणको भूमिका देखिन्छ। राजोपाध्यायले यज्ञशालबाट पूर्णकलश मन्दिरमा लगी मन्दिरको प्रदक्षिणा गरेर दक्षिण ढोकाबाट श्रीपशुपतिनाथका पुजारीलाई दिन्छन् भने पिण्डिका निर्माणका लागि भात पकाउने मैथिल ब्राह्मणले पञ्चामृतको घडा यज्ञशालाबाट मन्दिरमा लगी मन्दिरको प्रदक्षिणापूर्वक दक्षिण ढोकाबाट पुजारीलाई दिन्छन्। महास्नानपूजाका अवसरमा मन्दिरको एक र यज्ञशालाको एक गरी जम्मा दुईवटा पूर्णकलशले तथा एक सय बीस घडा पञ्चामृतले श्रीपशुपतिनाथलाई महास्नान गराइन्छ। सो अवसरमा वासुकिमा पनि पाँच घडा पञ्चामृतले महास्नान गराइन्छ।

भगवान् श्रीपशुपतिनाथलाई महास्नानपूजाका बखत पोशाक फेराउनका लागि पोशाकहरू सिलाउने र रङ्गाउने कार्य नेवारजातिका रञ्जितकारले गर्दछन्। देवीदेवताका मूर्तिहरूमा रङ्गरोगन गर्ने पुर्ख्यौली पेसा अपनाउने भएकाले नै यिनीहरूलाई रञ्जितकार भनिएको हो। उपासनामा यस प्रथाको कुनै तात्त्विक सम्बन्ध नभए तापनि सामाजिक सद्भाव र समन्वयका लागि उनीहरूको उपस्थिति महत्त्वपूर्ण देखिन्छ र यस प्रथाले रञ्जितकारहरूलाई आफ्नो जातीय गौरवको अनुभूति अवश्य दिलाएको हुनुपर्छ।

भगवान् श्रीपशुपतिनाथको महास्नानपूजाका अवसरमा कामेश्वरस्वरूप पञ्चवक्त्र श्रीपशुपतिनाथ एवं उनकी अभिन्न शक्ति कामेश्वरीलाई चढाउने उद्देश्यले धर्मशिलामा नन्दीको सुनको प्रतिमा राखी त्यसमाथि छ मुरी, छ पाथी, छ माना र छ मुठी भातको पिण्डिका निर्माण गरिन्छ। उक्त पिण्डिका तत्पुरुष, अघोर, सद्योजात, वामदेव र ईशानरूप पञ्चवक्त्र श्रीपशुपतिनाथ एवं उनकी अभिन्न शक्ति कामेश्वरीलाई उद्देश्य गरी निर्माण गरिएको हो[१]। यसबाट भातको पिण्डिका निर्माणमा प्रयोग हुने छ सङ्ख्याको रहस्य पनि खुल्दछ। सामान्यतया भोगका लागि तयार पारिने पदार्थलाई पूजा गर्ने विधान अन्यत्र नदेखिए तापनि जसरी पितृहरूको

---

१ श्रीपशुपतिनाथको दक्षिणवक्त्रका पुजारी श्रीराम कारन्तसँगको कुराकानीका क्रममा प्राप्त जानकारी।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्राद्धका अवसरमा पितृलाई समर्पण गरिने पिण्डमा पूजा गरिन्छ त्यसरी नै यहाँ पनि भातको पिण्डिकालाई पञ्चरङ्गी कपडाका टुक्राहरूले बेर्ने, उक्त पिण्डिकाको वरिपरि पालामा घ्यू र तेलको बत्ती बाल्ने, पिण्डिकामा श्रीपशुपतिनाथका मूल पुजारी भट्ट र तलेजुका राजोपाध्यायले विधिपूर्वक जौ-तिल, अक्षता, फूलले पूजा गर्ने, पुष्पाञ्जलिसहित मन्त्रपाठ गरी प्रार्थना गर्ने आदि कार्य गरिन्छ। पञ्चरङ्गी धागोको डल्लोलाई श्रीपशुपतिनाथका मूल पुजारी भट्ट तथा राजोपाध्याय दुवैले पूजा गरी भातको उक्त पिण्डिकामा चढाउँछन् र त्यसलाई फुकाउँदै लगेर श्रीपशुपतिनाथलिङ्गमा स्पर्श गराउँछन्। वास्तवमा उक्त पिण्डिका साक्षात् रूपमा भगवान् श्रीपशुपतिनाथ एवं कामेश्वरीलाई चढाउन व्यावहारिक रूपमा नसकिने भएकाले आलभन (स्पर्श) विधिका रूपमा यो प्रक्रिया अपनाइएको हो। ठीक यति बेलै कीर्तिमुखभैरवमा बाजागाजाका साथ पञ्चबलि दिइन्छ एवं उन्मत्तभैरवको माथिल्लो कोठामा तान्त्रिक विधिद्वारा गोप्य चक्रपूजा सम्पन्न गरिन्छ। उक्त चक्रपूजाका क्रममा उन्मत्तभैरवका पुजारी कर्माचार्यले त्यहाँ स्थापित कुमारीलाई तान्त्रिक विधिले आवाहन गरी फूल वा कुनै द्रव्यविशेषमा पूजा सम्पन्न गर्दछन्।

भगवान् श्रीपशुपतिनाथको महास्नानपूजाका अवसरमा कामेश्वरस्वरूप पञ्चवक्त्र श्रीपशुपतिनाथ एवं उनकी अभिन्न शक्ति कामेश्वरीलाई चढाउने उद्देश्यले पिण्डिका निर्माणका लागि भात पकाउने काम मैथिल झा र मिश्र ब्राह्मणहरूले गर्दछन्। त्यसका साथै यज्ञशालामा गरिने हवनकार्यमा पाठ गर्नका लागि एघार जना मैथिल ब्राह्मणहरू रहने गरेका छन्। यस चलनको उपासनासँग कुनै तात्त्विक सम्बन्ध नभए तापनि यसले नेपालको मध्यकालिक इतिहासलाई भने अवश्य सम्झाउँछ।

कर्णाटवंशी राजा नान्यदेवले वि.सं. ११५४ मा नेपालको तराईमा मिथिला वा तिरहुतराज्यको नयाँ राजधानी सिम्रौनगढमा स्थापना गरेका थिए (नेपाल, वि.सं. २०६२, पृ. ८५)। तिनै कर्णाटवंशी तिरहुते राजाहरूकी इष्टदेवी तुलजाभवानी थिइन्। वि.सं. १३८१ मा दिल्लीका शासक गयासुद्दीन तुगलकको भयङ्कर आक्रमणमा परी सिम्रौनगढको पतन भएपछि त्यहाँबाट भागेर नेपालमण्डल (काठमाडौँ उपत्यका) मा पसेका हरिसिंहदेवका वंशजहरूको हातमा तात्कालिक भक्तपुर राज्यको शासन हात परेपछि तिनीहरूले नै तुलजाभवानीको स्थापना गरेका थिए र यहाँको स्थानीय नेवार बोली मिसिएपछि तिनै तुलजालाई तलेजु भन्न थालियो। यसप्रकार श्रीपशुपतिनाथको महास्नानपूजाका अवसरमा मैथिल ब्राह्मणहरूको उपस्थितिले मधेस र काठमाडौँका बीच रहिआएको पुरानो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्वन्धलाई दर्शाउने गरेको छ र यसले राष्ट्रिय एकता र समन्वयको भावनालाई सुदृढ गरेको छ।

श्रीपशुपतिनाथको महास्नानपूजाका अवसरमा पशुपतिमा अवस्थित यज्ञशालामा तान्त्रिक विधिअनुसार हवन एवं पूजन सम्पन्न गर्ने कार्य काठमाडौँको तलेजुमन्दिरका कर्माचार्य, राजोपाध्याय, जोशी, भुवनेश्वरीका कर्माचार्य र मैथिल ब्राह्मणहरूद्वारा गरिन्छ। यज्ञमा राजोपाध्यायहरूले दश हजार पाशुपतास्त्रमन्त्रद्वारा हवन गर्दछन्[२]। यसवाट राजोपाध्यायहरू पाशुपतास्त्रमन्त्रको ज्ञाता रहेको जानकारी प्राप्त हुन्छ। यहाँनेर के कुरा उल्लेख गर्नु प्रासङ्गिक हुन आउँछ भने काठमाडौँका राजा भूपालेन्द्र मल्लको समयमा श्रीपशुपतिनाथको मूल पुजारी वनेका स्वामी राघवानन्दले समाधि ग्रहण गरेपछि नेपालमा पाशुपतास्त्रमन्त्र जान्ने स्वामीहरू आउन छोडेको उल्लेख पाइन्छ (नेपाल, वि.सं. २०४३, पृ. २८)। सायद यसै वेलादेखि राजोपाध्यायहरूले पाशुपतास्त्रमन्त्र ग्रहण गरेका हुन सक्छन् तर यसवाट पाशुपतास्त्रमन्त्रको अधिकार पाएका व्यक्तिहरू अत्यन्त सीमित रहेको कुराचाहिँ निश्चित हुन आउँछ।

प्रत्येक महिनाको पूर्णिमा र कार्तिक शुक्ल चतुर्दशीका दिन गरिने भगवान् श्रीपशुपतिनाथको महास्नानपूजा वास्तवमा महापूजा नै हो। स्नपन, पठन, हवन र वलिदानसहितको पूजा वा अर्चनालाई महापूजा भनिन्छ। भगवान् श्रीपशुपतिनाथको महास्नानपूजामा पनि स्नपन, पठन, हवन र वलिदानसहित षोडशोपचारले पूजा गरिने भएकाले उक्त महास्नानलाई महापूजाको पनि संज्ञा दिन सकिन्छ। भगवान् श्रीपशुपतिनाथको नित्य पूजा एवं नैमित्तिक पूजाका रूपमा गरिने महास्नानपूजामा वैदिक एवं तान्त्रिक पद्धतिको मिश्रण पाइन्छ। *'वामा भूत्वा यजेत् वामाम्'* अर्थात *नारी वनेर नारीशक्तिको उपासना गर* भन्ने तान्त्रिक सिद्धान्तअनुरूप श्रीपशुपतिनाथको पूजामा त्यहाँका अर्चकहरू रातो नारी वस्त्र लगाएर कामेश्वरीसहित कामेश्वरस्वरूप भगवान् श्रीपशुपतिनाथको अर्चना गर्दछन्। यसवाट श्रीपशुपतिनाथको अर्चना वस्तुतः शक्तिको उपासना हो भन्ने स्पष्ट हुन्छ। शक्तिसाधना नै तान्त्रिक उपासनाको प्राण हो किनभने शक्तिका माध्यमवाट नै शक्तिमान् तत्त्वको वोध हुन्छ। उक्त महास्नानपूजामा गरिने कार्य र उपासनाका विधिविधानहरूमा वैदिक, शैव

---

२ महास्नापूजामा सम्मिलित तलेजुका सुरेशनारायण राजोपाध्यायबाट प्राप्त जानकारी।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एवं शाक्त परम्पराको अनौठो सम्मिश्रण र समन्वय रहेकाले सो महास्नानपूजामा नेपालको मौलिक सांस्कृतिक वैशिष्ट्य प्रकट भएको छ।

२.२.३. मल्लकालिक शैवपरम्परा

लिच्छविकालपछि मल्लकालमा पनि शैवधर्ममा लिच्छविकालकै परम्पराले निरन्तरता पाउनुका साथै शिवको विविध स्वरूपको पूजाउपासना गर्ने परम्पराको विकास भएको देखिन्छ। त्यसैको प्रतिफलस्वरूप मल्लकालमा शिव र शक्तिको संयुक्तरूपले उमामहेश्वर र शिवको रौद्र रूप भैरवका मूर्तिहरू यत्रतत्र स्थापना गरिएको देखिन्छ। तन्त्रमा शिव र शक्तिलाई अभिन्न मानिन्छ। शिव र शक्तिको सोही अभिन्नतालाई कलाकारले मूर्तिको रूप दिँदा उमामहेश्वरको रूप दिएको हुनुपर्दछ। उमाका साथमा महेश्वरको संयुक्तरूपले उपासना गर्ने सम्प्रदायलाई सोमसम्प्रदाय भनिन्छ। मल्लकालमा नेपालभरि विशेषत: काठमाडौँ उपत्यकामा सोमसम्प्रदाय निकै लोकप्रिय रहेको कुराको साक्ष्य काठमाडौँका विभिन्न ठाउँमा प्राप्त हुने तात्कालिक उमामहेश्वरका मूर्तिहरूले दिइरहेका छन्। काठमाडौँ उपत्यकामा पाइने उमामहेश्वर मूर्तिहरूमा उमा र महेश्वरलाई बडो शृङ्गारिक भावका साथ चित्रण गरेको पाइन्छ। ती सबै मूर्तिहरूमा प्राय: समान विशेषता के देखिन्छ भने शिव र पार्वती टाँस्सिएर बसेका, शिवले आफ्नो देब्रे हातले पार्वतीको कम्मरभन्दा माथि स्तननजिकै समातेका, पार्वती शिवपट्टि केही ढल्किएकी र आफ्नो दाहिने हात शिवको देब्रे तिघ्रामा अड्याएकी यस्तो अवस्थामा रहेको देखिन्छ। कलाकारले उमामहेश्वरको मूर्तिमा कामभाव देखाउन खोजेको स्पष्ट देखिन्छ। पाटनमा रहेको चामुण्डामन्दिरको आँगनको उमामहेश्वरको मूर्तिमा शिवको दायाँ हात पार्वतीको छातीसम्म पुऱ्याएर केही समातेको जस्तो र बायाँ हात अभय मुद्रामा राखेको देखिन्छ। शिवको कम्मरमा पटुका छ र सो पटुकामा प्रष्टसँग शिवको ऊर्ध्वलिङ्ग देखिन्छ। ईसाको चौथो पाँचौँ शताब्दीको मानिएको यस मूर्तिमा पाशुपतसम्प्रदायको स्पष्ट प्रभाव देखिन्छ। अन्य मूर्तिहरूमा शाक्ततन्त्रपरम्पराको प्रभाव परिलक्षित हुन्छ किनभने शाक्ततन्त्रपरम्परामा मैथुनलाई साधनाकै अङ्ग मानिन्छ र यसप्रकार उमामहेश्वरको मूर्तिमा कामभावको झल्को देखिनु तान्त्रिक परम्पराको प्रभाव हो।

लिच्छविकालमा भैरवको उपासनाले त्यति व्यापकता पाएको थिएन भने मल्लकालमा आइपुग्दा शिवको भैरव स्वरूपको पूजाआराधना गर्ने चलनले व्यापकता पाएको देखिन्छ। तान्त्रिकहरूको दृष्टिमा शिव उग्र र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विभत्स रूपमा प्रतिबिम्बित भए, तिनै उग्र शिव मूर्तिकारको हातबाट निस्कँदा डरलाग्दा भैरवका रूपमा खडा भए। मल्लकालमा भैरवको स्वरूप मन्दिर, टुँडाल, तोरण, मन्दिरको कुना आदि विभिन्न स्थानमा देखिन थाल्यो। नेपाली कलाकौशलका विभिन्न वस्तुमा भैरवको आकृति कुँदिएबाट नेपाली समाजमा यसको व्यापकताबारे सहजै अनुमान लगाउन सकिन्छ। काठमाडौँ उपत्यकामा रहेका भैरवका मूर्तिहरूमध्ये हनुमान्ढोकामा रहेको कालभैरव तथा श्वेतभैरव, इन्द्रचोकमा रहेको आकाशभैरव, ज्ञानेश्वरमा रहेको आनन्दभैरव, पशुपतिमा रहेको उन्मत्तभैरव, भक्तपुरको सदाशिवचोकमा रहेका विभिन्न रूपका भैरव, पाटनको सुन्दरीचोकमा रहेको विभिन्न रूपका भैरवहरू प्रसिद्ध छन्। काठमाडौँ उपत्यकामा सादा ढुङ्गामात्रै स्थापना गरेर, शिरमात्रै दर्साएर कीर्तिमुख रूपमा र सम्पूर्ण शरीर कुँदेर उन्मत्त रूपमा भैरवको पूजा उपासना गर्ने प्रचलन छ। भैरवका स्थानहरूमा विभिन्न भाकल गर्ने र भाकल पूरा भएमा भैरवलाई रक्सी, समयबजी, हाँसको फूल, माछा, मासु, रोटी पञ्चबलि दिने गरिन्छ। भैरवको पूजाउपासना तान्त्रिक वामाचारविधिबाट गरिन्छ।

२.२.४. काठमाडौँ उपत्यकाबाहिरको शैवपरम्परा

काठमाडौँबाहिरको क्षेत्रमा पनि शैवधर्म त्यत्तिकै लोकप्रिय र प्रसिद्ध भएको देखिन्छ। काठमाडौँबाहिर नुवाकोटक्षेत्र प्राचीन कालदेखि नै शैवधर्मप्रधान क्षेत्र थियो। नेपालका प्रसिद्ध चौसठ्ठी शिवलिङ्गमध्ये भैरवेश्वर र ब्रह्मतीर्थेश्वर नामक दुईवटा शिवलिङ्ग नुवाकोटमै रहनुले पनि यस क्षेत्रमा शैवधर्मको प्रचार बढी मात्रामा रहेको देखिन्छ। भैरवेश्वर शिवको उग्र र रौद्र रूपको तान्त्रिक वामाचारविधिबाट उपासना गरिने पीठ हो भने ब्रह्मतीर्थेश्वरचाहिँ शिवको शान्त र सौम्य रूपको वेदानुकूल दक्षिणाचारविधिबाट उपासना गरिने पीठ हो। त्यसैगरी यस क्षेत्रमा कपिलेश्वर, दुप्चेश्वर, श्यामलेश्वर आदि प्रसिद्ध शिवालयहरू रहेका देखिन्छन्।

काठमाडौँ उपत्यकाभन्दा पूर्व काभ्रे, बनेपा, पनौतीक्षेत्रमा इन्द्रेश्वर, काश्यपेश्वर, गोखुरेश्वर, चण्डेश्वर, धनेश्वर आदि शैवपीठहरूको उपस्थितिले त्यस क्षेत्रमा पनि शैवधर्मको लोकप्रियता स्पष्ट हुन्छ। त्यसैगरी दोलखाक्षेत्रमा प्रसिद्ध भीमेश्वर मन्दिर रहको छ। दोलखाका शासकहरूले "श्रीश्रीश्रीभीमेश्वरचरणप्रसेवित" भन्ने प्रशस्ति धारणा गर्ने गरेको देखिएकाले त्यस क्षेत्रमा भीमेश्वर निकै लोकप्रिय रहेको स्पष्ट हुन्छ (

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वज्राचार्य र श्रेष्ठ, वि.सं. २०३१, पृ. ७३)। भीमेश्वरलाई भीमसेनका रूपमा पञ्चवलि दिने परम्परा छ।

गोरखादरबारको पूर्वपट्टि हनुमान्भञ्ज्याङमा शिवपरिवारको प्राचीन मूर्ति रहेको छ। त्यहीँ द्वितीय जयदेवले कैलासकूटबाट जारी गरेको शिलालेख छ। सो अभिलेखबाट त्यतिखेर गोरखामा महादेवको मूर्ति रहेको जानकारी प्राप्त हुन्छ (पन्त, वि.सं. २०४१, पृ. १८)।

पाल्पाराज्यका संस्थापक इन्द्रसेनले पाल्पाको माडीमा शिवलिङ्ग स्थापना गरेको प्रमाण भेटिन्छ (घिमिरे, वि.सं. २०४५, पृ. १२०)। पाल्पामा मुकुन्द सेन प्रथमले काठमाडौँबाट भैरवको मूर्ति पाल्पा लगे भन्ने वंशावलीमा उल्लेख छ (पूर्ववत्)। पाल्पाका प्रसिद्ध भैरवहरूमा अमरजङ्गभैरव, नुवाकोटभैरव, टक्सारभैरव, पुरानोकोटभैरव र वटुकभैरव हुन्। ती भैरवस्थानहरूमा चैतेदशैँ र बडा दशैँमा बलि दिने गरिन्छ।

राप्तीक्षेत्रमा रहेका स्वर्गद्वारीको शिवालय, रुकुमको विजयेश्वरी, लापुलेको शिवालय, प्यूठान विजयनगरको हिक्मतेश्वर महादेव, रुकुम शोभागाउँको शेरेश्वर महादेव आदि शिवपीठहरू यस क्षेत्रका जनतामा रहेको भगवान् शिवप्रतिको आस्था र विश्वासका प्रतीक हुन्।

भेरीक्षेत्रमा दैलेखको सरस्वतीगाउँको कोटिलामन्दिरमा रहेको शिवलिङ्ग, ज्वालानाभिस्थानमा रहेको भैरवमन्दिर, बडलोजीगाउँमा रहेको धुलेश्वरमहादेव, विलासपुरमा रहेको वटुकभैरव, जाजरकोटको खलङ्गामा रहेको शिवालय आदि यस क्षेत्रका जनतामा रहेका भगवान् शिवप्रतिका आस्था र विश्वासका प्रतीक हुन्।

जुम्लाक्षेत्रमा रहेका भैरवनाथ, ढोकाभैरव, चन्दननाथ, रत्नचूडेश्वर, लीलाभैरव आदि देवस्थलहरूले त्यस क्षेत्रका जनतामा रहेको भगवान् शिवप्रतिको आस्था र विश्वासलाई प्रकट गरिरहेका छन्।

सेती–महाकालीक्षेत्रमा रहेका शैवपरम्पराका प्रसिद्ध तीर्थस्थलहरूमध्ये डोटीको ताम्रगिरिमा रहेको ताम्रेश्वर, डोटीकै सिलगढीमा अवस्थित आशुतोष शिवमन्दिर, ताण्डव शिव र भैरवरूप शिवमूर्तिले युक्त दार्चुलाको उक भन्ने स्थान मुख्य आस्थाका केन्द्र हुन्। बझाङको कोटभैरव भन्ने स्थानमा रहेको वटुकभैरव र उमामहेश्वर, दार्चुलाको चौलानीनदीको किनारमा अवस्थित गोकुलेश्वर, कैलालीको गोदावरीनदीको पश्चिम किनारमा अवस्थित गोदावरी शिवमन्दिर, डोटीको जोरायलमा रहेको चण्डेश्वर शिवमन्दिर आदिले पनि त्यस क्षेत्रका जनतामा रहेको शिवप्रतिको भक्ति र आस्थालाई प्रकट गरिरहेका छन्। यस क्षेत्रमा पर्ने शैव पीठहरूमध्ये खापर जगन्नाथ, खप्तडको सहस्रलिङ्गस्थान, वैद्यनाथक्षेत्र आदि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्यादै प्रसिद्ध छन्। खापर जगन्नाथमा पण्डा र धामीले पूजाआजाको व्यवस्था मिलाउँछन्। वैदिक विधिले पूजाआजा गर्ने ब्राह्मण पुजारीलाई पण्डा भनिन्छ भने तान्त्रिक विधिले रहस्यपूजा गर्ने व्यक्तिलाई धामी भनिन्छ। गुप्त ढङ्गले गरिने जगन्नाथको पूजालाई गर्भपूजा भनिन्छ। धामीले शिवजीको गर्भपूजा सिध्याएपछि धामीलाई जल, अक्षता, चँवर डोलाएर धूप सुँघाइन्छ। त्यसपछि धामीमा देवताको आवेश हुन्छ र धामीबाट मानिसहरू आफ्नो उपचार गराउने, शुभ एवं अशुभ लक्षण जान्ने काम गर्दछन्। यस क्षेत्रमा धामी र पण्डाले संयुक्तरूपले शिवको पूजाअर्चना गर्ने व्यवस्था रहेको र धामीप्रति जनताको अगाध आस्था र भरोसा रहेको जस्ता कुराले यस क्षेत्रका जनतामा तन्त्रपरम्पराको गहिरो प्रभाव रहेको देखिन्छ।

नेपालमा शैव उपासनाको परम्परालाई हेर्ने हो भने यहाँ शिव र शक्तिको संयुक्तरूपले उपासना गर्ने परम्परा विद्यमान छ। शिव र शक्तिको पृथक् उपासना हुनै सक्तैन र त्यो वर्जित छ भन्ने तान्त्रिक मर्यादाको पूर्ण पालना यहाँ भएको देखिन्छ। नेपालमा शिवको सौम्य र शान्त एवं उग्र र घोर दुवै रूपको उपासना पाइन्छ। शिवको सौम्य र शान्त रूपको उपासना वैदिक वा वेदानुकूल तान्त्रिक पश्वाचारविधिबाट गरिन्छ भने उग्र र घोर रूपको उपासना भैरवस्वरूप मानी तान्त्रिक वामाचारविधिबाट गरिन्छ। यसप्रकार नेपालको शैवधर्ममा तान्त्रिक परम्पराको गम्भीर प्रभाव दृष्टिगोचर हुन्छ।

२.३. नेपालमा शाक्तधर्म

परब्रह्मस्थानीय उपास्यका रूपमा देवी या महाशक्तिलाई ग्रहण गर्ने अर्थात् देवी वा मातृशक्तिलाई विश्वब्रह्माण्डको एकमात्र परम कारण मान्दै उनलाई नित्य, शाश्वत तत्त्वका रूपमा उपासना गर्ने धार्मिक सम्प्रदायलाई शाक्तसम्प्रदाय भनिन्छ। मातृशक्तिको उपासनापरम्परा ज्यादै प्राचीन मानिन्छ। परिवार तथा समाजको आविर्भाव एवं प्रारम्भिक गठनमा आमाको रूपमा नारीले महत्त्वपूर्ण भूमिका निर्वाह गरेकाले विश्वका विभिन्न भागमा मातृसत्तात्मक संस्थाहरू बने र त्यसको फलस्वरूप देवीपूजाको प्रचलन प्रारम्भ भयो भन्ने समाजशास्त्री तथा पुरातत्त्वविद्हरूको मत रहेको छ। जेम्स जे. प्रिस्टन (ई.सं. १९८६)को मतमा देवीपूजाको प्रमाण तीस हजार वर्षपूर्व नवपाषाणकालसम्म पाइन्छ (पृ. ६)। मध्य तथा पूर्वी यूरोपमा हात्तीका दाँत तथा हाडबाट बनेका नारीआकृतिका अवशेषहरू पाइएका छन्। करिब बीस हजार वर्षभन्दा पुराना पूर्वपाषाणकालिक ती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अवशेषहरूले तात्कालिक समयमै देवीपूजाको प्रचलन रहेको प्रमाण दिइरहेका छन् (क्षेत्री र खतिवडा, वि.सं. २०५४, पृ. ९३)। इरान, इराक, भूमध्यसागरीय क्षेत्र, पश्चिमएसिया र मोहनजोदडो एवं हडप्पासभ्यताबाट प्राप्त नारीचित्र, मूर्ति र अवशेषबाट पनि शक्तिको उपासनापरम्परा ज्यादै प्राचीन रहेको देखिन्छ।

सर्वप्राचीन लिखित साहित्यका रूपमा ऋग्वेदमा सर्वप्रथम देवी वा शक्तिको उल्लेख पाइन्छ। ऋग्वेदका ऋचाहरूमा वर्णित देवीहरू कुनै निश्चित तत्त्वका रूपमा नभई प्रकृतिकै कुनै शान्त र सुन्दर रूपमा वर्णन गरिएको पाइन्छ। त्यसै क्रममा ऋग्वेदमा सरस्वतीलाई बल, ज्ञान, ऐश्वर्य र अन्न आदि प्रदान गर्ने देवीका रूपमा चित्रण गर्दै उनी सबैलाई पवित्र बनाउने देवी हुन् भनिएको छ। यिनी उत्तम बुद्धिले युक्त विद्वान् व्यक्तिहरूलाई ज्ञान प्रदान गर्दै तिनको यज्ञ, श्रेष्ठ कर्म र देवताको उपासनालाई धारण गर्दछिन् भनिएको छ (ऋग्वेद, १।२।३।१०–१२)। त्यसैगरी ऋग्वेदकै दशम मण्डलमा सरस्वतीको वर्णनको प्रसङ्गमा ज्ञानको प्रकाश दिने परम सुखदाता प्रभुको प्रार्थना गर्दै मानिसहरू सरस्वतीलाई असीमित ज्ञानले सम्पन्न शक्तिका रूपमा स्विकार्दछन् भनिएको छ (ऋग्वेद, १०।६१)। अथर्ववेदमा लोकहितकारी कार्य गर्दा शत्रुहरूको घातप्रतिघातद्वारा मनमा क्षोभ उत्पन्न हुने स्थितिमा आफ्नो ज्ञानमय एवं स्नेहमय लेपनद्वारा उक्त क्षोभरूपी घाउ निको पार्न देवी सरस्वतीसँग प्रार्थना गरिएको छ(अथर्ववेद, ७।५७।१)। त्यसैगरी उषालाई ऋग्वेदमा समस्त विद्याले परिपूर्ण, दुःखदायी अज्ञानदेखि भिन्न, विविध प्रकारका ज्ञानलाई प्रकाशित गर्ने, पापलाई डढाउने एवं मनुष्यमात्रका लागि ज्ञानमार्गको प्रदर्शक देवीका रूपमा वर्णन गरिएको पाइन्छ। अदितिलाई ऋग्वेदमा समस्त प्राणी एवं जगत्रूपी प्रपञ्चकी जननी तथा संहारकर्त्रीका रूपमा वर्णन गरिएको छ। त्यसैगरी ऋग्वेदमा रात्रि, पृथिवी, इला, भारती, मही आदि देवीहरूको पनि चर्चा पाइन्छ।

ब्राह्मण एवं आरण्यकग्रन्थहरूमा ब्रह्मको शक्तिका रूपमा गायत्री एवं सावित्रीको वर्णन पाइन्छ। तैत्तिरीयारण्यकमा दुर्गादेवीको विस्तृत वर्णन पाइन्छ, जहाँ दुःस्वप्ननाशिनी दुर्गादेवीसँग आफ्ना सम्पूर्ण पापहरूको हरण गर्न प्रार्थना गरिएको छ (तैत्तिरीयारण्यक, १०।१)। त्यसैगरी ब्राह्मणग्रन्थहरूमा कुहू, राका, सिनीवाली आदि रात्रिदेवीहरूको पनि उल्लेख पाइन्छ। शतपथब्राह्मणमा देवी सरस्वतीलाई पशुबलि दिने वर्णन पाइन्छ (शतपथब्राह्मण, ३।९।१।७)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपनिषद्हरूमा ब्रह्ममा अन्तर्निहित शक्तिलाई नै सम्पूर्ण जगत्रूपी प्रपञ्चको कारण मानिएको छ। एउटै ब्रह्म विभिन्न शक्तिको योगले विभिन्न रूपमा आभासित हुन्छ। उसका विभिन्न शक्तिहरूमध्ये इच्छा, ज्ञान र क्रियारूप शक्ति प्रमुख मानिन्छन्। छान्दोग्योपनिषद्, ऐतरेयोपनिषद्, केनोपनिषद्, काठकोपनिषद्, बह्वृचोपनिषद्, मैत्रेय्युपनिषद्, बृहज्ज्वालोपनिषद् आदि उपनिषद्हरूमा शक्तिका विविध रूप र महिमाको वर्णन एवं स्तुति गरिएका प्रसङ्गहरू पाइन्छन्। यसका अतिरिक्त त्रिपुरोपनिषद्, त्रिपुरातापिन्युपनिषद्, देव्युपनिषद्, भावनोपनिषद्, सरस्वतीरहस्योपनिषद्, सीतोपनिषद्, सौभाग्यलक्ष्म्युपनिषद् आदि शक्तिउपासनापरक उपनिषद्हरू छन् जसमा शक्तिका विविध रूप, तिनको महिमा र उपासनाको विशद वर्णन पाइन्छ।

महाभारतयुगसम्म आइपुग्दा शक्तिउपासनाले स्वतन्त्र रूप लिइसकेको देखिन्छ। यस युगसम्म आइपुग्दा शक्तिलाई उमा, काली, विजया, कात्यायनी, चण्डी, दुर्गा, ललिता आदि देवीका रूपमा साकार उपासनाको परम्परा विकसित भइसकेको देखिन्छ। विराट्पर्वमा युधिष्ठिरले दुर्गाको उपासना गरेको वर्णन पाइन्छ। भीष्मपर्वमा कुमारी, काली, कपाली, कपिला, भद्रकाली, महाकाली, उमा, कात्यायनी, चण्डी आदि देवीहरूको उल्लेख पाइन्छ। वनपर्वमा श्रीपर्वतको वर्णन पाइन्छ जहाँ महादेव आफ्नै शक्तिका साथ रहेको उल्लेख गरिएको छ। कालिकापुराण तथा देवीपुराण शक्तिको उपासनासम्बन्धी स्वतन्त्र पुराण मानिन्छन् भने अन्य सबैजसो पुराणहरूमा देवीको कुनै न कुनै वर्णन तथा उपासनाको उल्लेख पाइन्छ। यसै पृष्ठभूमिमा विकसित भएको देवीउपासनाको परम्परालाई तन्त्र वा आगमशास्त्रले दार्शनिक र कर्मकाण्डीय आधार प्रदान गरेको देखिन्छ।

नेपालमा शाक्तपरम्पराको प्रसङ्गबारे चर्चा गर्दा देवीभागवतमा उल्लेख गरिएको प्रसङ्गलाई यहाँ कोट्याउनु सान्दर्भिक देखिन्छ। उक्त पुराणमा नेपालमा गुह्यकालीको महापीठ रहेको बताइएको छ (देवीभागवत, ७।३८।११)। स्कन्दपुराणमा पनि नेपालमा सतीदेवीको गुह्यपतन भई गुह्यकाली पीठको उत्पत्ति भएको बताइएको छ। नेपालको पश्चिमतराईमा पर्ने बन्जाराहीको पुरातात्त्विक उत्खननमा हातले बनाइएको माटाको नारीमुखौटो प्राप्त भएको छ। उक्त मुखौटोलाई पुरातत्त्वविद्हरूले भूदेवीको मुखौटो मानेका छन्। सो मुखौटो ई.पू. तेह्रौं शताब्दीतिरको हुन सक्ने अनुमान गरिएको छ। कपिलवस्तुको उत्खननका क्रममा प्राप्त भएका माटाका स्त्रीमूर्तिहरूलाई लैनसिंह वाङ्देल (वि.सं. २०३९)ले ई.पू. प्रथम शताब्दीतिरको मानेका छन् (पृ. २६–५३)। काठमाडौं उपत्यकाभित्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाइएका केही मातृकाहरूको मूर्तिले यहाँ शक्तिउपासनाको परम्परा ईसापूर्व युगमा नै प्रचलनमा रहेको ज्ञात हुन्छ। त्यसैगरी पाटन हौगलवहास्थित मातृका, चाँगुनारायणको मातृका, बगलामुखीको मन्दिरमा रहेका मातृका, वल्खुका मातृका आदि मातृदेवीका मूर्ति ईसाको दोस्रो वा तेस्रो शताब्दीका मानिएका छन्। यी तथ्यहरूले नेपालमा शक्तिको उपासनापरम्परा ईसापूर्वको युगदेखि नै प्रारम्भ भएको र सोही परम्पराको निरन्तरतास्वरूप कलाकारहरूले शक्तिलाई मातृकाका रूपमा मूर्तरूप दिएको देखिन्छ।

ऐतिहासिक अभिलेखका रूपमा राजा मानदेवको पालाको संवत् ४११ (वि.सं. ५४७) को शीलवतीको अभिलेख प्राप्त भएको छ। उक्त अभिलेख नेपालको मात्र नभई विश्वकै शाक्तपरम्पराको सबैभन्दा प्राचीन अभिलेख मानिएको छ (आचार्य, वि.सं. २०५३, पृ. ४०)। उक्त अभिलेख अनुसार राजा मानदेवका पालामा महाप्रतिहार भीमगुप्तकी पत्नी शीलवतीले क्रमपरम्पराकी देवी शर्वाणीको स्थापना गरेको र देवीको कारणपूजा आदिका लागि भूमिदान गरेको जानकारी प्राप्त हुन्छ (पूर्ववत्)। यसैगरी संवत् ४२५ (वि.सं. ५६०) को विजयस्वामिनीको पलाञ्चोक अभिलेखअनुसार उनले पलाञ्चोक भगवतीको नामबाट चिनिने विजयेश्वरीदेवीको स्थापना गरेको ज्ञात हुन्छ (पूर्ववत्, पृ. ६७)। संवत् ४९५ (वि.सं. ६३०) को शङ्खमूल सिकुवहीस्थित मातृकाको पादपीठको अभिलेखअनुसार वाग्वती र मणिमतीको सङ्गममा प्रतिस्थापन गरिएका माटाका मूर्तिहरू कालक्रमले बिग्रेको हुनाले परम धार्मिक श्रीवभ्रु वर्माले ती मातृकाहरूको प्रतिसंस्कार गर्ने विचार गरेका थिए तर सो कार्य पूरा हुन नपाउँदै उनको मृत्यु भएकाले यिनकी पत्नी देशभट्टारिका, भाउजू अर्थात् भतिजा देशवर्माकी आमाले स्वर्गवासी श्रीवभ्रु वर्मा, पत्नी, मातापिता तथा आफ्नो पनि पुण्य वृद्धि होस् भनी माटाका मूर्तिहरूको सट्टा ढुङ्गाका मातृका देवीहरूका मूर्ति निर्माण गरेको जानकारी प्राप्त हुन्छ (पूर्ववत्, पृ. २११–२१२)। यस अभिलेखअनुसार त्यतिखेर भागवतधर्मावलम्बी परिवारमा मातृदेवीको उपासनापरम्परा रहेको जानकारी प्राप्त हुन्छ। अंशुवर्माको पालाको संवत् ३० (वि.सं. ६६४)को हाँडीगाउँस्थित अभिलेखअनुसार त्यतिखेर श्रीदेवी(लक्ष्मी), षष्ठीदेवी आदि देवीहरू राजदरबारमा पुजिन्थे भन्ने जानकारी प्राप्त हुन्छ (पूर्ववत्, पृ. ३०१–३०२)। षष्ठीदेवी षोडश-मातृकाहरूमध्ये एक हुन् र यिनी बच्चाको छैठी गर्दा पुजिने मुख्य देवी हुन्। यसबाहेक लिच्छविकालमा शाक्तउपासनाका विषयमा खासै ऐतिहासिक सामग्री उपलब्ध छैनन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मल्लकालमा शाक्तउपासना अत्यन्त प्रचलित रहेको कुराको प्रमाण काठमाडौँ उपत्यकामा पाइने देवीका मन्दिर तथा मूर्तिहरूले दिइरहेका छन् । मल्लकालमा शाक्तसम्प्रदायको खुब लोकप्रियता बढ्यो । यस बेलाका राजाहरू प्रायः शैव र शाक्तसम्प्रदायका अनुयायी हुन्थे । मल्लकालका प्रतापी राजा स्थिति मल्ल मनमानेश्वरीका परम भक्त थिए । उनले 'श्रीमनमानेश्वरीलब्धप्रसाद' भन्ने उपाधि धारण गरेका थिए । पूर्वमल्लकालका अरू दुईजना राजाहरू ज्योतिर्मल्ल र यक्ष मल्लले मनमानेश्वरीलाई विशेष मान्यता दिएका थिए । ज्योतिर्मल्ल पशुपतिका भक्त भए पनि 'श्रीमनमानेश्वरीवरलब्धप्रसादित' भन्ने उपाधि ग्रहण गरी आफूलाई शक्तिका उपासक सिद्ध गर्दथे भने यक्ष मल्ल पनि यसै परम्पराका पोषक थिए । उनले पनि 'श्रीमनमानेश्वरीदेवीवरलब्ध' भन्ने उपाधि ग्रहण गरेका थिए । यसैताका झङ्केश्वरी भगवती निकै प्रख्यात थिइन् । नेपालसंवत् ५२७ तिरका फर्पिङभेगका स्थानीय शासक जयजैत्रसिंहदेवले 'श्रीश्रीझङ्केश्वरीवरलब्धप्रसाद' भन्ने उपाधि धारण गरेका थिए । स्थानीय वा प्रान्तीय शासकहरूले पनि राजाको जस्तै कुनै विशेष देवताको अश्रय लिएको कुरा यस उदाहरणबाट स्पष्ट हुन्छ । शाहकाल र आजसम्म पनि शक्तिउपासनाको सोही परम्पराले नेपालमा निरन्तरता पाइरहेको छ । यसै सन्दर्भमा गोरखाक्षेत्रवरपरको शक्तिउपासनाको प्रसङ्गलाई यहाँ कोट्याउनु सान्दर्भिक देखिन्छ ।

स्याङ्जा लसर्घाभेगमा प्रचलित अनुश्रुतिमा दक्षिणमा विरोधीको आक्रमण सहन नसकी आफ्नो कुलप्रतीक, राजसी चिह्न, निशान, नगरा लिई कुनै वंशका पाँच भाइ राजकुमारहरू चित्तौरगढबाट यहाँ आइपुगे । कालीगण्डकी तर्न फेरीमा बसेपछि फेरी चलेन र बोटेको सल्लाहअनुसार रिसाएको ओके देवतालाई सुँगुरको बलि दिएपछि फेरी चल्यो र पारि पुगे तर सुँगुरवलि गरी पूजा गर्ने दाजुभाइमध्येको माइलो भाइको जात झिकी त्यहीँको हनुमान्लाई चढाई निजलाई जातिच्युत गरियो र ऊ जातबाट मासिएको (घटाइएकाले) मास्की राना बन्यो । त्यसको भोलिपल्ट ती राजकुमारहरूले हालको आलमदेवी भनिने ठाउँमा वास बसे । तिनीहरूले आफूसँग ल्याएको साक्षात् कुलदेवीको डोलीलाई वाचावन्धनअनुसार रुखमा अड्काउनुपर्नेमा त्यस दिन सो नगरी भुइँमा नै राखिदिएकोले तिनले भेष परिवर्तन गरी अलप भइन् । त्यसैले सो घटना र ती देवीको सम्झनामा आज पनि उनी अलप भएको भीसनेपातीको फेद जहाँ प्वाल पनि छ, त्यहीँ नै आलमदेवीको पूजा गर्ने चलन छ । उक्त देवीको पूजा पनि तिनै जातिच्युत गरिएका राजकुमार र तिनका सन्तान हालका मास्की राना

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मगरले नै गर्ने चलन छ। आलमदेवीलाई ऐतिहासिक समयदेखि शाह र राजपरिवारले समेत कुलदेवता मानेको प्रमाण देखिनु, शाहहरूको प्रथम आगमनक्षेत्र यही हुनु, आलमदेवीको पुजारी मगरहरू नै हुनु र भीमसेनपातीकै बोटमा उक्त आलमदेवीको मन्दिर रहनु आदि तथ्यबाट यसमा सत्यता भएको अड्कल गर्न सकिन्छ। त्यसैकारण स्याङ्जा लसर्घाभेगमा प्रचलित कथामा अलप भएकी आलमदेवीले सपनामा राजकुमारहरूलाई तदुपरान्त गण्डकीप्रदेशका विभिन्न ठाउँमा आक्रमण गरी राज्यकायम गर्न प्रेरणा दिँदै त्यसका लागि आफूले शक्ति दिने वचन दिएकी थिइन् भनिन्छ। त्यसको लगत्तै लसर्घा, गह्रौं, भीरकोट, नुवाकोट, लमजुङ हुँदै ती राजकुमारहरूको राज्य पूर्वतिर वढेको मानिन्छ। पछि कुलमण्डन खानका छोरा यशोब्रह्मले लमजुङ र यशोब्रह्मका छोरा द्रव्य शाहले गोरखाराज्यमा आफ्नो अधिकार जमाएका थिए। त्यसअनुसार पूर्वोक्त कथामा बताएजस्तै नव आगन्तुक राजकुमारहरूसँग आएकी देवी अलप भएपछि कुनै पुस्तामा भीरकोट गाउँकी कुनै मगरकन्यामा उनको पूर्व आत्मा आरोपित भएको र उनले सपनामा गोरखाका राजा राम शाहलाई आफूलाई गोरखामा लगेर उपासना गर्न प्रेरणा दिएकाले राजाले पुरश्चरण गरेपछि पुतलीको भेषमा देवीले गोरखादरवारमा प्रवेश गरेको मानिन्छ। यसरी हेर्दा नव आगन्तुक राजकुमारहरू र उनका सन्तानले अलप भएकी आलमदेवीलाई उनैको प्रेरणाअनुसार आफ्नो कुलदेवी मानिआएको र सयौं वर्षपछि पनि शाह राजाहरूले स्याङ्जाकी आलमदेवीलाई नै आफ्नो कुलदेवता मानेको देखिन्छ।

नेपाल एकीकरणपूर्व बलिया चौबीसे राज्यहरूमा एक मानिने कास्कीराज्यका राजाहरूको दरवार रहेको ठाउँसँगै कास्कीकोट कालिकाको स्थान रहेको छ। मूल शक्तिको प्रतीक गोप्य रहने मान्यता यहाँ पनि रहेको छ र देवी खाल्डो परेको ठाउँमा रहेकी छिन्। यी देवीलाई पछाडि फर्केर पाती चढाउने चलन रहेको छ। यस क्षेत्रमा आइपुगेपछि बिहेको पाल्कीबाट समेत दुलहादुलही झरेर हिंड्नुपर्ने चलन छ। यहाँ दशैंमा घटस्थापना गर्ने, नवरात्रिभरि पूजापाठ गर्ने र अष्टमी तथा नवमीमा राँगा र बोका बलि दिने चलन छ। चैतेदशैंमा पनि सामान्य बलि पूजा हुने गर्छ।

यता नुवाकोटक्षेत्र पनि शक्तिउपासनाका दृष्टिले निकै महत्त्वपूर्ण देखापर्छ। शाक्तसम्प्रदायका देवी मूर्तिहरू पनि यस भेगमा अनेक पाइएका छन्। भैरवस्थानमा रहेको महिषमर्दिनी भगवतीस्थान यस प्रसङ्गमा स्मरणीय छ। भैरवीका सहचरका रूपमा मातृकाको पनि यस भेगमा निकै मान्यता रहेको छ। यहाँ इन्द्रायणी, ब्रह्मायणी आदि प्रसिद्ध शक्तिपीठहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विद्यमान छन्। नुवाकोट नजित्दै पृथ्वीनारायण शाह त्रिशूलीपारि रहेको इन्द्रायणीस्थानमा जपपाठका लागि जान्थे भन्ने उल्लेख दिव्योपदेशमा आएको छ। यस क्षेत्रमा देवीजात्राहरू पनि प्रचलनमा रहेका छन्।

शक्तिउपासनाको मूल आधार तन्त्र नै हो र तान्त्रिक मान्यता बमोजिम नै नेपालमा शक्तिउपासना भइरहेको छ। शक्तिउपासनासँग सम्बद्ध अनगिन्ती जात्राउत्सवहरू नेपालमा प्रचलित छन् जसको चर्चा यथासमय हुने नै छ त्यसैले शक्तिउपासनाको प्रसङ्गलाई यहीँ टुङ्ग्याउन चाहन्छु।

२.४. नेपालमा वैष्णवधर्म

नेपालमा वैष्णवधर्म महत्त्वपूर्ण प्राचीन धर्मका रूपमा चलिआएको देखिन्छ। नेपालमा वैष्णवधर्मको उत्पत्तिका सम्बन्धमा ठोस ऐतिहासिक प्रमाण पाइँदैन। भाषावंशावलीमा कृष्णले नै तलाउको रूपमा रहेको काठमाडौँ उपत्यकालाई बस्तीयोग्य बनाएको वर्णन पाइन्छ। वराहपुराणमा पनि कृष्णले पर्वतहरूलाई भत्काएर दानवहरूलाई मारेको कुरा लेखिएको छ (रेग्मी, वि.सं. २०३९, पृ. १०७)। गोपालवंशावलीमा राजा हरिदत्त वर्माले चतुशिखरप्रदेशमा विष्णुको मन्दिर बनाएको वर्णन पाइन्छ (पूर्ववत्)। नेपालसंवत् ३२० को इचङ्गु अभिलेखमा राजा हरिदत्तले नारायणको (इचङ्गुनारायण) मन्दिरमा सिंहको मूर्ति स्थापना गरेको उल्लेख गरिएको छ (पूर्ववत्, पृ. १०६)। यिनको समय वि.सं. २५०-३०० तिर अनुमान गरिएको छ। यसप्रकार नेपालमा वैष्णवधर्म निकै प्राचीनकालमै लोकप्रिय भइसकेको कुरा स्पष्ट हुन्छ।

मानदेव प्रथमको समयदेखि भने नेपालमा वैष्णव धर्मको इतिहास स्पष्टरूपले देखिन्छ। मानदेवले संवत् ३८९ (वि.सं. ५२५) मा लाजिम्पाट र पशुपतिनजिक तिलगङ्गामा आफ्नी आमा र राज्यवतीको पुण्यका लागि त्रिविक्रममूर्तिको स्थापना गरेर तिनको भव्य मन्दिरसमेत बनाउन लगाएका थिए (पूर्ववत्, पृ. ३४–३६)। यस प्रसङ्गमा मानदेवले चलाएको मानाङ्कमुद्राको उल्लेख गर्नु सान्दर्भिक हुन्छ। उक्त मुद्राको अग्रभागमा कमलको आसनमा बसेकी लक्ष्मीको मूर्ति रहेको छ। मानदेव आफू वैष्णव भएकाले आफ्नो मुद्रामा विष्णुकी शक्ति लक्ष्मीलाई स्थान दिएका हुन् भन्ने कुरा स्पष्ट हुन्छ। यसबाट प्राचीनकालमै शक्ति र शक्तिमान्लाई अभिन्न रूपमा देखाउने र संयुक्तरूपले उपासना गर्ने परम्परा रहेको बोध हुन्छ।

प्राचीनकालमा नेपालमा वेदव्यासको पूजाआजा लोकप्रिय थियो भन्ने कुराको ऐतिहासिक साक्ष्य लिच्छविकालका अभिलेखहरूले प्रस्तुत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरेका छन्। राजा वसन्तदेवको पालाको पाटन खपिंछेंको संवत् ४५२ (वि.सं. ५८७)को अभिलेखमा याज्ञिक विप्रसेन, ध्रुवसेन आदिले भगवान् वेदव्यासको कारणपूजा चलाउनका लागि तथा मालाका लागि केही जग्गा दिएको वर्णन गरिएको छ (पूर्ववत्, पृ. १३८–१३९)। व्यासलाई विष्णुको अवतार मानिन्छ त्यसैले वेदव्यासको पूजाको सम्बन्ध वैष्णवधर्मसँगै रहेको छ। वसन्तदेवका छोरा वामनदेव पनि वैष्णवधर्म मान्दथे। संवत् ४६० (वि.सं. ५९६) को साँखु दुगाहिटीस्थित नारायणको पादपीठको अभिलेखमा राजा वामनदेवले विष्णुका विभिन्न अवतारमध्ये एक वामनस्वामीको मूर्ति स्थापना गरी भूमिप्रदान गरेको उल्लेख गरिएको छ (पूर्ववत्, पृ. १६८–१६९)।

लिच्छविराजाहरूमा गणदेव र शिवदेव पनि वैष्णवधर्मका अनुयायी रहेको ज्ञात हुन्छ। गणदेवको अभिलेखको शीर्षभागमा चक्र र त्यसका दुईतिर शङ्ख बनाइएको छ। शिवदेवका छवटा अभिलेखको शीर्षभागमा पनि सोही वैष्णवचिह्न राखिएको छ।

प्रतीकको प्रयोग गर्नु तान्त्रिकताको द्योतक हो। देवताका हातहरूमा आयुधको कल्पना गर्नु, विभिन्न प्रतीकहरूको प्रयोग गर्नु तान्त्रिक कलाको विशेषता मान्न सकिन्छ।

अंशुवर्माको व्यक्तिगत र राजधर्म भिन्न भए तापनि वैष्णवधर्मलाई सरकारी मान्यता दिएका थिए भन्ने कुरा उनको अभिलेखबाट थाहा पाइन्छ। संवत् ३१ (वि.सं. ६६४)को अभिलेखमा कालक्रमले जीर्ण भएको चाँगुनारायणको पुरानो कवच र गरुड पहिलेकै जस्तो गरी राजा अंशुवर्माले जीर्णोद्धार गरेको कुराको वर्णन पाइन्छ (पूर्ववत्, पृ. ३१७)।

मध्यकालमा पनि वैष्णवधर्म उत्तिकै लोकप्रिय रहेको कुरा तात्कालिक शिलालेखहरूले स्पष्ट बताएका छन्। मध्यकालिक नेपालमा पनि गरुडस्तम्भ खडा गर्ने परम्परा कायमै रहेको कुरा भक्तपुर तिलमाधव स्थानको अगाडि रहेको गरुडस्तम्भले बताएको छ। यसै समयका अरू केही अभिलेखहरूले मध्यकालिक नेपालमा वैष्णवधर्म अत्यन्त लोकप्रिय रहेको तथ्यलाई दर्शाउँछन्।

नेपालसंवत् ३२० को विजयकामदेवको पालाको इचङ्गुको अभिलेखले मध्यकालमा वैष्णवधर्मले राम्रो स्थान पाएको देखिन्छ। मल्लकालमा पनि वैष्णवधर्मको उही परम्परा कायम रह्यो। मल्लकालका प्रख्यात राजा धर्ममल्लको उपाधि दैत्यनारायण थियो। उनैका भाइ ज्योतिर्मल्ललाई पनि दैत्यनारायणावतार भनिन्थ्यो। यसबाट यिनी पनि वैष्णवधर्मलाई उत्तिकै आदर गर्दथे भन्ने थाहा पाइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नुवाकोटबाट प्राप्त नेपालसंवत् ५६१ को अभिलेखका आधारमा नुवाकोटमा पहिलेदेखि नै नारायणको मन्दिर स्थापित भइसकेको थाहा पाइन्छ। सो नारायणमन्दिरमा त्यस कालका नुवाकोटक्षेत्रका सोमवंशी शासक रिपु मल्लले पानस चढाएको वर्णन सो अभिलेखमा गरिएको छ। रिपु मल्ललाई त्यहाँ गरुडनारायणको पदवी दिइएको छ र नारायणलाई उनको इष्टदेवता पनि भनिएको छ। यसबाट रिपु मल्ल र उनको सोमवंश वैष्णवधर्मानुयायी रहेको देखिन आउँछ (रेग्मी, वि.सं. २०३९, पृ.११७)।

मल्लकालका अर्का प्रसिद्ध राजा यक्ष मल्ल पनि वैष्णव धर्मको सम्मान गर्दथे। उनले नेपालसंवत् ५८८ मा भक्तपुरमा आफ्ना मृतपुत्र जयराज मल्लको नाममा विष्णुको स्थापना गरेका थिए। नेपालसंवत् ५७२ को लुभु नारायणस्थानको अभिलेखमा विष्णुको पूजाआजा र अहोरात्र यज्ञ आदि गरिएको वर्णन पाइन्छ (पूर्ववत्)।

नेपालमा शाहकालमा र आजसम्म पनि वैष्णवधर्म आफ्नो पूर्वरूपमै जीवित रहेको छ। देशका विभिन्न स्थानमा रहेका विष्णुका मन्दिर तथा मूर्तिहरूले यस धर्मको लोकप्रियतालाई दर्शाइरहेका छन्।

वैष्णवहरूमध्ये कोही बालकृष्णलाई मात्र मान्ने, कोही राधाकृष्ण दुवैलाई मान्ने, कोही द्वारकाधीशको मात्र पूजा गर्ने र कोही कृष्णलाई भन्दा राधालाई बढी महत्त्व दिने अनेक प्रकारका देखिन्छन्। वैष्णवहरूका रामानुज, निम्बार्क, माधव, वल्लभ, र चैतन्य आदि प्रमुख सम्प्रदायहरू देखिन्छन्। वैष्णवहरूमा पनि सभाव र विभाव पाशवकल्प एवं वीरकल्प हुने देखिन्छ। चोलियामार्गी र बीजमार्गी वैष्णवहरू वीरभावले उपासना गर्ने वैष्णव हुन्। यसै सन्दर्भमा चाँगुनारायणको रथयात्रा र महास्नानपर्वका विषयमा यहाँ केही उल्लेख गर्नु सान्दर्भिक देखिन्छ। उक्त रथयात्रा र महास्नानपर्वमा विष्णुलाई शाक्तसम्प्रदायका देवी र भैरवहरूसँग समन्वय गरी पूजाआजा गर्ने र जात्रा चलाउने परम्परा रहेको छ। उक्त परम्परामा तान्त्रिक प्रभाव स्पष्टरूपले दृष्टिगोचर हुने भएकाले सो परम्पराका बारेमा यहाँ सङ्क्षेपमा चर्चा गरिन्छ।

२.४.१. चाँगुनारायणको रथयात्रा

चाँगुनारायणको रथयात्रा वैशाख कृष्ण त्रयोदशीका दिनदेखि सुरु हुन्छ। पहिलो दिन विहान सवेरै चाँगुका कसाहीहरू बाजागाजा बजाउँदै मनोहरानदीपारि रहेको कान्तिभैरवको स्थानमा पुगेर भैरवको पूजाआजा गरी कुखुराको बलि चढाउँछन् र निम्तो गर्दछन्। कान्तिभैरवको पूजा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सकिएपछि म्याचा गुठीका गुठियार रहेका भँडलहरूले नारायणको पूजाआराधना गरी रथयात्रा सुरु गर्दछन्।

भोलिपल्ट बिहानै चिन्हगुठीका गुठियारहरू छिन्नमस्तादेवीको मन्दिरबाट भैरवको मूर्ति लिई बाजागाजासहित मनोहरापारिको कान्तिभैरव स्थानमा पुग्दछन्। त्यहाँ यज्ञ गरी भैरवलाई बलि दिने काम सम्पन्न हुन्छ र ब्राह्मणलाई प्रसाद र दक्षिणा दिई चाँगुको कोतमा पुगेर पूजा गर्ने र बलि दिने काम गरिन्छ।

यसै दिन जाधो गुठीका गुठीयारहरूले पवित्र भई, निराहार बसी कालिकुवाबाट पानी ल्याई भात पकाउँछन् र सोही चोखो भातबाट भैरव र कालीका मूर्तिहरू बनाई परम्पराअनुसार विशेषरूपले पूजाआजा गर्दछन्। जग्गे गुठीका गुठीयारहरूले पनि भातकै देवता बनाई पूजा गर्छन्। यसरी तीन ठाउँमा भातका देवता बनाई पूजा गरिन्छ र तीनै ठाउँका जाधो गुठीका देवताहरूलाई बाजागाजाका साथ कान्तिभैरवमा पुऱ्याई पुनः यज्ञ गरिन्छ।

औँसीको दिन बिहान बाजागाजाका साथ डोलेहरूले खट बोकी भैरवलाई फर्काउँछन्। त्यस क्रममा सर्वप्रथम भैरवको रथ कुँछेंटोलको पाटीमा लगी राखिन्छ। बाजा बजाउनेहरू तथा भजन गर्नेहरू समेत भई अविर लावा छर्दै छिन्नमस्ताको स्थानमा रहेको कालीको रथलाई कुँछेंमा लगी भैरवका साथ राखी धूमधामले पूजा गरिन्छ। नारायणका पुजारीबाट पूजा गरिन्छ र बलि पनि दिइन्छ। बेलुका बलिमा चढाएको बोकासहित पुजारीले भोज खुवाउने परम्परा छ।

भोलिपल्ट बिहान नारायणको नित्यपूजा सकिएपछि जात्राका लागि बनाइएका गरुडनारायण, लक्ष्मी र सरस्वतीका मूर्तिहरूलाई चाँगुनारायणको अगाडि राखेर पञ्चामृत स्नानसहित विशेष पूजा गरिन्छ। चौथो प्रहरतिर नारायण र कीलेश्वरको खट सिँगारी जात्राका लागि तयार गरिएको गरुडनारायणको मूर्तिलाई पुजारीले, लक्ष्मीको मूर्तिलाई पूर्वटोलका भँडेलले र सरस्वतीको मूर्तिलाई पश्चिमटोलका भँडेलले मन्दिरबाहिर ल्याई रथारोहण गराउँछन्। त्यसै समयमा कीलेश्वरलाई पनि रथारोहण गराई लावा, अविर र फूल चढाउँदै मन्दिर परिक्रमा गरी नारायण तथा कीलेश्वरको दुवै रथ पश्चिमढोकाबाट निकालेर कुँछेंटोलमा पुऱ्याइन्छ। त्यसपछि भैरव र कालीका खटहरूका साथ सिन्दूरजात्रा गरिन्छ। द्वितीयाको दिन बेलुकापख नारायण, कीलेश्वर, भैरव र कालीका चारैवटा खटहरू विशेषप्रकारले सजाइन्छ र सिन्दूरजात्रा गर्दै मूर्तिसहितका उक्त खटहरू टोलटोलमा घुमाइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तृतीयाको दिन चाँगुनारायण आसपास गाउँका देवीदेवताको पनि रथयात्रा सम्पन्न गरिन्छ। भैरव र कालीका रथलाई वरपरका देवीदेवताका रथले प्रदक्षिणा गरी सम्मान दर्शाएर बिदा गर्दछन्। त्यसपछि भैरव र कालीका रथहरू मनोहरानदीमा सफा गरी चाँगुबाट आएका यात्रुहरूले रथलाई बोकेर चाँगुमा लैजान्छन् र दुवै रथ चाँगुनारायणको मन्दिरअगाडि पुऱ्याएपछि नचाई रमाइलो उत्सव गरिन्छ।

यसपछि भैरव र कालीका रथलाई चाँगुनारायणबाहिरको गरुडनारायणको मूर्तिअगाडि विश्राम गराइन्छ। नारायणको रथचाहिँ मन्दिरअगाडिको दवुः (चारपाटे ढुँगा) मा र कीलेश्वरको रथ मन्दिरकै पूर्वपट्टि बिसाइन्छ। भैरव र कालीको मूर्तिलाई डुइयाँहरूले रथबाट झिकेर बाजा बजाउँदै लावा र अबिरले पर्सँदै द्यौछेँ (देवघर) मा लैजान्छन् र अगाडि राखिएको स्वस्तिकासनमा देवताहरू राखी निगालोको चिराख बाली पुजारी, थकाली र नकिनीहरूले विधिपूर्वक विर्सजनपूजा गर्दछन्। त्यसपछि मूर्ति बोकी डुइयाँहरूले जलको धारा दिँदै द्यौछेँमा भैरव र कालीलाई भित्र्याउँछन्। देवता भित्र्याएपछि नारायणका पुजारीले वैदिक मन्त्र पढ्छन् र बिचागुठीका गुठियारहरूले ल्याएको सामानबाट छिन्नमस्ताका पुजारीले विसर्जनपूजा गर्दछन्।

द्वितीयाको दिन बलम्बुटोलमा राखिएका नारायण, लक्ष्मी, सरस्वतीको पूजा हुने हुँदा मन्दिरको पूजा आरती हुँदैन। तृतीयाको दिन रथयात्रा समाप्त भएपछि नै नित्यपूजा र आरती गरिन्छ। यसपछि जात्राको महोत्सव समाप्त हुन्छ।

२.४.२. चाँगुनारायणको महास्नान

मंसिर शुक्ल द्वादशीका दिन चाँगुनारायणको महास्नान सम्पन्न गरिन्छ। यस दिन बिहान कुँछेंबाट पीठपूजाका लागि विभिन्न सामग्रीहरू ठाउँठाउँमा पठाइन्छन्। सबैभन्दा पहिले गणेशको पूजा हुन्छ। त्यसपछि कान्तिभैरवलाई पूजाआजा गरी भेडो बलि दिइन्छ अनि श्वेतविनायक एवं भैरवलाई पूजाआजा गरी बोको बलि दिइन्छ। छिन्नमस्ताको पूजापछि हाँस, बोका र राँगाको बलि दिइन्छ। चाँगुका अन्य पीठहरूमा रहेका देवीदेवताहरूको पनि विशेष पूजाआजा गरी हाँसको बलि दिइन्छ। पुजारीले बिहान पूजा सकेपछि यज्ञको चाँजोपाँजो मिलाउँछन्। पञ्चगव्य बनाएपछि प्रतिज्ञासङ्कल्प, गोदान र पञ्चबलिपूजा हुन्छ। शिवशक्तिकलशको चरासन र स्थिरासनपूजा गरिन्छ। यसपछि त्रिपूजा (लावा, ब्रीहि र बीचमा कुचो राखी गरिने पूजा) र यज्ञमण्डपमा परिक्रमापूजा (वरिपरिका आवरणदेवताको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूजा) हुन्छ। चारजना ब्राह्मणहरूबाट कलशपूजा र हवन सम्पादन गरिन्छ। स्थण्डिल (चौका) तथा दिक्पाल र कलशपूजा गर्ने कार्य जोशीहरूबाट हुन्छ। कर्माचार्यहरूबाट छिन्नमस्तामा त्रिवलिपूजा र देशबलिपूजा गरिन्छ।

हवनको विधिपछि पञ्चामृतले भरिएका दशवटा घडाहरूमा वैदिक मन्त्रोच्चारणपूर्वक पूजा गरिन्छ। त्यसपछि बाह्र भाइ भँडेलले ती पञ्चामृतयुक्त चित्रकलात्मक दशवटा घडा बोक्तछन्। यजमानले पताका, होताले सुवा (सुरो) चँदुवा, लावाको ढकी बोकी लावा छर्दै मन्त्रोच्चारण गर्दै एक जोडी गाईका साथ तीनपटक मन्दिरको परिक्रमा गर्दछन्। यसरी प्रदक्षिणा गरेपछि चाँगुनारायणको शिरको मुकुट झिकी पुजारीले वैदिक मन्त्रोच्चारणपूर्वक पञ्चामृतले भरिएका घडाहरूले नारायणको महास्नान गर्दछन्। यसरी महास्नान सकिएपछि चाँगुनारायणको शिरको मुकुट यथास्थानमा राखेर पूजा गरिन्छ।

त्यसपछि गाईको पूजा गरी मन्दिरअगाडिको दःबुमा रेखी हालेर त्यसमाथि एक सय आठ पाथी धान राखी धानको राशिभित्र एक तोला सुन राखिन्छ। धानमाथि कुभिण्डाको भैरवमूर्ति बनाई कालो कपडाले ढाकिन्छ। दःवुको चारैतिर पञ्चामृतका घडा र दुईदुई भिउँटमा ब्रीहि राखी कर्माचार्यले पूजा गर्दछन्। गाईलाई पञ्चसूत्रले बेरेर नारायणसँग स्पर्श गरेपछि गाईदान र गुरुमण्डलको पूजा गरी हवनको पूर्णाहूति गरिन्छ।

यसप्रकार चाँगुनारायणको रथयात्रा तथा महास्नानपर्वमा वैदिक ब्राह्मणका साथै शाक्त पुजारी कर्माचार्यको पनि उल्लेख्य भूमिका रहेको देखिन्छ। चाँगुनारायणको रथयात्रा तथा महास्नानपर्वमा अनिवार्यरूपले तान्त्रिक विधिले शक्तिको पूजा गरिने परम्पराले त्यहाँको सांस्कृतिक समन्वयको भावलाई स्पष्ट पार्दछ। यस्तो सांस्कृतिक समन्वय तान्त्रिक परम्पराकै योगदान हो।

२.५. नेपालमा बौद्धधर्म

२.५.१ महायान तन्त्रपरम्परा

बौद्धधर्मअन्तर्गत महायानसम्प्रदाय नेपालमा प्राचीनकालदेखि प्रचलनमा रहेको एउटा प्रमुख सम्प्रदाय हो। नेपालका बौद्धहरूले मानिआएका मन्त्रतन्त्रसहितको वज्रयान वा लामाधर्म महायानी दर्शनबाटै उब्जिएका हुन्। नेपालका गृहस्थ बौद्धहरू पनि सबै मूलतः महायानी नै हुन्। महायान बौद्धतन्त्रपरम्परा परम्परागत धार्मिक विश्वासलाई अवलम्बन गर्ने परम्परा हो। महायानपरम्परामा गौतम बुद्धभन्दा अगाडि पनि विभिन्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

युगमा अन्य चौबीस बुद्धहरूको अवतार भइसकेको मानिन्छ। प्रत्येक बुद्धको निर्वाणपछि उनले प्रवर्तन गरेको धर्म केही समयका लागि चल्दछ, बिस्तारैबिस्तारै यसमा ह्रास आउँछ र आखिरमा लोप हुन्छ अनि संसारमा हिंसा र अधर्म व्याप्त हुन्छ। त्यसपछि पुनः धर्मको संस्थापनका लागि नयाँ बुद्धको प्रादुर्भाव हुन्छ र उनले धर्मको पुनः संस्थापन गर्दछन्। यो क्रम यसैगरी चलिरहन्छ भन्ने महायान परम्पराको मत रहेको छ। यही क्रमअनुसार अवतीर्ण भएका गौतम बुद्ध पच्चीसौँ बुद्ध हुन्। हाल प्रचलित बौद्धधर्म कालान्तरमा ह्रास भई लोप भएपछि पुनः धर्म संस्थापनका लागि संसारमा अवतार लिन हाल तुषित भुवनमा रहेका मैत्रेय बुद्धले जन्म लिनेछन् र यस धर्मको फेरि प्रचार गर्नेछन् भन्ने विश्वास महायान परम्परामा पाइन्छ (प्रधान, वि.सं. २०४५, पृ. ७६)। स्थविरवादअनुसार गौतम बुद्ध बौद्धधर्मका अधिष्ठाता एवं असाधारण बुद्धि भएका ऐतिहासिक महामानव मात्र हुन् तर नेपालमा महायानीहरूले उनलाई प्राणीहरूको मुक्तिका लागि सदैव तल्लीन महाकरुणामय अलौकिक देवताका रूपमा आदर गर्दछन्। महायानी बौद्धहरूको झुकाव शील, समाधि, प्रज्ञातिरभन्दा भक्ति, श्रद्धा, व्रत, अर्चनातिर बढी रहेको देखिन्छ। महायान बौद्धतन्त्रपरम्परामा युगैपिच्छे ध्यानी बुद्धहरू, तिनका मानवस्वरूप र बोधिसत्त्वको कल्पना गरिन्छ। ध्यानी बुद्धहरूका साथै बोधिसत्त्वहरूले पनि संसारका प्राणीहरूको उद्धारका लागि महत्त्वपूर्ण भूमिका खेलिरहेको विश्वास महायानीहरू गर्दछन्। स्थविरवादअनुसार अर्हत्को स्थितिबाट साधकले अन्तिम लक्ष्यस्वरूप निर्वाण प्राप्त गर्दछ र त्यहीँ उसको पर्यवसान हुन्छ तर नेपालमा प्रचलित महायानी विचारधाराअनुसार महायानी साधक अर्हत्को अवस्थामा पुगेर पनि अर्थात् आफू निर्वाणप्राप्तिका लागि पूर्णरूपले सक्षम भए तापनि ऊ निर्वाण चाहँदैन किनभने संसारमा अरू असङ्ख्य प्राणीहरूले दुःखकष्ट भोगिरहेको देख्दा उसलाई आफू एक्लैको निर्वाणमा सन्तोष हुँदैन। तसर्थ जब साधक असीम सहानुभूतिको भावनाले प्रेरित भई दुःखी प्राणीहरूको समेत उद्धार गर्न दृढसङ्कल्पित हुन्छ र जगत्को उद्धार गर्ने कार्यमा तल्लीन हुन्छ तब ऊ क्रियात्मक रूपले बोधिसत्त्व बन्दछ। नेपालमा प्रचलित लोकधारणाअनुसार प्रत्येक ध्यानी बुद्धको बोधिसत्त्वले आफ्नै एउटा ब्रह्माण्ड, एउटा भौतिक संसार सिर्जेको हुन्छ। हाम्रो यो संसारचाहिँ अमिताभ ध्यानी बुद्धका बोधिसत्त्व पद्मपाणि वा अवलोकितेश्वरले सृष्टि गरको मानिन्छ। त्यसैले नेपालका बौद्ध देवदेवीहरूको सूचीमा उनको स्थान अतीव महत्त्वपूर्ण रहेको छ। महायान मन्त्रतन्त्रमा विश्वास राख्ने परम्परा भएको माथि उल्लेख गरिसकिएको छ। आज पनि बौद्ध पुरोहित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वज्राचार्यहरू विभिन्न पूजाविधिहरूमा मात्र होइन औषधीमूलो गर्दा पनि मन्त्रतन्त्रको प्रयोग गर्दछन् ।

पहाड, उपत्यका, तराईका झाँक्री, धामी, लामा, गुरुजु, गुरुवा, विजुवाहरूले रोगव्याधि, दु:खसङ्कट, दैवीप्रकोप आदि हटाउन, देवता, भूतप्रेत, मसानं आदि लागेको पन्छाउन थरीथरीका मन्त्रोच्चारण गरेर फुकफाक गर्ने चलन अद्यावधि कायमै छ । मन्त्र वा मन्त्रयान भन्नाले सामान्यरूपले बुझिने अर्थ यही हो। त्यस्तै तन्त्रयानको अर्थ सामान्यतया कुनै इच्छित लक्ष्यप्राप्तिका लागि निर्धारित विधिविधानअनुसार इष्टदेवदेवीहरूको पूजा, पाठ होम, जप , योग आदि गर्नु नै हो। तन्त्रयानले एकातिर असङ्ख्य देवदेवीहरूलाई मान्दछ एवं मन्त्र र धारिणीयुक्त स्थूल किसिमका पूजाविधिहरूलाई अपनाउँदछ भने अर्कातिर तन्त्रयान कुनै देवता वा अलौकिक शक्तिलाई आफ्नो वशमा पार्ने विद्या हो। यसअन्तर्गत साधक आत्मशुद्धि र अनुशासनद्वारा कल्याणकारी देवीदेवताका साथ यक्षयक्षिणी, भूतप्रेत आदिको आराधना गर्न र उनीहरूबाट इच्छित फल प्राप्त गर्न सक्षम हुन्छ। तन्त्रयानको यही अत्यन्त विकसित रहस्यवादलाई नै कालान्तरमा वज्रयानको नाउँले पुकार्न थालियो (पूर्ववत्, पृ. १०७)। राहुल सांकृत्यानको भनाइअनुसार बुद्धको निर्वाणपछि समय बित्दै जाँदा मानिसहरूको दृष्टिबाट उनका मानवीय गुणहरू बिलाउँदै गए। महायान विचारधाराअन्तर्गत ऐतिहासिक मानवबुद्ध अलौकिक मानिए, अनेकौं लोकोत्तरबुद्ध, बोधिसत्त्व, देवीदेवताहरूका घतलाग्दा कथाहरूको सिर्जना भयो एवं तिनीहरूको पूजाआराधनाका मन्त्रतन्त्र, विधिविधानहरू रचिए। यिनीहरूका पारायण मात्रले पनि दु:ख, रोग, भय हट्छ भन्ने विश्वास विकसित भयो। भूतप्रेत, देवीदवता आदिलाई वशमा राख्न, मानिसहरूको दैनिक जीवनमा आइपर्ने दु:खकष्ट, रोगव्याधि, दैवीप्रकोप आदिबाट समेत त्राण पाउन थरीथरीका सूत्र र मन्त्रहरूको रचना एवं पठनपाठन हुन थाले (सांकृत्यायन, ई.सं. १९५८, पृ. १०५)। जतिजति महायान विचारधारा व्यापक र लोकप्रिय हुँदै आयो उतिउति मन्त्रतन्त्रको प्रभाव पनि बढ्दै गयो। ईसाको पाँचौं शताब्दीमा लेखिएको गुह्यसमाजतन्त्रमा तन्त्रको आविर्भाव स्वयं भगवान् बुद्धले नै गरेका हुन् भनिएको छ। साधनमालामा पनि कैयौं मन्त्र बुद्धले नै विभिन्न अवसरमा शिष्यहरूलाई बताए भनिएको छ। यसबाहेक स्थितिअनुसार परिवर्तन गर्ने छुट महायान विचारधाराले दिएकाले पनि यसप्रति झन्झन् बढी मानिसहरू आकर्षित हुन थाले। तिनीहरूले मन्त्रतन्त्र र योग्याभ्यासको साथै मैथुन र मद्य पनि अपनाए। अब साधनामा मन्त्र, मैथुन, योग र मद्य यी चारै थोकको सम्मिलनले महायान वज्रयानका रूपमा परिणत भयो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२.५.२. वज्रयानपरम्परा

राजा अंशुवर्माले राजाज्ञा गरी लेख्न लगाएको गोकर्णस्थित एउटा अभिलेखमा वज्रयान शब्द प्रयोग गरिएको देखिएकाले ईसाको सातौँ शताब्दीमा नै यहाँ वज्रयान सम्प्रदायको प्रचार भइसकेको कुरा सिद्ध हुन्छ (जोशी, वि.सं. २०३०, पृ. ३४०)। नेपालमा वज्रयानपरम्पराको प्रचलनसम्बन्धी प्रसङ्गमा के कुरो स्मरणीय छ भने वज्रयानपरम्पराका गुरु शान्तरक्षित, पद्मसम्भव र कमलशील तिब्बतमा बौद्धधर्मको प्रचारका क्रममा नेपालमै बसेका थिए। नालन्दा विश्वविद्यालयका महास्थविर शान्तरक्षित यहीँबाट तिब्बत गएका थिए तथा त्यहाँबाट फर्केर पनि यहीँ बसेका थिए। उनकै सिफारिसअनुसार नालन्दा विश्वविद्यालयका अर्का गुरु पद्मसम्भव तिब्बत जान नेपाल आएका थिए र यहीँ शान्तरक्षितसित उनको भेटघाट भएको थियो। उनी वि.सं. ८०४ सम्म नेपालमै रहे। यिनी तान्त्रिक बौद्धधर्म र योगाचारमतका प्राध्यापक थिए तथा दर्शन, तर्क र गुह्यविज्ञाका पनि ज्ञाता थिए। उनले यहीँ तान्त्रिक साधनाको अभ्यास गरेर आफ्नो वज्रकिलको बलले धेरै खराब शक्तिहरूमाथि विजय प्राप्त गरेका थिए। उनले तिब्बतमा डाकिनीका रूपमा प्रयोग गर्न आफ्नै श्रीमती मन्दर्वा र दुई जना नेपाली महिला कालसिद्धि र शाक्यदेवीलाई पनि यहीँ तालिम दिएका थिए। प्राचीन बोनधर्मावलम्वी र बौद्ध आदर्शवादीहरूका बीच वैचारिक मतभेदका कारणले बारम्बार अन्योलमा परिरहने तिब्बती जनताको धार्मिक आवश्यकता पूरा गर्न पद्मसम्भवले तिब्बतमा लागू गर्न खोजेको बौद्धधर्मको रूपरेखा काठमाडौँको बौद्धचैत्यमा तयार पारेका थिए। पद्मसम्भवको यही रूपरेखा तिब्बती बौद्धधर्मको आधार बन्यो जुन पछि लामाधर्म पनि भनियो। लामाधर्म भनेको पद्मसम्भवले नेपालमा बसेर योजना गरेको प्राचीन बोनधर्म र वज्रयान अर्थात् तान्त्रिक बौद्धधर्मको एउटा व्यावहारिक समन्वय हो। नेपाली बौद्धसमाजमा पद्मसम्भवले एक प्रमुख वज्रयानी आचार्यका रूपमा विशेष सम्मान पाएका छन्। नेपालमा शान्तरक्षितले त्यसबेला उदाइरहेको वज्रयानलाई झनै दरिलो र लोकप्रिय बनाए भने पद्मसम्भवले वज्रयान र तिब्बतको प्राचीन बोनधर्मको सम्मिश्रण गरेर लामाधर्मको सिर्जना पनि यहीँ गरे। नेपाली र तिब्बती बौद्धहरूले आचार्य शान्तरक्षितलाई आचार्य बोधिसत्त्वको अवतार मानेका छन् भने पद्मसम्भवलाई अमिताभ बुद्धको सजीव मूर्ति मानेका छन्। वज्रयान प्रभावशाली हुँदै आइरहेको आठौँ शताब्दीको अन्त्यतिर सिद्धहरूको प्रादुर्भावले वज्रयानपरम्परालाई अझ मलजल प्रदान गऱ्यो। यी सिद्धहरू हठयोगका साथै मद्य, मन्त्र, मुद्रा (साधनाका लागि स्त्रीलाई स्विकार्ने काम)को विरोध गर्दैनथे। मद्य, मन्त्र, हठयोग र स्त्री यी चारै चीज घुसेर नै वज्रयानको मुख्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
रूप बनेको उल्लेख माथि भइसकेको छ । आठौँदेखि बाह्रौँ शताब्दीसम्म रहेका सिद्धहरूको युगमा तान्त्रिक अभ्यासहरू स्वतन्त्ररूपले गरिए । जनतामा प्रभाव पार्ने उद्देश्यले वज्रयानअन्तर्गत अनेकौँ तान्त्रिक अभ्यासहरू प्रचलनमा ल्याइएका थिए । शक्तिउपासनाअन्तर्गत विभिन्न शक्तिहरूको कल्पना गरियो । ती शक्तिहरूलाई माता (मातृका), डाकिनी, योगिनी, वाराही, हेरुक, हेवज्र, चण्डमहारोषिणी आदि नाम दिइयो । शक्तिशाली मानिएका यी देवीदेवताहरूको उपासनाका विधिहरू बने एवं तिनीहरूको विधिवत् उपासनाबाट भक्तहरूलाई इच्छित सिद्धि प्राप्त हुने विश्वासको पनि विकास भयो । बौद्ध देवताहरूको शान्त रूपका साथै क्रोधी रूपहरू पनि बनाइए ।

तन्त्रमन्त्र, योग आदि वज्रयानका प्रमुख एवं गहन पक्ष हुन् । क्रियात्मक अनुभव र दर्शनको पारस्परिक समन्वय तन्त्रमार्गबाट मात्र प्राप्त गर्न सकिन्छ । बौद्धतन्त्रअनुसार बुद्धका उपदेशहरू निरन्तर एकनासले रहने सकारात्मकता हुन्, जीवनको उज्यालो पक्ष देखाउने ज्योति हुन् एवं अटल आनन्द हुन् । तन्त्रले संसारलाई अस्वीकार गर्दैन बरु अत्यन्त सकारात्मक तवरले स्वीकार गर्दछ । सांसारिक जन्ममरणको चक्रबाट मुक्ति दिलाउने सम्बोधिको बाटो खोल्न तन्त्रवादले पुरुष र स्त्रीका बीच हुने स्वाभाविक मानवीय प्रेमबाट सुरु गर्दछ । तन्त्रवादअन्तर्गत महासुखलाई महामुद्रा अर्थात् लिङ्ग र योनिको मिलनको चिह्नबाट प्रदर्शित गरिन्छ । बौद्धतन्त्रवादमा योनि प्रज्ञा वा सर्वोत्तम ज्ञानको प्रतीक हो जसलाई जीवनमा आत्मसात् गर्नुको अर्थ सम्यक् सम्बोधि प्राप्त गर्नु हो । उपायलाई विश्वव्यापी करुणाको अर्थमा लिइएको छ र यसको प्रतीक लिङ्ग मानिएको छ । कर्मबोधक प्रज्ञा जुनसुकै क्रियाका लागि साधन बन्दछ र त्यसबाट वस्तुको सिर्जना हुन्छ । यस्तो विश्वव्यापी स्त्रीतत्त्वलाई विश्वव्यापी प्रेम र करुणाको प्रतीक कर्ताबोधक गतिशील पुरुषतत्त्व उपायसित संयोग गर्नाले परिशुद्ध बुद्धत्वको प्राप्ति हुन्छ । यसैको सङ्केतस्वरूप देवीमन्दिरका टुँडालहरूमा आलिङ्गनबद्ध वा सम्भोगरूप महाआनन्दमा लीन काष्ठकला काठमाडौँ उपत्यकाभित्र जताततै पाइन्छ । नेपाली बौद्धहरूमा प्रचलित वज्रयान योग र तन्त्रसहितको एउटा साधनामार्ग हो । किताबहरूको अध्ययन र अन्य स्रोतबाट आर्जन गरेको ज्ञानले मात्र यसको लक्ष्य प्राप्त हुन सक्तैन । त्यसैले शून्यता, महासुख, महामुद्रा, प्रज्ञोपाय, बोधिज्ञान आदि जुन नामले पुकारे तापनि बोधिज्ञानयुक्त निर्वाणको चरणमा पुग्न योग्य गुरुको उपदेश अनिवार्य हुन्छ । साधकले तान्त्रिक साधनामा मुद्रा भनिने आफ्नी पत्नीलाई आफ्नो साधनामार्गमा सहयोगीका रूपमा साथमा लिई गुरुकहाँ दीक्षाका लागि जानुपर्छ । त्यसैले तन्त्रमार्ग वस्तुतः गृहस्थहरूको

Prof. Madhav Prasad Lamichhane Collection, Kaṭhmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्म हो। वज्रयानअन्तर्गत गुरुबाट साधकसाधिकाहरूलाई दिइने दीक्षाविधिलाई बोधिचित्ताभिषेक भनिन्छ। गुरुले बुद्ध, वज्रसत्त्व, बोधिसत्त्व आदिको मूर्ति भएको बही, विहार, बहाल वा आगमघरमा शिष्यशिष्याहरूलाई तोकिएको तान्त्रिक विधिअनुसार दीक्षा प्रदान गर्दछन्। यस अवस्थामा साधक एवं साधिका सांसारिक जीवनबाट मुक्त भएर वज्रयानी आध्यात्मिक जीवनमा पदार्पण गरेको मानिन्छ। यस अवस्थामा यिनीहरूलाई बुद्धपुत्र वा बुद्धसन्तति भनिन्छ। दीक्षा प्रदान गर्ने गुरु साक्षात् बुद्धसरह मानिन्छन् र उनको भूमिका महत्त्वपूर्ण मानिन्छ। बुद्धपुत्रको चित्तवृत्तिलाई सांसारिक प्रपञ्चबाट हटाएर निर्वाण उपलब्ध गराउने बाटोमा अग्रसर गराउनु नै गुरुको कर्तव्य हो। बोधिचित्ताभिषेकको क्रममा गुरुले साधक एवं साधिकाहरूलाई शीलको पालना गर्ने प्रतिज्ञा गराउनुका साथै त्रिरत्नको वन्दना, पापकर्मको स्वीकारोक्ति, पुण्यानुमोदन आदि गराउँछन्। प्रज्ञा, मुद्रा, मण्डल, अभिषेक, मन्त्र, न्यास, साधन, सिद्धि, योग, नृत्य तथा धारिणीस्तोत्रको पाठ, पूजा आदिको अभ्यासबाट महासुखको स्थितिमा पुग्नु वज्रयानको मूल उद्देश्य मानिएको छ। दीक्षासम्बन्धी विधि र परम्परा बहाल वा बहिलपिच्छे फरक हुन सक्छन्। कुनचाहिँ देवताको दीक्षा लिने भन्ने कुरा आफ्नो कुलपरम्परामा निर्भर गर्दछ। उपत्यकामा अनेकौं वज्रयानी देवताहरूमध्ये हेवज्र, हेरुक, चण्डमहारोषिणी, कालचक्र आदिको दीक्षा लिनेदिने प्रचलन देखिन्छ। वज्रयानका आचार्य वज्राचार्यहरू हुन्। तिनै वज्राचार्यबाट धार्मिक एवं सामाजिक संस्कारहरू सम्पन्न गरिन्छन्। काठमाडौं उपत्यका र देशका प्राचीन सहरहरूमा हुने जात्राउत्सवहरूमा वज्राचार्यहरूले खेलेको भूमिका प्रत्यक्षरूपले देख्न सकिन्छ।

२.५.३. लामाबौद्धधर्म

तिब्बतमा ईसाको सातौं शताब्दीसम्म पनि प्राचीन बोनधर्म नै प्रचलनमा थियो। यसअन्तर्गत प्रकृति, जनावर, नाग, भूतप्रेत, दैत्य, देवीदेवताको उपासना इत्यादिका साथै तन्त्रमन्त्रयुक्त कर्मकाण्ड हुन्थे। गुरु पद्मसम्भवकै उपदेशलाई सबभन्दा बढी मात्रामा पालना गरिरहेको दावी गर्ने न्यिङ–मा–पा सम्प्रदायअनुसार उनले प्रचार गरेको बौद्धधर्ममा तन्त्रमन्त्र एवं त्यहाँ प्रचलित पूर्वबुद्धकालिक बोनधर्ममा रहेको भूतप्रेत, दैत्यहरूको उपासना र कर्मकाण्ड पनि समावेश गरिएको थियो। भारतीय र तिब्बती देवीदेवता, तन्त्रमन्त्र, रहस्यवाद र पुरोहितहरूको प्राधान्य भएको कर्मकाण्डमा महायान बौद्धधर्मको रङ्ग मिसिएको थियो। नयाँ विकसित लामाबौद्धधर्ममा बोनधर्मअन्तर्गत गरिने नरबलि, पशुबलि आदि निषेध गरी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जिउँदो मानिस र पशुको सट्टा पीठोका मूर्तिहरू बनाई त्यसको बलि दिने चलन चलाइयो। पद्मसम्भवका मुख्य पच्चीस जना शिष्यहरूलाई भूतप्रेत, दैत्य, धामी, झाँक्री, बोक्सीहरूको दमन गर्ने तान्त्रिक मण्डलहरू बनाएर पूजा गर्ने विधिहरूको तालिम दिइयो। यहाँ एउटा कुरा के स्मरणीय छ भने तामाङ झाँक्री परम्परामा पद्मसम्भव र झाँक्रीका बीच रोगीको उपचार र स्थानीय पूजाआजा गर्ने अधिकार झाँक्रीलाई दिने र मृतकलाई तार्ने काम लामाले गर्ने सम्झौता भएको मानिन्छ (तामाङ, वि.सं. २०५६, पृ. ९१)। रोगीको उपचारका लागि प्रयोग हुने मन्त्रहरू हिन्दुतन्त्रपरम्परामा शावरतन्त्रमा सङ्ग्रह गरिएको छ। त्यसैले झाँक्रीले प्रयोग गर्ने मन्त्रहरू शावरतन्त्रबाट पनि लिइएको हुन सक्छ अथवा बोनधर्ममा आधारित तन्त्रबाट पनि लिइएको हुन सक्छ। यस सम्बन्धमा थप अनुसन्धानको खाँचो यस पङ्क्तिकारले महसुस गरेको छ।

प्राचीन बोनधर्म र पद्मसम्भवले प्रचार गरेको बौद्धधर्मको समन्वित रूपलाई नै पश्चिमी विद्वान्हरूले लामावाद अर्थात् लामाधर्म भनेर नामकरण गरेका छन्। यस धर्ममा गेलुग्पा, कार्ग्युपा, सक्यपा, न्यिङ–मा–पा सम्प्रदाय र विभिन्न उपसम्प्रदायहरू विकसित भएका छन्। यी सबै सम्प्रदाय र उपसम्प्रदायहरूले मानिआएको तिब्बती बौद्धधर्ममा पञ्चबुद्ध, बोधिसत्त्व, आदिबुद्ध र तिनका प्रज्ञारूपी स्त्रीमूर्तिहरू र उग्र मूर्तिहरू, विभिन्न देवीदेवताको समूह, बोनधर्मका दैत्य, भूतप्रेत, योग, ध्यान, धारिणीमन्त्र, मण्डल, मुद्रा, माङ्गलिक चिह्न, शकुन अपशकुन, मरेका पितृहरूको उपासना, कर्मकाण्ड, पौराणिक कथा, चाडपर्व, लोककथा, धार्मिक नृत्य आदि समाविष्ट छन्। वर्तमान मानवशरीरमा नै काय, वाक्, चित्तसम्बन्धी तीन महान् गुह्य धर्मको अनुष्ठानबाट बुद्धत्व उपलब्ध गर्न सकिन्छ भन्ने धारणा प्रबलरूपले रहेको छ। "ॐ मणि पद्मे हूँ" जप्दै र माने घुमाउँदै अमिताभ बुद्धको बोधिसत्त्व अवलोकितेश्वरको स्मरण गर्नु तिब्बती बौद्धहरूको एउटा विशेषता हो। मन्त्र लेखिएको ध्वजा अर्थात् लुङ्दर छानामाथि ठड्याएर राख्नु पनि यिनीहरूको मौलिक चलन हो। भुइँमा लम्पसार परेर बाटो काट्दै चैत्य, घ्याङ, गुम्बाको परिक्रमा गर्नु पनि तिब्बती बौद्धहरूको चलन रहेको छ।

नेपालको सम्पूर्ण उत्तरी सीमान्त इलाकामा शताब्दीयौंदेखि लामाधर्म मान्ने जातिहरूको आवादी रहेको छ। पश्चिमनेपालमा नाग एवं पालवंशी राजाहरूको समयमा त्यहाँ लामाबौद्धधर्मले फस्टाउने र फैलने अवसर पायो। आज पनि अधिराज्यको एक हजार किलोमिटरभन्दा लामो उत्तरी भूभागमा वसोवास गर्ने अधिकांश जनता लामाबौद्धधर्म मान्दछन्। यो सम्पूर्ण भेगमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हजारौँ लामाहरू र सयौँ गुम्बाहरू छन्। डोल्पा र मुस्ताङका उत्तरी इलाकामा बोनधर्मावलम्बीहरूका गुम्बा रहेका छन्। त्यहाँ बोनलामा, लमिनी र गृहस्थहरू धेरै सङ्ख्यामा पाइन्छन्। काठमाडौँमा रहेको ईसाको पाँचौं शताब्दीको अन्त्यतिर बनाइएको बौद्धको विशाल चैत्य उपत्यकामा सबभन्दा पुरानो लामाधर्मको अर्थात् तिब्बती बौद्धधर्मको गुम्बा मानिन्छ।

२.६. मस्टउपासना

मस्ट नेपालमा अत्यन्त लोकप्रिय देवता मानिन्छन्। यिनका उपासकहरू यिनलाई अत्यन्त शक्तिशाली देवताका रूपमा पूजा गर्दछन्। खासगरी भेरी, सेती, कर्णाली र महाकाली अञ्चलको जनजीवनमा मस्टको मान्यता र प्रभुत्व सर्वोपरि रहेको पाइन्छ। पश्चिमनेपालबाट बसाइँ सर्दै पूर्वतिर आएका ब्राह्मण र क्षत्रियका अतिरिक्त दमाई, कामी, सार्की र चेपाङ जातिले समेत आफ्नो कुलदेवताका रूपमा एउटा न एउटा मस्टलाई पुज्ने गरेको पाइन्छ। अतः मस्टलाई कुलदेवताका रूपमा मान्ने परम्पराको विकास पश्चिमनेपालमा भए तापनि यसले नेपालको सम्पूर्ण खसआर्यसंस्कृतिलाई प्रभाव पारेको पाइन्छ। मस्टको उत्पत्तिका विषयमा विभिन्न मतहरू विद्यमान छन्। केही विद्वान्हरू मस्टको उत्पत्ति मानसरोवरको आसपासमा भएको मान्दछन् भने केही विद्वान्हरू कर्णालीको सेरोफेरोमा नै मस्टको उत्पत्ति भएको मान्दछन्। बझाङका स्थानीय बासिन्दाहरूचाहिँ बद्रीनारायणको गरुडशिलाबाट मस्टदेवता फाटेर आएको विश्वास गर्दछन्। मस्टका बाह्र भाइ छन् भन्ने धारणा मस्टका उपासकहरूमा रहको छ। पश्चिमनेपालका स्थानीय मानिसहरूको भनाइअनुसार बाह्र मस्टका नौ दिदीबहिनी दुर्गा भवानीहरू छन् र प्राचीन समयमा राक्षसहरूले तिनै नवदुर्गा भवानीको सतीत्व नष्ट गर्ने प्रयास गरेकाले तिनीहरूको सतीत्व रक्षाका लागि मस्टको अवतार भएको हो। त्यसैले मस्टको प्रत्येक थानमा भवानीको पनि एउटा खोपा हुन्छ र सो खोपामा पनि पूजा गरिन्छ।

मस्टहरू सत्त्वगुणी, रजोगुणी र तमोगुणी गरी तीन प्रकृतिका हुन्छन् भन्ने मानिन्छ। सत्त्वगुणी मस्टले पायसबलि मात्र ग्रहण गर्दछन्, रजोगुणीले पशुबलि ग्रहण गर्दछन् भने तमोगुणीले दुवै बलि ग्रहण गर्दछन्। सत्त्वगुणी मस्टको पूजा प्रत्येक वर्ष गरिन्छ भने रजोगुणी र तमोगुणी मस्टको पूजा प्रत्येक तीन वर्षमा गरिन्छ।

मस्ट नेपालीहरूका मौलिक देवता हुन्। यिनको मूर्ति, आकृति र स्वरूप पाइँदैन। मस्टको पूजा लिङ्ग, ध्वजा र शिलामा गरिन्छ। मस्टका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपासकहरू खेतीपाती बिग्रेमा, वर्षा नभएमा, रोगव्याधि लागेमा, शत्रु लागेमा, दैवी प्रकोपका समयमा मस्टले सहयोग गर्दछन् भन्ने विश्वास गर्दछन्। बझाङ जिल्लामा मस्टलाई न्यायका देवताका रूपमा पूजा गरिन्छ।

मस्टको पूजामा धामीको महत्त्वपूर्ण भूमिका रहन्छ। मस्टपूजामा उपाध्याय ब्राह्मणको भूमिका हवनकार्यमा मात्र सीमित हुन्छ। शरीरमा मस्टदेवताको आवेश भएको धामीको पदावधि जीवनभरका लागि रहन्छ। कुनै धामी मरेपछि अर्को धामी औतिन केही दिन वा केही वर्ष लाग्न सक्छ। कुनैकुनै कुलमा त पचासौँ वा अझ त्यसभन्दा बढी वर्षदेखि धामी नऔतिएको पनि हुन सक्छ। भर्खर पतुर्न थालेको धामीलाई राम्ररी परीक्षण गरेपछि मात्र समुदायले उसलाई स्वीकार गर्दछ।

मस्टपूजाका दिन धामीहरू आआफ्ना मस्टका थानमा पतुर्ने र नाच्ने गर्दछन्। मस्टदेवता शरीरमा आवेश भएको बेला धामीमा अनौठो शक्तिको सञ्चार हुन्छ। कुनैकुनै धामीले भोग चढाउन ल्याएको बोकाको घाँटीमा दाँत गाडेर रगत चुस्दछन्। धामीले उपचारका रूपमा मानिसहरूलाई अक्षता अभिमन्त्रित गरेर दिन्छन्। सेती र महाकाली अञ्चलतिर मस्टको धामीले विभिन्न किसिमको मुद्दामामिला छिन्ने, अपराधीलाई दण्डित गर्ने काम पनि गर्दछन्। उनको निर्णय सबैलाई मान्य हुन्छ। वास्तवमा धामीको निर्णय भन्नु नै मस्टको निर्णय हो भन्ने जनविश्वास रहेको छ। पश्चिम नेपालका स्थानीय बासिन्दाहरू कुनै समस्या आइपरेमा धामी बसी कुलदेवतालाई पुकार गर्दछन्। मस्टदेवता चढेको धामीको बोली दैवी वाणीतुल्य मानिने भएकाले उक्त वाणीलाई जनभाषामा बुझाउन र मानिसहरूले जनभाषामा सोधेका कुराहरू मस्टदेवताकहाँ पुऱ्याउन दोभासेको आवश्यकता पर्दछ। यस्ता दोभासेलाई स्थानीय भाषामा खावा भनिन्छ। मस्टदेवता चढेको धामी पतुर्दा खावा धामीकै छेउमा बस्दछ। मस्टको थानमा लिपपोत गर्ने, पूजाका सामान जोरजाम गर्ने र धामीका लागि परिआएको सबै काम गरिदिने व्यक्तिलाई डाँग्री भनिन्छ। मस्टको पूजा विशेषगरी पूर्णिमाको दिनमा गरिन्छ। थानै पिच्छे वा मस्टै पिच्छे पूजा गरिने पूर्णिमा बेग्लाबेग्लै हुन सक्छ। जुम्लामा भने जनै पूर्णिमाका दिन धेरै थानमा पूजा गरिन्छ। पूर्णिमाका दिन गरिने पूजा विशेष कारणवश रोकिएमा अर्को कुनै दिन गर्ने गरेको पनि पाइन्छ।

यसप्रकार खसआर्यसमुदायमा कुलदेवताका रूपमा प्रसिद्ध मस्टदेवताको पूजापद्धतिमा तान्त्रिक परम्पराको स्पष्ट प्रभाव देखिन्छ। परम्परागत जनविश्वासमा आधारित पूजाविधिको उपयोग, धामीको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महत्त्वपूर्ण भूमिका आदिले मस्टउपासना नेपालको नितान्त मौलिक तान्त्रिक उपासना भएको ठहर्दछ ।

२.७. यूमाधर्म

लिम्बूहरूले परापूर्वकालदेखि मानिआएको मौलिक धर्मलाई यूमाधर्म भनिन्छ। लिम्बूहरू तागेरा निङ्वाफुमालाई सर्वव्यापी परमात्माको रूपमा स्वीकार गर्दछन्। तागेरा निङ्वाफुमाको कुनै पूजा हुँदैन किनभने यिनी निराकार छन्। युमासामाङ् (पृथ्वीको देवीदेवता)लाई भने लिम्बूहरू पूजा गर्दछन्। युमासामाङ्लाई बोका, कुखुरा, सुँगुरहरू बलि दिइन्छ। युमासामाङ् पराक्रम र युद्धका देवीदेवता हुन्। बोक्बामासामाङ् लिम्बूहरूका पातालदेवता हुन्। वर्षमा एक दिन तिनको पूजा गरिन्छ। तिनको पूजा नगरे घरको रक्षा नहुने विश्वास गरिन्छ। तिनको पूजा गर्दा सुँगुरको पाठो काटिन्छ। बोक्बामासामाङ्को पूजा अभिचारको भावनाबाट प्रेरित भएर गर्ने गरेको देखिन्छ किनभने यहाँ ती पातालदेवताप्रति समर्पणको भावले नभई उनी रिसाए भने अनिष्ट हुन्छ भन्ने भयले पूजा गर्ने गरेको देखिन्छ। लिम्बूहरूका गृहदेव र अग्निदेव छुट्टै देवताहरू हुन्छन्। नाहेन देवतालाई तीनतीन वर्षमा बलि दिएर पूजा गरिन्छ। उनी रिसाएमा परिवारमा रोगव्याधी र मृत्यु आउँछ भन्ने विश्वास गरिन्छ। यहाँ पनि अभिचारको भावनाले नै पूजा गर्ने गरेको देखिन्छ। ताम्फुङ्मा लिम्बूहरूकी वनदेवी हुन्। उनलाई खुसी पार्न कुखुराको भाले, पोथी र एउटा फुल चढाइन्छ। आपद् र दुर्घटनाबाट बचियोस् भनी घरको मूलपुरुषको नामबाट लिम्वूहरू एउटा पूजा गर्दछन् जसलाई नाहाङ्मा भनिन्छ। नाहाङ्माको पूजा गर्दा कुखुराको भाले र धनुष चाहिन्छ। यसलाई शिरपूजा पनि भनिन्छ। लिम्बूसमाजमा माइतीले चेलीको नाममा उसको कल्याणका लागि पूजा लगाउँछ र चेलीले पनि माइतीको नाममा उसको कल्याणका लागि पूजा लगाउँछे। यस्तो पूजालाई माङ्गेना भनिन्छ। यस्तो पूजा गर्दा एकजोर कुखुराको भालेपोथीलाई सापतोक चढाइन्छ। सापतोक भनेको काँचो कोदोका गेडा र मर्चा मिसाएर बाँसको सानो तोङ्बा अर्थात् ढुङ्ग्रामा हालेर बनाएको वस्तु हो ।

लिम्बूसमाजमा कुनै व्यक्ति दुर्घटनामा परी मर्‍यो भने त्यसलाई सोघा भन्ने दुरात्मा लागेको विश्वास गरिन्छ। त्यस्तै कुनै बच्चा मृत अवस्थामा जन्म्यो भने त्यसलाई सुतिक भन्ने दुरात्मा लागेको र बच्चा जन्माउन नसकी कुनै गर्भवती आइमाई मरी भने उसलाई सुगुप भन्ने दुरात्मा लागेको विश्वास गरिन्छ। यीबाहेक अकाल मृत्युमा मरेका अनेकौं भूत, प्रेत र पिशाचहरूलाई मन्साउने तथा खुसी पार्ने चलन पनि छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुरात्मा तथा भूत, प्रेत र पिशाचहरूको प्रकोपबाट जोगिनका लागि उनीहरूलाई खुसी पार्न गरिने तन्त्रमन्त्र एवं पूजाआजामा पनि अभिचारको भावनाले कार्य गरेको बुझिन्छ ।

लिम्बूसमाजमा नवजात बच्चाको नामकरण, छेवर, विवाह आदि फेदाङ्माले सम्पन्न गर्छन् । नाहेन क्रोध तथा ईर्ष्याका देवता हुन् । नाहेनको पूजा येवा (झाँक्री) र येमा (झाँक्रिनी)ले मात्र गर्दछन् । तिनीहरूले बोक्साबोक्सीलाई तह लगाउँछन् भन्ने विश्वास गरिन्छ । फेदाङ्मा लिम्बूहरूका मुख्य पुरोहित हुन् जसले लिम्बूहरूको धार्मिक ग्रन्थ मुन्धुमका आधारमा कार्यहरू सञ्चालन गर्दछन् । साम्बा भन्ने पुरोहितले पनि मुन्धुम पढ्छन् । माङ्बा भन्ने पुरोहितले चाहिँ भूतप्रेत र पिशाच मन्साउने कार्य गर्दछन् ।

धरान विजयपुरका बूढासुब्बालाई राईलिम्बूहरू देवतालाई जस्तै पूजा गर्दछन् । बूढासुब्बाको भाकल गरेमा मनले चिताएको कुरा पुग्छ भन्ने विश्वास गरिन्छ र मनले चिताएको कुरा पुगेपछि बूढासुब्बाको स्थानमा गई कुखुरा, सुँगुर, राँगो काट्तछन् । बूढासुब्बास्थानको छेउछाउमा मटेङ्ग्रा भेटिएमा त्यो औषधोपचारका लागि काम लाग्दछ भन्ने विश्वास गरिन्छ ।

यसप्रकार लिम्बूहरूले परापूर्वकालदेखि मानिआएको यूमाधर्ममा पनि तन्त्रवादको प्रशस्त प्रभाव रहेको देखिन्छ । अभिचारको भावनाले गरिने पूजा तन्त्रवादकै अङ्ग हो भने पूजाआजा तथा सामाजिक संस्कार सम्पन्न गर्नका लागि यस जातिको आफ्नै धर्मग्रन्थ मुन्धुम रहेको छ जसलाई लिखित तन्त्रसाहित्यअन्तर्गत समेट्न सकिन्छ ।

२.८. निष्कर्ष

नेपालको धार्मिक जनजीवनमा प्रचलित शैव, शाक्त, वैष्णव, बौद्ध एवं अन्य धार्मिक परम्परा र मतहरू मूलतः तान्त्रिक परम्पराका उपज हुन् । ती परम्परामा प्रचलित धार्मिक आस्था र मान्यताहरू लौकिक जनजीवनसँग सम्बद्ध भएर लोकरुचि र लोकको अभीष्ट पूर्ति गर्ने उपायभूत साधनका रूपमा देखा परेका छन् । जीवन र जगत्लाई सत्य मान्दै यसै लोकमा जीवन्मुक्तिको आस्वादन गर्न सकिन्छ भन्ने तान्त्रिक मान्यतालाई ती परम्पराहरूले ग्रहण गरेको पाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय- तीन

नेपालका विभिन्न जातजातिका संस्कार तथा चाडपर्वमा तन्त्र

३.१. विषयप्रवेश

नेपाली समाज विविधतामय रहेको छ। यहाँ विभिन्न जातजातिहरू भिन्नभिन्न जातीय संस्कार, रीतिस्थिति, चाडपर्व र पूजाआजाको परम्परालाई अँगालेर आफ्नो मौलिक पहिचान कायम गर्दै आएका छन्। ती विभिन्न जातजातिहरूका जातीय संस्कार एवं सामाजिक परम्परा र चाडपर्वहरूमा तन्त्र एवं तन्त्रवादको प्रशस्त प्रभाव रहेको पाइन्छ। अतः यस अध्यायमा नेपालका विभिन्न जाजातिहरूका संस्कार र चाडपर्वहरूमा रहेको तन्त्र एवं तन्त्रवादको सङ्क्षिप्त विश्लेषण गर्ने प्रयास गरिनेछ।

३.२. किसानजातिका संस्कार तथा चाडपर्व

३.२.१. जन्मसंस्कार

किसानजातिमा बच्चाको जन्मसंस्कार दुई पटकमा पूरा गर्ने प्रथा रहेको छ। छैठौं दिनमा गर्ने कर्मलाई छठी भनिन्छ भने बाह्रौं दिनमा गरिने कर्मलाई वर्ही भनिन्छ। छठीलाई अस्थायीरूपले चोखिने कर्मका रूपमा लिइन्छ। बच्चा जन्मेको छ दिन पुगेपछि छठीको कर्म गरिन्छ तर बच्चाको नाइटो नझरेमा अन्य दिन उक्त कर्म गरिन्छ त्यसैले छठी छ दिनमा नहुन पनि सक्छ। छठीको दिन घरमूलीले हजामलाई बोलाएर ल्याउँछन्। हजामले बच्चाको केश नभए पनि छुरा लगाइदिने काम गर्दछ। त्यसपछि घरका परिवारले गच्छेअनुसार हजामलाई धोती, चामल र पैसा दिएर बिदा गर्दछन्। यसै दिन बच्चालाई सेतो रङको नयाँ कपडामा राखिन्छ साथै बच्चाको कम्मरमा कन्दनी पनि लगाइदिने गरिन्छ। छठीका दिन हाँडी (अन्नमा मर्चा मिलाई बनाइएको जाँड) खाने र गच्छेअनुसार भोजभतेरको आयोजना पनि गरिन्छ।

किसानजातिमा प्रसूतिकार्य गराउन दग्रिन भनिने उनीहरूको आफ्नै जातिकी सुँडिनीको महत्त्वपूर्ण भूमिका रहन्छ। बच्चा जन्मन गाह्रो भएमा किसान जातिकै धामीलाई बोलाइन्छ र धामीले बच्चा जन्मन नसकेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लागो फुकाउने काम गर्दछन् (खत्री(सं.), वि.सं. २०७०, पृ. ७)। यस जातिका धामीले रोगीको उपचारका क्रममा प्रयोग गर्ने मन्त्रहरूको लिखित रूप उपलब्ध छैनन्। उनीहरू यसलाई गोप्य राख्न चाहन्छन् र यो गुरुपरम्पराबाट मात्र प्राप्त गर्न सकिन्छ भन्ने यिनीहरूको विश्वास छ। साधारणतया रोगीको उपचारका लागि प्रयोग गरिने मन्त्रहरू शावरतन्त्रअन्तर्गत पाइने भएकाले किसानजातिको धामीले पनि गुरुबाट सोही तन्त्रअन्तर्गतको मन्त्र पाएको हुनुपर्छ भन्ने अनुमान गर्न सकिन्छ।

बच्चा जन्मेको बाह्रौं दिनमा गर्ने कर्मलाई बर्ही भनिन्छ। यसलाई स्थायीरूपले चोखिने कर्मका रूपमा लिइन्छ। त्यो दिन बेसार र तेल मिसाएर बच्चा र आमालाई जिउमा दलीदली नुहाइन्छ। त्यसपछि आँगनमा गोबर र माटोले लिपेको ठाउँमा छोरो जन्मिएको भए रातो भाले र छोरी जन्मिएकी भए रातो पोथीलाई बच्चाको बुबाले मुड्कीले हानेर मार्छन्। उक्त कुखुराको रगतलाई अक्षतामा मुछेर घरपरिवारका सबै जनाले नवजात शिशु र सुत्केरी महिलालाई टीका लगाइदिन्छन्। त्यो दिन बच्चाको नामकरण गरिन्छ। बच्चाको नाम राख्ने काम दग्रिन (सुँडिनी) र देवइर (धामी) ले गर्दछन् (पूर्ववत्)। नामकरण संस्कार पूरा भएपछि सबै जनाले पालैपालो बच्चालाई काखमा राखी नयाँ कपडा, पैसा आदि उपहार दिन्छन् र उसलाई जाँड चटाइदिन्छन्।

आदिम विचारअनुसार मद्य त्यस्तो साधन हो जसका माध्यमबाट व्यक्तिले मृत्युमाथि विजय पाउनुका साथै नयाँ जीवनको सृजना पनि गर्न सक्छ (चट्टोपाध्याय, ई.सं. १९८२, पृ. २४४)। त्यही आदिम विचारलाई तन्त्रमा शास्त्रीय रूप दिइएको छ। तन्त्रमा मात्रै होइन वैदिक साहित्यमा पनि मद्य वा सोमलाई अमरताको साधन मानिएको छ। 'अपाम सोमममृता अभूम' अर्थात् सोम पान गर्‍यौं अमर भयौं भन्नेजस्ता उक्तिहरू वेदमा प्रशस्त पाइन्छन्। अतः किसानजातिको जन्मसंस्कारमा गरिने मद्य र मासको प्रत्यक्ष प्रयोग तन्त्रवादकै प्रभाव हो भन्न सकिन्छ।

३.२.२ विवाहसंस्कार

किसानजातिमा सर्वप्रथम विवाहको प्रस्ताव लिएर केटापक्षबाट लमीलाई पठाइन्छ। केटीपक्षबाट सकारात्मक जवाफ आएमा अर्को पटक केटाका बाबुआमा, लमी, केटा र गाउँका केही ठूलाबडा व्यक्तिहरू केटीका घरमा जान्छन्। केटी मन परेमा र कुरा मिलेमा त्यस घरको मूलढोकाको छेउमा केटापक्षबाट आफूले टेकेर गएको लठ्ठी गाड्ने काम हुन्छ। यसको अर्थ आजदेखि यस घरकी छोरी अन्यत्र नदिनू, अबदेखि ऊ हाम्री घरकी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बुहारी भई भन्ने हुन्छ। त्यसपछि केटीका तर्फबाट पनि केटीका बाबुआमा, केटीपक्षको लमी र गाउँका दुई तीन जना व्यक्तिहरू केटाको घर हेर्न आउँछन्। दुवै पक्षबाट कुरा मिलेपछि पुनः केटापक्षबाट केटीका लागि चाहिने लुगाको सेट, शृङ्गारको सामान, दुई घैला जाँड, एक किलो सखर, दुई किलो चिउरा लिएर केटीका घरमा जान्छन्। त्यहाँ पुगेपछि एक टपरी चिउरा केटीपक्षलाई बुझाइन्छ। त्यसपछि बेहुलीलाई यताबाट लगेको नयाँ लुगा कन्याकेटीले लगाइदिने चलन छ। बिहेको यस कर्मलाई किसानजातिहरू लुगा पिन्धाएक (लुगा लगाइदिने कर्म) भन्दछन् भने लाठी डेरेक(केटीको घरको मूलढोकाको छेउमा केटापक्षबाट आफूले टेकेर गएको लठ्ठी गाड्ने काम) देखि लुगा पिन्धाएकसम्मको प्रक्रियालाई सुंत बन्धनी भनिन्छ। त्यसपछि अर्को पटक जाँदा बिहेको कुरो छिनिन्छ। सो विवाहको कुरा छिनिएको दिनलाई लगिन बाँटेक (लगन जुराउने) भनिन्छ। लगन जुराउने दिन केटापक्षले तील, जौ, बेसार, दूबो, चामल, तामाको पैसा, पान, सुपारी आदि लिएर जान्छन् र बिहेको दिन तोकेर निम्तो बाँड्ने काम हुन्छ। निम्तो बाँड्दा बेसार मुछेको चामल दिइन्छ। त्यसपछि विवाहको 'नेग' (रीत) बुझाउने काम हुन्छ। सो नेग केटी लिन जाने दिन सँगै लिएर गइन्छ। यस रीतमा एउटा बाँसको ढकीमा केटीका लागि विवाहका सम्पूर्ण सामानहरूका साथ एउटा खैरो रङको खसी, एक मन चामल, दुई मन धान, पाँच किलो मासको दाल, दुई घैला जाँड, एक टपरा बोरी (चामल र कालो दाल मिसाएर बनाइएको तरकारी), दुई किलो चिउरा र केही सखर राखिन्छ। केटीका घरमा पुगेपछि केटीपक्षका एक दुई जना कन्या केटीहरूले जन्ती गएका सबैलाई आँपको पात र दूबो राखिएको लोटाको पानीले गोडा धोइदिने चलन छ। यसरी गोडा धोइदिने कन्याहरूलाई सत्कार गरेबापत केही पैसा दिइन्छ। त्यसपछि केटापट्टिबाट लिएर आएको सामान हेर्ने काम हुन्छ। यदि ल्याइएका सामान अपुग रहेछ भने तत्काल नपुगेको सामानको मोल तिराउने गरिन्छ। भोलिपल्ट बिहानपख कुखुरा बास्ने बेलामा बेहुलीलाई लैजान स्वीकृति दिने काम हुन्छ। यसरी बिदाइ गर्दा केटापट्टिको अगुवा, महतो र गाउँका ठूलाबडा व्यक्तिका रोहबरमा केटी जिम्मा लगाइन्छ। भोलिपल्ट बेहुली लिएर आइसकेपछि बेहुलाको घरमा बिहेका लागि आवश्यक तयारी गरिन्छ। जग्गे बनाउनका लागि गाउँका युवाहरूले साल, बोड धमेरो, आँप, कर्गी (एक प्रकारको धूपी जस्तो बोट) को पातसहितको चारपाँचवटा हाँगा काटेर ल्याउँछन्। यसरी जग्गेका लागि रुखका हाँगा ल्याएबापत उनीहरूलाई जाँड दिने चलन छ। त्यसरी ल्याइएका विभिन्न रुखका हाँगालाई आँगनको चारैतिर जग्गे बनाउने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ठाउँमा गाडिन्छ र जग्गेको साजसज्जा गरी वरिपरि चारवटा कलश र दियो पनि राखिन्छ। बेलुकीपख केटीपक्षबाट जन्ती आउँछन्। किसानसमुदायमा केटा वा केटी दुवै पक्षका घरमा विवाह गर्ने परम्परा भए पनि धेरैजसो केटाकै घरमा हुने चलन छ। त्यस दिन बेहुलाका आफन्तहरू उपवास बस्ने चलन छ। विहेको पहिलो दिनलाई तेलमाडो भनिन्छ। तेलमाडोको दिन बेहुलालाई जग्गेको पूर्वपट्टि र बेहुलीलाई पश्चिमपट्टि राखेर तेल र बेसार लगाइदिने चलन छ। त्यसपछि किसानजातिको बैगा(पुरोहित) दुईवटा नयाँ घैला, नयाँ लुगा, दुई जना कन्याकेटी वा बेहुलाको सालोलाई लिएर पानीको मुहान वा पँधेरामा जान्छन् र पानी लिएर आएपछि सो पानीले बेहुला र बेहुलीलाई नुहाइदिने र नयाँ लुगा लगाइदिने गर्दछन्। त्यसपछि बेहुला र बेहुलीलाई आँपका रुखमा लगी आँपसँग विवाह गरिदिने चलन छ। यो विवाह गर्दा आँपको वृक्षमा धागो बाँधी हातको कान्छी औंलामा पनि बाँधी दुवैलाई तीनसरो बेरिन्छ र त्यसपछि विवाहको विधि सुरु गरिन्छ। साथै बेहुला र बेहुलीलाई आँपको पात, धानका गेडा तथा खुर्सानी बाँधेर बनाइएको परम्परागत टोपी लगाइदिने चलन छ। त्यसपछि बेहुलाले आँपको रुखलाई तीनचार पटक घुम्दै आँपको पातलाई तीरले हान्नुपर्छ। यो कर्म सकिएपछि बेहुला र बेहुलीलाई जग्गेमा ल्याइन्छ। त्यसपछि बेहुला र बेहुलीलाई जग्गेमा फरकफरक दिशामा बसाइन्छ अनि बेहुलीको भाइलाई बेहुलाले एउटा धोती दिन्छन्। त्यही धोतीमा बैगाले भुटेको धान पोको पारेर हालिदिन्छन्। त्यही पोको पारेको धानको फूल खेलाउँदै बेहुला र बेहुलीलाई जग्गेमा पाँचफन्का घुमाइन्छ। त्यसपछि जग्गेको एक छेउमा उनीहरूलाई सँगै बसाइन्छ र जेठाजु चिनाउने काम सुरु हुन्छ। जेठाजु चिनाउँदा जेठाजुले बेहुला र बेहुलीलाई केही रकम दिई ढोग्नुपर्छ भने बेहुलीले जेठाजुलाई मुड्कीले हान्नुपर्छ। जेठाजु चिनाइसकेपछि बैगाले धामीको सहायतामा जग्गेमा धूपबत्तीले पूजा गर्दछन् र केटाले केटीको सिउँदोमा आफ्नो थरअनुसार तेलिया भए तेलको टीका, सेन्दरिया भए सिन्दूरको टीका लगाइदिन्छन्। त्यसपछि लगनगाँठो बाँधिदिने चलन रहेको छ (सं.)खत्री,वि.सं. २०७०, पृ. १२)। त्यसपछि बेहुला र बेहुलीकी आमाले पालैपालो बेहुला र बेहुलीको गोडा धोइदिने गर्दछन्। त्यो कर्म सकिएपछि उपहार र रकम दिने काम हुन्छ। त्यसपछि खसी र कुखुरा काटेर भोजको तयारी गरिन्छ। खाना तयार भएपछि सर्वप्रथम बेहुलीपक्षलाई भोजनका लागि बैगाले लोटामा पानी दिई आमन्त्रण गर्दछन्। खाना दिंदा बेहुलाले भात र बेहुलीले दाल बाँड्ने गर्दछन्। जन्तीपक्षले खाइसकेपछि मात्र केटापक्षले खाने चलन छ। खाना खाइसकेपछि त्यसै दिन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वा अर्को दिन जन्तीपक्षका मानिसहरूलाई बिदा दिने चलन छ। बिदा दिँदा खसीको फिला र केही घैला जाँड उपहारस्वरूप पठाइदिने चलन छ, जुन जन्तीपक्षले घर पुगेपछि भोजको आयोजना गर्दा प्रयोग गर्दछन्।

आदिम समाजमा मद्यलाई मृत्युमाथि विजय दिलाउने र नयाँ जीवनको सृजना गर्ने साधनका रूपमा हेरिन्थ्यो भन्ने कुरा माथि पनि चर्चा भइसकेको छ। विवाहका अवसरमा किसानजातिमा मद्यको प्रयोग गरिनु तर्कसङ्गत देखिन्छ। विवाहको प्रमुख उद्देश्य सन्तान उत्पादन गर्नु हो। मद्यले उत्पादकतामा वृद्धि गर्छ भन्ने विश्वासका साथ मानवको उत्पादकतामा वृद्धिका लागि मात्रै नभएर कृषिउत्पादनमा समेत वृद्धिका लागि बालीनालीमा मद्यको प्रयोग गर्ने परम्पराका प्रशस्त उदाहरणहरू पाइन्छन् (चट्टोपाध्याय, ई.सं.१९८२, पृ. २४२)। तिनै आदिम विश्वासलाई शास्त्रीय रूप दिँदै तन्त्रले जन्मसंस्कार, विवाहसंस्कार, मृत्युसंस्कार आदि सामाजिक संस्कार तथा धार्मिक अनुष्ठानहरूमा मद्यप्रयोगको आवश्यकता औँल्याएको छ। मद्य उत्कट उत्तेजक द्रव्य भएकाले कुनै चर्वण(मत्स्य, मांस)का साथमा खानुपर्छ अन्यथा त्यो विषसमान हुन्छ भनेर तन्त्रशास्त्रमा बताइएको छ (ज.ब.रा., वि.सं. २०४६, पृ. १०२)। त्यसैले मद्यका साथ मांससेवनको परम्परा चलेको देखिन्छ।

३.२.३. मृत्युसंस्कार

किसानजातिमा अन्तिम संस्कार गर्दा मृतकलाई गाड्ने वा जलाउने दुवै चलन छ। यदि मृतक बेलुकापख मरेको भए त्यस दिन लासलाई उठाइँदैन, लासलाई सेतो कपडाले ढाकिन्छ र एउटा थालमा पानी हाली त्यसमा तुलसीका पातहरू राखी मृतकका खुट्टा त्यही पानीमा भिजाएर राखिन्छ। त्यसपछि सबै जनाले मृतकका मुखमा अलिअलि पानी हालिदिन्छन्।

लासलाई श्मशानमा लैजानुपूर्व तेलबेसारले चोख्याउने चलन छ। यो कर्म गर्दा सबै जना अलापविलाप गर्ने गर्दछन्। मृत्युसंस्कारको यो चरण सकिएपछि लासलाई बाँसको खटमा राखी सेतो कपडामा बेरेर तीन ठाउँमा बाँधी चारजनाले बोकेर गाड्ने भए जङ्गलमा र जलाउने भए नदीका किनारमा लैजान्छन्। लासलाई गाड्ने हो भने गाड्ने ठाउँमा पुऱ्याएपछि मृतकका लागि चिहान बनाउन चाहिने जगगा किन्ने प्रचलन रहेको छ। त्यसरी किन्दाखेरि किसानहरूले लास गाड्ने एउटा कुनामा माटो खनेर केही पैसा पुरिदिन्छन्। त्यसपछि लास राख्न खाल्डो खन्छन् र त्यसमा बैगाले पूजा गर्दछन्। त्यसपछि लासको टाउको उत्तरतिर पारी खाल्टोमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हालिन्छ। यदि मृतकका छोराछोरी ससाना छन् भने उसँगै उसको सातो नजाओस् भनेर तीन पटक बच्चालाई खाल्टो नघाइन्छ र धामीले मृतकलाई सम्बोधन गरेर आफ्नो र समाजको सातो नलिनू भनी याचना गर्दछन्। यी कर्महरू सकिएपछि जेठो छोरोलगायत अन्य छोराहरूले पाँचपाँच मुठी माटो लासमाथि राखिदिन्छन्। त्यसपछि मलामी गएकाहरू सबैले माटो दिई पुर्ने गरिन्छ तर छोरा नभए नजिकका नातेदारले माटो दिने चलन छ। जलाउने भए पनि यसरी नै जेठो छोराले दागबत्ती र नभए नजिकका नातेदारले दिने प्रचलन छ। यसरी लासलाई माटाले पुर्दा एउटा नाङ्लो, झाडु, फुटेको गाग्रो लासमाथि राखिदिने चलन छ। लास पुरेपछि लासको चार कुनामा मृतकका लागि चाहिने विश्वासका साथ केही भाँडाकुँडा राखिदिन्छन्। त्यसपछि मलामी गएकाहरू सबै जना खोलामा गई हातखुट्टा धुन्छन् र छोराहरूले कपाल खौरने गर्दछन्। यता महिलाहरू भने लास राखेको घरलाई लिपेर त्यस ठाउँमा खरानी छर्किदिई दैलो बन्द गरेर नुहाउनका लागि नदीतिर लाग्छन्।

यसरी लासलाई गाड्ने संस्कार पूरा भएपछि किसानजातिका मानिसहरू घर फर्कन्छन् र महिलाहरूले बन्द गरेर गएको घरको दैलोलाई धामीले लात्ताले हानेर उघार्छन् अनि लास राखेको ठाउँमा कस्तो चिह्न छ भनेर हेर्छन्। यदि त्यहाँ मान्छेको चिह्न छ भने यमराजले लगेको विश्वास गरिन्छ भने बिरालो वा कुकुरको चिह्न छ भने बोक्सीले लगेको विश्वास गरिन्छ। यस जातिमा एकजना मात्र किरिया बस्ने चलन छ। जेठो छोरो किरिया बसेमा अरू भाइहरू बसिरहनु पर्दैन। बाह्र दिनसम्म ढिकुरो उठाएको ठाउँमा बिहान र बेलुका मरेको मान्छेका लागि जेठी बुहारीले खाना बनाएर लगिदिने चलन छ। मृतकका घरका सम्पूर्ण परिवारले तीन दिनसम्म नुन, खुर्सानी, तेल खाँदैनन्, दूध र फलफूल मात्र खान्छन्। किरिया बसेकाले तेह्र दिनसम्म नुन, तेल, खुर्सानी, माछा, मासु नखाने चलन छ। मृतक यदि सात वर्षभन्दा माथिको भए तेह्र दिनमा र सात वर्षभन्दा कम उमेरको भए सात दिनमा चोख्याइन्छ। चोख्याउनका लागि हजामलाई बोलाइन्छ। हजामद्वारा मृतकका नजिकका नातेदारका पुरुषहरूको दाह्री, जुँघा र नङ काट्ने कार्य गरिन्छ। त्यसपछि समुदायका प्रत्येक घरवाट आएका पुरुषहरूको दाह्री, जुँघा र नङ काटिन्छ। महिलाहरूको भने कान्छी औँलाको मात्र नङ काटिन्छ। त्यसपछि मात्र मृतकको घरका व्यक्तिहरूको कपाल, दारी, जुंगा, नङ काटिन्छ।

यसरी हजामको काम सकिएपछि धामीको काम सुरु हुन्छ। धामीले त्यहाँ उपस्थित सबैको हातमा दतिवन, बेसार र पिना दिन्छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसपछि उनीहरू खोलामा गई वेसार दलीदली नुहाउने, हात धुने र दाँत माझ्ने गर्दछन्। महिलाहरू भने फरक समूह बनाई खोलामा गएर नुहाउने, दाँत माझ्ने गर्दछन्। त्यसपछि किरिया बस्नेले सालको टपरीमा अन्डा, चामल र दाल राखेर खोलामा बगाउँछन्। यसरी नुहाउने कार्य सकिएपछि धामीले लास बोक्ने चार जनालाई लाइनमा उभ्याएर तिनीहरूलाई धागोले पाँचपटक बेरी मन्त्र पढ्दै अगाडिको व्यक्तिलाई ढुङ्गा र चामल दिन्छन्। एवं रीतले अघिल्लो व्यक्तिले त्यो ढुङ्गा र चामल पछिल्लोलाई सार्दै खोलामा फ्याँक्छन्। यसरी यो प्रक्रिया चारपटक गरिन्छ। अन्त्यमा धामीले मन्त्र पढेर धागो चुडाल्छन्। सबै जना खोलामा नै भएको अवस्थामा ढोगभेट पनि फुकाउँछन्। त्यसपछि किरिया बस्नेले ठूलो लोटामा पानी हालेर सो लोटा टाउकोमा राखेर घर आउँछन्। घरको आँगनमा पस्नुभन्दा अगाडि त्यही खोलाबाट ल्याएको पानी र दूबोले सबै जनाले तीन पटक खुट्टामा र तीन पटक टाउकोमा छर्किन्छन् र शुद्ध हुन्छन्। धामीले किरिया बस्नेलाई घरमा पुनः चोख्याउने चलन छ। त्यसका लागि धामीले माछामासु आजैदेखि खाने कि नखाने भनेर सोध्छन् र माछामासु खाने भए नुनखुर्सानी पिँधेर बनाएको झोलमा एउटा पोलेको माछा पनि हालेर दिन्छन्। यदि माछामासु नखाने हो भने नुनखुर्सानी पिँधेर बनाएको झोल सबैलाई दिन्छन्।

त्यसपछि मृतात्माको शान्ति र परलोकवासको प्रार्थना गर्दै बलेको कोइलामा धूपधुवाँर गरेर दुईजना केटा र तीनजना कन्याकेटीलाई केराको पातमा बस्न लगाइन्छ। त्यहाँ उनीहरूलाई चोख्याउन पहिला पानी र त्यसपछि जाँड खान दिइन्छ। त्यसपछि खिचडी खुवाइन्छ र खुवाइसकेपछि उनीहरूलाई बसेकै ठाउँमा चुठाएर पानी छर्कदै केही पैसा हातमा दिई त्यहाँबाट उठाइन्छ। यस जातिमा कर्म चलाउने एक मात्र बाहिरिया पुजारीका रूपमा हजामलाई मानिन्छ। भोलिपल्ट पुनः किसान जातिमा मृत्युसंस्कारको अन्तिम कर्मका रूपमा सातो बोलाउने कर्म गरिन्छ। यस कर्ममा मृतात्मालाई यस ठाउँमा भड्किरहनु नपरोस् भनेर परलोक पठाउने विधि गरिन्छ (खत्री (सं.), वि.सं. २०७०, पृ. १७)। यस विधिअनुसार मृतकको घरमा धामीले एउटा कुखुराको अन्डामा कुखुराको प्वाँखले सानो प्वाल पार्दछन्। त्यसपछि मृतात्मालाई तन्त्रमन्त्र गरेर अन्डामा कैद गर्दछन्। त्यसपछि तीनवटा कुखुराको चल्ला ल्याई घरदेखि केही टाढा सेतो कपडाले त्यसरी कैद गरिएको आत्मालाई छोपिन्छ र त्यहीं तीनवटा चल्ला काटेर खिचडी बनाई प्रसादका रूपमा सबैलाई खुवाइन्छ। यसरी तेह्रौं दिनमा माछामासु नखुवाएको भए त्यस दिनदेखि खुल्छ। यो कर्म भएपछि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मृतात्माले भूत, प्रेत, पिशाच आदि भएर गाउँ, समाज र घरमा कसैलाई दुःख दिँदैन भन्ने विश्वास गरिन्छ। यसरी किसानजातिको अन्तिम संस्कार पूरा हुन्छ।

तन्त्रमा ब्राह्मणका लागि दीक्षाकालमा, क्षत्रियका लागि युद्धका लागि प्रस्थान गर्दा, वैश्यका लागि कृषिकार्यको समयमा तथा शूद्रका लागि अन्त्येष्टिकर्ममा मद्यपान विहित मानिएको छ। तन्त्रालोकमा भनिएको छ–

दीक्षाकाले तु विप्रस्य क्षत्रियस्य रणारुहे।
वैश्यस्य क्षितिमाङ्गल्ये शूद्रस्यान्त्येष्टिकर्मणि ॥
(तन्त्रालोक, २९ आह्निक, विवेकव्याख्या, पृ. २८५)।

वास्तवमा मृत्युसंस्कारमा मद्यको प्रयोग मृत्युको दूषणबाट मुक्ति पाउन र नवजीवन प्राप्तिका लागि गरिन्छ (चट्टोपाध्याय, ई.सं. १९८२, पृ. २४३)।

३.२.४. किसानजातिका चाडपर्वहरू

३.२.४.१. फगुवापर्व

यो पर्व फागुन महिनाको पूर्णिमाका दिन मनाइन्छ। यस पर्वको विधिविधान पूरा गर्न धामीको उपस्थिति अनिवार्य हुन्छ (सं.)खत्री, वि.सं. २०७०, पृ. १९)। यस पर्वका दिन गाउँका सबैजना भेला भई बेलुकापख एउटा कदमको हाँगो काटेर पूजा गर्ने निश्चित ठाउँमा लगी उक्त कदमको हाँगोलाई लिङ्गोको रूपमा गाड्छन् र वरिपरि पराल र बाँसको झिक्रा लगाएर ठूलो रास बनाउँछन्। त्यसपछि धामीको सहायताले सो लिङ्गोको मुनि कालो बोको या कालो कुखुरो, अन्डा, फलफूल राखी पूजा गरिन्छ र त्यहाँ चढाइएको बोको वा कुखुरालाई सोही ठाउँमा बलि दिइन्छ। त्यसपछि सो लिङ्गोमा आगो लगाइन्छ। आगो दनदन बलेपछि सबै जनाले एक मुठी चामल र खरको टुक्रा आगोमाथि फाल्दै मेरो रोग, दुःखकष्ट लैजा भनी फलाक्छन्। त्यसपछि बलुवा भन्ने एक प्रकारको हतियारले उक्त कदमको हाँगालाई एकैपटकमा छिनाई, बचेको भागको बीचमा अलिकति चिरेर सानो फेसोजस्तो लगाइन्छ। त्यसपछि त्यहाँ भेला भएका सबै जना फगुवाको नाम लिँदै पाँचचोटि काटिएको लिङ्गोको वरिपरि मान्दर (परम्परागत बाजा) बजाउँदै घुम्छन्। त्यसपछि त्यहाँबाट फर्केर महतोको घरमा आई सबै जनाले जाँड र मासु खाने चलन छ। त्यसपछि यो पर्व मान्नेहरू आफ्नो घरमा आई आफ्नो कुलदेवताको पूजा गर्दछन् अनि उल्चा रोटी (चामलको पीठोद्वारा बनाइएको विशेष प्रकारको रोटी) बनाई आफ्ना कुलदेवतालाई चढाउँछन् र प्रसादस्वरूप त्यही उल्चा रोटी खान्छन्। त्यसका साथै घरमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भोग दिइएको कुखुराको मासु र जाँड खाँदै मनोरञ्जन पनि गर्दछन्। किसानजातिका केही व्यक्तिहरूमा त्यसै दिन न्वागी खाने चलन पनि छ।

३.१.४.२. गरमसेवापर्व

किसानजातिमा गरमसेवापर्व वैशाख महिनामा शनिबारको दिन पारेर सम्पन्न गर्ने परम्परा छ। वैशाखमा गर्न नसके जेठ महिनामा अनिवार्य गर्नुपर्ने र नगरे गाउँमा अनिष्ट हुने विश्वास गरिन्छ। यो पूजा एक किसिमको प्रकृतिपूजा हो। यस पर्वमा गाउँका स्थानीय देवीदवताहरूको पूजा गरिन्छ। पूजा गर्नका लागि निश्चित स्थान तोकिएको हुन्छ। पूजा गर्न महतो या धामीको उपस्थिति अनिवार्य मानिन्छ। त्यसैले गाउँ नै पिच्छे फरकफरक दिन गरमसेवापूजा गरिन्छ। यो पूजा गर्नका लागि किसानजातिका प्रत्येक परिवारबाट नगद रकम उठाइन्छ र उक्त रकमले एउटा कालो बोको र एक जोडी परेवा, किनिन्छ। पूजाका दिन बिहान गरमथान(पूजा गर्नका लागि तोकिएको निश्चित स्थान)मा किसानजातिका मानिसहरू भेला हुन्छन्। प्रत्येक घरबाट एउटा कुखुरा र एक घैला जाँड लिएर जाने चलन छ। पूजाको थानमा धामीले रातो, कालो र सेतो कपडा राखेर तन्त्रविधिबाट पूजापाठ गर्दै बोको, परेवा र कुखुराको बलि दिन्छन् खत्री(सं.), वि.सं. २०७०, पृ. २०)। पूजा सकिएपछि महतोले आफ्नो घरबाट पूजाका दिन लगिएको एक ढकी धान सबै किसानहरूलाई एकएक मुठीका दरले दिन्छन्। उक्त धान सबै जनाले आआफ्नो ढुकुटीमा लगेर राख्छन्। यसो गर्नाले त्यो वर्ष अन्नबाली राम्रो हुन्छ भन्ने विश्वास गरिन्छ।

किसानजातिले मनाउने गरमसेवापर्व मूलतः कृषिसम्बन्धी अनुष्ठान भएको कुरा यसबाट प्रस्ट हुन्छ। कृषिसम्बन्धी अनुष्ठानलाई तन्त्रको उत्पत्तिको मूल आधार मान्ने धारणाका विषयमा माथि चर्चा भइसकेको छ। त्यसका साथै कृषिउत्पादनमा वृद्धिका लागि मद्यको प्रयोग गर्ने आदिम परम्परा रहेको चर्चा पनि माथि गरिसकिएको छ। अतः किसानजातिले मनाउने गरमसेवापर्वमा मद्यको प्रयोग गरिनु तन्त्रवादकै प्रभाव हो भन्ने स्पष्ट हुन्छ।

गरमथानमा पूजा गरिसकेपछि सबै जना त्यहाँबाट फर्केर नजिकै कुनै एक जनाको घरमा जम्मा भएर बलि दिइएको कुखुराको मासुमा चामल मिसाई खिचडी बनाएर खाने गर्दछन् भने बोकाको मासु अलिअलि सबैका घरमा पुऱ्याइदिने गर्दछन्। त्यसपछि राति एउटा पिँजडाजस्तो बनाएर त्यसलाई कपडाले बेरी त्यसभित्र एउटा फुटेको घैंटोको खबटामाथि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
आगोको अँगार राखी सालको धूप राख्छन् र गाउँवरिपरि घुमाई त्यसलाई पन्छ्याएर आउँछन्। यसो गर्नाले गाउँमा रहेका भूतप्रेत वा खराब चीजहरू पनि भाग्छन् भन्ने विश्वास किसानजातिमा रहेको छ।

यसप्रकार किसानजातिको जातीय संस्कार तथा चाडपर्व र पूजाआजामा धामीको महत्त्वपूर्ण भूमिका देखिन्छ। वैगा अर्थात् धामीले नै सम्पूर्ण संस्कारहरू आफ्नो श्रुतिपरम्परामा जीवित तन्त्रमन्त्रका माध्यमबाट सम्पन्न गराउँछन्। किसानहरू भूतप्रेत, बोक्सी आदिमा पनि विश्वास गर्दछन् र तिनीहरूबाट छुटकारा पाउन धामीकै शरणमा जान्छन्। उनीहरूका आफ्नै परम्परागत विश्वास, धारणा र प्रचलन रहेका छन्। तिनै परम्परागत लोकविश्वास, धारणा र आस्था नै तिनका मौलिक तन्त्रपरम्परा हुन्। किसानजातिका यी परम्परागत लोकविश्वास, धारणा र आस्थाका साथै तिनका धामी तथा पुरोहितले जातीय संस्कार सम्पन्न गर्न प्रयोग गर्ने कर्मकाण्ड एवं तन्त्रमन्त्र र उपचारमा प्रयोग हुने मन्त्रहरूलाई लिपिबद्ध गर्नु आवश्यक छ। त्यसो हुन सक्यो भने उनीहरूको मौलिक परम्परा र विशिष्ट संस्कृति जीवित रहन्छ अन्यथा त्यो परम्परा लोप हुन बेर लाग्ने छैन।

३.३. कुमालजातिका संस्कार तथा चाडपर्वहरू

३.३.१. जन्मसंस्कार

कुमालजातिमा बच्चा जन्मेको छैटौं दिनमा छैटीसंस्कार गरिन्छ। बच्चा जन्मेको छैटौं दिनको राति भान्जाभान्जी तथा छोरीज्वाइँबाट बत्ती बाल्ने कार्य गरिन्छ। त्यसपछि जाँडरक्सी खाई झाम्रेगीत गाउने र नाचगान गरी रमाइलो गरेर रातभरि जाग्राम बस्ने चलन छ। यस जातिमा छैटौं दिनमा नवजात शिशुको भाग्यनिर्धारण गर्न भावी आउने विश्वासले सो रात जाग्राम बसी रमाइलो गर्ने चलन छ। कुमालजातिमा कसैले सात दिनमा कसैले नौ दिनमा, कसैले एघार दिनमा बच्चाको नामकरण गर्ने चलन देखिन्छ।

३.३.२. अन्नप्राशनसंस्कार

कुमालजातिमा छोराको छ महिनामा र छोरीको पाँच महिनामा अन्नप्राशनसंस्कार गर्ने चलन छ। अन्नप्राशन गर्दा चाडपर्वको अवसर पारेर वा ज्योतिष वा ब्राह्मणलाई हेराएर शुभ दिन र शुभ नक्षत्रमा गरिन्छ। कुमालजातिमा अन्नप्राशन गर्दा सोमबार वा बुधबारलाई शुभबारका रूपमा लिने गरिन्छ। यस अवसरमा बच्चालाई नुहाइधुवाइ गरी टीका लगाइदिने र दालभात आदि अन्न बच्चाको मुखमा पार्ने कार्य गरिन्छ। यसरी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
अन्नप्राशनसंस्कार गर्दा आफन्त र इष्टमित्रहरूलाई आमन्त्रण गरी भोज खुवाउने र आमन्त्रितहरूले पनि बालकलाई उपहार दिने चलन छ ।

३.३.३. छेवरसंस्कार

बालक जन्मँदाको केश पहिलो पटक मुण्डन गरी बालकलाई शुद्धता प्रदान गर्न छेवर गरिन्छ। कुमाल समुदायमा कपाल काट्दा आमाबाबुले हेर्न नहुने परम्परा रहेको छ। कपाल काटिसकेपछि निमन्त्रणा गरिएका व्यक्तिहरूबाट बच्चालाई टीका लगाइदिने र त्यसपछि भोज खाने परम्परा रहेको छ। कपाल काट्ने कार्य मामाहरूद्वारा गरिन्छ भने मुण्डन गरिसकेपछि मामाहरूबाट बच्चालाई टोपी उपहार दिने चलन रहेको छ।

छेवरसंस्कारको मुख्य कार्य भनेको कपाल खौरनु हो। संस्कृत भाषाको क्षौर(कपाल खौरनु) शब्दकै अपभ्रंश प्रयोग छेवर भएकाले यस संस्कारमा गरिने अन्य कार्यहरू गौण कार्य हुन्। छेवरसंस्कारको मुख्य कार्यका रूपमा रहेको कपाल खौरने कार्यमा मामाको महत्त्वपूर्ण भूमिका हुनु मातृसत्तात्मकताको परिचायक हो। यहाँ मातृकुललाई महत्त्व दिँदै मामाको महत्त्वपूर्ण भूमिकाको अपेक्षा गरिन्छ। मुण्डन गरिसकेपछि बच्चालाई टोपी उपहार दिने कार्य पनि मामाबाट प्रारम्भ गरिनु यसको अर्को उदाहरण हो। मातृसत्तात्मकता तन्त्रवादको एउटा विशेषता रहेकाले कुमालजातिको हरेक संस्कारमा मातृकुललाई महत्त्व दिँदै मामाको महत्त्वपूर्ण भूमिका रहनु तन्त्रवादकै प्रभाव हो ।

३.३.४. विवाहसंस्कार

कुमालजातिमा मागीविवाह गर्दा केटीतर्फबाट पनि केटालाई केटी दिने मन्जुरी भएपछि कुखुरा काटेर कुरो छिन्ने परम्परा रहेको छ। यसरी कुखुरा काटेर कुरो छिनिसकेपछि कथंकदाचित् सो केटीको मृत्यु भएमा मगनी गर्ने केटाले नै उक्त केटीको काजकिरिया गर्नुपर्ने परम्परा रहेको पाइन्छ। विवाहको कुरो छिनिसकेपछि अनुकूलता हेरी दुवै पक्षको सहमतिमा विवाहको तिथिनिर्धारण गरिन्छ। विवाहको तिथिनिर्धारण भएपछि केटापक्षले कोसेलीको रूपमा सुँगुरको मासु, कुखुरा, सेलरोटी, चेप्टेरोटी, अचार, जाँडरक्सी, दालचामल आदि लैजाने र सगुनको रूपमा दहीको ठेकी, जाँडरक्सी र हरियो साग लिएर जाने चलन छ। सगुन बोक्ने व्यक्ति सकेसम्म ज्वाइँ नै हुनुपर्दछ। सगुन लिएर जाँदा केटीको घरको ढोकामा दियो र कलश राखिएको हुन्छ। दुलहादुलही दुवैले दियो र कलशको पूजा गर्नुपर्छ र ढोकामा केटापक्षको ज्वाइँले कुखुराको भालेपोथी काट्नुपर्दछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुखुरा काट्नेबित्तिकै ढाकरले छोप्ने गरिन्छ। यसरी ढाकरभित्रका भालेपोथी कुखुराहरू मरिसकेपछि उघारेर हेरिन्छ। यस घटनालाई दुलाहादुलहीको भावी जीवनको परीक्षण गर्ने माध्यम मानिन्छ। कुखुरा एकैनासे स्थितिमा मरेको भए र दुवैको रगत एकै ठाउँमा ढिक्का परी नछुट्टिने किसिमले जमेको भए दाम्पत्य जीवन पछिसम्म सुखमय भइरहने विश्वास गरिन्छ भने यस्तो स्थिति नभएमा वैवाहिक जीवन विफल हुने वा कुनै अप्रिय घटना हुने सम्भावना ठानिन्छ। कुमालहरूमा यस कुराले निकै बलियो प्रभाव पारेको पाइन्छ। यसले गर्दा ढाकरभित्रको कुखुराको स्थिति हेर्न घुइँचो लाग्छ।

यसपछि जन्तीलाई अर्नी खुवाउने भनी जाँडरक्सी, अचार, रोटी, मासु खुवाउने प्रचलन छ। त्यसपछि माइतीतिरका नाताकुटुम्बहरूले दुलाहा तथा दुलहीको गोडाको जल खाने र टीका लगाइदिने तथा पैसा र दाइजो दिने गर्दछन्। दुलाहाको घरबाट ल्याएको सामानको केही सगुन राखिदिई जन्ती विदा गर्दछन् र दुलाहापट्टिबाट ल्याएको आधा मासुको पैसा पनि तिर्ने गर्दछन्। केटीपक्षबाट फिर्ता गरिएका सगुन जन्तीहरूले बाटोमा खाने गर्दछन्।

दुलहीलाई दुलाहाको घरमा लगिसकेपछि भित्र्याउने तयारी हुन्छ। ढोकामा कलश राखी फूलहरूले सजाइएको हुन्छ, बत्ती बालिएको हुन्छ। दुलाहादुलहीले दियोकलशलाई फूलपाती, चन्दन र अक्षताले पूजा गर्दछन्। पूजा सकिएपछि सिन्दूर हाल्ने कार्य हुन्छ र हर्षबढाइँ गरी मूलढोकामा दुलाहाले एकै रेटाइमा कुखुरा काट्छ। एकै रेटाइमा नछिने पाँच रुपियाँ जरिवाना तिर्नुपर्दछ। दुलहीले त्यही रगत कुल्चेर एक हातमा सिन्का, कुचो र पातको मुठा लिएर घरभित्र पस्नुपर्दछ। घरभित्र पसेपछि आफ्ना सासू, ससुरा, देवर, जेठाजु, ज्वाइँ र इष्टमित्रहरूलाई क्रमैसँग अभिवादन गर्नुपर्दछ। यसपछि विवाहको दोस्रो चरण प्रारम्भ हुन्छ। दुलहीको माइतीमा ढोगभेट फुकाउने र सगुन लैजाने तयारी गरिन्छ। दुलही भित्र्याएको तेस्रो दिनमा दुलहीको माइतमा सोध्न पठाइन्छ र पाहुरपातको निर्धारण गरिन्छ। दुलहीको माइतीबाट समर्थन प्राप्त नभएसम्म ढोगभेटको कार्य हुँदैन। त्यसपछि राम्रो साइत परेको दिन पारी सौगात लिएर दुलान फर्काउन जान्छन्।

विवाहको मुख्य उद्देश्य सन्तानउत्पादन नै हो। सन्ततिको विस्तार र तिनको भरणपोषणका लागि सांसारिक क्रियाकलापलाई निषेध नगरी भोगकै माध्यमबाट मोक्षको आस्वादन गर्ने चिन्तन तन्त्रवादअन्तर्गत पर्दछ। तन्त्रवादलाई आदिम विश्वदृष्टिकोणको सिद्धान्त र त्यति नै पुरानो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्रियानुष्ठानका रूपमा हेरिएको छ (चट्टोपाध्याय, ई.सं. १९८२, पृ. ५१)। आदिम समाजमा कृषिउत्पादन र मानवको प्रजननक्रियालाई एकै ढङ्गले हेरिन्थ्यो। पृथ्वी र स्त्रीको उत्पादकतालाई समान गुण मानिन्थ्यो। प्रसिद्ध समाजशास्त्री ब्रिफोले अन्न एवं फलफूल प्रदान गर्ने पृथ्वी र सन्तान पैदा गर्ने स्त्रीका बीच समानताको भाव सार्वभौम रहेको धारणा व्यक्त गरेका छन् (पूर्ववत्, पृ. २२६)। स्त्रीको प्रजननशक्ति वा प्रजननसँग सम्बद्ध क्रियाकलापको अनुकरणद्वारा पृथ्वीमा उत्पादन बढाउन सकिन्छ र कृषिउत्पादनसँग सम्बद्ध क्रियाकलापको अनुकरणद्वारा स्त्रीमा प्रजननशक्ति बढाउन सकिन्छ भन्ने धारणा आदिम समाजमा रहेको थियो। उक्त धारणालाई पुष्टि गर्ने उदाहरण संस्कृतका आदिकवि वाल्मीकिको रामायणमा समेत पाइन्छ। राजा जनकले सन्तान प्राप्तिको उद्देश्यले कृषिउत्पादनसँग सम्बद्ध क्रियाकलापको अनुकरणस्वरूप सुनको हलोले भूमिमा जोतेको र सीताको उत्पत्ति भएको कथा रामायणमा पाइन्छ। त्यसैगरी कृषिउत्पादनमा वृद्धि ल्याउनका लागि जनजातीय समाजमा मद्यको प्रयोग बोटबिरुवामा गरेझैं पुरुषको धातु(वीर्य) लाई पुष्ट बनाउन र स्त्रीको प्रजननशक्ति बढाउनका लागि मद्यको प्रयोग गरिएको स्पष्ट हुन्छ। वास्तवमा तन्त्रले मद्य र मांसलाई मैथुनकै उपकारी तत्त्वका रूपमा लिएको छ–

आनन्दो ब्रह्म परमं तच्च देहे त्रिधा स्थितम्।
उपकारी द्वयं तत्र फलमन्यत्तदात्मकम्॥

(तन्त्रालोक, २९ आह्निक ९७ श्लोक)

तन्त्रमा मात्र होइन वैदिक साहित्यमा पनि आफूले इच्छा गरेको जस्तो पुत्र वा पुत्री जन्माउनका लागि गर्भाधानपूर्व नियमितरूपले केही समय मासुको आहार गर्ने विधान पाइन्छ। जसलाई आफ्नो छोरो पण्डित होस्, सम्पूर्ण वेदको ज्ञाता होस् र पूर्ण आयुवाला होस् भन्ने इच्छा छ उसले मासु र भात खाओस् भनेर बृहदारण्यकोपनिषद्मा उल्लेख गरिएको छ (४।१८)। अतः विवाहमा मद्य र मांसको उपयोग सन्ततिविस्तारकै उद्देश्यले मैथुनको उपकारी तत्त्वका रूपमा गरिएको स्पष्ट हुन्छ।

३.२.५. मृत्युसंस्कार

कसैको मृत्यु भएमा गाउँका दाजुभाइ तथा छरछिमेकीहरू भेला हुन्छन्। राति मरेको भए रातभरि लासलाई कुरेर बस्दछन्। भोलिपल्ट सबेरै खानपिन गरेर लासलाई बाहिर आँगनमा निकाली घरका सबै मानिसले पालैसँग मृतकको मुखमा उसको नाम सम्झेर तीनचोटि चामल राख्दछन् र बसाइँ सरेर जाने नयाँ ठाउँमा जगगा किन्न भनी केही पैसा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लासमा राखिदिने गर्दछन्। लासलाई बाँसमा बाँधेर नयाँ कपडाले छोपी घाटतिर लैजान्छन्। लासलाई घरबाट घाटतर्फ लगेपछि चेलीबेटीद्वारा गोबरले एकचोटि भुइँ लिपी चोख्याउँछन् र मृतक व्यक्तिको कपडा ओछ्याइएको गुन्द्रीसमेत लाससित लगी घरदेखि पर घाटमा लगेर जलाउँछन्। कुमालहरूमा आफ्नो जातिको व्यक्तिमात्र मलामी जाने चलन छ। लासलाई घाटमा पुऱ्याएपछि मृतकको मुखमा दागबत्ती दिन्छन् र जलाउने कार्य गर्दछन्। मलामीहरूले नुहाई मृतकका नाममा तीनतीन अँजुली पानी दिई फर्किन्छन्। घाटमा नै किरियापुत्रीको कपाल खौरिने कार्य हुन्छ। घाटमै जौको पीठोको पिण्ड बनाई भाँडोमा बाँकी नराखी पातमा हाली नौ पटकसम्म यताउति सार्दछन् र आधा शरीर पानीमा डुबाएर पिण्डको डल्लामा जौ र तिल राखी नदीमा बगाइदिन्छन्। मृतक पनि सँगै फर्कन्छन् भन्ने डरले बाटो छेक्नका लागि धूपकाँडा राखिन्छ र मलामी गएका सबैले सो धूपकाँडा नाघी बाटो छेकेको जनाउन धर्को कोर्दछन्।

मान्छे मरेको दिनको बेलुका किरियापुत्रीले जाँडरक्सी र घिउमा भुटेको केराबाहेक केही पनि खाँदैनन्। घरको पिँढीमा या भुइँतलाको एक कुनामा गुन्द्री अथवा मान्द्रोले बेरेर किरियापुत्री बस्दछन्। सबै छोराहरू किरिया बस्दछन्। किरियाको समयमा हरेक दिन किरियापुत्रीहरूले नजिकको पँधेरामा गएर नुहाई पितृलाई पिण्डपानी दिन्छन्। तेह्रौँ दिनका दिन ज्वाइँले किरियापुत्रीको कपाल खौरिदिन्छन्। तेह्रौँ दिनका दिन किरियापुत्री नुहाएर फर्केपछि एक माना पीठो मुछी तेह्रवटा पिण्ड बनाउँछन् र पिण्डदान गर्दछन्। यदि मरेको समय र चोखिने समय अलग महिनामा पर्न गएमा यसलाई दोमासे भनिन्छ। दोमासे परेका खण्डमा तेह्रौँ दिनका दिन मृतकको कुशको रूप बनाई त्यसलाई बीचमा राखी तर्पणद्वारा पिण्डदान गरिन्छ। त्यसपछि सुँगुर वा कुखुराको मासु, सिद्रा आदिलाई नुन नहाली पकाएर अलगअलग दुनामा राखी पिण्डका वरिपरि राख्दछन् र दियो बाल्दछन्। यसरी पिण्डदानको कार्य समाप्त हुन्छ र मृतकको कुशको रूप, पिण्ड आदि खोला वा कुवा नजिक लगेर सेलाउने गरिन्छ।

तन्त्रग्रन्थमा ब्राह्मणका लागि सौत्रामणियज्ञमा तथा दीक्षाकालमा, क्षत्रियलाई युद्धमा, वैश्यलाई कृषिकर्ममा, बन्धुबान्धवको विवाह आदि महोत्सवमा, साथीभाइसँगको जमघटमा र शूद्रलाई विवाह एवं सन्तानप्राप्तिका अवसरमा र अन्त्येष्टिकर्ममा मद्यपान विहित मानिएको छ (तन्त्रालोक, २९।११–१३, विवेकव्याख्या, पृ.२८६)। अतः कुमालजातिका हरेक संस्कारमा देखिएको मद्य र मांसको अनिवार्य प्रयोग तन्त्रसम्मत देखिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३.३.६. कुमालजातिका पूजाआजा

३.३.६.१. कुलपूजा

कुमालजातिमा बाबुआमाको पुण्यस्मृतिमा गर्ने धार्मिक कृत्य वा पितृकार्यलाई कुलपूजा भनिन्छ। कुमालहरू पितृलाई कुलदेवताकै रूपमा मान्दछन्। कुलपूजा गर्दा शुद्ध नौ माना चामल चाहिन्छ। सो चामलमध्ये केहीले पितृको नाममा भात पकाइन्छ भने बाँकी चामलको पीठो बनाई प्वाल भएको बाटुलो पिण्ड बनाइन्छ र त्यसलाई हाँडीमा पानी राखेर बफाइन्छ। खीर, मासको रोटी, माछा र भातबाट बनाइएको जाँड कुमालहरूको कुलपूजामा अनिवार्यरूपले चाहिन्छ। बफाएर बनाइएको पिण्ड, खीर, माछा, मासुको रोटी, भातबाट बनाइएको जाँडलगायत धूपबत्ती बाली जौ, तिल, रातो अक्षता आदिले मझेरीमा भएको कुलदेवताको थानमा पूजा गर्ने चलन छ। कुमालहरूमा कुलपूजा छोराले र छोरा नभएमा दाजुभाइले गर्ने चलन छ। कुमाल समुदायमा कोही व्यक्ति बिरामी परेमा कुलदेवतालाई सम्झेर कुखुरा भाकल गर्ने चलन पनि रहेको पाइन्छ। पूजा सकिएपछि चढाइएका प्रसादहरू आफ्ना ज्वाइँ एवं निम्ता गरिएका व्यक्तिहरूसँग बसी सबैले खान्छन्। कुमालहरू कुलपूजालाई खुँडापूजा पनि भन्दछन्। यस पूजामा घरमा भएका खुँडा, खुकुरी आदि हातहतियारको पनि पूजा पनि गर्दछन् त्यसैले यसलाई कुलदेवताको पूजाका साथै शक्तिपूजाको रूपमा पनि अर्थ्याउन सकिन्छ।

३.३.६.२. वायुपूजा

वायुका रूपमा डुलिरहेको आत्माले दुःख नदेओस् भनी वर्षको एक पटक वायुपूजा गर्ने परम्परा कुमालजातिमा रहेको पाइन्छ। कुमालजातिमा वायुपूजा गर्दा धूप, अक्षता, नैवेद्य, लावा, रोटी आदि सामग्रीका साथ कुखुरो बलि दिएर पूजा गर्ने प्रचलन रहेको छ। वायुपूजा गर्दा वनमा गई रुखमुनि वायुदेवताको स्थान बनाई पूजाआजा गर्दछन्। कुमालजातिमा बिरामी भई जोखाना हेराउँदा वायु लागेको देखिए वायुपूजाको भाकल गर्दछन्। वायुपूजाका लागि यस जातिको आफ्नै झाँक्री राख्ने परम्परा रहेको छ र झाँक्रीकै तान्त्रिक विधिविधानले वायुपूजा सम्पन्न गरिन्छ।

३.३.६.३. चण्डीपूजा

कुमालहरूले मनाउने विभिन्न चाडहरूमध्ये चण्डीपूजा एक महत्त्वपूर्ण चाड हो। कुमालजातिमा वैशाख पूर्णिमाको दिन चण्डीपूजा गर्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परम्परा रहेको छ। चण्डीपूजा गर्दा आफ्नो घरपरिवार तथा सन्तानको रक्षा हुने विश्वास कुमालजातिमा रहेको छ। चण्डीपूजामा भगवती चण्डीको पूजा गरिन्छ। पूजाका क्रममा कुखुराको भालेपोथी दुवैको बलि दिइन्छ।

३.३.६.४. सोमपूजा

कुमालजातिमा पशुहरूका देवतालाई सोमदेवता भनिन्छ। कुमालहरू सोमदेवताले पशुधनको रक्षा गर्ने विश्वास गर्दछन्। कुमालजातिमा सोमपूजालाई झाँक्रीपूजा पनि भनिन्छ। सोमपूजा फागुन वा वैशाख महिनामा गर्ने चलन छ। सोमपूजा गर्दा ढुङ्गाहरू गाडेर चारवटा मण्डल बनाइन्छ र प्रत्येक मण्डलमाथि चामलको पीठोको नौवटा धर्का तानिन्छ। चारैवटा मण्डलमा एउटा धनुबाण, लावा, गाईको दूध, चामलको पीठाको रोटी, फूलअक्षता, धूपबत्ती, ल्वाङ, सुपारी चढाउनुपर्छ। कुमालहरू सोवाला र सोमझाँक्रीलाई एकएकवटा बासेको भाले काटेर बलि दिन्छन्। यहाँ सोवालालाई शक्तितत्त्व र सोमझाँक्रीलाई शक्तिमान् तत्त्वका रूपमा पूजा गरिन्छ।

३.३.६.५. नागनागिनीपूजा

कुमालजातिमा नागनागिनीलाई भूमिदेवताको प्रतीक मानिन्छ। कुमालहरूले खेतबारीको कुनै कुनामा नागथान बनाउँछन्। नागनागिनीको पूजामा चामलको पीठो मुछेर त्यसबाट नागनागिनीको स्वरूप बनाइन्छ र त्यसमा अङ्गार र अबिरले तेर्सो धर्का बनाई सिँगारिन्छ। मासको आँखा र दूबोको जिब्रो बनाई फूलपाती, अक्षता, दूबो, गाईको दूध र लावाद्वारा नागपूजा गरिन्छ। एउटा दुनोमा गाईको दूध र अर्कोमा लावा राखेर नागनागिनीका अगाडि राखिन्छ। सिमली र पातीका लिङ्गा गाडेर तिनमा ध्वजा बाँधी पूजा सकिएपछि दुईवटा कुखुरा बलि दिने चलन रहेको छ। कुमालजातिमा नागपूजा गर्नाले सर्पले नटोक्ने, नाग नलाग्ने, बाढी नआउने, पहिरो नजाने, चट्याङको डर नहुने, घर र जग्गाजमिनको रक्षा भई जीवन सुखमय हुने, दीर्घजीवन प्राप्त हुने विश्वास रहेको छ। कुमालजातिमा कालीनाग, सेतीनाग, शेषनाग, वासुकिनाग, ओगोनाग, चिढीनाग, पोकेनाग, ढाडेनाग, कुजानाग, लुलानाग, डन्डानाग, खस्रोनाग, धूलेनाग, सुख्खानाग, लोहनाग आदि नागहरू हुने विश्वास रहेको छ। नाग रिसाएमा पहिरो जाने, चट्याङ् पर्ने, मानिस लुलोलङ्गडो हुने, शरीरमा फोका आउनेजस्ता उपद्रव हुने विश्वास यस जातिमा रहेको छ। त्यसैले बेलाबेलामा पूजा गरी नागलाई खुसी पारेर राख्नुपर्दछ भन्ने विश्वास गरिन्छ। यसरी भयको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भावनाबाट प्रेरित भई पूजा गरिने भएकाले यो पनि एक किसिमको अभिचार नै हो।

३.३.६.६. देशान्तरीमाई र फिरन्तरीमाईपूजा

कुमालहरूले देशान्तरीमाई र फिरन्तरीमाईलाई रोगव्याधीकी देवीको प्रतीकका रूपमा पूजा गर्दछन्। ती देवीहरूको पूजा गरेमा रोगबाट रक्षा हुने विश्वास गरिन्छ। देशान्तरीमाई र फिरन्तरीमाईको पूजा नगरेमा घरका सदस्यहरूलाई रोगले सताउने, अन्नबाली राम्रो नहुने र गाईवस्तुलाई समेत रोग लाग्ने जनविश्वास रहेको छ। त्यसैले वर्षको एकपटक व्यक्तिगत रूपमा र एकपटक सामूहिक रूपमा देशान्तरीमाई र फिरन्तरीमाईको पूजा गर्ने चलन यस जातिमा रहेको छ। सामूहिक पूजामा प्रत्येक घरबाट पैसा उठाएर एउटा बोको र एक जोडी कुखुराको भालेपोथी चढाउनु पर्दछ र प्रत्येक घरबाट पूजा सामग्री दिई घरको एक जना भए पनि पूजास्थलमा उपस्थित हुनैपर्दछ। सामूहिक रूपमा बलि दिएको कुखुराको मासु र भात पूजास्थलमा नै पकाई सामूहिक रूपमा सबैले खान्छन्।

कुमालजातिको संस्कार तथा चाडपर्वमा यसै जातिको झाँक्रीले सम्पूर्ण कार्य सम्पन्न गराउँछन्। यस जातिको संस्कार पूजाआजाका लिखित पद्धति र मन्त्रहरू उपलब्ध छैनन् तर झाँक्रीले श्रुतिपरम्पराबाट प्राप्त ज्ञान र तन्त्रमन्त्रका माध्यमबाट कार्य सम्पन्न गराउँछन्। भूतप्रेत, बोक्सी, लागोभागो, भाकल आदिमा यिनीहरूको विश्वास छ र यिनीहरूले गर्ने पूजाआजा अभिचारात्मक भावनाबाट प्रेरित देखिन्छ।

३.३.७. कुमालजातिका सामाजिक विश्वास

कुमालहरू लागोभागो, लामा, झाँक्री, बोक्सी, भाकल आदिमा विश्वास राख्दछन्। कुमालहरूले भाकल गर्नुपर्दा प्रायः भगवतीदेवी, सत्यवती माई, नारायण, भैरव, गणेश, कुलदेवता आदिलाई भाकल गर्दछन्। भाकल गर्दा विभिन्न वस्तु चढाउने र बलि दिने वाचा गर्दछन्। कुमालहरूले विरामीलाई अस्पताल लैजान वा औषधी खान परिहाले तापनि पहिला धामीलाई देखाएर फुकफाक गरी अक्षता पन्छाएर मात्र लान्छन्। यसो नगरे औषधीले काम गर्दैन भन्ने जनविश्वास यिनीहरूमा रहेको छ। कुमालजातिमा भूत, प्रेत, पिशाच आदिले मानिसलाई दुःख दिन्छन् र धामीझाँक्रीले तन्त्रमन्त्रद्वारा त्यसको समाधान गर्न सक्छन् भन्ने परम्परागत विश्वास रहेको पाइन्छ (खत्री, सं.), वि.सं. २०७०, पृ. ४८)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३.४. कोयू राईजातिका संस्कार तथा चाडपर्व

३.४.१. जन्मसंस्कार

कोयू राईजातिमा बच्चा जन्मेर उसको नाल काटेपछि त्यसलाई ढुङ्ग्रोमा हालेर दुधिलो चोप आउने रुखमा लगेर झुन्ड्याइन्छ। यसो गर्नाले आमाको दूध राम्ररी आउँछ भन्ने विश्वास रहेको छ। त्यसै समयमा एउटा कुखुराको नङले बच्चा र आमालाई कोरेजस्तो गरिन्छ। यसलाई ममः फप्मु भनिन्छ। बच्चा पाउने बेलामा कोही मरेको भए त्यो सिंहे नामक पिशाच बनेको हुन्छ र त्यसले आमालाई छोप्छ वा ज्यान पनि लिन सक्छ भनेर ममःफप्मु गरिन्छ। कुखुराको नङले यस्तो सिंहे पिशाचलाई कोरेर लगी खोलामा बगाइदिन्छ भन्ने विश्वास यस जातिमा रहेको छ। ममःफप्मु गरिसकेपछि त्यही कुखुरालाई लौराले हानेर मारिन्छ र पकाएर आमालाई खान दिइन्छ। ममःफप्मु गरेको त्यो कुखुराको मासु अरूले खानु हुँदैन भन्ने जनविश्वास यस जातिमा रहेको छ।

३.४.२. नामकरणसंस्कार

कोयू राईहरूमा छोरो भए छ दिनमा र छोरी भए पाँच दिनमा बच्चाको नामकरण गरिन्छ। नामकरणसंस्कारमा नवजात शिशुको हजुरआमाको मुख्य भूमिका रहन्छ। घरमा हजुरआमा नभए परिवारभित्रको हजुरआमाले यो काम गर्दछन्। नामकरणसंस्कार गर्दा सर्वप्रथम नजिकैको खोला वा कुवामा गएर हजुरआमाले घोचाको टुप्पामा घाँस बाँध्छिन् र सो घोचा गाड्छिन्। त्यसपछि उनले मुन्धुम गाउँदै अदुवा, चामल र मर्चा राखेको भाँडामा पानी भर्छिन्। मुन्धुमबाट नवजात बच्चाका लागि शक्ति मागिन्छ (पूर्ववत्, पृ. ६५)। त्यसरी भरेको पानीले नै सुत्केरी र घरपरिवार चोख्याउने काम हुन्छ। हजुरआमाले ल्याएको पानीले बच्चालाई नुहाएर छोरी भए आमाको र छोरो भए बाबुकै पुरानो कपडाको भोटो बच्चालाई लगाइन्छ। त्यसपछि हजुरआमाले बच्चालाई काखमा लिएर बच्चाको नाम राखिदिन्छिन्। नाम जुराउने काम सकिएपछि हजुरआमाले बच्चालाई कोक्रोमा राखी भोट–तिब्बततिर देखाएर पुर्खा चिनाउँदै मुन्धुम गाउँछिन्।

३.४.३. अन्नप्राशनसंस्कार

बच्चा पाँच वा छ महिनाको भएपछि उसलाई अन्न खुवाइन्छ। त्यस क्रममा दियोकलशको पूजा गरी पुर्खाहरूलाई टीका एवं फूलपाती सारेर हजुरबा हजुरआमाले मुन्धुम गाउँदै बच्चाका लागि आशीर्वाद

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

माग्छन् । त्यसपछि एउटी कन्याले बच्चालाई समाएर बस्छे र आमाबुबाबाट टीका लगाउने कार्य सुरु हुन्छ। अर्की कन्याले ढ्याके पैसाले बच्चालाई भात खुवाउँछे। त्यसपछि सबै उपस्थित नातागोताहरूले टीका लगाउँदै खाना खुवाइदिन्छन् र दक्षिणा दिन्छन्। उपस्थित पाहुनाहरूलाई खानपिन गराएपछि बिदा गर्ने बेलामा घरको मूलीले आफ्नो बच्चालाई आशीर्वाद दिएकोमा पाहुनाहरूलाई धन्यवाद टक्र्याउने मुन्धुम गाउँछन् (पूर्ववत्, पृ. ६६) ।

३.४.४ गुन्युचोलो तथा छेवरसंस्कार

छोरीलाई गुन्युचोलो दिने, छोराको छेवर गर्ने कार्यलाई कोयू राईजातिमा एउटा मुख्य संस्कारका रूपमा लिइन्छ। यो संस्कार गर्नुभन्दा पहिला बच्चाहरू देवताहरूका साथमा हुन्छन् त्यसैले यदि उनीहरूको मृत्यु भयो भने त्यस्ता बच्चाहरू कुलपितृमा जाँदैनन् भन्ने मान्यता यस जातिमा रहेको छ। छोरीलाई गुन्युचोलो दिएपछि र छोराको कपाल काटेपछि कुलले चिन्ने र मृत्युपश्चात् कुलमा बस्न लायक हुन्छन् भन्ने धारणा यस जातिमा रहेको छ। यो संस्कार छोरो भए जोर वर्षमा र छोरी भए बिजोर वर्षमा गरिन्छ। यस संस्कारमा मावलीको उपस्थिति अनिवार्य मानिन्छ।

छोरीलाई गुन्युचोलो दिने समयमा सर्वप्रथम चामल, पैसाको ढ्याक, जाँड, रक्सी आदि सामग्रीहरू पुर्खाको नाममा चढाइन्छ र नयाँ गुन्युचोलो, गरगहना छोरीलाई दिइन्छ। नुहाएर चोखो भएपछि छोरीलाई नयाँ कपडा लगाइदिन्छन् र टीका लगाउने एवं आशीर्वाद दिने काम सुरु हुन्छ। आमाबुबाबाट टीका लगाउन सुरु भएपछि मुन्धुम वाचन गरेर आशीर्वाद दिइन्छ। गुन्युचोला दिने बेलामा एउटीलाई मात्र नराखेर अर्को एक जना पनि साथी राखेर जोडी बनाइन्छ र उसलाई पनि टीका लगाइदिने र आशीर्वादका साथ दक्षिणा दिने काम हुन्छ।

छोराको छेवर गर्नका लागि पनि गुन्युचोलोमा जस्तै सामग्रीहरू पुर्खाका नाममा चढाइसकेपछि कपाल काट्न सुरु हुन्छ। कपाल काट्नका निम्ति दुई जना चेलीले कलश समाउँछन् भने अर्का दुई जनाले काटेको कपाल टपरीमा थाप्दछन्। कपाल मामाले काट्ने चलन छ। आजबाट तिमी फलानाको घरमा छोराको भूमिकामा आउने भयौ, तिम्रो ठाउँ यहाँ हो भन्ने आशयको मुन्धुम वाचन गर्दै उसलाई कपाल काट्ने समयमा दाम्लोले घाटीमा बाँधिएको हुन्छ।

छेवरसंस्कारको मुख्य कार्यका रूपमा रहेको कपाल खौरने कार्य मामाले गर्नुपर्ने विधानले मातृकुललाई महत्त्व दिएको बुझाउँछ। यसरी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मातृकुललाई महत्त्व दिनु मातृसत्तात्मक व्यवस्थाको अवशेष हो र मातृसत्तात्मकता तन्त्रवादकै एउटा विशेषता भएकाले कोयू राईको छेवरसंस्कारमा तन्त्रवादको प्रभाव देखिन्छ।

खानपिन सकिएपछि मावलीलाई सुँगुरको ढाडदेखि माथिको भाग वा फिला र एक कठुवा रक्सी कोसेली राखिन्छ भने धामीलाई दुई कठुवा रक्सी र केही रुपियाँ राखिन्छ। त्यसपछि धामीले मुन्धुम वाचन गरी आशीर्वाद दिन्छन्।

३.४.५. विवाहसंस्कार

कोयू राईहरूमा औपचारिक रूपमा मागीविवाह गर्दा पहिले केटापक्षका तर्फबाट दुई कठुवा रक्सी केटीपक्षका घरमा पठाइन्छ र त्यसलाई केटीपक्षले समातेपछि कुरा पक्का भएको मानिन्छ। त्यसपछि साइनो फेर्ने रीत पूरा गरिन्छ। यसमा केंटाकेटीले एकअर्काको परिवारका सदस्यहरूलाई चिन्ने, चिनाउने र ढोगभेट गर्ने कार्य हुन्छ। त्यसपछि जन्ती कति वेला आउने, कुन बाटो भएर आउने भन्ने जानकारी लिन र रीत बुझाउने सामानको निरीक्षण गर्न बेहुलीपक्षका तर्फबाट दुई जनालाई पठाइन्छ। यसलाई यारिजा बुझ्ने भनिन्छ। यारिजा बुझ्न जाँदा बेहुलापक्षले ल्याउनुपर्ने सोत्खो (तामाको भाँडा) पनि निरीक्षण गरिन्छ। सोत्खो निरीक्षण गर्दा पुरानो, खिइएको वा प्वाल परेको पाइएमा त्यो स्वीकार गरिँदैन। यही सोत्खोले वचन दिने बेला र पितृ/पुर्खालाई देखाउने बेला पनि मुख्य भूमिका निर्वाह गर्दछ र यो सोत्खो निरीक्षण नगरेसम्म गएकाहरूले केही पनि खाँदैनन्। बेहुला जन्ती लिएर आएपछि बेहुलाबेहुलीलाई बेहुलीका माइतीहरूले बोकेर भित्र लैजान्छन्। माइतीपक्षले अनिवार्यरूपले बेहुलालाई एउटा फेटा र बेहुलीलाई एउटा मजेत्रो दिने चलन छ। जन्ती पर्सिने काम गरेपछि बेहुलाबेहुलीलाई बोकेर भतेरमा लाने र खाना खुवाउने काम हुन्छ। खानपिनको काम सकिएपछि विवाहको औपचारिक काम सुरु हुन्छ। बेहुलाले सासूलाई एक कठुवा रक्सी र आठ आना पैसा राखेर ढोग्नुपर्छ। त्यसपछि बेहुला र बेहुलीलाई एक अर्काको माया, राजीखुसीका बारेमा प्रश्न गरिन्छ अनि उनीहरूको भविष्य हेर्नका लागि कुखुराको मुखबाट केराको पातमा रगत चुहाउने विधि गरिन्छ। धामीले यो विधि गर्न कुखुरामाथि जाँड खन्याउँछन् र अक्षता छर्किन्छन्। त्यसपछि कुखुरालाई काठले हिर्काएर मारी केराको पातमा रगत झार्छन्। रगत झरेमा विवाह सफल हुन्छ र रगत नझरेमा विवाह असफल हुन्छ भन्ने विश्वास छ (पूर्ववत्, पृ. ७१)। रगत नझरेमा विवाहित जोडीमा झगडा पर्ने, बालबच्चा नहुने, विवाह

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

टुट्नेजस्ता घटना घट्छ भन्ने विश्वास गरिन्छ। यसरी कुखुराको मुखबाट रगत झरेपछि प्रारम्भिक वाग्दान गरिन्छ। बेहुलीको परिवारले वचन दिइसकेपछि आफ्नी छोरीको अधिकारका लागि खुर्पा जगाउने अधिकार बेहुलापक्षसँग मागिन्छ। यसरी बेहुलीपक्षकाले मागेपछि केटातर्फबाट बुहारीले खुर्पा उठाउन सक्ने भनेर समाजको सामु वचन दिन्छ। यसैगरी बेहुलाको परिवारबाट पनि बेहुलीको परिवारलाई छोराका लागि पनि खुँडा जगाउने अधिकार मागिन्छ र दिइन्छ। खुँडा तथा खुर्पा जगाउने अधिकार दिएपछि अन्तिम वाग्दान गरिन्छ। उक्त वाग्दानमा माइतीले छोरी घरबाट निकाली फलाना कुटुम्बको कुलगोत्रमा दियौँ भनेर धामीले विधि पुऱ्याउँछन्। त्यही बेला बेहुलीका पक्षबाट समाजका अगाडि हिजो आधामात्र दिएको वचन पूरा गरेर दिन्छन् र अघिल्लोचोटिजस्तै हाम्री छोरी फलानोको कुलगोत्रबाट फलानाको कुलगोत्रमा दियौँ भनेर तीनपटक भनिन्छ।

बेहुली लिएर जन्ती घर फर्केपछि घरको आँगनमा राखेर उनीहरूलाई पर्सिने काम गरिन्छ। बेहुला र बेहुलीलाई बोकेर लगी खाना खुवाइन्छ र त्यसपछि बोकेर घरभित्र चुल्होमा लगिन्छ। यसपछि केटीको घरबाट ल्याइएका रीतहरू पितृलाई सम्बोधन गर्दै चुल्होमा राखिन्छ र बुहारीको परिचय गराइन्छ। 'आजबाट फलानाकी छोरी हामीले बुहारी बनाएर ल्याएका छौँ, चिनेर आशीर्वाद दिनुहोला' भनेर धामीले भन्दछन्। यसै अनुरूप बुहारीलाई घरमा सबै अधिकार दिइएको जानकारी पनि दिइन्छ। त्यसपछि पाहुनाहरू बिदा हुन्छन्। त्यसपछि दुईतीन दिनभित्रमा दुलान फर्काउने काम हुन्छ। दुलान नफर्केसम्म केटीको घरको विवाह भतेर भत्काइएको हुँदैन। यो भतेर ज्वाइँले नै भत्काउनुपर्छ भन्ने मान्यता रहेको छ र दुलान फर्काउन जाँदा केटाले केटीको माइतीतर्फ कठुवारक्सी कोसेली लानुपर्छ।

३.४.६. मृत्युसंस्कार

कोयू राईहरूमा मान्छे मरेपछि अथवा मर्ने निश्चित भएपछि घरभित्र चुल्होको छेउमा गुन्द्रीमा राखिन्छ र सबै जना मिलेर अन्तिम जाँडपानी खुवाइन्छ। धामी र केही मलामी पहिला लास गाड्ने चिहान खन्न जान्छन्। यसरी जाँदा धामी जाँड छान्ने छपनी टाउकोमा ओडेर, धनुकाँड तेर्स्याउँदै अघिअघि हिँडछन् र अरू पछिपछि लाग्छन्। चिहान खन्ने ठाउँमा पुगेपछि धामीले मुन्धुम फलाक्दै धनुकाँड हान्ने, चिहान खन्ने ठाउँमा जाँडले घेरा हाल्ने आदि काम गरेपछि मलामीले चिहान खन्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थाल्छन्। उता घरमा लासलाई सेतो कोक्रोमा बेरेर बाँसको सिन्काले तीन ठाउँमा सिलाइन्छ र तीन जनाको सहयोगमा नविसाई एकातर्फ काँधमा बोकेर चिहानतिर लगिन्छ। लाससँगै मृतकका सामानहरू पनि लगिन्छ।

धामीले लास र चिहानलाई सेउलाले सफा गर्दछन् र चिहानमा मृतकका कपडाहरू सबै मिलाएर राखिन्छ र लासलाई त्यहाँ गुन्द्रीसँगै हालिन्छ। मुन्धुम फलाक्दै धामीले लाससँगै लगेको कुखुरा हिर्काएर मार्दछन् र त्यसको प्वाँख लासमा राख्छन् जसले मृतात्मालाई उडाउन मद्दत गर्दछ भन्ने विश्वास रहेको छ। लासलाई चिहानमा राखेपछि सिस्नुको डाँठलाई टाउकोमा ठाडो पारेर राखिन्छ। मृतकको आत्माले छोडेर जान नमानी जेठोपाकोलाई समाउँछ भनेर मृतकको आत्मा फाल्नलाई जेठोपाकोले आफ्नो टोपी टक्टक्याएर लगाउँछन् भने धामीले त्यही सिस्नुको डाँठले मलामीहरूको सातो चिहानबाट निकाल्दछन्। त्यसपछि धामीको निर्देशनमा लासमा माटो राख्ने काम सुरु हुन्छ। यो काम जेठोबाट सुरु हुन्छ र लासमाथि तीनपटक अँजुलीभरी माटो खन्याइन्छ। सबै गएका मलामीले माटो दिने काम सकिएपछि चिहानलाई सम्याइन्छ र धामीले सबै मलामीका पाइलाहरूलाई सेउलाले बढारेर मेटाउँछन्।

जुठो चोखिने दिन घरका दाजुभाइ सबैले तोङ्वा लिएर चुल्होमा राख्दछन्। केराको पातमा पनि रक्सी राखिन्छ। धामीले त्यहाँ भएको जाँड र रक्सीको मात्रा हेर्दछन्। यसरी हेर्दा राखेकोभन्दा धेरै वा थोरै भएको ख्याल गरिन्छ त्यसबाट मृतात्मालाई अर्थ्याइन्छ (पूर्ववत्, पृ. ७७)। रक्सीको मात्रा घट्यो भने मृतात्मा नजाती भयो अर्थात् कुलमा गएन भनिन्छ। माथि भनिएअनुसारको खानेकुरा सबै धामीले चिहानमा लगेर उसको नाममा राखिदिन्छन्। त्यसपछि घरमा मृतकको छोरालाई मामाले टीका लगाएर टोपी लगाइदिन्छन्। यसरी नै भान्जीहरूलाई पनि टीका र मजेत्रो ओढाइदिन्छन्। त्यसपछि भुटेको सुँगुरको मासु सबैले खाएर जुठोबाट मुक्त भएको ठहरिन्छ।

कोयूहरूको लिखित धर्मग्रन्थ मुन्धुम उपलब्ध छ। यिनीहरू मुन्धुमलाई नै आफ्नो जातीय संस्कार तथा चाडपर्व र पूजाआजा सम्पन्न गर्ने आधारग्रन्थ मान्दछन्। यस जातिको धामीले नै सम्पूर्ण संस्कार र चाडपर्व तथा पूजाआजाको कार्य सम्पन्न गर्ने जिम्मा पाएको हुन्छ तर कहिलेकाहिँ मुन्धुम जानेका बूढापाकाले पनि मुन्धुम पाठ गरेर आशीर्वाद माग्ने आदि काम गर्दछन्। धामी नै यस जातिको पुरोहित हुने भएकाले तन्त्रमन्त्रमा यिनीहरू पूर्ण विश्वास गर्दछन् र कोही बिरामी भए धामीकहाँ लैजान्छन्। आफ्नै मौलिक जातीय प्रथा र परम्परालाई पुस्तौंदेखि निर्वाह

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दै आएका कोयूजातिमा तन्त्रपरम्पराको गहिरो प्रभाव रहेको छ। यस जातिमा हरेक संस्कार सम्पन्न गर्न मद्य र मांसको प्रयोग अनिवार्य रहेको देखिन्छ। उनीहरू आफ्ना इष्टदेवीदेवतालाई नैवेद्यस्वरूप मद्य र मांस चढाएपछि सोही मद्य र मांस प्रसादस्वरूप ग्रहण गर्दछन्। यसलाई केवल रमाइलोका लागि उनीहरूले प्रयोग गरेको अर्थमा लिनु हुँदैन। यो उनीहरूको संस्कारकै एउटा अङ्ग हो र यसलाई तान्त्रिक वामाचारको एउटा विशिष्ट पक्षका रूपमा हेर्न सकिन्छ जसको चर्चा प्रसङ्गतः माथि भइसकेको छ।

३.५. तमुजातिका संस्कार तथा पूजाआजा

३.५.१. विवाहसंस्कार

केटा र केटी आफैँ मिलेर भागिसकेपछि गर्ने विवाहलाई ल्याइते विवाह भनिन्छ। यस्तो विवाहमा केटापक्षले केटीका माइतीलाई कोसेली पठाएपछि मात्र विवाहको कुरो उठ्छ। यस्तो कोसेली पठाउने कामलाई कुर्सि प्हा भनिन्छ। कुर्सि प्हा लैजाँदा एक धार्नी रक्सीको पुङ्गो र केही रुपियाँ पठाउनुपर्छ। केटीपक्षले कुर्सि प्हा स्वीकार गरेपछि केटा र केटी दुवैको ग्रहदशा फाल्ने काम हुन्छ। यस कार्यमा सिस्नुको बोटको फेदमा बासेको कुखुराको भाले काटी दुवैको ग्रहदशा सिस्नुले लैजाओस् भनेर पूजा गरिन्छ। त्यसलाई पोलेबाबा भन्दछन्। उक्त कार्यमा उपस्थित सबैले मासु खाएर मात्र घर जानुपर्छ भन्ने मान्यता रहेको छ। त्यसपछि केटो केटीलाई लिएर ससुराली जान्छ। ससुराली जाँदा ससुराली गाउँका प्रत्येक घर नछुटाइकन एक माना बराबर घ्यू हालेको भात पकाई बाँड्नुपर्छ। केटीले पनि माइतबाट घर फर्कँदा कोसेलीका रूपमा विभिन्न सामानहरू पठाउनुपर्छ। यति गरेपछि ल्याइते विवाहको काम सम्पन्न हुन्छ (तमु, वि.सं. २०५६, पृ. ८५)।

केटीका आमाबुबासँग कुरा गरी विवाहको दिन पक्का गरेर गरिने विवाहलाई ब्याइते विवाह भनिन्छ। यसका लागि जाँडको पुङ्गो लगी केटीका आमाबुबासँग विवाहको दिन निर्धारण गरिन्छ। केटीका आमाबुबाले फलानो दिन विवाह गर्ने भनेर तोकेपछि मात्र केटाको घरतिर विवाहका लागि जाँड पकाउने तयारी गरिन्छ। दुलही लिन जन्ती आउने दिन जन्तीलाई हिर्काउनका लागि रोधीपरिवारले पाएसम्म भोटे खयर नपाए फर्सी नै रोधी परिवारले टुक्राटुक्रा पारेर राख्छन्। जन्ती आउनेबित्तिकै जन्तीमाथि प्रहार हुन थाल्छ। जन्तीले दुलहीको घरको ढोकामा पुग्नेबित्तिकै बन्दुक पड्काउनुपर्छ र ढोकामा भाला राख्नेबित्तिकै जन्तीमाथिको प्रहार रोक्नुपर्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बेलुका खाना खाइसकेपछि रोधीपरिवारका साथ जन्तीहरू रोधीघरतिर लाग्छन्। त्यहाँ पनि विवाहका केही विधिहरू पूरा गरिन्छ। विवाहका सम्पूर्ण विधिहरू तमु पुरोहित क्येप्रेले आफ्नो परम्परागत मौखिक शास्त्र वाचन गरी सम्पन्न गर्दछन्। दुलहीलाई अन्माउँदा पहिले दुलहीको दाजुभाइले नै बोक्नुपर्छ भने दुलहीलाई दुलाहाको घरमा भित्र्याउँदा पनि दुलहीको दाजुभाइले नै बोक्नुपर्छ। दुलही भित्र्याउन लाग्दा ग्रहदशा फाल्ने विधि गरिन्छ (पूर्ववत्, पृ. ८८)।

यता दुलही लिन जन्ती गएपछि दुलाहाका घरमा दुलाहापक्षका आइमाईहरू जम्मा हुन्छन् र रत्यौली खेल्छन्। रत्यौलीमा सकेसम्म अश्लील गीत गाउने, अश्लील नृत्य प्रदर्शन गर्ने परम्परा छ। त्यहाँ लोग्नेमानिसहरू जान पाउँदैनन्। केही तान्त्रिक जात्रापर्वहरूमा अश्लील गीत गाउने, अश्लील वचन बोल्ने विधान तन्त्रग्रन्थहरूमा भेटिन्छ। सायद रत्यौलीमा अश्लीलताको प्रदर्शन त्यसैको प्रभाव हुनुपर्छ।

भोलिपल्ट दुलही पुऱ्याउन आउने दुलहीका माइतीपक्ष र दुलाहापक्षका गाउँलेहरू जम्मा भई बाह्र प्रकारका खाने कुरा राखी भोजभतेर गर्छन्। केटाको अगाडि दुई भाग राखिएको हुन्छ। खाना खाइसकेपछि सबै इष्टमित्रहरूले दुलाहादुलहीलाई टीका लगाइदिने, उपहार दिने आदि गर्दछन्।

३.४.२. मृत्युसंस्कार

तमुजातिमा कसैको मृत्यु भएपछि गाउँका सबै जना भेला हुन्छन्। गाउँलेहरूले मृतकको आत्मालाई खान, पिउन, लगाउन भनी सामग्रीहरू ल्याउँछन्। उक्त सामग्रीहरू मृतकको अगाडि राखी मृतकको ज्वाइँले मृतकलाई सम्बोधन गर्दै तिमी हिमालको डाँडोबाट जाँदा जाडो भए तातो लुगा लगाउनू, भोक लागे खाना खानू, तिर्खा लागे पानी पिउनू, नौ बाजेको दर्शन गर्न जानू, सात बज्यैको दर्शन गर्न जानू भनी फलाक्छन्। त्यसपछि एक माना बराबर चामलको भातको एक डल्लो र आधा माना बराबर चामलको भातको अर्को डल्लो गरी दुवै डल्लाहरू ज्वाइँले बोक्ने र छोरोले प्रत्येक घरमा बाँड्ने काम गर्नुपर्छ। त्यसपछि अग्लो डाँडामा गई दुई जना साठी वर्ष नाघेका व्यक्तिहरूमध्ये एक जनाले भातको डल्लो र अर्कोले जाँडको पुङ्गो हातमा लिई दुवैले चारै दिशातर्फ फर्केर एउटै स्वरमा हे पृथ्वीका देवता ! हे पूर्वका देवता ! हे दक्षिणका देवता ! हे पश्चिमका देवता ! हे उत्तरका देवता ! यो फलानो मृतकको नाममा दिएको पिण्ड हो, फलानाको आत्मालाई कसैले पनि यहाँ समातिराख्न नदिनू, यो नरकलोक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हो, भूतप्रेत कसैको पनि कुरा नसुन्नू, पूर्वकालमा आफ्ना सन्तानहरू जहाँबाट आए अब फेरि त्यही ठाउँमा पुऱ्याइदिनू भनेर हातमा लिएको भातको डल्लो र जाँडको पुङ्गो त्यहीँ फाल्छन् (पूर्ववत्, पृ. १००) । त्यसपछि छोराहरू र ज्वाइँहरूले लासलाई पालैपालोसँग बोकी चिहानडाँडामा पुऱ्याउँछन् । लासलाई चिहानडाँडामा पुऱ्याउनुअघि दोबाटोमा पुगेपछि मृतकका दिदीबहिनी, फुपू आदि कुटुम्वहरूले पैसा उठाएर मृतकको आत्मालाई राम्रोसँग स्वर्ग पुऱ्याइदिनुहोस् भनी पुरोहित(क्याप्रे) लाई सो पैसा चढाउँछन् । लास लैजाँदा सबभन्दा अगाडि मादल बजाउने मान्छे त्यसपछि भेडा वा बाखा डोऱ्याउने मान्छे, त्यसपछि महिलाहरू, त्यसपछि लास वोक्नेहरू अनि मलामीहरू जान्छन् । लासलाई चिहानडाँडामा पुऱ्याएपछि एकातिर लास जलाइन्छ भने अर्कातिर भेडा वा बाखालाई काटी मलामीलाई मासुभात खुवाइन्छ । मृतकका छोराछोरीबाहेक अन्य सबैले सो मासुभात खान्छन् । लासको दाहसंस्कार गरेर घर आएपछि मृतकको आत्मालाई वोलाई यमराजबाट छुटाउने विधि गरिन्छ । यसअन्तर्गत ढोकामा कालो पर्दा झुन्ड्याई त्यसमा प्वाल पारिन्छ र फुल पारिसकेको पोथी कुखुराको देब्रे खुट्टामा डोरीले बाँधी दायाँ आँखा घरभित्र र बायाँ आँखा घरवाहिर पर्ने गरी त्यसलाई झुन्ड्याइन्छ । ज्वाइँहरूमध्ये दुई जना ढोकामा बस्छन् । यता पुरोहित क्येप्रे मृतकको आत्मा लिन भनी कास्की जिल्लाअन्तर्गत पर्ने मादीखोलाको शिरमा जान्छन् । सो ठाउँलाई तमुजातिले यमराजको स्थान मानेका छन् । त्यहाँ पुगेपछि क्येप्रेले आफ्नो पे(तन्त्रमन्त्रयुक्त अलिखित मौखिक शास्त्र)द्वारा मृतकको आत्मालाई आफ्नो गाउँ फर्कन अनुरोध गर्छन् । यता ढोकामा झुन्ड्याई राखेको कुखुरो हल्लेपछि मृतकको आत्मा आयो भन्ने मानिन्छ र क्येप्रेले मन्त्रोच्चारण गर्दै यमराजलाई ठीक पार्ने भनी उल्टो काँडाले छोपी रातो माटोले पुर्छन् । यो कार्य सकिएपछि क्येप्रेले स्योधार पेको कथा सुनाउँछन् । यो कथाको सार गरुडपुराणसँग मिल्दोजुल्दो देखिन्छ । स्योधार पेको कथा सिद्धिएपछि जुठो चोख्याउने काम हुन्छ । यो काम मावलीतर्फका व्यक्तिहरूले गर्छन् । जुठो चोख्याउँदा पहिले रातो टीका लगाइन्छ । तमुजातिमा रातोलाई अशुभको प्रतीक मानिन्छ त्यसैले पहिले रातो टीका लगाउनुको अर्थ नराम्रो भयो भन्ने जनाउनु हो । त्यसपछि सेतो टीका लगाइन्छ । त्यसले अव चोखियो भनेर राम्रोको सङ्केत दिन्छ ।

३.५.३. तमुजातिका पूजाआजा

तमुजातिमा रिखुसी रिपावा, क्यासीलवा सोर्क्यावा, दोबाडे लवा आदि पूजाहरू प्रचलित छन् । घरमा कुनै अशुभ कुराको प्रवेश भएको छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भने त्यसलाई तन्त्रमन्त्रका माध्यमवाट भगाउनका लागि धामीझाँक्रीको सहयोगमा गरिने पूजालाई रिखुसी रिपावा भनिन्छ। गाउँघरमा लाग्ने शत्रुलाई तन्त्रमन्त्रका माध्यमवाट भगाई अन्य स्थानका शुभ लक्षणहरू आफ्नो गाउँमा प्रवेश गराउने हेतुले सम्पादन गरिने तान्त्रिक पूजालाई क्यासीलवा सोर्क्यावा भनिन्छ (पूर्ववत्, पृ. ११४)।

तमुजातिको जातीय संस्कारमाथि दृष्टि दिंदा के देखिन्छ भने यस जातिको संस्कारमा धामीझाँक्री परम्परामा आधारित वोनधर्मको प्रभाव देखिन्छ। यस जातिमा जातीय संस्कार सम्पादन गर्नका लागि क्येप्रे, पच्यु र वोनधर्म मान्ने लामाको भूमिका देखिन्छ। यिनीहरूको जातीय संस्कार सम्पादन गर्ने तन्त्रमन्त्रहरू अलिखित नै छन्। क्येप्रे तथा झाँक्रीहरूले वनझाँक्रीवाट तन्त्रमन्त्र सिकेका हुन् भन्ने यिनीहरूको विश्वास छ। यिनीहरू वोक्सी, वोक्सा, मृतकको आत्मा, वनशिकारी, भूतप्रेत आदि छन् भन्ने कुरामा विश्वास राख्दछन् र तिनीहरूवाट छुटकारा पाउने उपायस्वरूप मन्त्रतन्त्रहरू धामीझाँक्रीमा हुन्छ भन्ने कुरामा पनि विश्वास गर्दछन्।

३.६. तामाङजातिका संस्कार तथा चाडपर्वहरू

३.६.१. जन्मसंस्कार

तामाङजातिमा सामान्यतया वच्चा जन्मेको तीन दिनमा नामकरण गरिन्छ। यसवाहेक पाँच, छ, सात र एघार दिन पारेर पनि गर्ने चलन छ। तामाङजातिमा लामा, वोम्वो र चोहो (मुखिया) मध्ये कुनै एक मार्फत वा परिवारको मागअनुसार तीनै जनावाट पालैपालो कर्मकाण्ड गराई नामकरण गर्न सकिन्छ।

तीन दिनमा वोम्वोद्वारा नामकरण गरिने भएमा पहिलो दिन वच्चा जन्मेको जानकारी दाजुभाइ, घरपरिवार र मावलीलाई दिइन्छ। दोस्रो दिन वोम्वोलाई नवजात शिशु जन्मेको घरमा वोलाइन्छ। वोम्वो बेलुकापख नवजात शिशुको घरमा आउँछन्। नामकरणका लागि आवश्यक पर्ने सामानहरूको व्यवस्था गरेपछि वोम्वोले पँधेरा वा खोलामा गएर नुवाइधुवाइ गरी कलशमा चोखो पानी भरेर ल्याउँछन्। सो कलशलाई चामलमाथि र कुलदेवतालाई भातको तोर्मो राखेको थालमाथि राखेर त्यसको नजिकै धूप वालिन्छ।

वोम्वोले सर्वप्रथम गाउँका देवीदेवता र सीमेभूमेलाई सो कलशको जल अर्पण गर्दछन् र धूप वाल्दछन्। जल र धूप चढाएपछि वोम्वोले फलानाको घरमा यो दिन यो साइतमा फलानो शिशु जन्मेको छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ने कुरा गाउँघर खोलानाला, गुम्बा, मन्दिर, देवीदेवतालाई सुनाउँदै फलाक्न थाल्दछन्। आफ्ना पुर्खाहरू त्यस अमुक ठाउँमा आउँदासम्मको बाटोघाटो, बसोवास गरेको ठाउँ, गुम्बा, मन्दिर, गुरु रिम्पोछे आदिलाई सम्झँदै विस्तारपूर्वक खबर गर्दछन्। नवजात शिशु चम्किलो छ, कुलको इज्जत राख्न सक्छ, उसलाई लामो आयु चाहिएको छ, बच्चा जन्मेको परिवारलाई समुन्नति चाहिएको छ, नवजात शिशुलाई आशीर्वाद दिन आउनुहोला भनेर इष्टदेवता, पुर्खा एवं गुरु रिम्पोछे सबैलाई सो कलशमा आवाहन गर्दछन् (खत्री (सं.), वि.सं. २०७०, पृ. १०२–१०३)। त्यसपछि सो कलश र पूजाका सबै सामग्रीलाई घरबाहिर चोखो ठाउँमा राखिन्छ।

तेस्रो दिन सुत्केरीलाई विहान सवेरै नुहाइधुवाइ गर्न लगाइन्छ। सुत्केरी पँधेरोबाट फर्केपछि बोम्बोले सोङसिङ (धूप, घिउ र पीठो) को धूप बाल्दछन्। त्यसपछि आगाको कोइलामाथि तीतेपाती र दर्शनढुङ्गा राखेर त्यसको बाफले शिशुलाई सेकाउने र अघिल्लो दिन पुर्खा, कुलदेवता र गुरु रिम्पोछेलाई आवाहन गरिएको कलशको पवित्र जलले नुहाइदिने तथा घरपरिवार एवं निम्तालु सबैलाई सो जल खान दिने वा सो जलले अभिषेक गर्दछन्। तामाङजातिको विश्वासअनुसार शिशु जन्मेको तीन दिनपछि मात्र वाबुको कुलमा उसको प्रवेश हुन्छ। तामाङजातिको विश्वासअनुसार शिशुलाई डाहा, नजर, वायु, भूतप्रेतबाट बचाउन बोम्बो वा लम्बूद्वारा शिशुको घाँटीमा बुटी, नाडी र गोडामा कालो धागो बाँध्न लगाइन्छ (पूर्ववत्, पृ. १०३)।

३.६.२. अन्नप्राशनसंस्कार

तामाङजातिमा नामकरणपछिको दोस्रो संस्कार अन्नप्राशन हो। छोरीलाई पाँच महिनामा र छोरालाई छ महिनामा अन्नप्राशन गराइन्छ। अन्नप्राशनको दिन, वार र समयको निर्धारण लामाले गर्दछन्। लामाले निर्धारण गरेको दिन र साइतमा परिवारका गण्यमान्य वृद्ध व्यक्तिबाट अन्नप्राशनको शुभारम्भ गरिन्छ। तामाङहरू जेठो छोरो वा छोरीको अन्नप्राशन पाए मैनाको चुच्चाले नपाए सुनचाँदीको पैसा वा चम्चाले गराउँछन्।

३.६.३. छेवरसंस्कार

छेवर भनेको पहिलोचोटि औपचारिक रूपमा कपाल काट्नु हो। यो संस्कार छोराको मात्र हुन्छ। साधारणतया बालकको उमेर सात वा नौ वर्षको हुँदा छेवरसंस्कार सम्पन्न गरिन्छ। तामाङजातिको छेवरसंस्कारमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छेवर गरिने बालकको मामाको सबैभन्दा ठूलो भूमिका हुन्छ। मामाको अनुपस्थितिमा छेवर हुन सक्तैन त्यसैले छेवर गर्ने महिना तोकेर उक्त समाचारका साथमा चिउरा, रोटी, रक्सी र कुखुराको कोसेली मामाहरूकहाँ पठाउने चलन छ। यस्तो कोसेली प्रत्येक मामालाई दिनुपर्छ। यो छेवरको पूर्वसूचना हो। लामाले पुनः तिब्बती पात्रोअनुसार साइत निकालेपछि मामाहरूलाई छेवरको दिन र समय जानकारी दिन अर्को कोसेली पठाइन्छ जसमा तीन पाथी चिउरा, दुईतीन सय रोटी, तीन पाथीजति रक्सी र एक टपरी कुखुराको मासु हुन्छ। छेवरमा लामा, बोम्वो र धामीको भूमिका महत्त्वपूर्ण हुन्छ। छेवर गर्ने साइत निस्केको एक दिनअघि लामाले बालकका घरमा विहानै आएर धूपधुमार गर्दछन्। बेलुका बोम्बोलाई डाकिन्छ। बोम्बो भूतप्रेत भगाउन रातभरि चिन्ता बस्छन्। वोम्वोले ढ्याङ्ग्रो बजाउने र नाच्ने क्रियाले बालक र आमामा लामो आयु, शक्ति र सम्पन्नता आउँछ भन्ने मानिन्छ (पूर्ववत्, पृ. १०५)।

छेवरका लागि आवश्यक सामान लिएर मामाहरू आएपछि छेवरको तयारी सुरु गरिन्छ। दहीमा चामल मुछेर टीका बनाइन्छ। पातको ठूलो टपरीको बीचमा चामल र त्यसमाथि दियो बालिन्छ। बलेको दियोको छेउमा रोटी, बावरी र मासुको परिकार, टीकाको थाली वा टपरी राखिन्छ। सगुनको रूपमा जाँड र रक्सीका पोङहरू पनि राखिन्छन्। कपाल काट्नुभन्दा पहिले बालकलाई मुखमा दूबो समाउन दिएर बाबियोको दाम्लोले घाँटीमा बाँध्ने चलन छ। त्यसपछि भान्जाको कपाल काटिदिनुहोस् भनेर उक्त घरका ज्वाइँ वा भिनाजुले फेरि मामालाई कोसेली राख्दछन्। मामाहरू धेरै रहेछन् भने जुन मामाको हातबाट कपाल काट्न जुरेको हुन्छ उनैको हातबाट मात्र कपाल काट्ने काम हुन्छ। मामाले काटेको कपाललाई भुइँमा खस्न दिइँदैन। काटेको कपाल भुइँमा नखसोस् भनेर दिदीबहिनीहरू नयाँ रुमालले छोपिएको किस्ती लिएर बस्छन्। कपाल काटिसकेपछि मामाले भान्जालाई अन्डा, माछा र दूधको सुगन खुवाउँछन् र नयाँ कपडा, नयाँ टोपी र टोपीमाथि सेतो फेटा बाँधिदिन्छन् अनि सेतो टीका लगाइदिन्छन् र आफ्नो गच्छेअनुसारको उपहार दिन्छन्। सबैबाट टीका र आशीर्वाद लिएपछि बालकले सबै मान्यजनलाई ढोग्छ। त्यसपछि खानपिन सुरु हुन्छ। सात दिनपछि पुनः भान्जाको कपाल काटी टुपी राख्ने काम गरिन्छ। दोस्रो पटक कपाल काट्नका लागि पनि मामालाई पुनः कोसेली राख्नुपर्छ। पहिले कैंची लगाएर काटेको कपाल अब मामाले छुराले खौरन्छन्। यसरी छेवरसंस्कार सम्पन्न हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छोराको छेवर गरेजस्तै छोरीलाई पनि घाँघर, गुन्युचोलो दिने चलन छ। यो पनि छोराको जस्तै सात अथवा नौ वर्ष पारी बिजोर वर्षमा दिइन्छ। घाँघर दिनका लागि पनि लामालाई साइत हेराउने गर्दछन्। लामाले तिब्बती पात्रो हेरेर निकालेको साइतमा घाँघर दिने कार्य गरिन्छ।

३.६.४. विवाहसंस्कार

तामाङजातिमा केटाको उमेर विवाहयोग्य भएपछि केटाको बाबु ताम्बाको सहयोग लिएर सुहाउँदो वधूको खोजीमा लाग्दछन्। ताम्बालाई तामाङजातिमा प्रचलित प्राचीन रीतिरिवाज र वंशावलीसम्बन्धी जानकारी हुने भएकाले उनले केटो र केटीको थर र कुलदेवता हेरी उनीहरूका बीच वैवाहिक सम्बन्ध गाँस्नु तामाङसंस्कृतिअनुकूल हुने ठहर गरेपछि लामाले केटाकेटीको ग्रह आदि जुर्ने नजुर्ने हेर्छन् र उनले यो विवाह जुर्छ भन्ने निर्णय दिएपछि केटापक्षबाट केटाको बाबु र ताम्बा मगनीका लागि पोङ लिएर केटीको घरमा जान्छन्। पोङमा एउटा सिङ्गै कुखुरो वा कुखुराको भुटुवा मासु र एक पोङ रक्सी लगिन्छ। केटी दिन मन्जुर भएमा केटापक्षले ल्याएको पोङ केटीका मामा तथा काकाहरूको उपस्थितिमा पोङको मुखमा नौनीले अड्याएको टोटलाको फूलले पोङलाई तीनचोटि छयोत (देवता तथा कुललाई चढाउने पर्साउने काम) गरेर केटीपक्षले पोङ समाउँछन्। पोङ समाएपछि केटी दिने पक्का भएको मानिन्छ। त्यसपछि लामाबाट बिहेको साइत जुराई दोस्रो पोङ लिएर केटाको बाबु र ताम्बा पुनः केटीको घरमा जान्छन्। उक्त पोङमा एक डालो रोटी, कुखुराको भाले र दुईतीन पाथी रक्सीको कोसेली लगिन्छ। विवाहका लागि जन्ती प्रस्थान गर्नुभन्दा अगाडि वरलाई सुकुलमथि राडी वा गलैंचामा बसाइन्छ। वरको अगाडि थालमा अक्षता, टीका र दियो बालेर राखिन्छ। त्यहीँ कलश र धूप एवं सगुनका रूपमा टोटलाको फूल सिउरेर पोङ राखिएको हुन्छ। विवाह सुरु गर्नका लागि केटाका बाबुले ताम्बासमक्ष कोसेली राखेर अनुरोध गर्दछन्। सो कोसेली देवीदेवता, कुलदेवतालाई चढाएपछि ताम्बाले विवाह सुरु गर्दछन्। सर्वप्रथम ताम्बाले गान्वा, गान्सोम, लामा, लाब्तेबा, मुल्मी, चोहो, डाप्ता, गौराई आदि वृद्ध तथा मान्यजनहरूको उपस्थितिमा विवाह सफलतापूर्वक सम्पन्न होस् भनी सम्पूर्ण लोक, पूर्व, पश्चिम, उत्तर, दक्षिण चारै दिशाका देवीदेवतालाई प्रार्थना गरी सबै देवीदेवतालाई धूपधुमार गर्ने र जल चढाउने कार्य गर्दछन्। त्यसपछि वरलाई सिँगार्छन् अनि मामाले वरलाई सेतो फेटा बाँधिदिन्छन्। त्यसपछि पुनः ताम्बाले वरलाई दीर्घायुको आशीर्वाद दिनुहोस् भनी सबै देवीदेवतालाई प्रार्थना गर्दछन्। त्यसपछि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वरलाई टीका लगाइदिने र आशीर्वाद दिने काम सुरु हुन्छ। यति गरेपछि दुलही लिन जन्ती प्रस्थान गर्छ। केटीको घरमा जन्ती पुग्नुभन्दा पहिले जन्ती आइपुगेको जानकारी दिन केही व्यक्तिहरू सगुन लिएर केटीको घरमा पुगेपछि उनीहरूको स्वागतसत्कार गरिन्छ। दुलाहालाई पहेँलो रङको कपडाले मोडेको काठको पिर्कामाथि उभ्याएर पवित्र जलले परिक्रमा गरेपछि जन्ती पर्साउने काम गरिन्छ र सबैलाई सगुनका रूपमा रोटी, अचार र रक्सी दिइन्छ अनि वर तथा जन्ती सबैलाई भोजभेतरमा लगिन्छ। भोजभतेर समाप्त भएपछि केटापक्षले केटीपक्षलाई विवाहको पोङ बुझाउने काम सुरु हुन्छ। पोङ बुझाएपछि दुलाहाले दिएको गरगहना र कपडाले दुलहीलाई सिँगारेर ल्याई ताम्वाले चारदामको मेलो थाल्दछन्। ताम्वाले तीनवटा सगुनका पोङहरू वर, वधू र वरको बाबुलाई समाउन लगाउँछन्। ताम्वाले पनि एउटा सगुनको पोङ समाउँछन्। सगुनको पोङको मुखमा टोटलाको फूलको सातवटा केस्रा ठाडो पारेर राखिएको हुन्छ। त्यसपछि केटाकेटीलाई वज्र समाउन लगाइन्छ। आआफ्नो वज्रको पूजापछि वज्र साटिन्छ र पुनः ताम्वाताम सुरु हुन्छ।

ताम्बातामना पहिले देवीदेवता र कुलदेवतालाई धूपधुमार गर्ने काम हुन्छ। त्यसपछि चारदाम साइमुन्द्रीको काम हुन्छ। चारदाम साइमुन्द्री नै तामाङजातिमा विवाहको सबैभन्दा महत्त्वपूर्ण पक्ष हो। चारदाम गर्दा भाले तथा पोथी कुखुराको बेग्लाबेग्लै पकाएको कलेजो, मुटु, एकएक माना चामल, टीकाको सरजाम, रक्सीको पोङ र मोहोर बेग्लाबेग्लै थालमा राखेर वर र वधूका बाबुलाई दिइन्छ। त्यस्तै माइतीडालो प्रत्येक माइतीको गन्तीअनुसार मूल कोसेलीकै वरिपरि राखिन्छ। चारदामका लागि ल्याएको चारदामको रोटी, रक्सी, मासु, अचार उपस्थित गान्वा, ताम्बा, लामा, लोवेन, चोहो, खाइबा, मुल्मी आदिलाई बाँडिन्छ अनि वर तथा वधू दुवैका बावुले आआफ्नो कुलदेवतालाई धूपधुमार गर्छन् र नैवेद्यका रूपमा फलफूल र पक्वान्न चढाउँछन्। त्यसपछि वाग्दान गर्ने काम हुन्छ। वाग्दान गर्दा केटीका बावु वा माइतीले बोल्नुपर्दछ। बाबु वा माइतीले वाग्दान गर्दा "पुर्ख्यौली जान्ने ताम्वा, दोत्पा, ङात्पा, गान्वाहरूले बनाएको र कुलले चलाई आएको रीतिरिवाजअनुसार फलानाको फलानो नाम गरेकी छोरीचेली आफ्नी कुलकी रुई (हाड) हामी माइतीको पासमा राखी दियौँ" भनेर तीनचोटि भनेपछि सगुन देवीदेवता र कुललाई चढाउँछन्। त्यसपछि यो "आकाशपाताल मर्त्यस्वर्ग चारै दिशाको ईश्वरले थाहा पाए। हिमालको डाँफे, मुनाल, तराईको मयूर, आकाशको पन्छी, पानीको माछा, लङ्का, बर्मा, वङ्गाल, पेसेवार, बेतिया, कामरूप आदिका चोहो, ताम्वा, गान्वा, लामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सबैलाई थाहा भयो ?" भनेर सोधिन्छ। उपस्थित सबै भद्रभलाद्मी र सज्जन महिलाहरूले "थाहा भयो" भनेर तीनपटक दोहोऱ्याउँछन्। त्यसपछि वर र वधूका बाबुले अगाडि राखेको पोङ तीनचोटि साटासाट गर्छन् र सगुन चार जनाले भुइँबाट उचालेर तीनपटक देवीदेवता र कुलदेवतालाई चढाउँछन्। यसरी चढाइएको रक्सी सर्वप्रथम वरवधूलाई खान दिई अरू उपस्थित सबैलाई वितरण गरिन्छ। त्यसपछि दुलाहादुलहीको लगनगाँठो जोड्ने काम हुन्छ। सो काम सकिएपछि ढोगभेट सुरु हुन्छ। भोलिपल्ट बिहान सम्धीभोज र दुलाहादुलहीलाई टीका, आशीर्वाद, उपहार दिने काम सकिएपछि ताम्बाले वेहुलावेहुली र केटाका बाबुआमालाई वाचावन्धन गराउने काम गर्दछन्। यस वाचाबन्धनमा दुलाहाले दुलहीलाई हेला नगर्ने, माया गरेर राख्ने, दुलहीले पनि त्यसै गर्ने अनि सासूससुराले पनि छोरीलाई जस्तै माया गरेर राख्ने कबोल गर्दछन्। उनीहरूको वाचावन्धनमा सबैले मन्जुरी दिएपछि ताम्बाले दुलाहादुलहीको टाउको एकअर्कासँग तीनचोटि ठोक्काउने, दुलाहाको जूठो दुलहीलाई ख्वाउने र ठाउँ साटेर बस्नुपर्ने नियमहरू पालना गराउँछन्। त्यसपछि दुलहीलाई घर भित्र्याउने काम हुन्छ। नौदश हातको सेतो कपडा ढोकाको भित्रबाहिर आधाआधा पर्ने गरी ओछ्याइएको हुन्छ। त्यस कपडामाथि सात ठाउँमा एकएक मुठी सद्बीज राखी त्यसमाथि दियो बालेर राखिन्छ। घरभित्र पस्दा दुलहीले ढोकाको दायाँबायाँ राखेको साइतको पानीको घडामध्ये एउटालाई काखीमा बोक्नुपर्छ र खुट्टाले बलेको बत्ती निभाउँदै घरको मूल ढोकाबाट भित्र पस्नुपर्छ। दुलही पसेपछि दुलाहा पनि सगुनको पोङ र धुपौरो बोकेर दुलहीको पछिपछि पस्दछ। दुलाहादुलही भित्र पसेपछि लोकन्तीले सँघारमा ओछ्याएको कपडा उठाउँछन्। त्यसपछि ताम्बाले विशेष गीत र कर्मकाण्डद्वारा दुलाहाको फेटा फुकाउने कार्य सम्पन्न गर्दछन्। फेटा फुकालेपछि मात्र डम्फु थन्क्याउने गीत गाइन्छ र डम्फु थन्क्याइन्छ। डम्फु थन्क्याएपछि औपचारिकरूपले विवाहको कार्य समाप्त हुन्छ।

३.६.५. मृत्युसंस्कार

तामाङजातिमा कसैको मृत्यु हुनासाथ दाजुभाइ, दिदीबहिनी, ज्वाइँ, भिनाजु, नातागोता र गाउँका सबैलाई त्यसको जानकारी दिइन्छ। मृत्युसंस्कारको पहिलो धार्मिक कार्यका रूपमा 'फ्वा' गर्नुपर्दछ। यो कार्य लामाबाट सम्पन्न गरिन्छ। सर्वप्रथम लासलाई पद्मासनको स्थितिमा राखिन्छ। त्यसपछि माइतीका निःसन्तान दिदीबहिनीले लासको मुख धोई सफा गरी लासलाई सिँगार्ने काम गर्दछन् र लासको टाउकोमा पञ्चबुद्धको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थाङ्का चित्र लगाइदिन्छन् । लासको अगाडिपट्टि घिउको एक सय आठ बत्ती बालिन्छ र दाल, भात, तरकारी आदि मृत व्यक्तिले जीवित अवस्थामा खाने सबै किसिमका भोजनहरू बनाएर राखिन्छ ।

अन्तिम संस्कारका लागि लामाले साइत निकाल्नुपर्दछ । साइत निस्केपछि लासलाई काठ वा बाँसको खटमा पद्मासनकै स्थितिमा बसाउँछन् । खटलाई रातो, पहेँलो, सेतो ध्वजा र अन्य वस्तुले सजाउँछन् । त्यसपछि मृतकको सन्तान भए सन्तानको काँध लगाएर बाँसको खट उठाउँछन् र शवयात्रा सुरु हुन्छ । शवयात्रामा सबभन्दा अघि सेतो, पहेँलो, रातो, हरियो, नीलो र कालो धर्जु बोक्ने, त्यसपछि बुर्की छर्दै हिँड्ने र ग्यालिङ, ढ्याङ्ग्रो, भ्याम्टा र शङ्ख बजाउने लामाहरू हुन्छन् । मृतक बोन्बो भएमा शवको अघि वा पछि बोन्बोहरू पनि ढ्याङ्ग्रो बजाएर नाच्दै हिँड्छन् । बोन्बोको शवलाई जलाइँदैन, गाडिन्छ । शवलाई जलाउने स्थानमा लामाहरूले चम्वा वा पीठोले वज्रयानी चिह्न पेमा (कमलको फूल) बनाउँछन् र त्यसमाथि चिता बनाउँछन् । साधारणतया काठ तेर्सो नपारी ठाडो काठको चिता बनाइन्छ । चिताको छेवैमा लामाहरूले पद्मासनमा बसेर धार्मिक ग्रन्थ पढ्छन् । धार्मिक विधिपूर्वक नै शवमा आगो दिने काम लामाले गर्दछन् । दाहसंस्कार समाप्त भएपछि मलामीहरू मृतकका घरमा फर्किन्छन् र त्यहाँ तयार पारिराखेको खाद्य र पेय पदार्थहरू ग्रहण गर्दछन् । मलामीलाई खुवाउने कार्य समाप्त भएपछि मृतकको पुतली बनाई बत्ती बालेर राख्ने विधि सुरु हुन्छ । तिब्बती विश्वासअनुसार मानिस मरेको उनान्चासौं दिनमा पुनः जन्मन्छ । यस्तो पुनर्जन्म मृतकको कर्ममा भर पर्दछ । शरीर र जीवनशक्तिको सम्बन्ध नभएपछि मृत्युपछि छायामात्र बाँकी रहन्छ । यो छायाको चेतना हुन्छ । यो छाया अर्को पुनर्जन्म नभएसम्म भौंतारिरहन्छ । त्यसैले लामाले मृतकको दाहसंस्कार गरेर फर्कनासाथ मृतकको अस्थिलाई तामाको पैसामा च्यापेर काँचो धागोले बेरी रुइवा(पुतली) बनाएर घरभित्र चोखो ठाउँमा बत्ती बालेर राख्दछन् । घेवा सम्पन्न नगरुन्जेल जीवित मानिसलाई जस्तै बिहानबेलुका चोखोनितो गरी खानापिनको सामग्री रुइवाको अगाडि राखिदिने चलन छ । लामाले भौंतारिने छायालाई एक ठाउँमा बसाउने, उसको अवस्थाको जानकारी दिने र पापबाट मुक्त गरी सांसारिक वस्तुप्रतिको आसक्ति हटाउने अथवा वार्दोको पुस्तक पढेर छायालाई पुनर्जन्मको बाटोमा जाने वा बुद्धलोकमा जाने निर्देश गर्दछन् । लामाको विधियुक्त प्रयासको अभावमा उचित पुनर्जन्म सम्भव हुँदैन, त्यसो भएमा छाया खराब प्रेतात्मामा बदलिन्छ भन्ने विश्वास यस जातिमा छ त्यसैले लामाहरू पापबाट वा सांसारिक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वस्तुप्रतिको आसक्तिबाट छायालाई अलग गरेर मुक्ति दिलाउन घेवा(श्राद्ध) गर्दछन् ।

३.६.६. घेवा (श्राद्ध)

साधारणतया मृतकको घेवा प्रत्येक सातसात दिनमा गरी अन्तिम घेवा उनान्चासौँ दिनमा सम्पन्न गरिन्छ । घेवाको आवश्यक तयारी भएपछि घेवा गर्ने ठाउँको वरिपरि भित्तामा थाङ्का चित्रहरू टाँगिन्छन् । बीचको भागमा तहतह परेको 'डजाङ' बनाइन्छ र त्यसमा तीन पाथी चामलको पाकेको भात मुछेर विभिन्न आकृतिका तोर्मा बनाएर राखिन्छ । त्यसको दायाँपट्टि घेवाको जिम्मा लिने मुख्य लामा, वयोवृद्ध लामा, साइनोअनुसारका लामाहरू क्रमबद्ध रूपमा पद्मासनमा बस्दछन् । त्यसपछि मृतकको परिवारका सदस्यहरूले उपस्थित लामा, गान्बा, उमजे, कटौके, लाइवा, छ्याङ्बा, छ्युमा तथा ज्वाइँहरूसमक्ष अलगअलग रक्सी भरिएका माटाका साना मटिया वा काठका ठेकी कोसेलीस्वरूप सम्मानपूर्वक दिएर घेवा प्रारम्भ गर्न अनुरोध गर्दछन् । सर्वप्रथम ताम्बाले घेवाको कर्मकाण्ड नसिद्धयाउन्जेलका लागि उत्तरदायित्व र कार्यहरू तोकिदिन्छन् । जसअनुसार कर्मकाण्ड सञ्चालन एवं निर्देशन दिने काम मूल लामाको हुन्छ । घेवा गर्ने स्थानमा अनुशासनहीन कार्यलाई निषेध गर्नु, झैझगडा भएमा रोकथाम गर्नु र तोकिएको काम कुनै सदस्यबाट सम्पन्न भएन भन्ने मुद्दा परेमा त्यसको छिनोफानो गर्नु गान्बाको काम हुन्छ । कर्मकाण्ड, पुर्ख्यौली रीति वा रीमठिम अधिपछि भएमा वा नपुगेमा, छोडिएमा वा ढिलाइ हुन गएमा मूल लामालाई विधिपूर्वक जनाउ दिने र स्वयं पनि तामाङपरम्परामा तोकिएका कर्मकाण्डहरू सम्पन्न गर्ने काम ताम्बाको हुन्छ । घेवास्थलभित्र वा बाहिरका कार्यकर्ता एवं आउनेजाने पाहुनाहरू कसैलाई विसन्चो भएमा झारफुक गर्नु बोन्बोको कर्तव्य मानिन्छ । त्यसैगरी अन्य व्यक्तिहरूलाई पनि कार्यभार तोकिएको हुन्छ ।

सबै पदाधिकारीहरूले आआफ्नो भाग पोङ ग्रहण गरेपछि घेवा सुरु हुन्छ । घेवाको थालनी ताम्बाबाट हुन्छ । ताम्बाले तामाङभाषामा "मृत्यु र जन्म हुनु ईश्वरको कृपा हो र यो अविरल चलिरहन्छ । यो हाम्रो इच्छा र बसको कुरो होइन, हामीहरू आज मृतकका घरमा भेला भएका छौँ । मान्यजन कुलकुटुम्बहरू पनि आउनु भएको छ । यहाँ सुनचाँदी दिन्छौँ भनी कबुल गर्न खोजिएको होइन । मृतकले शान्ति र बाँच्ने परिवारले दुःखलाई बिर्सन सकोस् भन्ने शुभकामना व्यक्त गरौँ भन्ने मात्र हो । मानिसको चोला सबै प्राणीमा सर्वश्रेष्ठ छ । यो फेरि पाइँदैन । यस्तो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मानिसको चोलाको अन्त्यमा केही नगरे मानिस पशुसरह हुन्छ। हिजोको शक्तिशाली रीतिस्थिति राख्ने, चलाउने मानिसहरू आज छैनन्। अतः आज यस अवस्थामा हामीले केही गर्नुपर्ने भएको छ र यस बेला हाम्रा सामु साङ्गे (बुद्ध) को प्रतीक लामा रिम्पोछे हामीमाझ नै हुनुहुन्छ। लामाले यहाँ चारै दिशाका ईश्वरहरूलाई स्थापना गर्नुभएको छ। हिजोको मानिस आज नभए पनि उसैको प्रतीक यो कागजको पुत्ला बनाइएको छ, धरतीले उचालेको आकाशले थिचेको जस्तो हुँदा मरेका मानिसलाई दिउँसै अँध्यारो भयो, अब कसो गरूँ भनेजस्तो भयो त्यसकारण हामीले बूढापाकालाई सोध्दा मर्ने मानिस गाईवाखा होइन, मनुष्यको अवतार हो, अघिका बूढापाकाले राख्नुभएको दस्तुर गर्नुपर्छ भनेको हुनाले लामालाई डाकेर हंस छुटाउने, सुद्धचाइँ गर्ने र मरेको ठाउँमा गरिने यज्ञ पनि अघि नै भइसकेको छ, तर त्यसो गरेर मात्र नहुने रहेछ, घेवा पनि गर्नुपर्ने रहेछ। ब्रह्माण्डको चित्र बनाई परमेश्वरको पूजा गर्न तयारी गरेका छौं, तेत्तीस कोटी देवता राखेका छौं, धार्मिक पुस्तक र लामाका बाजागाजा पनि छन्। उम्जे, कटौके, लामा र बुढ्यौली दस्तुर जान्ने गान्वा ताम्वाहरू पनि यहाँ वस्नुभएको छ। मरेको मानिसको मुक्तिका लागि प्रार्थना गरिदिनुहोस्" भनी लामाका अगाडि पोङ राखेपछि लामाले लामाबौद्धधर्मअनुसार गर्नुपर्ने कर्मकाण्डहरू सुरु गर्दछन् (खत्री, सं.), वि.सं. २०७०, पृ. १३२)।

तामाङजातिमा घेवाको एउटा महत्त्वपूर्ण अङ्ग मृतकलाई विदाइ गर्नु पनि हो। यो घेवाको अन्त्यतिर गरिन्छ। यो कार्य लामाले नगरी ताम्बावाट सम्पन्न हुन्छ। यसलाई ताम्बा काइरन पनि भनिन्छ। यो कार्य गर्दा मृतकको कपडाको पुत्ला बनाइन्छ। लोग्नेमान्छे मरेको भए लोग्नेमान्छेजस्तै र स्वास्नीमान्छे मरेको भए स्वास्नीमान्छेजस्तै पुत्ला बनाइन्छ र त्यसलाई तामाको भाँडोमा राखिन्छ। त्यसलाई घुर भनिन्छ। घुरको छेउमा एक हातमा तामाको माना लिएर ताम्बा बसेका हुन्छन्। त्यहाँ एकएक गरेर कुलकुटुम्बका सदस्य तथा इष्टमित्रहरू चामल तथा पैसा लिएर जान्छन् र ताम्बाको हातमा रहेको तामाको मानामा आफूले लगेको चामल र पैसा हाल्छन्। त्यसपछि ताम्वाले उपहार दिने नातेदारको नाम र मृतकसँगको उसको नाता बताएर अमुक व्यक्तिले तिमीलाई मर्त्यलोकवाट पुनर्जन्मका लागि हेपामे कहाँ जान अथवा बुद्धलोकमा जानका लागि वाटोखर्च दिएको छ, ग्रहण गर भन्ने वार्ता गर्दछन्। त्यसका साथै विवाहिता दिदीवहिनीहरूले पकाएर ल्याएको खानेकुराहरू पनि घुरलाई चढाइन्छ। ताम्बाले चढाइसकेपछि मृतक स्वास्नीमानिस रहिछे भने लोग्नेले उनको माइतीको हातमा घुर दिन्छ र माइतीले लामालाई बुझाएपछि मात्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

घुरको विर्सजन गरिन्छ। घुरको विसर्जनपछि मृतकको बाँच्दाको जीवनचर्यालाई गीतका माध्यमबाट प्रस्तुत गरिन्छ। यसमा ज्वाइँ र ताम्बाको ठूलो भूमिका हुन्छ। यसरी गीत गाएमा मृतकले जीवनमा गरेको पाप कट्टी हुन्छ भन्ने विश्वास गरिन्छ।

घेवाको अन्तिम महत्त्वपूर्ण कार्य हो मिनज्याङ पोल्नु। यसमा मृतकको नाम लेखिएको कागजको झन्डा बनाइन्छ र त्यसलाई तीनकुने ढिकुरोमाथि गाडिन्छ। त्यहाँ डोवाको दिन राखिएको रुइवालाई पनि राखिन्छ। यो झन्डा मृतकको परिवारले गान्वामार्फत ताम्वाको हातमा सुम्पन्छन् अनि ताम्वाले तामाङभाषामा ताम्बा काइरन पढेर लामाको हातमा पुतली दिएपछि पुतलीलाई लामाले धार्मिक विधिअनुरूप जलाउने काम गर्दछन्। लामाले हातमा आएको मिनज्याङलाई जलाएपछि घेवाको अन्त्य हुन्छ। यसरी तामाङजातिको विश्वासअनुसार घेवा भएको दिन वा उनान्चासौँ दिनको घेवाबाट मृतक स्वर्गलोकमा जान्छ अथवा पुनर्जन्म लिन्छ भने मानिन्छ।

तामाङजातिका संस्कारगत रीतिस्थिति र परम्परामा प्राचीन तिब्वती बोनधर्मको प्रभाव रहेको मानिन्छ। बोनधर्म तन्त्रमन्त्रमा आधारित धर्म हो। तामाङजातिका जातीय संस्कारमा प्रयोग हुने कर्मकाण्डका विधान र अनुष्ठानहरू बोनधर्मकै अवशेष हुन्। यस जातिका झाँक्रीहरू एकातिर आफूले प्राप्त गरेको तान्त्रिक ज्ञान महादेवबाट प्राप्त गरेको मान्दै महादेवलाई महागुरुको विशिष्ट आसनमा राख्दछन् भने अर्कातिर यिनीहरूका धार्मिक कृत्यहरू लामाबौद्ध धर्मअनुसार सम्पन्न हुन्छन् त्यसैले यस जातिमा शैवतन्त्र र बौद्धतन्त्रको मिश्रित प्रभाव देखिन्छ।

३.६.७. तामाङजातिका पूजाआजा

३.६.७.१. स्योङपूजा

तामाङहरू प्रत्येक वर्ष माघ फागुन महिनाभित्र आइतबार वा मङ्गलबारको दिन पारेर स्योङपूजा गर्दछन्। स्थानीय झाँक्रीद्वारा बिहान सबेरै गरिने यस पूजाका लागि प्रत्येक घरबाट पूजास्थलमा एउटा पोथी कुखुरा, त्यसको फुल, चामलको खट्टे, फलफूल, पन्चरङ्गी ध्वजा, काँचो धागो, टोटलाको फूलका साथै अन्य पूजा सामग्रीहरू जम्मा गरिन्छ। गाउँको न्यायिक कार्यसम्पादन गर्ने चोहोले पनि यस पूजाका लागि गाउँको प्रत्येक घरधुरीबाट पैसा उठाएर एउटा बाख्रोको पाठी किनेर लैजाने परम्परा रहेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्योङपूजा गर्दा गाउँमा खोलानाला भए त्यसको किनारमा नभए धारो, पँधेरो वा पानीको मूलमा गर्ने प्रचलन छ। पूजाको दिन पूजास्थलमा पुगी सर्वप्रथम झाँक्रीले स्योङदेवीको ढुङ्गाको मूर्ति सफा गर्दछन्। त्यसपछि पञ्चरङ्गी ध्वजा र टोटलाका फूलहरू सिन्कामा उनेर त्यसलाई ठड्याई देवीको मूर्तिलाई काँचो धागोले बेर्दछन्। त्यसपछि पूजामा सहभागी सदस्यहरूसँग पूजासामग्री लिएर झाँक्रीले पूजा आरम्भ गर्दछन् (तामाङ, वि.सं. २०५६, पृ. ५)।

झाँक्रीले सर्वप्रथम चोखो पानी, पूजा सामग्री, धुपौरो र अक्षता हातमा लिई मन्त्रहरू पढ्दै स्योङदेवीलाई आवाहन गरी 'यो पूजा फलानो घरबाट ल्याइएको हो स्वीकार गर' भन्दछन्। कुनै घरबाट देवीका लागि भाकल गरेर लगेको पोथी कुखुरा छ भने त्यसलाई पूजा गरी तीनचोटि पर्सेर देवीका लागि त्यसको बलि दिइन्छ। यो क्रम गाउँघरको प्रत्येक धुरीको पूजा नसकिएसम्म चल्दछ। त्यसपछि सामूहिक रूपमा गाउँको तर्फबाट ल्याएको बाखोको पाठीलाई झाँक्रीले पूजा गरी बलि दिन्छन्। बलि दिएको कुखुराको मुटु, कलेजोको सानो टुक्रा धुपौरोमा पोली नुन नहाली चढाइन्छ। त्यसपछि स्योङदेवीलाई बिदा गरिन्छ र बलि दिइएका सम्पूर्ण कुखुराहरूको मुटुकलेजो, कुखुराको फुल पकाएर पूजास्थलमा लगिएको खट्टे, फलफूल आदि झाँक्रीले सबैलाई बाँड्छन् र त्यसलाई प्रसादका रूपमा सबैले खान्छन्।

यसरी तामाङजातिमा सामूहिकरूपले स्योङदेवीको पूजा गरेमा देवी खुसी भई उब्जनी बढ्नुका साथै घरमा शान्ति, सुरक्षा, समृद्धि हुने र कुनै पनि प्रकारको प्राकृतिक प्रकोप र भय नहुने विश्वास गरिन्छ (पूर्ववत्, पृ. ६)।

३.६.७.२.सेरगेमपूजा

तामाङहरू प्रत्येक वर्ष फागुन पूर्णिमामा सेरगेमपूजा गर्दछन्। स्थानीय झाँक्रीद्वारा गरिने यस पूजाका लागि प्रत्येक घरबाट एकएकवटा भाले र पोथी कुखुरा, चामल, जाँड वा रक्सीको सगुन, फलफूल तथा पूजासामग्रीहरू जम्मा गरिन्छ। यो पूजा स्थानीय झाँक्रीकै घरमा गरिने भएकाले पूजासामग्रीहरू घरमूलीले झाँक्रीकै घरमा पुऱ्याइदिने चलन छ।

पूजाका दिन झाँक्रीले सर्वप्रथम आफ्नो घरको आँगनमा लिपपोत गरी पूजाका लागि स्थान बनाउँछन् र प्रत्येक घरबाट ल्याइएको चामलको भात पकाई सोल्माहरू बनाएर पूजास्थानमा राख्दछन्। बिहानैदेखि साँझसम्म चल्ने यस पूजामा झाँक्रीले ढ्याङ्ग्रो बजाउँदै मन्त्रहरू पढेर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्थानीय देवीदेवताहरूलाई बोलाउने गर्दछन् । पूजाआजाकै क्रममा झाँक्रीले प्रत्येक घरबाट ल्याइएका सामग्रीहरूले देवीदेवताको पूजा गरी कुखुराहरूको बलि दिन्छन् र त्यसको रगत सोल्माहरूमा चढाउँछन् (पूर्ववत्, पृ. ७)। त्यसपछि बलि दिइएका कुखुराहरूको मुटु, कलेजो नुन नहालिकन धुपौरोमा पोली एकएक टुक्रा सोल्माहरूमा चढाउँछन् र आवाहन गरिएका स्थानीय देवीदेवताहरूलाई झाँक्रीले बिदा गर्दछन्। त्यसपछि त्यहीँ पूजास्थलमा बसेर प्रसादका रूपमा कुखुराको मुटु, कलेजो र सोल्माहरू खाने प्रचलन छ।

यसरी झाँक्रीले सेरगेमपूजा गरेमा गाउँमा भूतप्रेत नलाग्ने, बोक्सी आदिले नछुने, रोगव्याधी हरण हुने र बालीनालीहरू पनि राम्ररी सप्रनुका साथै प्राकृतिक प्रकोपको भय नहुने विश्वास गरिन्छ।

३.६.७.३. गोठपूजा

तामाङहरू प्रत्येक वर्ष जेठ र मंसिरको पूर्णिमाका दिन गोठदेवताको पूजा गर्दछन्। गोठभित्र गरिने भएकाले यस पूजालाई गोठपूजा भनिएको हो। यसका लागि सुख्खा रोटी, एउटा सोल्मो, खट्टे, भटमास, गाईको दूध, कुखराको दुईवटा फुल, भाले र पोथी कुखुरा, काँचो धागो, पञ्चरङ्गी ध्वजा, टोटलाको फूल, तितेपाती, धूप, कलश आदि पूजा सामग्रीहरू चाहिन्छ।

तामाङजातिको आफ्नै थरविशेषको झाँक्री र घरमूलीद्वारा गरिने यस पूजाका लागि गोठमा पूजा गर्ने स्थान बनाइन्छ। झाँक्रीले पूजा गर्ने स्थानमा सफासुग्घर गरी लिपपोत गरेपछि त्यहाँ सल्लो वा पैयूँको पातसहितको एउटा हाँगो गाड्ने चलन छ। पूजास्थानमा झाँक्रीले नौ, अठार वा त्यसभन्दा बढी कोठाहरू भएको दुईवटा मण्डल बनाउँछन्। त्यसपछि एउटा मण्डलको बीचमा गोबरको गैडुदेवता(महादेव) बनाई त्यसको बीचमा कुखुराको फूल गाड्छन् भने कसैले चामलको पीठोले त्रिशूलका बुट्टाहरू पनि बनाउने गर्दछन्। त्यसपछि झाँक्रीले मन्त्रहरू उच्चारण गर्दै प्रत्येक कोठामा पूजासामग्री चढाएर धूपबत्ती गर्ने, फलफूलका साथै गाईको दूध चढाउने गर्दछन्। अर्को मण्डलका कोठाहरूमा पनि रोटी, पैसा, अक्षताका साथै सो मण्डलको बीचमा चामलको भातले बनाइएको एउटा ठूलो सोल्मा(देवीको मूर्ति) राख्ने गर्दछन्। कतै गोबरको थुप्रोमा सानो खाल्टो बनाई त्यसमा दूध राख्ने पनि गर्दछन्, यसले देवीको प्रतीकात्मक स्वरूपको बोध गराउँदछ। यस्ता सोल्मामा तीनपटक काँचो धागो बेर्ने वा पैसा, टोटलाको फूल, पञ्चरङ्गी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ध्वजाहरू सिन्कामा उनेर टाँस्ने गरिन्छ। त्यसपछि झाँक्रीले सोल्मा राखिएको सो मण्डलमा पूजा सुरु गर्दछन्। पूजाका सबै विधिहरू पहिलो मण्डलमा गरेजस्तै हुन्छ तर यसमा कुखुराहरूको बलि दिई त्यसको रगत सोल्मामा र गोठको ढोकामा पनि चढाइन्छ। त्यसपछि कुखुराको मुटुकलेजोका टुक्राहरू धुपौरोमा नुन नहाली पोलेर सोल्मामा चढाइन्छ। कतैकतै यस्ता मण्डलहरू चारवटासम्म पनि बनाएको पाइन्छ। कतै गोठको ढोकामाथि धनुष बनाई राख्ने पनि गरिन्छ भने कतै गोठको ढोकाको सँघारमा वारपार हुने गरी पैयूँको स्याउलासहितको हाँगा र काँचो धागो किला ठोकी टाँस्ने पनि गरिन्छ। पूजा सिद्धिएपछि कुखुराको मासु पकाएर सोल्मा, चिउरा, खट्टे, भटमाससँग मिलाई गोठभित्रै बसी प्रसादको रूपमा खाने प्रचलन छ (पूर्ववत्, पृ. ३४)।

३.६.७.४. असिना रोक्ने अनुष्ठान

तामाङहरू आफ्नो पाकेको अन्नमा असिना परेर नोक्सान नहोस् भनी वर्षको दुईपटक लामा पुरोहितद्वारा अनुष्ठान गर्न लगाउँछन्। यस्तो अनुष्ठान प्रायः लामाहरूले पहिलो पटक गहुँ पाक्ने बेलामा अर्थात् वैशाख महिनातिर र दोस्रो पटक धान पाक्ने बेलामा अर्थात् असोज महिनातिर गर्ने गर्दछन्। यसका लागि तामाङहरू असिना रोक्न सिपालु लामाकहाँ सगुन लिएर गई अनुष्ठानका लागि निमन्त्रणा गर्दछन्।

सामान्यतया गाउँमै लामा भएमा उनीहरूले पाकेको अन्न नभित्र्याएसम्म असिना नपरोस् भनी घरमै बसेर अनुष्ठान गर्दछन्। लामा अर्को गाउँबाट आउने भएमा यस अनुष्ठानका लागि गाउँमा आइपुगेका लामालाई सगुन राखी गाउँमा स्वागत गरिन्छ अनि गाउँको चोहो (मुखिया) वा गान्बाको घरमा लगेर राखिन्छ। सोही घरमा लामाले अनुष्ठानका लागि आसन बनाउँछन्। सोही आसनमा बसेर उनले साँझबिहान, दिनरात, बाईस दिनसम्म मन्त्र जप्ने काम गर्दछन्। यस्तो अनुष्ठान गरेपछि पाकेको अन्नमा असिना पर्दैन भन्ने विश्वास तामाङजातिमा रहेको छ (पूर्ववत्, पृ. ६५)।

लामाले अनुष्ठानको पहिलो दिन गाउँमा कोही नउठ्दै सबेरै पँधेरो वा खोलामा गई स्नान गरी चोखो पानी कलशमा लिएर आउँछन् अनि आसनमा बसेर बाँसको पङ्खामा असिना रोक्ने मन्त्रहरू लेखी अनुष्ठान सुरु गर्दछन्। लामाले सो पङ्खा गान्बाहरूको सहयोगमा गाउँको उच्च भागमा लगेर गाड्दछन्। पङ्खा गाड्ने क्रममा सर्वप्रथम भूमिपूजा गर्दछन् र सो पङ्खा उभ्याउँछन् अनि चारकिल्ला सीमा तोकी बाचा बाँध्छन्। यसरी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बाचा बाँधिएको इलाकामा असिना पर्दैन भन्ने विश्वास गरिन्छ। यसपछि लामाले प्रत्येक दिन पङ्खा गाडेको ठाउँमा पुगी एक हातमा हतियार लिएर पङ्खा वरिपरि घुम्दै आकाशतिर हेर्दै असिना नपरोस् भनी मन्त्रहरू उच्चारण गर्दै बादल काट्ने गर्दछन्। केही गरी लामा भएको बखत मन्त्रहरूले काम नगरी असिना पर्न लागिहाल्यो भने पङ्खा भएको ठाउँमा पुगी सर्वाङ्ग नाङ्गो भएर एक हातमा हतियार लिएर वरिपरि घुम्दै मन्त्रहरू फलाक्दै पुनः अनुष्ठान गर्ने गर्दछन्। यसो गरिएमा पछि पनि असिना रोकिन्छ भन्ने लामाहरूको विश्वास छ (पूर्ववत्, पृ. ६६)।

तामाङजातिमा झाँक्रीले सम्पादन गर्ने स्थानीय देवीदेवताको पूजाआजामा शैव, शाक्त तथा बौद्धतन्त्रको प्रभाव देखिन्छ भने असिना रोक्नेजस्ता अनुष्ठानहरू लामाद्वारा सम्पन्न गरिन्छ। असिना रोक्ने अनुष्ठान विशुद्ध आभिचारिक परम्परा हो भने स्थानीय देवीदेवताको पूजाआजामा अभिचार र भक्ति दुवैको सम्मिश्रण पाइन्छ।

३.७. धिमालजातिका संस्कार तथा चाडपर्वहरू

३.७.१. जन्मसंस्कार

धिमालजातिमा छोरी जन्मे तीन दिनमा र छोरो जन्मे चार दिनमा चोखिने चलन छ। नवजात शिशुको नाइटो झरेको दिन धामीले आएर बच्चाको नामकरण गर्दछन्। नामकरण गर्दा त्यस दिनको घटनाविशेष वा उक्त दिनलाई आधार बनाइन्छ। जस्तै कुनै परदेशी घरमा आएर बास बसेको रहेछ भने पर्देसिया, पानी परेको वा वर्षा भएको रहेछ भने बर्साती अथवा बारको हिसाबले रवि, अइतु, सोमइ, सुकु आदि राखिन्छ (दिवस, वि.सं. २०३५, पृ. १६)। छोरीको नामकरण पनि यसरी नै हुन्छ।

३.७.२. विवाहसंस्कार

मागीविवाहमा केटाकेटीको विवाह गर्ने कुरा अभिभावकले नै तय गर्दछन्। मागीविवाहमा सबभन्दा पहिले केटाका तर्फबाट लमीले दुई बोतल रक्सी, जाँड, दुई चार पाउ सिङ्गो सुपारी, सिङ्गो नरिवल आदि वस्तु लिएर केटीको घरमा बिहेको कुरा चलाउन जान्छन्। यसरी कुरा चलाउँदा केटीपक्षका मानिसले त्यो जाँडरक्सी स्वीकार गरे भने केटी दिने विचार गरे भन्ने बुझ्नुपर्दछ। यसरी दुवै पक्षको सहमति भएपछि कुनै हाटबजार, पानीघाट अथवा अन्य कुनै ठाउँमा केटीलाई झुक्याएर केटाले हातपात गर्दछ। त्यसै समयमा आफ्नो सहमति भए पनि केटीले खूब चिच्च्याएको अभिनय गर्दछे। यसरी हात हालेपछि केटाका सहयोगीहरू मिलेर केटीलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

केटाको घरमा लिएर जान्छन्। यस्तो प्रकारको मागीविवाहमा पनि चोरीविवाहको अभिनय गर्दा आफ्नै अनुकूल समयमा विवाह गर्न सकिन्छ। यदाकदा यस्तो विवाहमा दुई तीनजना छोराछोरी भइसकेपछि मात्र समाजको स्वीकृति लिन भोजभतेर गरिन्छ। धिमालजातिको सामाजिक व्यवस्थामा माझीको भूमिका हुन्छ भने धार्मिक वा पितृकार्यमा धामीको भूमिका हुन्छ।

३.७.३. मृत्युसंस्कार

धिमालजातिमा मृत्यु भएपछि मृतकलाई खोलाको किनारमा वा निश्चित चिहानमा गाडिन्छ। कतैकतै जलाउने पनि चलन छ। गाड्दा कुखुरा, चामल र रक्सी पनि चढाइन्छ। मृतक स्वास्नीमानिस भए तीन दिनमा र लोग्नेमान्छे भए चार दिनमा चोख्याउने काम गरिन्छ। जूठो चोख्याउने कामलाई उनीहरू कामपापी भन्दछन्। जन्मदेखि मृत्युसम्मका हरेक कार्यमा जाँड, रक्सी, मासु र भातको भोजभतेर अनिवार्य मानिन्छ। यस्ता सबै काममा पूजापक्षको जिम्मा धामीमा हुन्छ भने आयोजनपक्षको जिम्मा माझीमा हुन्छ। माझी र धामीविना धिमालको कुनै पनि कृत्य पूरा हुँदैन।

४.६.४. धिमालजातिका चाडपर्वहरू

धिमालहरूले मान्ने गरेका चाडपर्वमा सिरिताज अथवा असारेपूजा, नौवङ्गी र पार्वा मुख्य हुन्। सिरिताज जेठदेखि असारसम्ममा मनाइने भएकाले यसको नाम असारेपूजा पनि रहेको छ। यो पर्व प्रत्येक धिमाल गाउँमा मनाइन्छ। यसलाई मनाउन आफ्ना धिमाल गाउँका प्रत्येक घरबाट चन्दा उठाइन्छ र गाउँको निश्चित ठाउँमा अर्थात् महाराजको स्थानमा सामूहिक रूपमा पूजाको आयोजना गरिन्छ। यस्तो पूजामा पशुपक्षीको बलि दिइन्छ र जाँड, रक्सी पनि चढाइन्छ। असारेपूजा खेती गर्न सुरु गर्नुभन्दा पहिले गरिने पूजा हो त्यसैले यस पूजाको सम्वन्ध कृषिसँग प्रत्यक्ष रूपमा रहेको छ। सिरिताज वा असारेपूजाजस्तै अर्को पनि सामूहिक पूजा हुन्छ जसलाई नौवङ्गी भनिन्छ। नौवङ्गीमा पनि असारेपूजाको जस्तै रीति अपनाइन्छ। यी दुवै चाडमा मासु, भात, जाँड र रक्सीको खूब प्रयोग हुन्छ। असारेपूजा र नौवङ्गी धिमालका सामूहिक चाड हुन्। यस्ता चाड खुब उमङ्गका साथ मनाइन्छन्। धिमालहरूमा सामूहिक चाडबाहेक प्रत्येक घरमा मनाइने चाड पनि हुन्छन् जसलाई उनीहरू पार्वा भन्दछन्। उनीहरू पार्वा नामको चाड वर्षे बाली लगाइसकेपछि मनाउँछन् र यसमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पितृपूजाका साथै कृषिऔजारको पनि सरसफाइ गरेर पूजा गर्छन् । गाईवस्तु आदि पाल्तु पशुका गोठको सरसफाइ पनि यसै समयमा गरिन्छ । यस्तो पूजाआजामा सुँगुर र कुखुराको मासु खानु पहिलो प्राथमिकतामा पर्दछ भने खसीबोकाको मासु दोस्रो प्राथमिकतामा पर्दछ ।

यसप्रकार धिमालजातिका चाडपर्व र पूजाआजा कृषिसँग प्रत्यक्षरूपले गाँसिएका देखिन्छन् । कृषिसँग सम्बद्ध भएकाले कृषिउत्पादनमा वृद्धि ल्याउनका लागि प्रयोग गरिने जाँडरक्सीको प्रयोग यस जातिमा प्रचुर मात्रामा भएको देखिन्छ जुन तन्त्रवादको स्पष्ट सङ्केत हो ।

धिमालजातिको संस्कार तथा चाडपर्व गराउने जिम्मा धामीमा हुन्छ (पूर्ववत्, पृ. २०) । यिनीहरूको लिखित धार्मिक तथा तान्त्रिक कर्मकाण्डपद्धति छैनन् । धामीले आफूले श्रुतिपरम्पराबाट सिकेको तन्त्रमन्त्र र अनुभवकै आधारमा सम्पूर्ण कार्य सम्पन्न गराउँछन् । यिनीहरू पनि भूतप्रेत, बोक्सी, पिशाच, दुरात्मा आदिमा विश्वास गर्छन् र तिनको शान्तिका लागि धामीका माध्यमबाट तन्त्रमन्त्र र अभिचारात्मक कृत्य गराउँछन् । त्यसैले यिनीहरूको समाजमा पनि तन्त्रपरम्पराको गहिरो प्रभाव देखिन्छ ।

धिमालजातिमा कोही बिरामी भएमा ओझालाई बोलाएर झारफुक गर्ने तथा देवीदवतालाई मनाउने गर्दछन् । धिमालजातिमा धामी धार्मिक कार्यको प्रमुख हो भने ओझाचाहिँ औषधोपचारको प्रमुख व्यक्ति हो । उनीहरू आफूले तन्त्रमन्त्रको शिक्षा सपनामा पाएको बताउँछन् (पूर्ववत्, पृ. २०) ।

३.८. पर्वतीय ब्राह्मणजातिका संस्कार

३.८.१. जन्मसंस्कार

नवजात शिशुको नाभिबाट सालनाल छुट्याएपछि सूतक सुरु हुन्छ । सूतक लागेको बेलामा कुनै धार्मिक पूजाआजा गरिँदैन । बच्चा जन्मेको छैटौँ दिनमा भावीले बच्चाको भाग्य लेख्न आउँछ भन्ने विश्वासमा उक्त दिन राति बत्ती बालेर बच्चाको छेउमा कापीकलम राखिन्छ । बच्चा जन्मेको एघारौँ दिनमा उसको नामकरण गरेपछि सूतक लागेका सबैले अभिमन्त्रित पञ्चगव्य सेवन गर्छन् र सूतक चोखिन्छ । यो दिन सुत्केरीले स्नान गर्ने, आफ्नो कपडा र सुतेको ओछ्यान धुने र चोख्याउने गर्छिन् । गाईको गोबरले लिपेर पवित्र बनाएको ठाउँमा अग्निस्थापनापूर्वक विभिन्न देवीदेवताको आवाहन गरेर पूजा एवं हवन गरिन्छ । बच्चा जन्मेको ठीक समयका आधारमा उक्त दिनको नक्षत्र हेरी ज्योतिषीले नाम पत्ता लगाउँछन्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र सोही नाम बच्चाको बावुले बच्चाको कानमा उच्चारण गर्दछन्। पुरोहितद्वारा पीपलको पातमा केशरीले बच्चाको नाम लेख्ने गरिन्छ र पुरोहितले बच्चालाई बोकी अग्निको परिक्रमा गराई तीनचोटि हावामा उफारेपछि नामकरणको कार्य सम्पन्न हुन्छ। त्यसपछि नवजात शिशुलाई शिशुको आमा वा हजुरआमाले सलले ढाकेर घरदेखि बाहिर ल्याई बच्चाको खुट्टाले भुइँ छुवाइन्छ र सूर्यको दर्शन गर्न लगाइन्छ।

पर्वतीय ब्राह्मणजातिमा आफ्ना नवजात बालबालिकाको नाम राम, कृष्ण, शिव, दुर्गा, भगवती, राधा, गणेश, सूर्य, विष्णु आदि विभिन्न देवीदेवताका रूप र अवतारका आधारमा राख्ने प्रचलन छ। यी नामहरू शैव, शाक्त, वैष्णव, गाणपत्य आदि परम्परासँग सम्बद्ध देवीदेवताका नाममा आधारित छन्। त्यसैले यस जातिको नामकरणसंस्कारमा तत्तत् तन्त्रपरम्पराको प्रभाव स्पष्टरूपले रहेको देखिन्छ।

३.८.२. अन्नप्राशनसंस्कार

छोरी भए पाँच महिनामा र छोरो भए छ महिनामा पहिलो पटक भात खुवाइन्छ। ज्योतिषीले दिएको साइतमा अन्नप्राशनसंस्कार गरिन्छ। अन्नप्राशनका दिन बच्चालाई खीर वा सामान्य दालभात खुवाइन्छ। यस कार्यको सुरुवात परिवारको जेठो सदस्यले सुनको असर्फी वा सिक्काले खीर वा भात खुवाएर गर्दछन्। त्यसपछि क्रमशः मर्यादाक्रमअनुसार परिवारका अन्य सदस्यहरूले खुवाउँछन्।

३.८.३. व्रतबन्धसंस्कार

ब्राह्मणजातिमा छोराको व्रतबन्ध गरेपछि र छोरीको विवाह गरेपछि कर्म चल्दछ। व्रतबन्धपछि बालकले पवित्रता र अपवित्रता, जुठो तथा सूतक आदि पक्षलाई ख्याल गर्नुपर्छ। व्रतबन्धअगाडि भक्ष्याभक्ष्य, स्पृश्यास्पृश्यको दोष नलागे तापनि यो संस्कारपछि स्पृश्यास्पृश्य, जुठोचोखो, पवित्र, अपवित्र आदि पक्षलाई पूर्णरूपले ख्याल गर्नुपर्छ। यो संस्कारपछि वैदिक धर्मले निर्देशित गरेका नियमहरूमा बस्नुपर्ने हुन्छ। वैदिक धर्मका चार आश्रममध्ये ब्रह्मचर्याश्रम यसै संस्कारबाट सुरु हुन्छ। व्रतबन्ध गरेपछि कर्म चल्ने हुनाले बाबुआमाको किरियाकर्म गर्ने अधिकार प्राप्त हुन्छ।

व्रतबन्धको अघिल्लो दिन पूर्वाङ्ग गरिन्छ। यसअन्तर्गत भारबन्धन, गणेश बाट्ने काम, मातृकापूजा, आभ्युदयिक श्राद्ध गरिन्छ। मातृकापूजाअन्तर्गत षोडश मातृका, सप्तदश मातृका, दश मातृका र सप्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मातृकाको पूजा गरिन्छ। जन्मसंस्कार र मृत्युसंस्कारबाहेक अन्य सबै संस्कारमा पूर्वाङ्गलाई अनिवार्य मानिन्छ। पूर्वाङ्ग गरिसकेपछि कुनै जुठो, सूतक परे तापनि व्रतबन्ध रोकिँदैन।

पूर्वाङ्गका दिन दुईजना विवाहित महिलाले सिँगारेको मङ्गलकलश पूजा गर्ने र कसार बटार्ने काम गर्दछन् भने अविवाहित कन्याहरूले चोखो ठाउँबाट माटो खनेर ल्याउँछन्। सोही माटाले मण्डप बनाइन्छ। पूर्वाङ्गको दिन बेलुका दुम्सीको काँडा, सत्ताईसवटा कुशका टुक्रा, दुईवटा पित्तलका कचौरामा नौनी, दही, गाईको घिउ, रातो बाच्छीको गोबर, तीन टुक्रा पहेँलो कपडाभित्र तोरी, जौ, दूबो, श्रीखण्डको धुलो, दहीचामल र गोबर राखेर तीनवटा अलगअलग मुठा बनाइन्छ र ती मुठालाई बाबु वा पुराहितले वटुकको टाउकोमा बाँधिदिन्छन्।

व्रतबन्धको बिहान पुरोहितले मण्डपभित्र अग्निस्थापना गर्दछन्। त्यसपछि वटुकका बाबुले विभिन्न गोदानहरू गर्दछन् र ज्योतिषीले जुराएको साइतमा कपाल काटिन्छ। कपाल काट्ने कामको प्रारम्भ मामाले गर्दछन्। काटेको कपाललाई बहिनी वा दिदीले भुइँमा खस्न नदिई पित्तलको थालीमा राख्दछन् र पछि त्यसलाई पहेँलो कपडामा दही, चिउरा, सेलरोटीसँग मिसाएर बाँधेर राखिन्छ र नदीमा बगाइन्छ। त्यसपछि वटुकको शरीरमा बुकुवा दलेर ठूलो तामाको भाडामा राखेर नुहाइन्छ र व्रतबन्ध संस्कारको दोस्रो चरणमा गुरुले वटुकलाई जनै लगाइदिन्छन्। त्यसपछि शुभ मुहूर्तमा वटुकलाई गुरुले गायत्रीमन्त्र सुनाउँछन्। त्यसपछि भिक्षादानको कार्यक्रम हुन्छ। वटुकले मण्डपवरिपरि तीनचोटि घुमेर भिक्षा माग्दछ। सर्वप्रथम वटुककी आमाले भिक्षा दिन्छिन्। त्यसपछि क्रमशः फुपू र अन्यले भिक्षा दिने गर्दछन्। बाबुले भिक्षा दिने चलन छैन। यो समारोह सकिएको लगत्तैपछि गोदान तथा हवन गरेर विद्यार्थीजीवनको अन्त्य देखाइन्छ। चूडाकर्मका यी विविध कार्यपछि वटुकलाई नुहाउन लगाइन्छ। त्यसपछि नयाँ लुगा लगाउन दिने, सिँगारपटार गर्ने आदि काम गरिन्छ।

३.८.४. विवाहसंस्कार

ब्राह्मणजातिमा सगोत्री विवाह वर्जित छ। मागीविवाहको पहिलो प्रक्रिया टीकाटालो वा काम कुरो छिन्नेबाट सुरु हुन्छ। केटा र केटीपक्षका दुवै सहमत भएमा उचित दिनमा केटीका बाबुले केटालाई टीका लगाइदिएर मेरी छोरी आजदेखि हजुरको छोरालाई दिएँ भनेर औपचारिक घोषणा गरिन्छ। विवाहमा गरिने पूर्वाङ्गका विधिविधान व्रतवन्धका जस्तै हुन्छन्। पूर्वाङ्गको भोलिपल्ट जन्ती हिँड्ने दिन कुनै अनिष्ट नहोस् भनी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बेहुलाका घरमा नवग्रहको पूजा गरिन्छ। ग्रहशान्तिलगायतका सम्पूर्ण कामहरू सम्पन्न भइसकेपछि जन्तीको तयारी हुन्छ। बेहुला अन्माउँदा दिदीबहिनीले माला लगाइदिने र हातमा कुशको टुक्रा दिने चलन हुन्छ। त्यसपछि बेहुलाले मण्डपको तीनपटक परिक्रमासहित पूजा गर्दछ। आमाले सगुनस्वरूप दही खुवाएपछि बेहुला सवारीसाधनमा बस्छ। जन्तीको पङ्क्तिमा सबैभन्दा अगाडि दमाईं, त्यसपछि भार र कलश बोक्ने मान्छे, त्यसपछि बेहुला अनि जन्ती हुने गर्दछन्। जन्ती प्रस्थान गरेपछि बेहुलाको घरमा रत्यौली खेलिन्छ। पहिले पहिले दुई दिने विवाह हुन्थ्यो त्यसैले बेहुला अन्माएको रात बेहुलाको घरमा नाचगान हुन्थ्यो। रातमा खेलिने भएकाले यसलाई रत्यौली भनिएको हो तर हिजोआज दुई दिने बिहेको प्रचलन हराइसकेको छ तापनि रत्यौली खेल्ने प्रथाचाहिँ हराएको छैन। ब्राह्मणसमाजमा महिलालाई नाचगान गर्न अरू समय प्रायः निषेधजस्तै भए तापनि रत्यौलीमा भने पूर्ण स्वतन्त्रता हुन्छ। रत्यौलीको अर्को विशेषता के हो भने यसमा प्रयोग हुने गीतहरू प्रायः अश्लील, यौनभावना र क्रियाकलापसँग सम्बद्ध हुन्छन्। तमुजातिमा त अश्लील गीत र नृत्यको प्रदर्शन अनिवार्य हुन्छ जसको चर्चा माथि भइसकेको छ। ब्राह्मणजातिमा पनि त्यो प्रथा पाइन्छ।

बेहुलीको घरमा जन्ती पुग्नुभन्दा अगाडि वा दुईचार दिनअगाडि नै पत्र र अन्य खाद्यसामग्रीहरू बेहुलाको घरबाट पठाउनुपर्ने हुन्छ। पत्रमा जन्ती आउने समय, कन्यादानको शुभसाइत उल्लेख गरिएको हुन्छ। उक्त पत्रका साथ पठाइने सामग्रीमा दहीको ठेकी, केराको काइँयो, सेलरोटी, अनरसा, सौभाग्यका सामग्री आदि राख्ने परम्परा छ। उक्त पत्र र सामग्रीका साथमा एउटा सानो कपडा पनि राखिएको हुन्छ जसमा बेहुलाले केसरीको रङ्मा औँठाको छाप लगाएको हुन्छ। परिवारको पुरोहितले निर्देशन दिएअनुसार बेहुलीले पनि उक्त कपडामा आफ्नो औँठा- छाप लगाएर बेहुला र उसको जन्तीलाई स्वीकार गरिन्छ। त्यसपछि उक्त कपडालाई मातृकापूजा गरेको कोठामा लगेर राखिन्छ। त्यसपछि स्वयंवरको कार्य गरिन्छ। त्यसका लागि आवश्यक पूजाआजा गरेपछि वधूले वरका गलामा माला लगाइदिन्छिन् र वरवधूले परस्पर औँठी साटासाट गर्दछन्। यसरी स्वयंवरको काम सकिन्छ। जन्तीहरू द्वारमा आइपुगेपछि दुलहीपक्षले फूलअक्षताले जन्तीलाई पर्सन्छन्। त्यसपछि वरणीको काम हुन्छ। वरणीको सङ्कल्प गरेपछि बधूका मातापिताले सर्वप्रथम वरवधूका गोडा धुने र अरू नजिकका आफन्तले पनि गोडा धुने चलन छ। त्यसपछि कन्यादानको कार्य गरिन्छ। गरगहना तथा वस्त्रले सुसज्जित पारी मङ्गलगान गर्दै कन्यालाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साथीहरूले यज्ञमण्डपमा ल्याउँछन्। कन्यादान गर्नका लागि मातापिता कुशको आसनमा पश्चिमपट्टि र वरवधू पूर्वपट्टि फर्केर बसेका हुन्छन्। कन्यादानको सङ्कल्पका क्रममा दुलहीका बाबुले वरको दाहिने हातमाथि राखेर कन्याको दुवै बूढी औँला समाउँछन् भने दुलहीकी आमाले करुवाबाट निरन्तर जलधारा लगाउँछिन्। अन्त्यमा कुशपानी समाई गोदानसहित कन्यालाई वरको हातमा सुम्पिइन्छ। कन्यादानपछि विवाहको होम गरिन्छ। यस बीचमा सानातिना पूजाका कार्यक्रम भइरहेका हुन्छन्। अष्टपर्वतपूजा, सप्तर्षिपूजा, खाँडो जगाउने, वधूको सिउँदोमा सिन्दूर हाल्ने आदि कार्य चलिरहन्छ।

दुलही अन्माउन मातृकापूजा गरी बत्ती बालेका स्थानमा वरवधू दुवै गएर दीप, कलश र गणेशको पूजा गर्नुपर्छ। दुलहीलाई दुलाहाको जिम्मा लगाएपछि बाजा बजाउँदै जन्ती दुलाहाको घरतिर प्रस्थान गर्दछ। जन्तीसहित बेहुलाबेहुली बेहुलाको घरको आँगनमा आएपछि बेहुलाका दिदीबहिनीले आरती र करुवामा जल लिई बेहुलाबेहुलीको तीनपटक प्रदक्षिणा गर्दछन्। त्यसपछि उनीहरूले बेहुलाबेहुली गृहप्रवेश गर्न लाग्दा बाटो छेक्ने गर्दछन्। बेहुलाले दिदीबहिनीलाई यथाशक्य पैसा दिई वरवधू गृहप्रवेश गर्दछन्। गृहप्रवेश गर्दा एक पाथी दुई मुठी चामल वा धान बाटोमा सात थुप्रा पारी सोमाथि राखिएका बत्तीहरूमा कुल्चदै भित्रको कोठामा वधू प्रवेश गर्दछिन्। त्यसपछि पहिले पूजा गरिएको दीप, कलश, गणेश सबैमा सासूले बुहारीलाई पूजा गर्न सिकाउँछिन् अनि सासू र बुहारीको चुल्ठो जोड्ने काम गरिन्छ। त्यसपछि सासूले बाहिर बुहारीले भित्रतिर अघि थुपारिएका धानचामलका थुप्राहरू एकत्रित गर्दै एक थुप्रो बनाई सो थुप्रोमा धर्मगाँठोको जनैसुपारी द्रव्य राखी सासूबुहारीले तीनतीन पटक पाथी भर्ने गर्दछन्। यसपछि सासूले बुहारीको घुम्टो उचाली मुख हेरेर अरू नातेदारलाई पनि देखाउने गर्दछिन्।

ब्राह्मणजातिको विवाहसंस्कारमा केही लौकिक प्रचलनको प्रवेश भएको देखिन्छ। शास्त्रीय कर्म वैदिक मन्त्रोच्चारणपूर्वक गरिन्छ भने लौकिक कर्ममा मन्त्रको आवश्यकता पर्दैन त्यसैले अमन्त्रक गरिने कर्महरू लौकिक प्रचलन हुन् भन्दा फरक परोइन। उदाहरणका लागि सासूबुहारीले पाथी भर्ने काम अमन्त्रक गरिन्छ। यसका लागि वैदिक मन्त्रको व्यवस्था छैन तर यो प्रथा अनिवार्यजस्तै बनिसकेको छ। त्यसैगरी रत्यौली खेल्ने, यौनभावनाका गीत र नृत्यको प्रदर्शन गर्ने चलन पनि लौकिक हो। शास्त्रमा त्यस्तो कुनै निर्देश छैन। त्यसैले केही लोकविश्वास र लोकअनुकूलका धारणाजन्य प्रथाहरू ब्राह्मणजातिमा पनि पाइन्छन्। विवाह

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तथा व्रतबन्धमा अनिवार्यरूपले मातृकापूजा गरिन्छ। मातृकापूजा गर्नु तान्त्रिक मिश्राचारअन्तर्गत पर्दछ।

३.८.५. मृत्युसंस्कार

ब्राह्मणजातिमा कुनै व्यक्तिको मृत्यु भएको अठचालीस मिनेटसम्म शवलाई त्यसै छाडिन्छ। उक्त अवधिभित्र धनञ्जयवायु निस्किसक्छ भन्ने विश्वास गरिन्छ। त्यसपछि लासलाई घाट वा श्मशानमा लानका लागि बाँस वा डुम्रीको काठको खट बनाइन्छ। चारजनाले बोक्न मिल्ने गरी बनाइएको यस्तो खटमा ठाउँठाउँमा सेतो कपडाले बाँधिएको हुन्छ भने माथिबाट लासलाई पिताम्बरले ढाकिएको हुन्छ। मृतकको टाउकोलाई दक्षिणतिर फर्काएर एकोहोरो शङ्ख बजाउँदै घाटतिर लगिन्छ। यसरी घाटतिर लैजाँदा ठाउँठाउँमा पिण्डदान गर्दै जानुपर्छ। ब्राह्मणहरूको दाहसंस्कार नदी वा तलाउको किनारमा गरिन्छ। ब्राह्मणजातिमा लासलाई चितामाथि राख्नुअगाडि पवित्र बनाउन लासलाई नुहाइदिने चलन छ। एक माना चामल र केही पैसा सेतो कपडामा बाँधेर छातीमाथि राखिन्छ र मुखमा सानो सुनको टुक्रा पनि राखिन्छ। यदि पुरुष मरेको हो भने उसकी श्रीमतीले लगाउने चुरापोते पनि लाससँगै राखिन्छ। सोलामा चढाउनुअघि लासलाई देब्रे पारेर चिताको वरिपरि तीनपटक घुमाइन्छ। जेठो छोराले दागबत्ती दिन्छ। लास जलिसकेपछि चिताबाट सानो अस्थि निकालिन्छ जसलाई कसैले मृत्युसंस्कार सकिएपछि गङ्गामा लगेर सेलाउँछन् भने कसैले सोही श्मशानमा गाड्दछन्। त्यसपछि किरियापुत्रीहरूले सोही स्थानमा बसेर नपकाएको छवटा पिण्डदान गर्दछन्। कपाल खौरेपछि किरियापुत्रीहरूले नसिलाएको सेतो धोती र कछाड लगाएर घर फर्कन्छन्। घर फर्किनुअगाडि घाटमा घिउ राखेर सानो आगो बालिन्छ जसलाई काँडाले ढाकेर राखिन्छ। उक्त आगोलाई किरियापुत्रीलगायत मलामीले नाघेर जानुपर्छ। यसो गरेमा भूतपिशाच पछि लागेर आउँदैनन् भन्ने विश्वास गरिन्छ।

किरियापुत्रीहरू दाहसंस्कार गरेर फर्किएपछि गोबरले लिपेर पवित्र बनाएको कोठामा छिर्दछन्। किरियापुत्री बस्ने ठाउँलाई काँचो धागोले वरिपरि घेरेर अरू बस्ने ठाउँबाट छुट्याइन्छ। सो ठाउँलाई कोरा भनिन्छ। यही कोराभित्र किरियापुत्रीहरू दश दिनसम्म भुइँमा पराल ओछ्याएर त्यसमाथि राडी राखी कम्बल ओढेर सुत्ने गर्दछन्। क्षेत्रवास बस्ने कोठामा दक्षिणतिर फर्काएर सप्तधान्यमाथि दियो राखिन्छ जुन दश दिनसम्म बलिरहनुपर्दछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्षेत्रवासको व्रत सकिएपछि दोस्रो दिन नजिकको धारा, कुवा, नदी वा तलाउको नजिक ढिकुरो उठाइन्छ। उक्त ढिकुरोमा जेठो छोराले दश दिनसम्म हरेक दिनको प्रेतको नाममा पिण्ड र सिधा दिने गर्दछ। ढिकुरो माटो उठाएर बनाइन्छ जसलाई किरियापुत्री स्वयंले गोबरले लिपेर हरेक दिन चोखो बनाउँछन्। यही ढिकुरोमा हरेक दिन प्रेत खान आउँछ भन्ने विश्वास गरिन्छ। तेस्रो वा पाँचौँ दिनदेखि नवौँ दिनसम्म गरुडपुराणअन्तर्गत प्रेतकल्प सुन्ने चलन छ। गरुडपुराणका धेरैजसो विषयवस्तुहरू कुलार्णवतन्त्रसँग मेल खाने देखिन्छ। प्रेतकल्पको पन्ध्रौँ अध्यायको कुण्डलिनीयोग तान्त्रिक योगको मूल आधार हो भने यसमा गरिएको नरकहरूको वर्णन पनि तन्त्रसँग मेल खाने देखिन्छ। दसौँ दिनको पिण्डदानपछि किरियापुत्रीहरूले ढिकुरो फोर्दछन्। त्यसपछि कपाल खौरने, जनै फेर्ने, पञ्चगव्य सेवन गर्ने कार्य गर्दछन्। जुठो लाग्ने दाजुभाइहरूले पनि केश खौरेर, नयाँ जनै लगाउने र पञ्चगव्य खाने काम गर्छन्। त्यसपछि उनीहरूको नुन फुक्तछ।

एघारौँ दिनका दिन गरिने श्राद्धलाई एकादशाहिक श्राद्ध भनिन्छ। यस श्राद्धको मुख्य उद्देश्य प्रेतको रूपमा रहेको मृतात्मालाई पितृमा रूपान्तरण गर्नु हो। उक्त श्राद्धमा पितृलोकको यात्रा लामो र कठिन हुने विश्वास गरी दैनिक जीवन र बाटोको बन्दोबस्तीका सामग्री राखी शय्यादान गरिन्छ।

ब्राह्मणजातिमा मृत्यु भएको बाह्रौँ वा तेह्रौँ दिन शुद्धशान्ति गरिन्छ। कतिपय ब्राह्मणसमुदायमा बाहौँ दिन आइतबार वा बुधवार परेमा तेह्रौँ दिन शुद्धशान्ति गर्ने चलन छ। किरिया बस्दा यदि कुनै कार्य बिर्सिएको भए त्यसको प्रायश्चितस्वरूप प्रेतघडा दान गर्ने चलन छ। यसै दिन मृतकलाई उसका अरू पितृसँग जोड्न सपिण्डीश्राद्ध गरिन्छ।

बरखी बार्दा सेतो एकसरो लुगा लगाउने, सेतो छाता तथा सेतो जुत्ता प्रयोग गर्ने, अरूले पकाएको नखाने, शाकाहारी भोजनमात्र खाने पर्वतीय ब्राह्मणहरूको चलन छ। आमाको बरखी बार्दा दूध नखाने र बाबुको बरखी बार्दा दही नखाने चलन पनि यस जातिमा पाइन्छ। बरखी बारेको समयमा पूजापाठमा संलग्न हुन नहुने, मासिकको दिनबाहेक अरू दिन टीका लगाउन नहुने, प्रसाद ग्रहण गर्न नहुने, देवताका नाममा गरिने कुनै पनि पूजापाठ गर्न नहुनेजस्ता बन्देजहरू पालना गर्नुपर्छ। हरेक महिना मासिक श्राद्ध गरिन्छ। उक्त श्राद्धमा अन्न र पानीका घडा दान गर्ने चलन हुन्छ। यस अतिरिक्त पैँतालीसौँ दिनको श्राद्ध र छ महिनाको श्राद्ध मृतकका नाममा गर्ने परम्परा पनि यस जातिमा छ। वर्ष दिन पुगेपछि बरखीश्राद्ध

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरी शुभ साइतका दिन रुद्री तथा चण्डी पाठ गरेपछि मृतकका नाममा बारिएको आशौच सकिन्छ ।

यसप्रकार पर्वतीय ब्राह्मणजातिको मृत्युसंस्कारलाई केलाउँदा के देखिन्छ भने दश दिनसम्म गरिने कर्म वस्तुतः तन्त्रमा आधारित छ । यस अवधिमा वैदिक मन्त्रको प्रयोग नगरिकनै काम गरिन्छ । दश दिनसम्म गरिने कर्मलाई प्रेतपूजा भन्नु अत्युक्ति नहोला । प्रेतलाई पितृमा रूपान्तरण गर्नु नै मृत्युसंस्कारको मुख्य विशेषता हो । यी कर्महरू राम्ररी गरिएन भने मृतात्मा प्रेतका रूपमा संसारमा भट्किरहन्छ भन्ने विश्वास ब्राह्मणजातिमा पाइन्छ ।

३.९. मगरजातिका संस्कार तथा चाडपर्वहरू

३.९.१. जन्मसंस्कार

मगरहरूले मान्ने सामाजिक संस्कारहरूमा सबैभन्दा पहिलो जन्मसंस्कार हो । यो संस्कार आइमाई गर्भवती भएदेखि सुरु हुन्छ । गर्भवती आइमाई धार्मिक कार्यका निम्ति विशेषतः मण्डली र बाबुबराजुपूजामा अशुद्ध मान्ने गरिन्छ । यो अशुद्धि बालकको नामकरण नहुन्जेलसम्म कायम रहन्छ । मगरहरूले छैटी संस्कार प्रायः जेठो छोराको मात्र गर्ने गरेको पाइन्छ । छैटीको मध्यरातमा बालकको भाग्यरेखा कोर्न भावी आउँछन् भन्ने विश्वासले एक मिनेटको निम्ति कुनै व्यक्तिलाई बाहिरभित्र गर्न नदिई ढोका खुला राखिदिने चलन रहेको छ । नामकरणमा मगरहरूले प्रायः पुरोहित राख्दैनन् । पुरोहित राख्ने चलन नभएका ठाउँमा बच्चा जन्मेको चार दिनको दिन नामकरण गरिन्छ । रुकुम जिल्लाका केही ठाउँहरूमा बच्चा जन्मेको बाईस दिनमा कुटुम्बले नामकरण गर्दछन् । सोही दिन बच्चाको नाभिलाई जन्तरभित्र राखेर धारण गरिन्छ जसलाई नाइटो लगाउने भनिन्छ ।

३.९.२. अन्नप्राशनसंस्कार

छोरालाई छ महिनामा र छोरीलाई पाँच महिनामा अन्नप्राशन गराइन्छ । पाल्पा जिल्लाका केही मगरहरूले भने नामकरणकै दिन बच्चाको मुखमा तीनपल्ट भात छुवाई यसैलाई अन्नप्राशनको रूपमा मान्दछन् ।

४.८.३. गुन्युचोला र छेवरसंस्कार

मगरहरूको छेवर प्रायः पाँच वर्षको उमेरमा गर्ने चलन छ । छोरालाई छेवर गरेजस्तै छोरीलाई पनि पाँचै वर्षको उमेरमा घाँघर वा गुन्युचोलो दिने चलन छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३.९.४. विवाहसंस्कार

मगरहरूले प्रायः मामाकी छोरी विवाह गर्दछन्। मामाकी छोरी नभएमा वा मन नपरेमा अरू नै केटी विवाह गर्दछन्। यस्तो विवाहमा आफ्नो कुलभन्दा बाहिरकी केटी खोजिन्छ। एउटै कुलमा पनि कतैकतै सात पुस्ताभन्दा बाहिरकी केटी विवाह गर्ने चलन छ। केटी माग्न जाँदा दहीको ठेकी लिएर जाने परम्परा छ। विवाह प्रस्ताव स्वीकार भएमा दहीको ठेकी केटीपक्षले राख्दछन् भने अस्वीकार भएमा दहीसमेत ठेकी फिर्ता गरिन्छ। विवाहको कुरो छिनेपछि विवाहसम्पन्न गर्न पाल्पाका मगरहरूमा चारवटा विधि पुऱ्याउने प्रचलन छ। पहिलो विधिअनुसार भूतप्रेत पन्छाउनका लागि दुलाहाको घर पस्ने बाटोमा एउटा कुखुरो काटिन्छ र त्यसको रगतलाई कुल्चेर दुलही र दुलाहा क्रमैसित घरभित्र पस्छन्। दोस्रो विधिमा घरको ढोकानेर दुलाहाका बाबु, काका र आमाले दुलाहा र दुलहीलाई टीका लगाइदिन्छन्। दुलहीलाई घर भित्र्याएपछि दुलाहाले दुलहीलाई चुरासिन्दूर दिन्छ। तेस्रो विधिमा दुलहीले सिन्दूर लगाउँछे अनि दुलाहा र दुलहीलाई भोजन गराइन्छ। चौथो विधिअनुसार दुलाहा र दुलही दुलहीको माइत जान्छन् र उनीहरूको चुल्होमा भात खान्छन्। त्यसपछि मात्र उक्त विवाहलाई दुवैतर्फका समाजले स्वीकार गरेको मानिन्छ।

३.९.५. मृत्युसंस्कार

मगरजातिमा कुनै व्यक्तिको मृत्यु भएपछि लासलाई घरबाट बाहिर निकालिन्छ र अन्य जातिका मानिस एवं जनावरले छुन नपाउने गरी राखिन्छ। मृतकलाई कुकुर, बिरालो वा अन्य जनावरले छोयो भने भ्याङ्ज्या भन्ने प्रेत बन्छ भन्ने जनविश्वास यस जातिमा रहेको छ। लास घाटमा लगेपछि लास राखेको ठाउँमा गोबरले लिपिन्छ। छोरो भए छोराले र छोरो नभए नजिकको हकवालाले मृतकको मुखमा कपासको बत्ती बालेर पानी हालिदिन्छन्। त्यसपछि मृतकको नङ काटिन्छ र उसको मुखमा एक माना चामल राखिन्छ। त्यसलाई धर्ती किन्ने भनिन्छ। सोही धर्तीमाथि लासलाई जलाइन्छ वा खाल्डो खनी गाडिन्छ। अन्त्येष्टि कार्य गराउन जान्ने मानिसलाई अह्राउने भनिन्छ। उनले मृतकको तीन पुस्ताको नाम उच्चारण गर्दै उत्तर दिशाको काल्पनिक बाटो हुँदै इन्द्रलोकसम्म पुऱ्याउँछन्। अह्राउने काम पूरा भएपछि लास राखेको मान्द्रोमाथि विभिन्न प्रकारका लुगा, भाँडा आदि राखिदिन्छन्। मलामीहरूमध्ये एकजना मुर्दासित नछोइएर चोखो बस्छ र लास जलाउने वा गाड्ने काम सकिएपछि उसले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बाटोमा काँडा राख्दछ। मलामीहरूले सो काँडालाई देब्रे गोडाले कुल्चँदै धूप लिने गर्दछन् र मलामीहरू घर फर्कन्छन्। यसो गरेमा मृतात्माले पछ्याउँदैन भन्ने विश्वास गरिन्छ। पहिलो दिन किरिया बस्ने छोराहरू निराहार बस्छन् भने भोलिपल्टदेखि एक छाक मात्र खाने गर्दछन्। खाना खानुभन्दा अगाडि पितृलाई खाने वस्तु चढाएर मात्र उल्टो केराको पातमा खाने गर्दछन्।

कुनै खाममगर झाँक्रीको मृत्यु भएमा साधारण खाममगरको जस्तै मलामी जाने गर्दछन् तर धामीझाँक्रीहरूचाहिँ आआफ्नो छेर्लो, बोम्फा पहिरेर गजोले ढ्याङ्ग्रो बजाउँदै मलामी जान्छन्। दुई जनाले शवलाई मान्द्रोमा बेरेर काँधमा बोक्छन्। मसानघाटमा पुऱ्याएपछि कुनै एक झाँक्रीको आँगमा मृतात्मा उतारिन्छ र उसको समाधि कहाँ बनाउने हो भनेर सोधिन्छ। झाँक्रीमा चढेको मृतात्माले ठाउँ निधो गरेपछि खाल्टो खनेर मृत शरीरको मुख उत्तरतिर फर्काई पलेटी कसेको मुद्रामा राखी उसले प्रयोग गर्ने गरेको केही सामानसहित शवलाई ढुङ्गा र माटोले पुरिन्छ। त्यसपछि सोही ठाउँमा ढिस्को उठाई गोब्रे सल्लाको हाँगो गाडेर मृतक झाँक्रीको ढ्याङ्ग्रो आदि झुण्ड्याइन्छ। त्यसै बेला मलामी धामीझाँक्रीहरू उक्त ढिस्को वरिपरि नाच्ने गर्दछन्। रोल्पामा चाहिँ झाँक्री र धामीको शवलाई जलाइन्छ।

३.९.६. मगरजातिका चाडपर्वहरू

३.९.६.१. कुलपूजा

मगरजातिमा कुलपूजाको ज्यादै महत्त्वपूर्ण स्थान रहेको छ। मगरजातिमा कुलपूजाको आरम्भ कहिलेदेखि भयो भन्ने ऐतिहासिक तथ्य फेला नपरे तापनि यसको सुरुवात सातौं शताब्दीतिर भएको मगरहरूको विश्वास छ। मगर जनश्रुतिअनुसार सातौं शताब्दीतिर वराहदेवीले मगरहरूलाई निकै कष्ट दिएकीले झाँक्रीको सल्लाहअनुसार तिनैलाई कुलदेवता मानी पूजा गर्न थालिएको हो (श्रीस, वि.सं. २०३८, पृ. १०३)। त्यसैले मगरजातिमा झाँक्रीको विशिष्ट स्थान रहेको हुन्छ। झाँक्रीले नै कुलपूजाको सम्पूर्ण रीत आफ्नो परम्परागत तन्त्रविद्याद्वारा सम्पादन गर्दछन्। प्रायः मगरहरूले प्रत्येक तीन वर्षमा वैशाख अथवा मंसिर महिनाको पूर्णिमामा कुलदेवताको पूजा गर्दछन्। कुलपूजामा कुलपरम्पराअनुसार बलि चढाउने प्रथा देखिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३.९.६.२. मण्डलीपूजा

मण्डलीदेवतालाई पाल्पा, स्याङ्जा र तनहुँका मगरहरू आफ्नो जातीय देवताको रूपमा मान्दछन् । मण्डलीदेवता पाल्पा जिल्लाको सिलुवा गाउँका बयम्बू घर्ती हुन् भन्ने यिनीहरूको विश्वास छ । पाल्पा, स्याङ्जा र तनहुँका मगरहरूले मण्डलीलाई वर्षको दुईपटक वैशाख र मंसिरको पूर्णिमामा पूजा गर्दछन् । पूजाका अवसरमा कुखुरा, परेवा, सुँगुरका पाठापाठी बलि दिइन्छ ।

३.९.६.३. बराजुपूजा

सुर्खेतका जर्बुटे मगरहरू बराजुदेवतालाई वर्षको दुईपटक असार र मंसिर महिनामा पूजा गर्दछन् । सो पूजामा मण्डलीबराजु, पुजारीबराजु, मानसिंबराजु, चूराबराजु र बजैबराजुको पूजा गरिन्छ ।

३.९.६.४. भयरीपूजा

गोरखा जिल्लाका बुङ्कोटबासी मगरहरू पुस महिनाको पहिलो पञ्चमीमा लखन थापा मगरलाई भयरीदेवताको रूपमा पूजा गर्दछन् । सो अवसरमा भेडा, कुखुरा, बोका, परेवा आदिको बलि दिइन्छ । यसअतिरिक्त मगरजातिमा देउराली भाइ, भैरव, सिद्ध, नाग, भ्फाँक्री, भूतप्रेत आदिको पूजा गर्ने प्रथा छ ।

लगभग बीस प्रतिशत मगरहरू तान्त्रिक धर्म मान्दछन् भन्ने विश्वास गरिएको छ (पूर्ववत्, पृ. १३०) । तान्त्रिक मतअनुरूप यस जातिमा धामीभ्फाँक्रीलाई पुरोहित मानिन्छ र आफ्ना सम्पूर्ण धार्मिक कार्य तथा सामाजिक परम्पराहरू धामीभ्फाँक्रीबाटै सम्पादन गरिन्छ । रोग लाग्दा, घाउचोट लाग्दा, केटाकेटीहरू मूर्छा पर्दा, कुकुर, सर्प आदिले टोक्दा तन्त्रमन्त्रले फुकेर विष भ्फार्नु, जन्म, विवाह, मृत्युजस्ता संस्कारहरूमा विशुद्ध मगराती परम्परा पाइनु तन्त्रपरम्पराकै प्रभाव हुन् । तन्त्रविद् अथवा धामीभ्फाँक्रीबारे मगरहरूमा प्रचलित कहानीहरू थुप्रै छन् र केही घटनाहरू प्रत्यक्षरूपले देख्नसमेत पाइन्छ ।

३.१०. मैथिल ब्राह्मणका संस्कारहरू

३.१०.१. जन्मसंस्कार

बच्चाको जन्म भएपछि उसको सालनाल काट्ने काम चमइन(चमार जातिकी महिला)ले गर्छिन् र छ दिनसम्म सुत्केरीको रेखदेख, सेवा गर्ने सम्पूर्ण जिम्मा चमइनको हुन्छ । छ दिनसम्म सुत्केरीलाई सखर, अदुवा,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्वानो, सूप, गुँद आदि मिसाएर हलुवा वनाई खुवाउने चलन छ। बच्चा जन्मेको छैटौं दिन सुत्केरी चोख्याउने चलन छ। यो दिन सुत्केरी र बच्चालाई नुहाई नयाँ लुगा लगाएर सूर्यदेवता तथा कुलदेवताको पूजा गरिन्छ। सुत्केरीको कोठालाई गोबरले लिपेर चोख्याइन्छ। नवजात बच्चाको सिरानमा कापी र कलम राखिदिने चलन छ। यो दिन सृष्टिकर्ता व्रह्माले वच्चाको भाग्य कोर्दछन् भन्ने जनविश्वास छ। यस संस्कारलाई छठिहार भनिन्छ।

३.१०.२. अन्नप्राशनसंस्कार

मैथिल ब्राह्मणजातिमा वच्चा जव छ महिनाको हुन्छ तव उसलाई अन्न खुवाउने गरिन्छ। एउटा शुभ साइत पारी बच्चालाई नयाँ वस्त्र लगाएर नयाँ कचौरा र चम्चाले खीर खुवाइन्छ।

३.१०.३. मुण्डनसंस्कार

मुण्डनसंस्कार भनेको सर्वप्रथम वच्चाको कपाल काट्ने संस्कार हो। यो संस्कार छोराको मात्र गरिन्छ तर कसैकसैले देवतालाई भाकल गरेको छ भने छोरीका लागि पनि गर्छन्। छोरो छ भने ऊ दुई तीन वर्षको भएपछि शुभ साइतमा उसको पूरै कपाल कैंचीले काटिन्छ। तर छोरी छ भने कुनै देबताको स्थानमा लगेर थोरै कपाल काटेर त्यहाँ चढाइन्छ। मैथिल ब्राह्मणजातिमा मुण्डनसंस्कार दुई किसिमका छन्। छोराको कपाल कुनै देवताको स्थानमा लगेर काटिन्छ र कुनै पनि किसिमको समारोहको आयोजना गरिंदैन भने त्यस्तो मुण्डनलाई गोनौरमुण्डन भनिन्छ। शुभ साइतमा कुलदेवताको पूजाअर्चना गरी भाकलअनुसारको वलि दिएर वच्चाको कपाल काटिन्छ भने त्यस्तो मुण्डनलाई यज्ञमुण्डन भनिन्छ। यज्ञमुण्डनमा बच्चाको कपाल काटेपछि उक्त कपाल बच्चाको हजुरआमाले आफ्नो साडीमा राख्छिन् र पछि जलाशयमा लगेर बगाउँछिन्।

३.१०.४. व्रतबन्धसंस्कार

ब्राह्मणजातिको सवैभन्दा ठूलो संस्कार व्रतवन्धसंस्कार हो। ज्योतिषी वा कुलपुरोहितले बच्चाको जन्मतिथिलाई विचार गरेर व्रतबन्धको शुभ मुहूर्त निकाल्दछन्। शुभ मुहूर्तअनुसार मण्डपनिर्माण, कुमरम र व्रतवन्धको दिन निर्णय गरिन्छ। कुमरमको भोलिपल्ट व्रतबन्ध हुन्छ तर मण्डपनिर्माणको दिन एक महिनाअगाडि पनि हुन सक्छ। व्रतबन्धसंस्कारको सुरुवात मण्डपनिर्माणबाट हुन्छ। मण्डपनिर्माण गर्नका लागि पहिले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हँसियाको पूजा गरी बाँस काट्ने चलन छ। हँसियाको पूजा कुलदेवताको स्थानमा गरिन्छ र त्यही हँसियाले बाँस काटिन्छ। पूजा गरेको हँसिया लिएर बाजागाजाका साथ पुरोहित, व्रतबन्ध गर्ने कुमारकी आमा, हजुरआमा, फुपू र अन्य नातेदारहरू मङ्गलगीत गाउँदै बाँसघारीमा जान्छन् र बाँस काट्छन्। कुमारले जुन बाँसलाई छोइदिन्छ त्यही बाँसलाई ब्राह्मणले काटेर ल्याउँछन्। त्यही बाँसका फक्लेटाबाट यज्ञमण्डप बनाइन्छ। ब्राह्मणले पाँच ठाउँमा आफ्नो हातले डोरी बाँधिदिएपछि मात्र पानी चल्ने अन्य जातिका मानिसले यज्ञमण्डप बनाउने काम सुरु गर्छन्। यज्ञमण्डप बनाइसकेपछि त्यसलाई लिपपोत गरेर त्यसको भित्तामा रङ्गीविरङ्गी चित्रहरू र देवीदेवताको तस्विर राखिन्छ। यज्ञमण्डप बनाएको दिन कम्तीमा पाँचजना ब्राह्मणलाई भोजन गराइन्छ। यज्ञमण्डप बनाइसकेपछि प्रत्येक दिन बेलुकी दियो बाली यज्ञमण्डपमा राख्ने र महिलाहरूले सन्ध्याको गीत गाउने गर्दछन्। यो प्रक्रिया व्रतबन्धको दिनसम्म चलिरहन्छ।

व्रतबन्धको पहिलो दिनलाई कुमरम भनिन्छ। सो दिन कुमारले आफ्ना नातेदारहरूका साथ जलाशयमा गई स्नान गर्ने चलन छ। जलाशयमा जाँदा कुमारले चक्कुमा सुपारी लगाई सो चक्कु हातमा लिएर जान्छ। जलाशयमा पुगेपछि कुमारलाई उसका नातेदार, आमा, फुपू र अन्यले नाङ्लोमा पानी राखेर नुहाइदिन्छन्। त्यसपछि ऊ आफूखुसी नुहाउँछ। नुहाइसकेपछि कुमारले एउटा लँगौटी मात्र लगाउँछ। उसले घरबाट लगाएर आएको सबै लुगा हजामले बालिदिने चलन छ। सो दिन टोलछिमेकका सबै ब्राह्मणलाई निम्तो गरेर मासु र भात भोज खुवाउने चलन छ। सो दिन ब्राह्मणबाहेक अन्य जातिलाई निम्तो गरिँदैन। भोज सम्पन्न भइसकेपछि राति कुमार, पुरोहित र कुमारका गुरु (जसले व्रतबन्धको दिन कुमारलाई मन्त्र सुनाउँछन्)ले कुलदेवतालाई पूजा गरेर कुमारको कपालमा आँपको पात बाँधिदिन्छन्। यस विधिलाई जुटिकाबन्धन भनिन्छ। भोलिपल्ट कुमारको कपाल खौरने कार्य सुरु हुन्छ। कपाल खौरनुभन्दा पहिला कुमारलाई दही, चिउरा र चिनी खान दिइन्छ। कुमारले दही चिउरा आधा खाएपछि हजामले त्यो पात खोसिदिन्छ, त्यसपछि कुमारले खाँदैन। हजामले कपाल खौरेपछि कपाल लिन जो बसेका हुन्छन् उनको साडीमा सो कपाल राखिदिन्छ। त्यसपछि कुमारको टाउकोमा र जिउमा बेसार, दही, चन्दनको लेप लगाइन्छ जसलाई उबटन भनिन्छ। उबटन लगाइसकेपछि चेलीबेटीहरूले यज्ञमण्डपनजिकै कलशहरूमा राखिएको जल कुमारको जिउमा खन्याइदिन्छन् र ती कलशहरू चेलिबेटीले आफ्नो घर लिएर जान्छन्। यसरी कुमारको स्नान सम्पन्न भएपछि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुमारलाई पहिले मुजको जनै, त्यसपछि मृगको छालाको जनै, त्यसपछि कपासको जनै लगाइन्छ। त्यसपछि शुभ साइतमा गुरुले कुमारलाई गायत्रीमन्त्र सुनाउँछन् र हवनका केही विधिहरू पूरा गरेपछि भिक्षादान आरम्भ हुन्छ। त्यस क्रममा कुमारले हातमा लट्ठी, काँधमा झोला झुण्ड्याएर संन्यासीको भेषमा आमासित भिक्षा माग्छ। यसरी तीनपल्ट भिक्षा मागेर ल्याई यज्ञमण्डपमा राख्छ। त्यही भिक्षामा प्राप्त खानेकुरा उसले चार दिनसम्म खानुपर्छ। यो भिक्षा माग्ने संस्कारलाई भिखिअर भनिन्छ। त्यस अवसरमा कुमारका जति नातेदार महिलाहरू आएका हुन्छन् ती सबैलाई गच्छेअनुसारको साडी दिनुपर्छ। त्यही साडी लगाएर आफन्तहरूले पनि कुमारलाई भिक्षा दिन्छन्। त्यसपछि पाँचजना ब्राह्मणहरूद्वारा कुमारलाई दुर्वाक्षत दिइन्छ। त्यसपछि सधवा महिलाहरूले कुमारलाई आशीर्वाद दिन्छन् जसलाई चुमावन भनिन्छ। चुमावनका अवसरमा विधवा महिलालाई सामेल गराइँदैन।

३.१०.५. विवाहसंस्कार

मैथिल ब्राह्मणजातिमा विवाहसंस्कार दुई किसिमले गरिन्छ। एउटा आफन्तहरूको माध्यमबाट योग्य वर पत्ता लगाएर विवाहको प्रस्ताव अगाडि बढाउनु जसलाई घरकथाको माध्यमबाट विवाह गर्नु भनिन्छ भने अर्कोचाहिँ सभाको माध्यमबाट विवाह गर्नु। यसअन्तर्गत प्रत्येक वर्ष भारतको उत्तरी विहारराज्यको ससौला र सौराठ भन्ने ठाउँमा मैथिल ब्राह्मण युवकहरू विवाह गर्ने उद्देश्यले जान्छन्। त्यस सभास्थलमा केटीपक्षले आफ्नो समर्थ्यअनुसारको केटो रोज्छन् र तिलक दहेजको कुरो मिलेपछि सभास्थलबाट जन्तीको तयारी गरी विवाहका लागि प्रस्थान गर्दछन्।

मैथिल ब्राह्मणजातिमा केटा र केटीको पाँच पुस्ताको मूल र गोत्र केलाएर विवाह गर्न योग्य भएको लिखित निर्णय एकजना आधिकारिक व्यक्तिले दिएपछि त्यो लिखित निर्णय केटीपक्षले केटापक्षलाई दिन्छ अनि मात्र विवाहको प्रक्रिया अगाडि बढ्छ। विवाहको निर्णय भएपछि केटापक्षलाई केटीपक्षले केही फल, लुगा र गहना दिन्छ जसले त्यो केटाको विवाह निश्चित भएको जनाउँछ। यो संस्कारलाई फलदान भनिन्छ र त्यसपछि अर्को उत्सवमा केटीपक्षले कबोल गरेको तिलक (नगद रुपियाँहरू) लिएर एउटा समारोहमा केटाको घरमा केटापक्षलाई बुझाइन्छ। त्यसलाई तिलक भनिन्छ। तिलक भइसकेपछि विवाहको कार्यक्रम पक्का भएको ठानिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मैथिल ब्राह्मणजातिमा केटीपक्षले कबोलेको रकम केटापक्षलाई बुझाइसकेपछि एउटा शुभ मुहूर्तमा केटीपक्षबाट प्रायः केटीको दाइ अथवा भाइ केटाको घरमा जान्छन् र एउटा समारोहमा केटाको हातमा पान, सुपारी, जनै र केही रुपियाँ राखेर केटाको हात समातेर उठाउँछन्। यस बेला पाँच जना ब्राह्मणले केटालाई अक्षता, दही र दूबो मिसाएर आशीर्वादको मन्त्रोच्चारण गर्दै छर्किदिन्छन्। त्यसपछि केटो घर नफर्केर सोझै विवाहका लागि प्रस्थान गर्दछ।

जन्ती केटीपक्षको घरमा पुगिसकेपछि विवाहकर्म सुरु गर्नका लागि केटापक्षबाट स्वीकृति लिन केटीपक्षले एउटा बाँसको टोकरीमा मकलमा धूप बालेर जन्तीको माझमा सम्धीको अगाडि राखिदिन्छ। त्यस टोकरीमा सम्धीले आफ्नो गच्छेअनुसार रुपियाँ राखिदिएपछि विवाहको कार्य सुरु हुन्छ। जन्तीको माझबाट केटालाई लिन केटीपक्षबाट हजामिन, विवाह अवधिभरि विवाहकार्यमा सहयोग गर्ने महिला र केही अन्य महिलाहरूको समूह आई केटाको नाक पानले छोपेर केटोलाई समाती घरभित्र लान्छन्। विवाहको आसनमा पुगेपछि दुलाहाले लगाएको सम्पूर्ण वस्त्र फुकाली केटीपक्षबाट दिइएको रातो धोतीमात्र लगाई रातभरि विवाहकर्म गर्नुपर्दछ। विवाहकर्मको सुरुवात आठ जना ब्राह्मण (दुलाहासमेत)ले ओखलमा मुसलले धान कुटेर गरिन्छ। यसपछि दुलाहाबाहेक सम्पूर्ण जन्तीले दुलहीको हातमा रुपियाँ राखेर मुख हेर्ने चलन छ। यसरी मुख हेरेवापत पैसा दिइन्छ। यस समारोहलाई सुहाग दिने भनिन्छ। सुहाग दिइसकेपछि केटीपक्षले सम्पूर्ण जन्तीलाई खाना खुवाएर एकएक जोर रातो धोती पहिराएर बिदा गर्छन् तर दुलाहा आफ्नो ससुरालीमै बस्छ। ससुरालीको एउटा कोठामा चार दिनसम्म दुलाहादुलहीले गौरीको पूजाअर्चना गर्दै बिताउँछन् र चौथो दिन बिहान फेरि पुरोहितले विधिमुताबिक दोस्रोपल्ट दुलाहालाई दुलहीको सिउँदोमा सिन्दूर हाल्न लगाउँछन्। यस संस्कारलाई चतुर्थी भनिन्छ। यो संस्कारपछि मात्र मैथिल ब्राह्मणजातिमा विवाह पूर्ण भएको मानिन्छ।

३.१०.६. मृत्युसंस्कार

मैथिल ब्राह्मणजातिमा मृत्यु भएपछि बाँसको खट बनाई लासलाई सेतो कपडाले बेरेर खटमा राखिन्छ। चार जना ब्राह्मणले खटलाई काँधमा राखेर नदी, खोला वा तलाउसम्म पुऱ्याउँछन्। यी चार जना ब्राह्मण मृतकको आफ्नै रक्तसम्बन्धको हुनुपर्छ। यस जातिमा जेठो छोरो मात्र किरिया बस्छ। मृतकको परिवारको तर्फबाट गाउँमा आफन्त र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इष्टमित्रलाई मलामी जाने निम्तो गरिन्छ। मलामी जाँदा बाटोमा शङ्ख बजाउँदै जाने चलन छ। यसो गर्नाले मृतकको आत्माले शान्ति पाउँछ भन्ने जनविश्वास छ। मृतशरीरलाई जलाउनुभन्दा अगाडि उसलाई नुहाइन्छ र पुरानो वस्त्र फुकालेर नयाँ सेतो कपडा लगाएर चितामा उत्तरतिर टाउको गरेर सुताइन्छ त्यसपछि जेठो छोराले मुखमा दागवत्ती दिई लास जलाउने काम गरिन्छ।

मलामी घर फर्कँदा घरभित्र प्रवेश गर्नुअघि मुख्य प्रवेशद्वारमा राखिएको बन्चरो, आगो र पानी छोएर खुर्सानी टोकेर चोखो भएर मात्र छिर्नुपर्छ। त्यस दिन राति मृतकको परिवारमा सबैले दूधभात खानुपर्छ। यो संस्कारलाई दूधमुख भनिन्छ। मृत्यु भएको चौथो दिन चिताको खरानीलाई नदीमा फालेर अस्थि जम्मा गरेर एउटा सेतो कपडामा राखिन्छ। यस संस्कारलाई अस्थिसञ्चय भनिन्छ। अस्थिलाई एक जना ब्राह्मणले गङ्गानदीमा विसर्जन गर्ने चलन छ। चौथो दिनदेखि प्रतिदिन दश दिनसम्म हजाम र महापात्रब्राह्मणको सहायताले नदीकिनारमा स्नान गरेर पिण्डदान गर्नुपर्छ।

मृतात्माको शान्तिका लागि चौथो दिनदेखि ब्राह्मणपण्डितबाट मृतकका परिवारका सबै सदस्यहरूले किरियापुत्रीसँगै बसेर गरुडपुराण सुन्ने चलन छ। मलामी जाने अन्य जातिका मानिसहरू त्यसै दिन आफ्नो कपाल कटाएर स्नान गरेर चोखो हुन्छन्। एवं प्रकारले एघारौँ दिनमा ठूलो श्राद्धकर्म गरिन्छ र बाह्रौँ दिनमा पनि श्राद्धकर्म गरेर मृतात्माको शान्ति गरिन्छ। बाह्रौँ दिनमा श्राद्धकर्म सम्पन्न भइसकेपछि बेलुका किरियापुत्रीले स्नान गरेर नयाँ वस्त्र र जनै धारण गर्दछन्। किरियापुत्रीको टाउकोमा सेतो कपडाको पगडी बाँधिन्छ र आफन्त र अन्य इष्टमित्रहरूले उनलाई धोती, गम्छा र रुपियाँ दिन्छन्। यसरी पगडी र चुमावनसंस्कार सम्पन्न भएपछि किरियापुत्रीले नुन भएको खाने कुरा खान्छन्। यसरी बाह्रौँ दिनको श्राद्धकर्म सम्पन्न भएपछि तेह्रौँ दिन आफन्त, नातेदारहरू सबैलाई निम्तो गरी भात र माछाको भोज खुवाउने चलन छ। जसलाई माछमास भनिन्छ। यसो गरेपछि श्राद्धकर्मको पूर्णाहूति भएको बुझिन्छ।

मैथिल ब्राह्मणहरूको जन्मदेखि मृत्युसम्मका सम्पूर्ण संस्कार वैदिक विधिअनुसार नै सम्पन्न गरिन्छ र त्यसमा ब्राह्मण पुरोहितकै भूमिका महत्त्वपूर्ण रहन्छ तर संस्कारगत विभिन्न कुराहरूमा लौकिक परम्परा, जनविश्वास, केही मौलिक जातीय प्रथा आदि कुराहरू पनि समावेश भएका छन्। उदाहरणका लागि बच्चा जन्मेपछि छैठीको दिनसम्म बच्चा र सुत्केरी आमाको रेखदेख गर्ने, बच्चाको सालनाल काट्ने काममा चमार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जातिकी महिलाको सहायता लिइन्छ। मैथिल ब्राह्मणको जन्मसंस्कारमा चमारजातिकी महिलाको उपस्थिति र सहयोग अनिवार्य जातीय प्रथा बनेको छ। त्यसैगरी मुण्डनसंस्कारमा कुलदेवताको पूजा गरेर भाकलअनुसारको बलिप्रदान गरी बच्चाको कपाल काट्ने परम्परा पनि जातीय परम्परा बनिसकेको छ। व्रतवन्ध तथा मृत्युसंस्कारमा हजामको भूमिका महत्त्वपूर्ण देखिन्छ। यो पनि विशुद्ध जातीय प्रथा हो। मृत्युसंस्कारमा गरुडपुराण सुनाउने परम्परामा तन्त्रको झलक पाइन्छ। गरुडपुराणको विषयवस्तु र कुलार्णवतन्त्रको विषयवस्तुमा समानता छ। गरुडपुराणअन्तर्गत प्रेतकल्पको पन्ध्रौँ अध्यायमा वर्णित कुण्डलिनीयोग तान्त्रिक योगको आधार नै हो। त्यसैगरी सोह्रौँ अध्यायमा वर्णित भक्ष्याभक्ष्यसम्वन्धी धारणामा पनि तन्त्र र गरुडपुराणको समानता देखिन्छ। यहाँ एउटा कुरा के स्मरणीय छ भने जूठो परेको घरमा जूठो नचोखिएसम्म वेद तथा पुराण आदि वाचन गर्न नहुने वैदिक परम्परा रहेको छ तर गरुडपुराणचाहिँ सुनाउनुले दश दिनसम्म गरिने क्रिया मूलत: तान्त्रिक हो भन्ने प्रतीत हुन्छ। हुन पनि ती दिनहरूमा गरिने प्रेतश्राद्ध वैदिक मन्त्रको प्रयोगविना गरिन्छ र जब प्रेतलाई पितृको कोटीमा चढाइन्छ तव मात्र वैदिक विधिले गरिने कार्य आरम्भ हुन्छ। त्यसैले मैथिल ब्राह्मणको संस्कारमा देखिएका परम्परागत लोकविश्वास, जातीय प्रथा आदि कुराहरू तन्त्रपरम्पराकै देन हुन्।

३.११. राईजातिका संस्कार तथा चाडपर्व

३.११.१. विवाहसंस्कार

राईजातिमा केटापक्षवाट केटी माग्न दुई जना लमीका साथमा दुई चिन्डा रक्सी लगिएको हुन्छ। कलियाले दुई चिन्डा रक्सी केटापक्षवाट कोसेली लगेर कन्यापक्षलाई खुवाएपछि केटी दिने वा नदिने भन्नेसम्म कुरा निश्चित हुन्छ। केटी दिने निश्चय भएपछि वाग्दानको विधि पूरा गर्न केटापक्षवाट चारकुलको रीत बुझाउनुपर्छ। यस्तो रीतमा अठाहर थान चाँदीको रुपियाँ, चारपाँच चिन्डा जाँड, दुई चिन्डा रक्सी र दशकिराँतको दश रुपियाँ अलग्गै भेटी समावेश गर्नुपर्छ। चारकुलको रीत बुझाएपछि वाग्दानको कार्य हुन्छ। यो विधि गर्दा केटीका बाबुले वा माइती अथवा अभिभावकले "हामीले छोरी चेली दियौँ एक दियौँ दुई दियौँ तीन दियौँ मासु दियौँ तर हड्डी दिएनौँ" भन्ने चलन छ। यो सङ्कल्प सबै भद्रभलाद्मीका अगाडि गर्नुपर्दछ। यसरी वाग्दानको काम पूरा भएपछि माइतीवाट छोरीको चुल्हो छुट्टिएको मानिन्छ। यसरी विवाहको कुरा पक्का भएपछि जन्ती जाने चलन छ। राईको पुरोहित आफ्नै समूहको हुन्छ जसलाई विजुवा भनिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जन्तीलाई विजुवाले सर्वप्रथम कोदाका जाँडले अभिषेक गर्दछन् र सबैलाई जाँडको सगुन खान दिएर विदा गरिन्छ। दुलहीका घरमा पुगेपछि माइतीपक्षले दुलाहाको स्वागत गर्दछन् र त्यहाँ गच्छेअनुसारको भोजभतेर हुन्छ। भोजन समाप्त भएपछि पुरोहितले विवाहको कार्य आरम्भ गर्दछन्। सर्वप्रथम केटीपक्षको आँगनमा टुप्पोसमेत भएको केराको पात ओछ्याएर विजुवाले एक जोडी कुखुराको भालेपोथी काट्तछन्। यसरी काटेको कुखुराको रगत राम्ररी आउनुपर्दछ। भालेको रगत कम आयो भने वरलाई अशुभ हुन्छ र पोथीको रगत कम आयो भने वधूलाई अशुभ हुन्छ भन्ने विश्वास गरिन्छ। दुवैको रगत कम आयो भने यस जोडीबाट कुनै सन्तान हुँदैन भन्ने मानिन्छ। भालेपोथी दुवैबाट अधिक रक्तस्राव भयो भने विवाह सार्थक हुने कुरामा ठूलो विश्वास गरिन्छ। त्यसपछि रातभर नाचगान हुन्छ र भोलिपल्ट दुलही अन्माएर विदा गरिन्छ। दुलही लिएर जन्ती केटाको घरमा पुगेपछि विजुवाले टुप्पोसमेतको केराको पात ओछ्याएर एउटा कुखुराको भाले काट्तछन्। यसरी काटिएको भालेको रगत दुलही भित्र्याउने बाटामा चुहाउँदै लगिन्छ र दुलहीले सोही रगतमा टेक्दै घरमा भित्रिने चलन छ (शर्मा, वि.सं. २०५८, पृ. २६७)। यसरी भित्र्याइसकेपछि घरको कुलदेवता र चुल्होको पूजा दुलहीबाट गराइन्छ। यो कार्य समाप्त भएपछि दुलहीले आफ्नो कुलमा प्रवेश गरेको मानिन्छ।

३.११.२. मृत्युसंस्कार

राईजातिमा शवलाई जलाउने वा गाड्ने दुवै चलन पाइन्छ। प्रत्येक थरको राईको आफ्नै चिहान हुन्छ। यदि कुनै राई अर्कै थरको राई भएका ठाउँमा बसेको रहेछ र त्यहाँ उसको मृत्यु भयो भने उसका आफन्तले एक रुपियाँ पच्चीस पैसा, चार दाम ठेकी तिरेर जमिन किनेर गाड्ने वा जलाउने चलन छ। शवलाई चिहानमा लैजान बाँसको खट बनाइन्छ र त्यसमा सेतो नयाँ कपडाले ढाकिन्छ। यस प्रकार खटलाई कपडाले ढाक्ता खटबाट बाहिरसम्म आउने गरी कपडा राखिन्छ। शवको मुखनेर कपडाको फ्रूल बनाएर सिह्रानमा र गोडामा काँसका थाल राखिन्छ र गोडाका बूढी औँला एकै ठाउँमा जोडेर बेतका चोया र चाँदीका तारले बाँधिन्छ। शवका गोडा वा बूढी औँला बाँधिसकेपछि एउटा चाँदीको तारले शिरदेखि दुवै कानतर्फ घुमाएर चिउँडामा राखिन्छ। एक माना चामल र एउटा पैसा पनि कात्रोमा बाँध्ने चलन छ। राईको शवयात्रामा जाँदा मलामीले हातमा खुँडा, खुकुरी, तरबार, बन्दुक बोकेर अघिपछि लाग्नुपर्दछ र हाहा हूहू गर्दै बाटामा हिँड्नुपर्छ। यसप्रकार शवयात्रामा जाँदा बाटामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खोलाको पुल वा जँघार तर्नुपऱ्यो भने हातमा खुकुरी वा तरबार आदि हतियार लिएर तीन पटक आकाश, पाताल, दायाँबायाँ देखाउँदै नचाउनुपर्छ र बन्दुक पड्काउनुपर्छ ।

मृतकको अन्तिम संस्कार गर्ने समयमा रुने चलन छ । मृतकलाई गाड्ने भएमा चिहानमा एउटा लामो खाल्डो खनिन्छ र शवलाई त्यहाँ सुताइन्छ । यसरी सुताइएको शवको साथमा पानी हाल्ने चिन्डो, खुकुरी, गुलेली, मटचाङ्ग्रा, धनुकाँड, हुक्का, जाँडको भुजुङ्गो आदि राखिन्छ र त्यसपछि शवको मुखमा एउटा बाँसको नली राखेर माटाले शवलाई पुरिन्छ । उक्त नलीबाट मृत्युसंस्कार गरेको सात दिनसम्म दिनैपिच्छे जाँड हालिन्छ । कतैकतै शव राखेको ठाउँमा उल्टो लिस्नु पनि हालिन्छ। उनीहरूको विश्वासअनुसार मृतकको आत्मा त्यसै लिस्नुबाट आवतजावत गर्दछ ।

श्मशानघाटबाट फर्कंदा बाटामा राईहरू मलामीलाई गच्छेअनुसार जाँडरक्सी र खाजा खुवाउँछन् । घरमा आएर घरभित्र बाँसको सोतेमा पानी हालेर तीतेपातीका मुन्टा र टोटलाको फूल चढाइन्छ । यस्तो पितृकार्यमा अदुवा चढाउनु पनि अनिवार्य मानिन्छ । यस प्रकार पितृलाई पानी चढाउने ठाउँ घरको भित्री चुल्होमा हुन्छ । उनीहरूको भित्री चुल्होको छेउमा जाँडरक्सी हुनैपर्छ र त्यहाँ जाँडरक्सी नभए देवता, पितृ भाग्छन् भन्ने विश्वास गरिन्छ । श्मशानघाटबाट मलामी फर्केपछि आँगनको एक छेउमा सबैले देख्ने गरी एउटा काठको घोचो ताछेर गाडिन्छ जसलाई उनीहरू देवपितृको घोचो अर्थात् प्रेतात्माको प्रतीक घोचो भन्दछन् । यसरी गाडिएको घोचो किरियापुत्रीबाहेक अरूले छुनु हुँदैन । शुद्धशान्ति हुनासाथ त्यो घोचो झिकिन्छ । राईहरूको काजक्रिया बिजुवाले नै गराउँछन् । आफ्नो थरको रीतिअनुसार कहीँ तीन दिनमा, कहीँ पाँच दिनमा, कहीँ सात दिनमा र कहीँ दश दिनमा शुद्धशान्ति गर्ने चलन छ । यसरी चोखिँदा बिजुवाले एउटा कुखुराको पोथीलाई त्यसको खुट्टा बाँधेर चल्न नसक्ने गरी टपरी वा केराको पातमा राख्दछन् । त्यसपछि धनु, काँड, पैसा पनि त्यहाँ राख्न लगाउँछन् । यसरी सबै कुरा जुटाएपछि बिजुवाले एउटा भाँडामा रक्सी, अर्को भाँडामा नुनतेल पनि राख्न लगाउँछन् र त्यसलाई आफूले छोएर मुन्धुम पढ्दै एउटा सिङ्गो केराको पात ओछ्याएको ठाउँमा पहिले भनिएको कुखुराको पोथीलाई काटेर बलि दिन्छन् (पूर्ववत्, पृ. २७०) । बलि दिने कार्य पूरा भएपछि पहिले किरियापुत्रीलाई नुनतेलको भाँडो छुन लगाउँछन् र त्यसपछि हकवालालाई छुन लगाउँछन् । नुनतेलको भाँडो छोइसकेपछि रक्सीले अभिषेक गर्दछन् र सबैलाई जाँड, रक्सी खान दिन्छन् । नुनतेल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खान पनि त्यसै दिनदेखि छुट हुन्छ। यिनीहरूको वार्षिक श्राद्ध पैँतालीस दिनभित्रै फुकाउने चलन छ। यसप्रकार गरिने वार्षिक श्राद्ध गर्न त्यस ठाउँमा बाजागाजाका साथ पुरोहितको साथ लागेर जानुपर्छ। यसरी जाँदा बाटामा विसाएर जाँड, रक्सी खानु, खुवाउनुपर्दछ। त्यति मात्र होइन श्राद्धस्थलमा जाँदा ठाउँठाउँमा चिन्डा फुटाउँदै जाने चलन छ। श्राद्धस्थलमा पुगेपछि पुरोहितले देवता र पितृ बुझाउने काम गर्दछन्। यस प्रकार देवता र पितृ बुझाउँदा कुखुरा र सुँगुरको बलि दिइन्छ र बाजागाजाका साथ नाचगान गरिन्छ। त्यहाँको काम सकेर घर फर्कँदा पनि नाचगान हुन्छ र यस्तो नाचगानमा बच्चा, बूढाबूढी, युवायुवती सबैले भाग लिन्छन्। घरको आँगनमा आएपछि पनि गाउँका र घरका नातिदेखि बाजेसम्म सबै नाच्तछन्। यस प्रकारको नाचगान समाप्त भएपछि मृत्यु हुने घरका मानिसलाई गाउँका मानिसले कोदालो, खुकुरी, कर्द, चुलेसी तरबार आदि हातहतियार र अन्य खाद्यसामग्रीका साथै जाँडरक्सी पनि उपहार दिन्छन्। त्यसरी उपहार लिई आउने गाउँका मानिसलाई जाँडरक्सीको सगुन दिनुपर्दछ। यस्तो श्राद्ध कतै गाउँको सबैभन्दा जेठो थकालीको घरको आँगनमा गर्ने चलन छ। यसप्रकार अर्काको आँगनमा श्राद्ध गर्दा जेठ महिनाको चण्डीपूर्णिमाको दिन पारेर गर्नु उत्तम मानिन्छ।

राईजातिको संस्कार तथा चाडपर्व र पूजाआजा सम्पन्न गराउने व्यक्तिलाई बिजुवा भनिन्छ। राईहरूको लिखित धर्मग्रन्थलाई मुन्धुम भनिन्छ। विजुवाले नै राईजातिको जातीय संस्कार मुन्धुमका आधारमा सम्पन्न गराउँछन्। यिनीहरू भूतप्रेत, पिशाच आदिमा विश्वास गर्दछन् र त्यसको समाधान तन्त्रमन्त्रका माध्यमबाट सम्भव छ भन्ने विश्वास राख्दछन्। यिनीहरूको पूजाआजामा वामाचारको प्रधानता देखिन्छ र अभिचारको परम्पराले पनि प्रशस्त स्थान ओगटेको छ।

३.१२. लिम्बूजातिका संस्कारहरू

३.१२.१. जन्मसंस्कार

कुनै नारीले गर्भधारण गर्नेबित्तिकै उसको र उसका गर्भभित्रका बालकको वा शिशुको स्वास्थ्यका लागि फेदाङ्माले पूजापाठ गर्दछन् र दुष्ट पिशाच एवं प्रेतहरूबाट बचाउँछन्। लिम्बूहरू छोरो जन्मे चार दिन र छोरी जन्मे तीन दिन सूतक बार्दछन्। उनीहरूको विश्वासअनुसार यसै समय आठ प्रकारका पौराणिक राजाहरू अर्थात् हाङ्हरू नवजात शिशुको भाग्य स्थापित गर्न आउँछन्। सूतकको अन्तिम दिनमा नामकरण हुन्छ। फेदाङ्माले नामकरणकै दिन सूतक परेका घरमा परिवारलाई जाँडरक्सीको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिषेक गरेर चोख्याउँछन्। लिम्बूसमाजको जुनसुकै कार्यमा कुखुरा र सुँगुर काट्नु साधारण कुरा हो। फेदाङ्माले गर्ने कृत्य समाप्त भएपछि इष्टमित्र जम्मा पारेर भोज खुवाइन्छ।

३.१२.२. विवाहसंस्कार

मागीविवाहमा केटी माग्ने दिनको शुभ साइत फेदाङ्माले निकालेपछि लमीको सहयोगमा आफ्नो छोराका लागि केटी खोज्ने चलन छ। उपयुक्त केटी फेला परेपछि लमीलाई अघि लगाएर केटो र केटाका साथीहरू मासु, रक्सी र अरू कोसेली लिएर केटी माग्न जान्छन् जसलाई रीतभाँत बुझाउने भनिन्छ। केटीपक्षका मानिसलाई सबै कुरामा चित्त बुझेपछि केटीका बाबु र बाबु नभए अन्य अभिभावकले केटी दिएवापत लिइने रकम र केटीका लागि सुनका गहना लिने काम हुन्छ। त्यसपछि आफ्नी चेलीलाई विवाह गरेर लैजाने स्वीकृति दिइन्छ। यस्तो स्वीकृति पाउनासाथ केटाले आफ्नी भावी पत्नीका मान्यजनसित ढोगभेट गर्दछ र विवाहको दिन निश्चित गरिन्छ। लिम्बूसमुदायमा विवाह वरपक्षकै घरमा हुन्छ। केटीलाई माइतबाट केटाको गाउँमा विवाहको अघिल्लो दिन ल्याइन्छ र अर्कै घरमा राखिन्छ। यसप्रकार माइतबाट कन्या ल्याउँदा उसका साथमा केटीका साथीहरू पनि लोकन्ती भएर आउँछन् जसलाई लिम्बूहरू केकेसामा भन्दछन्। दुलही भित्र्याउने दिन लमीले केटाका तर्फबाट लुगा र गहना केटी राखेको घरमा पुऱ्याइदिन्छन् र केकेसामाले दुलही हुने कन्यालाई सिँगार्दछन्।

दुलही भित्र्याउने समयमा ढोकाको दुवैतिर दुई गाग्री पानी र ती दुवै गाग्रीमाथि फूल सजाइएका एक एक लोटा खप्टेर राखिएका हुन्छन्। सिकुवा अर्थात् मूल द्वारबाहिरको वरन्डादेखि भित्रको दुलहादुलही बस्ने ठाउँसम्म सफा सेतो खाँडीको लुगा ओछ्याएर राखिएको हुन्छ र दुलही आइपुग्नेवित्तिकै उसको गोडा धुन लगाएर सोही लुगामाथिबाट हिँडाएर भित्र लगिन्छ। यसरी दुलही भित्र्याउँदा फूलअक्षता पर्सेर स्वागत गरिन्छ र सगुनको रूपमा दूध खान दिइन्छ। त्यसपछि वरपक्षका मान्य महिलाहरूले दुलहीलाई टीका र फूल लगाइदिँदै आफूले ओढिराखेको मजेत्रो ओढाएर आफ्नो परिवारमा सम्मिलित गर्दछन्। दुलही भित्र्याएका दिन साँझ परेपछि फेदाङ्माले मुन्धुमका मन्त्रहरू उच्चारण गरेर विवाहको कार्य सम्पन्न गराउँछन्। यसप्रकार विवाह गराउँदा कुखुराको एक जोर भालेपोथी सिङ्गो केराको पातमा काटेर रगत झार्नुपर्दछ। राईहरूमा जस्तै रगत कम आयो भने अशुभ हुन्छ भन्ने विश्वास लिम्बूहरूमा पनि पाइन्छ। कुखुरा काट्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काम समाप्त भएपछि दुलहादुलहीलाई कोदोबाट बनेको जाँडका साथमा आठ टुक्रा मासु पनि दिनु अनिवार्य मानिन्छ। यस्ता वस्तु लिम्बूसमाजमा पवित्र मानिन्छन् र त्यसलाई उनीहरू साङ्साङ् भन्दछन्। पवित्र सगुनलाई दुलाहा र दुलहीको मुखमा छुवाएर त्यहीँ राखिन्छ। सगुनको काम समाप्त भएपछि लगनगाँठोको कार्य प्रारम्भ गरिन्छ। लगनगाँठो बनाउँदा दुलहीको बर्कोमा एक रुपियाँ दाम वाचा गरेर बाँधिन्छ र दुलाहाले दुलहीको सिउँदोमा सिन्दूर हाल्छ। यो कार्य घरभित्रको मूल खाँबाका छेउमा फेदाङ्माले नै गराउँछन् र जीवनभर पतिपत्नीका रूपमा रहने आशीर्वाद दिन्छन् (पूर्ववत्, पृ. २७७)। आशीर्वाद दिँदा दुवैलाई आजीवन नछुट्टिने प्रतिज्ञा पनि गराउँछन्। प्रतिज्ञाको काम समाप्त भएपछि मूल खाँवाको तीनपल्ट परिक्रमा गर्नुपर्दछ र यस अवस्थामा च्याब्रुङ् बजाएर मूल खाँवावरिपरि नृत्य पनि हुन्छ। मूल खाँवाको परिक्रमापछि विवाह सम्पन्न भएको मानिन्छ।

३.१२.३. मृत्युसंस्कार

लिम्बूहरूमा कसैको मृत्यु हुनासाथ विशेष प्रकारको बन्दुक पड्काएर गाउँका मानिसलाई सूचना दिइन्छ। मृत्युको सूचना पाउनेबित्तिकै गाउँका मानिस भेला हुन्छन् र शव लैजाने बाँस वा काठको खट अथवा बाकस बनाउँछन्। त्यसमा शव राखेपछि एउटा सेतो नयाँ कपडाले शव राखेको खट वा बाकस छोपिन्छ। लिम्बूहरूमा पनि शवलाई आफ्नै समुदायको चिहानमा गाड्ने चलन छ। शव उठाउनुअघि बन्दुक पड्काउनु अनिवार्य मानिन्छ। यसप्रकार लगिने शवयात्रामा सबैभन्दा अगाडि उनीहरूको आफ्नै समुदायका पुरोहित र उनका साथमा अरू दुई जना व्यक्तिहरू नाङ्गो खुकुरी बोकेर बाटामा हाहा र हुहू गरेर कराउँदै हिँड्छन्। शवलाई चिहानमा पुऱ्याएपछि लोग्नेमान्छे जतिले खाल्डो खन्छन्। खाडल खन्ने कार्य समाप्त भएपछि फेदाङ्माले मुन्धुमको पाठ गर्दछन् र मलामी गएका व्यक्तिहरूका अगाडि शवलाई देखाएर उसको मृत्युको सार्वजनिक घोषणा गर्दछन्। फेदाङ्माले मृत्युको सार्वजनिक घोषणा गरेपछि शवलाई खाडलमा राखिन्छ र सबैले एकएक मुठी माटो शवमा पर्ने गरी राख्दछन्। त्यतिखेर मृतकको आत्माले प्रेत वा दुरात्मा भएर पृथ्वीमा घुम्न नपरोस् र स्वर्गमा गएर आनन्दपूर्वक बस्न पाओस् भन्ने कामना गर्दै पुरोहितले मुन्धुम पाठ गर्दछन् (पूर्ववत्, पृ. २८२)। त्यसपछि शवलाई राम्ररी ढुङ्गामाटाले पुरिन्छ। पुरिसकेपछि त्यो पुरिएको ठाउँमा मृतक लोग्नेमानिस भए चारपाटे र स्वास्नीमानिस भए तीनपाटे ढुङ्गाको गारो उठाइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लोग्नेमान्छेको जुठो चार दिनसम्म र स्वास्नीमान्छेको जुठो तीन दिनसम्म बार्नुपर्दछ र त्यतिन्जेलसम्म नुनतेल खानु हुँदैन। जूठो परेको अन्तिम दिनमा अनिवार्यरूपले मासु, जाँड, रक्सी प्रयोग हुनैपर्छ जसलाई लिम्बूहरू साम्दाखुङ भन्दछन्। लिम्बूभाषामा साम्दाखुङको अर्थ पिण्ड वा त्यस्तै श्राद्धका दिन प्रयोग गर्न पकाइएको भात अथवा अन्य भोज्य पदार्थलाई भनिन्छ। त्यस दिन मलामीलाई र जूठो बार्ने अन्य व्यक्तिलाई पुरोहितले परम्परागत तान्त्रिक विधिद्वारा चोख्याउँछन्। त्यस दिन जाँडले अभिषेक गरेपछि त्यहाँ भेला भएका सबैको अनुमति लिएर मृतकको घरका मानिसलाई सबै सामाजिक कार्यमा स्वतन्त्ररूपले भाग लिने अनुमति दिइन्छ। चोख्याउने कार्य समाप्त भएपछि त्यसै दिन भोजभतेर हुन्छ र त्यसै दिनदेखि नुनतेल खान पनि फुक्तछ।

३.१२. लिम्बूजातिको धार्मिक जीवन

लिम्बूजातिमा जन्मदेखि मृत्युसम्मका धार्मिक कृत्य गराउने पुरोहितलाई फेदाङ्मा वा फेदाङ्वा भनिन्छ। यस्ता पुरोहित आफ्नै समुदायका लिम्बू नै हुन्छन्। फेदाङ्माबाहेक साम्बा, माङ्वा, येवा र येमा पनि लिम्बूहरूका आफ्नै पुरोहित हुन्छन् जसले धार्मिक कृत्यबाहेकका तान्त्रिक कृत्य गराउँछन्। येवा पुरुष पुरोहित हुन् भने येमा स्त्री पुरोहित हुन्। लिम्बूहरूको सर्वमान्य ग्रन्थलाई मुन्धुम भनिन्छ। यो ग्रन्थ धार्मिक र तान्त्रिक दुवै कार्यमा प्रयोग हुन्छ। लिम्बूहरू परमात्मालाई तागेरानिङ्वाफुमा भन्दछन् जसले यो सम्पूर्ण ब्रह्माण्डको सृष्टि गरेको हो। तागेरानिङ्वाफुमा वास्तवमा सृष्टिकर्ता परब्रह्म तथा प्रकृति र पुरुष दुवै हुन्। तागेरानिङ्वाफुमाको सोझै कुनै पूजा हुँदैन किनभने यिनी साकार देवता होइनन्। पृथ्वीकी देवी युमासामाङ्लाई भने लिम्बूहरू भक्तिपूर्वक पूजा गर्दछन्। तन्त्रमा विश्वास राख्ने हिन्दूले महाकालीलाई बलि चढाएझैं लिम्बूहरूले पनि युमासामाङ्लाई पशुपक्षीको बलि दिन्छन्। युमासामाङ् देवी हुन् भने थेवासामाङ् देवता हुन्। लिम्बूहरू थेवासामाङ् र युमासामाङ्लाई शौर्य अर्थात् पराक्रम र युद्धका देवीदेवता मान्दछन्। उनीहरूका अर्का प्रसिद्ध देवता हुन्– पातालदेव। पातालदेवलाई उनीहरू ओक्वामासामाङ् भन्दछन्। ओक्वामासामाङ्ले गृहरक्षा गर्दछन् भन्ने विश्वास गरिन्छ। त्यसैकारणले गर्दा हरेक नयाँ घर बनाउँदा ओक्वामासामाङ्को पूजा गरिन्छ। वर्षेपिच्छे एक दिन तिनको पूजा नगरे घरको रक्षा नहुने अटल विश्वास लिम्बूजातिमा पाइन्छ। यिनको निवास पृथ्वीको मध्यमा छ भन्ने मानिन्छ। यसबाहेक गृहदेव र अग्निदेव पनि छुट्टाछुट्टै हुन्छन्। लिम्बूहरूले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मान्ने अर्का महत्त्वपूर्ण देवता नाहेन हुन् जो ईर्ष्या वा क्रोधका देवता मानिन्छन्। क्रोधका देवतालाई हरेक तीन वर्षमा बलि चढाएर पूजा गर्नैपर्दछ र नगरे उनको क्रोधको शिकार बनिन्छ भन्ने विश्वास यस जातिमा रहेको छ। नाहेनको क्रोधमा परियो भने परिवारमा रोगव्याधी मात्र आउँदैन अपितु भयावह मृत्यु पनि हुन सक्तछ। क्रोधको देवता नाहेनजस्तै लिम्बूहरूका अर्का देवता हुन्– ताम्फुङ्मा। यिनी वनदेवता हुन् जसलाई खुसी राख्न नसकेमा दुर्भाग्य र रोगको भागी बन्नुपर्ने व्यापक डर प्रत्येक लिम्बूमा पाइन्छ। यिनलाई पनि पशुपक्षीको बलिद्वारा नै सन्तुष्ट गराउन सकिने विश्वास गरिन्छ।

लिम्बूहरू हरेक प्रकारको आपत्ति र दुष्प्रभावबाट बच्न घरको मूल पुरुषको नामबाट पूजा गर्दछन् जसलाई नाहाङ्मा भनिन्छ। नाहाङ्मा गर्दा एक वर्ष उमेर नाघेको कुखुराको भाले र धनु, काँड चाहिन्छ। यसबाहेक अर्को प्रकारको पूजा पनि लिम्बूहरूमा प्रचलित छ जसलाई मङ्गना भन्दछन्। मङ्गना माइतीले चेलीका नाममा र चेलीले माइतीका नाममा एकले अर्काको कल्याणका लागि गरिने पूजा हो। यस्तो पूजा गर्दा एक जोर कुखुराको भालेपोथी र सापतोक चढाइन्छ। सापतोक काँचो कोदाको गेडा र मर्चा मिसाएर बाँसको सानो तोङ्बा अर्थात् ढुङ्ग्रामा हालेर बनाएको वस्तुलाई भनिन्छ। नाहाङ्मा र मङ्गना नामको पूजा गर्दा जसको नामबाट यो पूजा गरिन्छ त्यस व्यक्तिको लुगा राख्नु अनिवार्य मानिन्छ। यसप्रकारका पूजा फेदाङ्मा नामका पुरोहितले गराउँछन्। यस्ता देवीदेवताबाहेक लिम्बूहरूमा अरू पनि देवीदेवता हुन्छन् जसलाई सीमे, भूमे, नाग, नागिनी, संसारीमाई, सत्यहाङ्मा र बूढीबजू भनिन्छ। लिम्बूहरूमा देवीदेवताजस्तै अरू असङ्ख्य दुरात्मा, भूत, प्रेत पनि हुन्छन् जसलाई सोघा, सुगुत अथवा सुगुप र सुसिक नामले पुकारिन्छ। दुर्घटनामा परी अकाल मृत्यु हुँदा सोघा नामको दुरात्मा वा भूत रिसाएको मानिन्छ। बालकलाई जन्माउन नसकी कुनै गर्भवती स्त्रीको मृत्यु भयो भने उसलाई सुगुत वा सुगुप नामको दुरात्मा लागेको र मृत रूपमा जन्मेको शिशुलाई सुसिक नामको दुरात्मा लागेको ठानिन्छ। यीबाहेक अकाल मृत्युमा परेका अनेक प्रकारका भूत, प्रेत, पिशाच तथा बूढाबूढीका हंसलाई पनि लिम्बूहरू व्यापकरूपले जीवनलाई प्रभाव पार्ने तत्त्वका रूपमा विश्वास गर्दछन् र तिनको निवारणका लागि उनीहरूकै तान्त्रिक विधिअनुसार मन्साउने र खुसी पार्ने कार्य गर्दछन्।

यसप्रकार लिम्बूहरूको धार्मिक विश्वासको अध्ययन गर्दा के कुरा स्पष्ट हुन्छ भने उनीहरूको धर्मदर्शनमा आगमिक वा तान्त्रिक दर्शनको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गहिरो प्रभाव रहेको छ। परब्रह्मका रूपमा उपासना गरिने तागेरानिङ्वाफुमालाई लिम्बूदर्शनमा सक्रिय मानिएको छ। शङ्कराचार्यको अद्वैत वेदान्तदर्शनमा परब्रह्मलाई निष्क्रिय मानिन्छ तर आगमिक वा तान्त्रिक दर्शनले ब्रह्मलाई सक्रिय मानेको छ। शाङ्करवेदान्तका अनुसार परमात्मा विश्वोत्तीर्ण, सच्चिदानन्दस्वरूप, अद्वैत, केवलरूप, सृष्टि-स्थिति-लयको कारण, भावाभावविहीन त छ परन्तु उसमा कर्तृत्व छैन। ब्रह्म ज्ञानस्वरूप त छ तर क्रियाशून्य छ। आगमिक वा तान्त्रिक अद्वैतवादमा भने ज्ञान र क्रिया परस्पर मिलेर रहेका छन्। ज्ञानकै स्थूल अभिव्यक्ति क्रिया हो भने क्रियाको सूक्ष्म पक्ष ज्ञान हो। स्वातन्त्र्यशक्तिसम्पन्न शिवमा ज्ञान एवं क्रिया अविरोध रूपमा रहेको छ। त्यसैले शिव सर्वज्ञत्व र सर्वकर्तृत्वले सम्पन्न छन्। आगमिक अद्वैतवादमा सृष्टि, स्थिति, संहार, तिरोभाव र अनुग्रहस्वरूप पञ्चकृत्य ब्रह्मस्थानीय शिवबाटै सम्पन्न हुन्छ। शिव कर्ता हो भने शक्ति कारण हो। स्वच्छन्दसङ्ग्रह नामक तन्त्रग्रन्थमा भनिएको छ –

> सृष्टिं स्थितिं च संहारं तिरोभावमनुग्रहम्।
> शिवः करोति सततं सर्वकारणकारणम्॥
> शिवः सर्वस्य कर्तेयं शक्तिः कारणमिष्यते।

(द्विवेदी(सं.), ई.सं. १९८८, पृ. ४९ मा उद्धृत)

यसप्रकार तान्त्रिक दर्शनले ब्रह्मस्थानीय शिवलाई सक्रिय मानेजस्तै लिम्बूजातिमा पनि परब्रह्मका रूपमा उपासना गरिने तागेरानिङ्वाफुमालाई सक्रिय मानिन्छ।

३.१३. हायूजातिका संस्कार तथा चाडपर्वहरू

३.१३.१. जन्मसंस्कार

हायूजातिमा बच्चा जन्मेको तीन दिनदेखि पाँच दिनमा नामकरण गर्ने चलन छ। बच्चा जन्मनेबित्तिकै अन्य जातिले जस्तै सालनाल काटेर बच्चालाई नुहाई घरको मूल खाँबोभन्दा देब्रेतर्फ मात्र बस्न दिइन्छ। मूल खाँबोभन्दा दाहिनेपट्टिको भागमा देवता बस्ने स्थान मानिएकाले उनीहरूलाई त्यता जान दिइँदैन। बच्चाको नामकरण संस्कारका दिन आफ्ना चेलीबेटीबाट सालको धूप हालेर गाईको गहुँत घरमा छर्कनुको साथै सूतक बार्नुपर्ने सबैलाई गहुँत खान दिइन्छ। बच्चाको नामकरणचाहिँ नवजात शिशुका बाबुले बच्चाको जन्मबारको आधारमा गर्दछन्। नामकरणका दिन आफन्त तथा छरछिमेकीहरूलाई बोलाई कुखुराको भाले वा खसीको मासु, दाल, भात, जाँड, रक्सी आदि भोज खुवाइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुत्केरीलाई वीस दिनसम्म मूल ढोकाबाट वाहिर आवतजावत गर्न दिइँदैन। वीस दिनपछि मात्र गहुँत खाएर सुत्केरी पूर्णरूपले चोखिन्छिन्।

३.१३.२. छेवरसंस्कार

हायूजातिमा तीन, पाँच वा सात वर्षमा छेवर गर्ने चलन छ। यस कार्यका लागि छेवर गरिने वालकका मामाले वालकलाई गाईको गोठमा दाम्लोले वाँधी उसको कपाल काट्तछन्। कपाल काट्ता कैँचीले मात्र काट्तछन्। मामाले टोपी र चौवन्दी दौरा, फूल र सकेको दक्षिणासहित भान्जालाई शुभ आशीर्वाद दिने परम्परा छ। यसरी काटेको कपाल मामाले अमलाको बोटमुनि सेलाउने गर्दछन्। छेवरसंस्कारमा अतिथिहरूलाई रोटी, जाँड, रक्सी, भात, मासु खुवाउने प्रचलन रहेको छ।

३.१३.३. विवाहसंस्कार

हायूजातिको विवाह केटाकेटीको उमेर पुगेपछि वीस वर्षबाहेक अरू जुनसुकै वर्षमा गरिन्छ। हायूजातिमा छोरो विवाह गर्न लायक भयो वा भएन भनेर बाबुले परीक्षण गर्ने चलन छ। सो चलनअनुसार बाबुले छोरालाई कुनै काम अह्राउँदा छोराले अटेर गरेमा बाबुले छोरालाई गाली गर्छन् र कुट्न अघि सर्छन्। त्यतिखेर छोराले पनि हात फर्काई कुस्तीमा बाबुलाई पछारेमा छोरो बिहे गर्न लायक सम्झी बाबुले केटी खोज्न सुरु गर्छन्। केटी माग्न जाँदा चार माना चामलको जाँड, रक्सी र कुखुराको भाले लिएर जाने चलन छ। केटीको घरमा पुग्नेबित्तिकै "अमृतको फूल देखेर आयौँ हामीलाई अमृतको फूल दिने कि नदिने ? सुनको सँघार, रूपको द्वार घुरुक्क उघार" भनेर केटाका तर्फबाट लगिएको जाँडको पुङ केटीका बाबुआमाका हातमा दिइन्छ। केटीपक्षकाले पुङ लिएमा केटी दिन मन्जुर गरेको मानिन्छ। त्यसपछि दुवै तर्फको जाँडको स्वादबाट केटाकेटीको ग्रहपरीक्षा हुन्छ। जाँड मीठो भएमा ग्रह मिल्ने तथा नमीठो भएमा ग्रह नमिलेको मानिन्छ। दुवै तर्फको जाँड मीठो भएमा केटाकेटीको ज्यादै मेलमिलाप हुन्छ भन्ने धारणा छ। केटीपक्षले पुङ लिएको केही दिनपछि फेरि बिहेको दिन तोक्न केटातर्फबाट जाँड वा रक्सी, दही आदि लिएर जानुपर्छ। केटीतर्फबाट यस बेला रीतको माग गरिन्छ। रीतमा गच्छेअनुसार दुईतीन सय नगद, सुँगुर, दश पाथीजतिको भातको जाँड लिइन्छ। रीत तिर्न नसक्ने भएमा केटाले एक वर्षसम्म ससुरालीको काम गर्नुपर्छ। रीत तोकिसकेपछि विवाहपूर्व नै केटीको मृत्यु भएमा केटीको काजकिरियाको काम केटाले गर्नुपर्छ। विवाहका लागि केटातर्फबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जन्तीका साथमा जाँड, कुखुराको भाले, एक ठेकी दही, टीकाका लागि एक माना चामल, एक पेरुङ्गो माछा तथा चार दाम लानुपर्छ। जन्तीलाई अक्षताले पर्सिएपछि स्वयंवर गरिन्छ। त्यसपछि रातभरि मादल तथा ढोलक बजाई नाचगान गरिन्छ। भोलिपल्ट माइतीतर्फकाले दुलहीलाई पिठ्युँमा बोकेर लैजान्छन् र दुलान फर्काउँदा पनि रोटी, रक्सी, कुखुराको भाले, जाँड आदि वस्तु केटातर्फबाट लैजानुपर्छ।

३.१३.४. मृत्युसंस्कार

हायूजातिमा कसैको मृत्यु हुँदा लासलाई नुवाइधुवाइ गरेर तेल लगाइन्छ र नाडीमा कालो धागो बाँधिन्छ। पुरुष मरेको भए उसलाई सेतो दौरा, सुरुवाल र फेटा लगाइन्छ। महिला भएमा सेतो चोलो र फरिया लगाइन्छ अनि केही क्षण पलेटी कसाएर राखिन्छ। त्यसपछि बाँसको डण्डीमा मान्द्रो राखी सो मान्द्रोमा लासलाई बेरेर बाँसको चोयाले तीन ठाउँमा बाँधी लासलाई चिहानतिर लगिन्छ। छोरो भए छोराले नत्र नजिकको हकदार वा हायूजातिकै अन्य मानिसले लास बोक्नुपर्छ। लास गाड्न खनेको खाडलमा आफ्नो क्षमताअनुसार मृतकलाई मन पर्ने सामानहरू गाडिन्छ। लासलाई उत्तानो पारेर सुताई त्यसको मुखमा बाँसको ढुङ्ग्री अड्याइन्छ र नलड्ने गरी माटोले पुरिन्छ। त्यसपछि प्रत्येक दिन सोही ढुङ्ग्रीबाट खाना र पानी लासलाई दिइन्छ। उक्त ढुङ्ग्रीबाट गन्ध आएर वरिपरि जान नसकिने भएपछि सो लासबाट सास गएको मानिन्छ र खानापानी दिइँदैन। घरको मूली मरेमा घर नै सार्नुपर्छ। यदि सार्ने ठाउँ छैन भने छाना उघारेर नयाँ छाउनुपर्छ। किरिया गर्दा किरिया बस्नेले कपाल खौरिई सेतो कपडा टाउकोमा बाँध्नुपर्छ। पहिलो दिन डामेको रोटी र अलिनो आलुमात्र खान पाइन्छ। तीनदेखि पाँच दिनसम्ममा सानो कामकाज गरेपछि मात्र नुन खान हुन्छ। सानो काम गरेको भोलिपल्ट गाउँका सबै घरमूलीहरूको रोहवरमा गहुँत खाएपछि मात्र जूठोबाट चोखिन्छ। गहुँत खुवाउने काम चेलीबेटीहरूले गर्दछन्। यसै दिन मलामीहरूलाई जाँड, दाल, भात, तरकारी, मासु आदि खुवाइन्छ। जूठो सकिएपछि चेलीबेटीहरूलाई भाँडाकुँडा आदि दान दिइन्छ।

३.१३.५. हायूजातिका चाडपर्वहरू

३.१३.५.१. देवाली

हायूजातिले मनाउने चाडपर्वमध्ये देवाली सबैभन्दा खर्चिलो पर्व हो। यस पर्वमा हायूजातिका अतिरिक्त अन्य जातिका मानिसलाई पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निम्तो दिइन्छ। देवालीको काम पन्ध्र दिनसम्म लगातार गरिन्छ। यस पर्वमा गाउँको मूलीबाट कुखुरा, सुँगुर, खसी आदिको बलि दिइन्छ। आँगनको बीचमा बाँसको ठूलो टाँड वनाएर त्यही टाँडमाथि नै पूजाआजा गर्ने, नाच्ने, गीत गाउने तथा खाने काम गरिन्छ। त्यस अवधिमा हायूजातिको कुनै व्यक्तिमा देवता चढ्न सक्छन्। देवता चढेको मानिसले अह्राएबमोजिमका सबै कुरा अरूले पुऱ्याउनुपर्छ अन्यथा देवता रिसाउने र घरमा अनिष्ट हुने विश्वास गरिन्छ।

३.१३.५.२. कुलपूजा

हायूजातिको कुलपूजा प्रत्येक वर्ष वैशाख पूर्णिमामा गरिन्छ। आफ्ना कुलदेवताका साथै स्थानीय देवीदेवतालाई बोको, पाठी, परेवा, कुखुरा आदिको बलि दिएर गरिने यस पूजामा पुजारीले बोल्नु हुँदैन। देवताका रूपमा गहुँको पीठोको सोल्मा वनाइएको हुन्छ र त्यही सोल्मामा रगत पर्ने गरी पशुबलि दिइन्छ। त्यसपछि धूपधुमार गरिन्छ र धनुमा ताँदो चढाई सालको रुखमा एउटा निशाना वनाएर त्यसमा वाण हानिन्छ। बाण निशानामा नलागेसम्म दिनभर पनि बाण हानिन्छ। निशाना लागेपछि जाँडपानी चढाइन्छ र उक्त पूजाका सामानलाई सफासुग्घर स्थानमा लगी सेलाइन्छ।

३.१३.५.३. सिकारीपूजा

रुखको नजिकै वा रुखमुनि गाईको गोबरले लिपेको ठाउँमा एउटा ढुङ्गा अड्याई सिकारी स्थापना गरेर सिन्दूर, अक्षता, टटलाको फूल, धूपद्वारा हायूहरूले सिकारीको पूजा गर्ने परम्परा छ। यस पूजामा सालको रुखको फेदमा धनु र बाण राखी त्यसमाथि एउटा सेतो कुखुराको भाले काटेर रगत चढाइन्छ। सो भालेको मासु त्यहाँ उपस्थित हुने सबैले खान पाउँछन् तर घरमा लगेर वा कसैलाई बोलाएर भने खान दिनु हुँदैन। यो पूजा गर्दा केवल मासु र जाँडमात्र खाने चलन छ। जाँड र मासु खाइसकेपछि रुखमा एउटा निशाना बनाई त्यसमा बाण हान्ने खेल आरम्भ हुन्छ। बाण निशानामा नलागेसम्म कोही पनि त्यहाँबाट अन्यत्र जानु हुँदैन। निशानामा नलागेसम्म बाण हान्ने काम चलिरहन्छ। निशानामा लागेपछि धनुलाई घरको दैलोमाथि भ्कुण्ड्याएर राखिन्छ। यसरी सिकारीपूजा समाप्त हुन्छ।

हायूजातिको संस्कार तथा पूजाआजा आदिमा उनीहरूको आफ्नै मौलिक जातीय प्रथा, लोकविश्वासजस्ता कुराहरूको समावेश भएको देखिन्छ। उनीहरूको संस्कार सम्पन्न गर्ने आफ्नै जातिको व्यक्ति हुन्छ र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उसले आफ्नै मौलिक परम्परा र विधिको अवलम्बन गरेर संस्कार आदि सम्पन्न गराउँछ। यिनीहरूको संस्कार र पूजाआजामा जाँड, रक्सी, मासुजस्ता तामसिक वस्तुको प्रयोग हुन्छ जसले वामाचारप्रधान तन्त्रपरम्पराको झल्को दिन्छ। लिखित कर्मकाण्डको अभावमै पनि यस जातिको पुरोहितले आफ्नो मौखिक तन्त्रशास्त्रका माध्यमबाट संस्कार तथा चाडपर्वको रीत सम्पन्न गर्दछन्। त्यसैले हायूजातिले मानिआएको परम्परालाई तन्त्रपरम्पराको संज्ञा दिनु उचित ठहर्दछ।

३.१४. निष्कर्ष

यस अध्यायको अध्ययनपछि हामी के निष्कर्षमा पुग्न सक्छौं भने नेपालमा रहेका विभिन्न जातजातिका संस्कार तथा चाडपर्व र पूजाआजामा तन्त्रपरम्पराको गहिरो प्रभाव रहेको छ। उनीहरूका मूल्य, मान्यता, आस्था र जनविश्वास पनि तन्त्र एवं तन्त्रवादको प्रभावबाट अछुतो रहन सकेका छैनन्। यस विषयमा थप सङ्गठित र विस्तृत अध्ययन गर्नु पनि आवश्यक रहेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय- चार

नेपालका मुख्य चाडपर्व एवं जात्राउत्सवमा तन्त्र

४.१. विषयप्रवेश

नेपालमा मनाइने विभिन्न चाडपर्व, जात्रा एवं उत्सवहरू पौराणिक, ऐतिहासिक, धार्मिक आदि सन्दर्भसँग जोडिएका छन्। कतिपय चाडपर्वहरूमा स्थानीय लोकविश्वास, लोकधारणा र लोकमान्यताहरू पनि मिसिएका छन्। यस अध्यायमा नेपालमा मनाइने केही प्रमुख चाडपर्व र जात्रा एवं उत्सवहरूको विवरण प्रस्तुत गर्नुका साथै तिनमा रहेको तान्त्रिक परम्परा र त्यसको प्रभावको विश्लेषण गरिनेछ। यद्यपि यसमा धेरै आञ्चलिक चाडपर्व, जात्रा एवं उत्सवहरू छुटेका छन् तर जुनजुन चाडपर्वहरूको उल्लेख यहाँ गरिएको छ ती चाडपर्वहरू तान्त्रिक परम्परासँग बढी निकट रहेका छन् र तिनको उल्लेख गर्नु नै यस अध्ययनको अभीष्ट रहेकाले त्यसो हुन गएको हो।

४.२. मत्स्येन्द्रनाथको रथयात्रा

मत्स्येन्द्रनाथको रथयात्राका सम्बन्धमा नेपालमा चलेको र देवमालावंशावलीमा समेत रहेको कथाअनुसार एकपटक योगी गोरक्षनाथ वृद्ध भिक्षुका रूपमा नेपाल आए। भिक्षा माग्न जाँदा जनताले उपेक्षा गरेकाले सम्पूर्ण नागहरूलाई आफ्नो आकर्षणशक्तिद्वारा बाँधी मृगस्थलीमा जम्मा गरेर तिनै नागहरूलाई आसन बनाई समाधिमा बसे। फलतः धेरै समयसम्म पानी परेन। त्यस बेला यहाँ नरेन्द्रदेव नाउँ गरेका लिच्छविराजा राज्य गर्दथे। राति चियोचर्चो गर्न घुमेको बेलामा बन्धुदत्त नाउँ गरेका शैव तान्त्रिक आचार्यले मत्स्येन्द्रनाथलाई नेपालभित्र ल्याउन सके पानी पर्छ भनेर श्रीमतीसँग कुरा गरेको सुने। भोलिपल्ट बोलाएर छलफल गर्दा मत्स्येन्द्रनाथलाई रिझाई ल्याउने कुरा निश्चय भयो। राजा नरेन्द्रदेव ललित नाउँ गरेको ज्यापू, आचार्य बन्धुदत्त र कर्कोटकनाग जोगीको रूप लिई कामरूप गए। आचार्य बन्धुदत्तको सल्लाहले कर्कोटकनाग कामरूपका राजाको पेटमा प्रवेश गऱ्यो। पेटमा नागको प्रवेशले राजालाई शूलको व्यथाले च्याप्यो। अनेक औषधी गर्दा पनि राजाको व्यथा शान्त भएन। त्यसै वेला जोगीको रूपमा कामरूप पुगेका राजा नरेन्द्रदेव, ललित ज्यापू र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आचार्य बन्धुदत्त दरबारमा देखापरे। अनेकौं औषधी गर्दा पनि आफ्नो शूलको व्यथा निको नभई निराश बनेका राजाले यी परदेशीहरूले केही गर्लान् कि भन्ने आशाले आफ्नो नजिकै बोलाई मेरो यो व्यथा शान्त गराउन सक्यौ भने तिमीहरूले जे मागे पनि दिन्छु भने। राजालाई वाचाबन्धन गराएपछि ती तीनै जनाले झारफुक औषधी आदि गरे। कर्कोटकनाग राजाको पेटबाट वाहिर निस्क्यो, राजाको व्यथा शान्त भयो। राजा अत्यन्त खुसी भई उनीहरूलाई के माग्छौ भन्दा उनीहरूले तपाईंको छोरो मत्स्येन्द्रनाथ दिनुहोस् भने। वाचाबन्धनमा हारेकाले राजाले छोरो नदिई सुख पाएनन्। मत्स्येन्द्रनाथलाई भेटी सबै कुरा गरेपछि वैशाख महिनामा ब्राह्मणद्वारा आर्यतीर्थको जलले श्रीपशुपतिनाथलाई अभिषेक गराए वर्षा हुनेछ भनी बताए। यतिखेर मलाई मेरी आमाले जान दिनुहुन्न, भगवती चण्डीको आज्ञा नभई म जान पनि हुँदैन त्यसैले उहीं गएर उपासना गर म भ्रमरको रूप लिएर आउनेछु भनेकाले यहाँ फर्केर आई पाटनको मध्यभागमा राजा र आचार्य बन्धुदत्त दुवै पद्मासनमा वसी पीठदेवताहरूको स्थापना गरी तान्त्रिक साधनाद्वारा आकर्षण गरे। भ्रमरको रूप लिई आएका मत्स्येन्द्रनाथलाई तेस्रो पटकको प्रयासमा राजाले समाते र सुनको कलशमा छोपी ल्याए। त्यो कलश पेटमा राखी मूर्ति बनाई बुङ्मतीमा लगी स्थापना गरे। गुरु आएको थाहा पाई दर्शन गर्न गोरखनाथ समाधिबाट उठे। गोरखनाथ उठेपछि नागहरू फुस्के अनि अनावृष्टि टऱ्यो (देवमालावंशावली, पृ. ५-७)। यसै परम्पराअनुसार आजसम्म पनि कलशमा भ्रमरको प्रतीक छोपेर ल्याएपछि जातसंस्कार, नामकरणसंस्कार, चूडाकर्म, व्रतबन्ध आदि दशकर्म गरी मत्स्येन्द्रनाथलाई रथमा राखिन्छ र जात्रा शुरु गरिन्छ। मत्स्येन्द्रनाथको दशकर्म शैव तान्त्रिक आचार्य (आचाजु) हरूले गर्दछन्। त्यसपछिको पूजा बौद्ध तान्त्रिक आचार्य (वज्राचार्य) हरूले गर्दछन् (कोइराला, वि.सं. २०५२, पृ. ६१)। चैत्र शुक्ल पूर्णिमाका दिन मत्स्येन्द्रनाथलाई खटजात्रा गरी ललितपुर तबहालको मन्दिरबाट लगनखेलमा ल्याइन्छ र त्यहाँको ठूलो मण्डपमा विराजमान गराई महास्नान गराउने चलन छ। महास्नान भएको दुई हप्तापछि अर्थात् वैशाख शुक्ल प्रतिपदाको दिन मत्स्येन्द्रनाथको रथयात्रा सुरु हुन्छ। ललितपुरको पुलचोकमा एउटा विशाल रथ निर्माण गरिन्छ। परम्परागत शैलीमा रथका ठूलाठूला चारवटा पाङ्ग्रालाई चारवटा भैरवका प्रतीक मानेर जडिएको हुन्छ। एउटा लामो धःमासिं (गोल परेर उठेको फेद भएको एउटा लामो सत्तरी) पनि कर्कोटकनागको प्रतीक गरी जडिएको हुन्छ। रथको उचाइलाई चौध भुवनको प्रतीक गराई उठाइएको हुन्छ। मत्स्येन्द्रनाथ विराजमान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गराउने देवकक्ष भव्यरूपले सिँगारिएको हुन्छ। मत्स्येन्द्रनाथको मूर्तिमा रङ्गरोगन आदि गर्ने काम नेको भन्ने शैवधर्म मान्ने श्रेष्ठहरूले गर्दछन्। नेकोहरू आफूलाई राजा नरेन्द्रदेवका कान्छा छोराका सन्तान भन्दछन्।

त्यसै दिन मत्स्येन्द्रनाथलाई खटमा बोकी तबहालको मन्दिरबाट पुलचोकमा ल्याई रथमा विराजमान गराउने भव्य जात्रा हुन्छ तर त्यो दिन रथ तानिँदैन। त्यसै दिन ललितपुरमा चक्रबहालमा बनाइएको रथमा मीननाथलाई विराजमान गराइन्छ। त्यस रथलाई पनि पुलचोकमै लगिन्छ र मत्स्येन्द्रनाथको रथयात्रा चलुन्जेलसम्म त्यो रथ मत्स्येन्द्रनाथकै रथको साथमा पछिपछि हिँडाइन्छ।

मत्स्येन्द्रनाथलाई रथमा विराजमान गराइएको चौथो दिनमा रथयात्रा सुरु हुन्छ। गाबाहालटोलमा रथ ल्याइपुऱ्याउने दिन गाबाहालटोलको क्षेत्रले चर्चेका वरिपरिका टोलियाहरूले मात्र रथ तान्न जाने चलन छ। बाजागाजासहित धुमधामसँग रथयात्रा गरी गाबाहालमा ल्याइपुऱ्याएपछि त्यस दिन बेलुका त्यस इलाकामा खुसियालीमा पूर्वसन्ध्याको रूपमा जात्रा मनाइन्छ। भोलिपल्ट त्यस इलाकामा प्रत्येक घरले आआफ्नो कुलाचारअनुसार मत्स्येन्द्रनाथलाई अनेक प्रकारका फूल, फल, रोटीसहित भुजाको रूपमा ठूलो थालमा चामल राखेर चढाउन लैजान्छन्। प्रत्येक घरका परिवारका सदस्यहरू मत्स्येन्द्रनाथको दर्शन गर्न र धूपबत्ती चढाई पूजाआजा गर्न जान्छन्। त्यस दिन त्यस इलाकाका मानिसहरूले आआफ्नो नाताकुटुम्ब र इष्टमित्रहरूलाई समेत निमन्त्रणा गरी धूमधामसँग जात्रा गर्ने र भोज खुवाउने चलन छ। गावहालमा ल्याइपुऱ्याएको रथलाई सुनधारा इलाकाका मानिसहरूले गाबाहालबाट तानी सुनधारा पुऱ्याउँछन् र अन्य इलाकाका मानिसहरूले पनि सहयोग गरी सुनधाराबाट रथ तानेर लगनखेलसम्म पुऱ्याउँछन्।

लगनखेलको रथयात्रामा मत्स्येन्द्रनाथको रथको शिखरबाट सिङ्गो नरिवल खसाल्ने एउटा विशेष जात्रा पनि हुन्छ। त्यस दिनको जात्रा हेर्नका लागि चारैतिरबाट आएका नरनारीहरूको असङ्ख्य ठूलो भीड लागेको हुन्छ। पूजाविधि समाप्त भएपछि नरिवल खसाल्ने कार्य हुन्छ। यसरी रथको शिखरबाट खसालेको नरिवल समाउन सक्ने मान्छे निकै भाग्यमानी हुन्छ भन्ने लोकधारणा छ तर त्यो नरिवल समाउनेले पाउँदैन, पुजारीहरूले उसलाई नरिवल समाएबापत दक्षिणा दिई नरिवल फिर्ता लिन्छन्।

नरिवल खसालेको जात्राकै भोलिपल्ट बिहान सबेरै थोरै दर्शकहरूले मात्र हेर्न भ्याइने रथयात्रा हुन्छ। यति वेला केवल आइमाईहरूले मात्र रथ तान्छन् र अन्दाजी सयदेखि एकसय पचास

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हातजति पर तानेर चौबाटोमा पुऱ्याउँछन्। यो जात्राचाहिँ विशेष गरी परिवार नभएका एक्लो जीवन बिताउनुपर्ने आइमाईहरूका लागि मात्र हो भन्ने लोककथन छ (कोइराला, वि.सं. २०५२, पृ. ६१)। त्यसपछि शुभ साइत विना रथ तानिँदैन। ललितपुरको मङ्गलबजारमा सोह्रखुट्टे पाटीमा ज्योतिषीहरूबाट साइत हेर्ने काम हुन्छ। रथ तान्ने साइत तोकिएपछि त्यो दिन जाउलाखेल भेकका र वरिपरि गाउँका मानिसहरू आई रथ तान्न थाल्छन् र रथलाई जाउलाखेलमा पुऱ्याउँछन्। जाउलाखेलसम्म रथ पुऱ्याइएको चौथो दिनचाहिँ भोटोजात्रा हुन्छ।

नेपालमा सबभन्दा लामो अवधिसम्म रहिरहने जात्रा रातो मत्स्येन्द्रनाथको रथयात्रा नै हो। यो रथयात्रा प्रत्येक वर्ष वैशाख शुक्ल प्रतिपदाको दिन आरम्भ हुन्छ, त्यसपछि यो रथयात्रा बीचमा लामो अवधिको अन्तर रही एक महिना, दुई महिना वा कहिलेकाहीँ तीन महिनासम्म पनि लम्बिरहन सक्छ।

यसप्रकार लामो समयसम्म चलिरहने मत्स्येन्द्रनाथको रथयात्रा शैव एवं बौद्ध तान्त्रिक परम्परामा आधारित देखिन्छ। शैव एवं बौद्ध आचार्यहरूद्वारा तान्त्रिक विधिबाट पूजाआजा सम्पन्न गरी मनाइने यो जात्रा काठमाडौँ उपत्यकाको विशिष्ट मौलिक जात्रा हो।

४.३. श्रावणपूर्णिमा (जनैपूर्णिमा)

श्रावणपूर्णिमाका दिन स्नान, ऋषितर्पण र ब्राह्मणहरूको पूजा गरी उपाकर्म र होम गराउनुपर्छ। यस दिन पाटको टालोमा अक्षता, रायो र फूल हालेर पाटकै टालोले बेरी कङ्कण बनाएर दाहिने हातमा धारण गर्नाले भूतप्रेत आदिबाट हुने दोष नाश हुन्छ भन्ने स्कन्दपुराणको वचन रहेको छ। सोही वचनमुताविक नेपालमा कङ्कणको साटो पहेँलोले रङ्गाएको अभिमन्त्रित धागो रक्षाबन्धनका रूपमा धारण गर्ने परम्परा रहेको छ।

काठमाडौँ उपत्यकामा बौद्धमार्गीहरू श्रावणपूर्णिमाका दिनलाई गौतम बुद्धले कामदेवमाथि विजय प्राप्त गरेको पर्वका रूपमा मनाउँछन्। यसै दिन यमराजले यमलोकमा धर्म गरेर आउनेहरूलाई लोकेश्वरको रूप देखाई धर्मोपदेश गर्नुभएको थियो भन्ने कथन छ। यसैले श्रावणपूर्णिमाको दिन प्रत्येक बौद्धमहाविहारलाई सफासुग्घर राखी त्यहाँ भव्यरूपले बुद्धको पूजा गरिन्छ। विहारका प्रदर्शनकक्षहरूमा माटो, ढुङ्गा, काठ, धातु आदिका विभिन्न मूर्तिहरू, पौभाचित्रहरू, प्राचीन शैलीका वस्त्रहरू, आभूषणहरू, हस्तलिखित प्राचीन पुस्तकहरू प्रदर्शन गर्ने चलन छ र यस्तो किसिमको प्रदर्शनी सात दिनसम्म सार्वजनिकरूपले खुला राखिन्छ। श्रावणपूर्णिमाको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रदर्शनीमा काठमाडौँको ठँवहिलमा अवस्थित विक्रमशीलामहाविहारमा सजाएर राखिने महायान बौद्धमार्गीहरूको सबभन्दा ठूलो दर्शनग्रन्थ शतसाहस्रिका प्रज्ञापारमिताको प्रदर्शन विशेष दर्शनीय हुन्छ। यस ग्रन्थको दर्शनका लागि तिब्बती लामा र तीर्थयात्रीहरूको समेत त्यहाँ ठूलो घुइँचो लागेको हुन्छ।

शाक्यसिंह नामक वौद्ध तन्त्रग्रन्थमा श्रावणपूर्णिमामा क्वाँटी(मास, भटमास आदि विभिन्न प्रकारका गेडागुडीबाट तयार गरिएको खाद्यविशेष) खानू जसले गर्दा पेटसम्बन्धी रोग निको हुन्छ भन्ने उल्लेख पाइन्छ (ज.ब.रा., वि.सं. २०२०, पृ. २६० मा उद्धृत) त्यसैले काठमाडौँ उपत्यका र उपत्यकाबाहिरका क्षेत्रमा पनि श्रावणपूर्णिमाको दिन क्वाँटी खाने परम्परा रहेको छ। यसै दिन काठमाडौँ उपत्यका तथा वरपरका क्षेत्रहरूबाट समेत भक्तजनहरू स्नान गर्न गोसाइँकुण्ड जान्छन्। यहाँ मेला भर्न लोग्नेस्वास्नी सँगै जानुहुँदैन, गएमा वियोगमा पर्ने सम्भावना हुन्छ भन्ने नेवार लोककथन छ (खत्री र दाहाल, वि.सं. २०५३, पृ. १३)। सर्वसाधारण भक्तजनहरू मात्र नभएर धामीझाँक्रीहरू समेत यो मेला भर्न आउँछन्।

श्रावणपूर्णिमाका दिन नेवारसमाजमा भ्यागुतालाई पनि त्यसको गुणको ठूलो कदर गरी क्वाँटी खुवाउने चलन छ। भ्यागुताले घण्टासुरलाई वाटो भुलाएर धापमा जाकिदिएको हुनाले त्यो ठूलो परोपकारी र गुणी सम्झिइन्छ। त्यसैले त्यस दिन भ्यागुताको विशेष पूजाआजा गरी क्वाँटी खुवाउने परम्परा रहेको छ। भ्यागुतो र वर्षाको निकट सम्बन्ध छ। भ्यागुताको ट्यारट्यार आवाज सुनेपछि वर्षाका देवता इन्द्रले पानी पार्छन् भन्ने लोकविश्वास रहेको छ।

कृषिअनुष्ठान र वर्षाको निकट सम्बन्ध रहेकाले वर्षाका लागि सहयोग पुऱ्याउने जनविश्वास रहेको भ्यागुतालाई पूजा गर्नु कृषिअनुष्ठानकै एउटा अङ्ग हो। कृषि अनुष्ठानका लागि गरिने कृत्यमा तन्त्रपरम्पराको प्रभाव रहेको कुरा माथि नै चर्चा भइसकेको छ। यसै दिन शीतला अजिमालाई भ्यागुताको सुकेको मासु चढाउने नेवारपरम्परा पनि छ (पूर्ववत्, पृ. १४१)। यस परम्परामा पनि पहिले उल्लेख गरिएको लोकविश्वासको प्रभाव रहेको देखिन्छ।

४.४. गाईजात्रा

गाईजात्रा काठमाडौँ उपत्यकामा मनाइने एउटा विशेष पर्व हो। आफ्नै सांस्कृतिक परिवेशभित्र हुर्केर भव्यताका साथ जनजीवनमा प्रभावशाली बनेका जात्रापर्वहरू नै देश र जातिको अस्तित्वलाई चिनाउने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विशिष्ट सांस्कृतिक पक्ष हुन्। अतः गाईजात्रा नेपाली संस्कृतिको विशिष्ट पर्व हो। वैदिक परम्परामा भाद्र कृष्ण प्रतिपदाको दिन कुनै पर्व, व्रतको उल्लेख पाइँदैन त्यसैले यो जात्रा तान्त्रिक परम्पराको जात्रा हो भन्ने सिद्ध हुन्छ।

सातौँ वा आठौँ शताब्दीतिर काठमाडौँ उपत्यकामा तान्त्रिक साधनापक्षको प्रवेश भयो। ठूलाठूला महायानी पण्डितहरू एवं दार्शनिकहरूले यहाँ आएर अनेकौँ तन्त्रग्रन्थको निर्माण गरे। सहजयानी साधक तथा सिद्धहरू यहाँ आएर बसे। यहीँ आफ्नो साधनाले चमत्कारी सिद्धि प्राप्त गरेर उपत्यकावासीहरूलाई प्रभावित गरे। तन्त्र साधक पद्मसम्भवले नेपालमा आएर करवीरश्मशानमा बसी साधना गरेका थिए। उनी महायानदर्शनका प्रकाण्ड पण्डित शान्तरक्षितको आज्ञा लिएर बुद्धधर्मको प्रचारका लागि तिब्बत गए। त्यहाँ उनले आफ्नो चमत्कारी सिद्धिद्वारा वुद्धधर्मका विरोधीलाई परास्त गरी गुरु रिम्पोछेको नामले देवत्व प्राप्त गरे। तिब्बती लामाबौद्धधर्ममा उनी सर्वश्रेष्ठ गुरुका रूपमा पूजित छन्। यहाँ जति पनि सिद्ध, साधक र विद्वान्हरू आए तिनीहरूले यहाँ तान्त्रिक साधनापक्षको विकास गरे, बौद्धधर्मअन्तर्गत साधनापक्षका तान्त्रिक ग्रन्थको निर्माण गरे र देश, जाति र वातावरणसँग सामञ्जस्य राख्ने सांस्कृतिक पर्वजात्राहरू चलाए। बौद्धतन्त्रवादकै हाराहारीमा शैव तथा शाक्ततन्त्रहरूको पनि यहाँ विकास भयो। ठूलाठूला शैव तथा शाक्त तन्त्रग्रन्थहरू पनि यहाँ लेखिए, भारतसम्म प्रचारप्रसार गरिए जसमा मेरुतन्त्र, कुलचूडामणि, महाकालसंहिता आदि तन्त्रग्रन्थहरू पर्दछन्। कैयौँ तन्त्रग्रन्थहरूले नेपालका कतिपय सांस्कृतिक पक्षलाई समेटेका छन्।

भाद्र कृष्ण प्रतिपदाका दिन गाईजात्रा गर्ने नेपालको आफ्नो मौलिक विशेषता हो। कालव्यूह नामक बौद्ध तन्त्रग्रन्थमा भाद्र कृष्ण प्रतिपदाको दिन एउटा गाईको बाच्छोलाई जाईको माला लगाई घाँटीमा घण्ट लगाइदिनू र पाद्य, अर्घ्य, चन्दन आदिले पूजा गरी धूप, दीप, नैवेद्य दक्षिणासमेत चढाएर स्तोत्र पाठ गरी जात्रा गर्नू, नुन हाली गहुँको पीठोले वनाएको रोटी खानदिनू जसबाट मोक्ष प्राप्त हुन्छ, यस जात्रामा अनेक किसिमका बाजा वजाउनू, गीत गाउनू त्यसले सबै पापहरू नाश हुन्छन्, हजार भिक्षुलाई भोजन गराएको फल पाइन्छ आदि भनिएको छ (ज.व.रा., वि.सं. २०२०, पृ. २६२ मा उर्द्धृत)।

पाटनमा गाईजात्राका दिन बिहानै उठेर किसानहरूले अनेक भेष वनाई थोत्रा भाँडा, डूम, टीन, बाटामा गुडाएर अनेक किसिमका आवाज निकाल्दै शहरका चार कुनामा रहेका अशोककालिक स्तूपको परिक्रमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दछन् । गाईजात्रामा भाग लिने व्यक्तिहरू भने दश बजेतिर कृष्णमन्दिरमा जम्मा हुन्छन् । त्यहाँ कृष्णलीलासम्बन्धी झाँकीहरू हुन्छन्, गाउने र बजाउने मण्डली पनि जम्मा हुन्छन् । त्यसपछि तोकिएको बाटोबाट लाम लागेर नगरपरिक्रमा गर्दछन् (जोशी, वि.सं. २०६७, पृ. १००) ।

भक्तपुरमा कपडाले मोरेको लामो बाँसको टुप्पोमा गाईको चित्र बनाएर टाँसी परालको सिङ बनाई पूजा गरी बोकेर ल्याउने गरिन्छ भने डोकालाई कपडाले छोपेर पुछारपट्टि गाईको थुतुनो बनाई परालको सिङ र अन्य साधनले गाईको रूप बनाई बोकी ल्याउने पनि गर्दछन् (पूर्ववत्) ।

यसप्रकार गाईजात्रा नेपालको मौलिक संस्कृतिको रूपमा देखापरेको छ । विभिन्न लोकधारणा र विश्वासको सम्मिश्रणले यस जात्रालाई विशिष्ट मौलिक संस्कृति बनाएको छ । ती लोकधारणा र विश्वासहरू तन्त्रकै अङ्गभूत विषय हुन् ।

४.५. इन्द्रजात्रा

वैदिक तथा तान्त्रिक परम्परामा इन्द्रको निकै ठूलो महत्त्व रहेको छ । ऋग्वैदिक कालमा इन्द्र शिव वा विष्णुभन्दा पनि प्रमुख देवता मानिन्थे । वर्षाका देवता, युद्धमा विजय प्राप्त गराइदिने देवता, धनधान्य, पशुधन दिने देवता मानिएकाले वेदकालिक समाजमा इन्द्रको स्थान देवताहरूमा सर्वोपरि थियो । मानवजीवनका लागि भौतिक सुखसुविधा प्रदान गर्ने, सूर्य, अग्नि, तारागण एवं स्थावरजङ्गम आदि प्राणीलाई आआफ्नो काममा नियुक्त गर्ने, सर्वोच्च शक्तियुक्त देवता इन्द्र नै भएकाले उनको प्रशंसा, स्तुति र उनका क्रियाकलापको वर्णन गर्ने एक चौथाइ मन्त्रहरू ऋग्वेदसंहितामा सङ्कलित छन् । उनका निम्ति ठूलाठूला यज्ञहरूको विधान वैदिक साहित्यमा पाइन्छ ।

महाभारतको आदिपर्वमा इन्द्रजात्रासँग सम्बद्ध एउटा कथा उपलब्ध छ । उक्त कथाअनुसार मनुको कुलमा उत्पन्न भएका वसु नामक राजाले सर्वप्रथम वर्षा एवं सहकालका देवता इन्द्रका निम्ति अहिंसात्मक यज्ञ गरे । उनको यज्ञले प्रसन्न भएका इन्द्रले राजा वसुलाई दर्शन दिए र एउटा बाँसको अग्लो इन्द्रध्वजा पनि दिँदै हरेक वर्ष यो ध्वजा गाडेर मेरो पूजाआराधना गऱ्यौ भने तिम्रो राज्यमा सधैँ सहकाल हुनेछ, रोगव्याधि हुने छैन, शत्रुमाथि विजय प्राप्त हुनेछ र सबै किसिमका सुखसुविधा प्राप्त हुनेछन्, तिमीलाई म आकाशमा विचरण गर्ने यो विमान पनि दिन्छु, यो विमान चढेर तिमी आफ्नो इच्छित ठाउँमा घुम्न सक्नेछौ भने । उक्त विमान चढेर आकाशमा घुम्दा उनी वसुउपरिचरको नाउँले प्रख्यात भए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजा वसुउपरिचरले इन्द्रले दिएको अग्लो इन्द्रध्वजा शरद् ऋतुमा वाजागाजाका साथ सहरभित्र हुलेर आफ्नो दरबारअगाडि उभ्याएर एक हप्तासम्म इन्द्रको पूजा गरी ढाल्ने चलन चलाए। वसुको इन्द्रध्वजोत्थान समारोहले बढेको बलप्रताप देखेपछि अन्य राजाहरूले पनि इन्द्रध्वजा खडा गरी इन्द्रको पूजाउपासना गर्न लागे। महाभारतको आदिपर्वमा रहेको यस कथालाई समर्थन गर्ने अरू पुराण, धर्मशास्त्र आदि थुप्रै साहित्य छन्। भरतको नाट्यशास्त्र, मनुस्मृति आदि ग्रन्थमा पनि इन्द्रजात्राको प्रसङ्ग पाइन्छ। सबैजसो धर्मशास्त्र, पुराणहरूमा पनि यसको चर्चा छ र पाँचौं शताब्दीका आचार्य वराहमिहिरले बृहत्संहिता भन्ने ग्रन्थमा इन्द्रध्वजा खडा गर्ने विधिविधान र ध्वजापताकाको बारेमा एक अध्याय नै लेखेका छन्। बुद्धकालिक र जैनकालिक समाजमा पनि धूमधामसँग इन्द्रजात्रा गरिन्थ्यो भन्ने कुरा बौद्ध तथा जैन साहित्यबाट थाहा हुन्छ।

नेपालमा विशेषतः काठमाडौं उपत्यकामा इन्द्रजात्रा प्रत्येक वर्ष भाद्र शुक्ल द्वादशीको दिन प्रारम्भ भई आश्विन कृष्ण चतुर्थीको दिन विसर्जन हुन्छ। इन्द्रजात्राको अवसरमा हनुमान्ढोकामा ठड्याइने लिङ्गो काभ्रेपलाञ्चोक जिल्लाअन्तर्गत नालाको योसिङ्गुँ नामको ठूलो सल्लाघारी वनबाट ल्याउने चलन छ। नेवारभाषामा योसिंको अर्थ लिङ्गो र गुँको अर्थ वन हुन्छ। इन्द्रजात्राका अवसरमा हनुमान्ढोकामा ल्याइने लिङ्गो यसै वनबाट ल्याइने भएकाले यस वनको नाम योसिङ्गुँ रहन गएको देखिन्छ। उक्त वनमा शुभ साइतको दिन तान्त्रिक विधिअनुसार बोकाको पूजा गरी त्यसलाई छोडिन्छ र बोकाले छोएको रुखमा नै बलिसहित पूजा गरी त्यसलाई काटिन्छ (पूर्ववत्, पृ. १३)। त्यसपछि त्यस लिङ्गोलाई सामूहिक-रूपले तानेर भोटाहिटीमा ल्याइपुऱ्याइन्छ अनि समरगण पल्टनले औपचारिक सम्मानका साथ सो लिङ्गो हनुमान्ढोकामा ल्याइपुऱ्याउँछ। त्यसपछि त्यस लिङ्गोलाई हनुमान्ढोकाको प्राङ्गणमा तलेजुमन्दिरको अगाडि इन्द्रपुरी नामक मन्दिरको नजिकै भाद्र शुक्ल द्वादशीको दिन बिहान शुभ मुहूर्तमा वाजागाजाका साथ अष्टमङ्गलयुक्त पताकाले सिंगारी उभ्याइन्छ। लिङ्गो उभ्याउँदा देवीनाच गरिन्छ र समरगण पल्टनले इन्द्रलाई औपचारिक सलामी दिने कार्य सम्पन्न हुन्छ। लिङ्गोको फेदमा इन्द्रको सुवर्णमूर्ति स्थापना गरी पूजा र यज्ञ सम्पन्न गरिन्छ। उक्त लिङ्गोको आसपासमा साना लिङ्गाहरू गाडेर तिनका फेदमा कलश राखी अष्टमातृकाको पूजासमेत गरिन्छ।

यसै दिनदेखि इन्द्रचोक र मरुटोलका प्राङ्गणहरूमा इन्द्रका भव्य मूर्तिहरू ध्वजापताकासहित प्रदर्शनीमा राखिन्छन्। इन्द्रचोकमा रहेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आकाशभैरवलाई मध्यरातमा झ्यालबाट बाहिर ल्याई भव्यरूपले सिँगारी इन्द्रचोकमा प्रदर्शन गरिन्छ। हनुमान्ढोकामा देगुतलेमन्दिरमुनि पर्दाले छेकिराखेको श्वेतभैरवको विशाल मूर्ति पनि प्रदर्शन गरिन्छ। हनुमान्ढोका प्राङ्गणमा प्रताप मल्लको समयको विश्वरूप र भैरवका विशाल ढलौटे मूर्तिहरू पनि प्रदर्शन गरिन्छन्। यसैगरी विभिन्न गुठीहरूले स्थापना गरेका इन्द्रका मूर्तिहरू, ऐरावत हात्तीका मूर्तिहरू, भैरवका मूर्तिहरू र अन्य देवीदवताका मूर्तिहरू पनि विभिन्न पाटी, सत्तल, डबली, मठ, मन्दिरहरूमा प्रदर्शन गरिन्छ। द्वादशीकै दिन बेलुका बौद्धधर्मावलम्वी श्रद्धालुहरू आआफ्ना परिवारका परलोकवासीहरूको दिवङ्गत आत्माको शान्तिका लागि विभिन्न धारिणीस्तोत्र पाठ गर्दै, विभिन्न ठाउँका देवीदेवताहरूलाई वत्ती चढाउँदै र पूजा गर्दै तोकिएको परम्परागत बाटो हुँदै नगरपरिक्रमा गर्दछन्।

यस अवसरमा भक्तपुरमा देवीनाच, महाकालीनाच, रामचन्द्रनाच, त्रिपुरासुरनाचजस्ता प्राचीन नाचहरू सुरु हुन्छन्। हलचोकमा रहेको आकाशभैरव र उनका सवो र भकू नामक गणको नाच पनि सुरु हुन्छ। भैरव र सवो एवं भकुगणको प्रतिनिधित्व गर्ने व्यक्तिहरू हनुमान्ढोकाको नासलचोकमा जाँड खुवाइएका मत्त र भयङ्कर राँगोसँग निर्भयसाथ लड्छन्। कहिलेकाहीँ एउटै राँगो मार्न पनि दुईतीन दिन लाग्न सक्छ। भैरव र सवो भकूका रूपमा राँगोसँग लड्ने व्यक्तिहरूले आआफ्नो प्राणलाई हत्केलामा राखेका हुन्छन्। उनीहरूले तान्त्रिक साधनाद्वारा आसुरी प्रवृत्तिको प्रतीक मानिएको राँगोसँग युद्ध गर्दछन्। त्रयोदशीको दिन पनि नाचगानको प्रदर्शन र पूजाआजा चलिरहन्छ। चतुर्दशीको दिन कुमारीको रथयात्रा हुन्छ। कुमारीकै साथमा गणेश र भैरवका रथयात्राहरू पनि हुन्छन्। शुभ साइतमा कुमारीलाई कुमारीघरबाट सजधजका साथ जात्रा गरी बाहिर ल्याएपछि गणेश, भैरव र कुमारीलाई औपचारिकरूपले आआफ्ना रथमा आरोहण गराउने विधि सम्पन्न हुन्छ। रथ तान्नेहरूले गणेश, भैरव र कुमारीका रथहरू तोकिएका मार्गबाट बिस्तारै गुडाउँदै लैजान्छन्। जामा पहिरी मुकुट लगाएका पाँचजना वज्राचार्यहरू वज्रघण्टा बजाउँदै ठाउँठाउँमा मुद्रानृत्य प्रदर्शन गर्दै रथसँगसँगै पछि लाग्छन्। कुमारीको रथयात्रा नगरपरिक्रमाको सिलसिलामा गद्दीबैठक कुमारीघरबाट सुरु भई मरुटोल, जैसीदेवल, लगनटोल, ब्रह्मटोल, भीमसेनस्थान भई फेरि कुमारीघर गद्दीबैठकनेर नै ल्याइपुऱ्याइन्छ। भोलिपल्ट पूर्णिमाको दिन हुने रथयात्रा साबिकको ठाउँबाट सुरु भई प्याफल, नरदेवी, वाङ्गेमुढा, ह्नैकन्तला, असन, इन्द्रचोक, हनुमान्ढोका हुँदै कुमारीघरमा ल्याइपुऱ्याई सम्पन्न हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विशेषरूपले सिँगारिएको कुमारीको रथलाई नगरपरिक्रमा गराउने क्रममा ठाउँठाउँमा पूजाआजा हुन्छ, समयबजी प्रसाद वितरण गरिन्छ। विशेषत: कुमारीको रथ लगन घुमाई जैसीदेवलमा रामचन्द्रको मन्दिरनेर ल्याइपुऱ्याउँदा पूजाआजा र समयबजी प्रसादको वितरण हुने दृश्य रमणीय हुन्छ। जैसीदेवलको डबलीमा कुमारीको रथ ल्याइपुऱ्याउँदा त्यस डबलीमा नचाइराखेको देवीनाच पराकाष्ठामा पुग्दछ। देवीहरू मुद्रा प्रदर्शन गर्दै उफ्रन थाल्छन्। बेलुका कुमारीको रथ गद्दीबैठकनेरको साबिक ठाउँमा ल्याइपुऱ्याएपछि त्यस दिनको जात्राको क्रम समाप्त हुन्छ। त्यसै दिन बेलुका राति कुमारीलाई दशावतारनृत्य देखाउने समारोह हुन्छ। यसमा विष्णुका दश अवतार (मत्स्य, कच्छप, वराह, नृसिंह, वामन, परशुराम, राम, कृष्ण, बुद्ध र कल्की) का कलात्मक लीलाहरू देखाइन्छन्। यसको प्रदर्शन कुमारीघरसँगै रहेको त्रैलोक्यमोहन नारायणमन्दिरको उच्च पेटीमा रङ्गमञ्च बनाई सम्पन्न गरिन्छ। बौद्ध विहारहरूमा भुइँतलामा बुद्धका मूर्तिहरू रहेझैँ दोस्रो तलामा आगमस्थल रहने र त्यहाँ वज्रयानी पद्धतिअनुसारका आगमदेवीहरूको रहस्यमय पूजा हुने परम्परा छ। कुमारीघरमा चाहिँ एउटी बत्तीस लक्षणकी जीवित कुमारीलाई विराजमान गराई पूजाआजा र जात्रा चलाउने परम्परा रहेको छ।

कुमारीलाई तलेजुका कर्माचार्यहरू शाक्त पूजाविधिअनुसार शक्तिस्वरूपिणी भगवतीको रूपमा पूजाआजा गर्दछन् भने बौद्ध वज्राचार्यहरूचाहिँ तान्त्रिक देवी योगिनीको रूपमा बौद्ध तान्त्रिक विधिअनुसार पूजाआजा गर्दछन् (पूर्ववत्, पृ. २३)।

कुमारीको रथयात्रा समाप्त भएपछि सोही दिन राति काठमाडौँको मरुटोलबाट डाँगी निकाल्ने समारोह सुरु हुन्छ। मुकुण्डो र जामा लगाएका डाँगीलाई साधारणतया मानिसहरू इन्द्रकै नामले पुकार्दछन्। कोहीचाहिँ इन्द्रकी आमा पनि भन्दछन्। डाँगीका पछिपछि लाग्नेहरू दिनभरि नै उपवास बसेका हुन्छन् र यिनीहरूले डाँगीलाई एक छिन पनि नछोडी लाम लागेर सद्‌बीज छर्दै पिछा गरेका हुन्छन्।

इन्द्रजात्राकै प्रसङ्गमा काठमाडौँ उपत्यकामा प्रचलित किंवदन्तीअनुसार उहिले देवता र दानवहरू मिलेर समुद्रमन्थन गर्दा एउटा पारिजातको रुख पनि निस्क्यो। त्यस बेला सबैले अनेक मणिमाणिक्य, रत्न, अमृत आदिमा आँखा गाडे। पारिजातको रुखप्रति कसैको ध्यान गएन। मर्त्यलोकको काठमाडौँ उपत्यकामा रहेको एउटा ज्यापूले चाहिँ त्यही पारिजातको रुख ल्याएर आफ्नो बारीमा रोप्यो। पारिजातको रुख हुर्केपछि त्यसबाट अनगिन्ती सुगन्धी फूलहरू फुलेको देखेर ज्यापू दङ्ग पऱ्यो र उसले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिनहुँ त्यो फूल राजालाई चढाउनका लागि लैजान थाल्यो। एक कान दुई कान हुँदै पारिजातको फूलको प्रशंसा सर्वत्र चल्यो र त्यसको बयान स्वर्गमा रहेका इन्द्रकहाँ पनि पुग्यो। आफ्नो नन्दनवनमा अनेक किसिमका फूलका बोटहरू भए तापनि पारिजातको बोट थिएन त्यसैले इन्द्र ज्यापूको बारीमा आइपुगे र त्यहाँ उनले पारिजातको रुख देखेर त्यसको एउटा हाँगा काटी आफ्नो नन्दनवनमा लगेर सार्ने विचार गरे तर त्यो दिनचाहिँ उनले फूलहरू मात्र टिपेर लगे। ज्यापूले तन्त्रविद्या जानेको थियो। उसलाई आफ्नो बारीमा कुनै चोर पारिजातको फूल चोर्ने उद्देश्यले आएको कुरो ज्ञात भयो। त्यसैले उसले पारिजातको बोटमा स्तम्भनमन्त्रको प्रयोग गरी काँचो धागो बेरेर राख्यो। अघिल्लो दिन पारिजातको फूल लिएर स्वर्ग गएका इन्द्र भोलिपल्ट पनि ज्यापूको बारीमा आए। आजचाहिँ उनले सानो हाँगा काटेर लान भनी एउटा हतियार पनि लिएर आएका थिए। ज्यापूले तन्त्रमन्त्र गरेको उनलाई पत्तै थिएन। पारिजातको रुख छुनेबित्तिकै उनका दुवै हात रुखमै टाँसिए। यत्तिकैमा ज्यापू आइपुग्यो। इन्द्रले आफूलाई कसैले नदेखोस् भनेर कुहिरो सृष्टि गरे तर तन्त्रविद्यामा पारङ्गत ज्यापूले कुइरोभित्रै पनि इन्द्रलाई भेट्टायो। इन्द्रले शिर ठाडो गर्न सकेनन्। ज्यापूले इन्द्रलाई पाता कसेर राजाको अगाडि लैजाने निधो गऱ्यो। सभामा पारिजातको फूल चोर्ने चोर ल्याइपुऱ्यायो भन्नेबित्तिकै सबै जना उतैतिर हेर्न लागे। राजाले टाढैबाट इन्द्रलाई देखेर गद्दीबाट ओर्ली इन्द्रको अभिनन्दन गर्न पुगे। यो देखेर सबै जना छक्क परे। राजाले यथार्थ घटना वताउन ज्यापूलाई आज्ञा दिए। ज्यापूले सबै कुरा यथार्थ बतायो। इन्द्रले पनि आफ्नो दोष स्वीकार गरे। राजा अत्यन्त न्यायी थिए। त्यसैले उनले इन्द्रलाई दण्डसजाय तोकिदिए। सजायमुताबिक इन्द्रलाई तीनै सहर घुमाइयो र पछि फेरि इन्द्रलाई राजाका अगाडि उपस्थित गराइयो। राजाले इन्द्रलाई मुक्त गरिदिने आदेश दिए अनि राजाले इन्द्रलाई अभिवादन गर्दै हजुरका सम्मानमा वर्षको एक पटक धूमधामसँग नाचगान गरी जात्रा चलाउन पाऊँ भनी इन्द्रसँग प्रार्थना गरे। राजाको न्यायप्रतिको लगाव देखेर प्रसन्न भएका इन्द्रले तथास्तु भन्दै आफू स्वर्गलोकतिर लागे।

इन्द्रले मर्त्यलोकमा पारिजातको फूल टिप्न आएको दिन भाद्रशुक्ल द्वादशीकै दिन परेको थियो। त्यसैले बर्सेनी एक पटक इन्द्रले आफ्नो दलबलसहित काठमाडौँ उपत्यकामा जात्रा चलाउन जाने नियम बनाए। यसरी काठमाडौँ उपत्यकामा इन्द्रजात्राको परम्परा चल्यो (पूर्ववत्, पृ. २९–३१)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हिन्दू र बौद्ध दुवै परम्परामा इन्द्रको विशिष्ट स्थान रहेको छ। काठमाडौँलगायत नेपालका विभिन्न प्राचीन सहरहरूमा मनाइने इन्द्रजात्रामा वैदिक एवं तान्त्रिक परम्पराको समन्वय भएको छ। इन्द्रजात्राको उत्पत्तिकै विषयमा पनि पुराणहरूमा पाइने कथाभन्दा फरक किंवदन्ती काठमाडौँको जनमानसमा व्याप्त छ। इन्द्रजात्राका अवसरमा गरिने विभिन्न पूजाआजा, प्रदर्शनी, जात्राको स्वरूप हिन्दू एवं बौद्धतन्त्रमा आधारित देखिन्छ। अष्टमातृकापूजा, भैरवपूजा, गणेशपूजा हिन्दू एवं वौद्धतन्त्रपरम्परामा आधारित छन् भने जीवित कुमारीको पूजा विशुद्ध वौद्धतन्त्रमा आधारित भएर वज्राचार्यले सम्पन्न गराउँछन्। कुमारीलाई दशावतार नृत्य देखाउने परम्परामा शाक्तपरम्परा र वैष्णवपरम्पराको समन्वय पाइन्छ। यी सवै विशेषताले गर्दा इन्द्रजात्रा तान्त्रिक परम्पराको जात्रा वन्न पुगेको छ।

४.६. फर्पिङको हरिशङ्करजात्रा

प्रत्येक वर्ष भाद्र शुक्ल द्वादशीको दिनदेखि फर्पिङवजारको वीचमा पुरानो राजदरबारको अगाडि पर्ने डबलीमा हरिशङ्करजात्राको सुरुवात हुन्छ। यहाँ झङ्केश्वरी (गुह्यकालीका दशवटा रूपमध्येको एउटा)को पीठ छ। यसै पीठमा त्यसै ठाउँको तलेजुका पुजारी र दक्षिणकालीका पुजारीले पूजा सम्पादन गर्दछन्। पहिलो दिन प्रारम्भिक पूजा र समस्त देवताको आवाहन गर्ने विधि सकिएपछि दुईवटा बोका वलि दिने प्रथा रहेको छ। भोलिपल्ट त्रयोदशीका दिन जात्रामा रथारोहण गरेर घुमाइने देवताहरूको मूर्ति गोपालेश्वरको आगमघरबाट बाहिर ल्याई गणेशको पाटीमा राखेर पूजा गरी रातभरि त्यहीँ राखिन्छ।

चतुर्दशीका दिन राति शिखरनारायणका पुजारी तथा गोपालेश्वरको आगमघरमा तान्त्रिक पूजा गर्ने कर्माचार्य पुजारीसमेत भई फर्पिङक्षेत्रका समस्त देवीदेवतालाई तान्त्रिक विधिविधानअनुसार काँचो धागाको पुथिका चढाई यज्ञमण्डप बनाएर रातभरि यज्ञ सम्पादन गरिन्छ। यस विधिलाई पुच्छा गर्ने भनिन्छ। भाद्र शुक्ल पूर्णिमाका दिन दिउँसो सर्वप्रथम गोपालेश्वरको रथ तयार गरी चारपाँच बजेतिर सुनको मोलम्वा लगाइएको गोपालेश्वरको मूर्ति रथमा राखिन्छ। सुनको मोलम्वा भएको गजुर राखी रथ सिँगारिन्छ। बेलुका आठ नौ बजेतिर रथमा चँदुवा टाँगेर पोसाक पहिराइसकेपछि राजोपाध्यायबाट पूजा गराइन्छ। पूजा समाप्त भएपछि गोपालेश्वरको रथ कोटालटोलको लाछीमा लगी राखिन्छ। आश्विन कृष्ण चतुर्थीका दिन दिउँसो तिलविक्रमेश्वरको रथ, अघोरेश्वरको रथ,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नन्दिकेश्वरको रथ, शेषनारायणको रथ, महालक्ष्मीको रथसमेत छवटा रथ जम्मा गरी प्रत्येक पीठबाट पुजारी रकमीहरूद्वारा कलश ल्याई स्नान गराएर पूजाआजाका साथ यात्रा गरिने मूर्तिहरू रथमा आसीन गराई केही ठाउँ सारेर राखिन्छ। आश्विन कृष्ण अष्टमीको दिन राति गोपालेश्वरको रथ, तिलविक्रमेश्वरको रथ, दक्षिणकालीको रथ, अघोरेश्वरको रथ, नन्दिकेश्वरको रथ तथा महालक्ष्मीको रथ एवं कालभैरवको मूर्तिचित्र लेखिएको घ्याम्पो र जात्रा गरिने देवताहरू आगमघरमा राखिन्छ। त्यहीँ बलिका लागि समर्पित सातवटा राँगा बाँध्नुपर्ने परम्परा छ। आश्विन कृष्ण नवमीका दिन बिहान उक्त सातवटा राँगा प्रत्येक पीठमा लगी बलि चढाउनुपर्छ। सातैवटा राँगाको मासु प्रसादको रूपमा सातै टोलका रथ बोक्ने विसेटहरूले पाउँछन्। बेलुका नौ दश बजेको समयमा बाजागाजाका साथ दक्षिणकाली, नन्दिकेश्वर र इन्द्रायणीको रथ टोलटोलमा घुमाई रथयात्रा गरिन्छ। रथयात्रा समाप्त भएपछि राति कोछुटोलमा रहेका बौलोह भनिने स्वच्छन्दभैरवमा कोछुटोलका विसेटले कर्माचार्यद्वारा पूजाआजा गराउँछन्। यहाँ एउटा बोकाको बलि दिइन्छ र बोकाको टाउकाको छाला र खुरहरू खुइल्याई कुमारी र तिलविक्रमेश्वरको रथको टाकलमुनि भुजुङ्गोभरि भात राखेर बोकाको टाउकाको पूजाआजा गरी अन्य छ टोलका विसेटहरू समेत जम्मा भई कसाहीहरूलाई बाजा बजाउन लगाएर रातमा फर्पिङका सातै टोलका सबै देवीदेवताको क्षेत्रमा, दोबाटो र चौबाटाहरूमा उक्त भात देवीदेवताको सान्निध्यमा रहने भूत, बेतालगण तथा क्षेत्रपालहरूलाई बलिस्वरूप छरी फर्कन्छन्। यसलाई भूया जानु भनिन्छ। आश्विन कृष्ण दशमीका दिन बिहान कोटेपटोलमा रहेको रक्तभैरवमा पुजारी कर्माचार्यद्वारा पूजा गरी एउटा बोको बलि दिइन्छ अनि रक्तभैरवको प्रसादस्वरूप मद्यले भरिएको तामाको घ्याम्पो बाजागाजाका साथ कोटालटोलमा पुऱ्याइन्छ।

आश्विन कृष्ण एकादशीका दिन राति दश एघार बजेतिर फर्पिङको कोछुटोलको चक्रपूजा हुने ठाउँमा माटाका नौ वटा नयाँ घ्याम्पामा मद्य, पूजाको सामान, एउटा कुखुराको भाले, एउटा राँगो र भातसमेत ठीक पारिसकेपछि पशुपतिक्षेत्रस्थित मृगस्थलीबाट एक दिनअगाडि नै झङ्गेश्वरी मन्दिरमा आई बसेका गोरक्षपीठका महन्त वा निजले खटाएका गोरक्षसम्प्रदायका कनफट्टा योगीहरू समक्ष उक्त नौ घ्याम्पा मद्य राखी चक्रपूजा गरिन्छ। चक्रपूजाको विधि सकिएपछि राति तिलविक्रमेश्वरको कुमारीसहितको रथ, गोपालेश्वरको रथ र महालक्ष्मीको रथ एकै ठाउँमा जम्मा पारी तीनैवटा रथको जात्रा प्रदर्शन गरिन्छ। त्यसपछि शेषनारायणको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रथले भङ्केश्वरीको मन्दिर घुमाई सो मन्दिरभन्दा अलिकति अगाडि रहेको चेप्टो ढुङ्गो नघाएर शेषनारायणको रथ कोछुटोलमा पुगेमा जात्रा समाप्त भएको मानिन्छ ।

गोपालेश्वरको रथ गोपालेश्वरको मन्दिरमा पुगेपछि मात्र अन्य छवटा रथहरू छवटा टोलमा लगिन्छ। गोपालेश्वरको रथजात्रा हुँदाहुँदै भङ्केश्वरीको मन्दिरअगाडि पुग्यो भने वा कोटालटोलका गौरगणेशको अगाडि पुग्यो भने यो अतिक्रमणको दोष निवारण गर्न एउटा कालो बोको ल्याई गोपालेश्वरको रथको धुराका भैरवलाई भोग दिनुपर्ने नियम छ। त्यसका साथै लघुरुद्रीपाठ, चण्डीपाठ, विष्णुसहस्रनाम, गणेशसहस्रनाम पाठ गरी शान्तिस्वस्ति गर्नुपर्ने प्रचलन रहेको छ ।

हरिशङ्करजात्रामा वैदिक, वैष्णव, शैव, शाक्त, गाणपत्य तथा नाथसम्प्रदायको समन्वय देखिन्छ। गोपालेश्वरको मूर्तिमा राजोपाध्यायले वैदिक विधिले पूजा सम्पन्न गर्दछन् भने कर्माचार्यद्वारा सम्पन्न हुने पूजा विशुद्ध तान्त्रिक परम्परामा आधारित हुन्छ। भङ्केश्वरीपीठमा गरिने चक्रपूजामा गोरक्षपीठका महन्तको अनिवार्य उपस्थितिले नाथसम्प्रदायप्रति पनि समान आदर प्रकट गरेको देखिन्छ। वास्तवमा सर्वधर्मसमभाव तान्त्रिक परम्पराको महत्त्वपूर्ण विशेषता नै हो ।

४.७. विजयादशमी

शक्तिपूजाको परम्परा प्राचीन कालदेखि नै हिन्दूसभ्यतामा विद्यमान रहेको थाहा पाइन्छ। शक्ति सृष्टिभित्रको मूल तत्त्व मानिने ऊर्जा हो। वास्तवमा शिव नै शक्ति हुन् र शक्ति नै शिव हुन्। आगो र त्यसको पोल्ने शक्ति अभिन्न भएझैँ शिव र शक्ति पनि अभिन्न छन्। शिव र शक्तिको संयुक्त अवस्थाबाट मात्रै जगत्को उत्पत्ति सम्भव हुन्छ भन्ने शाक्तदर्शन तथा शैवदर्शनको प्रादुर्भाव भएपछि शक्तिको महिमा भन् बढ्यो। शिव र शक्तिको अभिन्नता दर्शाउन शिवकै अनुरूप शक्तिको पनि रूपको कल्पना गरियो। शास्त्रले ईश्वरीय रूपको व्याख्या गर्दा सृष्टिकारक रूप, पालनकर्ता रूप र संहारकर्ता रूपको वर्णन गर्छ। सृष्टि र स्थितिरूप कल्याणकारक सौम्यरूप मानिन्छन् र संहारकर्ता रूपचाहिँ उग्र हुन्छ। भगवती पनि सौम्यरूपा, दयामयी, कल्याणदायी र संहारकारिणी उग्ररूपा पनि छिन्। उग्ररूपा मूर्तिको उपासना गर्दा चाँडै खुसी हुन्छिन् भन्ने धारणाले उग्रतायुक्त सिद्धि चाहनेहरूले काली, चामुण्डा, उग्रचण्डी आदिको उपासना गर्दछन्। उग्ररूपको उपासना गर्दा साधनापक्ष, पूजा, बलि, जप आदि पनि उग्र नै हुन्छ र साधनास्थल पनि एकान्त जङ्गल, पर्वतको शिखर,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्मशानघाट आदि हुन्छन् तथा समय पनि अन्धकारयुक्त रात्रि उपयुक्त हुन्छ तर कल्याणकारक रूपको उपासना मन्दिरमा, घरमा, सुरम्य ठाउँमा गर्न सकिन्छ। भगवती दुर्गाको उपासना पाँचै आम्नायका विधानले गर्न सकिन्छ। अठार हात भएकी, सिंहमा आरूढ दुर्गा उग्रचण्डा हुन् जसको उपासना उग्ररूपले गर्न सकिन्छ भने सोह्र हात भएकी भद्रकाली, आठ हात भएकी नवदुर्गा, चार हात भएकी कल्याणदायिनी दुर्गाको उग्र वा सामान्य दुवै रूपले उपासना हुन्छ। आश्विन शुक्ल प्रतिपदादेखि नवमीसम्मको नवरात्रि भगवतीको उपासना गरिने मुख्य पर्व हो। यी दिनहरूमा साधकहरूले आआफ्ना कुलदेवता एवं इष्टदेवताको पनि उपासना गर्दछन्। काली, श्रीविद्या, तारा, छिन्नमस्ता, धूमावती, मातङ्गी, कमला आदि दश महाविद्याका देवीहरूको उपासना पनि यसै अवसरमा साधकहरूले आआफ्नो दीक्षाक्रमअनुसार गर्दछन्।

आश्विन शुक्ल प्रतिपदाका दिन घरका कोठामा वा बाहिरी मण्डपमा वैदिक वा तान्त्रिक विधिले घटस्थापना गरिन्छ। पूजाकोठा वा घरको पवित्र स्थानमा सुन, चाँदी, तामा, पित्तलमध्ये कुनै धातुको कलश स्थापना गरी तीर्थको जलले उक्त कलशलाई भरी विधिपूर्वक कलशको पूजा गरी त्यसमा भगवती दुर्गाको आवाहन गरिन्छ। कसैले त्यस कलशमा आफ्नी इष्टदेवी, दुर्गा, काली, ताराका मूर्ति वा यन्त्र राखी पूजा गर्दछन् भने धेरैले घडाको जलमा नै आवाहन गर्छन्। त्यसपछि घरको ईशानकोणमा पवित्र स्थानमा लिपपोत गरी शुद्ध माटो वा नदीको राम्रो बालुवाले एउटा वेदी बनाएर त्यहाँ जौ(यव) छरिन्छ। संस्कृतभाषाको यवरोपणको शब्दको अपभ्रंश नै जमरा हो। प्रतिपदाको दिन उक्त कलशमा जयदुर्गाको आवाहन, पूजन गरिन्छ। त्यहीँ दशदिक्पाल, अष्टमातृकाको पनि पूजा गर्ने शास्त्रीय विधान रहेको छ। द्वितीयाको दिन प्रतिपदामै स्थापना गरिएको कलशमा र जमरामा आवाहन र प्रतिष्ठा गरिएको दुर्गाको पूजाआराधना पहिलेकै दिनजस्तो विभिन्न उपचारले भक्तिपूर्वक गरिन्छ। त्यसैगरी तृतीयाको दिन सिन्दूर र आलता, चतुर्थीको दिन मधुपर्क, तिलक र गाजल, पञ्चमीको दिन अङ्गराग र यथाशक्ति आभूषण प्रदान गरी दुर्गाको पूजा गरिन्छ भने षष्ठीको दिन साँझ बेलको रुखमा देवीपूजन र बोधन, सप्तमीको दिन फूलपातीमा नवदुर्गाको आवाहन, अष्टमीको दिन उपवास, कालरात्रिपूजा र बलि, नवमीको दिन उग्रचण्डाको पूजा, खड्ग, शस्त्रअस्त्रको पूजा, बलिदान र दशमीमा निराजन र विसर्जन गरी प्रसादस्वरूप आफ्ना मान्यजनबाट टीका र आशीर्वाद ग्रहण गरिन्छ। कुमारी पूजाचाहिँ सक्नेले प्रतिपदाकै दिनदेखि हरेक दिन गर्ने विधान छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शारदीय दुर्गापूजाका तीनवटा कल्प महाकालसंहितामा बताइएको छ। पहिलो कल्पअनुसार आश्विन कृष्ण नवमीका दिन अठार हात भएकी उग्रचण्डालाई मध्याह्नकालमा शङ्खवादनपूर्वक तरवारमा बोधन गरी विभिन्न पशुपक्षीको वलिदानपूर्वक सोह्र दिनसम्म पूजाआराधना गरिन्छ (महाकालसंहिता, १३।५९४–५९७)। दोस्रो कल्पअनुसार आश्विन शुक्ल प्रतिपदाका दिन सोह्र हात भएकी भद्रकालीलाई जगाएर पूजाआराधना गरिन्छ (पूर्ववत्, १३।५९८–५९९)। तेस्रो कल्पअनुसार आश्विन शुक्ल षष्ठीको दिन साँझपख बेलको हाँगामा दश हात भएकी भगवती दुर्गालाई सप्तमीदेखि नवमीको दिनसम्म पूजा गर्ने चलन रहेको छ (पूर्ववत्, १३।६००–६०३)। नेपालमा चाहिँ दोस्रो र तेस्रो कल्पअनुसार भगवती दुर्गाको पूजाआराधना गर्ने परम्परा रहेको देखिन्छ।

तान्त्रिक परम्पराले भगवतीको उपासना हुन थालेपछि नवरात्रिमा विशेषरूपले देवीको पूजाआजा गरी देवीको प्रतिरूप खड्ग जगाई विजययात्राका लागि राजालाई अर्पण गर्ने चलन चल्यो। यसलाई खड्गसिद्धि भनिन्छ र यस्तो खड्गसिद्धि गर्न खड्ग वनाउने फलाम ग्रहण गर्ने बेलादेखि निर्माण गर्दा र खड्ग जगाउँदासम्म गर्ने तान्त्रिक विधानहरू पाइन्छन् (कोइराला, वि.सं. २०५२, पृ. २९)। दशमी विसर्जन भएपछि अपराह्नतिर कहीँकहीँ राति पनि पुराना दरबारका दशैँघरहरूबाट तथा आगमस्थलहरूबाट पनि बाजागाजासहित खड्गजात्रा बाहिर निकालिन्छ। पूर्णिमाको रात धनधान्यको वृद्धिका लागि श्रीसूक्तले विधिपूर्वक लक्ष्मीको पूजा गरी जागरण बस्नू भन्ने स्वतन्त्रतन्त्रको वचन पाइन्छ (ज.ब.रा, वि.सं. २०२०, पृ. २६८)। सोही अनुसार आश्विन शुक्ल पूर्णिमाको रातलाई कोजाग्रत पूर्णिमाका रूपमा रातभरि जाग्राम बसेर लक्ष्मीको पूजा गर्ने परम्परा नेपालमा विद्यमान छ।

काठमाडौँमा दशैँका चाडमा पचलीभैरव(पञ्चलिङ्ग स्वच्छन्दभैरव) को जात्रा पनि धूमधामसँग प्रदर्शन गरिन्छ। यसै अवसरमा पचलीभैरव र उनका अष्टमातृका गणसहितको नाच पनि ठाउँठाउँमा प्रदर्शन भइरहेको हुन्छ। दशैँ चाडमा काठमाडौँ उपत्यकामा अन्यत्र पनि तान्त्रिक शैलीका देवीनृत्यहरू नचाउने परम्पराहरू छन् (जोशी, वि.सं. २०६७, पृ. ३८)। ललितपुरमा नवरात्रिदेखि विजयादशमीसम्म प्रत्येक रात मूल चोकमा अष्टमातृकानृत्य नचाउने परम्परा छ।

दशैँ मूलतः शक्तिसाधनाको पर्व हो। शक्तिसाधना नै तन्त्रको मुख्य प्रयोजन हो। शक्तिको उपासनाद्वारा आफूभित्र अन्तर्निहित शक्ति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जगाउन र अभीष्टसिद्धिका लागि नै विभिन्न शक्तिको उपासना तन्त्रमार्गले गरिन्छ ।

४.८. तिहार

असुरकुलका महान् राजा बलि अत्यन्त दानी थिए । उनको दानको प्रतापले आत्तिएका इन्द्रले आफ्नो स्वर्गको आसन वचाइदिन विष्णुसँग प्रार्थना गरे । विष्णु पनि वामनको अवतार लिई भिक्षा माग्न भनी बलिको दरवारमा गए । उनले वलिसँग तीन पाउ जमिन मागे । महादानी बलिका लागि तीन पाउ जमिन दिनु कुनै ठूलो कुरो थिएन । उनले दिने प्रतिज्ञा गरे । विष्णुका अवतार वामनले पनि त्रिविक्रमरूप धारण गरी एउटा पाउ स्वर्गमा र एउटा मर्त्यलोकमा राखे । अर्को पाउ राख्ने जमिन माग्दा बलिले आफ्नो टाउको देखाए । बलिको दानशीलता देखेर विष्णु अत्यन्त प्रसन्न भए र बलिलाई सुतल नाउँको लोकको राजा बनाए । विष्णुले बलिलाई वर माग्न आग्रह गरे । उनले चार महिना आफूलाई दर्शन दिनका लागि विष्णुले सुतलमा बसिदिनुपर्ने वर मागे । विष्णुले आषाढ शुक्ल एकादशीदेखि कार्तिक शुक्ल एकादशीसम्म बलिकहाँ गएर सुत्ने तथा कार्तिक कृष्णपक्षका अन्तिम पाँच दिन राजा बलिले तीनै लोकको राज्यभोग गर्न पाउने वरदान दिए । त्यसपछि देवता र मान्छेले गरेको राज्यभन्दा आफ्नो पाँच दिनको राज्यमा विशेषता देखाएर बलिको राज्य भन्ने चिनाउन पाँचै दिन दीपावलीले घर, गोठ, मन्दिर, प्रमुख बाटाघाटा झकिझकाउ पार्नुपर्ने र यसो गरेमा लक्ष्मी खुसी भएर दीपावलीको उत्सव मनाउनेको घरघरमा बस्नुपर्ने, यमराज पनि खुसी हुने वर पनि प्राप्त गरे ।

त्यसै बेलादेखि प्रतिवर्ष पाँच दिन राजा बलिको राज्य मान्ने प्रथा चल्यो । इन्द्रादि दशदिक्पालले बलिलाई राज्य गर्न छाड्नुपर्ने हुँदा, यमराजले पनि वर्षका पाँच दिन बिदा पाउने भए । त्यसैले उनले बिदाका पाँच दिनमा बहिनी यमुनाका घरतिर गएर बिताउने विचार गरे । बहिनीको स्वागतसत्कार पाएर प्रसन्न भएका यमराजले बिदा हुने अन्तिम दिनमा बहिनीबाट टीकाग्रहण गरे र बहिनीलाई पनि पूजाआजा गरी वस्त्र तथा आभूषणहरू दिए । लोकले पनि यसै गरेमा दाजुभाइको आयु एवं कीर्ति बढ्ने, धनधान्य वृद्धि हुने र दिदीबहिनीका घरमा पनि सौभाग्यको वर्षा भइरहने वरदान दिए । यिनै कथाका आधारमा तिहारको यमपञ्चक नाउँ रह्यो र यस चाडलाई ठूलो चाडको रूपमा मनाउने चलन चल्यो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मीठो खानु, राम्रो लाउनु, मोजमज्जा गर्नु नै चाडको महत्त्व भएकाले तिहारमा नाना किसिमका रोटी पकाई खाने, जूवा खेल्ने, नाचगान गर्ने, भैलो र देउसी खेल्ने गरिन्छ ।

त्रयोदशीका दिन कागलाई पूजा गरी भोजन दिने, चतुर्दशीका दिन कुकुर पूजा गरी भोजन दिने र औंसीका दिन गाईको पूजा गरी मीठो कुरा खान दिने र साँझमा भगवती लक्ष्मीको धूमधामसँग पूजा गरी दीपावली गरिने यो पर्व भारत र नेपालमा उस्तै प्रकारले मनाइन्छ ।

लक्ष्मीपूजाको दिनमा मार्जन र दीपदानसमेत गर्नू, घरमा धूप बाली घरलाई बास्नायुक्त बनाई मिठाइ, विभिन्न किसिमका फलफूल, दही, बिमिरो, कटुस, धान, अक्षता आदि स्थापना गर्नू भन्ने लक्ष्मीकुलार्णवतन्त्रको वचन पाइन्छ (ज.ब.रा, वि.सं. २०२०, पृ. २७२ मा उद्धृत) । त्यसै अनुरूप लक्ष्मीपूजा गर्ने परम्परा नेपालमा रहेको छ ।

कार्तिक शुक्ल प्रतिपदाका दिन तराईतिर बलिराजाको चित्र लेखेर पूजा गर्ने चलन कहीँकहीँ पाइन्छ भने पहाडतिर बलिराजाको प्रतिमा थापेर वा सुपारी, नरिवल स्थापना गरी पूजा गर्दछन् । साथै गाईका गोबरको पहाड बनाई गोवर्धनको पूजा गर्ने चलन पहाड र तराईमा पनि छ । त्यस दिन गोरु तथा बाच्छाको पूजा गरी नून, पीठो, रोटी आदि पक्वान्न खान दिइन्छ । त्यसै दिन बलिया गोरुहरू जुधाएर हारजितको रमाइलो गर्ने प्रथा तराईवासी कृषकहरूमा चलेको पाइन्छ ।

गोवर्धनपूजा र गोरुपूजाको सम्बन्ध कृषिकर्मसँग रहेको प्रत्यक्ष देखिन्छ । वर्षाका लागि इन्द्रलाई नभई रुखबिरुवाले युक्त गोवर्धनपर्वतलाई पूजा गर्ने परम्परा भगवान् श्रीकृष्णले प्रारम्भ गरेको प्रसङ्ग भागवतमहापुराण आदिमा पाइन्छ । कृषिउत्पादनका लागि वर्षाको ज्यादै ठूलो महत्त्व रहने भएकाले वर्षाको कारण मानी गोवर्धनपर्वतको पूजा गरिएको र गोरुले खेतबारी खन्ने भएकाले उसको पनि पूजा गरिएको हुनुपर्छ । कृषिउत्पादन र तन्त्रको सम्बन्धबीच माथि चर्चा भइसकेको छ त्यसैले गोवर्धनपूजा, गाईपूजा र गोरुपूजा तान्त्रिक परम्पराकै उपज हो भन्नुमा कुनै आपत्ति छैन ।

उपत्यकाभित्रका नेवारजातिमा म्हः पूजाको नाउँले गरिने स्वपूजा वा आत्मपूजा पनि यसै दिन गरिन्छ । "स्वात्मैव देवता प्रोक्ता ललिता विश्वविग्रहा" भनेर तन्त्रले आफैंलाई ईश्वर मानेको छ, आफू देवता बनेर स्वदेवताको पूजा गर्नू भनेको छ । भैलो खेल्नु र देउसी खेल्नु पनि नेपालीहरूको विशेष संस्कृति हो । लक्ष्मीका रूपमा परापूर्वकालदेखि पूजित गाईको बिहान पूजा गरी साँझमा दीपावलीले सजधज गरी लक्ष्मीको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आवाहन र पूजा गरेपछि गाउँघरका तरुणी तथा केटाकेटीहरू जम्मा भएर मीठो स्वरमा भैलो भनेर गाउँदै घरघरमा माग्दै हिँड्छन्। भोलिपल्ट देउसी खेल्ने चलन छ।

द्वितीयाको दिन दाजुभाइलाई दिदीबहिनीले पूजा गरी टीका लगाई मीठो खान दिन्छन् र दाजुभाइले पनि दिदीबहिनीको सत्कार गरी पूजा गर्ने तथा वस्त्र एवं आभूषण दिने गर्दछन्। त्यस दिन आत्मपूजाजस्तै गरेर दाजुभाइको पूजा गर्नू र दिदीबहिनीको हातबाट पुष्टिवर्धक चीजहरू खानू भन्ने ज्योतिस्तन्त्रको वचन पाइन्छ (पूर्ववत्)।

तिहारले सांसारिक सुखभोगलाई महत्त्व दिएको छ, लौकिक जीवनमा उपयोगी वस्तुलाई सम्मान गर्न सिकाएको छ र पारिवारिक स्नेहलाई महत्त्व दिएको देखिन्छ। नेवारसमाजमा प्रचलित म्हपूजाले आफूलाई नै देवता मान्न सिकाएको छ जुन तान्त्रिक दर्शनको आधारभूत सिद्धान्त हो। यस आधारमा तिहार चाडमा तन्त्रवादका विविध पक्षहरू लुकेर रहेका देखिन्छन्। तन्त्रले संसारलाई अस्वीकार गर्दैन बरु सांसारिक सुखभोगलाई नै साधनाको अङ्ग बनाउन सकिने धारणा राख्दछ। यसरी हेर्दा तिहार तान्त्रिक वैशिष्ट्यले युक्त चाडका रूपमा रहेको देखिन्छ।

४.९. धान्यपूर्णिमा

मंसिर शुक्ल पूर्णिमाका दिन धानको भकारीमा पूजा गर्ने परम्परा नेपालमा रहेको छ। यसै दिन काठमाडौँ उपत्यका र उपत्यकाबाहिरका नेवारहरू पनि धानको भकारीमा पूजा गरी त्यहाँ योमरी(नेवार जातिमा प्रचलित एक प्रकारको खाद्यपदार्थ) चढाई प्रसादस्वरूप योमरी खान्छन्, धान्यपूर्णिमालाई योमरी पुन्हीका नामले मनाउँछन्। यसै दिन राईलिम्वूहरू उधौलीपर्व मनाउँछन्। खसआर्यसमुदायमा धानको भकारीमा पूजा गरी यसै दिन धान्यपूर्णिमाका रूपमा न्वागी खाने चलन रहेको छ। कुनैकुनै ब्राह्मणक्षेत्रीको कुलमा यसै दिन कुलदेवताको पूजा गरी नयाँ अन्न कुलदेवतालाई चढाएर मात्र खाने चलन पनि रहेको छ। कुलकल्पतन्त्रमा मंसिर शुक्ल पूर्णिमाको प्रदोषकालमा धानको भकारीमा पूजा गर्नू भन्ने स्पष्ट वचन पाइन्छ (पूर्ववत्, पृ. २७६ मा उद्धृत)। त्यसैगरी तन्त्रान्तरमा मंसिर शुक्ल पूर्णिमाका दिन प्रदोषकालमा योमरी राखेर धानको भकारीमा पूजा गरी सो योमरी चढाएर कुबेर, सुभद्रा र गणेशको पूजा गर्नू भन्ने वचन रहेको छ (पूर्ववत्)। अतः धान्यपूर्णिमा मनाउने नेपाली परम्परा पनि तन्त्रमा नै आश्रित देखिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४.१०. बालाचतुर्दशी

प्रत्येक वर्ष मंसिर कृष्ण चतुर्दशीका दिन पशुपतिक्षेत्रमा बालाचतुर्दशीको मेला लाग्दछ। आफ्नो घरपरिवारका कुनै सदस्यको मृत्यु भएको वर्ष बालाचतुर्दशीको दिनमा आआफ्ना घरपरिवारका मृतजनहरूलाई तार्नका लागि, उनीहरूको दिवङ्गत आत्मालाई शान्ति दिलाउनका लागि सबै जना पशुपतिक्षेत्रमा सद्बीज छर्न भेला हुन्छन्।

बालाचतुर्दशीका दिन यात्रुहरू वाग्वतीनदीमा स्नान गरी पशुपतिको दर्शन र पूजाआजा सकिएपछि पशुपतिक्षेत्रको श्लेष्मान्तकवनमा तोकिएको बाटो हुँदै कैलास, सूर्यघाट, गौरीघाट, आर्यघाट, गुह्येश्वरी, पशुपति, मृगस्थली, विश्वरूप, किराँतेश्वर आदि देवस्थल तथा पीठहरू चहार्दै मृतजनहरूका दिवङ्गत आत्माको शान्तिका लागि सद्बीज छर्दै घण्टौंसम्म पदयात्रा गर्दछन्। उक्त पदयात्राका क्रममा मृगस्थलीमा पुगेपछि त्यहीँ रहेका बहिरा गणेशस्थानमा पुगेपछि यात्रुहरू गणेशजीको कानमा चिच्याउँदै आआफ्ना घरपरिवारका मृतजनहरूले पाउने गरी आआफ्ना सन्देशहरू पुऱ्याइदिन अनुरोध गर्दछन्।

बालाचतुर्दशीपर्वका विषयमा काठमाडौं उपत्यकामा प्रचलित लोकधारणाअनुसार पशुपतिनाथको नजिकै वाग्वतीनदीको किनारमा रहेको आर्यघाटमा एकचोटि मुर्दा पोल्ने पेसा अपनाएर बसेको बालानन्द नामक एक जना मानिसले खाजा खान लाग्दा मुर्दाको टाउको पड्केर त्यसबाट उछिट्टिएर आएको गिदी उसको खाजामा पऱ्यो। उसलाई आफ्नो खाजामा गिदी उछिट्टिएर आएको पत्तो नै भएन। उसले मुरूमुरू चिउरा चपायो। उसको जिब्रोले गजबको मीठो स्वाद अनुभव गऱ्यो। त्यसपछि उसले खूब विचार गऱ्यो र खाजा मीठो हुनुको कारण पत्ता लगायो। त्यसै बेलादेखि ऊ मुर्दाको गिदी खान पल्क्यो। मरेको मान्छेको गिदी खान पल्केको बालानन्द घर जान पनि छोड्यो। ऊ त्यतै वनमा बस्न थाल्यो। मुर्दा ल्याएको देख्यो कि ऊ गिदी नै ताक्थ्यो। त्यसो हुँदा मानिसहरूले विधिपूर्वक मुर्दा पोलेर भस्म र अस्थि वाग्वतीनदीमा बगाउनै पाएनन्। हुँदाहुँदा मलामी आउनेहरू पनि बालानन्दसँग डराउन थाले। दाह्री, जुँगा र कपाल लामो भएको बालानन्द अन्य मानिसहरूका दृष्टिमा राक्षसभैँ लाग्न थाल्यो। अब उसलाई मानिसहरू बालासुर भन्न थाले। मुर्दाको गिदी खान पल्केको बालासुरले ज्यादै नै डरत्रास दिन थालेपछि त्यसलाई कसरी मार्ने भन्ने प्रश्न उठ्यो। बालासुरको वृषसिंह नाम गरेको एक जना पुरानो मीत छ, उसकै हातबाट त्यस नरमांसभक्षी राक्षसलाई मार्न लगाउनुपर्छ भन्ने सबैको मतबमोजिम वृषसिंहलाई बोलाउन पठाई उसलाई सबै कुरा सिकाएर मीत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भेट्न पठाइयो। पशुपतिको जङ्गलमा मीतलाई देख्नेवित्तिकै वृषसिंहले उसलाई असल रक्सी र मीठामीठा खानेकुरा खान निमन्त्रणा गऱ्यो। रक्सीको नाम सुन्नेवित्तिकै वालासुरले कान ठाडो पाऱ्यो र गिदीसँग रक्सी खाने सुर कस्यो तर मीतले दिएको रक्सी खानेवित्तिकै त्यो वालासुर बेहोस भयो अनि सबैले उसलाई घिसार्दै त्यहीँ मृगस्थलीनजिकको एउटा इनारमा खसालेर मारे। त्यसपछि मानिसहरूले निश्चिन्त भई घाटमा मुर्दा पोल्न थाले। उता आफ्नो वाल्यकालको मित्र बालानन्दको हत्या गर्ने वृषसिंहलाई चाहिँ मनमा कत्ति पनि शान्ति भएन। अनाहकमा ठूलो पाप गरेँ भन्ने उसलाई लाग्न थाल्यो। एक दिन उसले सपनामा शिवजीको दर्शन पायो, उसलाई सद्बीजको महत्त्वको ज्ञान भयो र पशुपतिक्षेत्रको श्लेष्मान्तकवनमा सद्वीज छर्न गयो। उसले सद्वीज छरेको दिन मंसिर कृष्ण चतुर्दशी परेको थियो। उसले सद्बीज छरेको रहस्य सबैले थाहा पाए अनि सद्बीज छरेमा अगतिमा परेका पितृहरू तर्छन् भन्ने धारणा व्यापक वन्दै गयो। मंसिर कृष्ण चतुर्दशीको नाम पनि बालाचतुर्दशी रह्यो। त्यसै वेलादेखि प्रत्येक वर्ष मंसिर कृष्णचतुर्दशीका दिन पशुपतिमा बालाचतुर्दशीको मेला लाग्ने प्रथा चल्यो (जोशी, वि.सं. २०६७, पृ. ५०)।

मङ्सिर कृष्ण चतुर्दशीको नाम 'बाला' हो। उक्त बालाचतुर्दशीका दिन शिवको पूजा गरी व्रत बस्नुपर्छ भन्ने कुलागमतन्त्रको वचन पाइन्छ (ज.ब.रा., वि.सं. २०२०, पृ. २७४ मा उद्धृत)। यसरी बालाचतुर्दशीका दिन शिवपूजा गरी व्रतपूर्वक मृगस्थली घुमेर सुनको रत्तिबराबरको एक गेडा सद्बीज छरेमात्रै पनि पुनर्जन्म हुँदैन भन्ने वाराहीतन्त्रको वचन पाइन्छ (पूर्ववत्)। अतः कुलागमतन्त्र तथा वाराहीतन्त्रमा बालाचतुर्दशीको उल्लेख हुनु एवं उक्त पर्वको महत्त्वसमेत देखाउनु र यस पर्वका सम्वन्धमा निश्चित लौकिक धारणाको समेत विकास हुनुले यो पर्व तान्त्रिक परम्पराको पर्व हो भन्ने सिद्ध हुन्छ।

४.११. नुवाकोटको देवीजात्रा

नुवाकोटमा प्रचलित जात्रामा देवीजात्रा वा भैरवीजात्राको प्रसिद्धि सबैभन्दा बढी छ। प्रमाण नपाइएको हुँदा देवीजात्राको प्रचलन कहिलेदेखि सुरु भयो भन्ने कुरा निश्चित गर्न सकिएको छैन तर यस जात्रामा जुन किसिमको तान्त्रिक प्रभाव घुसेको छ त्यसलाई विचार गर्दा पछिल्लो लिच्छविकाल वा मध्यकालको सुरुतिर यो जात्रा आरम्भ भएको हो भन्ने अनुमान गर्न सकिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देवीजात्रा हरेक वर्ष चैत्रशुक्ल अष्टमीदेखि सुरु हुन्छ। त्यस दिन प्राचीन परम्पराअनुसार धामीले डमरु बजाई घरघरमा अक्षता उठाउने विधि सम्पन्न गरी जात्राको आरम्भ गरिन्छ। जनताबाट त्यसरी उठाइएको चामलबाट जाँड बनाई जात्राको अवसरमा धामी र अरू खलकीलाई खुवाइन्छ। त्रयोदशीको दिन कुमार, गणेश, धामी आदि देवीघाटमा गई निमन्त्रणा पूजा गर्दछन्। चैत्रशुक्ल पूर्णिमाको दिन धामीको स्नानकार्यबाट जात्राको मुख्य विधान सुरु हुन्छ। यो स्नानविधि निकै रोचक देखिन्छ। बढाइँका साथ धामी आफ्नो निवासस्थानबाट निस्की घरअगाडिको मण्डपमा गएर उभिन्छन्। धामी निस्कने बेलामा गणेश ढोकामा उभिएका हुन्छन्। ढोकाको दुवै छेउमा निशान ठड्याइएको हुन्छ। मण्डपमा धामी उभिएपछि सम्बद्ध वज्राचार्यको निर्देशनअनुसार कुमारीले चाँदीको करुवामा पानी दिन्छिन् र बढाइँका साथ धामीले स्नान गर्दछन्। धामीको स्याहारसुसार गर्नेले धामीको शरीर पुछिदिने कार्य आदि सकिएपछि धामीलाई दोसल्ला ओढाई दिन्छन् अनि धामी मण्डपबाट गई ढोकाको सङ्घारनजिकै राखिएको आसनमा उभिन्छन्। त्यहाँ नापित(कपाल काट्ने परम्परागत पेसा भएका नेवार जाति)का दम्पतीले दिनभर निराहार बसी धामीको पूजा गर्ने प्रचलन छ। त्यसपछि धामी आफ्नो निवासस्थानमा फर्किन्छन्। त्यसै दिन धामीलाई विधिवत् पोसाक पहिराउने काम गरिन्छ। धामीले लगाउने सुनको जलप भएको मुकुटको माथिल्लो भागमा नागका नौ फणा अङ्कित हुन्छन्। कानमा गोकुल, गलामा मुण्डमाला र अष्टमातृकाको मूर्ति कुँदिएको कण्ठी हुन्छ। दुवै हातमा ठूलाठूला बाला, दायाँ हातमा डमरु र बायाँ हातमा कपालपात्र लिएका हुन्छन्। रातो भोटो र रातै जामाका साथ चाँदीको पेटी लगाएका हुन्छन्। समग्रमा उनी भैरवस्वरूपका देखिन्छन्। सगुन लिने कार्य सकिएपछि बन्दुकको आवाजको साइतमा धामी आफ्नो निवासस्थानबाट निस्की दौडेर क्षेत्रपाल रहेको स्थानमा गई बस्छन्। धामी दौडेको यो दृश्य केही डरलाग्दो र रमाइलो देखिन्छ। यहाँ तन्त्रविधिअनुसार सम्बद्ध वज्राचार्यद्वारा मन्त्र पढ्ने र तदनुसार गुठियारद्वारा पूजा गर्ने कार्य आरम्भ हुन्छ अनि भैरवीलाई महाबलि दिने विधान गरिन्छ। यसभन्दा अघि सम्बद्ध वज्राचार्यले मन्त्रबलद्वारा धामी र धमिनीमा भैरव एवं भैरवीको आवेश गराउने विधान गरिन्छ। देवता चढेपछि धामी र धमिनी काम्न थाल्छन्। भैरवलाई दिइएको महाबलिको जाँड पिउन धामी निकै डरलाग्दोसँग झम्टन्छन्। चार पाँच जनाले धामीलाई रोक्छन्। यो दृश्य निकै उत्तेजक हुन्छ। त्यसपछि वज्राचार्यले मन्त्रोच्चारणका साथ धामीलाई 'अजः' (गाजल) लगाइदिन्छन्। प्रसादस्वरूप यो अजः भक्तजनहरूले पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लगाउँछन्। यो अजः लगाएपछि भूतप्रेतको डर हुँदैन भन्ने बूढापाकाहरूको भनाइ छ। यसरी महाबलिको यो महत्त्वपूर्ण विधान पूरा भएपछि बाजागाजाका साथ धामीको यात्रा बूढीदेवतास्थान (जनविश्वासअनुसार भैरवीको माइती) पुगी टुङ्गिन्छ।

त्यसपछि लिङ्गो उभ्याउने अर्को उल्लेखनीय विधान सुरु हुन्छ। लिङ्गो गाड्ने स्थानसँगै दक्षिणपट्टि रहेको आसनमा धामी बस्छन्। लिङ्गो प्रत्येक वर्ष नयाँ काट्ने चलन छ। लिङ्गो वयालीस हातको हुनुपर्छ। लिङ्गोलाई विधिवत् पूजा गरिसकेपछि लिङ्गो ठड्याउने कार्य प्रारम्भ हुन्छ। यो विधान पूरा नहुन्जेलसम्म जस्तोसुकै दैवीप्रकोप आदि आइपरे पनि धामीले आफ्नो आसन छोड्नुहुँदैन। लिङ्गोमा आलम झुण्ड्याइन्छ। त्यसपछि धामीले बाजागाजाका साथ देशवन्दना वा देशान्तरयात्रा गर्दछन्। भैरवीस्थानको पूर्वपट्टि त्यस्तै लिङ्गो ठड्याउने विधि सम्पन्न भएपछि लिङ्गो गाड्ने उत्सव समाप्त हुन्छ।

प्रतिपदाको दिन धामीलाई गणेशकहाँ भोज खुवाइन्छ। त्यसपछि धामी र धमिनी आफ्नो निवासस्थानमा भित्रिन्छन्। केही बेरपछि धामी, धमिनी, गणेश आदि बाजागाजाका साथ तलेजुमन्दिरमा भित्रिन्छन् र त्यहाँ वज्राचार्यद्वारा आवश्यक पूजाआजा गरेपछि यो जात्रा देवीघाटका लागि अघि बढ्छ। खटमा भैरव र अष्टमातृकाका मूर्ति सजाइएका हुन्छन्। लच्याङ्का छत्तीस जनाजति भोटेहरूले खट बोकेका हुन्छन्। भोटेहरूले नै धामी र धमिनीलाई पनि बोकेका हुन्छन्। धर्मपानी, बट्टार हुँदै यो जात्रा देवीघाट जालपादेवीअगाडि पुगी रोकिन्छ। धामी र धमिनीले त्रिशूलीनदीमा स्नान गर्दछन्। त्यहाँबाट जालपादेवीको स्थानसम्म कपडा बिछ्याएर धामी र धमिनीलाई लगिन्छ। देवीघाटमा वज्राचार्यद्वारा विशेष अनुष्ठान गरिन्छ। राँगा, बोका आदिको भोग धामीलाई दिइन्छ। अन्त्यमा एउटा माछाको भोग दिइन्छ। यो माछा भोग दिनुभन्दा केही समयअगाडि मात्र जाल थापेर समातिन्छ। यसरी जाल थापेपछि एउटा न एउटा तुरुन्त परिहाल्छ भन्ने जनविश्वास छ।

त्यसपछि देवता चढेका धामीबाट आउँदो सालको भविष्यवाणी सुन्ने कार्य हुन्छ। अन्त्यमा भैरवीलाई कालो बोकाको भोग दिइन्छ अनि सो बोकाको टाउको र मुटु हवन गरिन्छ। धामी र धमिनी देवीस्थानबाट द्वारपालस्थानसम्म आइपुगेको सङ्केत बन्दुकको आवाजबाट दिएपछि मात्र त्यहाँका मानिस घरबाट बाहिर निस्कन्छन् अनि सो देवीयात्रा नुवाकोट दरबारक्षेत्रतिर लाग्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उक्त जात्रा फेरि वट्टार हुँदै धर्मपानी पुगेपछि त्यहाँ धामी र धमिनी आदिको पूजा गरिनुका साथै तिनीहरूलाई भोग खुवाइन्छ। त्यहाँबाट सो जात्रा तलेजुमन्दिरतिर जान्छ। भैरवीस्थान पुगेर धमिनीलाई सिन्दूर लगाइदिएपछि सो जात्राले सिन्दूरजात्राको रूप लिन्छ अनि तलेजुमन्दिरमा पुगी जात्रा फेरि भैरवीस्थानमा फर्किन्छ। जात्रा भैरवीस्थानमा पुगेपछि धामी र धमिनी आफ्नो निवासस्थानमा भित्रिन्छन्। सोही रात भैरवीस्थानको पूर्वपट्टि रहेको डबलीमा धामीलाई विशेष भोग दिने कार्य गरिन्छ। सो विशेष भोगको कार्यक्रम हेर्न मानिसहरू रातभर जाग्राम बस्छन्। यस अवसरमा बढाइँ गरिन्छ। आफ्नो शरीरमा भैरवको आवेश भएका धामीले भोग चढाइएको राँगा र बोकाको रगत पिउँछन्।

वैशाख कृष्ण अष्टमीको दिन मन्दिरबाहिर खटमा रहेका भैरव आदिका मूर्तिहरू मन्दिरमा भित्र्याइन्छन्। भैरवीस्थान र बूढीदेवतास्थानका लिङ्गो क्रमशः नवमी र दशमीका दिन ढालिन्छन्। अन्तमा बाह्र भाइखलकबाट भैरवीस्थान र तलेजुमन्दिरमा क्षमापूजा सम्पन्न भएपछि यो देवीजात्राको कार्यक्रम समाप्त हुन्छ।

४.१२. घोडेजात्रा

नेपालीहरूको परम्परागत जात्राहरूमा विकसित रूपमा देखा परेको जात्रा घोडेजात्रा हो। यस जात्राको पुरानो रूप ललितपुरमा हुने घोडेजात्रामा देख्न सकिन्छ। उक्त जात्राको स्थानीय परम्पराअनुसार रिसल्ला तबेलाबाट एउटा घोडा ल्याइन्छ। त्यस घोडालाई पूजाआजा गरी फूलको माला लगाइन्छ र भिन्न विशिष्ट शैलीको पोसाक लगाएको र लामो चुल्ठो पालेको घोडचढी गुठीको पूजाआजा सकिएपछि आफूले आफैँलाई बिर्सिने गरी निर्भीक भएर घोडा चढ्न थाल्छ। बाजा बजाउनेहरू बाजा बजाउन थाल्छन्। जात्रा गरी ल्याइएका पीठदेवताका खटहरू पनि लाम लगाइएका हुन्छन्। हेर्न बसेका दर्शकहरूको अपार भीड हुन्छ, घोडाका पछि लाग्ने दर्शकहरू पनि त्यत्तिकै हुन्छन्। दर्शकहरूको माझबाट केही हुल्याहाहरू हाहा र हूहू गरी घोडालाई तर्साउँछन्। घोडा तर्सिएर दौडन थाल्छ अनि बालकुमारी स्थानको खुला चौरमा पुगेपछि फेरि हाहा र हूहू गरी घोडालाई कहिले यता र कहिले उता गरी दौडाइन्छ, घोडचढी कहिलेकाहीँ घोडाबाट लड्न पनि पुग्छ, ठूलो तमासा हुन्छ। जात्रा सिद्धिएपछि घोडा रिसल्ला तबेलामा नै बुझाउन लगिन्छ (जोशी, वि.सं. २०६७, पृ. ६५)।

घोडेजात्राको दिन काठमाडौं सहरका मानिसहरू (विशेषतः नेवारहरू) पीठदेवताहरूको पूजाआजा गरी भोज गरेर बस्छन्। कोहीचाहिँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नायखिं बाजा बजाएर खटमा पीठदेवताहरूको पूजा गरी नगरपरिक्रमा गर्दछन्।

घोडेजात्राकै दिन राति टुँडिखेलमा भद्रकालीको ठूलो जात्रा हुन्छ। त्यहाँ अन्य पीठदेवीहरूलाई पनि खटजात्रा गरी ल्याइपुऱ्याइन्छ। नायखिँ बाजाको आवाज घन्किरहेको हुन्छ। टुँडिखेलभरि भक्तजनहरूको र दर्शकहरूको ठूलो घुइँचो लागेको हुन्छ। काठमाडौँ उपत्यकामा घोडेजात्रासँग सम्वद्ध एउटा किंवदन्ती छ। जसअनुसार टुँडिखेलमा गुरुमापा नामको एउटा राक्षस वस्दथ्यो। लोकविश्वास नुसार गुरुमापा नामक राक्षसले केटाकेटीहरूलाई साह्रै दुःख दिन्छ रे। त्यसैले घोडेजात्राको परम्परामा घोडाका टापले गुरुमापालाई कुल्चाई त्यसलाई उठ्नै नसक्ने गरी सुताइराख्नुपर्छ भन्ने जनधारणा छ (पूर्ववत्, पृ. ६६)। घोडेजात्राकै दिन काठमाडौँ सहरमा ठाउँठाउँमा केटाकेटीहरूलाई पूजाआजा गरी उनीहरूको स्वास्थ्यरक्षाका लागि विधिपूर्वक मलःजा नामक भुजा ख्वाउने चलन पनि छ। घोडेजात्राको रमझम जम्मा तीन दिन हुन्छ – घोडेजात्राको अघिल्लो दिन अर्थात् पिशाचचतुर्दशीका दिन, घोडेजात्राकै दिन र घोडेजात्राको भोलिपल्ट। काठमाडौँबाहिरका नेवारहरूचाहिँ साधारणतया पिशाच-चतुर्दशीको दिनलाई बढी मान्दछन्। काठमाडौँ उपत्यकामा घोडेजात्राको अघिल्लो दिन अर्थात् पिशाचचतुर्दशीसँग सम्वद्ध एउटा किंवदन्ती प्रचलित छ। जसअनुसार एकचोटि भस्मासुर नामक राक्षसले शिवजीको ठूलो तपस्या गऱ्यो। उसको तपस्याबाट खुसी भएका शिवजीले उसलाई इच्छा लागेको वर माग्न आज्ञा गर्नुभयो। भस्मासुरले जसको टाउकोमा म हात राख्छु हात राख्नेबित्तिकै त्यो भस्म भएर जाओस् भन्ने वरदान माग्यो। दैत्यको वर सुनेपछि शिवजी छक्क पर्नुभयो तापनि आफूले वर दिने वाचा गरिसकेकाले सो वाचा पुऱ्याउन शिवजीले तथास्तु भन्नुभयो। भस्मासुरले उक्त वरको परीक्षा गर्न शिवजीकै शिरमा आफ्नो हात राख्न खोज्यो। त्यसपछि दुष्ट भस्मासुरबाट बच्नका लागि शिवजी पिशाचको रूप लिई त्यहाँबाट भाग्नुभयो। भस्मासुर पनि शिवजीलाई लखेट्न थाल्यो। आखिर शिवजी कुनै घरको रछ्यानमा गएर लुक्नुभयो। भस्मासुरबाट बच्नका लागि शिवजी रछ्यानमा लुकेको कुरा विष्णुले ध्यानदृष्टिबाट थाहा पाई भस्मासुरको नाश गर्न एउटी सुन्दरी नर्तकीको रूप लिई दुष्ट भस्मासुरका अगाडि देखा पर्नुभयो र हाउभाउकटाक्ष गर्न थाल्नुभयो। शिवजीलाई लखेट्दालखेट्दै र खोज्दाखोज्दै थकित भएको त्यो दैत्य विष्णुको मोहिनीरूप र मनमोहक नृत्य देखेर मख्ख पऱ्यो। उसलाई पनि नाचूँनाचूँजस्तो लाग्यो अनि उसले पनि नर्तकीको रूप लिएका विष्णुको नृत्यको नक्कल गर्दै नाच्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थाल्यो । नर्तकीले जब बारुले कम्मर मर्काएर आफ्नो हात शिरमा राखिन् त्यस बेला नृत्यको नक्कल गर्न लागेको त्यस दैत्यले पनि कम्मर मर्काउँदै आफ्नो हात आफ्नै शिरमा राख्यो । आफ्नो हात शिरमा पर्नेबित्तिकै सो दैत्य तत्काल भस्म भयो । भस्मासुर आफैँ भस्म भएपछि पिशाच बनेर रछ्यानमा लुकिरहनुभएका शिवजी उम्कनुभयो ।

शिवजीबाट वरदान पाई मात्तिएको भस्मासुरलाई विष्णुले नाश गरेको पौराणिक कथामा केही लोकभावना र परम्पराको मिश्रण गरी यहाँ शिवजीले पिशाचको रूप धारण गरी रछ्यानमा लुकेको प्रसङ्ग जोडिएको छ । त्यसैका आधारमा नेवार जनजीवनमा घरको प्राङ्गणमा फोहोरमैला पुरेर राख्ने ठाउँमा लुकुमहाद्यौ (लुकिराखेका महादेव)को मूर्ति स्थापना गर्ने प्रचलन रहेको छ र चैत्रकृष्ण चतुर्दशीका दिन आफ्नो घरको रछ्यान सफा गरी त्यसरी लुक्नुभएका लुकुमहाद्यौको पूजाआजा गरी बेलुका धूमधामसँग छ्यापी, लसुन, मद्य, मासंसहितको समयबजी चढाउने, तोरीको फूल र मुलाको फूल चढाउने, बत्ती चढाई एक प्रकारको विशेष गाजल बनाई आँखामा लगाउने, आफ्ना छोरीबेटी, नाताकुटुम्ब, इष्टमित्रहरूलाई निम्तो गरेर पिशाचचतुर्दशी मनाउने प्रथा रहेको छ (पूर्ववत्, पृ. ६८)। महाकालतन्त्रमा चैत्र कृष्ण चतुर्दशी जसलाई भूतचतुर्दशी वा पिशाचचतुर्दशी पनि भनिन्छ त्यस दिन मद्य, मांस, मत्स्य आदि उपचारले शिवजीको पूजा गरी आँखामा गाजल र औँलामा फलामे औँठी धारण गर्नुपर्छ भनिएको छ (ज.ब.रा., वि.सं. २०२०, पृ. २८१ मा उद्धृत)। भारतको हरियाणाराज्यमा पर्ने पेहोवा भन्ने स्थानमा रहेको शिलालेखमा पिशाचचतुर्दशी र घोडेजात्राको उल्लेख भएकाले घोडेजात्राको चलन काठमाडौँ उपत्यकामा मात्र नभई अन्यत्र पनि थियो भनी महेशराज पन्त (वि.सं. २०५१)ले बताउनु भएको छ (पृ.३९–४०)। प्राचीन कालमा भारतवर्षमा अन्यत्र पनि चलेका तर हाल अन्यत्र लोप भइसकेका यस्ता चाडपर्वहरूलाई जोगाइराख्नमा नेवारजातिले खेलेको भूमिकाको भने प्रशंसा गर्नै पर्छ ।

चैत्र शुक्ल प्रतिपदाको दिन (घोडेजात्राको भोलिपल्ट) चाहिँ काठमाडौँ सहरभरि नै धूमधामले सात अजिमा(मातृका)का खटजात्राहरू धूमधामले गरिन्छन् । उक्त दिन असनमा ती सात अजिमाका खटहरूलाई एकआपसमा भेटघाट गराइन्छ । नोल हालेर बोकिएका खटमा जात्रा गरेर ल्याइने भद्रकाली, रक्तकाली, श्वेतकाली, कङ्केश्वरी आदि पीठदेवीहरूका पछिल्तिर गजुर र झल्लर भएका छत्रहरू घुमाइने प्रदर्शन आकर्षक हुन्छ। बाजा बजाउने, भजन गर्ने र धारिणीस्तोत्र पाठ गर्ने अनि धूपबत्ती चढाउने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रद्धालुहरूको पनि उत्तिकै लस्कर देखापर्छ। असनको केन्द्रमा जात्रा गरेर ल्याइएका पीठदेवीहरूको पारस्परिक भेटघाट, ढोगभेट, भलाकुसारी गराउने विधि परम्पराअनुसार सम्पन्न गरिन्छ। त्यस जात्रामा काठमाडौँमा अष्टमातृकास्वरूप आठ पीठदेवीहरू भए तापनि सातवटीको मात्र भेटघाट गराइन्छ। त्यसमा एउटी पीठदेवी लुतिमरु अजिमा (इन्द्रायणी)ले चाहिँ भाग लिने चलन छैन किनभने तिनको आर्थिक अवस्था एकताका ज्यादै कमजोर भएकाले ती सातओटै दिदीबहिनीहरूबाट तिनी अपमानित भएकी थिइन् भन्ने लोकधारणा रहेको छ (जोशी, वि.सं. २०६७, पृ. ६८)। लुतिमरु अजिमाको जात्राचाहिँ बालाचतुर्दशीमा सम्पन्न हुन्छ।

घोडेजात्राका दिन गरिने सप्तमातृकाहरूको पूजा, विभिन्न शक्तिपीठमा खटजात्रा गर्ने परम्परा, भस्मासुरका कारण महादेव पिशाच बनेर लुक्नुपरेको प्रसङ्ग र तिनै लुकुमहाद्यौलाई मद्य, मांस आदि उपचारले विशेष पूजाआजा गर्ने परम्परा आदिले यस जात्रालाई तन्त्रपरम्पराको जात्रा सिद्ध गरेका छन्।

४.१३. बिस्केटजात्रा

भक्तपुरमा चैत्र मसान्तमा बिस्केटको लिङ्गो उभ्याइन्छ र त्यसको भोलिपल्ट वैशाख सङ्क्रान्तिका दिन सो लिङ्गो ढालिन्छ। काठमाडौँमा प्रचलित किंवदन्तीअनुसार प्राचीन कालमा प्रत्येक रात राजा मर्ने र भोलिपल्ट नयाँ राजा बनाउनुपर्ने स्थिति आइलाग्यो। रानीका साथमा खोपीमा सुतेका बेला रानीको नाकबाट सर्प निस्केर राजालाई डस्तथ्यो र बिहान राजा मरिरहेका हुन्थे। मृत राजाको सद्‌गत गरी नयाँ राजा खोजेर राजसिंहासनमा राख्थे। एक पटक राजा हुने व्यक्ति बडो चलाख रहेछन्, उनले प्रत्येक दिन राजा मर्नुको रहस्य पत्ता लगाउन कम्मर कसेछन् र खोपीमा राति तरवार लिई जागै बसेछन्। आधा रातमा रानीका नाकबाट एउटा सर्प निस्केर उनलाई डस्न तयार भएछ तर राजाले उक्त सर्पलाई दुई टुक्रा पारेछन् र उनी बाँच्न सफल भएछन्। राजा जिउँदै रहेको देखेपछि राज्यमा ठूलो उत्सव भएछ। त्यही राजा मार्ने सर्पको कथाको सम्झनामा लिङ्गो ठड्याउने र ढाल्ने चलन चल्यो। जात्राका क्रममा मुर्दा बोक्ने खट अहिले पनि प्रदर्शन गरिँदैछ।

अर्को प्रचलित लोकोक्तिअनुसार एकपटक राजा शिवदेवका पालामा पूर्वबाट आएका किराँतहरूले भक्तपुरमा आक्रमण गर्न खोजे। शत्रुहरू निकै ठूलो सङ्ख्यामा आउँदैछन् भन्ने हल्ला चल्यो। आफ्नो फौज थोरै भएकाले राजा शिवदेव निकै चिन्तित भए। उनी वज्रयोगिनीका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परमभक्त थिए। उनै वज्रयोगिनीको आराधना गरी सुतेका बेला सपनामा वज्रयोगिनीले आचार्य शेखरसँग मद्दत माग्नू, तिमी विजयी हुनेछौ, चिन्ता नगर भनिन्। भोलिपल्ट राजा आफैँ आचार्य शेखरको घरमा पुगे र उनलाई सबै कुरा सुनाए। आचार्य शेखरले पनि देश र जनतालाई शत्रुहरूको आक्रमणबाट बचाउनका लागि आफ्नो तान्त्रिक चमत्कार देखाउने निधो गरे। उनले राजालाई आफ्नो योजना सुनाए र एक मुठी अभिमन्त्रित अक्षता उनलाई दिए। आचार्य शेखरको योजना सुनी राजा खुसी भएर दरबारमा फर्के। यता ठूलो सङ्ख्यामा पूर्वबाट किराँतफौज भक्तपुरनजिकै आइपुग्यो। ठूलो हाहाकार मच्चियो, जनता भयभीत हुन थाले। त्यसै बेला महान् तान्त्रिक आचार्य शेखरले तन्त्रसाधनाको बलले आफूलाई भयङ्कर बाघको रूपमा परिणत गरे र उनले बाघहरूको एउटा ठूलो बथान तयार गरे। तन्त्रशक्तिद्वारा तयार पारिएको बाघको बथान बाघको रूप लिएका आचार्य शेखरको नेतृत्वमा रातको समय पारी किराँतफौजमाथि जाइलाग्यो। भक्तपुर जित्न भनी आएको किराँतफौज भागाभाग गर्दै पूर्वतर्फ लाग्यो। यसरी भक्तपुर किराँतफौजको आक्रमणबाट बच्यो। राजाले आचार्य शेखरले दिएको अभिमन्त्रित अक्षताले बाघलाई पूजा गरेपछि बाघको रूप छोडी तान्त्रिक आचार्य शेखर मान्छेकै रूपमा देखा परे। केही दिनपछि आचार्य शेखरकी धर्मपत्नी नररूपाले अजिङ्गरको रूप हेर्ने ठूलो इच्छा प्रकट गरिन्। पत्नीको इच्छा भएपछि आचार्य शेखरलाई अजिङ्गर हुन करै लाग्यो। उनले आफ्नी पत्नीलाई पनि अभिमन्त्रित अक्षता दिए। आचार्य शेखर तान्त्रिक बलले अजिङ्गर बने। अजिङ्गरको रूप देख्नेबित्तिकै नररूपाको सातापुत्लो गयो। उनी भयभीत भएर भाग्न थालिन्। उता अजिङ्गर बनेका आचार्य शेखर आफूले दिएको अभिमन्त्रित अक्षताले पत्नीले आफ्नो पूजा गरोस् भनी पत्नीकै पछि लागे तर भयभीत भएर भागेकी नररूपाले आफ्नो पटुका फुस्कन लाग्दा सो समाउनका लागि आफूलाई पतिले दिएको अभिमन्त्रित अक्षता अनायास आफ्नै मुखमा हाल्नपुगिन्। फलतः उनी पनि अजिङ्गर बनिन्। अजिङ्गरयोनिबाट मुक्ति पाउने कुनै उपाय निस्केला कि भनेर उनीहरू धेरैपटक राजाको ढोकामा पनि उभिन पुगे तर आचार्य शेखर र उनकी पत्नी अजिङ्गर बनेको र आफ्नो मुक्तिका लागि सहायता माग्न त्यसरी आएको कसैलाई पत्तो भएन। आखिर पशुयोनिबाट मुक्त हुने कुनै उपाय नदेखेपछि उनीहरू चुपिँघाट खोलाको किनारमा भद्रकालीको पीठनेर आत्महत्या गरी मरे। उक्त घटनापछि देशमा ठूलो हाहाकार भई अनिकाल पर्‍यो। यति बेला शान्तिस्वस्ति गर्नका लागि राजा शिवदेवले उनै तान्त्रिक आचार्य शेखरलाई सम्झे तर बोलाउन जानेहरूले आचार्य शेखरको घर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रित्तो देखे। पछि राजाले जाँचबुझ गराउँदा आचार्य शेखर र उनकी पत्नी अजिङ्गर बनेको र सो अजिङ्गरको योनिबाट मुक्त हुने कुनै उपाय नदेखी आत्महत्या गर्न पुगेको कुरो पत्तो लाग्यो। राजा र जनताले ठूलो दुःख मनाए। राजा शिवदेवले तान्त्रिक आचार्य शेखर र उनकी पत्नी नररूपाको नाममा उनीहरूले आत्महत्या गरेकै ठाउँमा प्रतिवर्ष एउटा विशाल लिङ्गो गाडी त्यसको टुप्पोमा दुईवटा अजिङ्गरका प्रतीक लामा पताका फरफराएर स्मृतिदिवस मनाउने परम्परा चलाए।

काठमाडौँ उपत्यकाभित्र यस्तो किंवदन्ती चले तापनि वैशाखसंक्रान्तिलाई विषुवत्संक्रान्ति भन्ने चलन रहेको र सोही विषुवको रूपभेद विष्वक् र विश्वक् शब्दबाटै बिस्केट बन्न गएको हुन सक्ने धारणा महेशराज पन्त (वि.सं. २०७०)ले व्यक्त गर्नु भएको छ (पृ. ६)। विषुवत्को पर्यायका रूपमा चलेको विश्वक् शब्दबाटै पछिल्ला अभिलेखहरूमा बिस्केटजात्रालाई विश्वयात्रा वा विश्वजात्रा भनिएको पनि हुन सक्ने उहाँको धारणा छ (पूर्ववत्)। गौतमीयतन्त्रमा चैत्रमा विश्वजित्यात्रा गरेर ध्वजा उठाउनुपर्छ, यसो गर्नाले सबै शत्रुहरूको क्षय हुन्छ र दुःख नाश हुन्छ भनिएको छ (गौतमीयतन्त्र, ज.ब.रा., वि.सं. २०२०, पृ. २५२ मा उद्धृत)।

यस जात्राका मुख्य देवता आकाशभैरव हुन्। भैरव तान्त्रिक देवता हुन्। यिनी भीषण रूपका भए तापनि कल्याणकारक मानिन्छन्। चैत्र मसान्तका दिन भैरवको रथ टोलटोलमा घुमाई लिङ्गो खडा गर्ने ठाउँमा पुर्‍याएपछि लिङ्गो ठड्याइन्छ। भोलिपल्ट सङ्क्रान्तिका दिन लिङ्गो ढालिन्छ र सोही रातिदेखि ठिमी मध्यपुरका देवीदेवताको जात्रा सुरु हुन्छ। एक गते लायकु (राजकुल) दरबारबाट बालकुमारीलाई बाहिर निकाली धूमधामसँग पूजा गरिन्छ। यसै रात नगदेशका गणेशलाई पनि बाहिर ल्याई पूजा गरिन्छ। दुई गते बिहान ठिमीको बालकुमारी, सिद्धिकाली, दक्षिणबाराही, हरिसिद्धि, महालक्ष्मी, नारायण आदि देवताहरू, टोलटोलका गणेशहरू समेत बत्तीसवटा देवताहरूलाई आआफ्नो खटमा राखेर जात्रामा सहभागी हुनेहरूले भक्तपुरका विभिन्न स्थानहरूको परिक्रमा गर्दछन्। दुई गते बिहान नगदेशको बालकुमारीनजिकै जम्मा भएर चिराग बालेर बत्तीसवटा देवीदेवताका खट पङ्क्तिबद्ध रूपमा घुमाइन्छ। बालकुमारी स्थानबाट सुरु भएको जात्रा दूधपोखरी घुमाइसकेपछि ठिमी लायकुदरबारमा देवताहरू भित्र्याइन्छन् अनि अरू देवताका खट पनि त्यहाँबाट उठाई आआफ्ना स्थानमा पुगेर जात्रा सकिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४.१४. जिब्रो छेड्ने जात्रा

बिस्केटजात्रा सकिएपछि ठिमीभन्दा उत्तरपट्टिको बोडे भन्ने ठाउँमा जिब्रो छेड्ने जात्रा सुरु हुन्छ। चार दिनअघिदेखि निष्ठामा बसेको व्यक्तिको तान्त्रिक विधिद्वारा सुइरोले जिब्रो छेडिन्छ, सुइरो मुखैमा हुन्छ। त्यस व्यक्तिलाई आठवटा झरिला चिराख बालिएको खटमा बोकाई घुमाउँछन्। यहाँ पनि दर्शक यात्रुहरूको ठूलो भीड लाग्छ। यससँग सम्बद्ध एउटा कथा प्रचलित छ। जसअनुसार अघि यो देशमा राक्षसले जनतालाई दुःख दियो। भगवती बालकुमारीबाट जनतालाई सुबिस्ता होस् भनी एउटा तान्त्रिकलाई सपनामा आज्ञा भयो– एउटा पवित्र र कुलीन मान्छेलाई बोलाई तान्त्रिक विधिले जिब्रो छेडेर जात्रा गरी घुमाऊ, यस देशका मान्छे पराक्रमी छन् भनी राक्षसहरूले दुःख दिन छाडिदिने छन्। बालकुमारीको आज्ञा बमोजिम यो विधान गरियो। राक्षस भागे, देशमा शान्ति छायो। त्यसपछि यो परम्परा चल्यो र अहिले यो जिब्रो छेड्ने जात्राको नाउँले प्रसिद्ध छ। बडो धूमधामका साथ आठ चिरागले सज्जित खटले नगरपरिक्रमा गरी नगदेशकी प्रसिद्ध महालक्ष्मीका स्थानमा पुगेपछि यो जात्रा समाप्त हुन्छ। जिब्रो छेडिराखेको सुइरो महालक्ष्मीस्थानमा पुगेपछि झिकिन्छ र महालक्ष्मी-स्थानको धूलो जिभ्रोमा दलेपछि जिभ्रो छेड्दा बनेको घाउ निको हुन्छ। धार्मिक आधारमा र तान्त्रिक शक्तिको चमत्कारमा निकै अद्भुत किसिमको कार्य त्यहाँ गरिन्छ (खत्री र दाहाल, वि.सं. २०५३, पृ. १३३)।

४.१५. निष्कर्ष

माथि उल्लेख गरिएका चाडपर्व, जात्रा एवं उत्सवहरू तान्त्रिक परम्परासँग बढी निकट रहेको कुरा अध्ययनबाट स्पष्ट भइसकेको छ। राष्ट्रिय पर्वका रूपमा स्थापित दसैँ, तिहार, तागाधारीहरूको महत्त्वपूर्ण पर्व श्रावणपूर्णिमा र धान्यपूर्णिमा देशैभरि मनाइने चाडपर्वहरू हुन् भने यस अध्यायमा उल्लेख गरिएका अन्य जात्राउत्सवहरू विशेषतः काठमाडौँ उपत्यका र यस उपत्यकाको निकट स्थानहरूमा प्रचलित जात्राउत्सवहरू हुन्। काठमाडौँ उपत्यकाको नेवारसमाज तन्त्रप्रधान भएकाले त्यहाँ मनाइने जात्राउत्सवहरूमा तन्त्रपरम्पराको गहिरो प्रभाव रहनु स्वाभाविक हो। आगामी दिनहरूमा नेपालमा मनाइने अन्य चाडपर्वहरूको पनि खोज तथा विस्तृत अध्ययन हुनु आवश्यक छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय- पाँच

नेपालमा तन्त्रसाधनापरम्परा र साहित्य

५.१. विषयप्रवेश

प्राचीन कालदेखि नै नेपाल देवता, ऋषिमुनि, साधक र योगीहरूको तपोभूमि एवं पुण्यभूमिका रूपमा प्रसिद्ध रहेको छ। पूर्वमा मेचीदेखि पश्चिममा महाकालीसम्म एवं उत्तरमा हिमालयदेखि दक्षिणमा तराईसम्मका प्रत्येक भूभाग कुनै न कुनै पौराणिक आख्यानसँग सम्वद्ध छन् एवं प्रत्येक स्थान सिद्धक्षेत्र, तीर्थ, देवस्थल वा पीठका रूपमा प्रसिद्ध छन्। दक्षयज्ञमा प्राणत्याग गरेकी सतीदेवीको गुह्यपतनवाट भगवती गुह्येश्वरीको उत्पत्ति भएको एवं ज्योतिर्लिङ्गको रूपमा भगवान् श्रीपशुपतिनाथको आविर्भाव भएको पौराणिक आख्यानहरूले नेपाललाई प्राचीन र पवित्रतम सिद्धपीठको रूपमा वर्णन गरेका छन्। तन्त्रहरूमा नेपाललाई एकाउन्न शक्तिपीठमध्येको प्रमुख पीठको रूपमा गणना गरिएको छ र मातृकाक्षरहरूमध्ये इकारको रूपमा दाहिने आँखा मानिएको छ। तन्त्रशास्त्रहरूले गौडसम्प्रदाय प्रचलन भएका देशहरूमध्ये नेपालको उल्लेख प्रमुखरूपले गरी नेपालमा तान्त्रिक उपासनाको प्राचीन परम्परालाई सूचित गरेका छन्। देवीभागवतले नेपाललाई गुह्यकालीको महास्थान मानेको छ। नेपाली जनजीवनले वैदिक एवं तान्त्रिक दुवै उपासनाको समन्वयात्मक धारालाई मूलरूपमा आत्मसात् गरेको देखिन्छ। धार्मिक सहिष्णुता नेपालको मुख्य विशेषता हो र यसको आधारशिला मूलतः तान्त्रिक परम्परा नै हो। तन्त्रले हिन्दू र वौद्धधर्मलाई समन्वय गर्दै एकै देवता वा पीठलाई आआफ्नो उपास्यका रूपमा भिन्नभिन्न मार्ग वा मतबाट उपासना गरिने अपूर्व व्यवस्था गरेको छ। उदाहरणका रूपमा हिन्दूहरूका आराध्यदेव श्रीपशुपतिनाथ र गुह्येश्वरीलाई वौद्धहरूले अवलोकितेश्वर र नैरात्माको रूपमा, वौद्धहरूका मत्स्येन्द्रनाथ र वज्रयोगिनीलाई हिन्दूहरूले आफ्ना आराध्यका रूपमा उपासना गर्ने एवं कुमारीलाई दुवैले समानरूपमा पूजा गर्ने परम्पराको पृष्ठभूमि तन्त्र नै हो। यसै सन्दर्भमा यस अध्यायमा नेपालमा तन्त्रसाधनापरम्परा, नेपालका प्रसिद्ध तान्त्रिक साधनाका केन्द्रहरू र नेपालका तन्त्रविद् एवं तन्त्रसाधकहरूको विषयमा सङ्क्षेपमा प्रकाश पारिनेछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५.२. नेपालमा तन्त्रसाधनापरम्परा

लिच्छविकालभन्दा पहिले नेपालमा प्रचलित तन्त्रसाधनापरम्पराका विषयमा ऐतिहासिक सामग्रीको अभावमा केही भन्न सकिने अवस्था छैन। लिच्छविकालमा मूलतः शैव, वैष्णव र बौद्धधर्म प्रमुखरूपले देखिए तापनि शक्तिउपासना र तान्त्रिक परम्परा विद्यमान रहेको देखिन्छ। ऐतिहासिक अभिलेखका रूपमा राजा मानदेवको पालाको संवत् ४११ (वि.सं. ५४७) को शीलवतीको अभिलेख प्राप्त भएको छ। उक्त अभिलेख नेपालको मात्र नभई विश्वकै शाक्तपरम्पराको सबैभन्दा प्राचीन अभिलेख मानिएको छ (आचार्य, वि.सं. २०५३, पृ. ४०)। उक्त अभिलेखअनुसार राजा मानदेवका पालामा महाप्रतिहार भीमगुप्तकी पत्नी शीलवतीले क्रमपरम्पराकी देवी शर्वाणीको स्थापना गरेको र देवीको कारणपूजा आदिका लागि भूमिदान गरेको जानकारी प्राप्त हुन्छ (पूर्ववत्)। संवत् ४२५ (वि.सं. ५६०) को पलाञ्चोकको अभिलेखअनुसार विजयस्वामिनीले पलाञ्चोकभगवतीको नामबाट चिनिने विजयेश्वरीदेवीको स्थापना गरेको ज्ञात हुन्छ (वज्राचार्य, वि.सं. २०३०, पृ. ६७)। संवत् ४९५ (वि.सं. ५३०) को शङ्खमूल सिकुवहीस्थित मातृकाको पादपीठको अभिलेखअनुसार वाग्वती र मणिमतीको सङ्गममा प्रतिस्थापन गरिएका माटाका मूर्तिहरू कालक्रमले बिग्रेको हुनाले परमधार्मिक श्रीवभ्रु वर्माले ती मातृकाहरूको प्रतिसंस्कार गर्ने विचार गरेका थिए तर सो कार्य पूरा हुन नपाउँदै उनको मृत्यु भएकाले यिनका भतिजा परमभागवत देशवर्मा, उनकी आमा र देशभट्टारिकाले स्वर्गवासी श्रीवभ्रु वर्मा, मातापिता, पति तथा आफ्नो पनि पुण्य वृद्धि होस् भनी माटाका मूर्तिहरूको सट्टा ढुङ्गाका मातृदेवीहरूका मूर्ति निर्माण गरेको जानकारी प्राप्त हुन्छ (पूर्ववत्, पृ. २११–२१२)। यस अभिलेखअनुसार त्यतिखेर भागवतधर्मावलम्वी परिवारमा मातृदेवीको उपासनाको परम्परा रहेको जानकारी प्राप्त हुन्छ। अंशुवर्माको पालाको संवत् ३० (वि.सं. ६६४) को हाँडीगाउँस्थित अभिलेखअनुसार त्यतिखेर श्रीदेवी (लक्ष्मी), षष्ठीदेवी आदि देवीहरू राजदरवारमा पुजिन्थे भन्ने जानकारी प्राप्त हुन्छ। षष्ठीदेवी षोडशमातृकाहरूमध्ये एक हुन् र यिनी बच्चाको छैठी गर्दा पुजिने मुख्य देवी हुन्। छैठौं सातौं शताब्दीका अर्धनारीश्वर र त्रिमूर्तिसहितको गौरीमूर्ति, शिवदेवको समयको गोरखनाथगुफाको अभिलेखमा अङ्कित वज्रभैरव र तिनको कारणपूजा हुने उल्लेख, चिनियाँ ताङ्वृत्तान्तमा उल्लिखित नरेन्द्रदेवकालिक नेपालको वर्णनमा नेपालीहरू पाञ्चायनदेवताको पूजा गर्दछन् र नैवेद्यमा भुटेको मासु पनि चढाउँछन् भन्ने इत्यादि प्रसङ्गले लिच्छविकालमा नेपालमा तान्त्रिक उपासना हुने गरेको कुरा स्पष्ट हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इतिहासविद्हरूका अनुसार ईसाको सातौँ शताब्दीमै तान्त्रिक उपासना र शक्तिपीठको धारणाले नेपाली समाजमा जरो गाडिसकेको थियो। दशौँ शताब्दीपछि त प्रस्तर र प्यागोडाशैलीका मन्दिरहरूमा व्यवस्थितरूपले स्थापित सप्तमातृका, दशमहाविद्या, चौसठ्ठी योगिनी र तलेजु आदि देवीहरूको तान्त्रिक विधिपूर्वक उपासना गर्ने गरेको पाइन्छ। यसबाहेक लिच्छविकालमा शाक्तउपासनाका विषयमा खासै ऐतिहासिक सामग्री उपलब्ध छैनन्।

मल्लकालमा शाक्तउपासना अत्यन्त प्रचलित रहेको कुराको प्रमाण काठमाडौँ उपत्यकामा पाइने देवीका मन्दिर तथा मूर्तिहरूले दिइरहेका छन्। नेपाल संवत् ३४६ को देवपाटनको अभिलेखमा महागौरीको मूर्ति स्थापना गरिएको कुरा लेखिएको छ। मल्लकालमा शाक्तसम्प्रदायको खुव लोकप्रियता बढ्यो। त्यस बेलाका राजाहरू प्रायः शैव र शाक्तसम्प्रदायका अनुयायी हुन्थे। मल्लकालका प्रतापी राजा स्थिति मल्ल मनमानेश्वरीका परम भक्त थिए। उनले 'श्रीमनमानेश्वरीलब्धप्रसाद' उपाधि धारण गरेका थिए। पूर्वमल्लकालका अरू दुई राजाहरू ज्योतिर्मल्ल र यक्ष मल्लले मनमानेश्वरीदेवीलाई विशेष मान्यता दिएका थिए। ज्योतिर्मल्ल पशुपतिका भक्त भए तापनि 'श्रीमनमानेश्वरीवरलब्धप्रसादित' उपाधि ग्रहण गरी आफूलाई शक्तिका उपासक सिद्ध गर्दथे। यक्ष मल्ल पनि यसै परम्पराका पोषक थिए। उनले पनि 'श्रीमनमानेश्वरीदेवीवरलब्ध' उपाधि ग्रहण गरेका थिए। यसैताका झङ्केश्वरीभगवती निकै प्रख्यात थिइन्। नेपालसंवत् ५२७ तिरका फर्पिङभेगका स्थानीय शासक जयजैत्रसिंहदेवको विशेषण 'श्रीश्रीझङ्केश्वरीवरलब्धप्रसाद' छ। स्थानीय वा प्रान्तीय शासकहरूले पनि राजाको जस्तै कुनै विशेष देवताको आश्रय लिएको कुरा यस उदाहरणबाट स्पष्ट हुन्छ।

कर्णाटवंशीय नान्यदेवबाट सिमरौनगढमा स्थापित तुलजा-भवानीलाई उनका सन्तान हरसिंहदेवले ल्याई भक्तपुरमा स्थापना गरेको पाइन्छ। यी तुलजाभवानी पश्चिमाम्नाय र ऊर्ध्वाम्नायको समष्टिरूप हुन्। मतान्तरमा यिनलाई उत्तराम्नायविद्या भनिएको छ। श्रीपशुपतिनाथको ऊर्ध्ववक्त्रमा श्रीयन्त्र लेखेर केरलसम्प्रदायअनुसार श्रीविद्याको सपर्या हुने परम्परा विद्यमान हुनुले नेपालमा श्रीविद्याको उपासनाको परम्परासमेत देखिन्छ।

कान्तिपुरको स्थापना गर्ने राजा गुणकामदेवले इन्द्रजात्रा, लाखेजात्रा आदि चलाउनुका साथै रक्तकाली, कङ्केश्वरी, पञ्चलिङ्गभैरव, मनमैजुको स्थापना गरेको ऐतिहासिक प्रमाण भेटिन्छ। यसबाट ईसाको एघारौँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शताब्दीमा शक्तिको उपासनाले काठमाडौँ उपत्यकामा प्राधान्य पाइसकेको देखिन्छ।

जयस्थिति मल्लकी इष्टदेवी मानेश्वरी थिइन्। धेरै मल्ल राजाहरूले "मनमानेश्वरीवरप्रसादलब्ध" भन्ने उपाधि धारण गरेको देखिएकाले मनमानेश्वरी मल्लकुलकी अधिष्ठातृदेवीका रूपमा प्रसिद्ध भएको देखिन्छ। यिनको समयमा उन्मत्तभैरवलगायत अनेक मूर्तिहरू स्थापना भए, धेरै मन्दिरहरू बने। जगज्ज्योतिर्मल्लले आदिभैरवको रथयात्रा चलाएका थिए। महीन्द्र मल्लले कान्तिपुरमा तुलजाभवानीको विशाल मन्दिर निर्माण गरे। भूपतीन्द्र मल्लले वाराही, कुमारी, वैष्णवीका साथै भक्तपुरको प्रसिद्ध न्यातपोल (सिद्धिलक्ष्मीको मन्दिर) निर्माण गरी आनन्ददेवले बनाएको भैरवमन्दिरलाई नयाँ ढङ्गले निर्माण गरे। पाटनका राजा सिद्धिनरसिंह मल्लले चालीस दिनसम्म चल्ने तान्त्रिक कोटिहोम गरी आफ्ना गुरु विश्वनाथको सल्लाहबमोजिम तुलजाभवानीको स्थापना गरेका थिए।

प्रताप मल्ल स्वयं तन्त्रविद्याका मर्मज्ञ र साधक थिए। उनले देगुतलेजु, कालभैरव, नृसिंह, हनुमान्, दक्षिणकाली आदि देवीदेवताको तान्त्रिक विधिपूर्वक स्थापना गरी देवालयहरूको निर्माण गराए। प्रताप मल्लले तन्त्रविद्याका बलले दरबारअगाडिका भैरवलाई जगाई हाँस्न र टाउको हल्लाउन लगाएका थिए भन्ने सुनिन्छ। काश्मीरसम्प्रदायबाट उपासना हुने गुह्येश्वरीमा प्रताप मल्लले आफ्ना गुरु लम्वकर्ण भट्टद्वारा तुलजामा समष्टि गराई सबै सम्प्रदायबाट पूजा हुने परम्परा चलाए। बन्धुदत्त आचाजु, नृसिंह ठाकुर, ज्ञानानन्द स्वामी, लम्वकर्ण भट्ट एवं जामुना गुभाजु आदिका तान्त्रिक साधना र चमत्कारपूर्ण आख्यानहरूले प्रसिद्ध नेपालको इतिहासमा तन्त्रविद्या र तान्त्रिक साधनाको उत्कर्ष मल्लकालमा देखिन्छ। त्यस समयमा उपत्यकामा तन्त्रसाधनाका लागि ठूलाठूला आगमघर, पीठ, र मन्दिरहरूको निर्माणका साथै तन्त्रग्रन्थ एवं तान्त्रिक उपासनापरक पद्धतिहरूको सङ्कलन र रचनासमेत गरियो। उपत्यकाका तीनवटै राज्यहरूमा मन्दिर, दरबार र घरहरू समेत तान्त्रिक उपासनाका प्रतीकका रूपमा निर्माण भए। गणेश, शिव, विष्णु, भैरव, देवीहरूका मन्दिरका साथै दरबार र घरहरूका टुँडालमा समेत तान्त्रिक पद्धतिअनुरूप सङ्केतसूचक रतासनमूर्तिहरू कुँदिए। यी तीन राज्यमध्ये पनि भक्तपुर तन्त्रसाधनाको केन्द्रको रूपमा विकसित मानिन्थ्यो। मल्लकालिक राजाहरू मात्र होइन तात्कालिक अमात्य, भारदार र सर्वसाधारण जनता पनि तन्त्रसाधना गर्दथे। प्रताप मल्लका नाति भूपालेन्द्र मल्लका महामात्य नवमीसिंहले तन्त्रचिन्तामणि नामक ग्रन्थको रचना गरेका थिए।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मल्लकालमा राजादेखि साधारण व्यक्तिसम्मले तान्त्रिक देवताहरूको प्रतिष्ठा गर्ने, मन्दिरहरूको निर्माण गरी तान्त्रिक कर्मकाण्ड सम्पन्न गर्ने मात्र नभएर आफ्नो जन्मदेखि मृत्युसम्मका संस्कारहरूमा, सुख-दुःखका समयमा, उत्सव भोजभतेर, पूजा, चाडपर्वमा तान्त्रिकतालाई प्रतीकरूपले, प्रत्यक्ष तथा अप्रत्यक्षरूपले समावेश गर्दथे । आफ्ना जातजातिले पाएको अधिकारअनुरूप श्रद्धा र भक्तिपूर्वक तान्त्रिक कर्मकाण्ड सम्पन्न गर्दथे। आफैँले सबै कर्म गर्न असमर्थ भएकाहरूले आफ्ना पुरोहित ब्राह्मण, देवब्राह्मण, कर्माचार्य, वज्राचार्य, लामाहरूद्वारा आआफ्ना परम्पराअनुसार कर्म गराउँथे । जे होस् नेपाली जनजीवनले प्राचीनकालेखि नै तान्त्रिकतालाई आत्मसात् गर्दै परम्परागतरूपले अद्यावधि आफ्नो मान्यता र मर्यादाका रूपमा यसलाई ग्रहण गर्दै आएको छ ।

शाहकालमा पनि यो परम्परा कायमै रह्यो । गोरखाका राजा राम शाहले काशीबाट आएका ब्राह्मण नन्दा मिश्रसँग दीक्षामन्त्र ग्रहण गरेका थिए (पन्त, वि.सं. २०४१, पृ. ८४)। नरभूपाल शाहले आफ्ना गुरु गौरीश्वर पाँडेको सल्लाहअनुसार काठमाडौँ उपत्यकामाथि विजय प्राप्त गर्ने अभिलाषाले चौबीसपटक पुरश्चरण गर्ने सङ्कल्प गरेको र गौरीश्वरका जेठा छोरा गोकुलविलासले गुह्येश्वरी तथा दक्षिणकालीमा अनुष्ठान सिध्याई वज्रयोगिनीमा अनुष्ठान गरिरहेको बेला त्यहाँका वज्राचार्य पुजारीले यो कुरा थाहा पाई उनको अनुष्ठान सफल हुन नदिन आभिचारिक प्रयोग गरेकाले उनको अनुष्ठान सफल हुन पाएन र उनको पुरश्चरण एक्काईसपटकमै रोकियो (पूर्ववत्, पृ. २६५) । पृथ्वीनारायण शाह सधैँ दुर्गाकवच पाठ गर्दथे । उनलाई काशीबाट झिकाइएका ब्राह्मण हर्ष मिश्रले गायत्री तथा तान्त्रिक दीक्षा मन्त्र दुवै एकै पटक सुनाएको देखिन्छ (पूर्ववत्, पृ. २६७) । उनले आफ्ना मीतबुबा रणजित मल्लकहाँ बस्दा तुलजाभवानीको दीक्षा लिनुका साथै कुमारीको हातबाट नीरकमलसमेत प्राप्त गरेका थिए । प्रतापसिंह शाह तन्त्रविद्याका ज्ञाता र साधकसमेत थिए र उनले अनेक तन्त्रशास्त्रहरूको पर्यालोचन गरी पुरश्चर्यार्णव नामक ग्रन्थको रचनासमेत गरेका थिए । वहादुर शाह पनि दीक्षाग्रहण गरी तन्त्रमार्गमा प्रवृत्त भएका थिए । रणवहादुर शाहले तुलजाभवानीको दीक्षाका साथै क्रमदीक्षा ग्रहण गरी पूर्णाभिषेक लिएका थिए र यिनी निर्वाणानन्दका नामले प्रसिद्ध भएका थिए । यिनले तन्त्रोक्त भैरवीचक्रको आयोजना गरी जगन्नाथको मन्दिर बनाउन लगाएका थिए । राणा प्रधानमन्त्री जङ्गबहादुरले दक्षिणाम्नाय र उत्तराम्नायको समष्टिरूप निर्वाणकामकलाकालीको विराट्रूपको मूर्ति बनाई मृगस्थलीमा स्थापना गरे जुन विश्वरूपको नामले प्रसिद्ध छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजेन्द्रविक्रम शाहका छोरा उपेन्द्रविक्रम तन्त्रविद्याका ठूला उपासक थिए र उनले पूर्णाभिषेकसमेत प्राप्त गरेका थिए। उपेन्द्रविक्रमले निर्वाणेश्वरीको स्थापंना गरी मन्दिरसमेत बनाए। राजा श्री ५ महेन्द्रको समयमा विभिन्न पीठ, मन्दिर र आगमघरहरूको जीर्णोद्धार भयो र उनकै निर्देशनमा पुरश्चर्यार्णव नामक तन्त्रग्रन्थ रथी धनशमशेर ज.ब.रा.ले प्रकाशित गरे।

काठमाडौँ उपत्यकाका सहरहरूको निर्माण तान्त्रिक विधिपूर्वक भएको पाइन्छ। कान्तिपुरको खड्गाकृति, पाटनको चक्राकृति र भक्तपुरको डमरु वा शङ्खाकृतिले यसको पुष्टि गर्छ। तात्कालिक नेपालमा वस्तीहरूको निर्माणका लागि र पिउने पानीका लागि तान्त्रिक विधिपूर्वक पोखरी र धाराहरूको निर्माण गरिन्थ्यो। नारायणहिटी, भोटाहिटी, मरुहिटी आदि त्यसैका उदाहरणहरू हुन्। बस्ती र सहरको रक्षाका लागि वरिपरि अष्टमातृका, भैरव, क्षेत्रपाल, गणेश इत्यादि देवताहरूको स्थापना गरी तान्त्रिक विधिपूर्वक तिनको पूजा र जात्रा चलाउने व्यवस्था विशेषगरी काठमाडौँ उपत्यकामा प्रारम्भ भएको देखिन्छ जुन अद्यावधि कायमै छ।

लिच्छविकाल र मल्लकालमा प्रारम्भ भएका अनेक जात्रा र उत्सवहरू हालसम्म पनि प्रचलित नै छन्। उपत्यकामा प्रचलित पर्व र जात्राहरू प्रायः तान्त्रिकमतमै आधारित देखिन्छन्। इन्द्रजात्रा, घोडेजात्रा, गाईजात्रा आदि र मत्स्येन्द्रनाथ, पचलीभैरव, बिस्केट, गुह्येश्वरी, वत्सला, हाँडीगाउँ, चाँगुनारायण, हरिसिद्धि आदिका जात्राहरूका साथै गठेमङ्गल, सिठीनख इत्यादि पर्वहरूले नेपाली समाजमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन्। नेपालीहरूको राष्ट्रिय चाड वडादशैँ तान्त्रिकमतअनुसार नै मनाइन्छ। उपत्यका र उपत्यकाबाहिर पनि देखाइने नाचहरू तन्त्रमै आधारित छन्। तीमध्ये भद्रकालीनाच, महाकालीनाच, लाखेनाच इत्यादि प्रसिद्ध छन्। उपत्यकाका प्रत्येक गाउँमा देवी, गणेश, भैरव, कुमारी आदिको स्थापना भएको छ र कतिपय स्थलहरू जाग्रत्पीठका रूपमा प्रसिद्ध छन्।

काठमाडौँ उपत्यकाका शाक्तपीठ एवं आगमघरहरूमा मूलतः पश्चिमाम्नायबाट उपासना हुने गरेको देखिन्छ। पश्चिमाम्नायकी मुख्य देवी कुब्जिका वा कुब्जिकाकाली हुन् र यिनको उपासना गुप्तरूपले आगमघरहरूमा गरिन्छ। नेपालको गुप्तविद्या भनेकै कुब्जिका वा कुलकुण्डलिनीरूपी श्री हुन्। कुब्जिकाविद्या राजोपाध्याय र कर्माचार्यहरूको परम्परागत विद्या भएको र यो सीमित व्यक्तिहरूमा मात्र रहेको देखिन्छ। कुब्जिकाको अर्थ कुप्री अर्थात् बूढी भन्ने हुन्छ। अतः यो विद्या वा आम्नाय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सबैभन्दा जेठो हो भन्ने बोध हुन्छ। पश्चिमाम्नायलाई कुलालिकाम्नाय पनि भनिन्छ। यो पश्चिमाम्नायविद्या गुरुक्रमको विद्या हो। पश्चिमाम्नायबाट तन्त्रसाधनामा प्रवृत्त हुने साधकले सर्वाधिकार र निर्वाणमन्त्र प्राप्त गरेको छ भने उसले अन्य आम्नायको क्रम पूरा गर्नु नपर्ने, अन्य आम्नाय वा पीठमा पनि पश्चिमाम्नायकै मूल मन्त्र पर्याप्त हुने बुझिन्छ।

पश्चिमाम्नायमा एउटा महत्त्वपूर्ण याग हुन्छ जसलाई दीपयाग वा जागरण पूजा भनिन्छ। यो यागको मुख्य कर्म मध्यरात्रिमा प्रारम्भ हुन्छ। गुरुले दीपयाग प्रारम्भ गरिसकेपछि शिष्यलाई प्रवेश गराउँछन् र मूलमन्त्र प्रदान गर्दछन्। त्यसपछि मात्र साधकलाई दीपयागका अन्य क्रममा सम्मिलित हुने अधिकार प्राप्त हुन्छ। जागरणपूजा नगरी साधकले आगमहरूमा प्रवेश पाउँदैन त्यसैले पूर्णाभिषेकपछि साधकले एकपटक फेरि दीपयाग गर्नुपर्छ भन्ने बुझिन्छ। पश्चिमाम्नायीहरूले गर्ने अर्को ठूलो पूजा क्रमार्चन वा थापूजा हो। उक्त थापूजा कुमारीयागसहितको र कुमारीयागरहितको गरी दुई किसिमको हुन्छ। काठमाडौँमा प्रख्यात पीठहरूमा वर्षको धेरैपटक थापूजा हुन्छ र यो पूजा गुठीसंस्थानले राजगुठीको रूपमा सञ्चालन गर्दछ।

पश्चिमाम्नायका साधकहरूले नित्य गर्ने पूजा नित्यार्चन हो। केही विशेषरूपले गरिने पूजा देवार्चन हुन्छ। वस्तुतः क्रमार्चनपूजा नित्यार्चनकै विस्तृत रूप हो। क्रमार्चनकै भेदरूप अर्को पूजा हुन्छ जसलाई महापूजा भनिन्छ र यो मुख्यरूपले गुह्यकाली र दक्षिणकालीमा हुन्छ। काठमाडौँमा गरिने अर्को पूजा चह्रेपूजा हो। फाल्गुन कृष्णचतुर्दशीलाई महाशिवरात्रि भनेझैँ प्रत्येक कृष्णचतुर्दशीलाई शिवरात्रि मानिन्छ र सो दिन पीठहरूमा चह्रेपूजा गरिन्छ।

कालीको उपासना उपत्यकाबाहिरका स्थानहरूमा पनि हुने गरेको देखिन्छ। शाहवंशीय राजाहरूकी आराध्या काली नै हुन्। लमजुङ्की काली, सल्यानकी काली, गोरखाकी गोरखकाली अत्यन्त प्रसिद्ध छिन्। त्यसैगरी शाहवंशकी उपास्या दक्षिणकाली पनि हुन्। यी बाहेक पोखराकी विन्ध्यवासिनी, तनहुँकी छाब्दी वाराही, नुवाकोटकी भैरवी र जालपा, सप्तरीकी सखडादेवी र छिन्नमस्ता, गोर्खाकी मनकामना, काठमाडौँकी शोभाभगवती, भुवनेश्वरी, पाटनकी वगलामुखी, साँखुकी वज्रयोगिनी, बाग्लुङ्की कालिका, बनेपाकी चण्डेश्वरी, बाराकी गढीमाई, पाल्पाकी भगवती, नेपालगञ्जकी वागीश्वरी, धरानकी दन्तकाली आदि प्रसिद्ध देवीहरू हुन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालमा घरघरमा शक्तिउपासना कुनै न कुनै रूपमा चलि नै रहेको छ। संनातनधर्मावलम्बी नेपालीहरूले अरू केही नगरे पनि रुद्री र चण्डी लगाउने परम्परा कायमै राखी वैदिक र तान्त्रिक परम्परामा समन्वयको प्रदर्शन गरेका छन्। धेरै नेपालीहरूको परम्परामा गायत्री र तन्त्रोक्त दीक्षा दुवै ग्रहण गरिन्छ। नेपालीहरूका प्रत्येक चाड, पर्व, जात्रा, तान्त्रिक र मिश्र दुवै पद्धतिहरूबाट चलेको छ। यहाँ दुर्गोत्सव, लक्ष्मीपूजा, अन्य विविध साधना तन्त्रोक्त विधिपूर्वक सम्पन्न गरिन्छ। यहाँ कुलदेवता मष्ट, देवीहरू, रुमाल, खुमाल आदि देवताको पनि तान्त्रिक विधिले पूजा गर्ने परम्परा रहेको देखिन्छ। यहाँका विभिन्न जात्रापर्वहरू, उत्सवहरू, मनोरञ्जक गीत, नृत्यहरू तन्त्रसँग घनिष्ट सम्बन्ध राख्दछन्। संस्कारहरू तन्त्रसँग सम्बद्ध छन्। सङ्क्षेपमा भन्दा नेपालीको जनजीवन समग्ररूपले तन्त्रबाट प्रभावित छ। अझ विशेषगरी उपत्यकाका प्रत्येक स्थानमा गणेश, शिव, देवी, भैरव, कुमारी, विष्णु आदि देवताहरूका अनेक मूर्ति र मन्दिरहरू छन् र तिनको उपासना आआफ्नो परम्पराअनुसार गरिन्छ। एक किसिमले काठमाडौँ उपत्यका तन्त्रमन्त्रमय छ भन्दा अत्युक्ति हुने छैन।

नेपालमा प्राचीन समयदेखि शाक्तपरम्परा चलिआएको तथ्य परिपुष्टि गर्ने ज्यादै महत्त्वपूर्ण साक्ष्य श्रीपशुपतिनाथ नेपालमा विराजमान हुनु, उनको उपासना वैदिक विधिका साथै तान्त्रिक विधानले पनि हुनु, श्रीपशुपतिनाथको मस्तकमा श्रीविद्याकी अधिष्ठात्री राजराजेश्वरी वा महात्रिपुरसुन्दरीको अर्चना गरिनु हो।

जगद्गुरु शङ्कराचार्य नेपालमा ब्रह्मविद्याको विस्तारका लागि आउने क्रममा अशंक्त हुँदा शक्तिको महत्त्व प्रस्फुटित भएको र गुह्यकालीको स्तोत्र पाठ गरेर शक्ति पुनः पाएको आख्यान यहाँ प्रसिद्ध छ। शङ्कराचार्यले नै पशुपतिमा तान्त्रिक विधिले पूजा चलाएको, श्रीविद्याको सपर्या श्रीपशुपतिनाथको ऊर्ध्ववक्त्रस्वरूप शिरमा गर्ने परम्परा चलाएको मानिन्छ। श्रीपशुपतिनाथको अर्चकका रूपमा वेद र तन्त्र दुवैमा दीक्षित दाक्षिणात्य ब्राह्मण रहने परम्परा छ र त्यस्तो अर्चकले तन्त्रविधानले श्रीविद्याको अर्चना गर्ने परम्परा यहाँ देखिन्छ।

श्रीपशुपतिनाथको उत्तरमुखमा उमामहेश्वरको संयुक्त स्वरूपको पूजा हुनु, नेपालमा तान्त्रिक पाशुपताचार्यको प्रवेश भएर उनीहरूबाट दीक्षित हुने शैव तान्त्रिक विधिविधानमा विशेष आस्था राख्ने कापालिकहरूको अस्तित्व रहेको पाइनु आदि धेरै साक्ष्यहरूले नेपालमा तान्त्रिक परम्परा लिखित इतिहासको प्रारम्भभन्दा पनि पहिलेदेखि नै सुरु भई त्यसपछि पनि यसैको वर्चस्व रहेको पुष्टि हुन्छ। तान्त्रिकहरूले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपासना गर्ने देवता भैरव शिवकै स्वरूप हो, यस रूपमा शिवले मुण्डमाला धारण गरेका हुन्छन्। 'देवो भूत्वा देवं यजेत्' अर्थात् स्वयंलाई देवता सम्झेर वा मानेर देवताको पूजा गर्नू भन्ने तन्त्रको निर्देशअनुरूप श्रीपशुपतिनाथको उपासना गर्ने पाशुपताचार्यहरूमध्ये केही आचार्यले भैरवका प्रतीक मुण्डमाला उनिएको सिक्री धारण गर्दथे। विशेषतः उपासनाका क्रममा तिनीहरूको कर्मकाण्ड पूर्ण तान्त्रिक हुने गर्दथ्यो। त्यस्ता पाशुपताचार्य नेपालमा रहेका र दीक्षा प्रदान गर्ने गुरुका रूपमा प्रतिष्ठित रहेको साक्ष्य विद्यमान छ।

नेपालमा धेरै तान्त्रिक परम्पराहरू स्थापित भई प्रचलनमा रहेका छन्। तीमध्ये शैव तान्त्रिक परम्परा ज्यादै सुदृढ परम्परा हो। यसभित्र पाशुपत, वीरशैव (जङ्गम), सिद्धान्तशैव, कापालिक, सिद्ध तान्त्रिक परम्पराहरू पर्दछन्। शरीरमा भस्म घस्ने अथवा निधारमा भस्मको त्रिपुण्ड्र धारण गर्ने (यसलाई पाशुपतव्रत भनिन्छ र सन्ध्यापूजा गर्नेले यो व्रंत गर्नैपर्ने विधान छ), पाशुपत योग र विधि अपनाउने, सात्मक र अनात्मक दुःखान्तलाई मोक्षका रूपमा स्वीकार गर्ने पाशुपत नेपालमा गृहस्थ पनि छन् र संन्यासी पनि छन्। वीरशैवअनुसार शिवलिङ्ग पूजामा निरत जङ्गमहरूको पनि शक्तिविशिष्टाद्वैत परम्परा यहाँ विद्यमान छ। सिद्धान्तशैव दर्शनको परम्परा जसमा पति, पशु र पाश तीन तत्त्वलाई मानिन्छ, यसका अन्य छत्तीस तत्त्वलाई तन्त्रले पनि आत्मसात् गरेको त प्रचलित नै छ। कापालिक वा अघोरीहरूको पनि यहाँ परम्परा छ। गोरक्षनाथ, मत्स्येन्द्रनाथ, मीननाथ आदिको सिद्ध परम्परा त नेपालमा छँदैछ जसका अनुयायीहरूलाई कनफट्टा जोगी भनिन्छ। उनीहरू विभिन्न शक्तिपीठहरूमा तन्त्रविधिले कर्मकाण्ड सम्पन्न गर्दछन्। उनीहरू भैरवका रूपमा शक्तिमान् शिवको उपासना गर्दछन् भने शक्तिका रूपमा कालीको उपासना गर्दछन्। उनीहरूको उपासनाको क्रममा गुरुपङ्क्तिको विशेष पूजन तथा तर्पण हुने विधान छ जसलाई तान्त्रिक उपासनामा अत्यन्त ग्राह्य र अनिवार्य मानिएको छ।

शैव र शाक्तपरम्परा मात्र होइन नेपालमा वैष्णवतन्त्रपरम्परा पनि प्रचलित छ। विष्णु र कृष्णलाई पौराणिक देवताका रूपमा मानेर तिनीहरूको उपासना पौराणिक पद्धतिबाट नै गर्ने परम्परा छँदैछ, त्यसमा पनि पाञ्चरात्र आगम, गौतमीयतन्त्र, जयाख्यसंहिता, विश्वामित्रसंहिता, प्रपञ्चसार आदि तन्त्रका आधारमा लक्ष्मीनारायण, कृष्ण आदि देवताको उपासना गर्ने परम्परा पनि नेपालमा पाइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बौद्धतन्त्रपरम्परा त नेपालमा झन् गहिरो रूपमा नेपाली जनजींवनमा अनुस्यूत भएर रहेको छ। शाक्त तान्त्रिक परम्परा र बौद्ध तान्त्रिक परम्पराको पावन धारा नेपालमा उत्तिकै महत्त्व र आस्था बटुल्दै निरन्तररूपले प्रवाहित छ। बुद्धको परिनिर्वाणपछि बुद्धका शिष्यहरूले विभिन्न सङ्गीतिका माध्यमबाट बुद्धवचनहरूको व्याख्या तथा विश्लेषण गर्दै महायान धर्मको विकास गरे। स्थविरवादमा मूर्तिपूजाले प्रश्रय नपाए तापनि महायानमा देवीदेवताहरूको बाह्यपूजा, उपासना, यज्ञयागादिको महत्त्व निकै रहेको पाइन्छ। गुह्यसमाजतन्त्र, हेवज्रतन्त्र आदि मूल तन्त्रका आधारमा विभिन्न देवीदेवताको उपासनाबाट निर्वाणलाभ गर्न सकिने बौद्ध तन्त्रयानअन्तर्गत वज्रयानको विकास भएपछि बौद्ध तान्त्रिक परम्पराको अनुगमन धेरैले गरे र यस परम्पराको लोकप्रियता निकै बढ्यो।

५.३. नेपालमा तान्त्रिक उपासनाका केन्द्रहरू

५.३.१. श्रीपशुपतिनाथ

श्रीपशुपतिनाथ नेपालका राष्ट्रदेव हुन्। श्रीपशुपतिनाथलाई आफ्नो इष्टदेवको रूपमा उपासना गर्ने परम्परा रहेको छ। श्रीपशुपतिनाथको नित्य, नैमित्तिक र अन्य पूजा वैदिक र तान्त्रिक दुवै पद्धति मिसिएको मिश्रतन्त्रपद्धतिबाट हुन्छ। श्रीपशुपतिनाथमा प्रयोग हुने पूजापद्धतिमा तान्त्रिक बीजहरू समाविष्ट हुनु र श्रीपशुपतिनाथको ऊर्ध्ववक्त्ररूप मस्तकमा श्रीविद्याको पूजा हुनु यसको प्रमाण हो। श्रीपशुपतिनाथको पूजा शैवदीक्षा प्राप्त गरी शाक्तपूजामा अधिकारसम्पन्न भारतका दाक्षिणात्य भट्ट ब्राह्मणबाट गर्ने परम्परा रहेको छ।

५.३.२. वत्सलादेवी

श्रीपशुपतिनाथको मूल मन्दिरको परिसरभित्रै रहेको वत्सलादेवीको पीठ शाक्तसाधनाका दृष्टिले महत्त्वपूर्ण स्थान मानिन्छ। वत्सलादेवीलाई श्रीपशुपतिनाथकी शक्ति, वात्सल्ययुक्त करुणामयी अन्नपूर्णाका रूपमा पूर्ण तान्त्रिक पद्धतिबाट पूजा गरिन्छ। वत्सलादेवीको पूजा शाक्तपुजारी कर्माचार्यबाट सम्पन्न गरिन्छ। वत्सलादेवीको पीठबाट तान्त्रिक विधिविधानले गरिने उत्सव जात्राहरू पनि चलेका छन्।

५.३.३. गुह्येश्वरी

गुह्येश्वरीपीठमा पूर्ण तान्त्रिक पद्धतिबाट तन्त्रमा दीक्षित कर्माचार्यहरूद्वारा पूजा सम्पन्न हुन्छ। यो अत्यन्त सिद्ध तान्त्रिक पीठ हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुह्येश्वरीलाई निर्गुण रूपमा परब्रह्म गुह्यकाली, सगुण रूपमा सर्वसिद्धिदात्री आदिविद्या उत्तराम्नायकी अधिष्ठात्री मानिन्छ। नेपालको तन्त्रपरम्परामा यिनको उपासनाको विशिष्ट स्थान छ। नेपालमा यिनको दीक्षा लिनेदिने, अन्तर्याग, बहिर्याग आदि सम्पन्न गर्ने परम्परा रहेको पाइन्छ।

शक्तिउपासनाको परम्परालाई दृष्टिगत गर्दा नेपालमा कालीको उपासना नै बढी प्रचलित रहेको देखिन्छ। कालीका अनेक भेदहरूमध्ये मुख्यरूपले उत्तराम्नाय र पश्चिमाम्नायका कालीहरूमा कालीउपासना केन्द्रित रहेको छ। प्रताप मल्लले दक्षिणकालीको साधना गरी हनुमान्ढोका दरबारमा तिनको भव्य मूर्तिसमेत स्थापना गरेका छन् तर नेपालको सन्दर्भमा काली भन्नेवित्तिकै गुह्यकाली वा तिनका भेद सिद्धिलक्ष्मी र कामकलाकाली भन्ने बुभ्नुपर्दछ। काठमाडौँ उपत्यकाका तीनवटै सहरहरूमा मल्लकालिक राजाहरूले उत्तराम्नायपूजित कालीहरूलाई आफ्नो कुलदेवी र इष्टदेवी मानी तिनका विशाल मन्दिरहरूको निर्माण गराए र ती मन्दिरहरूलाई आफ्नो रहस्यपूर्ण साधनाकेन्द्रका रूपमा विकसित गरे।

५.३.४. तलेजु

नेपालको तान्त्रिक उपासनापरम्परामा ज्यादै विशिष्टरूपले पूजा हुने देवी तलेजुभवानी पनि हुन्। यिनको उपासना काठमाडौँ, भक्तपुर, ललितपुर तीनवटै सहरहरूमा रहेका मन्दिरमा विशिष्टप्रकारले हुनुका साथै अन्य सहरहरूमा पनि गरिन्छ। नेपालको एकीकरणपूर्व विभिन्न ससाना राज्यहरूमा तलेजुलाई राष्ट्रदेवीका रूपमा प्रतिष्ठापित गरेर पूजा गर्ने परम्परा थियो। अहिले पनि स्थानीय रूपमा त्यो परम्परा यथावत् नै छ। तलेजुभवानीका मन्दिरहरू पुराना सहरहरूमा पाइन्छन् र विभिन्न जात्राउत्सवहरूमा अनिवार्यरूपले तलेजुको परिक्रमा गर्ने प्रचलन रहेको छ।

५.३.५. दक्षिणकाली

दक्षिणकालीको उपासनाले नेपालमा ठूलो मान्यता पाएको छ। मन्दिरमा उनको नित्य, नैमित्तिक पूजा कर्माचार्यद्वारा हुन्छ। यिनको दीक्षा लिई तान्त्रिक पूजा गर्ने परम्परा विभिन्न नेपाली परिवारमा पनि प्रचलित छ। यिनलाई इष्टदेवता मानेर उपासना गर्ने परम्पराले नेपालमा विशिष्ट स्थान पाएको देखिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५.३.६. दशमहाविद्या

कालीं, तारा, षोडशी (त्रिपुरमहासुन्दरी), भुवनेश्वरी, भैरवी, छिन्नमस्ता, धूमावती, वगलामुखी, मातङ्गी र कमला यिनीहरूलाई दश महाविद्या भनिन्छ। यिनीहरूको पूजाआराधना मन्दिर बनाई सम्पन्न गर्ने परम्परा त नेपालमा छँदैछ, त्यसभन्दा पनि बढी यिनीहरूको तान्त्रिक दीक्षा लिनेदिने र पूजाउपासना गर्ने परम्परा पनि नेपाली परिवारमा पाइन्छ।

५.३.७. कुमारी

कुमारीपूजाले पनि नेपालमा अतिशय मान्यता पाएको छ। कुनै पनि ठूलो शाक्तपूजा कुमारीपूजाविना पूर्ण नहुने तन्त्रको वचनअनुसार नेपालका मन्दिरहरूमा कुमारीको पूजा गर्ने र दुई वर्षदेखि दश वर्षसम्मका नौवटी कन्यालाई वा तिनीहरूका प्रतीकका रूपमा एउटै कन्याको पूजा गर्ने परम्परा पाइन्छ। कान्तिपुर, ललितपुर, भक्तपुर तीन सहरमा र अन्य सहरहरूमा पनि जीवित कुमारीलाई प्रतिष्ठापित गरी तान्त्रिक पद्धति र उपचारले पूजा गर्ने यहाँको विशिष्ट परम्परा रहेको छ। नेपालमा जीवित कुमारीको भव्य रथयात्राको परम्परा छ जुन नेपालीका लागि भक्ति र आस्थाको विषय हो भने नेपाल आउने विदेशी पर्यटकहरूका लागि अभिरुचिपूर्ण अवलोकनको विषय हो।

५.३.८. भैरव

नेपालमा भैरवहरूको स्थापना एवं पूजा हुने परम्परा विद्यमान छ। आनन्दभैरव, उन्मत्तभैरव, कीर्तिमुखभैरव, बाघभैरव, कालभैरव, आकाशभैरव, श्वेतभैरव, पचलीभैरव, टीकाभैरव, हयग्रीवभैरव, प्रचण्डभैरव आदि अनगिन्ती भैरवहरू प्रसिद्ध छन्। यिनीहरू सबैको उपासना तान्त्रिक विधिवाट गर्ने परम्परा छ। अष्टमातृकाका अष्टभैरवको पूजा जुनसुकै तान्त्रिक पूजामा पनि हुन्छ र दश महाविद्याहरूको पनि आआफ्ना दश भैरवहरूका साथमा पूजा हुन्छ। इन्द्रजात्रा आदि उत्सवहरूमा विभिन्न ठाउँमा भैरवमूर्तिहरूको प्रदर्शन गर्ने र तिनको पूजाआजा तान्त्रिक विधानले गर्ने परम्परा छ। लिच्छविकालमा भैरवको पूजाउपासना गर्ने परम्परा भए तापनि त्यो परम्परा व्यापकरूपले थिएन। मल्लकालमा भने भैरवको स्वरूप मन्दिर, टुँडाल, तोरण, मन्दिरको कुना आदि विभिन्न स्थानमा देखा पर्न थाल्यो। काठमाडौं उपत्यकामा सादा ढुङ्गामात्रै स्थापना गरेर भैरवको रूपमा, टाउको मात्रै कुँदेर कीर्तिमुखभैरवको रूपमा र सम्पूर्ण शरीर कुँदेर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उन्मत्तभैरवको रूपमा पूजाआजा गर्नुका साथै मन्दिरको भित्तामा पनि ठूला आकारका भैरवहरू कुँद्ने चलन छ ।

५.३.९. मातृका

नेपालमा ब्राह्मी, माहेश्वरी, कौमारी, वैष्णवी, वाराही, इन्द्राणी, चामुण्डा र महालक्ष्मी यी आठ मातृकाहरूको मन्दिर स्थापना गर्ने र तिनको उपासना तान्त्रिक पद्धतिवाट गर्ने गराउने परम्पराले विशिष्ट स्थान पाएको छ । काठमाडौँ, पाटन र भक्तपुरका साथै अन्य सहरहरूको निर्माण गर्दा नगरको रक्षा होस् भनेर अष्टमातृकाहरूको प्रतिष्ठा गरिएको र तिनको पूजाउपासना गर्ने परम्परा चलेको देखिन्छ। व्रतबन्ध, विवाहजस्ता ठूला संस्कार गर्दा र ठूला पूजाहरू गर्दा मातृकाहरूको पूजा गर्ने परम्परा पनि तन्त्रसम्मत नै हो। नेपालको इतिहासमा दोस्रो तेस्रो शताब्दीदेखि नै मातृकाहरूको अस्तित्व देखा पर्न थालेको पाइन्छ। कीर्तिपुरको गणेशमन्दिर, ललितपुरको वगलामुखी, देवपाटनको भगवतीमन्दिर, कमलादीको गणेशस्थान आदि स्थानहरूमा अष्टमातृकाहरूका मूर्तिहरू दोस्रो तेस्रो शताब्दीदेखि नै स्थापना गरेको पाइएको छ। नेपालमा प्राप्त मातृकाहरूका मूर्तिहरूमध्ये ललितपुरस्थित च्यासलटोलमा रहेको गैह्रीधाराको गजलक्ष्मीको मूर्ति सबैभन्दा प्राचीन मानिन्छ। उक्त मूर्ति ईसाको दोस्रो शताब्दीको मानिएको छ। जतिजति मातृकापूजाको महत्त्व बढ्दै गयो त्यतित्यति तिनको सङ्ख्यामा पनि वृद्धि हुँदै गएको देखिन्छ। त्यसैले मातृकाहरूको सङ्ख्या दुईदेखि पचाससम्म पुगेको छ। नेपालमा जीवमातृका (सात), द्वारमातृका (सात), अष्टमातृका, ग्रहमातृका (नौ), तोरणमातृका (दश), गोमयमातृका (सोह्र) को पूजाउपासना बढी प्रचलित छ ।

५.३.१०. चामुण्डा

नेपालको तान्त्रिक परम्परामा चामुण्डाको पनि ज्यादै विशिष्ट स्थान रहेको छ। चामुण्डाका विभिन्न स्वरूप र तदनुरूप नामहरू छन्। दक्षिणकाली, श्वेतकाली (नरदेवी), भद्रकाली, कङ्केश्वरी, रक्तकाली, श्रीकाली, हरिसिद्धिकाली, महाकाली आदि सबै चामुण्डाकै विशेष स्वरूप हुन्। यिनको पूजाआराधना पनि तान्त्रिक विधि र उपचारले गरिने नेपालको परम्परा छ ।

यसअतिरिक्त तन्त्रमा दीक्षित व्यक्तिले वा अन्य सामान्य साधकले पनि मन्दिर र आफ्नै घरहरूमा दुर्गासप्तशतीको पूजापाठ गरेर महाकाली, महालक्ष्मी, महासरस्वतीको उपासना गर्ने परम्परा नेपालमा व्यापक छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालका प्रमुख तान्त्रिक उपासनाकेन्द्रहरूमा गोरखा जिल्लामा रहेकी मनकामनादेवी र गोरखकाली भगवतीको पनि विशिष्ट स्थान छ। मनकामनामा मगरहरूद्वारा र गोरखकालीमा ब्राह्मणद्वारा तान्त्रिक विधिवाट पूजा गर्ने परम्परा छ। गोरखामै गोरक्षनाथ सिद्धपीठमा नाथसम्प्रदायका कनफट्टा सिद्धरूले तन्त्रविधिबाट पूजा गर्दछन्।

देशका विभिन्न भागहरूमा, पहाडका उच्च स्थानहरूमा पहिले कोटहरू बनाई त्यहाँ काली, भैरव आदि तान्त्रिक देवताहरूको स्थापना गर्ने, उनीहरूको पूजाआजा गर्ने र उनीहरूका शक्तिले, प्रसादले राज्यशक्ति प्राप्त गरी राज्य गर्ने राजाहरूको परम्परा थियो। ती कोटहरूमा नवरात्रका अवसरमा जमरा राखी नवदुर्गाको पूजाआराधना गर्ने र पञ्चवलि दिने परम्परा अद्यापि रहेको छ। किसानहरू कृषिउत्पादनमा वृद्धिका लागि भूमिदेवीको पूजाआजा पनि गर्दछन्। त्यो परम्परा पनि तन्त्रसँगै सम्वद्ध छ।

नेपालका बौद्धधर्मावलम्बी महायानी, वज्रयानीहरूले पनि वज्रयोगिनी (साँखु), खड्गयोगिनी (फर्पिङ), आकाशयोगिनी (विजयेश्वरी), नैरात्म्ययोगिनी (गुह्येश्वरी) आदि योगिनीहरूको तन्त्रविधिले पूजा गर्नुका साथै स्वयम्भूकी हारती, काठमाडौँका महाकालभैरव, महारोषण (सङ्टा) आदि र अन्य शक्तिपीठमा पनि बौद्ध तान्त्रिक विधिद्वारा पूजाउपासना गर्ने परम्परा प्रचलित छ। नेपालका प्रसिद्ध मत्स्येन्द्रनाथको पूजा त तन्त्रविधिबाट हुने कुरा प्रसिद्ध नै छ। काठमाडौँ उपत्यकाका तीन सहरकी जीवित कुमारीको पूजा पञ्चवुद्ध बनेर चर्यानृत्य गर्दै बौद्ध तान्त्रिक विधिबाट गर्ने परम्परा विद्यमान रहेको पाइन्छ।

५.४. नेपालका केही प्रसिद्ध तन्त्रविद् एवं साधकहरू

तन्त्रमा उल्लेख गरिएका साधनाका गतिविधिहरू गोप्य मानिन्छन्। तन्त्रसाधनाका माध्यमबाट हासिल हुने शक्ति कुपात्रको हातमा पर्न गयो भने त्यसको दुरुपयोग हुने भएकाले ती साधनासँग सम्वद्ध ज्ञान र कर्मकाण्ड विशेषतः देवताका स्वरूप र तिनका मन्त्रहरू एवं प्रयोगविधि वताउने तन्त्रहरू पनि गोप्य राख्नुपर्ने निर्देश शास्त्रमा पाइन्छ। मन्त्रहरूको अक्षर पनि प्रतीकात्मक शब्दहरूले इङ्गित गरेको पाइन्छ। यो तन्त्रविद्याको सामान्य प्रवृत्ति हो। तन्त्रग्रन्थलाई गोप्य राख्ने सामान्य परम्परा भए तापनि आराध्य देवीदेवताको पूजाउपासनाका लागि पद्धतिग्रन्थहरू तयार गरिएको पाइन्छ। त्यस्ता पद्धतिग्रन्थहरू नेपालमा अभिलेखालय, पुस्तकालय, मठमन्दिर, व्यक्तिगत सङ्ग्रहहरूमा प्रशस्त पाइन्छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृतमा लेखिएका मूल तन्त्रग्रन्थहरूलाई विभिन्न राजा तथा सामन्त, महासामन्त शासकहरूको पालामा प्रचलित लिपिमा सार्न लगाई प्रतिलिपिका रूपमा सुरक्षित राखिएका तन्त्रग्रन्थहरू प्रशस्त पाइन्छन्। ग्रन्थविस्तारका भयले ती सबैको चर्चा गर्नु यहाँ सम्भव छैन। तिनको कालक्रमिक अध्ययन गरी छुट्टै विवरणात्मक सूचीपत्र तयार पार्नुपर्ने खाँचो रहेको छ।

मूल स्रोतग्रन्थको उल्लेख गरेर वा नगरिकन पनि सङ्ग्रहका रूपमा तयार गरिएका तन्त्रका सङ्ग्रहग्रन्थहरूको समष्टिरूप साहित्य पनि अनेक सङ्ख्यामा पाइन्छन्। नेपालमा तन्त्रसाधनाको सुदीर्घ परम्परा रहेको र त्यसले नेपाली जनजीवनमा गहिरो प्रभाव पारेको चर्चा माथिका अध्यायहरूमा गरिसकिएको छ। तन्त्रसाधनाको सुदीर्घ एवं सुदृढ परम्परा रहेको नेपालमा यहाँका तन्त्रविद् एवं साधकहरूबाट तन्त्रसाहित्यको प्रणयन भएको प्रमाण पाइन्छ। पाठकहरूको जानकारीका लागि अब यहाँ नेपालका केही प्रसिद्ध तन्त्रविद् एवं तन्त्रसाधकहरूको सङ्क्षिप्त परिचय प्रस्तुत गरिन्छ।

५.४.१. नवमीसिंह भण्डेल

नवमीसिंह भण्डेलको जन्म वि.सं. १७०४ देखि १७०९ को आसपासमा काठमाडौँको नघलटोलमा रामनवमीका दिन भएको अनुमान गरिएको छ (भट्ट, वि.सं. २०५४, पृ. ८)। तिनै भण्डेलहरू भण्डारी, राजभण्डारी वा भनी पनि भनिन्छन्। नवमीसिंह भण्डेल वि.सं. १७५२ मा तात्कालिक काठमाडौँ राज्यको अमात्य पदमा नियुक्त भएका देखिन्छन्। त्यतिखेर काठमाडौँमा भूपालेन्द्र मल्ल राजा थिए। वि.सं. १७५२ मा भास्कर मल्ल राजा हुँदा राज्यव्यवस्था हेर्ने प्रमुख व्यक्ति नवमीसिंह नै देखिन्छन्। यिनको मृत्यु वि.सं. १७६० मा भएको थियो।

नवमीसिंह तन्त्रशास्त्रका मर्मज्ञ एवं दीक्षित साधक थिए। यिनका केही तन्त्रसम्बन्धी रचनाहरू पाइन्छन्। ती हुन्-

१) तन्त्रचिन्तामणि २) कुलमुक्तिकल्लोलिनी
३) चण्डीभक्तिविनोदिनी ४) पुष्परत्नाकर

५.४.२. रङ्गनाथ पौडेल

पण्डितराज रङ्गनाथ पौडेलको जन्म वि.सं. १८३० मा काठमाडौँको मखनटोलमा भएको थियो। यिनका हजुरबुबा जयमङ्गल र बुबा पण्डितराज जगन्नाथ थिए। यिनी नेपालका प्रधानमन्त्रीसमेत भएका थिए। यिनी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजनीतिकुशल हुनुका साथै तन्त्रशास्त्रका पनि प्रकाण्ड विद्वान् थिए। यिनका तान्त्रिक चमत्कारका विषयमा किंवदन्तीहरू पाइन्छन्। एकपटक रङ्गनाथ पौडेललाई दरबारमा बोलाएर चन्द्रग्रहण कहिले लाग्छ भनेर सोधियो। उनको मुखबाट आजै लाग्छ भनेर अनायास निस्क्यो। वास्तवमा चन्द्रग्रहण भोलिपल्ट थियो। राजगुरुको यो कथनले दरबारमा खैलाबैला मच्चियो। आफ्नो मुखबाट अनायास यस्तो वचन निस्केकोमा उनलाई पनि अप्ठ्यारो पर्‍यो। उनलाई आफ्नो बोली पुर्‍याउनै पर्ने थियो। त्यसैले उनले आफ्नो हातमा बाँधिराखेको कुशको अनन्तको पुरश्चरण गरी एक दिनअघि नै चन्द्रग्रहण लगाएर सबैलाई चकित पारे।

उनको चमत्कारका बारेमा अर्को पनि एउटा घटना सुनिन्छ। कोतपर्व भएको बेला उनलाई समातेर ल्याउन भनी केही सैनिक जवानहरूलाई पठाइयो। उनी त्यसबेला महालक्ष्मीको पुरश्चरण गर्दै रहेछन्। तान्त्रिक शक्तिको प्रभावले होला कसैले पनि उनलाई पक्रन सकेनछन्। उनलाई पक्रन खोज्नेहरू कोही रगत छादेर लड्ने तथा कोहीचाहिँ हातगोडा लुला भएर त्यसै निस्तेज हुने इत्यादि घटना भएछन्। राजाले बोलाएपछि हाजिर हुनु उनको नैतिक दायित्व हुन्थ्यो तर दरबारमा गइसकेपछि आफ्नो ज्यान रहने सम्भावना पनि थिएन त्यसैले उनी त्यसै रात महालक्ष्मीको मूर्ति र आफूले नित्य पूजा गर्ने गरेको शालिग्राम बोकी काशीतर्फ लागेछन्। उनले दक्षिणकालीको स्तुतिपरक रचना कर्पूरस्तवमाथि संस्कृतमा टीका लेखेका छन्। बनारसमा प्रवासमै रहँदा वि.सं. १९०६ मा उनको मृत्यु भयो (पन्त, २०६५, पृ. १३)।

५.४.३. प्रेमनिधि पन्त

माध्यमिक कालका लेखकका रूपमा परिचित प्रेमनिधि पन्तको जन्म पर्वत जिल्लामा भएको थियो। यिनी ज्योतिष तथा तन्त्रशास्त्रका प्रकाण्ड विद्वान् र साधक थिए। यिनका तन्त्रसम्बन्धी कृतिहरू यसप्रकार रहेका छन् –

१) षोडशनित्यातन्त्रटीका २) शिवताण्डवतन्त्र(मल्लादर्शटीका)
३) श्रीविद्यानित्यकर्मकला ४) श्रीविद्यानैमित्तिककर्मकला
५) श्रीविद्याकाम्यकर्मकला ६) शारदातिलक(शब्दार्थचिन्तामणिटीका)
७) काम्यदीपदानपद्धति ८) त्रैलोक्यविजयकवचस्तोत्रटीका
९) नित्यप्रयोगरत्नाकर १०) कार्तवीर्यघृतदानपद्धति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५.४.४. धनशमशेर ज.ब.रा.

धनशमशेर ज.ब.रा.को जन्म वि.सं. १९५२ पौष २८ गते काठमाडौँमा भएको थियो। वीरशमशेरका नाति भएकाले उनको बाल्यकाल राजसी सुखसयलमा बित्यो। सबैले उनको रूप र सौन्दर्य देखेर भविष्यमा उनी विद्याहीन, मूर्ख र भोगविलासी हुने अनुमान गर्थे तर उनी भने चार वर्षकै उमेरदेखि गुह्येश्वरीको प्रतिरूप बनाएर वास्तविक सामग्रीले भगवतीको उपासना गरेको खेल खेल्थे। आफ्नी आमा विष्णुकुमारी र ज्यो.पं. रुद्रनाथको प्रेरणाबाट उनले श्रीविद्याको दीक्षा ग्रहण गरेका थिए। उनले तन्त्रमार्गको दीक्षा पं.दुर्गानाथ अधिकारी, पं.कोषनाथ अधिकारी, पं. घनदत्त, काजीमान आचाजु आदिबाट प्राप्त गरेका थिए। वीरेन्द्रकेसरी अर्ज्यालबाट गायत्रीको सम्यगाप्तक्रमसमेत ग्रहण गरेका धनशमशेरले क्रमदीक्षा पूरा गरी पूर्णाभिषेक, महापूर्णाभिषेक, लघुसाम्राज्यमेधा, महाषोढान्यास, सर्वाधिकार एवं गुरुपादुकासमेत प्राप्त गरेका थिए (भट्टराई, सं.), वि.सं. २०५७, पृ. २८८)। धनशमशेर तन्त्रशास्त्रका विशिष्ट ज्ञाता र साधक थिए। तन्त्रशास्त्रको गम्भीर अध्ययन र अभ्यासबाट यस विषयमा उच्च योग्यता हासिल गर्नुका साथै प्राप्त ज्ञानको विस्तारमा समेत योगदान पुऱ्याएबापत उनलाई त्रिभुवन विश्वविद्यालयले मानार्थ विद्यावारिधिको उपाधिसमेत प्रदान गरेको थियो (पूर्ववत्, पृ. २९०)। वि.सं. २०३९ जेठ ११ गते उनको निधन भयो। उनले लेखेका एवं सम्पादन गरेका तन्त्रविषयक ग्रन्थहरू यसप्रकार छन्-

१) श्रीतान्त्रिकोपासनादर्पण (हिन्दी) २) परातन्त्र (सम्पादन)
३) तान्त्रिकविज्ञानदर्पण ४) प्रबुद्धसनातनरहस्य
५) निगमागमवैज्ञानिकसार ६) बृहत्पुरश्चर्यार्णव (चार खण्ड)
७) मातृकाक्षररहस्यम् ८) शारदीयदुर्गापूजापद्धति
९) मन्त्रविद्यारहस्यम् १०) कामकलारहस्य
११) कुलार्णवरहस्य १२) पराङ्गस्तवराज (संस्कृत)
१३) श्रीपरामहिमस्तोत्र (संस्कृत) १४) योगानन्दलहरी (संस्कृत)
१५) पराविभूतिस्तोत्र (संस्कृत) १६) श्रीमत्पाशुपतस्तोत्र (संस्कृत)
१७) श्रीस्तोत्रमञ्जरी (संस्कृत) १८) क्रमदीक्षारहस्य
१९) आम्नायविद्यारहस्य (अप्रकाशित) २०) तन्त्रशास्त्र

५.४.५. पं. कृष्णप्रसाद भट्टराई

पं. कृष्णप्रसाद भट्टराईको जन्म वि.सं. १९७७ माघ ९ गते काठमाडौँको सिफलमा भएको थियो। उनी तन्त्रशास्त्रका विशिष्ट विद्वान्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एवं साधक थिए। धनशमशेर ज.ब.रा.लाई तन्त्रविषयक अनुसन्धान एवं ग्रन्थलेखनका निम्ति आवश्यक सामग्री जुटाइदिने र लेखन एवं संशोधन कार्यमा समेत उनले सहयोग गरेको देखिन्छ (भट्टराई(सं.), वि.सं. २०५७, पृ. २३३)। उत्तराम्नाय र पश्चिमाम्नाय विद्याको खोजीमा नेपाल आएका भारतका प्रसिद्ध तन्त्रविद् एवं साधक श्री १०८ स्वामी मूर्खारण्यसँग उनको विशेष सत्सङ्ग रहेको थियो र तन्त्रका ग्रन्थ एवं पाण्डुलिपि जुटाउने कार्यमा स्वामीजीलाई उनले सहयोग गरेका थिए (पूर्ववत्)। उनले पं दामोदर प्याकुरेलवाट तन्त्रदीक्षा ग्रहण गरेको र आफ्नो आम्नायको सर्वाधिकारदीक्षाका साथै षडाम्नायकै मन्त्रहरू ग्रहण गरेको जानकारी पाइन्छ (पूर्ववत्, पृ. २३५)। वि.सं. २०४४ असोज ११ गते उनको निधन भयो। उनका तन्त्रसम्वन्धी रचनाहरू यसप्रकार रहेका छन्-

१) श्रीचक्रको उपासना (लेखन)

२) तन्त्रचिन्तामणि (तेह्रौं प्रकाशसम्म सम्पादन)

५.४.६. सुन्दरप्रसाद शाह

वि.सं. १९८८ भदौ २० गते काठमाडौँको ज्ञानेश्वरमा जन्मेका सुन्दरप्रसाद शाह प्रसिद्ध तन्त्रविद् एवं साधक थिए। यिनका पिता राजेन्द्रप्रसाद शाह पनि दक्षिणकालीका उपासक तथा दीक्षित साधक थिए। नेपाल एवं भारतमा समेत ख्यातिप्राप्त नेपालका प्रसिद्ध तन्त्रविद् धनशमशेर ज.ब.रा. नाताले यिनका मामा पर्दथे। यस्तो तान्त्रिक पारिवारिक पृष्ठभूमि भएका शाहले तन्त्रदीक्षा ग्रहण गर्ने प्रेरणा भने भारतका प्रसिद्ध तन्त्रसाधक श्री १०८ स्वामी मूर्खारण्यवाट पाएका थिए। उनकै उपदेशअनुसार यिनले वि.सं. २०२८ मा महाशिवरात्रिका दिन सपत्निक भएर आद्याकाली र श्यामाकालीको मन्त्रग्रहण गरी तन्त्रसाधनाको क्षेत्रमा प्रवेश गरे (भट्टराई, वि.सं. २०७३, पृ. ६८)। सोही वर्ष चैत्र शुक्ल अष्टमीका दिन यिनले पं.रुद्रकान्त अर्यालवाट दक्षिणकालीको द्वाविंशाक्षरीमन्त्र प्राप्त गरे (पूर्ववत्)। वि.सं. २०३७ मा यिनी भीष्मज्वालानन्द राजोपाध्यायवाट क्रमदीक्षामा दीक्षित भए भने वि.सं. २०४५ मा नागपञ्चमीका दिन यिनले आफ्ना उनै क्रमदीक्षागुरुवाट पश्चिमाम्नायविद्या पनि प्राप्त गरे (पूर्ववत्)। वि.सं. २०५६ वैशाख शुक्ल अष्टमीका दिन तान्त्रिक विष्णुज्वालानन्द राजोपाध्यायवाट यिनले पूर्णाभिषेक र गुरुपादुका प्राप्त गरे। वि.सं. २०७२ साउन १७ गते ८४ वर्षको उमेरमा यिनको निधन भयो।

तन्त्रसाधक शाह दक्षिणाम्नायबाट तन्त्रसाधनामा विधिवत् प्रवृत्त भई क्रमदीक्षाअन्तर्गत षडाम्नायकै मन्त्रग्रहण गरेर कौलमार्गको अनुयायी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बनेका तथा पश्चिमाम्नायको कुब्जिकाक्रममा आफ्नो साधनाक्रमलाई समष्टि गरेका लघुपूर्णाभिषिक्त वीराचारी साधक थिए (पूर्ववत्, पृ. ७८)।

तन्त्रसाधक शाहले वि.सं. २००४ मा 'मैतीदेवीस्तोत्र' लेखेको जानकारी पाइन्छ (खराल, वि.सं. २०७३, पृ. १६४) भने 'कालीकर्पूरस्तोत्र'को यिनले गरेको नेपाली गद्यानुवाद वि.सं. २०६५ सालमा प्रकाशित भएको छ।

५.४.७. पं. वद्रीरत्न वज्राचार्य

वि.सं. १९९० कार्तिक शुक्ल अष्टमीका दिन काठमाडौँमा जन्मेका वद्रीरत्न वज्राचार्य वौद्धतन्त्र परम्पराका विशिष्ट विद्वान् एवं साधक थिए। पं. वद्रीरत्नले मन्त्रसिद्धि महाविहारमा आफ्नो कुलपरम्पराअनुसार गुरु कनकमुनि वज्राचार्यवाट प्रव्रज्या लिनुका साथै आचार्याभिषेक प्राप्त गरेका थिए (वज्राचार्य, वि.सं. २०६२, भूमिका X)। परमसिद्धि वज्राचार्यवाट पूजाक्रियाको प्रशिक्षण पाएका वद्रीरत्नले आफ्ना मामा मचापाजु वज्राचार्यवाट रजमण्डल लेखनकला सिकेका थिए भने गुरु परमानन्द वज्राचार्यवाट वज्रगीति गायनकला सिकेका थिए। उनले गुरु सिद्धि वज्राचार्यवाट प्रारम्भिक चर्यानृत्य सिकेका थिए। उनले गुरु अमोघवज्र वज्राचार्यबाट पञ्चताल, वौद्ध वाद्यवादन र थप चर्यानृत्य सिकेका थिए। पं. वद्रीरत्नले सपत्निक भई गुरु आनन्दमुनि वज्राचार्यबाट आर्यावलोकितेश्वर, चक्रसम्वर, वज्रदेवी र अचलको अभिषेक प्राप्त गरेका थिए। दीक्षाग्रहण गरिसकेपछि गुरु भाजुरत्न वजाचार्यको मूल आचार्यत्वमा पीठसेवा पूरा गरेका थिए भने उनीबाटै अचल त्रिसमाधि प्राप्त गरेका थिए। उनले अमोघवज्र वज्राचार्यवाट चक्रसम्वर त्रिसमाधि प्राप्त गरेका थिए। उनका मूल तान्त्रिक गुरु पनि अमोघवज्र वज्राचार्य नै थिए। गुरु सकलानन्द वज्राचार्यबाट उनले धर्मधातु एवं षट्कुलमन्त्र प्राप्त गरेका थिए।

वौद्धतन्त्रको सङ्गठित अध्ययन, यस परम्पराको प्रचारप्रसार र बौद्ध तान्त्रिक कर्मकाण्डमा एकरूपता ल्याउने कार्यमा पं. वद्रीरत्न वज्राचार्यको अतुलनीय योगदान रहेको छ। वौद्धतन्त्र एवं कर्मकाण्डसम्बन्धी उनका करिब असीवटा पुस्तकहरू प्रकाशित भइसकेका छन्[३]।

---

३ उहांका कृतिसम्वन्धी जानकारीका लागि हेर्नुहोस्, वद्रीरत्न, वज्राचार्य(वि.सं.२०७३); न्हापायापिं प्रसिद्ध वज्राचार्यपिं, काठमाडौं : सिद्ध–धर्महर्ष धार्मिक संरक्षण संस्था, पृ. ५०–५२।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५.४.८. प्रा. विद्यानाथ उपाध्याय भट्ट

प्रा. विद्यानाथ उपाध्याय भट्टको जन्म वि.सं. १९९७ मा काठमाडौँको नरदेवी भन्ने स्थानमा भएको हो । उहाँ लम्बकर्ण भट्टका वंशज हुनुहुन्छ जसको ख्याति नेपालको इतिहासमा प्रताप मल्लका गुरु र चमत्कारी तान्त्रिक सिद्धका रूपमा अमर रहेको छ। प्रा. विद्यानाथ उपाध्याय भट्ट आफ्ना हजुरवुवा विष्णुरमण भट्टवाट तन्त्रदीक्षा ग्रहण गरी परम्परागत तन्त्रसाधनामा प्रवृत्त हुनु भएको हो । उहाँ तन्त्रशास्त्रका ज्ञाता, विशिष्ट साधक र तन्त्रसम्बन्धी ग्रन्थका रचनाकार पनि हुनुहुन्छ । उहाँका तन्त्रसम्वद्ध रचनाहरू यसप्रकार रहेका छन् –

१) तन्त्रचिन्तामणि (सम्पादन, वि.सं. २०५४)
२) तन्त्रविद्यालोक (वि.सं. २०६२)
३) अक्षमालातन्त्र (वि.सं. २०६७)
४) कामकलाविलास (श्रीविद्याप्रकाश व्याख्या, वि.सं. २०७१)
५) तन्त्रसूत्र (अप्रकाशित पाण्डुलिपि)

यसअतिरिक्त उहाँका तन्त्रसम्वन्धी अनेकौं फुटकर रचना र अन्तर्वार्ताहरू प्रकाशित एवं प्रसारित भएका छन् ।

५.४.९. गिरिधारी भट्ट

वि.सं. १९९७ मा काठमाडौँको रणमुक्तेश्वरमा जन्मिनु भएका गिरिधारी भट्ट प्रसिद्ध तन्त्रविद् एवं साधक हुनुहुन्छ। पन्ध्र वर्षकै उमेरमा तन्त्रोक्त विधिवमोजिम दीक्षा प्राप्त गरी छवटै आम्नायमा दीक्षित हुनुभएका तथा पूर्णाभिषेकसमेत प्राप्त गर्नुभएका भट्टले आफ्नो वंशपरम्परामा अविच्छिन्न रहेको श्रीविद्यामा विशेष अभिरुचि राख्नुका साथै सोही श्रीविद्यापरम्परामा आफ्नो शिष्यसन्ततिक्रम अगाडि बढाउनु भएको छ। उहाँका तन्त्रसम्वन्धी पाँचवटा कृतिहरू प्रकाशित भएका छन्। ती हुन् –

१) सौन्दर्यलहरी(रसतरङ्गिणी नेपाली व्याख्यासहित, वि.सं. २०४९)
२) गुप्तसाधनतन्त्र (रहस्यबोधिनी हिन्दी व्याख्यासहित, वि.सं. २०५१)
३) ज्ञानसङ्कलिनीतन्त्र(नेपाली व्याख्यासहित, वि.सं. २०६१)
४) तोडलतन्त्र(नेपाली व्याख्यासहित, वि.सं. २०६९)
५) कालीकर्पूरस्तोत्र (नेपाली व्याख्यासहित, वि.सं. २०६९)

माथि उल्लिखित तन्त्रविद् एवं तन्त्रसाधकहरूका अतिरिक्त बौद्ध तन्त्रपरम्परामा मञ्जुदेवाचार्य, गुणकराचार्य, शान्तिकराचार्य, वाचासिद्धि, ओड़िडयानाचार्य, बन्धुदत्त आचार्य, शेखर आचार्य, वज्रपाद वज्राचार्य, ओङ्कारवज्र वज्राचार्य, हूङ्कारवज्र वज्राचार्य, शाश्वतवज्र वज्राचार्य, वाग्वज्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वज्राचार्य, परमादिवज्र वज्राचार्य, रत्नवज्र वज्राचार्य, सुरतवज्र वज्राचार्य, जीवचन्द्र वज्राचार्य, लीलावज्र वज्राचार्य, मञ्जुवज्र वज्राचार्य, अमोघवज्र वज्राचार्य, वन्दकृतदेव वज्राचार्य, सिद्धिवज्र वज्राचार्य, हासवज्र वज्राचार्य, विलासवज्र वज्राचार्य, महासुखवज्र वज्राचार्य, श्रीवज्र वज्राचार्य, अनुपमवज्र वज्राचार्य, विक्रमवज्र वज्रचार्य, मुनीन्द्रवज्र्र वज्राचार्य, शिववज्र वज्राचार्य, गीतवज्र वज्राचार्य, समरसवज्र वज्राचार्य, तथागतवज्र वज्राचार्य, स्वयम्भूवज्र वज्राचार्य, इन्दुवज्र वज्राचार्य आदि बौद्धतन्त्रविद् एवं साधकहरू देखिन्छन्[४] भने हिन्दूतन्त्रपरम्परामा नारायण भट्ट, लम्वकर्ण भंट्ट, बन्धुदत्त आचाजु, लखन थापा, प्रतापसिंह शाह, रणबहादुर शाह, फत्यजङ्ग शाह, उपेन्द्रविक्रम शाह, दुर्गानाथ अधिकारी, कोषनाथ अधिकारी, घनदत्त, भोगेन्द्रराज, चन्द्रदत्त, काजीमान कर्माचार्य, दिव्यदेव पन्त, इन्द्रध्वज, लोकनाथ रेग्मी, कृष्णप्रसाद लम्साल, शक्तिनन्द राजोपाध्याय, रामज्वालानन्द राजोपाध्याय, महादेवप्रसाद भट्ट, भीष्मज्वालानन्द राजोपाध्याय, दण्डपाणि अर्ज्याल, खड्गमान रावल, विष्णुज्वालानन्द राजोपाध्याय, सुरजशमशेर ज.ब.रा., नेत्रप्रसाद शर्मा, रुद्रकान्त अर्याल, खगेन्द्रजङ्ग शाह, कृष्णप्रसाद गौतम, भुवनज्वालानन्द राजोपाध्याय, सहज्वालानन्द राजोपाध्याय, चूडानाथ भट्टराय, दुर्गाप्रसाद दवाडी, पाइलट बाबा, स्वामी प्रेमचैतन्य, स्वामी चन्द्रेश, चण्डीबाबा, कालीबाबा, दुर्गादत्त शर्मा पौडेल, विदुरप्रसाद पौडेल, देवीप्रसाद चापागाईं, विष्णुराज आत्रेय, स्थानेश्वर तिमल्सिना, दिवाकर आचार्य, नन्दन भट्टराई, कमलयोगी, पुरुषोत्तम कर्माचार्य, सुरेशनारायण राजोपाध्याय, मृगेन्द्रराज राजोपाध्याय आदि तन्त्रविद् एवं तन्त्रसाधकहरू देखिन्छन्। ग्रन्थविस्तारका भयले ती सबै तन्त्रसाधकहरूका विषयमा यस पुस्तकमा लेख्ने अवकाश मिलेको छैन। उपर्युल्लिखित साधकहरूले नेपालको तन्त्रपरम्पराको विकासमा दिएको योगदानका विषयमा आगामी दिनहरूमा अवश्य खोजी हुनेछ भन्ने यस पङ्क्तिकारको विश्वास रहेको छ।

यसअतिरिक्त नेवारभाषामा लेखिएका, नेपालमा विभिन्न समयमा सार्न लगाइएका र नेपाली साधकहरूले नै संस्कृतभाषामा लेखेको हुनसक्ने हजारौँ तन्त्रग्रन्थहरू राष्ट्रिय अभिलेखालय, केशर पुस्तकालय, राष्ट्रिय पुस्तकालय, केन्द्रीय पुस्तकालय, वाल्मीकि विद्यापीठको पुस्तकालय, आशा सफू कुथीका साथै अन्य व्यक्तिगत सङ्ग्रहमा समेत हस्तलिखित रूपमा सुरक्षित रहेका छन्। ती ग्रन्थहरू समुचित अध्ययन–अनुसन्धानको

---

४ माथि उल्लिखित बौद्ध तन्त्रविद् एवं साधकहरूको नाम वद्रीरत्न वज्राचार्यद्वारा लिखित न्हापायापिं प्रसिद्ध वज्राचार्यपिं नामक नेवारी पुस्तकबाट लिइएको हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभावमा प्रकाशमा आउन सकेका छैनन् त्यसैले तिनको समुचित खोज गरी प्रकाशनमा ल्याउन सके त्यसबाट नेपाल राष्ट्रको गौरववृद्धि हुनुका साथै नेपाली जनता र समग्र विश्वसमुदाय लाभान्वित हुने थियो ।

५.५. निष्कर्ष

यसप्रकार नेपालमा तान्त्रिक उपासनाको लामो परम्परा देखिन्छ। लिच्छविकालदेखि ऐतिहासिक रूपले त्यसका साक्ष्यहरू उपलब्ध छन् भने तान्त्रिक उपासनाको यो क्रम मल्लकालमा व्यापक बनेको र वर्तमानमा पनि तान्त्रिक उपासना त्यत्तिकै लोकप्रिय रहेको देखिन्छ। नेपालमा विद्यमान तान्त्रिक उपासनाका विभिन्न केन्द्रहरूले तान्त्रिक उपासनाको लोकप्रियतालाई दर्साइरहेका छन्। तन्त्रसाधनाको सुदीर्घ एवं सुदृढ परम्परा रहेको नेपालमा विभिन्न तन्त्रविद् एवं साधकहरूबाट तन्त्रसाहित्यको प्रणयन भएको देखिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय- छ

उपसंहार

नेपाली समाजमा तन्त्रपरम्पराका विषयमा माथिका अध्यायहरूमा सङ्क्षिप्त अध्ययन गर्ने प्रयास गरियो। नेपालको धार्मिक, सामाजिक, सांस्कृतिक इतिहास लेख्ने क्रममा वा जातीय परम्परा र संस्कारका विषयमा लेख्ने क्रममा नेपाली समाजमा अन्तर्निहित तन्त्रपरम्पराका विषयमा खासै उल्लेख गरेको पाइएको छैन। त्यसैले प्रस्तुत पुस्तकमा सोही अभावको केही अंश पूर्ति गर्ने उद्देश्यले नेपाली समाजमा विद्यमान तन्त्रपरम्पराका सम्वन्धमा सामान्य दिग्दर्शन गरिएको हो।

तन्त्रपरम्पराको लामो इतिहास रहेको छ। वैदिक साहित्यकै हाराहारीमा तन्त्रसाहित्यको पनि समृद्ध परम्परा छ। यो परम्परा मूलतः दुई किसिमले प्रवाहित भएको पाइन्छ। एउटा लिखित साहित्यका रूपमा र अर्कोचाहिँ अलिखित मौखिक परम्पराका रूपमा। हिन्दू, वौद्ध र जैनतन्त्रपरम्पराका लिखित साहित्य उपलब्ध छन् भने गैरहिन्दूपरम्पराका लिखित साहित्य उपलव्ध छैनन्। तिनीहरूका परम्परा धामी, झाँक्री, रोजा, फान्थोल, विजुवा, नाक्छो, क्येप्रे, पच्यु, ताम्वा आदिका पारम्परिक मौखिक तन्त्रमन्त्रमा आधारित छन्।

नेपाली समाजले अवलम्वन गरेको खास धर्म हिन्दू र वौद्ध भए तापनि ती धर्मभित्र पनि पारम्परिक अन्य धर्म र सम्प्रदायको अस्तित्व रहेको छ। पूर्वमा राईलिम्वूहरू हिन्दूधर्ममा मानिने देवीदेवताको पनि उपासना गर्दछन् भने उनीहरूको आफ्नै पारम्परिक धर्म पनि छ जसको मूल ग्रन्थ मुन्धुम हो। उनीहरूका जातीय संस्कार तथा चाडपर्व, पूजाआजाको कार्य उनीहरूका आफ्नै पुरोहितवाट सम्पन्न हुन्छ। त्यसैगरी खसआर्यसमुदायमा मस्ट नामक देवतालाई कुलदेवता मान्ने परम्परा छ जसको पूजाअर्चनामा धामीको महत्त्वपूर्ण भूमिका देखिन्छ। मस्टको उपासनापरम्परामा वैदिक उपासना पद्धतिको सम्मिश्रण देखिए तापनि यो मूलतः तान्त्रिक परम्परामा आधारित छ भन्ने कुरा अध्ययनवाट सिद्ध भएको छ।

नेपालको धार्मिक परम्परामा व्यापक सहिष्णुता र समन्वयको भाव पाइन्छ। शैव र वौद्ध, शैव र वैष्णव, शाक्त र वैष्णव परम्परा एकअर्कामा समन्वित भएका छन् र यसमा समन्वयकारी भूमिका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तन्त्रपरम्पराले निर्वाह गरेको छ। शिव र विष्णुको उपासना वेदानुकूल तान्त्रिक पश्वाचारविधिबाट गरिन्छ भने यदाकदा त्यसमा वामाचारप्रधान शाक्तपरम्पराको पनि प्रभाव पाइन्छ। विशेषतः काठमाडौँ उपत्यकामा त्यस किसिमको प्रभाव दृष्टिगोचर हुन्छ।

नेपाली समाजको बनोट र स्वरूप बडो चाखलाग्दो र जटिल रहेको छ। यस समाजमा विभिन्न जातजातिहरू समाहित छन्। तिनका जातीय संस्कार, सामाजिक मूल्यमान्यता, प्रचलन, जातीय प्रथा, तिनीहरूले मानिआएको चाडपर्व र जात्राउत्सव तथा पूजाआजा विविधतापूर्ण छन् र तिनमा अन्तर्जातीय, अन्तर्धार्मिक प्रभावको मिश्रण र समन्वय पाइन्छ।

नेपाली समाजमा वैदिक र तान्त्रिक दुवै परम्परा अन्तर्घुलित भएका छन्। खसआर्यसमुदायका मानिसहरू वैदिक संस्कृतिमूलक छन् तर तिनमा पनि तान्त्रिक परम्पराको गम्भीर प्रभाव छ भने मङ्गोल तथा अन्य समुदाय तान्त्रिक परम्पराका अनुयायी छन् तर तिनमा पनि वैदिक संस्कृतिको प्रभाव परेको छ। सामाजिक तथा सांस्कृतिक आदानप्रदानबाट नै यो स्थिति उत्पन्न भएको हो।

मङ्गोल वर्गमा पर्ने प्रायः सबै जातिका जातीय संस्कार तथा चाडपर्व र पूजाआजामा उनीहरूको आफ्नै जातिका धामी, झाँक्री, रोजा, पच्यु, ताम्वा आदिको भूमिका रहन्छ र उनीहरूको आफ्नै मौखिक तन्त्रपरम्पराका माध्यमबाट ती संस्कार तथा पूजाआजा सम्पन्न गरिन्छ।

खसआर्यसमुदायभित्र पनि उनीहरूले कुलदेवताको रूपमा मानिआएको मस्टको उपासनापरम्परा मूलतः तन्त्रपरम्परामा आधारित छ भने उनीहरूका जातीय संस्कारभित्र पनि अनिवार्य संस्कारका रूपमा नरहेका तर समग्र संस्कार पूरा गर्ने क्रममा ज्यादै महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने केही लौकिक परम्परा र प्रचलन पाइन्छन्। तिनीहरू पनि वस्तुतः तन्त्रपरम्परा नै हुन् किनभने तन्त्रले लौकिक आचारलाई ज्यादै महत्त्वका साथ ग्रहण गर्नुपर्छ भनेको छ।

नेपालमा प्रचलित चाडपर्व र जात्राउत्सवहरूमा मनोरञ्जन, धार्मिक समन्वय र आध्यात्मिक भाव पाइन्छ। नेपालमा प्रचलित सबैभन्दा पुरानो मानिएको इन्द्रजात्रामा वैदिक, शैव, शाक्त, बौद्धपरम्पराको समन्वय पाइन्छ। गाईजात्रा नेपालीहरूको मौलिक जात्रा हो, यसमा पनि शैव, शाक्त तथा बौद्धपरम्पराको समन्वय भएको छ। केही जात्रा तथा उत्सवहरूको उत्पत्तिको सम्बन्ध लौकिक श्रुतिपरम्परासँग रहेको देखिन्छ भने केही जात्राले विशिष्ट धार्मिक पक्षको सङ्केत दिन्छन्। धार्मिक समन्वय,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मनोरञ्जन र लौकिक परम्परालाई आत्मसात् गर्ने ती जात्राउत्सवहरू त्यसै आधारमा तन्त्रपरम्पराका द्योतक बनेका छन् ।

नेपालमा तन्त्रसाधना र साहित्यको लामो परम्परा रहेको छ । यहाँ तन्त्रसाधनाका विशिष्ट केन्द्रहरू रहेका छन् भने तन्त्रसाधक र सिद्धहरूको पनि कमी छैन । लम्बकर्ण भट्ट, जामुना गुभाजु, बन्धुदत्त आचाजुजस्ता सिद्ध तान्त्रिकहरू यस क्षेत्रको इतिहासमा अमर रहेका छन् । यहाँ हस्तलिखित प्राचीन तन्त्रग्रन्थहरूको भण्डार नै रहेको छ । राष्ट्रिय अभिलेखालय, केशर पुस्तकालय, राष्ट्रिय पुस्तकालय आदि ग्रन्थागारहरूमा प्राचीन तन्त्रग्रन्थहरू सुरक्षित रहेका छन् भने यस क्षेत्रमा वर्तमानमा समेत ग्रन्थरचनाको कार्यले निरन्तरता पाएको देखिन्छ ।

नेपाली समाजमा तन्त्रको गम्भीर प्रभाव रहे तापनि यो क्षेत्र अध्ययन एवं अनुसन्धानका दृष्टिले उपेक्षितझैँ रहेको छ । नेपालको धार्मिक, सांस्कृतिक तथा जातीय परम्पराको अध्ययन तन्त्रपरम्पराको खोजीविना अधुरो नै रहने भएकाले यस क्षेत्रमा विद्वान्हरूको ध्यान जानु आवश्यक देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्दर्भग्रन्थसूची

अर्याल, ईश्वरराज (वि.सं. २०४३), **नयाँ नेपालको इतिहास**, काठमाडौँ : रत्नपुस्तक भण्डार ।

आचार्य, बाबुराम (वि.सं. २०६८), **नेपालको सांस्कृतिक परम्परा**, (द्वितीय संस्करण), काठमाडौँ : श्रीकृष्ण आचार्य ।

उपाध्याय, नागेन्द्रनाथ (वि.सं.२०१५), **तान्त्रिक बौद्ध साधना**, काशी : नागरी प्रचारणी सभा ।

उपाध्याय, बलदेव (ई.सं.१९६०), **संस्कृत साहित्य का इतिहास**, वाराणसी : चौखम्बा विद्याभवन ।

कविराज, गोपीनाथ (ई.सं.१९६३), **तान्त्रिक वाङ्मय मे शाक्तदृष्टि**, पटना : विहार राष्ट्रभाषा परिषद् ।

कविराज, गोपीनाथ (ई.सं.१९७२), **तान्त्रिक साहित्य**, लखनउ : हिन्दी समिति ।

कविराज, गोपीनाथ (ई.सं.१९७७), **तन्त्रकल्पतरू**, वाराणसी : शंकर सदन ।

कविराज, गोपीनाथ (ई.सं.१९७७), **तन्त्र और आगमशास्त्रोंका दिग्दर्शन**,पटना : विहार राष्ट्रभाषा परिषद् ।

काणे, पाण्डुरङ्ग वामन (ई.सं.१९७३), **धर्मशास्त्र का इतिहास**(भाग ५), लखनउ : हिन्दी समिति ।

कोइराला, कुलचन्द्र (वि.सं. २०५१) **नेपालका आराध्यदेव भगवान् श्रीपशुपतिनाथ**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

कोइराला, कुलचन्द्र (वि.सं. २०५२), **नेपाली सांस्कृतिक जात्रापर्व**, काठमाडौँ : कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान ।

(सं.)कौल, मधुसूदन (ई.सं.१८९२), **स्वच्छन्दतन्त्र**, मुम्वई : निर्णय सागर प्रेस ।

क्षेत्री, गणेश र खतिवडा, सोमप्रसाद (वि.सं. २०५४), **हिन्दु समाज र धर्म**, विराटनगर : शिव प्रकाशन ।

खत्री, प्रेमकुमार र दाहाल, पेशल (वि.सं. २०५३), **आधुनिक नेपालको सामाजिक इतिहास**, ललितपुर : साझा प्रकाशन ।

खत्री, प्रेमकुमार(सं.) (वि.सं.२०७०), **नेपालका जातीय संस्कार**(खण्ड १) काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

खराल, हरिप्रसाद (वि.सं.२०७३), **आगमसाधक सुन्दरप्रसाद शाह**, बहुआयामिक व्यक्तित्व सुन्दरप्रसाद शाह 'दुःखी' स्मृतिग्रन्थ, काठमाडौँ : सुसंकल्प ।

गुप्त, मुनिलाल (सं.), (वि.सं.२०३३), **विष्णुपुराण**, गोरखपुर : गीताप्रेस ।

गुप्त, अभिनव, (ई.सं.२००२), **श्रीतन्त्रालोक**, राधेश्याम चतुर्वेदी,(सं.), वाराणसी : चौखम्वा विद्याभवन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गैरोला, वाचस्पति(सं.), (वि.सं.२०१९), **कौटिलीय अर्थशास्त्र**, वाराणसी : चौखम्वा विद्याभवन ।

गौड, रामस्वरूप (सं.), (ई.सं.१९९०), **अथर्ववेद** (सायणभाष्यसहित), वाराणसी : चौखम्वा विद्याभवन ।

घिमिरे, विष्णुप्रसाद (वि.सं.२०४५), **पाल्पा राज्यको इतिहास**(भाग १) चितवन : श्रीमती पद्मा घिमिरे ।

चट्टोपाध्याय, देवीप्रसाद (ई.सं.१९८२), **लोकायत**, दिल्ली : मैकमिलन इन्डिया लिमिटेड ।

ज.व.रा., धनशमशेर, (वि.सं.२०१९), **तान्त्रिकोपासनादर्पण**, काठमाडौं : इन्दुशमशेर ज.व.रा. ।

ज.व.रा., धनशमशेर (वि.सं.२०२०), **प्रवुद्धसनातनरहस्यम्**, काठमाडौं ।

ज.व.रा., धनशमशेर (वि.सं.२०२५), **बृहत्पुरश्चर्यार्णव(प्रथम खण्ड)**, काठमाडौं : धनशमशेर ज.ब.रा. ।

ज़.व.रा., धनशमशेर (वि.सं.२०३६), कामकलारहस्य, काठमाडौँ : नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

ज.ब.रा. धनशमशेर (वि.सं.२०४६), **कुलार्णवरहस्य**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

जोशी, सत्यमोहन (वि.सं.२०६७), **नेपाली चाडपर्व**, ललितपुर : साझा प्रकाशन ।

जोशी, हरिराम(सं.) (वि.सं.२०३०), **नेपालको प्राचीन अभिलेख**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

झा, किशोरनाथ(सं.), (ई.सं.१९९३), **महाकालसंहिता**(गुह्यकालीखण्ड), इलाहावाद : गङ्गानाथ झा केन्द्रीय संस्कृत विद्यापीठ ।

झा, शङ्करभरोस (वि.सं.२०३५), **बृहत् साबर मन्त्र**, वाराणसी : मास्टर खेलाडीलाल ।

टण्डन, गोविन्द (वि.सं.२०५३), **पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन**, काठमाडौँ : झरेन्द्रशमशेर ज.ब.रा. तथा श्रीमती प्रभा राणा ।

तमु, डिल्लीजङ (वि.सं.२०५६), **तमु जातिको लुकेको इतिहास**, काठमाडौँ : देवीजङ तमु ।

तामाङ, रवीन्द्र (वि.सं.२०५६), **तामाङ चाडपर्व र पूजाहरू**, काठमाडौँ : तामाङ समाज अनुसन्धान तथा विकास केन्द्र ।

त्रिपाठी, रामप्रसाद (सं.), (ई.सं १९८०), **रुद्रयामलतन्त्र**, वराणसी : सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय ।

त्रिपाठी, मृत्युञ्जय (सं.) (ई.सं.२००३), **कालिकापुराण**, बाराणसी : नवशक्ति प्रकाशन ।

थापा, धर्मप्रसाद (वि.सं.२०३८), **मगराती संस्कृति**, विराटनगर : श्रीमती दुर्गा श्रीस ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिवस, तुलसी (वि.सं.२०३५), **प्रदर्शनकारी धिमाल लोकसंस्कृति**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

देवमालावंशावली (वि.सं.२०१३), काठमाडौँ : श्रीपीरमहन्त क्षिप्रानाथ योगिराज ।

द्विवेदी, व्रजवल्लभ(सं.) (ई.सं १९८३), **लुप्तागमसङ्ग्रह** (भाग–२), वाराणसी : सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय ।

द्विवेदी, व्रजवल्लभ(सं.) (ई.सं १९८४), **विज्ञानभैरव** (द्वितीय संस्करण), वाराणसी : मोतीलाल बनारसीदास ।

द्विवेदी, व्रजवल्लभ(सं.) (ई.सं १९८८), **योगिनीहृदय**, वाराणसी : मोतीलाल बनारसीदास ।

द्विवेदी, व्रजवल्लभ (ई.सं.२०००), **तन्त्रागमीय धर्मदर्शन (प्रथम भाग)**, वाराणसी : शैवभारती शोधप्रतिष्ठान ।

नवमीसिंह, (वि.सं.२०५४), **तन्त्रचिन्तामणि**, विद्यानाथ उपाध्याय भट्ट (सं.), (पूर्वभाग), दाङ : महेन्द्र संस्कृत विश्वविद्यालय ।

नेपाल, ज्ञानमणि (वि.सं.२०४३), **पशुपतिनाथको दर्शन, स्पर्शन, पूजनसम्बन्धमा समीक्षा**, काठमाडौँ : महेशराज पन्त ।

नेपाल, ज्ञानमणि (वि.सं.२०६२), **नेपालको माध्यमिक कालको इतिहास**, काठमाडौँ : मकालु बुक्स एण्ड स्टेसनर्स ।

पणशीकर, वासुदेवलक्ष्मण(सं.) (ई.सं.१९९०), **ईशाद्यष्टोत्तरशतोपनिषदः**, वाराणसी : चौखम्बा विद्याभवन ।

पन्त, दिनेशराज (वि.सं.२०४१), **गोर्खाको इतिहास** (पहिलो भाग), काठमाडौँ ।

पन्त, दिनेशराज (वि.सं. २०६५), **विद्वच्छिरोमणि हेमराजको गोरखासम्बन्धी अनुसन्धान**, काठमाडौँ : डा. ठाकुरनाथ पन्तस्मृति गुठी ।

पन्त, नयराज (वि.सं. २०४३), **लिच्छविसंवत्को निर्णय**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान ।

पाण्डे, उमेशचन्द्र(सं.) (वि.सं.२०४०), **बौधायनधर्मसूत्र**(द्वितीय संस्करण), वाराणसी : चौखम्बा संस्कृत संस्थान ।

पाण्डे, रामतेज(सं.) (ई.सं.२००३), **देवीभागवत**, वाराणसी : चौखम्बा विद्याभवन ।

प्रधान, भुवनलाल (वि.सं.२०४५), **नेपालमा बौद्ध धर्म**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

वोडास, राजाराम र गोरै, शिवराम(सं.) (ई.सं.१९४५), **ऋग्वेद**(सायणभाष्यसहित), वम्वई : वम्वई टेक्नोलोजिकल पब्लिकेसन फन्ड ।

भट्ट, उण्डेमने शङ्कर(सं.) (ई.सं.१९७०), **विश्वामित्रसंहिता**, तिरूपति : केन्द्रीय संस्कृत विद्यापीठ ।

भट्ट, विद्यानाथ उपाध्याय (वि.सं.२०६२), **तन्त्रविद्यालोक**, काठमाडौँ : अन्नपूर्णा उपाध्याय भट्ट ।

भट्टराई, नन्दन(सं.) (वि.सं.२०५७), **श्रीचक्रको उपासना र क्रमदीक्षारहस्य**, दाङ : महेन्द्र–संस्कृत–विश्वविद्यालय ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भट्टराई, नन्दन (वि.सं.२०७३), **तन्त्रसाधक शाह मेरो स्मृतिमा**, बहुआयामिक व्यक्तित्व सुन्दरप्रसाद शाह 'दु:खी' स्मृतिग्रन्थ, काठमाडौँ : सुसंकल्प ।

भट्टाचार्य(सं.), तारानाथ (ई.सं.१९६२), **वाचस्पत्य**, वाराणसी : चौखम्भा संस्कृत सिरिज अफिस ।

रेग्मी, जगदीशचन्द्र (वि.सं.२०३९), **नेपालको धार्मिक इतिहास** (भाग १, द्वितीय संस्करण) काठमाडौँ : रत्नपुस्तक भण्डार ।

वज्राचार्य, धनवज्र, श्रेष्ठ, टेकवहादुर (वि.सं.२०३१), **दोलखाको ऐतिहासिक रूपरेखा**, काठमाडौँ : नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

वज्राचार्य, बद्रीरत्न (वि.सं.२०७३), **न्हापायापिं प्रसिद्ध वज्राचार्यपिं**, काठमाडौँ : सिद्धि–धर्महर्ष धार्मिक संरक्षण संस्था ।

नागार्जुन (वि.सं २०६२), **धर्मसङ्ग्रहः** (बद्रीरत्नकृतभाष्योपेतः प्रथमो भागः) नरेशमान वज्राचार्य(सं.), काठमाडौँ : त्रिरत्न प्रकाशन ।

वाङ्देल, लैनसिंह (वि.सं.२०३९), **प्राचीन नेपाली मूर्तिकलाको इतिहास**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान ।

वाल्मीकि, **रामायण**, गोरखपुर : गीताप्रेस ।

वेदव्यास, **भागवतमहापुराण**, गोरखपुर : गीताप्रेस ।

शतपथब्राह्मण (सायणभाष्यसहित), ई.सं.२००२ (द्वितीय संस्करण), दिल्ली : नाग पब्लिशर्स ।

शर्मा, जनकलाल (वि.सं.२०५८), **हाम्रो समाज : एक अध्ययन** (तेस्रो संस्करण), ललितपुर : साझा प्रकाशन ।

शास्त्री, जगदीशलाल(सं.) (ई.सं.१९७८), **यजुर्वेद** (महीधरभाष्यसहित), दिल्ली : मोतीलाल बनारसीदास ।

शास्त्री, महादेव(सं.) (ई.सं.१९८५), **तैत्तिरीयारण्यक**, दिल्ली : मोतीलाल बनारसीदास ।

शास्त्री, रघुनाथ(सं.) (ई.सं.१९४०), **मेरुतन्त्र**, बम्बई : लक्ष्मीवेंकटेश्वर स्टीम प्रेस ।

सत्यव्रत, सामश्रमी(सं.) (ई.सं.१८७७), **सामवेद** (सायणभाष्यसहित), कलकत्ता : एशियाटिक सोसाइटी अफ बङ्गाल

सातवलेकर, दामोदर(सं.) (ई.सं.१९८०), **महाभारत**, गुजरात : स्वाध्याय मण्डल ।

सांकृत्यायन, राहुल (ई.सं.१९५८), **पुरातत्त्व निबन्धावली**, इलाहावाद ।

सिंह, फतह (वि.सं.२०१९), **वैदिक दर्शन**, इलाहावाद : भारती भण्डार ।

Arthur, A. (Ed., 1977). *Mahānirvāṇa tantra*, New Delhi : Motilal Banarasidas .

Bagchi,P.(1975) . *Studies in the tantras*(part 1), Calcutta : University of Calcutta.

Banerjee, J.(1966). *Puranik and tantric religions*, Calcutta : University of Calcutta.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Bose, D.& Haldar,H.(2001). *Tantras : Their philosophy and occult secrets*, New Delhi : Eastern Book Linkers.

Colabarala,F.(1976). *Tantra – The erotic cult*, New Delhi : Orient Paperbacks.

Chakravarti,C.(1972). *Tantras : Studies on their religion and literature*, Calcutta : Punthi Pustak.

Guenther,H.(1969). *Yuganaddha : The tantric view of life*, Varanasi : The Chowkhamba Sankrit Series office.

Hillebrandt, A. (Ed.) (1981). *Śāŋkhāyanaśrautasūtra*, New Delhi : Meharchand Lakshmandas Publications.

Kruck, W.(1896). *Popular religion and folklore of northen India*, Best Master .

Pandit,M.(1972). *Sir Aurobinda on tantra*, Pandicherry : Dipti Publications.

Preston,J.(1980). *Cult of the goddess*, New Delhi : Vikas Publishing House .

Rawson,P.(1989). *Tantra :The Indian cult of ecstasy*, London : Thames and Hudson.

Woodroffe,J.(1951). *Shakti and shakta*, Madras : Ganesh & Company.

Woodroffe,J.(1986). *Principles of tantra*(6th Ed.), Madras : Ganesh & Company.

पत्रिका

आचार्य, दिवाकर (वि.सं.२०५३), **शीलवतीको अभिलेख र यसका विशिष्ट पक्ष**, प्रज्ञा, पूर्णाङ्क ८३ क, वर्ष २६, असार-असोज, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान ।

पन्त, महेशराज (वि.सं.२०५१), **पिशाचचतुर्दशी/घोडेजात्राको विषयमा**, पूर्णिमा, ८७ पूर्णाङ्क, वर्ष २२, अङ्क ३, मार्ग, काठमाडौँ : संशोधन–मण्डल ।

पन्त, महेशराज (वि.सं.२०७०), **विक्रम संवत्, पाहाँचहे, घोडेजात्रा र बिस्केट**, वैशाख १, काठमाडौँ : राजधानी दैनिक ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal.

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल प्रज्ञा-प्रतिष्ठान

9 789937 689281

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal